# श्री साई सच्चरित्र

## नेपाली

## (श्री साई बाबा की अद्‌भुत जीवनी तथा उनके अमूल्य उपदेश)



मूल ग्रन्थ (मराठी भाषा) के रचयिता

कै. श्री गोविन्दराव रघुनाथ दाभोलकर (हेमाडपन्त)

नेपाली अनुवादक

श्री विनोद प्रसाद धीताल

विशेष सहाय्य

"हमारी आत्मा जो बाबा (परमात्मा) का अंश है ना केवल एक शरीर"

श्री विकास मेहता एवम् श्रीमति पूनम चाँदना (नई दिल्ली)


## श्री साई बाबा संस्थान विश्वस्त व्यवस्था, शिरडी

सन् 2009

© श्री साई बाबा संस्थान विश्वस्त व्यवस्था, शिरडी
पहला संस्करणः सन् 2009
प्रतियाँः 2000
मूल्यः निशुल्क
ग्रन्थ उपलब्ध स्थानः शिरडी एवम् दिल्ली

मुद्रकः अरूण एण्ड राजीव प्राईवेट लिमिटेड, नई दिल्ली

# पहले संस्करण के प्रति

श्री साई सच्चरित्र (नेपाली) भाषा का संस्करण देखकर मुझे अति हर्ष हो रहा है। जहाँ तक मुझे ज्ञात हुआ है कि नेपाल एवम् भारत में बाबा के लाखों भक्त हैं जो नेपाली भाषा जानते एवम् पढ़ते हैं, उन्हीं भक्तों की इच्छा को ध्यान में रखकर यह श्री साई सच्चरित्र नेपाली भाष में उपलब्ध कराया गया है। इस ग्रंथ को उपलब्ध कराने में दिल्ली के साई भक्तों का अथाह प्रयास एवम् योगदान रहा है, विशेषकर श्री विकास मेहता एवं श्रीमति पूनम चाँदना का। मैं बाबा से प्रार्थन करूँगा कि वे इसी प्रकार आध्यात्मिक पथ पर अग्रसर होने का प्रयास करते रहें एवम् बाबा भी सदा उनके साथ रहें। वास्तविकता में तो सभी कार्य बाबा स्वयं करते हैं हम तो केवल एक यंत्र मात्र हैं।

01.01.2009

ज. मु. ससाणे<br>
अध्यक्ष<br>
श्री साई बाबा संस्थान<br>
विश्वस्त व्यवस्था, शिरडी

# श्री साई सच्चरित्र

## विषय सूची


| अध्याय | शीर्षक | पृष्ठ |
|---|---|---|
| 1. | गहुँ पिन्ने एक अद्भुत सन्त, वन्दना, गहुँ पिन्नेको कथा र त्यसको तात्पर्य। | 15 |
| 2. | ग्रन्थ लख्नुको ध्येय, कार्यारम्भमा असमर्थता र साहस गरमागरम बहस,अर्थपूर्ण उपाधि "हेमाडपन्त" गुरूको आवश्यकता। | 20 |
| 3. | श्री साईबाबाको स्वीकृति, आज्ञा र प्रतिज्ञा, भक्तहरूलाई कार्यसमर्पण, बाबाका लीलाहरू ज्योतिस्वरूप, मातृप्रेम, रोहिलाको कथा, वहाँको मधुर उपदेश। | 29 |
| 4. | श्री साईबाबाको शिरडीमा प्रथम आगमन, सन्तहरूको अवतार कार्य, पवित्र तीर्थ शिरडी, श्री साईबाबाको व्यक्तित्व, गौली बुबाको अनुभव, श्री बिठ्ठल प्रकट हुनु, क्षीर सागरको कथा, दासगणूको प्रयागस्नान, तीनबटा वाडा (भवन)। | 36 |
| 5. | चाँदपाटीलको बरातको साथमा श्रीसाईबाबाको फेरि आगमन, अभिनन्दन तथा श्री साई शब्दले संबोधन, अरू सन्तहरूसँग भेट, वेशभूषा र नित्य कार्यकम, खराउहरूको कथा, मोहद्दीनसँग कुश्ती र जीवन परिवर्तन, जल तेलमा बदलिनु, भट्टा गुरू जौहार अली। | 46 |
| 6. | राम नवमीको उत्सव, मसजिदको जीर्णोद्धार, गुरूको स्पर्श (छुबाइ) को महिमा, चन्दन समारोह, उर्स (मुसलमानहरूको समारोह) र राम नवमीको समन्बय (मेल), मसजिदको जीर्णोद्धार। | 56 |
| 7. | अद्भुत अवतार, श्री साईबाबाको, प्रकृति, वहाँको यौगिक कियाहरू, सर्वव्यापकता, कुष्ट रोगिको सेवा, खापर्डेका छोरालाई प्लेग, पंढरपुर गमन, अद्भुत अवतार। | 66 |
| 8. | मानव जन्मको महत्व, श्री साईबाबाको भिक्षावृत्ति, बायजा बाईको सेवा-शुश्रूषा, श्रीसाईबाबाको शयनकक्ष (सुत्ने कोठा), खुशाल चन्द्रमाथि प्रेम। | 77 |
| 9. | बिदा हुँदाको समयमा बाबाको आज्ञाको पालन र अबहेलना गर्दाको परिणाम, भिक्षावृत्ति र त्यसको आवश्यकता, तर्खड परिवारको अनुभव बाबाको भोजन। | 84 |
| 10. | श्रीसाईबाबाको रहनसहन, सुत्ने फलेक, शिरडीमा बसाइ, वहाँको उपदेश, विनयशीलता (नम्रतापूर्णपन), नानाबल्ली, सुगमपथ (सजिले बाटो)। | 94 |

| | | |
|---|---|---|
| 11. | सगुणब्रह्म श्रीसाईबाबा, डाक्टर पंडितको पूजा, हाजी सिद्दीक फालके, तत्वहरूमाथि नियत्रंण। | 103 |
| 12. | काका महाजनी, भाऊ साहेब धुमाल वकील, श्रीमति निमोणकर, नासिकका मुले शास्त्री, एउटा डाक्टरको अनुभव। | 109 |
| 13. | अरू कैयौं लीलाहरू: रोग निवारण (1) भीमाजी पाटील, (2) वाला गणपत दर्जी, (3) बापूसाहेब बूटी, (4) आलंदी स्वामी, (5) काका महाजनी, (6) हरदाका दत्तो पन्त, (7) माधवराव देशपाण्डे, (8) नानासाहेब चाँदोरकर उपर कृपा। | 115 |
| 14. | नांदेडका रतनजी वाडिया, संत मौला साहेब, दक्षिणा मीमांसा, गणपतराव वोडस, श्रीमति तर्खड, दक्षिणाको मर्म। | 122 |
| 15. | नारदीय कीर्तन पद्वति, श्री चोलकरको चिनी नभएको चिया, दुई माउसुलीको मिलनको कथा। | 130 |
| 16-17. | शीघ्र ब्रह्मज्ञानको प्राप्ति, ब्रह्मज्ञानको लागि योग्यताहरू, बाबाको उपदेश, बाबाको शिष्टता। | 134 |
| 18-19. | हेमाडपन्तमाथि बाबाको कृपा, श्रीसाने र श्रीमती राधा बाई देशमुखको कथा, उत्तम विचाररहरूलाई प्रोत्साहन, उपदेशमा नवीनता (नयाँपन), निन्दा सम्बन्धी उपदेश, परिश्रमको लागि ज्याला। | 143 |
| 20. | ईशोपनिषद्को दासगणूको समस्याको काका साहेबकी नोकर्नीद्वारा समाधान, अद्वितीय शिक्षा पद्वति, ईशोपनिषद्को शिक्षा। | 160 |
| 21. | (1) श्रीव्ही.एच.ठाकुर (2) श्री अनंतराव पाटणकर र (3) पंढरपुरको वकीलको कथा। | 166 |
| 22. | सर्प-विषवाट रक्षा (1) बालासाहेब मिरीकर (2) बापू साहेब बूटी (3) अमीर शक्कर (4) हेमापन्त, बाबाको विचार। | 172 |
| 23. | योग र प्याज, शामालाई सर्पको डसाइबाट मुक्ति, हैजा (विषूचिका), गुरू भक्तिको कठिन परीक्षा। | 179 |
| 24. | श्री बाबाको हास्य-विनोद (ठट्टा आनन्द) चना लीला, हेमाडपन्त, सुदामाको कथा, अण्णा चिंचणीकर र मौसी बाई (सानीमा भद्रमहिला) को कथा, बाबाको भक्त परायणता (भक्त उपरको प्रेम)। | 186 |

| | | |
|---|---|---|
| 25. | दामू अण्णाकासार, अहमदनगरको रूबा र अनाजको व्यापार, आम्र लीला (आँपको लीला), प्रार्थना। | 193 |
| 26. | (1) भक्तपन्त (2) हरिश्चन्द्र पित्तले र (3) गोपाल आम्बेडकरको कथाहरू। | 201 |
| 27. | भागवत र विष्णु सहस नाम प्रदान गरी अनुगृहीत पार्नु, गीतारहस्य, दादा साहेब खापर्डे र श्रीमती खापर्डे को कथा। | 208 |
| 28. | चराहरूलाई (चरा जस्ता भक्तहरू) शिरडीमा खिच्नु, (1) लक्ष्मीचन्द, (2) बुरहानपुरकी महला, (3) मेघाको निर्वाण (मुक्ति)। | 217 |
| 29. | (1) मद्रासी भजनी मेला (2) तेंडुलकर (पिता-पुत्र) (3) डा. कयाप्टेन हाटे र (4) वामन नर्वेकरका कथाहरू। | 227 |
| 30. | शिरडीमा तानेर ल्याइन (1) वणीका काका वैद्य (2) खुशाल चन्द (3) बम्बइका रामलाल पंजाबी। | 236 |
| 31. | मुक्तिदानः- (1) सन्यासी विजयानन्द, (2) बालाराम मानकर, (3) नूलकर, (4) मेघा र (5)बाघालाई मुक्ति। | 243 |
| 32. | गुरू ईश्वरको खोज'- उपवास र श्रीमति गोखले, बाबाका सरकार। | 250 |
| 33. | उदी (विभूति) को महिमाः- (1) विच्छीको डसाइ, प्लेगको गाँठो, जामनेरको विलक्षणचमत्कार, नारायण राव, वाला बुबा सुतार, अप्पा साहेब कुलकर्णी, हरिभाऊ कर्णिक। | 260 |
| 34. | उदी (विभूति) को महत्ताः- (2) डाक्टरो भतिजा, डा. पिल्ले, शामाकी भाइबुहारी, इरानी कन्या, हरदाका महानुभाव र वम्बइकी महिलाको प्रसव-पीडा। | 270 |
| 35. | परीक्षा असफल, काकामहाजनीका मित्र र सेंठ, वीयाँ नभएको मुनक्का,बान्द्राका एक गृहस्थलाई निद्रा नलाग्नु, बालाजी पाटील नेबासकर, उदी (विभूति) को शक्ति र महत्व, साईबाबा सर्परूपमा प्रकट हुनु। | 278 |
| 36. | आश्यर्चजनक कथाहरूः- (1) गोबाका दुई सल्लन (2) श्रीमती औरंगाबाद। | 286 |
| 37. | चावडी समारोह। | 294 |
| 38. | बाबाको हंडी, नानासाहेबबद्वारा देवमूर्तिको अबहेलना, नैवेद्य वितरण,महीको प्रसाद, हेमाडपंत। | 300 |
| 39. | बाबाको संस्कृत ज्ञान, गीताको एक श्लोकको वावाद्वारा टीका,समाधि मन्दिरको निर्माण। | 308 |

40. श्री साईबाबाका कथाहरूः (1) श्री बी.व्ही. देबकी आमाको उद्यापन समारोहमा सम्मिलित हुनु (2) हेमाडपंतको सहभोजनमा तस्वीर रूपमा प्रकट हुनु। 318

41. चित्र (तस्वीर) को कथा, भुवाहरूको चोरी र ज्ञानेश्वरीको पाठको कथा। 324

42. महासमाधितिरः (1) भविष्यको सूचना, रामचन्द्र दादा पाटील र तात्या कोते पाटीलको मृत्यु टार्नु, लक्ष्मी बाई शिन्देलाई दान, सम्पूर्ण प्राणीहरूमा बाबाको निवास। 330

43-44 महासमाधितिरः (2) पूर्वतयारी-समाधिमन्दिर, ईट फुट्नु, 72 घण्टाको समाधि, बापू साहेब जोगको सन्यास, बाबाको अमृत तुल्य वचन। 338

45. सन्देह निवारणः काका साहेब दीक्षितको सन्देह र आनन्द रावको सपना,बाबाको विश्रामको लागि शैय्याः काठको फलेक। 348

46. बाबाको गया यात्रा, बोकाहरूको पूर्व जन्मको कथा। 355

47. पुनर्जन्मः- सर्प र भ्यागुताको वार्ता। 360

48. भक्तहरूको संकट निवारणः- सद्गुरूको लक्षण (1) शेवडे र (2) सपटणेंकर तथा (3) श्रीमती सपटणेंकरको कथाहरूः- सन्ततिदान। 367

49. परीक्षा (1) हरि कानोवा (2) सोमदेवस्वामी (3) नानासाहेब चान्दोरकरका कथाहरू। 375

50. (1) काका साहेब दीक्षित (2) टेंवेस्वामी र (3) वालाराम धुनधंरका कथाहरू। 382

51. उपसंहारः- सद्गुरू साईको महानता, प्रार्थना, फलश्रुति (अध्ययनको पुरस्कार) र प्रसाद याचना (अनुग्रहको माग)। 389

।। ॐ श्री साई यशः काय शिरडीवासिने नमः।। 392

# साई गायत्री महामन्त्र

ऊँ शिरडीवासाय विद्महे
सच्चिदानंद धीमहि तन्नो साई प्रचोदयात्।।


श्री साईबाबा अष्टोतरशत नामावली।

1. ऊँ श्री साईनाथाय नमः
2. ऊँ श्री साई लक्ष्मीनारायणाय नमः
3. ऊँ श्री साई कृष्णरामाषिवमारूत्यादि नमः
4. ऊँ श्री साई शेषशायिने नमः
5. ऊँ श्री साई गोदावरीतटषीलधीवासने नमः
6. ऊँ श्री साई भक्तहृदालय नमः
7. ऊँ श्री साई सर्वहन्निलयाय नमः
8. ऊँ श्री साई भूतावासाय नमः
9. ऊँ श्री साई भूतभविश्यद्भाववर्जिताय नमः
10. ऊँ श्री साई कालातीताय नमः
11. ऊँ श्री साई कालाय नमः
12. ऊँ श्री साई कालकालाय नमः
13. ऊँ श्री साई कालदर्पदमनाय नमः
14. ऊँ श्री साई मृत्युज्जयाय नमः
15. ऊँ श्री साई अमर्त्याय नमः
16. ऊँ श्री साई मर्त्याभप्रदाय नमः
17. ऊँ श्री साई जीवाधाराय नमः
18. ऊँ श्री साई सर्वाधाराय नमः
19. ऊँ श्री साई भक्तावनसमर्थाय नमः
20. ऊँ श्री साई भक्तावनप्रतिज्ञाय नमः
21. ऊँ श्री साई अन्नवस्त्रदाय नमः
22. ऊँ श्री साई आरोग्यक्षेमदाय नमः
23. ऊँ श्री साई धनमाण्डंल्यप्रदाय नमः
24. ऊँ श्री साई ऋद्धिसिद्धिदाय नमः

25. ॐ श्री साई पुत्रमित्रकलत्रबन्धुदाय नमः
26. ॐ श्री साई योगक्षेमवहाय नमः
27. ॐ श्री साई आपक्षन्धवाय नमः
28. ॐ श्री साई मार्गबन्धवे नमः
29. ॐ श्री साई भक्तिमुक्तिस्वर्गापवर्गदाय नमः
30. ॐ श्री साई प्रियाय नमः
31. ॐ श्री साई प्रीतिवर्धनाय नमः
32. ॐ श्री साई अर्न्तर्यामिणे नमः
33. ॐ श्री साई सच्चिदात्मे नमः
34. ॐ श्री साई नित्यानन्ददाय नमः
35. ॐ श्री साई परमसुखदाय नमः
36 ॐ श्री साई परेमेश्वराय नमः
37. ॐ श्री साई परब्रह्मणे मातृधातृ
38. ॐ श्री साई परमात्मने नमः
39. ॐ श्री साई ज्ञानस्वरूपिणे नमः
40. ॐ श्री साई जगतः पित्रे नमः
41. ॐ श्री साई भक्तांना मातृधातृपितामहाय नमः
42. ॐ श्री साई भक्ताभयप्रदाय नमः
43. ॐ श्री साई भक्तपराधीनाय नमः
44. ॐ श्री साई भक्तानुग्रहकातराय नमः
45. ॐ श्री साई शरणागतवत्सलाय नमः
46. ॐ श्री साई भक्तिशक्तिप्रदाय नमः
47. ॐ श्री साई ज्ञानवैराग्यदाय नमः
48. ॐ श्री साई प्रमदाय नमः
49. ॐ श्री साई संशयहृदयदौर्बल्यपापकर्मवासनाक्ष कराय नमः
50. ॐ श्री साई हृदयग्रन्थिभेदकाय नमः
51. ॐ साई कर्मध्वंसिने नमः
52. ॐ श्री साई शुद्धसत्त्वस्थिताय नमः
53. ॐ श्री साई गुणातीतगुणात्मने नमः

54. ॐ श्री साई अनन्तकल्याणगणाय नमः
55. ॐ श्री साई अमितपरा-क्रमाय नमः
56. ॐ श्री साई जयिने नमः
57. ॐ श्री साई दुर्धर्षाक्षोभ्याय नमः
58. ॐ श्री साई अपराजिताय नमः
59. ॐ श्री साई त्रिलोकेषु अविघातगतये नमः
60. ॐ श्री साई अशक्यरहिताय नमः
61. ॐ श्री साई सर्वशक्तिमूर्तये नमः
62. ॐ श्री साई सुरूपसुन्दराय नमः
63. ॐ श्री साई सुलोचनाय नमः
64. ॐ श्री साई बहुरूपविश्वमूर्तये नमः
65. ॐ श्री साई अरूपाव्यक्ताय नमः
66. ॐ श्री साई अचिन्त्याय नमः
67. ॐ श्री साई सूक्ष्माय नमः
68. ॐ श्री साई सर्वान्तर्यामिणे नमः
69. ॐ श्री साई मनोवागतीताय नमः
70. ॐ श्री साई प्रेममूर्तये नमः
71. ॐ श्री साई सुलभदुर्लभाय नमः
72. ॐ श्री साई असहायसहायाय नमः
73. ॐ श्री साई अनाथनाथदीनबन्धवे नमः
74. ॐ श्री साई सर्वभारभृते नमः
75. ॐ श्री साई अकर्मानेककर्मसुकर्मिणे नमः
76. ॐ श्री साई पुण्यश्रवणकीर्तनाय नमः
77. ॐ श्री साई तीथार्यनमः
78. ॐ श्री साई वासुदेवाय नमः
79. ॐ श्री साई संता गतये नमः
80. ॐ श्री साई सत्यपरायणाय नमः
81. ॐ श्री साई लोकनाथाय नमः
82. ॐ श्री साई पावनानधाय नमः

83. ॐ श्री साई अमृतांशवे नमः
84. ॐ श्री साई भास्करप्रभाय नमः
85. ॐ श्री साई ब्रह्मचर्यतपश्चर्यादिसुव्रताय नमः
86. ॐ श्री साई सत्यधर्मपरायणाय नमः
87. ॐ श्री साई सिद्धेश्वराय नमः
88. ॐ श्री साई सिद्धसंकल्पाय नमः
89. ॐ श्री साई योगेश्वराय नमः
90. ॐ श्री साई भगवते नमः
91. ॐ श्री साई भक्तवत्सलाय नमः
92. ॐ श्री साई सत्पुषाय नमः
93. ॐ श्री साई पुरूषोत्तमाय नमः
94. ॐ श्री साई सत्यवत्वबोधकाय नमः
95. ॐ श्री साई कामादिषडवैरिध्वंसिने नमः
96. ॐ श्री साई अभेदानन्दानुभवप्रदाय नमः
97. ॐ श्री साई समसर्वमतसमताय नमः
98. ॐ श्री साई श्रीदक्षिणामूर्तये नमः
99. ॐ श्री साई श्रीवेंकटेशरमणाय नमः
100. ॐ श्री साई अद्भुतानन्तचर्याय नमः
101. ॐ श्री साई प्रपन्नार्तिहराय नमः
102. ॐ श्री साई संसारसर्वदुःखक्षयकराय नमः
103. ॐ श्री साई सर्ववित्सवतोमुखाय नमः
104. ॐ श्री साई सर्वान्तर्बहि स्थिताय नमः
105. ॐ श्री साई सर्वमंगलकरायनमः
106. ॐ श्री साई सर्वाभीष्टप्रदाय नमः
107. ॐ श्री साई समरससन्मार्गस्थापनाय नमः
108. ॐ श्री साई श्रीसमर्थसद्गुरूसाईनाथाय नमः





# श्री साई सच्चरित्र
## अध्याय 1

## गहुँ पिन्ने एक अद्‌भुत सन्त, वन्दना-गहुँ पिनिएको कथा तथा त्यसको तात्पर्य।
## वन्दना (भावार्थ रूपमा)

पुरातन (पुरानो) पद्धति अनुसार श्री हेमाड पन्त श्री साई सच्चरित्रको आरम्भ वन्दना (स्तुति) द्वारा गर्दछन्

(1) पैले कामलाई निर्विघ्नपूर्वक समाप्त पारेर (आफूलाई) यशस्वी बनाउने श्रीगणेशलाई साष्टाङ्ग नमस्कार गर्दछन् र. श्री साई नै गणपति हो भन्दछन्।

(2) अनि काव्य रचना गर्न प्रेरणा दिने भगवती सरस्वतीलाई त्यसै गर्दछन् र आफैले नै आफ्नो जीवन-संगीत वयान गर्दै रहने श्री साई भगवतीभन्दा भिन्न हुनु हुन्न भन्दछन्।

(3) त्यसपछि क्रमशः उत्पत्ति, स्थिति र संहारकर्ता ब्रह्मा, विष्णु र महेश्वरलाई त्यसै गर्दछन्। अनि श्री साई र उपर्युक्त देवताहरू अभिन्न हुनुहुनाले वहाँहरू आफै नै गुरू बनेर भवसागरबाट पार गराई दिनुहुन्छ भन्दछन्।

(4) अनि फेरि कोंकणमा प्रकट हुनु भएको आफ्ना कुलदेवता श्री नारायण आदिनाथलाई वन्दना गर्दछन्। कोंकण त्यही भूमि हो जुन भूमिलाई श्री परशुरामजीले समुद्रबाट निकालेर स्थापित गर्नु भएथ्यो। त्यसपछि उनी (श्री हेमाड पन्त) आफ्ना कुलका आदि पुरूषहरूलाई दण्डवत् गर्दछन्।

(5) अनि पछि जसको गोत्रमा आफ्नो जन्म भयो ती भरद्वाज मुनिलाई नमस्कार गर्दछन्। त्यसपछि याज्ञवल्क्य, भृगु, पराशर, नारद, वेद व्यास, सनक, सनन्दन, सनत्कुमार, शुकदेव, शौनक, विश्वामित्र, वसिष्ठ वाल्मीकि, वामदेव, जैमिनी, वैशपायन, नवयोगीन्द्र इत्यादिलाई. र त्यस्तै निवृत्ति, ज्ञानदेव, सोपान, मुक्ताबाई, जनार्दन, एकनाथ, नामदेव, तुकाराम, कान्हा नरहरि आदि आधुनिक सन्तहरूलाई वन्दना गर्दछन्।

(6) त्यसपछि आफ्ना बाज्ये सदाशिवलाई, पिता रघुनाथलाई र आफ्नो बालककालमै दिवंगत भएकी आफ्नी आमालाई पनि साष्टाङ्ग दण्डवत् गर्दछन्। अनि फेरि आफूलाई पालनपोषण गर्ने काकीलाई र आफ्ना प्यारा जेठादाजुलाई पनि साष्टाङ्ग दण्डवत् गर्दछन्।

(7) यसपछि पाठकहरूलाई वहाँहरू एकाग्रचित भएर कथामृत (कथारूपी अमृत) पान गर्नुहोस् भनी प्रार्थना गर्दै नमस्कार गर्दछन्।

(8) अन्तमा दत्तात्रयका अवतार र आफ्नो आश्रयदाता तथा "ब्रह्म सत्यं जगन्मिथ्या" (ब्रह्ममात्र सत्य हो र यो संसार झूटो हो) यो कुराको बोध गराएर समसत प्राणीहरूमा एउटै ब्रह्म व्याप्त भएको अनुभूति गराउने श्री सच्चिदानन्द सद्गुरू श्री साईनाथ महाराजलाई साष्टाङ्ग दण्डवत् गर्दछन्।

श्री पाराशर, व्यास तथा शांडिल्य आदिकै समान भक्तिका विभिन्न प्रकारहरूको संक्षेपमा वर्णन गरेर अब ग्रन्थकार महोदय निम्नलिखित (तल लेखिएको) कथा प्रारम्भ गर्दछन्।

## गहुँ पिनेको कथाः-

सन् 1890 मा म एकदिन बिहान श्री साईबाबाको दर्शन गर्न मसजिदमा एँ। त्यहाँको विचित्र दृश्य देखेर मेरो आश्चर्यको सीमा रहेन। श्री साईबाबा हातमुख धोएपछि जाँतो पिन्ने तयारीमा लाग्नु भयो। वहाँले जमीनमा एउटा टाटको टुका ओछ्याउनु भयो र त्यसमाथि हातले पिन्ने जाँतो राख्नु भयो। वहाँले केही गहुँ नाङ्लोमा झिकेर ल्याउनु भयो र अनि आफ्नो कफनी (साधु फकीरले। लगाउने विशेष खुकुलो कुर्ता) को बाहुलो फर्काई मुठीले जाँतोमा गँहू हालेर व्यसलाई  पिन्न आरम्भ मुर्नभयो।

मैले सोच्न लागें "बाबालाई जाँतो पिन्नाले के फाइदा" ? "वहाँको साथमा त कोही पनि छैन। साथै आफ्नो निर्वाह पनि भिक्षाद्वारा नै गर्नु हुन्छ"। यो घटना घटेको समयमा त्यहाँ उपस्थित अरू व्यक्तिहरूको पनि त्यही धारणा थियो। तर वहाँसँग सोध्ने साहस कसको थियो र ? बाबाले जांतो पिन्नु भएको समाचार तुरून्तै सारा गाउभरि फैलियो र वहाँको यो विचित्र लीला हेर्नको लागिं तत्काले नर-नारीहरूको भीड मसजिदतिर दौड्यो।

तिनीहरूमध्ये चार निडर स्वास्नीमानिसहरू भीडलाई चिंदै अगाडि आएर वलपूर्वक बाबालाई त्याहाँवाट हटाएर वहाँको हातवाट जाँतोको हातो खोसी वहाँका लीलाहरूको गान गदै गहूँ पिन्न आरम्भ गरे।

पहिले त बाबा रिसाउनु भयो, तर फेरि तिनीहरूको भक्तिभाव देखेर वहाँ शान्त भएर मुस्कुराउन लाग्नु भयो। पिन्दा ती स्वास्नी मानिसहरूको मनमा यस्तो विचार आयो। "बाबाको न त घरद्वार छ, न वहाँको कुनै वाल-बच्चा नै छन्। त्यस्तै न कुनै रेखदेख गर्ने व्यक्ति नै छ। वहाँ स्वयम् भिक्षावृत्तिद्वारा नै आफ्नो निर्वाह गर्नु हुन्छ। यसैले वहाँलाई भोजनादिको लागि पीठोको आवश्यकता नै किन छ र ? बाबा त अत्यन्त दयालु हुनुहुन्छ। हुन सक्छ वहाँले यो पीठो हामी सवैलाई वार्डिदिनु हुनेछ"। यिनै विचारमा डुबेर गीत गाउदै-गाउदै उनीहरूले सबै पीठो पिनिसके। त्यसपछि उनीहरूले जांतो हटाएर पिठोलाई चार बराबर भागमा बाडे र आ-आफ्ना भाग लिएर त्यहाँबाट जान तयार भए। अहिलेसम्म

शान्त लाग्नुभयो। "ए स्वास्नीमानिसहरू हो! के तिमीहरू पागल भयौ? तिमीहरू कसको बाबुको माल हडप गरेर लादैछौ है? के कुनै ऋणीको माल हो यो र यति सजिलोसंग उठाएर लिएर जादैछौ ? भैगो, अब एउटा काम गर। यो पीठो लिएर गई गाउंको सीमानामा छर्दिओ।"

मैले शिरडीबासीहरूसंग वावाले अहिले जे कुरा गर्नु भयो, त्यसको यथार्थमा के तात्पर्य हो भनी प्रश्न गरें। उनीहरूले गाउंमा हैजाको प्रकोप जोरसंग भएको छ र त्यसैलाई हटाउनको लागि बाबाको यो उपचार हो भनेर मलाई बताए। अहिले तपाईले जे कुरा पिनेको देख्नु भयो त्यो गहूं होइन, परन्तु हैजा नै थियो, त्यसैलाई पिनेर पूरै नाश पारिदिइयो । यो घटनापछि सांच्चिनै हैजाको संक्रमण शान्त भयो र ग्रामवासी सुखी हुन गए।

यो कुरा जानेर मेरो प्रसन्नताको पारावार नै भएन। मेरो कौतूहल जाग्न गयो। मैले आँफैसंग प्रश्न गर्न लागें। पिठो र हैजा रोगको भौतिक तथा पाररूपरिक के सम्बन्ध छ ? यसको सूत्र कसरी थाहा पाउने ? घटना बुद्धिबाट पत्ता लाग्ने जस्तो लाग्दैनथ्यो । आफ्नो हृदयको सनतुष्टिको लागि यो मधुर लीलाको महत्व मैले चार शब्दमा अवश्य नै प्रकट गर्नुपर्छ । लीला उपर चिन्तन गर्दा मेरो हृदय प्रफुल्लित भएर उठ्यो र यसरी बाबाको जीवन-चरित्र लेख्नको लागि मलाई प्रेरणा मिल्यो । यो काम बाबाको कृपा तथा शुभ आशीर्वादबाट सफलतापूर्वक सम्पन्न हुन गयो भन्ने कुरा त सबै जनालाई विदित नै भएको छ ।

## पीठो पिन्ने कुराको तात्पर्यः-

शिरडीवासीहरूले यो पीठो पिन्ने घटनाको जो अर्थ लगाए त्यो त धेरैजसो ठीक नै छ । तर त्यसको अतिरिक्त मेरो विचारमा कुनै अर्को पनि अर्थ छ । बाबा शिरडीमा साठी वर्षसम्म बस्नुभयो र यो लामो समयसम्म बहाँले यो पीठो पिन्ने काम प्रायः हरेक दिन नै गर्नु भयो। पिन्नुको अभिप्राय गहुँलाई होइन, किन्तु आफ्ना भक्तहरूका पापहरू, दुर्भाग्यहरू मानसिक तथा शारीरिक तापहरूलाई थियो । वहाँका जाँतोका दुई पाटामा माथिको पाटो

भक्ति तथा तलको पाटो कर्म थियो ।वहाँले जे द्वारा पिन्नु हुन्थ्यो त्यो जांतोको हातो थियो ज्ञान। बाबालाई जबसम्म नाश हुन अत्यन्त नै मुश्किल हुने आसक्ति, घृणा तथा अहंकार जस्ता प्रवृक्तिहरू मनुष्यका ह्रदयवाट नाश हुँदैनन् त्यहाँसम्म ज्ञान तथा आत्मानुभूति संभव हुँदैन भन्ने दृढ विश्वास थियो ।

यो घटनाले कबीरदासजीको यस्तै किसिमको घटनाको संझना दिलाउँछ ।कबीर दासजीले अनाज पिन्न लागेकी एउटी स्वास्नी मानिसलाई देखेर आफ्ना गुरू नियति निरज्जनसँग भन्न लाग्नु भयो -: "जस्तो प्रकारले अनाज जाँतोमा पिनिन्छ, त्यस्तै प्रकारले मैले पनि भवसागररूपी जांतोमा पिसिन लागेको यातनाको अनुभव गरिरहेकोले म रोइरहेको छ।1 वहाँको गुरूले पनि न डरारू जाँतोको केन्द्रमा जो ज्ञानरूपी मान (बीचको काठ) छ, त्यसलाई जस्तो किसिमले मैले समातेको देखिराखेका छौ, त्यसरी नै समाऊ ।त्यसबाट टाढा नजाऊ। बरू केन्द्रतिर नै अगाडि सदैं जाऊ ।अनि मात्र तिमी यो भवसागररूपी जाँतोबाट अवश्य नै बच्ने छौ भन्ने कुरा निश्चित छ भन्नु भयो।

..............................................................................

1 *चलती चक्की देखके दिया कबीरा रोय ।*
*दो पाटों के बीचमें, साबत बचा न कोय ।। –* ***कबीर***
*चालु जाँतो देखेर कबीर रोइदिए किनभने उनीलाई लाग्यो यी दुई चक्काको वीचमा परेपछि कोही पनि साबूत नै भएर बच्न पाउँदैन, अर्थात् संसाररूपी जाँतोमा पिसिंदा कोही पनि सग्लो रहन पाउँदैन ।जाँतोको दुई पाटोको बीचम पिसिन पुगेको अनाज झै जो सुकै पनि धूलोपिठो हुन्छ ।*

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस् ।
मंगल होओस् ।।

# अध्याय 2



**ग्रन्थ लेख्ने ध्येय, कार्यारम्भमा असमर्थता तथा साहस, गरमागरम बहस, अर्थपूर्ण उपाधि, हेमाडपन्त गुरूको आवश्यकता ।**

गत अध्यायमा ग्रन्थकारले आफ्नो मौलिक ग्रन्थ श्रीसाई सच्चरित्र (मराठी भाषामा) ग्रन्थ रचना कार्य आरम्भ गर्न प्रेरणा मिलेको कारण उपर प्रकाश पारेको थिए । अब उनी ग्रन्थ पढ्न योग्य अधिकारीहरू र त्यस्तै अरू विषयको यस अध्यायमा विवेचना गर्दछन्।

## ग्रन्थ लेख्नाको कारण :-

हैजा रोगको प्रकोपलाई पीठो पिनाएर बाहिर फेंकी कसरी रोक्नु भयो तथा त्यसको जरै उखाडिदिनुभयो भन्ने बारेको बाबाको यो लीलालाई पहिलो अध्यायमा नै उल्लेख गरी सकिएको छ । मैले अरू लीलाहरू पनि सुनें जसबाट मेरो हृदयलाई अत्यन्त आनन्द भयो र अनि यही आनन्दको स्त्रोत काव्य (कविता) रूपमा प्रकट भयो । मैले यी महान् आश्चर्यपूर्ण लीलाहरूको वर्णन बाबाका भक्तहरूको निम्ति मनोरन्जक तथा शिक्षाप्रद सिद्ध हुनेछ र साथै उनीहरूको पाप पनि समूल (जरैदेखि) नष्ट हुनेछ भन्ने पनि सोचें । यसैले मैले बाबाको पवित्र जीवनगाथा र मधुर उपदेशहरूलाई लेख्न आरम्भ गरिदिएँ । श्री साईको जीवनी न त माखे साँग्लो परेको नै छ, न त संकुचित नै छ । वरू यसले सत्य र आध्यात्मिक मार्गको वास्तविक दिग्दर्शन गराउँदछ ।

## कार्यारम्भ गर्न असमर्थता र साहसः-

श्री हेमाड पन्तलाई यो कार्यको लागि आफू उपयुक्त पात्र होइन भन्ने विचार आयो । म त आफ्नो परममित्रको जीवनीसँग पनि राम्ररी परिचित छैन, न त आफ्नै प्रकृति (स्वभाव) सँग परिचित छु । अनि फेरि म जस्तो मूढ (मूर्ख) बुद्धि भएको व्यक्तिले एउटा महान् सन्त

पुरूषको जीवनी लेख्ने दुस्साहस कसरी गर्न सक्तछ । अवतारहरूको स्वभावको वर्णनमा वेदहरू पनि आफ्नो असमर्थता प्रकट गर्दछन् । कुनै सन्तको चरित्र जान्नको लागि आफै नै पहिले सन्त हुनु अत्यन्त आवश्यक छ । फेरि म त बहाँको गुणगान गर्नको लागि सर्वथा आयोग्य नै छु । सन्तको जीवनी लेख्नु एउटा महान् कठिन कार्य हो । यसको तुलनामा सातै समुद्रको गहिराई नाप्न र त्यस्तै आकाशलाई कपडाले ढाक्नु पनि सजिलो छ । यो कार्य आरम्भ गर्नको लागि ठूलो साहसको आवश्कयता छ । कहीं यस्तो नहोओस् कि चारजनाको अगाडि हाँसोको पात्र बन्नु परोस् । यसैकारण श्री साईबाबाको कृपा प्राप्त गर्नको निमित्त म ईश्वरसँग प्रार्थना गर्न लागें ।

सन्त चरित्र रचना गर्नेसँग भगवान् परमात्मा अति प्रसन्न हुनुहन्छ, भन्ने भनाइ महाराष्ट्रक सन्त श्रेष्ठ श्री ज्ञानेश्वर महाराजको छ । तुलसीदासजीले पनि भन्नु भएको छ– "साधु चरित शुभ सरिसकपासू । निरस विषद गुणमय फलजासू ।। जो सहि दुःख परछिद्र दुरावा। वन्दनीय जेहि जग जसपावा" ।। अर्थात् सज्जनको चरित्र कपास जस्तो असल हुन्छ किनभने जसको फल (परिणाम र फल) नीरस (संसारको सुखसँग विमुख र रूखा) भएर पनि विशद (स्वच्छ र सेतो) भईकन गुणमय (हितकारक र धागोमय) हुन्द, जो कपास तुल्य भएको सज्जन व्यक्ति आफूले दुःख सहेर पनि अर्काको छिद्र (गोप्य अड्ग र बिग्रने मौका) ढाकिदिन्छ र त्यसैले गर्दा दुनियाँमा तारीफ गर्न लायक भएकों कीर्ति पाएको हुन्छ। भक्तहरूको पनि सन्तहरूको सेवा गर्ने इच्छा भैरहेको हुन्छ । सन्तहरूको कार्य पूर्ण गराउने प्रणाली (तरीका) पनि विचित्र नै हुन्छ । खास रूपमा प्रेरणा त सन्तनै गर्ने गर्छन, भक्त त निमित्त मात्र या भन्नोस् कि कार्यपूर्तिको लागि एउटा यन्त्रमात्र हो । उदाहरणार्थ शक संवत् 1700 मा कवि महीपति लाई सन्त चरित्र लेख्ने प्रेरणा भयो । सन्तहरूले भित्री प्रेरणा गर्नु भयो र कार्यपूर्ण भयो । यस्तै किसिमले शक सम्वत् 1800 मा श्रीदास गणूको सेवा स्वीकार भयो। महीपतिले चार काव्य रचे, भक्त वियज, सन्तविजय, भक्त लीलामृत र सन्त लीलामृत । अनि दासगणूले खालि दुईवटा–भक्त लीलामश्त र सन्तकथामश्त–जसमा आधुनिक सन्तहरूका चरित्रहरूको वर्णन छ । भक्त लीलामश्तको अध्याय 31,32 र 33 तथा सन्त कथामृतको 57 औं अध्यायमा श्री साईबाबाको मधुर जीवनी तथा अमूल्य

उपदेशहरूको वर्णन सुन्दर एवं रोचक ढंगले दिइएको छ । यिनको उद्धरण श्री साई लीला पत्रिकाको अंक 11, 12 र 17 मा दिइएको छ । पाठकहरूसँग यी पढ्नु हुन अनुरोध छ । यस्तै प्रकारले श्री साईबाबाका अद्भूत लीलाहरूको वर्णन एउटा ज्यादै सुन्दर सानो पुस्तिका श्री साई नाथ भजनमालामा गरिएको छ । यसको रचना वान्द्राकी श्रीमती सावित्री बाई रघुनाथ तेंडुलरकले गरेकी हुन् ।

श्री दासगणू महाराजले पनि श्री साईबाबा प्रति कैयौं मधुर कविताहरूको रचना गरेका छन । एउटा अर्का भक्त अभीदास भवानी मेहताले पनि बाबाका केही कथाहरू गुजरातीमा प्रकाशित गरेका छन । अब श्री साईनाथ महाराजको जीवनमा प्रकाश पार्ने यतिका साहित्य उपलब्ध हुंदा हुँदै फेरि एउटा अर्को एउटा ग्रन्थ "साई सच्चरित्र" रच्ने आवश्यकता नै कहाँबाट उठ्छ भन्ने प्रश्न उठ्दह । यसको उत्तर केवल यही छ कि श्री साईबाबाको जीवनी सागर (समुद्र) जस्तै अगाध (पार पाई नसकिने गहिरो) विस्तृत (चौडा) र अथाह छ । यदि त्यसमा गहिरो रूपले गोता लगाइयो भने ज्ञान तथा भक्तिरूपी अमूल्य रत्नको प्राप्ति सजिलैसँग हुन सक्तछ, जसबाट मोक्ष चाहने व्यक्तिहरूको लागि ज्यादै लाभ हुनेछ। श्री साईबाबाको जीवनी वहाँको दश्ष्टान्त तथा उपदेश महान् आश्चर्यले परिपूर्ण छ। दुःख र दुर्भाग्यबाट ग्रस्त मनुष्यहरूलाई यसबाट शान्ति र सुख प्राप्त हुनेछ । त्यस्तै यो लोक र परलोक दुवैमा नै निश्रेयस् (मोक्ष) प्राप्ति हुने छ । यदि वैदिक शिक्षाको समान नै मनोरञ्जक र शिक्षाप्रद भएको श्री साईबाबाका उपदेशहरूाई श्रवण तथ मनन गरियो भने भक्तहरूलाई आफ्नो मनमा चाहे अनुसारको फल प्राप्ति हुन जानेछ । अर्थात् ब्रह्मबाट अभिन्नता, अष्टाङ्ग योगको सिद्धि र समाधि, आनन्द आदिको प्राप्ति सजिलैसँग हुन जाने छ । यो सोचेर नै मैले चरित्रका कथाहरूलाई संकलित (जम्मा) गर्न प्रारम्भ गरिदिएँ। साथै मेरो लागि सबभन्दा उत्तम साधना पनि केवल यही हो। जो भोला-भाला प्राणी श्री साईबाबाको दर्शनबाट आफ्ना आँखा सफल पार्ने सौभाग्यबाट बन्चित भएका छन् उनीहरूलाई यो चरित्र ज्यादै आनन्ददायक लाग्ने छ भन्ने यो विचार पनि आयो । यसैले मैले श्री साईबाबाका उपदेश र दुष्टान्तहरू खोज्न प्रारम्भ गरि दिएँ जो वहाँको असीम र स्वतः (आफसे आफ प्राप्त) आत्मानुभूतिहरूको निचोड थियो । बाबाले मलाई प्रेरणा

दिनुभयो र मैले पनि आफ्नो अहंकारलाई वहाँका श्री चरणमा समर्पित गरिदिएँ। अनि मैले अब मेरो बाटो अत्यन्त सजिलो हुन गयो र बाबाले मलाई यो लोक र परलोकमा सुखी बनाइ दिनु हुनेछ भन्ने सोचें।

म स्वयं बाबाको आज्ञा प्राप्त गर्ने साहस गर्न सक्तैनथें । यसैले मैले बाबाका अन्तरङ्ग भक्तहरू मध्येका उपनाम "शामा" हुने माधवरावसँग यसको लागि प्रार्थना गरें । उनले यो कामको लागि श्री साईबाबासँग विनम्र शब्दमा यस्तो प्रकारले प्रार्थना गरिदिए "यहाँ अण्णा साहेब हजूरको जीवनी लेख्न, अति उत्सकु हुनुहुन्छ । तर कृपया हजूरले म एउटा फकीर हुँ त्यसैले मेरो जीवनी लेख्ने नै के आवश्यकता छ र ? नभनी दिनु होला । केवल हजूरको कृपा र अनुमतिबाट नै यहाँले लेख्नसक्नु हुनेछ, अथवा हजूरका श्रीचरणको पुण्य प्रतापले नै यो कार्यलाई सफल बनाइ दिनेछ । हजूरको अनुमति तथा आशीर्वादको अभावमा कुनै कार्य पनि यश (कीर्ति) दिने हुन सक्तैन । यो प्रार्थना सुनेर बाबालाई दया आयो । वहाँले आश्वासन र विभूति दिएर आफ्नो वरद-हस्त (वरदिने हात) मेरो शिरमा राख्नु भयो र भन्नु भयो "यिनीलाई जीवनी र दृष्टान्तहरू एकत्रित गरेर लिपिबद्ध गर्न देऊ। म यिनलाई सहायता गर्नेछ । म आफैले नै आफ्नो जीवनी लेखेर भक्तहरूको इच्छापूर्ण गर्नेछ। तर यिनले आफ्नो "अहम्" त्यागेर मेरो शरणामा आउनु पर्छ । जसले आफ्नो जीवनमा यस प्रकारको आचरण गर्दछ, त्यसलाई म ज्यादै धेरै सहायता गर्छु । मेरो जीवन-कथाको कुरा त सजिलो छ । मत यिनलाई घरमा बसेर नै अनेक प्रकारले पुन्याउँदछु। जैले यिनको "अहम्" पूरासँग गैसक्नेछ र खोज्दा लेश मात्र पनि पाइने छैन त्यतिबेला म यिनको अन्तःकरणमा प्रकट भएर आफैंले नै आफ्नो जीवनी लेख्नेछु । मेरो चरित्र र उपदेशहरूको श्रवण मात्रले नै भक्तहरूका हृदयमा श्रद्धा जाग्न गएर सजीलैसँग आत्मानुभूति तथा परमानन्दको प्राप्ति हुन जाने छ । ग्रन्थमा आफ्नो मतको प्रतिपादन र अरूको खण्डन तथा अरू कुनै विषयको पक्ष या विपक्षमा व्यर्थको वादविवाद गर्ने कुचेष्टा हुनु हुन्न ।"

## अर्थपूर्ण उपाधि "हेमाड पन्त" :-

"वादविवाद" शब्दले मैले पाठकहरूलाई "हेमाड पन्त" उपाधि कसरी प्राप्त भयो भन्ने कुराको वर्णन गर्ने छु भनी वचन दिएको सम्झना भयो। अब म त्यसकै वर्णन गर्नेछु । श्री काका साहेब दीक्षित र नाना साहेब चाँदोरकर मेरा अति घनिष्ठ मित्र मध्येका थिए। उनीहरूले मलाई शिरडी गएर श्री साईबाबाको दर्शनको लाभ उठाउन अनुरोध गरे । मैले उनीहरूलाई वचन दिएँ, तर केही बाधा आउनाको कारणले मेरो शिरडी यात्रा स्थगित हुन गयो । मेरा एउटा घनिष्ट मित्रका छोरा लोनावालामा रोगग्रस्त भए थे । उनले सबै सम्भव आधिभौतिक र आध्यात्मिक उपचार गरे तर सबै प्रयत्न निष्फल भए। ज्वरो कुनै प्रकारले पनि कम भएन । आखिरमा उनले आफ्ना गुरूदेवालाई उसको (छोराको) सिरानमा बसाए। तर परिणाम पहिलेको जस्तै नै भयो । यो घटना देखेर जब गुरू एउटा बालकको प्राणको पनि रक्षा गर्न असमर्थ हुन्छन् भने उनको उपयोगिता नै के भयो त ? भन्ने विचार आयो मलाई । अनि जब गुरूमा सामर्थ्यनै छैन भने शिरडी जानाले के काम भयो त ? यस्तो सोचेर मैले यात्रा स्थगित गरिदिएँ । परन्तु जो हुने कुरा छ त्यो भएर नै छाड्छ । प्रांताधिकारी नाना साहेब चाँदोकर बसईको दौडाहामा जाँदै थिए । उनी ठाणाबाट दादर पुगेर बसई जाने गाडीको प्रतीक्षा गरिरहेका थिए त्यसैबेला बांद्रा लोकल आइपुग्यो । यसमा बसेर उनी बांद्रा पुगे र शिरडी यात्रा स्थगित गरेकोमा मलाई ठाडै पक्डे। नाना साहेबको तर्क मलाई उचित तथा राम्रो जस्तो लाग्यो र यसैको फलस्वरूप मैले त्यही रातमै शिरडी जाने निश्चय गरी आफ्नो सामान बाँधेर शिरडीतर्फ प्रस्थान गरिहालें। मैले सिधै दादर गएर त्याहाँबाट मनमाडको गाडी पक्डिने कार्यकम बनाएँ। यही अठोट गरी मैले दादर जाने गाडीको डिब्बामा प्रवेश गरें । गाडी छुट्नै लागेको थियो त्यस्तैमा एउटा मुसलमान मेरो डिब्बामा आयो र मेरो सामान देखेर मेरो गन्तव्यस्थान (जाने ठाउँ) साध्न लागयो। मैले आफ्नो कार्यक्रम उसलाई बताइदिएँ । उसले मलाई मनमाडको गाडी दादरमा खडा हुँदैन । यसैले सिधै बोरी बन्दर भएर जानोस् भन्यो । यदि यो साधारण घटना नघटेको भए म आफ्नो कार्यक्रम अनुसार भोलिपल्ट शिरडी पुग्न नसक्नाको कारणले अनेक प्रकारको शंका कुशंकाहरूबाट घेरिन्थें । तर यस्तो घट्नु थिएन। भाग्यले साथ दियो र भोलिपल्ट 1-10 बजेभन्दा पहिले नै म शिरडी पुगें । यो सन् 1890 को कुरा

हो, जहिले परदेशी भक्तहरूलाई बस्नको निम्ति साठेबाडा मात्रा एउटा स्थान थियो। टाँगाबाट उत्रेपछि म साईबाबा को दर्शनको लागि बडो लालायित थिएँ। त्यसैबेला भक्त प्रवर तात्या साहेब नूलकर मसजिदबाट फर्कदै थिए । उनले बताए "यति बेला श्री साईबाबा मसजिदको मोउमा हुनुहुन्छ । अहिले खालि वहाँको प्रारम्भिक दर्शन गर्नोस्, अनि फेरि स्नान आदि समाप्त भएपछि सुविस्तासँग भेट गर्न जानोस्" यो सुन्नासाथ म दौडेर गएँ र बाबाको चरण वन्दना (पाउको ढोग) गरें। मेरो प्रसन्नताको पाराबार नै भएन । मलाई के मिलेन र ? मेरो शरीर उल्लसित (प्रसन्नतापूर्ण) जस्तो भयो। भोक र प्यासको ख्याल नै हराउँदै गयो । जुनक्षणबाट वहाँको भवविनाशक (संसार हटाउने) चरणहरूको स्पर्श प्राप्त भयो त्यति बेलादेखि मेरो जीवनमा एउटा नयाँ आनन्दको प्रवाह हुन लाग्यो । एउटा नयाँ उमंग आयो । जस-जसले मलाई बाबाको दर्शनार्थ प्रेरणा, प्रोत्साहन र सहायता पुऱ्याए, तिनीहरूप्रति मेरो हृदयले बारम्बार कृतज्ञताको अनुभव गर्न लाग्यो। म सधैंभरको लागि उनीहरूको ऋणी भएँ । उनीहरूको यो उपकार म कैल्यै भुल्न सक्ने छैन । खासरूपमा उनीहरू नै मेरा स्वजन हुन् र उनीहरूको ऋणबाट म कहिल्यै पनि मुक्त हुन सक्ने छैन । मैले सधैं उनीहरूको स्मरण गरेर उनीहरूलाई मानसिक प्रणाम गरेको हुन्छु । मेरो अनुभवमा आएको कुरा के छ भने साईको दर्शनमा नै विचार परिवर्तन भै पछिल्लो जन्मको कर्मको प्रभाव तुरून्तै मन्द हुन लाग्दछ । अनि विस्तार विस्तार अनाशक्ति (अशाक्तिहीन) हुन जाने र सांसारिक भोगहरूबाट वैराग्य बढ्न जान्छ । केवल बितेका जन्महरूका शुभ संस्कार एकत्रित भएर नै यस्तो दर्शन पाउन सजिलो हुन सक्छ । पाठकहरू हो ! म तपाईहरूसँग शपथ हालेर (किरिया खाएर) भन्छु कि यदि तपाईहरूले श्री साईबाबालाई एक नजरभर देख्नु भयो भने तपाईहरूलाई सम्पूर्ण विश्व नै साईमय देखिन लाग्ने छ ।

**गरमागरम बहस :-**

शिरडी पुग्दाको पहिलो दिनमै बालासाहेब र मेरोबीच गुरूको आवश्यकता उपर वादविवाद चल्न गयो । मेरो मत यस्तो थियो- "स्वतन्त्रता त्यागेर पराधीन किन हुनु पऱ्यो । तयस्तै जब कर्म गर्नै पर्छ भने गुरूको आवश्यकता कहाँ रह्यो ? प्रत्येक व्यक्तिले पूरा प्रयत्न गरेर आफैं अगाडि बढ्नु उचित छ । गुरूले शिष्यको लागि गर्छन् नै के र ? उनी त

आरामसँग निद्राको आनन्द लिन्छन ।" यस्तो किसिमले मैले स्वतन्त्रताको पक्ष लिएँ र बालासाहेबले प्रारब्धको । उनले भने-"जो विधिले लेखेको छ त्यो घटेरै छोड्छ । यसमा उच्चकोटिका महापुरूषहरू पनि असफल भएका छन्। कहावत नै छ-मेरो मनमा केही अरू नै छ, विधिको केही अरू नै। फेरि सल्लाहपूर्ण शब्दमा भने" भो भाइसाहेब यो बोझ विद्वत्ता छोड्नोस्। यो अहंकारले तपाईँलाई केही पनि सहायता गर्न सक्तैन। यस किसिमले दुवैपक्षका खण्डन-मण्डनमा लगभग एक घण्टा वित्न गयो र सधैंको जस्तै केही निष्कर्ष (नतीजा) निक्लन सकेन। यसैले तंग र विवश भएर विवाद स्थगित गर्नु पर्‍यो। यसको परिणामस्वरूप मेरो मानसिक शान्ति भंग हुन गयो। साथै मलाई घोर दैहिक बुद्धि र अहंकार नहटिन्जेलसम्म विवाद हट्ने संभवै हुँदैन भन्ने अनुभव भयो। वास्तवमा यो अहंकार नै विवादको जड हो। जुनबेला अरू व्यक्तिहरूको साथमा म मसजिद गएँ त्यसै बखतमा बाबाले काका साहेबलाई सम्बोधन गरेर प्रश्न गर्नु भयो । "साठेवाडामा के चलिरहेको थियो ? के विषयमा विवाद भएको थियो ? फेरि म तिर दृष्टि दिएर यी हेमाड पन्तले के भने ?" भन्नु भयो। यी शब्द सुनेर मलाई बढी अचम्म लाग्यो। साठेबाडा र मसजिदमा प्रशस्त फरक छ। सर्वज्ञा या अन्तर्यामी नभैकन बाबालाई विवादको ज्ञान कसरी हुन सक्तथ्यो?

हेमाड पन्त भन्ने नामले मलाई किन सम्बोधन गर्नु हुन्छ भनेर म सोच्न लगेों। यो शब्द त हेमाद्रि पन्तको अपभ्रंश हो। हेमाद्रि पन्त देवगिरिका यादव राजवंशका महाराज महादेव र रामदेवका विख्यात मन्त्री थिए। उच्चकोटिका विद्वान् तथा ज्यादै असल स्वभावका उनी "चतुर्वर्ग चिंतामणि" (जसमा आध्यात्मिक विषयहरूको विवेचन छ) र "राजप्रशक्ति" जस्ता उत्तम काव्यहरूका रचयिता थिए। उनैले नै हिसाब-किताब राख्ने नयाँ प्रणालीको आविष्कार गरेका थिए र बही खाता पद्धतिलाई जन्म दिएका थिए। कहाँ म यसको विपरीत एक अज्ञानी मूर्ख र मंदबुद्धिको छु। यसैले मलाई यो विशेष उपाधिले विभूषित गर्नुको तात्पर्य के हो ? भन्ने कुरा मेरो समझमा आउन सकेन। गहिरो विचार गरेपछि म यो निष्कर्षमा पुगें कि कही म भविष्यमा सधैंको लागि अभिमान-शून्य तथा विनम्र हुन जाऊँ

भन्ने सोचेर मेरो अहंकार चूर्ण पार्नको लागि त बाबाले यो अस्त्रको प्रयोग गर्नु भएको होइन ? अथवा कहीं मेरो वाक्चातुर्यको उपलक्ष्यमा यो मेरो प्रशंसा त होइन?
भविष्यतिर नजर दिंदा बाबाद्वारा "हेमाड पन्त" को उपाधिले विभूषित गर्नु कस्तो अर्थपूर्ण र भविष्य गोचर (पछिको कुरा देखने) थियो भन्ने कुरा स्पष्ट हुन्छ। कालान्तरमा दामोलकरले "श्री साईबाबा संस्थान" को प्रबन्ध कस्तो सुचारूरूपले तथा विद्वत्तापूर्ण ढंगले गरेका थिए तथा हिसाब-किताब आदि कस्तो उत्तम प्रकारले राखे, अनि साथसाथै कसरी महाकाव्य "साई सच्चरित्र" को रचना पनि गरे भन्ने कुरा सर्व विदितै छ। "साई सच्चरित्र'8 नामको यो ग्रन्थमा ज्ञान, भक्ति, वैराग्य, शरणागति (आफ्नो रक्षाको लागि शरणामा जानु) र आत्मनिवेदन (आफ्नो तन, मन, धन आफ्नो आराध्यदेवलाई अर्पण गरिदिनु) आदि समावेश (एमत्रित) गरिएका छन्।

## गुरूको आवश्यकता:-

यस विषयमा बाबाले के उद्गाार प्रकट गर्नु भयो भन्ने कुरा हेमाड पन्तद्वारा लेखिएको कुनै लेख या स्मृतिपत्र प्राप्त भएको छैन। तर काका साहेब दीक्षितले यस विषय उपर आफ्नो लेख प्रकाशित गरेका छन्। बाबासँग भेट गरिएको भोलिपल्ट "हेमड पन्त" र काका साहेबले मसजिदमा गएर घर फर्कने अनुमति मागे। बाबाले स्वीकशति दिनुभयो। कसैले प्रश्न गर्‍यो- "बाबा कहाँ जाऊँ?"
उत्तर मिल्यो-माथि जाऊ
प्रश्न-मार्ग (बाटो) कस्तो छ?
बाबा- अनेक पंथ (बाटा) छन्। यहाँबाट पनि एक मार्ग छ। तर यो मार्ग दुर्गम छ। साथै सिंह ब्वाँसा पनि भेटिन्छन्।
काका साहेब- यदि पथ प्रदर्शक (बाटो देखाउने) पनि साथ भएमा त?
बाबा- "त्यसो भए त कुनै कष्ट हुने छैन। मार्ग प्रदर्शकले तिमीलाई सिंह, ब्वाँसा र गहिरा खडलहरूबट रक्षा गरेर तिमीलाई सिधै निर्दिष्ट स्थानमा पुर्‍याई दिनेछ। तर ऊ नभएमा जंगलमा बाटो भुल्ने या खाडलमा गिर्न जाने सम्भावना हुन्छ।" दामोलकर पनि उपर्युक्त प्रसंगको समयमा त्यहीं उपस्थित थिए। बाबाले भनिरहनु भएको त्यो "गुरूको आवश्कयता

किन छ?" भन्ने यो प्रश्नको उत्तर हो भन्ने उनले सोचे। साई लीला भाग 1 संख्या 5 पृष्ट 47 अनुसार अब कहिल्यै पनि स्वतन्त्र या परतन्त्र व्यक्ति आध्यात्मिक विषयहरूको लागि कस्तो सिद्ध हुन्छ भन्ने यो विषयमा वाद-विवाद गर्ने छैन भन्ने कुरा मनमा निश्चय गरे। किनभने वास्तविक अर्थमा परमार्थलाभ केवल गुरूको उपदेश पालन गर्नुमा नै रहेको हुन्छ। यी उपदेशको वर्णन मूल काव्य-ग्रन्थको यही अध्यायमा गरिएको छ। त्यसमा श्रीराम, श्रीकृष्ण महान् अवतारी हुँदा हुँदैमा पनि आत्मानुभूतिको लागि श्रीरामलाई आफ्ना गुरू वशिष्टको र श्रीकृष्णलाई आफ्ना गुरू सांदीपनिको शरणमा जानु परेत्यो। यो मार्गमा उन्नति प्राप्त गर्नको लागि केवल श्रद्धा र धैर्य यी दुई गुण सहायक हुन्छन् भनी लेखिएको छ।

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस् ।
मंगल होओस् ।।

## अध्याय 3



श्री साईबाबाको स्वीकृति, आज्ञा
प्रतिज्ञा, भक्तहरूलाई कार्य समर्पण,
बाबाका लीलाहरू ज्योति स्तम्भ स्वरूप,
मातृप्रेम-रोहिलाको कथा, वहाँको मधुर उपदेश।

**श्री साईबाबाको स्वीकृति र वचन दिनु :-**

गत अध्यायमा वर्णन गरी सकिए अनुसार बाबाले सच्चरित्र लेख्ने अनुमति दिँदै भन्नुभयो- "सच्चरित्र लेख्नको लागि मेरो पूर्ण अनुमति छ। तिमीले आफ्नो मन स्थिर गराएर मेरो वचनमा श्रद्धा राख र निर्भय भएर कर्तव्यपालन गरिरहू। यदि मेरा लीलाहरू लेखिए भने अविद्याको नाश हुन्छ। त्यस्तै ध्यान र भक्तिपूर्वक सुन्नाले दैहिक बुद्धि हटेर भक्ति र प्रेमको तीव्र (जोडदार) लहर प्रवाहित हुनेछ। अनि जसले यी लीलाहरूको गहिराइतक खोजी गर्नेछ उसलाई ज्ञानरूपी अमूल्य रत्नको प्राप्ति हुन जानेछ।"

यी वचन सुनेर हेमाड पन्तलाई अत्यन्तै हर्ष भयो र उनी निर्भय भए। उनीलाई अब कार्य अवश्य नै सफल हुनेछ भन्ने दृढ विश्वास हुन गयो।

बाबाले शामातिर नजर दिँदै भन्नुभयो "जसले प्रेमपूर्वक मेरो नामस्मरण गर्छ (नामसंझन्छ) म उसको सम्पूर्ण इच्छाहरू पूरा गरिदिनेछु। उसको भक्तिमा उत्तरोत्तर वृद्धि हुनेछ। जसले मेरो चरित्र र कामहरूको श्रद्धापूर्वक गायन गर्छ उसलाई म हरप्रकारले सधैंभर सहायता गर्नेछु। जो भक्तगण हृदय तथा प्राणवाट नै मलाई चाहन्छन्, तिनीहरूलाई मेरा कथाहरू सुनेर स्वभावैले प्रसन्नता हुनेछ। जो कोहीले मेरा लीलाहरूको कीर्तन गर्ला, त्यसलाई परमानन्द र चिर सन्तोष प्राप्त हुनेछ भन्ने कुरामा विश्वास राख। मेरो यो विशिष्टता छ

कि जो कोही अनन्यभावले मेरो शरणमा आउँछ, जसले श्रद्धापूर्वक मेरो पूजा, निरन्तर स्मरण र मेरै ध्यान गर्ने त्यसलाई म मुक्ति प्रदान गरिदिन्छु।1

जो सधै नै मेरो नाम स्मरण र पूजा गरेर मेरा कथाहरूको र लीलाहरूको प्रेमपूर्वक मनन गर्दछन्, यस्ता भक्तहरूमा सांसारिक वासनाहरू अज्ञानरूपी प्रवृत्तिहरू कसरी बस्न सक्दछन्? म तिनीहरूलाई मृत्युको बबाट बचाइदिन्छु''

मेरा कथाहरू सुन्नाले मुक्ति हुन जानेछ। यसैले मेरा कथाहरू श्रद्धापूर्वक सुन र मनन गर। सुख र सन्तोष प्राप्तिको सरल मार्ग नै यही हो। यसबाट श्रोताहरूको चित्तमा शान्ति प्राप्त हुनेछ र जब ध्यान प्रगाढ र विश्वास दृढ हुन जानेछ, अनि चैतन्यघनसँग अभिन्नता प्राप्त हुन जानेछ। केवल ''साई'' ''साई'' को उच्चारण मात्रले नै तिनीहरूका सम्पूर्ण पाप नष्ट हुन जानेछन्।

भिन्न कार्यहरूका लागि भक्तहरूलाई प्रेरणा :-

भगवान् आफ्ना कुनै भक्तलाई मन्दिर, मठ बनाउन, कसैलाई नदीको तीरमा घाट बनाउने र कसैलाई भगवत् कीर्तन गर्ने आदि यस्तै भिन्न-भिन्न कार्य गर्ने प्रेरणा दिनु हुन्छ। तर वहाँले मलाई ''साई सच्चरित्र'' लेख्ने प्रेरणा गर्नु भयो। कुनै पनि विधाको पूरा ज्ञान नहुनाले म यो कार्यको लागि सर्वथा अयोग्य थिएँ। यसैले मैले यस्तो दुष्कर (गर्न नसकिने) कार्य गर्ने दुस्साहस किन गर्नु पर्थ्यो? श्री साई महाराजको यथार्थ जीवनीको वर्णन गर्ने सामर्थ्य कसको छ? वहाँको कृपाले मात्र कार्य सम्पन्न हुन सम्भव छ।

..............................................................................

*1 अन्याश्चिन्तयन्तोमां ये जनाः पर्युपासते।*
*तेषां नित्ययाभियुक्तानां योग क्षेमं वहाम्यहम्।। गीता 1-22 जो मनुष्यहरू अनन्य भावलेचिन्तन गदै मलाई भज्दछन, निरन्तर ममा लागेका ती भक्तहरूको योग क्षेम म आफै चलाउँदछ।*

यसैले जब मैले लेख्न प्रारम्भ गरें अनि बाबाले मेरो अहंको नाश गरिदिनु भयो र वहाँले स्वयं आफ्नो चरित्र रचना गर्नुभयो। यसैले यो चरित्रको श्रेयः बहाँलाई नै छ, मलाई छैन। जन्मले ब्राह्मण भएर पनि म दिव्य चक्षु-विहीन (अलौकिक आँखा नभएको) थिएँ। यसैले "साई सच्चरित्र" लेख्न सर्वथा अयोग्य थिएँ। तर श्री हरिकृपाबाट के संभव हुँदैन? लाटो पनि बोलैया हुन्छ, लंगडोले पनि पर्वत चढ्न सक्छ। आफ्नो इच्छानुसार कार्यपूर्ण गर्ने युक्ति वहाँ नै जान्नु हुन्छ। हारमोनियम र बाँसुरीलाई ध्वनि कसरी प्रसारित भैरहेको छ भन्ने आभास कहाँ हुन्छ र? यसको ज्ञान त बजाउनेलाई नै हुन्छ। चन्द्रकान्त मणिको उत्पत्ति र ज्वारभाटाको रहस्य मणि अथवा समुद्र हैन किन्तु चन्द्रमाको कलाको घटबढमा नै निहित छ।

बाबाको चरित्रः ज्योतिस्तम्भ स्वरूप :-

नाविकहरू चट्टानहरूबाट र दुर्घटनाहरूवाट बच्न जाऊन् र जहाजहरूलाई कुनै हानी नपुगोस् भन्नाको लागि समुद्रमा अनेक ठाउँमा ज्योतिस्तम्भ बनाइन्छ। यो भवसागरमा श्री साईबाबाको चरित्र ठीक माथि भनिए बमोजिम उपयोगी छ। यो अमृतभन्दा पनि बढी मीठो र सांसारिक बाटो सुगम बनाउने छ। यो कानद्वारा हृदयमा प्रवेश हुनासाथ दैहिक (शारीरिक) बुद्धि नाश हुन जान्छ र हृदयमा एकत्रित गर्नाले सम्पूर्ण कुशंकाहरू हराउन जान्छन्। अहंकारको विनाश हुन जान्छ र बौद्धिक आवरण (बुद्धिको पर्दा) लोप भएर ज्ञान प्रकट हुन जान्छ। बाबाको विशुद्ध कीर्तिको वर्णन निष्ठापूर्वक श्रवण गर्नाले भक्तहरूका पाप नाश हुन्छन। यसकारण यो मोक्ष प्राप्तिको पनि सरल साधन हो। सत्य युगमा शम (रिसराग नहुनु) तथा दम (तपस्या गर्दा परिआएको दुःख सहनु), त्रेतामा त्याग, द्वापरमा पूजा र कलियुगमा भगवत् कीर्तन नै मोक्षको साधन हो। यो अन्तिम साधन चारै वर्णका मानिसहरूको लागि साध्य पनि छ। अरू साधन योग (जीव र आत्माको एकता हुनु), ध्यान मनलाई चेतन आत्मामा समाहित गरेर इष्ट देवको ध्यान गर्नु), धारणा (बुढी औंला, गोलीगाँठा, घुँडा, तिघ्रा, गुदा, नाभि, हृदय ग्रीवा (घाँटी), कण्ठ (घाँटीको अगिल्लो भाग), आँखी भौंको बीच, मस्तक (शिर) यी बाह्र ठाउँमा प्राणवायुलाई विधिवूर्वक राख्नु) आदि आचरण गर्नको लागि कठिन छन्। तर चरित्र तथा हरिकीर्तनको श्रवण त अत्यन्त नै सुलभ

छन्। केवल ती उपर ध्यान दिनुको नै आवश्यकता छ। कथा श्रवण र कीर्तनबाट इन्द्रियहरूको स्वाभाविक विषयाशक्ति नाश हुन जान्छ र भक्त वासना रहित भएर आत्मसाक्षत्कारतिर अग्रसर हुन जान्छ। यही फल प्रदान गर्नको लागि नै वहाँले सच्चरित्र बनाउन लगाउनु भयो। भक्तगण अब सजिलोसँग चरित्र हेरून, पढून् र साथै वहाँको मनोहर स्वरूपको ध्यान गरेर गुरू र भगवत्- भक्तिका अधिकारी बनून्। अनि निष्काम भएर आत्मसाक्षात्कार गर्न पुगून। "साई सच्चरित्र" सफलतापूर्वक सम्पूर्ण हुनु यो साई महिमा नै सम्झियोस्। मलाई त केवल एउटा निमित मात्र नै बनाएइको हो।

मातृ प्रेम :-

गाईको आफ्नो बाच्छोप्रतिको प्रेम सर्वविदितै छ। उसका स्तन सधैं नै दूधले भरिएको हुन्छ। जब भोको बाच्छो स्तनतर्फ दौडेर आउँछ, त्यतिबेला दूधको धारा आफैं प्रवाहित हुन लाग्दछ। त्यसरी नै आमाले पनि आफ्ना बच्चाको आवश्यकताको पहिले नै ख्याल राख्छिन्। ठीक समयमा आफ्नो दूध खुवाउँछिन्। उनीले बालकको श्रृङ्गार धेरै राम्रोसँग गर्दछिन्। तर बालकलाई यकको केही पनि ज्ञान हुँदैन। बालकको सुन्दर श्रृङ्गार आदि देखेर आमालाई खुशीको पारावार हुदैन। आमाको प्रेम विचित्र, असाधारण र निःस्वार्थ हुन्छ, जसको कुनै उपमा नै छैन। ठीक यसै प्रकारले सद्गुरूको प्रेम आफ्नो शिष्य उपर हुन्छ। यस्तै नै प्रेम बाबाको मप्रति थियो। उदाहरणको लागि त्यो (प्रेम) निम्न प्रकारको थियो।

सन् 1916 मा मैले नोकरीबाट अवकाश लिएँ। मैले पाउने पेन्सन मेरा परिवारको निर्वाहको लागि अपर्याप्त (अपुग) थियो। त्यसै वर्षको गुरू पूर्णिमाको दिनमा म अरू भक्तहरूको साथमा शिरडी गएँ। त्यहाँ अण्णा चिंचणीकरले आफैंले नै मेरा लागि बाबासँग यस प्रकार प्रार्थना गर्नुभयो-"यिनीमाथि कृपा गर्नोस्। यिनले पाउने पेन्सन निर्वाह योग्य छैन। परिवारमा वृद्धि भै राखेकोछ। कृपा अर्को कुनै नोकरी दिलाई दिनोस्, ताकि यिनको चिन्ता दूर भएर यी सुखपूर्वक रहून्।" बाबाले जवाफ दिनभुयो "यिनीलाई नोकरी मिल्लेछ। तर अब यिनले मेरो सेवामा नै आनन्द लिनु पर्छ। यिनका इच्छा सदैव पूर्ण हुनेछन्। यिनले आफ्नो ध्यान मप्रति आकर्षित गरेर अधार्मिक तथा दुष्ट मानिसहरूको संगतबाट टाढै

रहनु पर्छ। यिनले सवैसँग दया र नम्रताको व्यवहार र अन्तःकरणबाट मेरो उपासनाा गर्नुपर्छ। यदि यिनले यस्तो प्रकारको आचरण गर्न सके भने नित्यानन्दका अधिकारी हुन जानेछन्।"

रोहिलाको कथा :-

यो कथा श्री साईबाबाको सम्पूर्ण प्राणीमाथि समान प्रेमको सूचक हो। एक समय रोहिला जातिको एउटा मान्छे शिरडीमा आया। त्यो पूरै अग्लो, ज्यादै बलियो तथा सुगठित शरीरको थियो। बाबाको प्रेमले मुग्ध भएर ऊ शिरडीमा नै वस्न लाग्यो। ऊ आठै प्रहर आफ्नो चर्को र कर्कश ध्वनिमा कुरान शरीफका कलम (लिखावट, लिपि) हर पढ्दथ्यो र "अल्ला हो अकबर" (अत्यन्त ठूला भगवान्) को नारा लगाउँदथ्यो। शिरडीका धेरैजसो नै मानिसहरू दिनभर खेतमा काम गरेपछि जब रातमा आफ्नो घरमा फर्कन्थे, त्यतिबेला रोहिलाको कर्कश पुकाराले उनीहरूको स्वागत गर्दथ्यो। यसकारण उनीहरूलाई रातमा विश्राम मिल्दैनथ्यो। यसले गर्दा उनीहरूले ज्यादै कष्ट र असुविधाको अनुभव गर्न लागे। कैयौं दिनसम्म उनीहरू चूपै रहे।

तर जब कष्ट असह्य भयो अनि उनीहरूले बाबाको नजिक गएर रोहिलालाई मनाएर यो उत्पात रोकने प्रार्थना गरे। बाबाले उनीहरूको यो प्रार्थना उपर ध्यान दिनु भएन। झन् उल्टो गाउँलेहरूलाई व्यंग्य वाणले रोप्दै "उनीहरूले आफ्नै काममा ध्यान दिऊन्, रोहिलातर्फ ध्यान नदिऊन्" भन्नुभयो। बाबाले उनीहरूलाई "रोहिलाकी पत्नी खराब स्वभावकी छ, उसले रोहिलालाई र त्यस्तै मलाई ज्यादै दुःख दिन्छे। तर ऊ रोहिलाका कलमहरूको (लिपिहरूको) अगाडि उपस्थित हुने साहस गर्न सक्तिन। यसैकारण ऊ (रोहिला) शान्ति र सुखमा छ भन्नु भयो। वास्तवमा रोहिलाकी कुनै पत्नी थिइन। बाबाको संकेत कुविचार प्रति थियो। अरू विषयहरूको अपेक्षा बाबा प्रार्थना तथा ईश्वरको आराधनालाई महत्व दिनु हुन्थ्यो। यसैले वहाँले रोहिलाको पक्षको समर्थन गरेर ग्रामवासीहरूलाई शान्तिपूर्वक थोरै समयसम्म उत्पांत सहने सल्लाह दिनु भयो।

बाबाको मधुर (मीठो) अमृतोपदेश (अमृतजस्तो उपदेश) :-
एकदिन मध्याह्नको आरतीपछि भक्तगण आ-आफ्ना घरतिर फर्कदैं थिए, त्यसै बेला बाबाले तल लेखिएको ज्यादै सुन्दर उपदेश दिनु भयो :-

"तिमी चाहे कहीं नै बस, जे इच्छा लाग्छ त्यो गर, तर तिमीले जे जस्तो गर्छौ त्यो सबै मलाई थाहा हुन्छ भन्ने यो कुरा सदैव संझिरहू। म नैं समस्त प्राणीहरूको प्रभु (स्वामी) हुँ र घट-घटमा व्याप्त छु। मेरै पेटमा सम्पूर्ण जड तथा चेतन प्राणी अटाएका छन्। म नैं समस्त ब्रह्माण्डको नियन्त्रणकर्ता तथा संचालक हुँ । म नै उत्पत्ति, स्थिति र संहारकर्ता हुँ। मेरो भक्ति गर्नेहरूलाई कसैले हानि पुन्याउन सक्तैन। मेरो ध्यानको उपेक्षा (अपहेलना) गर्ने व्यक्ति मायाको पासोमा फस्न जान्छ। समस्त जन्तु, कमिला तथा देखिने, बदलिने र स्थायी विश्व मेरै स्वरूप हुन्।"

यो सुन्दर तथा अमूल्य उपदेश सुनेर मैले तुरून्तै अब भविष्यमा म आफ्नो गुरूको सिवा अरू कुनै मानिसको सेवा गर्ने छैन भन्ने दृढ निश्चय गरें। "तिमीलाई नोकरी मिल्ने छ" भन्ने बाबाका यी वचनका कुरा मेरो मस्तिष्कमा बारबार घुम्न थाले। के साँच्चै नै यस्तो घटना घटना भन्ने विचार आउन लाग्यो। भविष्यका घटनाहरूले बाबाका वचन सत्य निक्लिएको स्पष्ट पार्दछन्। मलाई थोरै समयको लागि नोकरी मिल्यो। यसपछि म स्वतन्त्र भएर एक चित्तले जीवन पर्यन्त बाबाको नै सेवा गर्दै रहें।

यो अध्याय समापत गर्नुभन्दा पहिले मेरो पाठकहरूसँग वहाँहरूले सम्पूर्ण बाधाहरू जस्तो कि आलस्य (अल्छीपना), मनको चंचलता तथा इन्द्रिय-आसक्ति आदिलाई टाढा पन्छाएर एक चित्त भई आफ्नो ध्यान बाबाको लीलाहरूतिर लगाउनु होस् र स्वाभाविक प्रेम बनाएर भक्तिको रहस्यलाई जान्नु होस् तथ अरू साधनाहरूमा व्यर्थ श्रम लगाएर नथाक्नु होस् भन्ने विनम्र प्रार्थना छ। वहाँहरूले केवल एउटै सजिलो उपायको पालना गर्नु पर्नेछ। त्यो हो श्री साई लीलाहरूको श्रवण। यसबाट वहाँहरूको अज्ञानको नाश भएर मोक्षको ढोका खुल्न जानेछ। जसरी अनेकौं ठाउँमा भ्रमण गर्दा पनि लोभी मान्छे, आफ्नो

गडेको धनको लागि हरबखत चिन्तित भैरहन्छ, त्यसरी नै श्री साईबाबालाई आफ्नो हृदयमा धारणा गर्नोस्। आउँदो अध्यायमा श्री साईबाबाको शिरडी आगमनको वर्णन हुनेछ।

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस ।
मंगल होओस् ।।

## अध्याय 4

## श्री साईबाबाको शिरडीमा प्रथम आगमन



सन्तहरूको अवतार कार्य। पवित्र तीर्थ शिरडी। श्रीसाईबाबाको व्यक्तित्व । गौली बुबाको अनुभव । श्री विठ्ठल प्रकट हुनु। क्षीर सागरको कथा । दासगणूको प्रयाग स्नान। श्रीसाईबाबाको शिरडीमा पैलो आगमन तीन ओटा बाडा (धर्मशाला)

**सन्तहरूको अवतार कार्य :-**

भगवद्गीता (चौथो अध्याय 7-8) मा भगवान् श्री कृष्ण भन्नु हुन्छ- "जब जब धर्मको हानि र अधर्मको वृद्धि हुन्छ अनि त्यो त्यो बखतमा म अवतार धारण गर्छु। धर्मस्थापना गर्न, दुष्टहरूको विनाश तथा साधुजनहरूको रक्षाको लागि म युग युगमा जन्म लिन्छु।" साधु तथा साधुजनहरूको रक्षाको लागि म युग युगमा जन्म लिन्छु।" साधु तथा सन्त भगवान्का प्रतिनिधि स्वरूप हुन्। उनीहरू उपयुक्त समयमा प्रकट भएर आफ्नो कार्य प्रणालीद्वारा आफ्नो अवतार-कार्य पूर्ण गर्दछन्। अर्थात् जब ब्राह्मण, क्षत्रिय र वैश्य आ-आफ्ना कर्तव्यबाट विमुख हुन जान्छन, जब शूद्रहरू उच्च जातिहरूको अधिकार छिन्न लाग्छन्, जब धर्मका आचार्यहरू (गुरूहरू) को अनादर तथा निन्दा हुन लाग्छ, जब धर्मका आचार्यहरू (गुरूहरू) को अनादर तथा निन्दा हुन लाग्छ, जब धार्मिक उपदेशहरूको उपेक्षा हुन लाग्छ, जब ब्राह्मणहरूले संध्या आदि कर्म छोडिदिन्छन्, जब कर्मठ व्यक्तिहरूको धार्मिक कृत्यमा अरूचि उत्पन्न हुन जान्छ, जब योगीहरूले ध्यान आदि कर्म गर्न छोडिदिनन्छन् अनि जब जनसाधारणको केवल धन, सन्तान र स्त्री नै सर्वस्व हो भन्ने यस्तो धारणा हुन जान्छ र यसरी जब मानिसहरू सत्य मार्गबाट विचलित भएर अधः पतनतिर अग्रसर हुन लाग्दछन्, त्सबेला सन्त प्रकट भएर आफ्ना उपदेश तथा आचरणद्वारा धर्मको संस्थापना गर्दछन्। उनीहरूले समुद्रको ज्योति स्तम्भ झैं हामीहरूलाई उचित मार्ग

दर्शन गर्दै सत्पथतिर हिड्न प्रेरित गर्दछन्। यसै मार्गमा अनेकौं सन्तहरू-निवृत्तिनाथ, मुक्ता बाई, नामदेव, गोरा, गोणाई, एकनाथ, तुकाराम, नरहरि, नरसीभाइ, सजन कसाई, सावंतामाली र रामदास तथा कैयौं सन्तहरू सत्य मार्गको दिग्दर्शन गराउनको लागि बेग्लाबेग्लै समयमा प्रकट भए। यी सबको पछि शिरडीमा श्री साईबाबाको अवतार भयो।

पवित्र तीर्थ शिरडी :-

अहमद नगर जिल्लामा गोदावरी नदीका तीर ज्यादै नै भाग्यशाली छन्। यिनमा अनेकौं सन्तले जनम लिएर अनेकौंले आश्रय पाए। यस्ता सन्तहरूमा श्रीज्ञानेश्वर महाराज प्रमुख हुनुहुन्थ्यो । शिरडी, अहमद नगर जिल्लाको कोपर गाउँ तालुकमा छ। गोदावरी नदी पार गरेपीछ बाटो सोझै शिरडी जान्छ। आठ माइल हिंडेपछि जब तपाई नीम गाउँ पुग्नुहुन्छ अनि त्यहाँबाट शिरडी देखिन लाग्छ। कश्णा नदीको किनाराका अरू तीर्थस्थान गाणगापुर, नरसिंह वाडी र औदम्बरका बराबरी नै शिरडी पनि प्रसिद्ध तीर्थ हो। जसरी दामाजीले मंगल बेढालाई (पंढरपुरको नजिकैमा), समर्थ रामदासले सज्जनगढलाई, दत्तावतार श्रीनरसिंह सरस्वतीले वाडीलाई पवित्र गर्नुभयो त्यसरी नै श्री साईनाथले शिरडीमा अवतीर्ण भएर त्यसलाई पवित्र बनाउनु भयो।

श्री साईबाबाको व्यक्तित्व :-

श्री साईबाबाको सामीप्यले (निकटताले) शिरडीको महत्व विशेष बढ्न गयो। अब हामी वहाँको चरित्रको अवलोकन गर्नेछौं। यो भवसागर उपर विजय प्राप्त गरिसक्नु भएथ्यो। शान्ति वहाँको गहना थियो र साथै वहाँ ज्ञानको साक्षात् स्वरूप नै (मूर्ति नै) हुनुहुन्थ्यो। वैष्णव भक्तहरूले सधैं वहाँ आश्रय पाउँदथे। दानवीरहरूमा वहाँ कर्ण समान दानी हुनुहुन्थ्यो। वहाँ सम्पूर्ण सारहरूको पनि साररूप हुनुहुन्थ्यो सांसारिक पदार्थहरू उपर वहाँलाई अरूचि थियो र वहाँ ज्ञानको साक्षात् मूर्ति नै हुनुहुन्थ्यो। सधै आत्मा स्वरूपमा डूबेर रहनु नै वहाँको जीवनको मुख्य ध्येय थियो। अनित्य वस्तुहरूको आकर्षणले वहाँलाई छोएको पनि थिएन। वहाँको हृदय ऐना जस्तै उज्जवल थियो। वहाँको मुखबाट सदै अमृत वर्षा हुन्थ्यो। अमीर (धनी) र गरीब दुबै वहाँका लागि एकै सम थिए। मान अपमानको वहाँलाई किंचित

मात्र पनि चिन्ता थिएन। वहाँ निडर भएर वार्तालाप गर्नु हुन्थ्यो, विभिन्न किसिमका मानिसहरूसंग मिलिजुली वस्तु हुन्थ्यो, नर्तकीहरूको अभिनय तथा नाच हेर्नुहुन्थ्यो। गजल कब्बालीहरू पनि सुन्नु हुन्थ्यो। यतिका सबै कुरा गर्दै रहे पनि वहाँको समाधि अलिकति मात्र पनि भंग हुँदैनथ्यो। अल्लाहको नाम सधैंभर वहाँको ओठमै थियो। दुनियाँ जागा भएको बखत वहाँ सुत्नुहुन्थ्यो। जब दुनियाँ सुत्थ्यो अनि वहाँ जाग्नु हुन्थ्यो।

1 वहाँको अन्तरस्करण प्रशान्त महासागर जस्तै शान्त थियो। न वहाँको आश्रमको कसैले निश्चय गर्न सक्तथ्यो, यस्तै न वहाँको कार्य प्रणालीको नै अन्त पाउन सक्थ्यो। भन्नाको लागि त वहाँ एक ठाउँमा बस्नु हुन्थ्यो, तर विश्वका सम्पूर्ण व्यवहार र कामकाजको वहाँलाई राम्ररी ज्ञान थियो। वहाँको दरवारको रंग नै अनौठो थियो। वहाँ हरेक दिन अनेकौं किंवदन्ती (उडन्ते कुरा) भन्नु हुन्थ्यो तर वहाँको अखंड शान्ति कति पनि विचलित हुन्नथ्यो। वहाँ सधैं मसजिदको भित्ताको अडेस लगाएर वस्तु हुन्थ्यो। अनि बिहान, दिउँसो र सन्ध्या समयमा लेंडी र चावडीतिर हावा खान जानु हुन्थ्यो तापनि आत्मस्थित नै भैरहनु हुन्थ्यो। पूरा सिद्ध भएर पनि वहाँ साधकहरूको जस्तो आचरण गर्नु हुन्थ्यो। उहाँ विनम्र दयालु तथा अभिमान-शून्य हुनुहुन्थ्यो। वहाँले सधैं सबैलाई सुख दिनु हुन्थ्यो। यस्तो हुनुहुन्थ्यो श्री साईबाबा जसका चरण स्पर्श गरेर शिरडी पवित्र बन्न पुग्यो। उसको (शिरडीको) महत्व असाधारण हुन गयो। जस्तो किसिमले ज्ञानेश्वरले आलंदी र एकनाथले पैठणको उत्थान गर्नु भयो त्यहीरूप नैं श्री साईबाबाद्वारा शिरडीलाई प्राप्त भयो। शिरडीका फूल, पात, कंकड र पत्थर पनि धन्य हुन् जसलाई श्री साई चरणकमलको चुम्बन पाउनुको साथै वहाँको चरणरज शिरमा धारण गर्ने सौभाग्य प्राप्त भयो। भक्तगणको निम्ति शिरडी एउटा अर्को पंढरपुर, जगन्नाथ पुरी, द्वारका, बनारस (काशी), महाकालेश्वर, तथा गोकर्ण, महावलेश्वर बन्न गयो।

..........................................................................................

*1 सुखिया सब संसार है, खाये अरू सोये। दुखिया दास कबीर है, जागे अरू सोये।। सबै संसार, संसारको भोगमानै सुखी छ त्यसैले खान्छ र मस्तसंगै सुत्दछ। तर कबीर दास भने त्यति बेला दुःखी हुन्छन्। किनभने उनी त्यतिबेला व्यूँझेर जागेका हुन्छन। अनि संसारको उल्टो गति देखदा रून्छन्।।*

श्री साईको दर्शन गर्नु नै भक्तहरूको लागि वेदमन्त्र थियो। जसको परिणामस्वरूप आसक्ति घट्थ्यो र आत्मदर्शनको बाटो सजिलो हुन्थ्यो। वहाँको श्री दर्शन नै योग साधन थियो र वहाँसँग वार्तालाप गर्नाले सम्पूर्ण पाप नाश हुन जान्थ्यो। वहाँको पादसेवन (पाउको सेवा) गर्नु नै त्रिवेणी (प्रयाग) स्नानको समान थियो। त्यस्तै चरणामृत पान गर्नाले मात्र नै सम्पूर्ण इच्छाहरूको तृप्ति हुन्थ्यो। वहाँको आज्ञा हाम्रो लागि वेद बराबरै थियो। प्रसाद तथा भस्म ग्रहण गर्नाले चित्त शुद्धि हुन्थ्यो। वहाँ नै हाम्रा राम, कृष्ण हुनुहुन्थ्यो जसले हामीलाई मुक्ति दिनु भयो। वहाँ नै हाम्रा परब्रह्म हुनुहुन्थ्यो। वहाँ द्वन्द्वहरूबाट अर्थात् चिसो, तातो, शोक, मोह आदिवाट टाढा रहनु हुन्थ्यो र कहिल्यै निराश न हताश हुनु हुन्नथ्यो। वहाँ सधैं आत्मस्थित (आफ्नै आत्मामा रहिरहने), चैतन्यघन (चेतनापूर्ण) तथा आनन्दको मङ्गल मूर्ति हुनुहुन्थ्यो। भन्नाको लागि त शिरडी वहाँको मुख्य केन्द्र थियो तर वहाँको कार्य क्षेत्र, पंजाब, कलकत्ता, उत्तरी भारत, गुजरात, ढाका र कोंकणसम्म विस्तृत थियो। श्री साईबाबाको कीर्ति दिन-प्रतिदिन चारैतिर फैलन लाग्यो र ठाउँ-ठाउँबाट वहाँको दशर्नको लागि आएर भक्तहरूले लाभ उठाउन लागे। चाहे शुद्ध अथवा अशुद्ध हृदयका होऊन् सबै मानिसहरूको चित्तमा केवल वहाँको दर्शनले मात्र नै परमशान्ति मिल्दथ्यो। उनीहरूलाई पंढरपुरमा श्री विठ्ठलको दर्शनबाट हुने जस्तै आनन्दको अनुभव हुन्थ्यो। यो कुनै अतिशयोक्ति (बढाएर गरिएको कुरा) होइनः हेर्नोस्, एउटा भक्तले यही अनुभव पाउनु भएको छ।

गौली बुबा :-

लगभग 15 वर्षका बयोवृद्ध गौली बुबा नाम गरेका भक्त पंढरीको एउटा बारकरी 1 थिए। उनी आठ महिना पंढरपुर तथा चार महिना (आषाढबाट कार्तिकसम्भ) गंगाको किनारामा बस्ने गर्दथे। सामान बोकाउनाको लागि एउटा गधा आफ्नो साथमा राख्दथे र एउटा शिष्य पनि सदैव उनको साथमै रहने गर्थे।

.................................................................................

*1. बारकरी-एकादशीको दिनमा नबोलिकन पैदलै पंढरपुरका बिठ्ठल भगवान्को दर्शन गर्न जाने तीर्थ यात्री।*

उनी हरेक वर्ष बारी (जल) लिएर पंढरपुर जान्थे अनि फर्कने बेलामा श्री साईबाबाको दर्शनको लागि शिरडी आउँदथे। बाबाप्रति उनको अगाध प्रेम थियो। उनी बाबातिर एकटकले हेर्दथे र यहाँ त अनाथका नाथ, दीन दयालु (गरीब दुःखी उपर दयागर्ने), दीननाथ (गरीब दुःखीका स्वामी) श्री पंढरीनाथ विठ्ठलका अवतार हुनुहुन्छ भन्न लाग्दथे। गौली बुबा श्री विठोवाका परमभक्त थिए। उनले अनेकौं पटक पंढरीको यात्रा गरेर श्री साईबाबा वास्तवमा श्री पंढरीनाथ नै हो भन्ने कुरा प्रत्यक्ष अनुभव गरेका थिए।

श्री विठ्ठल आफै प्रकट हुनुभयो :-

श्री साईबाबाको ईश्वर चिन्तन र भजनमा विशेष अभिरूचि थियो। वहाँ सधैंभर "अल्लाह अकबर" भनी पुकारा गर्नु हुन्थ्यो र भक्तहरूद्वारा कीर्तन-सप्ताह गराउनु हुन्थ्यो। यसलाई "नाम सप्ताह" पनि भन्दछन्। एकपटक वहाँले दासगणूलाई कीर्तन सप्ताह गर्ने आज्ञा दिनु भयो। दासगणूले बाबासँग भने "मलाई हजूरको आज्ञा शिरोधार्य छ। तर सप्ताहको अन्तमा विठ्ठल भगवान् अवश्य प्रकट हनुहुन्छ भन्ने कुराको आश्वासन मिल्नु पर्छ।" बाबाले आफ्नो छाती छोएर भन्नुभयो-विठ्ठल अवश्य पनि प्रकट हुनु अनिवार्य छ। ठाकुरनाथको डंकपुरी, विठ्ठलको पंढरी, रणछोरको द्वारका यहीं त छ। कसैले टाढा जानु पर्ने आवश्यकता छैन। के विठ्ठल कहीं बाहिरबाट आउनछ हुन्छ ? वहाँ त यहीं विराजमान हुनुहुन्छ। जब भक्तहरूमा प्रेम र भक्तिको स्त्रोत प्रवाह हुन्छ, अनि विठ्ठल स्वयं नै यहां प्रकट हुनुहुच्छ।

सप्ताह समाप्त भएपछि विठ्ठल भगवान् यसरी प्रकट हनुभयो। काका साहेब दीक्षित सधैंको झैं स्नान गरेपछि जब ध्यान गर्न बसे, उनीलाई विठ्ठलको दर्शन मिल्यो। मध्याहनको समयमा जब उनी बाबाको दर्शनाथ मसजिदमा पुगे, त्यो बेला बाबाले उनीसँग सोध्नु भयो "विठ्ठल पाटील आउनु भएथ्यो नि। के तिमीलाई वहाँको दर्शन मिल्यो ? वहाँ त ज्यादै चन्चल हुनुहुन्छ। वहाँलाई बलियोसँग पक्ड। यदि अलिकति मात्र असावधानी गरियो भने वहाँ बचेर निक्लिहाल्नु हुन्छ।" यो बिहानको घटना थियो र मध्याह्नको समयमा उनीलाई फेरि दर्शन मिल्यो। त्यही दिन एउटा चित्र (तस्वीर) बेच्नेले विठोवाका पच्चीस-तीस चित्र लिएर त्यहाँ बेच्न आयो। यो चित्र काका साहेब दीक्षितलाई ध्यानमा दर्शन मिलेको चित्रकै

हुबहु थियो। चित्र देखेर तथा बाबाको शब्द संझेर काका साहेबलाई ठूलो विस्मय र प्रसन्नता भयो। उनीले एउटा चित्र खुसी साथ किनेर त्यसलाई आफ्नो पूजाकोठामा स्थापित गरे।

ठाणाका अवकाश प्राप्त मामलतदार श्री बी.ही. देवले आफ्नो अनुसन्धानद्वारा शिरडी, पंढरपुको परिधिमा नै आउँछ भनी प्रमाणित
गरिदिएका छन्। दक्षिणमा पंढरपुर श्री कृष्णको प्रसिद्धस्थान हो। यसैले शिरडी नै द्वारका हो (साई लीला पत्रिकाको भाग 12 अंक 1, 2 र 3 अनुसार)

द्वारको एउटा अर्को व्याख्या सुन्नमा आएको छ। जुन कै. नारायण अय्यरद्वारा लिखित "भारतवर्षको स्थायी इतिहास" मा स्कन्दपुराण (भाग 2, पृष्ठ 10) बाट उद्वत गरिएको हो त्यो यस्तो प्रकारको छ–

"चतुर्णामिणि वर्गाणां यत्र द्वाराणि सर्वतः।
अतो द्वारावतीत्युक्ता विद्वद्भिस्तत्ववादिभिः।।"

जुन ठाउँ चारै वर्णका मानिसको धम्र, अर्थ, कार र मोक्षको लागि सुलभ हुन्छ, त्यसैलाई दार्शनिकहरू द्वारका नामले पुकार्दछन्। शिरडीमा बाबाको मसजिद खालि चार वर्णकै निमित्त मात्र होइन, झन् बरू दलित, अस्पृश्य (अछूत) र भागोजी सिंदिया जस्ता कोरी आदि सबैको लागि पनि खुला थियो। यसैले शिरडीलाई "द्वारका" भन्नु पूरै उचित छ।

भगवंत राव क्षीर सागरको कथा :–
श्री विठ्ठल पूजनमा बाबालाई कति रूचि थियो भन्ने कुरा भगवत राव क्षीरसागरको कथाबाट स्पष्ट हुन्छ। भगवत रावका पिता विठोवाको परमभक्त थिए। उनी प्रतिवर्ष पंढरपुरमा बारी (जल) लिएर जान्थे। उनको घरमा एउटा विठोवाको मूर्ति थियो, जसलाई उनी सधैं पूजा गर्थे। उनको मृत्युपछि उनको छोरा भगवत रावले बारी, पूजा श्राद्व इत्यादि सम्पूर्ण कर्म गर्न छोडिदिए। जैले भगवत राव शिरडी आए त्यसैबेला बाबाले उनीलाई

देख्नासाथ नै भन्न लाग्नु भयो- "यिनका पिता मेरा परम मित्र थिए यसैकारण मैले यिनीलाई यहाँ बोलाएको हुँ। यिनले कहिल्यै नैवेद्य अर्पण नगरी मलाई र विठोवालाई भोकै मारे। यसैले मैले यिनीलाई यहाँ आउन प्रेरित गरें। अब म यिनीलाई जोड गरेर नै पूजामा लगाई दिनेछु।"

दासगणूको प्रयाग स्नान :-

गंग र यमुना नदीको संगममा प्रयाग एक प्रसिद्ध पवित्र तीर्थ स्थान छ। त्यहाँ स्नानादि गर्नाले सम्पूर्ण पाप नाश हुन जान्छ भन्ने हिन्दुहरूको भावना छ। यसैकारण प्रत्येक पर्वमा हजारौ भक्तगण त्यहाँ जान्छन् र स्नानको लाभ प्राप्त गर्दछन्। एकपटक दासगणूले पनि त्यहाँ गएर स्नान गर्ने निश्चय गरे। यो विचारले बाबाबाट आज्ञा लिन उनी बाबा कहाँ गए। बाबाले भन्नु भयो- "यति टाढा व्यर्थ घुम्नाको आवश्यकता के छ ? आफ्नो प्रयाग यहीं छ। म माथि विश्वास गर"। आश्चर्य। महान् आश्चर्य! जसै दासगणू बाबाका चरणहरूमा झूले, त्यसैबेला बाबाका श्रीचरणहरूबाट गंगा-यमुनाका धारा वेगसँग प्रवाहित हुन लागे। यो चमत्कार देखेर दासगणूको प्रेम र भक्ति उर्लिन पुग्यो। आँखाहरूबाट आँसुका धारा बहन लागे। उनीलाई केही भित्री काव्य प्रेरणा भयो र उनको मुखबाट श्री साईबाबाको प्रार्थना-धारा स्वतः प्रवाहित हुन लाग्यो।

श्री साईबाबाको शिरडीमा प्रथम आगमन :-

श्री साईबाबाका आमा बाबु, वहाँको जन्म र जन्मस्थानको ज्ञान कसैलाई पनि छैन। यस सम्बन्धमा धेरै छानबिन गरियो । बाबासँग र त्यस्तै अरू मानिसहरूसँग पनि यो विषयमा सोधपुछ गरियो तर कुनै संतोषप्रद उत्तर अथवा सूत्र हात लाग्न सकेन। वास्तविक रूपमा हामीहरू यस विषयमा अनभिज्ञ छौं। नामदेव र कबीर दासजीको जन्म अरू मानिसहरूको जस्तै गरी भएको थिएन। वहाँहरू बालकरूपमा प्रकृतिको काखमा पाइनु भएथ्यो। नामदेव भीमथी नदीको तीरमा गोनाईले र कबीर भागीरथी नदीको तीरमा तमालले छोडेर राखिएको रूपमा पाइनु भएथ्यो। श्री साईबाबाको सम्बन्धमा पनि यस्तै नैं थियो। उहाँ शिरडीमा नीम वृक्षमुनि सोह वर्षको जवान तरूनो अवस्थामा स्वयं भक्तहरूको

नै देखिनु हुन्थ्यो। सपनामा पनि वहाँलाई कुनै लौकिक वस्तुको इच्छा थिएन। वहाँले मायालाई हटाइदिनु भएको थियो र मुक्ति वहाँका चरणमा पल्टिरहन्थिन्। शिरडी गाउँकी एउटी वृद्ध स्वास्नीमानिस नाना चोपदारकी आमाले वहाँको बारेमा यसप्रकार वर्णन गरेकी छन्- "एउटा जवान, स्वस्थ, फुर्तिलो तथा ज्यादै राम्रो बालक सर्वप्रथम नीम वृक्षमीन समाधिमा लीन भएको देखिन आए। उनीलाई चिसो तातोको अलिकति मात्र पनि चिन्ता थिएन। यति सानो उमेरमा उनीलाई यस्तो किसिमको कठिन तपस्या गर्दै रहेका देखेर मानिसहरूलाई ठूलो आश्चर्य भयो। उनी दिनमा कसैसंग भेट गर्दैनथे र रातमा निडर भएर एकान्तमा घुम्दथे। यी युवकको आगमन कहाँबाट भएको हो भनेर मानिसहरू आश्चर्य चकित भएर सोद्दै हिड्थे। तिनको बनावट तथा आकशति यति सुन्दर थियो कि एकपटक मात्र देख्नासाथ नै मानिसहरू आकर्षित हुन जान्थे। हेर्दा युवक जस्तै देखिए तापनि तिनी सधैं नीमको रूखमनि बसिरहन्थे र कसैको ढोकामा जाँदैनथे। हेर्दा जवान जस्तै देखिए तापनि निको आचरण महात्माहरूको जस्तै थियो। तिनी त्याग र वैराग्यका साक्षात् प्रतिमूर्ति नै थिए।" एकपटक एउटा आश्चर्यजनक घटना घट्यो। एउटा भक्तलाई खंडोवा देवता चढे। मानिंसहरूले शंका निवारणको लागि तिनीसँग प्रश्न गरे "हे देव ! यी कुन भाग्यशाली पिताका संतान हुन् भन्ने कुरा कृपापूर्वक भनिदिनोस् ?" भगवान् खंडोवाले एउटा कोदाली मगाउनु भयो र एउटा तोकेर देखाइएको ठाउँमा खन्ने संकेत गर्नुभयो। त्यो ठाउँ पूरासँग खनिंदा त्यहाँ एउटा ढुंगामनि ईटहरू पाइयो। ढुंगालाई हटाउनासथ चार ओटा बत्ती बलिरहेको एउटा ढोका देखियो। त्यो ढोकको बाटो एउटा गुफामा जान्थ्यो, जहाँ गाईको मुख जस्तो पक्का घर, काठका तखताहरू र मालाहरू देखिन गए। यो युवकले यो ठाउँमा बाह्र वर्ष तपस्या गरेको छ भनी भगवान् खंडोवाले भन्न लाग्नु भयो। तर ती युवकले यो मेरो गुरूदेवको पवित्र भूमि हो र त्यसैले मेरो पूज्य स्थान हो भनेर कुरा टारिदिए। साथै त्यो ठाउँलाई राम्रोसँग रक्षा गर्ने प्रार्थना गरे। अनि मानिसहरूले त्यो ढोकालाई पहिलेको झैं नै बन्द गरिदिए। जस्तो प्रकारले पिपल र डुम्रीको रूख पवित्र मानिन्छन् त्यसरी नै बाबाले यो नीमवृक्षलाई व्यत्तिकै पवित्र मानेर प्रेम गर्नु भयो। म्हालसापति तथा शिरडीका अरू भक्त यो ठाउँलाई बाबाको गुरूको समाधि स्थान मानेर सदैव ढोग्ने गर्द थे।

तीन भवन

नीम वश्क्षको आसपासको भूमि श्री हरि विनायक साठेले किनेर त्यो ठाउँमा एउटा ठूलो भवन बनाए। त्यसको नाम साठे-वाडा (साठे भवन) राखियो। बाहिरबाट आउने यात्रीहरूको लागि त्यही भवन नै एउटा मात्र विश्राम गर्ने ठाउँ थियो, जहाँ सदैव भीड भइरहन्थ्यो। नीम वृक्षकोमुनि चारैतिर चौतारा बनाइयो। सीँढीहरूको मुन्तिर दक्षिणतिर एउटा सानो मन्दिर छ जहाँ भक्तहरू चौतारामाथि उत्तराभिमुख (उत्तरपटिट मुख फर्काएर) भएर बस्दछन्। जो भक्तले गुरूबार (बिहीबार) तथा शुक्रबारको संध्यामा त्यहाँ धूप, अगरको सिन्के धूप आदि सुगन्धित वस्तु बाल्दछन्, तिनीहरू भगवानको कृपाले सधैभर सुखी हुन्छन् भन्ने विश्वास गरिन्छ। यो भवन ज्यादै पुरानो हुनाको साथै जीर्ण-शीर्ण स्थितिमा थियो। त्यसैले यसको जीर्णोद्वारको अत्यन्त आवश्यकता थियो। त्यो संस्थानद्वारा पूर्णगरि दिइयो। केही समयपछि एउटा दोश्रो भवनको निर्माण भयो जसको नाम दीक्षित-बाडा (दीक्षित भवन) राखियो। कानूनी सल्लाहकार काका साहेब दीक्षित जुनबेला इङ्गल्याण्डमा थिए त्यसै समयमा उनीलाई कुनै दुर्घटनाबाट पउमा चोट लागेको थियो। उनले अनेक उपचार गरे तर पाउ राम्रोसँग निको हुन सकेन। नाना साहेब चांदोरकरले उनीलाई बाबाको कृपा प्राप्त गर्ने परामर्श (सल्लाह) दिए। यसैले उनीले सन् 1909 मा बाबाको दर्शन गरे। बाबाको दर्शनबाट उनीलाई यति सुख प्राप्त भयो कि उनीले स्थायी रूपले शिरडीमा बस्न स्वीकार गरे। अनि यसैकारण उनले आफ्नो र भक्तहरूको लागि एउटा भवनको निर्माण गराए। यो भवनको शिलान्यास दिनांक 1.12.1910 मा गरियो। त्यसै दिनमा अरू दुई विशेष घटना घटे । (1) श्री दादा साहेब खापर्डेलाई घर फर्कने अनुमति प्राप्त भयो।

(2) चावडीमा रात्रिको आरती आरम्भ भयो। केही समयमा भवन सम्पूर्ण रूपले बनिसक्यो र 1911 को रामनवमीको शुभ अवसरमा त्यसको विधिपूर्वक उद्घाटन गरियो। यसपछि एउटा अर्को भवन-मानो एक शाही भवन जस्तो-नागपुरका प्रसिद्व ऐश्वर्यवान् बूटी भन्नेले बनाए। यो भवनको निर्माणमा धैरै धनराशि लगाइयो। उनको समस्त ऐश्वर्य नै सार्थक हुन गयो। किनभने बाबाको शरीरले अब त्यही विश्रान्ति पाइरहेको छ र अहिले त्यो भवन समाधि-मन्दिरको नामले प्रसिद्व छ। यो मन्दिर भएको ठाउँमा पहिले एउटा बगैंचा थियो जसमा बाबलि स्वयं बिरूवाहरूलाई पानी दिनु हुन्थ्यो र तिनको हेरदेख गर्नु हुन्थ्यो। जहाँ

पहिले एउटा सानो कुटी पनि थिएन त्यहाँ तीन-तीन भवनको निर्माण भयो। यी सबमा साठे वाडा पहिलो समयमा ज्यादै नै उपयोगी थियो ।

बगैचाको कथाख वामन तात्याको सहायताले स्वयं बगैंचाको हेरचाह, शिरडीबाट श्री साईबाबाको अस्थायी अनुपस्थिति तथा चाँद पाटीलको जन्तीमा फेरि शिरडीमा फर्कनु, देवीदास, जानकीदास र गगागिरसँग संगत, मोहददीन तम्बोलीसँग कुश्ती, मसजिदमा निवास, श्रीडेंगले र अरू भक्तहरूप्रति प्रेम तथा अरू घटनाहरूको वर्णन आउँदो अध्यायमा वर्णन गरिएको छ।

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस्।
मंगल होओस्।।

## अध्याय 5



**चाँद पाटीलको जन्तीसँग श्री साईबाबाको फेरि आगमन, अभिनन्दन तथा श्री साई शब्दले संबोधन, अरू सन्तहरूसँग भेट, वेश-भूषा र सधैंको कार्यक्रम, खराउहरूको कथा, मोहदद्दीन सँग कुश्ती, मोहददीनको जीवन परिवर्तन, पानीतेमला बदलिनु, मिथ्या गुरू (झुटो गुरू) जौहर अली**

गएको अध्यायमा भने अनुसार म अब श्री साईबाबाको शिरडीबाट अन्तर्ध्यान भएपछि वहाँको शिरडीमा फेरि कस्तो किसिमले आगमन भयो यसको वर्णन गर्नेछु।

**चाँद पाटीलको जन्तीको साथमा फेरि आगमन।**

जिल्ला औरंगाबाद (निजाम स्टेट) को धूप गाउँमा चाँद पाटील नामका एउटा धनी मुस्लिम बस्दथे। एकपटक औरंगाबाद गइरहेको बखतमा बाटामा उनको घोडी हरायो। दुई महिनासम्म उनले त्यसको खोजमा ठुलो परिश्रम गरे तर त्यसको कहीं पत्ता लाग्न सकेन। आखिरमा निराश भएर त्यसको जीनलाई पिठ्यूमा झुण्ड्याएर औरगाबाद फर्कदै थिए। लगभग 14 माइल हिंडिसकेपछि तिनले एउटा आँपको रूखमुनि एउटा फकीरलाई तमाखु खाने तैयारी गर्न लागेको देखे। ती फकीरको टाउकोमा एउटा टोपी, शरीरमा कफनी र साथमा एउटा लचकदार छोटो छडी थियो। फकीरले सोधे "यो जीन कसरी नि ?" चाँद पाटीलले निराशको स्वरमा भने "के भनौं, मेरो एउटा घोडी थियो त्यो हरायो र यो त्यसैको जीन हो ।"

फकीरले भने "अलिकति नालातिर पनि त खोज।" चाँद पाटील नालाको नजिक जान्छन् त आफ्नो घोडीलाई त्यहाँ चरैं रहेको देखेर उनलाई ठूलो आश्चर्य लाग्यो। फकीर कुनै सामान्य व्यक्ति होइनन् बरू कुनै उच्चकोटिका मानिस जस्ता देखिन्छन् भनी उनले

विचार गरे। घोडीलाई साथमा लिएर जब उनी फर्केर फकीर कहाँ आए त्यति बेलासम्म चिलिम भरेर तैयार भैसकेको थियो। खालि दुई कुराको आवश्यकता रहन गएको थियो। एउटा त चिलिम सल्काउनको लागि आगो र अर्को साफी भिजाउनेको निमित्त पानी। फकीरले आफ्नो छडी जमीनता घुसारेर माथि तान्दा त त्यसको साथमा एउटा बलेको कोइला बाहिर निक्लयो र अनि त्यो कोइला चिलिममा राखियो। फेरि फकीरले छडीले बलपूवर्क जमीनमा प्रहार गर्नासाथ त्याहाँबाट पानी निस्कन लाग्यो र त्यसैले साफीलाई भिजाएर चिलिमलाई बेरे। यस्तो किसिमले सबै प्रबन्ध गरेर फकीरले कक्कड खाएर अनि पछि चाँद पाटीललाई पनि दिए। यो सबै चमत्कार देखेर चाँद पाटीललाई ठूलो ताजुप लाग्यो। चाँद पाटीलले फकीरलाई आफ्नो घर गएर त्यहाँ केही समयसम्म बसे। पाटील धूप गाउँका अधिकारी थिए। उनको घरमा आफ्नो साला को छोरा का विवाह हुने थियोर जन्ती शिरडीमा जाने थियो। यसैले चाँद पाटील शिरडीतर्फ प्रस्थान गर्ने पूरा प्रबन्ध गर्न लागे। फकीर पनि जन्तीको साथमा नै गए। विवाह निर्विध्नपूर्वक समाप्त भयो र जन्ती कुशलतापूर्वक धूप गाउँमा फर्केर आयो। तर ती फकीर शिरडी मै रोकिए र जीवन पर्यन्त त्यहीं बसे।

फकीरलाई "साई" नाम कसरी प्राप्त भयो :-

जब जयन्ती शिरडीमा पुग्यो अनि खंडोवाको मन्दिरको नजिक म्हालसापतिको खेतमा एउटा रूखको मुनि राखियो। खंडोवाको मन्दिरको अगाडि नै सबै वयलगाड खोलिएर जन्तीका सबै मान्छे एक-एक गरेर तल ओर्लन लागे। जबान फकीरलाई ओर्लिन लागेको देख्ना साथ म्हालसापतिले "आउनोस् साई" भनेर तिनको अभिनन्दन गरे र अरू उपस्थित मानिसहरूले पनि "साई" शब्दले नै सम्बोधन गरी तिनलाई आदर गरे। यसपछि उनी "साई" नामबाट नै प्रसिद्ध हुन गए।

अरू संतहरूसँग सम्पर्क :-

शिरडी आएपछि श्री साईबाबा मसजिदमा बस्न लाग्नु भयो। बाबा शिरडीमा आउनुभन्दा पहिले देवीदास नामका सन्त कैयौं वर्ष देखि नै त्यहाँ बस्दथे। तिनी बाबाको धेरै प्रिय थिए।

बाबा तिनको साथमा कहिले हनुमान मन्दिरमा र कहिले चावडीमा वस्नुहुन्थ्यो। केही समयपछि जानकीदास नामका एउटा सन्तको पनि शिरडीमा आगमन भयो। अब बाबा जानकी दाससँग वार्तलाप गर्नमा आफ्नो धैरैजसो समय बिताउन लाग्नु भयो। जानकी दास पनि कहिले-कहिले बाबाको ठाउँमा आउने गर्दथे। साथै पुणताम्बेका श्री गंगागीर नामका एउटा पारिवारिक वैश्य संत पनि धैरैजसो बाबा कहाँ आउने जाने गर्दथे। जब पहिलो पटक उनले श्री साईबाबालाई बगैंचामा पानी हाल्नको लागि पानी बोक्न लाग्नु भएको देखे त्यसबेला उनीलाई बडो अचम्म लाग्यो। उनले स्पष्ट शब्दमा नै भन्न लागे- “शिरडी परम भाग्यशालिनी हो, जहाँ एउटा अमूल्य हीरा छ। जसलाई तपाई यस्तो किसिमले परिश्रम गर्दै रहेको देख्नु हुन्छ, त्यो व्यक्ति कुनै सामान्य पुरूष होइन। बरू यो भूमि ज्यादै भाग्यशाली तथा ठूलो पुण्यभूमि हो। यसै कारणले नै यसलाई यो रत्न प्रापत भएको छ।” यस्तै किसिमले कोही शिरडीवासीहरूसँग शिरडी आएका श्री अक्कलकोटकर महाराजका एउटा प्रसिद्ध शिष्य येवला मठका संत आनन्दनाथले पनि स्पष्ट रूपले भने “यद्यपि बाहिरी दृष्टिबाट यहाँ साधारण व्यक्ति जस्तो लाग्नु हुन्छ, तर वास्तवमा यहाँ साच्चि नै असाधारण व्यक्ति हुनुहुन्छ। यो कुराको तपाईहरूलाई भविष्यमा अनुभ हुनेछ।” यस्तो भनेर उनी येवला फर्किए। यो कुरा त्यो समयको हो जुनबेला शिरडी ज्यादै साधारण गाउँ जस्तै थियो र साईबाबा ज्यादै सानो उमेरको हुनुहुन्थ्यो।

बाबाको रहन-सहन र नित्यकार्यक्रम :-

जवान अवस्थामा श्री बाबाले आफ्नो केश (कपाल) कहिल्यै कटाउनु भएन। सधैं नै एउटा पहलमान जस्तै भएर वस्नु हुन्थ्यो। जहिले वहाँ राहता जानु हुन्थ्यो (जो शिरडीबाट 3 माइल टाढा छ) त्यस बखतमा वहाँले सयपत्री, जाई र जुहीका बिरूवा किनेर ल्याउनु हुन्थ्यो। तिनलाई वहाँले सफा गरेर असल जमीन हेरेर लगाउनु हुन्थ्यो र आफैंले पानी हाल्नु हुन्थ्यो। वामनतात्या नामका एउटा भक्तले वहाँलाई सधै नै दुई माटाका घडा दिने गर्दथे। यी घडाबाट बाबा आफैं नै बिरूवाहरूमा पानी हाल्नु हुन्थ्यो। वहाँ आफैंले कुवाबाट पानी तान्नु हन्थ्यो र घडाहरूलाई नीमको रूखको मनि राखिदिनु हुन्थ्यो। घडा त्यहाँ राख्नासाथ फटिहाल्थे। किनभने ती नपोलिएका काँचो माटोबाट बनेका हुन्थे। भोलिपल्ट

तात्याले वहाँलाई फेरि दुई नयाँ घडा दिने गर्दथे। यो क्रम तीन वर्षसम्म चल्यो र श्री साईबाबाको कठोर परिश्रम तथा प्रयत्नबाट त्यहाँ फूलहरूको एउटा सुन्दर फूलबारी बन्यो। आजकल यही ठाउँमा नै समाधि-मन्दिरको भव्य भवन शोभायमान छ, जहाँ हजारौं भक्तहरू आउने-जाने गर्दछन्।

नीमवृक्षमनि एक जोर खराउको कथा :-

भाई कश्ष्णजी अलीबागकर नाम गरेका अक्कलकोट महाराजका एउटा भक्त वहाँको चित्रको सधैं नै पूजा गर्दथे। एक समय उनले अक्कल कोट (शोलापुर जिल्ला) गएर महाराजका खराउहरूको दर्शन तथ पूजा गर्ने निश्चय गरे। तर प्रस्थान गर्नु अगाडि अक्कलकोट महाराजले सपनामा दर्शन दिएर उनीलाई आजकल शिरडी नै मेरो विश्रामस्थल हो र तिमीले त्यहीं गएर मेरो पूजा गर भन्नुभयो। यसैकाररण भाइले आफ्नो कार्यक्रममा परिवर्तन गरी शिरडीमा  आएर श्री साईबाबा को पूजा गरे। उनी आनन्दपूर्वक शिरडी छ महिना बसेर यो सपनाको स्मश्ति स्वरूप उनले खराउहरू बनाए। शक सम्बत् 1834 को साउनमा शुभ दिन हेरेर नीमवश्क्षको मुनि खराउहरू स्थापित गरियो। दादाकेलक तथा उपासनी महाराजले तिनको विधिपूर्वक स्थापना उत्सव सम्पन्न गरे। एउटा दीक्षित ब्राह्मण पूजाको लागि नियुक्त गरियो र प्रबन्धको कार्य एउटा भक्त सगुणमेरू नायकलाई सौंपियो।

कथाको पूर्ण विवरण :-

श्री साईबाबाका एउटा परमभक्त ठाणेका सेवानिवृत्त मामलतदार श्री बी. ही. देवले सगुणमेरू नायक र गोविन्द कमलाकर दीक्षितसँग यस विषयमा सोधपुछ गरे। खराबहरूको पूर्ण विवरण श्री साईलीला भाग 11 संख्या 1, पश्ष्ठ 25 मा प्रकाशित भएको छ। त्यो तल लेखिए बमोजिम छ-

शक 1834 (सन् 1912) मा बम्बईका एउटा भक्त डा. रामराव कोठारे बाबाको दर्शनको लागि शिरडी आए। उनको कम्पाउन्डर र उनका एक मित्र भाइ कृष्णजी अली बागकर पनि उनको साथैमा थिए। कम्पाउन्डर र भाइको सगुणमेय नायक तथा जी. के. दीक्षितसँग घनिष्ट मित्रता हुन गयो। अरू विषयहरू उपहर विवाद गरेकै समयमा यी व्यक्तिहरूलाई

श्री साईबाबाको शिरडीमा प्रथम आगमन तथा पवित्र नीमवृक्षमुनि निवास गरिएको ऐतिहासिक स्मृतिको उपलक्ष्यमा किन खराउहरू स्थापना नगर्ने भन्ने विचार पनि आयो। अब खराउको निर्माणबारे विचार-विमर्श हुन लाग्यो। अनि भाइका मित्र कम्पाउन्डरले मेरा मालिक कोठारेलाई यो कुराको जानकारी भएमा यो कार्यको लागि ज्यादै सुन्दर खराउहरू बनाइदिनु हुनेछ भने। यो प्रस्ताव सबैलाई मान्य भयो र डा. कोठारेलाई यसको सूचना दिइयो। उनले शिरडी आएर खराउहरूको रूपरेखा बनाए र साथै यस विषयमा उपासनी महाराजसँग पनि खंडवा मन्दिरमा भेट गरे। उपासनी महाराजले त्यसमा धेरै सुधार गरेर कमलफूल आदि पनि चित्रण गरिदिए। साथै तल लेखिएको श्लोकको पनि रचना गरे, जो नीमवृक्षको महात्म्य र बाबाको योगशक्तिको द्योतक थियो, त्यो। श्लोक यस्तो किसिमको छः-

> सदा निंब वृक्षस्य मूलाधिवासात्
> सुधास्त्राविणं तिक्तमप्यप्रियं तम्।
> तरूं कल्पवृक्षाधिकं साधयन्तम्
> नमामीश्वरं सद्गुरूं साईनाथाम्।।

अर्थात म भगवान् साईनाथलाई नमस्कार गर्दछु जसको सान्निध्य (सामीप्य) पाएर नीमवृक्ष कटु (तीतो) तथा अप्रिय भएर पनि अमृत वर्षा गर्दथ्यो (यो वृक्षको रसलाई कारण यसलाई "कल्पवृक्ष" भन्दा पनि श्रेष्ठ भनिएको छ।

उपासनी महाराजको विचार सर्वमान्य भयो र कार्यरूपमा परिणत भयो। खराउहरू बम्बईमा तयार गराएर कम्पाउन्डरको हातमा पठाइदिईयो। बाबाको आज्ञाअनुसार यसको स्थापना श्रावणको पूर्णिमाको दिनमा गरिमो। यो दिन बिहान 11 बजे जी.के. दीक्षितले ती खराउलाई आफ्नो शिरमा राखेर खंडोबाको मन्दिरबाट ठूलो समारोह र रमझम सााथ द्वारका माईमा ल्याए। बाबाले खराउहरूलाई स्पर्श गरेर भन्नुभयो- "यी भगवानका चरण हुन्। यिनलाई नीमवृक्ष मुनि स्थापना गरिदिओ।" यसको एकदिन पहिले नै बम्बईका एक पारसीभक्त पास्ताशेटले 25 रूपैयाँको मनि अर्डर पठाए। बाबाले यो रूपैयाँ खराउहरूको

स्थापनाको लागि दिनुभयो। स्थापनाको निमित्त जम्मा 100 रूपैयाको खर्च भयो जसमध्ये 75 रूपैयाँ चन्दाद्वारा जम्मा भयो। पहिलो पाँच वर्षसम्म डा. कोठारेले बत्तीको निमित्त मासिक दुई रूपैयाँ वर्ष पठाउँदै रहे। उनले खराउहरूको चारैतर्फ लगाउनको लागि फलामका डण्डी पनि पठाइदिए। स्टेशनबाट डण्डी बोक्न र छप्पर बनाउने खच (7 रूपैयाँ 8 आना) सगुण मेरू नायकले दिए। आजकाल जरबाडी (नाना पूजारी) ले पूजा गर्छन् र सगुणमेरू नायकले नैवेद्य अर्पण गर्दछन्। साथै साँझको बत्ती पनि बाल्दछन्। भाइ कश्णजी पहिले अक्कलकोट महाराजका शिष्य थिए। अक्कलकोट जान लाग्दा उनी शक 1834 मा पादुकास्थानको शुभ अवसरमा शिरडी आएर दर्शन गरेपछि जब बाबासँग अक्कलकोट प्रस्थान गर्नको लागि आज्ञा मागे, त्यसबेला बाबाले भन्न लाग्नु भयो "अरे! अक्कलकोटमा के छ ? तिमी त्यहाँ व्यर्थैमा किन जान्छौं। त्यहांका महाराज त यहीं (म स्वयं) छन्।" यो सुनेपछि भाइले अक्कलकोट जाने विचार छोडिदिए। खराउहरू स्थापित भएपछि उनी धैरैजसो शिरडी आउने गर्दथे। श्री बी. ही. देवले अन्तमा हेमाड पन्तलाई यी सब कुरा थाहा थिएन अन्यथा उनले श्री साई सच्चरित्रमा लेख्न कहिल्यै भुल्ले थिएनन् भनेर पनि लेखेका छन्।

मोहिद्दीन तम्बोलासँग कुस्ती र जीवन परिवर्तन :-

शिरडीमा एउटा पहलमान थिए, जसको नाम मोहिद्दीन तम्बोली थियो। बाबाको उनीसँग कुनै विषयमा मतभेद हुनगयो। फलस्वरूप दुवैबीच कुश्ती भयो र बाबाले हार्नु भयो। यसपीछ बाबाले आफ्ना लुगा र रहन-सहनमा परिवर्तन गरिदिनुभयो। वहाँले कफनी पहिरनु हुन्थ्यो, लगौटी बाध्नु हुन्थ्यो र एउटा कपडाको टुकाले शिर ढाक्नु हुन्थ्यो। वहाँले बस्न र सुत्नको लागि एउटा टाटको टुका काममा लगाउनु हुन्थ्यो। यसरी फाटेका पुराना झुत्रा लगाएर वहाँ ज्यादै सन्तुष्ट देखिनु हुन्थ्यो। वहाँ सदैव यही भन्ने गर्नु हुन्थ्यो, "गरिबी अब्बल वादशाही, अमीरीसे लाख सवाई गरिबोंका अल्ला भाइ।" अर्थात् गरिबी बादशाहीपन भन्दा धैरै बेस छ, भारादारीपन भन्दा त झन् धैरै बेस छ। भगवान सबै गरीबको दाइ अर्थात् आत्मीय बन्धु हुनुहुन्छ।

गंगागीरलाई पनि कुश्तीसँग बडो प्रेम थियो। एक समय कुश्ती लहिरहेदै बखतमा उनीलाई पनि यसरी नै त्यागको भावना जाग्यो। यसै उपयुक्त अवसरमा उनीलाई देववाणी

सुनिन आयो, "भगवानसँगको खेलमा आफ्नो शरीर लगाई दिनुपर्छ"। यसकारण उनीले संसार छोडेर आत्म-अनुभूतितिर झुक्न गए। पुणताम्बेको नजिक एउटा मठस्थापना गरेर उनी आफ्ना शिष्यहरू सहित त्यहाँ बस्न लागे।

श्री साईबाबा मानिसहरूसंग न भेट्नु हुन्थ्यो न वार्तालापै गर्नु हुन्थ्यो। कसैले वहाँसँग केही प्रश्न गरेमा केवल त्यक्ति नै उत्तर दिनु हुन्थ्यो। दिउँसो नीमवृक्ष मुनि विराजमान हुनु हुन्थ्यो। कहिलेकाहीं गाउँको सीमामा, नालाको किनारामा एउटा बबूलको रूखको छायाँमा पनि बसिरहनु हुन्थ्यो। अनि संध्या समयमा आफ्नो इच्छा अनुसार जुनसुकै ठाउँमा पनि हावा खानको लागि निस्कने गर्नुहुन्थ्यो। नीम गाउँमा वहाँ धेरैजसो बाला साहेब डेंगलेको घरमा जाने गर्नु हुन्थ्यो। बाबा श्री वाला साहेबलाई धेरै माया गर्नु हुन्थ्यो। उनका नानासाहेब नाम गरेका भाइको दोश्रो विवाह गरेपछि पनि कुनै सनतान थिएनन्। बाला साहेबले नाना साहेबलाई श्री साईबाबाको दर्शनको लागि शिरडी पठाए। केही समयपछि वहाँको कृपाले नाना साहेब कहाँ एउटा पुत्ररत्न पैदा भयो। यही समयदेखि बाबाको दर्शनको लागि मानिसहरूको आगमन बढी संख्यामा हुन शुरू भयो। साथै वहाँको कीर्ति पनि टाढा-टाढासम्म फैलन लगयो। अहमद नगरमा पनि वहाँको ज्यादा प्रसिद्दि हुन गयो। त्यसै बेलादेखि नाना साहेब चाँदोरकार, केशव चिदम्बर तथा अरू कैयौं भक्तहरूको शिरडीमा आगमन हुन लाग्यो। बाबा दिनभर आफ्ना भक्तहरूबाट घेरिएर रहनु हुन्थ्यो र रातमा जीर्ण-शीर्ण मसजिदमा सुत्नु हुन्थ्यो। यस समयमा बाबासँग जम्मा सामान चिलिम, तमाखु, एउटा टमरेल (टीनको डब्बा), एउटा लामो कफनी, शिरको चारैतिर बेर्ने कपडाको एक टुका र एउटा सानो लचकदार छडी थियो। यी चीजलाई वहाँ सधैं आफूसँगै राख्नु हुन्थ्यो। शिरमा सेतो कपडाको एक टुका, त्यसको एक छेउ देब्रे कान माथिबाट पीठमा मानो कपालको जूरो हो कि जस्तो गरेर झर्ने गरी बाँध्नु हुन्थ्यो। कैयौं सातासम्म वहाँले यसलाई सफा गर्नु हुन्नथ्यो। पाउमा कुनै जुत्ता या यप्पल पनि लगाउनु हुन्नथ्यो। खालि एउटा टाटको टुकाले नै अधिकांश दिनमा वहाँको आसनको काम दिन्थ्यो। वहाँ कौपीन (लगौंटी) धारण गर्नु हुन्थ्यो र ठण्डीबाट बच्नको लागि दक्षिण मुख गरी धूनी ताप्नुहुन्थ्यो। वहाँ धुनीमा दाउराका टुकाहरू हाल्ने गर्नुहुन्थ्यो। साथै आपना अहंकार, सम्पूर्ण इच्छा र

समस्त कुविचारहरूलाई त्यसैमा आहुति दिने गर्नु हुन्थ्यो। वहाँ सदैव जिब्राबाट "अल्लाह मालिक" उच्चारण गर्ने गर्नु हुन्थ्यो। वहाँ जुन मसजिदमा आउनु भएथ्यो त्यसमा केवल दुई कोठा बराबर लामो ठाउँ थियो र यहीं सबै भक्त वहाँको दर्शन गर्दथे। सन् 1912 पछि केही परिवर्तन भयो। पुरानो मसजिदको जीर्णोद्धार भयो र त्यसको भुईमा प्लाष्टर गरी पक्का बनाइयो। मसजिदमा बस्नु अगाडि बाबा लामो समयसम्म तकियामा बस्नुभयो। वहाँ पाउमा घुँघरू बाँधेर प्रेम विव्हल भई सुन्दर रूपले नाच्ने तथा गाउने पति गर्नु हुन्थ्यो।

पानीलाई तेलमा परिवर्तन :-

बाबालाई प्रकाश (उज्जालो) सँग बडो प्रेम थियो, वहाँ संध्या समयमा पसलेहरूसँग भिक्षामा तेल माग्नु हुन्थ्यो र दीपमालाद्वारा मसजिद सजाएर रातभर बत्ती बाल्ने गर्नु हुन्थ्यो। यो क्रम केही दिनसम्म ठीक यसरी नै चल्दै रह्यो। अनि बनिनया (व्यापारी) हरूले हैरान भएर संगठित भै आज कसैले बाबालाई तेलको भिक्षा नदिने भनी निश्चय गरे। नियमानुसार बाबाले तेल माग्न जानु हुँदा हरेक-ठाउँबाट वहाँलाई नकारात्मक उत्तरबाट नै स्वागत भयो। कसैसँग केही नभानिकन बाबा मसजिदमा फर्केर आउनु भयो र सुक्का बत्ती दियोहरूमा राखिदिनु भयो। बनियाँहरू धैरै उत्सुक भएर वहाँ उपर नजर लगाई राखेका थिए। बाबाले अत्यन्त थोरै तेल भएको टिनको बटटा उठाउनु भयो। वहाँले त्यसमा पानी मिसाउनु भयो र तेल मिसिएको पानी पिउनु भयो। अनि वहाँले त्यसलाई (पानीलाई) फेरि टिनको भाँडोमा उकेलिदिनु भयो र त्यही तेल-पानी दियोहरूमा राखेर बालिदिनु भयो। उत्सुक बनियाँहरूले जब बत्तीहरू पहिले जस्तै रातभर बलिरहेको देखे, अनि उनीहरूलाई आफ्नो कृत्यप्रति अत्यन्त दुःख लाग्यो र उनीहरूले बाबासँग क्षमा मागे। बाबाले उनीहरूलाई क्षमा दिएर भविष्यमा सत्य व्यवहार गरिराख्न सावधान गर्नु भयो

मिथ्या (नक्कली) गुरू जौअर अली :-

माथि वर्णन गरिएको कृतीको पाँच वर्षपछि जौअर अली नाम भएको एउटा फकीर आफ्ना शिष्यहरू सहित राहतामा आए। उनी वीरभद्र मन्दिरको नजिक एउटा घरमा बस्न लागे। फकीर विद्वान थिए। कुरानका वाक्यहरू उनीलाई कंठस्थ थिए। उनको स्वर पनि मीठो

थियो। गाउँका धेरै नै धर्मात्मा र श्रद्धालु मानिसहरू उनीकहाँ आउन लागे र उनको यथायोग्य आदर हुन लाग्यो। मानिसहरूबाट आर्थिक सहायता लिएर तिनले वीरभद्र मन्दिरकै नजिक एउटा इदगाह (ईदको चाडमा जम्मा भएर कुरान पढ्ने ठाउँ) बनाउने निश्चय गरे। यो कुरालाई लिएर केही झगडा हुन गयो। यसैको फलस्वरूप जौहर अली राहता छोडेर शिरडीम आएर बाबाको साथमा मसजिदमा बस्न लागे। उनले आफ्नो मीठे स्वरले मानिसहरूको मनहरण गरे। उनीले बाबालाई पनि आफ्नो एउटा शिष्य भन्न लागे। बाबाले केही आपत्ति गर्नु भएन र उनको शिष्य हुन स्वीकार गर्नु भयो। अनि गुरू र शिष्य दुबै फेरि राहतामा आएर बस्न लागे। गुरूलाई शिष्यको योग्यताओ ज्ञान थिएन। तर शिष्यलाई गुरूका दोषहरूको पूरै जानकारी थियो। यसो हुँदा पनि बाबाले कहिल्यै उनको अनादर गर्नु भएन र पूर्ण लगनको साथ आफ्नो कर्तव्य गर्दै जानुभयो र तिनको अनेक प्रकारले सेवा गर्नुभयो। ती दुवै कहिलेकाहीं शिरडी पनि आउँदैरहन्थे, तर मुख्य बसाइ राहतामा नै थियो। श्री बाबाका प्रेमीभक्तहरूलाई वहाँको टाढा राहताको बसाई राम्रो लाग्दैनथ्यो। त्यसैले उनीहरू सबै मिलेर बाबालाई शिरडीमा फिर्ता ल्याउनको लागि गए। बाबाले उनीहरूलाई फकीर बडो क्रोधी र दुष्टस्वभावका व्यक्ति छन् र उनले आफूलाई छोड्दैनन् भनी संझाउनु भयो। त्यसैले फकीर आउनुभन्दा अगाडि नै तपाईहरू शिरडी फर्किनु भए वेश हुनेछ पनि भन्नुभयो। यस प्रकारले वार्ता भैरहेको बेलामा फकीर आइपुगे। यसरी आफ्ना शिष्यलाई त्यहाँबाट लैजाने कुप्रयास गरेको देखेर उनी ज्यादै नै रिसाए। केही वादविवाद पछि स्थितिमा परिवर्तन हुन गयो र अन्तमा फकीर र शिष्य दुबै शिरडीमा बसून् भन्ने निर्णय भयो। यसैले उनीहरू शिरडीमा आएर बस्न लागे। केही दिनपछि देबीदासले गुरूको परीक्षा गरेर उनका केही कमी पाए। चाँद पाटीलको जन्तीको साथमा जुन बेला बाबा शिरडीमा आउनु भएथ्यो त्यो भन्दा 12 वर्ष पहिले नै देवीदास लगभग दस-एघार वर्षकै अवस्थामा शिरडीमा आएर हनुमान मन्दिरमा वस्द थे। देवीदास सलक्क, सुन्दर चेहरा भएका र त्यस्तै तीखो बुद्धिका थिए। उनी त्यागका साक्षात् मूर्ति तथा अगाध ा ज्ञानी थिए। तात्याकोते, काशीनाथ र यस्तै अरू धेरै नै सज्जन व्यक्तिहरू उनीलाई आफ्ना गुय समान मान्द थे। मानिसहरूले जौहर अलीलाई उनको (देवीदासको) अगाडि ल्याए। विवादमा जौहर अली नराम्रोसँग हारेर शिरडी छोडेर बैजापुरमा भागेर गए। तिनी

अनेकौं वर्षपछि शिरडीमा आएर श्री साईबाबाको चरण वन्दना (पाउमा ढोग्ने काम) गरे। आफू गुरू र श्री साईबाबा उनकै शिष्य भन्ने उनको यो भ्रम अब हटिसकेको थियो। श्री साईबाबाले उनलाई गुरू समान नै आदर गर्नु हुन्थ्यो भन्ने कुरा सम्झेर उनीलाई ज्यादै पश्चापात भयो। यस्तो किसिमले श्री साईबाबाले आफ्नो प्रत्यक्ष आचरणद्वारा अहंकारबाट कसरी छुट्कारा पाई शिष्यका कर्तव्यहरूको पालना गरेर कस्तो किसिमले आत्मानुभवतिर अग्रसर हुनुपर्दछ भन्ने आदर्श उपस्थित गर्नुभयो। माथि वर्णन गरिएको विवरण म्हालसापतिको कथनानुसार हो। अर्को अध्यायमा रामनबमीको चाड, मसजिदको पहिलो हालत र पछि त्यसको जीर्णोद्वार इत्यादिको वर्णन हुनेछ।

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस्।
मंगल होओस्।।

# अध्याय 6



रामनवमी उत्सव र मसजिदको जीर्णोद्धार, गुरूको कर स्पर्श (हातको) छुवाइ) को महिमा, रामनवमी उत्सव, उर्सको (कुनै मुसलमानको मृत्युतिथिमा मनाइने उत्सव) प्राथमिक अवस्था र रूपान्तर तथा मसजिदको जीर्णोद्धार।

गुरूको कर स्पर्श (हातको छुवाइ) को गुण :-

जब सदगुरू नै डुडागलाई खियाउने व्यक्ति हुनुहुन्छ भने वहाँले निश्चय नै कुशलता तथा सरलतापूर्वक यो भवसागरबाट पार गराइदिनु हुन्छ। "सद्‌गुरू शब्द" को उच्चारण गर्दा नै मलाई श्री साईबाबाको संझना आइरहेछ। यस्तो लाग्दछ कि मानौं वहाँ स्वयं मेरो अगाडि खडा हुनुहुन्छ र मेरो शिरमा विभूति लगाइरहनु भएको छ। हेर्नोस्, हेर्नोस् वहाँले अब आफ्नो वर दिने हात उठाएर मेरो शिरमाथि राखि राखि रहनुभएको छ। अब मेरो हृदय आनन्दले भरिएको छ। मेरा आँखाबाट प्रेमाश्रु बहिरहेको छ। सद्‌गुरूको करस्पर्श (हातको छुवाड) को शक्ति ठूलो र आश्चर्यजनक छ। संसारलाई भस्मगर्ने अग्निबाट पनि नाश गर्न नसकिने लिंग (सूक्ष्म) शरीर केवल गुरूको कर-स्पर्शबाट नै पलभरमा नै नाश हुन जान्छ। अनेक जन्मका सम्पूर्ण पाप नाश हुन जान्छन्। धार्मिक र ईश्वरीय प्रसंगहरूमा पूरै अभिरूचि भएको व्यक्तिको मन पनि स्थिर हुन जान्छ। श्री साईबाबाको मनोहर रूपको दर्शन गर्दा घाँटी खुशीले भरिएर आउँछ, आँखाबाट आँसुका धारा बग्न लाग्छन्। अनि जब हृदय भावनाहरूबाट भरिन्छ, त्यसबेला (त्यो परब्रह्म म नै हुँ) भावको जागृति भएर आत्मानुभवको आनन्दको आभास हुन लाग्दछ। म र तँ का भेद (द्वैतभाव) नाश हुन जान्छ र तत्क्षण नै (त्यतिबेला नै) ब्रह्मको साथमा अभिन्नता प्राप्त हुन जान्छ। जब म धार्मिक गुन्थहरू पढ्ह त्यतिबेला छिनछिनमा सद्‌गुरूको सम्झना हुन जान्छ। बाबा, राम र कृष्णको रूप धारणा गरेर अगाडि खडा हुनुहुन्छ 2 स्वय आफ्नो जीवन कथा मलाई सुनाउन लाग्नु

हुन्छ। अर्थात् जब म भागवतको श्रवण गर्दछु त्यतिबेला बाबाले श्री कृष्णको रूप धारण गर्नु हुन्छ। अनि यस्तो भए जस्तो लाग्छ कि वहाँ नै समस्त भागवत या भक्तरूको कल्याणार्थ उद्धवगीता सुनाइरहनु भएको छ। जुनसुकै बेला कसैसँग वार्तालाप गर्दा पनि उपयुक्त अर्थ संझाउन सक्ने उदाहरण दिन सक्नाको निम्ति बाबाका कथाहरूलाई नै आफ्नो मनमा राखेको हुन्छु। त्यसबेला एक शब्द या वाक्यको रचना पनि गर्न सक्तिन। तर जब वहाँले स्वय कृपा गरेर, म द्वारा लेखाउन लगाउनु हुन्छ, त्यतिखेर फेरि त्यसको (लेखाइको) कुनै अन्त नै हुदैन। जब भक्तहरूमा अहंकार बढ्न लाग्दछ त्यसबेला वहाँले शक्ति प्रदान गरेर उसलाई (भक्तलाई) अहंकार शून्य बनाएर अंतिम ध्येयको प्राप्ति गराइदिनु हुन्छ। साथै उसलाई संतुष्ट पारेर अक्षय सुखको अधिकारी बनाइदिनु हुन्छ। जो बाबालाई नमस्कार गरेर (ढोगेर) अनन्यभावले वहाँको शरणमा जान्छ, त्यसलाई फेरि कुनै साधना गर्नुपर्ने आवश्यकता नै हुँदैन। धर्म, अर्थ, काम र मोक्ष सहजमै प्राप्त हुन जान्छन्।1 ईश्वर कहाँ पुग्नाको लागि चार बाटा छन-कर्म, ज्ञान, योग र भक्ति। यी सबैमा भक्ति मार्ग बढी कांडाले ढाकिएको र स-साना खाडलहरूको साथै ठूला खाडलहरूबाट परिपूर्ण छ। तर यदि सद्गुरूप्रति विश्वास गरेर त्यस्ता खाडलहरूबाट बच्दै तथा उनको पाइला पछ्याउँदै सिधा अग्रसर हुँदै गयौ भने तिमी आफ्नो ध्येय अर्थात् ईश्वरको नजिक पुग्न जानेछौ। श्री साईबाबाले निश्चयात्मक स्वरमा भन्नुभएको छ कि स्वयं ब्रह्म र उनको विश्वको उत्पत्ति, रक्षण र लय गर्ने आदिका भिन्नभिन्न शक्तिहरूको पृथकत्व (भिन्नत्व) मा पनि एकत्व छ। यसैलाई ग्रन्थकारहरूले दर्शाएका छन्। भक्तहरूको कल्याणको लागि श्री साईबाबाले स्वयं जुन वचनहरूबाट आश्वासन दिनु भएथ्यो, ती वचनहरूलाई तेल उद्वत गरिएको छः-

.................................................................................

*1.2 सर्व धर्मान्परित्यज्य मामेक शरणा ब्रज।*
*अह त्वा सर्ववापेभ्यो मोक्षयिष्यामि मा शुच।। गीता 18-66*
*सम्पूर्ण धर्मलाई छोडेर केवल एकमेरो पाउमाआऊ।*
*म तिमीलाई समस्त पापबाट छुटाइदिनेछु शोकनगर।*

"मेरा वक्तहरूका घरमा अन्न तथा वस्त्रको कहिल्यै पनि अभाव हुने छैन। यो मेरा विशिष्टता छ कि जो भक्त मेरो शरणाम आउँछन् र उन्तः करणबाट नै मेरो उपासक हुन्छन्, तिनको कल्याणको लागि म सदैव चिन्तिम रहन्छु। 2 कृष्ण भगवान्‌ले पनि गीतामा यही संझाउननु भएको छ। यसैले भोजन तथा वस्त्रको लगि बढी चिन्ता नगर। यदि केही माग्ने नै इच्छा अभिलाषा छ भने ईश्वरलाई नै भिक्षामा माग। सांसारिक मान तथा उपाधिहरूलाई त्यागेर ईश-कृपा (भगवानको  कृपा(भगवानको कृपा) तथा अभयदान प्राप्त गर र तिनैद्वारा सम्मानित होऊ। सांसारिक ऐश्वर्यहरूबाट खराब बाटोमा लाग्ने नबन। आफ्नो इष्टलाई बलियोसँग पक्ड्रिरहू। सम्पूर्ण इन्द्रियहरू र मनलाई ईश्वर चिन्तनमा लगाई राख। कुनै वस्तुबाट आकर्षित नहोऊ। सदैव मेरै स्मरणमा मनलाई लगाऊ, ताकि त्यो (मन) शरीर, सम्पत्ति र ऐश्वर्यतिर नलागोस्, अनि चित्त स्थिर, शान्त र निर्भय हुन जानेछ। यस्तो प्रकारको मनःस्थिति (मनको अवस्था) प्राप्त हुनु यो कुराको प्रतीक हो कि त्यो (मन) सुसंगतिमा (असल संगतिमा) छ। यदि चित्तको चंचलत नाश भएन भने त्यसलाई (चितलाई) एकाग्र गराउन सकिंदैन।"

बाबाको उपर्युक्त (माथि भनिएका) शब्दहरूलाई उद्वत गरेर ग्रन्थकार शिरडीको रामनवमी उत्सको वर्णन गर्छन्। शिरडीमा मनाइने उत्सवहरूमा रामनवमी बढी धूमधामसँग मनाइच्छ। अतएव यो उत्सवको पूर्ण विवरण जस्तो किसिमले साईलीला पत्रिका 1125 को पृष्ट 117 मा प्रकाशित भएथ्यो, त्यही यहाँ संक्षेपमा दिइएको छ–

प्रारम्भ :-

कोपर गाउँमा श्री गोपाल राव गुंड नामका एक इन्सपेक्टर थिए। तिनी बाबाका परमभक्त थिए। तिनका तीन पत्नी थिए। तर एउटीका पनि सन्तान थिएन। श्री साईबाबाको कृपाबाट तिनलाई एउटा पुत्ररत्नको प्राप्त भयो। यो खुशीको उपलक्ष्यमा सन् 1817 मा तिनलाई शिरडीमा मेला अथवा उरूस (कुनै ठूलो व्यक्तिको निधन-तिथिको उत्सवा गर्नु पर्‍यो भन्ने विचार आया। तिनले यो विचार शिरडीका अरू भक्त तात्या पाटील, दादा कोते पाटील र माधव राव समक्ष विचारको लागि प्रकट गरे। ती सवैलाई यो विचार ज्यादै मन पर्‍यो। साथै तिनलाई बाबाको पनि स्वीकृति र आश्वासन प्राप्त हुन गयो। मेला भर्तको

लागि सरकारी आज्ञा  आवश्यक थियो। यसको लागि एक प्रार्थना पत्र कलेक्टर कहाँ पठाइयो। तर ग्राम कुलकर्णी (पटवारी) ले आपत्ति उठाएको कारणले स्वीकृति प्राप्त हुन सकेन। परन्तु बाबाको आश्वासन प्राप्त भैसकेको नै थियो। त्यसैकारण फेरि प्रयत्न गरेपछि स्वीकृति प्राप्त भै गयो। बाबाको अनुमतिबाट रामनवमीको दिनमा मेला भर्ने निश्चित भयो। केही निष्कर्ष (परिणाम) लाई ध्यानमा राखेर नै बहाँले यस्तो आज्ञा दिनु भएको हो भन्ने लाग्छ। अर्थात् उरूस र रामनवमीका उत्सवहरूको एकीकरण तथा हिन्दु-मुस्लिम एकता। भविष्यका घटनाहरूबाट नै यो ध्येय पूर्णरूपले सफल भयो भन्ने स्पष्ट हुन्छ।

पहिलो बाधा त कुनै प्रकारले पाय भयो। अब पानीको अभावको दोश्रो कठिनाई खडा भया। शिरडी त एउटा सानो गाउँ थियो। पहिलेदेखि नै त्यहाँ पानीको अभाव भई नै रहन्थ्यो। गाउँमा केवल दुई कुवा थिए जसमध्ये एउटा त प्रायः सुकेर जाने गर्थ्यो र अर्काको पानी नुनिलो थियो। बाबाले त्यसमा फूल हालेर त्यो कुबाको पानीलाई मीठो वनाइदिनुभयो। परन्तु एउटा कुबाको पानी कति मानिसको लागि पर्याप्त हुन सक्थ्यो र? यसैले तात्या पाटीलले बाहिबाट पानी मगाउने प्रबन्ध गरे। काठ र बाँसका कच्चा पसल बनाए। साथै कुश्तीहरूको पनि आयोजना गरियो। गोपाल राव गुँडका एउटा मित्र दामूअण्णा कसार अहमद नगरमा बस्दथे। उनी पनि सन्तानहीन हुनाको कारणले दुःखी थिए। श्री साईबाबाको कृपाबाट उनलाई पनि एक पुत्ररत्नको प्राप्ति भयो। श्री गुँडले उनीलाई एउटा ध्वजा दिन भने। एउटा ध्वज जागिरदार श्री नाना साहेब निमोणकरले पनि दिए। यी दुबै ध्वजा ठूलो समारोहका साथ गाउबाट निकालिए र अन्तमा तिनलाई बाबाले "द्वारकामाई" भन्ने नामले पुकारिने मसजिदका कुनामा फहराई दिनु भयो। यो कार्यक्रम अहिले पनि पहिलेकै झैं चलिरहेको छ।

चन्दन समारोह :-

यो मेलामा एउटा अर्को कार्यक्रमको पनि श्री गणेश भयो, जो चन्दनोत्सबको नामले प्रसिद्ध छ। यो कोरहलका एक मुस्लिम भक्त अमीर सक्कर दलालको मस्तिष्कको सोचाइ थियो। प्रायः यस किसिमको उत्सव सिद्ध मुस्लिम सन्तहरूको सम्मानमा नै गरिएको हुन्छ। पहिले

प्रशस्त चन्दन दलेर, धेरै नै चन्दन–धूप (चन्दनको धूप अर्थात् श्रीखण्डको धूप, थालीहरूमा भरिन्छ र लोहवान (धूप) बालिन्छ। अनि अन्तमा त्यसलाई मसजिदमा पुन्जएर जुलूस समाप्त हुन्छ। थालीहरूको चन्दनहरू र धूप नीमको रूखमा र मसजिदको भित्ताहरूमा हालिदिइन्छ। यो उत्सवको प्रबन्ध पहिले तीनवर्ष सम्म श्री अमीर सक्करले गरे र उनीपछि उनकी धर्म पत्नीले गरिन्। यस प्रकार हिन्दूहरूद्वारा ध्वजा र मुसलमानहरूद्वार चन्दनको जुलुस एक साथ चल्न लाग्यो र अहिलेसम्म पनि त्यसरी नै चलिराखेको छ।

प्रबन्धः–

रामनवमी श्री साईबाबाका भक्तहरूको अत्यन्त नै प्रिय र पवित्र दिन हो। त्यस दिनमा काम गर्नको लागि धेरै नै स्वयंसेवक तयार हुन्थे र तिनीहरू मेलाको प्रबन्धमा सक्रिया भाग लिन्थे। बाहिरको सम्पूर्ण कामहरूको भार तात्या पाटीलले र भिन्नता कामको भार श्री साईबाबाकी एक परमभक्त महिला राधाकश्ष्ण माईले समाल्थिन्। यो मौकामा उनको निवासस्थान पाहुनाहरूले भरिभराउ हुन्थ्यो र उनले सबै मानिसहरूका आवश्यकताको पनि ध्यान राख्नुपर्थ्यो र साथै उनीले मेलाका सबै आवश्यक वस्तुहरूको पनि प्रबन्ध गर्दथिन्। उनले स्वयं खुशीसँग गर्ने अर्को काम थियो–मसजिद्को सफाई गर्नु, चून लगाउनु आदि। मसजिदको प्लास्टर गरेको भूई तथा भित्ताहरू निरन्तर धूनी बल्ने हुनाले काला भएका थिए। रातमा बाबा चावडीमा विश्राम गर्न जानु भएको बखतमा उनी यो काम (सफाइको काम) गर्ने गर्थिन्। सबै चीजहरू धूनी सहित बाहिर निकाल्नु पर्दथ्यो र सफाइ–पोताइ भएपछि पहिलेकै जस्तै गरी सजाएर छोडिन्थ्यो। बाबाको अत्यन्त प्रिय कार्य गरीबहरूलाई भोजन गराउनु पनि यही कार्यक्रमको एक अंग थियो। यो कामको लागि ठूलो भोजको आयोजन गरिन्थ्यो र अनेक प्रकारका मिठाईहरू बनाइन्थ्यो। यो सब काम राधाकश्ष्ण माईकै निवासस्थानमा नै हुन्थ्यो। धेरै धनाढ्यर ऐश्वर्यशाली भक्तहरूले यो कार्यमा आर्थिक सहायता पुन्याउँदथे।

**उरूसको रामनवमीको चाडसँग समन्वय :-**
सवै कार्यक्रम यस्तै किसिमले राम्रोसँग चल्दैरहूयो र मेलाको महत्व विस्तार-विस्तार बढ्दै नै गयो। सन् 1119 मा एक परितर्वन भयो। एउटा भक्त कृष्ण राव जोगेश्वर भीष्म (श्री सांई सगुणोपासनाका लेखक) अमरावतीका दादा साहेब खापर्डेसँगै मेलाको एकदिन पहिले शिरडीको दीक्षित-वाडामा (भवनमा) बसे। दलानमा पल्टिएर विश्राम गरिरहेका बखतमा उनीलाई एउटा कल्पना सुझ्यो। यसै समयमा श्री लक्ष्मण राव उपनाम काकामहाजनी पूजाका सामग्री लिएर मसजिदतिर जाँदै थिए। ती दुईमा विचार-विनियम (छलफल) हुन लाग्यो। शिरडीमा उरूस र मेला ठीक रामनवमीको दिनमा नै हुनुमा अवश्य कुनै गूढ रहस्य रहेको छ भन्ने कुरा उनीहरूले सोचे। रामनवमी हिन्दूहरूको ज्यादै प्रिय दिन हो। यदि रामनवमी उत्सव (अर्थात्) श्री रामको जन्म दिवस) को पनि श्री गणेश गरिदिएमा कस्तो बेस हुन्थ्यो? काका महाजनीलाई यो विचार निकै राम्रो लाग्यो। अब यो शुभ अवसरमा कीर्तन र ईश्वरको गुणानुवाद गर्न सक्ने हरिदास पाउनु मुख्य कठिनाइ थियो। परन्तु भीष्मले यो समस्याको समाधान गरिदए। मैले आफैंले बनाएको रामजन्मको वर्णन भएको "राम आख्यान" तैयार भैसकेको छ। म त्यसैको कीर्तन गरौंला। तिमीले हारमोनियममा साथ दिनू। साथै राधाकश्णमाईले सुंठ्वडा (सुठो र चिनी मिसिएको चूर्ण) तैयार गरिदिने छन्।

अनि ती दुबै तुरून्तै बाबाको स्वीकृति प्राप्त गर्नको लागि मसजिदमा गए। बाबा त अन्तर्यामी हुनुहुन्थ्यो। वहाँलाई त वाडा (भवन) मा के के भैराखेको छ भन्ने सबै कुराको जानकारी थियो। बाबाले महाजनीसँग "त्यहाँ (वाडामा) के के कुरा भैरहेथ्यो" भनी प्रश्न गर्नु भयो। यस्तो आकस्मिक प्रश्नले महाजनी घबडाए र बाबाका शब्दको अभिप्राय नसंझनाको कारणले उनी स्तब्ध (जडीभूत) भएर खडा भैरहे। अनि बाबाले भीष्मसँग "के कुरा हो" भनी सोध्नु भयो। भीष्मले रामनवमी-उत्सव मनाउने विचार बाबाको अगाडि राखे र स्वीकश्ति दिन प्रार्थना गरे। बाबाले खुशीसाथ अनुमति दिनुभयो। सबै भक्त खुशी भएर रामजन्मोत्सव मनाउने तैयारी गर्न लागे। भोलिपल्ट रंगी-विरंगी झण्डाहरूबाट मसजिद सजाइयो। श्रीमती राधाकृष्णमाईले एउटा भोलुंगो ल्याएर बाबाको आसनको

अगाडि राखिदिइन् र अनि उत्सव प्रारम्भ भयो। भीष्म कीर्तन गर्न खडा भए र महाजनी हारमोनियममा उनीलाई साथ दिन लागे। त्यसैबेला बाबाले महाजनीलाई बोलाउन पठाउनु भयो। यता बाबाले उत्सव मनाउने आज्ञा दिनु हो कि होइन भनी महाजनी शंकित थिए। तर उनी बाबाको नगीच पुग्नासाथ बाबाले उनीसँग प्रश्न गर्नुभयो– "यो सब के हो। यो झोलुंगो यहाँ किन राखिएको हो।" महाजनीले "रामनवमीको कार्यक्रम प्रारम्भ भैसंक्यो, यसैकारण झोलुंगो यहाँ राखिएको हो" भनी बताए। बाबाले खोपाबाट दुइटा माला झिक्नु भयो। त्यसमध्ये एउटा माला वहाँले काकाजीको गलामा राखिदिनु भयो र अर्को चाहीं भीष्मको लगि पठाइदिनु भयो।

अब कीर्तन प्रारम्भ भइसकेको थियो। कीर्तन समाप्त भएपछि "श्रीराजाराम" को ठूलो स्वरले जयजयकार भयो। कीर्तनको स्थानमा अबीरको वर्ष गरियो। साराका सारा खुशीले रमाइरहेको बखतमा अंचानक एउटा गर्जदो ध्वनि उनीहरूको कानमा पऱ्यो। वास्तवमा अबीरको वर्षा भै रहेको समयमा त्यसको केही कण अनायास नै बाबाको आँखामा पर्न गयो अनि त बाबा एकदम रिसाएर ठूलो स्वरमा अपशब्द भन्न र झपार्न लाग्नु भयो। यो दृश्य देखेर सबैजना डराएर छटपटाउन लागे। बाबाको स्वभावसँग राम्रोसँग परिचित अंतरंग भक्तहरू यी अपशब्दलाई कहिले खराब मान्ने खाले थिए र ? बाबाका यी शब्द तथा वाक्यहरूलाई उनीहरूले आशिर्वाद सम्झे। आज रामको जन्म दिन हो, यसैले रावणको नाशको साथै अहंकार तथा दुष्ट प्रवृत्तिरूपी राक्षसहरूको संहारको लागि बाबालाई रिस उठ्नु सर्वथा उचित नै हो भन्ने उनीहरूले सोचे। यसको साथसाथै जब कुनै समयमा पनि शिरडीमा कुनै नयाँ कार्यक्रम गर्न लागिन्थ्यो, त्यो बेला बाबा यस्तै किसिमले कुपित या त्रुद्ध भैहाल्ने गर्नु हुन्थ्यो भन्ने कुरा पनि उनीहरूलाई राम्रोसँग थाहा थियो। यसैले उनीहरू सबै स्तब्ध (जडीभूत) नै भै रहे। यता राधाकृष्णमाई पनि कहीं बाबाले सानो भलूडडो त तोडफोड गर्नु हुन्न भनेर डरले कंपायमान थिइन्। यसैले उनले काका महाजनीसँग सानो झलुडडो हटाउनको लागि भनिन्। तर बाबाले उनीलाई यसो गर्न दिनु भएन। केही समयपछि बाबा शान्त हुनुभयो र त्यो दिनको महापूजा र आरतीको कार्यक्रम कुनै विघ्न विना नै समाप्त भयो। तर बाबाले अझै उत्सव पूरा भएको छैन भनी माग अस्वीकृत गर्नुभयो।

भोलिपल्ट गोपालकाला उत्सव मनाइयो। त्यसपछि मात्र भोलुंगो उठाउने आज्ञा दिनु भयो। उत्सवमा दही-मिश्रित चिउरा एउटा माटाको भाँडामा भुन्ड्याइदिहन्छ र कीर्तन समाप्त भएपछि त्यो भाँडो फोरिदिइन्छ। अनि त्यो चिउरा श्रीकृष्णले ग्वालाहरूसँग गरे जस्तै गरी प्रसादको रूपमा सबैलाई बाँडिदिइन्छ। रामनवमी उत्सव यसरी नै दिनभरि चली नै रह्यो। दिनको समयमा दुई ध्वजाको जुलूस र रातको समयमा चन्दनको जुलूस वडो धूमधामको समारोह साथ निकालियो। यही समयपछि उरूसको उत्सव रामनवमीको उत्सवमा परिवर्तित हुन गयो।

दोश्रो वर्ष (सन् 1912) वाट रामनवमीको कार्यक्रमको सूचिमा वृद्धि हुन लाग्यो। श्रीमती राधाकृष्णमाईले चैत्रको प्रतिपदा (परेवा) वाट नाम-सप्ताह प्रारम्भ गरिदिइन्। (लगातार दिन रात 7 दिनतक भगवानको नाम लिनुलाई "नाम सप्ताह" भनिन्छ)। सबै भक्त यसमा पालैपालोसँग भाग लिने गर्थे। उनी पनि बिहान सम्मिलित हुने गर्थिन् देशको सबै भागमा रामनवमीको उत्सव मनाइने गरिन्छ। यसैले दोश्रो वर्ष हरिदास पाउने कठिनाइ फेरि खडा भयो। तर उत्सवको पहिले नै यो समस्या समाधान हुन गयो। पाँच, छ दिन पहिले नै महाजनीको बाला बुबासँग अकरमात् भेट हुन गयो। बुबा साहेब "आधुनिक तुकाराम" को नामले प्रसिद्ध थिए। यो वर्ष कीर्तनको काम उनीलाई नै सौपियो। तेश्रो वर्ष सन् 1913 मा श्री हरिदास (सातार जिल्लाका श्रीबाला बुबा सातारकर) वशहद् सिद्ध कवटे गाउँमा प्लेगको प्रकोप भएकाले आफ्नो गाउँमा हरिदासको काम गर्न सक्तैनथे। यो वर्ष उनी शिरडीमा आए। काकासाहेब दीक्षितले उनको कीर्तनको लागि बाबाबाट अनुमति प्राप्त गरे। बाबाले पनि तिनीलाई यथेष्ट पुरस्कार दिनुभयो। सन् 1914 मा हरिदासको कठिनाइ बाबाले सधैंको लागि समाधान गरिदिनफ भयो। वहाँले यो कार्य स्थायी रूपले दासगणू महाराजलाई सौपिदिनु भयो। त्यसबेलादेखि उनले यो काम राम्रो तरीकाले सफलता र विद्वतापूर्वक पूरा लगनका साथ गर्दै रहे। सन् 1912 देखि उत्सवको अवसरमा मानिसहरूको संख्यामा उत्तरोत्तर वृद्धि हुन लाग्यो। चैत्र शुक्ल अष्टमीदेखि द्वादशीसम्म शिरडीमा मानिसहरूको संख्यामा यति बढी वृद्धि हुन जाने गर्थ्यो कि मानौं मौरीको चाका नै लागेको हो जस्तो हुन्थ्यो। पसलहरूको संख्यामा वृद्धि भयो। प्रसिद्ध पहलमानहरूको कुश्तीहरू

हुन लाग्यो। गरीबहरूलाई ठूलो स्तरमा भोजन गराइन लागियो। राधाकरुष्णमाईको घोर परिश्रमको फलस्वरूपः शिरडीलाई संस्थानको रूप मिल्यो। सम्पत्ति पनि दिन प्रतिदिन बढ्न लाग्यो। एउटा सुन्दर घोडा, पालकी, रथ र चाँदीका अरू वस्तु भाँडा, कुँडा, ऐना इत्यादि भक्तहरूले उपहारस्वरूप दिए। उत्सवको अवसरमा हात्ती पनि बोलाइन्थ्यो। सम्पत्ति धैरै नै बढ्यो, तर बाबा ती सबवाट सधैभर उदासीन नै रहनु हुन्थ्यो। वहाँ सदैव त्यसलाई उपेक्षा (अनास्था) को नजरले हेनु हुन्थ्यो र सधैंको जस्तो साधारण वेशभूषा। लुगा अलंकार नै धारण गर्नु हुन्थ्यो। ध्यान दिन योग्य कुरा यो छ कि जुलूस तथा उत्सवमा हिन्दू मुसलमान दुबै संगसंगै कार्य गर्दथे। तर आजसम्म न उनीहरूमा कुनै विवाद (झगडा) भयो न कुनै मतभेद नै। पैले पैले त मानिसहरू को संख्या 5,000-7,000 लगभग नै हुन्थ्यो। तर कुनै वर्ष त यो संख्या 75,000 सम्म पुग्दथ्यो। तर पनि न कुनै विमारी फैलियो न कुनै दगा नै भयो।

मसजिदको जीर्णोद्वार :-

जसरी उरूस या मेला चलाउने विचार पहिले श्री गोपालगुडलाई आयो, त्यसरी नै मसजिदको जीर्णोद्वारको विचार पनि पहिले उनैलाई नै आयो। उनले यो कामको लागि ढुङ्गा जम्मा गरेर त्यसलाई वर्गाकार गराए। तय त्यो कामको श्रेयः उनीलाई प्राप्त हुनु थिएन। यो सुयश (सुकीर्ति) नानासाहेब चाँदारकरको निम्ति नै सुरक्षित थियो र भूईको प्लास्टरको काम काकासाहेब दीक्षितको लागि। प्रारम्भमा बाबाले यी कामको लागि स्वीकृति दिनु भएन। तर स्थानीय भक्त म्हालसापतिले आग्रह गर्नाले बाबाको स्वीकश्ति प्राप्त भयो र एक रातमा नै मसजिदको पूरा भूई पक्का बन्यो। अहिलेसम्म बाबा एउटा टाटको टुकामा नै बस्नु हुन्थ्यो। अब त्यो टाटको टुकालाई त्यहाँबाट हटाएर त्यसको ठाउँमा एउटा सानो चक्ला ओछ्याइदिइयो। सन 1911 मा सभामण्डप पनि ठूलो परिश्रमपछि ठीक भयो। मसजिदको आँगन धैरै सानो र असुविधाजनक थियो। काकासाहेब दीक्षित आँगनलाई बढाएर त्यसको माथि छत बनाउन चाहन्थे। यथेष्ट धनराशी खर्च गरेर उनले फलामका खम्बाहरू, दलिनहरू र कैंचीहरू किनेर काम आरम्भ भयो। दिनरात परिश्रम गरेर भक्तहरूले खम्बाहरू जमीनमा गाडे। बाबा जब भोलिपल्ट चावडीबाट फर्कनु भयो, वहाँले ती

खम्बाहरूलाई उखेलेर फालिदिनु भयो र ज्यादै रिसाउनु भयो। वहाँले ती खम्बाहरूलाई उखेलेर फालिदिनु भयो र ज्यादै रिसाउनु भयो। वहाँले एक हातले खम्बा समातेर त्यसलाई उखेल्न लाग्नु भयो र अर्को हातले तात्याको फेटा (साफा) फुकाल्नु भई त्यसमा आगो लगाएर खाडलमा फेंकिदिनु भयो। बाबाका आँखा बलेका फिलिङ्गा जस्तै राता भए। कसैको पनि वहाँतिर आँखा उठाएर हेर्ने साहस हुदैनथ्यो। सबै नाराम्रोसँग डराएर "अब के हुने हो" भनी विचलित हुन लागे। भागोजी शिन्दे (बाबाका एक कोरी भक्त) केही साहस गरेर अगाडि बढे, तर बाबाले तिनीलाई धक्का दिएर पछाडि धकेलिदिनु भयो। माधव रावको पनि त्यही गति भयो। बाबाले उनीमाथि पनि ईटका टुका फ्याँक्न लाग्नु भयो। वहाँलाई शान्त गराउन जाने सबैको त्यही दशा (अवस्था) भयो।

केही समयपछि बाबाको रिस शान्त भएपछि बाबाले एउटा पसलेलाई बोलाउनु भयो र एउटा जरी भएको फेटा किनेर आफ्नै हातले तात्याको शिरमा मानौं उनलाई विशेष सम्मान दिएको जस्तो गरी बाँध्न लाग्नु भयो। यो विचित्र व्यवहार देखेर भक्तहरूलाई आश्चर्य लाग्यो। कुन अज्ञात कारणबाट बाबा यस्तो रिसाउनु भयो भन्ने उनीहरूले बुझन सकेका थिएनन्। वहाँले तात्यालाई किन पिटनु भयो र उत्तिखेरै वहाँको रिस किन शान्त भयो? बाबा कहिले-कहिले अत्यन्त गंभीर तथा शान्त मुद्रामा रहनुहुन्थ्यो र बडो प्रेमपूर्वक वार्तालाप गर्ने गर्नु हुन्थ्यो। तर अकस्मात् नै कुनै देखिने कारण बिना नै रिसाउने गर्नु हुन्थ्यो। यस्ता अनेकौं घटना देख्नमा आइसकेका छन्। तर तीनमध्ये कुन चाहिं लेखौं र कुन चाहिं छोडौं भन्ने यो कुराको निर्णय गन सक्तैन थिएँ। यसैले जुनकमबाट ती कुराको संझना आउँदै जान्छ त्यसरी नै तिनको वर्णन गरिने छ। अर्को अध्यायमा बाबा हिन्दु हो कि मुसलमान हो यसको विवेचना गरिनेछ। त्यस्तै बहाँको योग-साधन, शक्ति र अरू विषयहरूप्रति पनि विचार गरिनेछ।

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस्।

मंगल होओस्।। सप्ताह पारायण-प्रथम विश्राम।

# अध्याय 7

## अदुभुत अवतार



श्री साईबाबाको प्रकशति। वहाँको यौगिक क्रियाहरू। वहाँको सर्वव्यापकता। कुष्टरोगीको सेवा। खापर्डेको छोराको प्लेग। पंढरपुर गमन। अद्भुत अवतार।

श्री साईबाबा समस्त यौगिक क्रियाहरूमा पारंगत हुनुहुन्थ्यो। 6 प्रकारका क्रियाहरूको त पूरा जानकार हुनुहुन्थ्यो। 6 प्रकारका क्रियाहरू जसमा धौति (एउटा तीन इंच चौडा र साढे बाइस इंची लामो कपडाको भिजेको टुकाबाट पेटलाई स्वच्छ गर्नु), खण्डयोग (अर्थात् आफ्ना शरीरका अहरूलाई भिन्न-भिन्न गरेर तिनलाई फेरि पहिलेको झै नै जोड्नु) र समाधि आदि पनि सम्मिलित छन्। यदि वहाँ हिन्दू हुनुहुन्थ्यो भनौं भने आकृतिबाट उहाँ मुसलमान जस्तो लाग्नु हुन्थ्यो। उहाँ हिन्दु हुनुहुन्थ्यो या मुसलमान भन्ने यो कुरा कसैले पनि निश्चयकपूर्वक भन्न सक्तैनथ्यो। वहाँ हिन्दुहरूको भन्ने या कुरा कसैले पनि निश्चयकपूर्वक भन्न सक्तैनथ्यो। वहाँ हिन्दुहरूको रामनवमी उत्सव विधिपूर्वक मनाउनु हुन्थ्यो र साथै मुसलमानहरूको चन्दनोत्सव पनि। वहाँ उत्सवहरूमा कुश्ती आदिलाई प्रोत्साहन गर्नुको साथै जित्नेहरूलाई प्रशस्त पुरस्कार दिनु हुन्थ्यो। गोकुल अष्टमी (श्रीकृष्ण जन्माष्टमी) मा वहाँ "गोपालकाला" उत्सव पनि बडो धूमधामसँग मनाउनु हुन्थ्यो।

..............................................................................

*1. ताजिया – बाँसका कार्चोपी भरिएका सिढाहरू र रंगीन कागज आदिकाट बनाइएका इमामहसन र इमाम हुसेनका कबका आकारका वस्तुहरू जो कुनै खास तोकिएको ठाउँमा गाडिइन्छन्।*

ईदको दिनमा वहाँ मुसलमानहरूलाई मसजिदमा नमाज पढ्नको लागि आमन्त्रित गर्ने गर्नुनुन्थ्यो। एक समय मुहर्रमको अवसरमा मुसलमानहरूले मसजिदमा ताजियाहरू1 बनाउने र केही दिनसम्म त्यहाँ राखेर फेरि जुलूस बनाई गाउँबाट निकाल्ने कार्यक्रम बनाए। श्री साईबाबाले केवल चार दिन ताजियाहरू त्यहाँ राख्न दिनुभयो र कुनै रा-द्वेष विना नै पाँचौ दिनमा त्यहाँबाट हटाइदिनभुयो।

यदि वहाँ मुसलमान हुनुहुन्थ्यो भनौं भने वहाँको कान (हिन्दूहरूको रीति अनुसार) छेडिएका थिए। यदि वहाँ हिन्दू हुनुहुन्थ्यो भनौं भने वहाँ सुन्ता (लिङ्गका छाला कटाई) गराउने पक्षमा हुनुहुन्थ्यो। वहाँलाई नजिकैबाट देख्ने नानासाहेब चाँदोरकरले वहाँको (श्री साईबाबाको) सुन्नत (लिङ्गको छाला कटाई) भएको थिएन भन्नु भएको थियो। (सांईलीला पत्रिका श्री बी. व्ही. देवद्वारा लिखित शीर्षक “बाबा मुसलमान की हिन्दू” पृष्ठ 563 मा हेर्नोस्) यदि कसैले वहाँलाई हिन्दू घोषित गरोस् भने वहाँ मसजिदमा बस्ने गर्नु हुन्थ्यो र यदि मुसलमान भनोस् त वहाँ बल्दो धूनी राख्नु हुन्थ्यो र त्यस्तै इस्लाम धर्मका विरूद्ध हुने अरू कर्म जस्तो कि जाँतो पिन्नु, शंख-घण्टा बजाउनु, होम आदि कार्य हर्नु, अन्नदान गर्नु र अर्घ्यद्वारा पूजा गर्नु आदि पनि त्यहाँ चलिरहन्थे।

यदि कोही वहाँलाई मुसलमान भन्थ्यो भने कुलीन ब्राह्मण र अग्नि होत्री पनि आफ्नो नियमहरूको उल्लंघन गरेर सधैं वहाँलाई साष्टाङ्ग नमस्कार गर्ने गर्दथे। जो वहाँको स्वदेशको पत्ता लगाउन गए उनीहरूलाई आफ्नो प्रश्न नै बिर्सिन गयो र वहाँको दर्शन मात्रले मोहित हुन गए। अस्तु।

यथार्थमा साईबाबा हिन्दू हुनुहुन्थ्यो कि मुसलमान भन्ने यो कुराको निर्णय कसैले गर्न सकेन। यसमा आश्चर्य नै के छ र ? जो अहम् र इन्द्रियबाट प्राप्त हुने सुख जतिलाई तिलाज्जली दिएर ईश्वरको शरणाम आउँदछ तथा जब उसलाई ईश्वरसँग अभिन्नता प्राप्त हुन्छ, त्यसबेला उसको जाति-पाति रहदैन। यसै कोटिमा (श्रेणीमा) श्री साईबाबा हुनुहुन्थ्यो। फकीरहरूको साथमा वहाँ माछा पनि भोजन गर्नु हुन्थ्यो। कुकुर पनि वहाँको खाने

भाँडामा मुख गाडेर स्वतन्त्रतापूर्वक खान्थे, तर वहाँले कहिल्यै पनि केही पनि आपत्ति गर्नु भएन। यस्तो अपूर्व र अद्‍भूत साईबाबाको अवतार थियो।
पहिलेका जन्महरूका शुभ संस्कारहरूको परिणामस्वरूप मलाई पनि वहाँका श्रीचरणहरूको समीप बस्ने र वहाँसँगको सत्संगतको लाभ उठाउने सौभाग्य प्राप्त भयो। मलाई जुन सुख र आनन्दको अनुभव भयो त्यसको वर्णन म कुन प्रकारले गर्न सक्दछु र ? यथार्थमा बाबा अखण्ड सच्चिदानन्द हुनुहुन्थ्यो। वहाँको महानता र अद्वितीयताको बखान को गर्न सक्दछ? जसले वहाँका श्रीचरणकमलको शरण लियो, उसलाई साक्षात्कारको प्राप्ति भयो। अनेक सन्यासी, साधक तथा अरू मुमुक्ष (मोक्ष हुन खोज्ने) जन पनि वहाँकहाँ आउने गर्दथे। बाबा पनि सदैव उनीहरूको साथमा डुल्दा-फिर्दा, उठ्दा-बस्दा उनीहरूसँग वार्तालाप गरेर उनीहरूको चित्त प्रसन्न पार्ने गर्नु हुन्थ्यो। "अल्लाह मालिक" यो शब्द वहाँको ओठैमा थियो। वहाँ कहिल्यै पनि विवाद र मतभेदमा पर्नु हुन्नथ्यो। सधैं शान्त र स्थिर रहनु हुन्थ्यो। तर कहिले-कहिले वहाँ रिसाउन पुग्नु हुन्थ्यो। वहाँ सदैव वेदान्तको शिक्षा दिने गर्नु हुन्थ्यो। वास्तवमा साईबाबा को हुनुहुन्थ्यो भन्ने कुरा कसैले पनि अन्ततक जान्न सकेन। अमीर तथा गरीब दुबै वहाँको लागि बराबर थिए। वहाँ मानिसहरूको गृह्य कुराहरू पूरे रूपमा जान्नु हुन्थ्यो र जब वहाँ त्यो गुह्य रहस्य प्रकट गर्नुहुन्थ्यो अनि सबै आश्चर्य चकित हुन जान्थे। स्वयं ज्ञानावतार भएर पनि वहाँ सदैव अज्ञानताको प्रदर्शन गर्ने गर्नु हुन्थ्यो। वहाँलाई सदैव आदर सत्कारसँग अरूचि थियो। साईबाबाको विशिष्टता यस्तो किसिमको थियो। हुनुहुन्थ्यो त वहाँ शरीरधारी तर वहाँका कामहरूबाट ईश्वरीयता स्पष्ट झल्कन्थ्यो। शिरडीका सम्पूर्ण नरनारी वहाँलाई परब्रह्म नै मान्दथे।

विशेष :-
(1) बाबाको साथैमा मसजिद तथा चावडीमा सुत्ने श्री बाबाका एउटा अंतरंग भक्त म्हालसापतिलाई बाबाले "मेरो जन्म पाथर्डीको एक ब्राह्मण परिवारमा भएथ्यो। मेरा माता-पिताले मलाई वाल्यावस्थामा नै एउटा फकीरलाई सौंपिदिनु भएथ्यो" भन्नु भएथ्यो। जुनबेला यो चर्चा चलिरहेको थियो त्यसैबेला पाथडीबाट केही व्यक्ति वहाँ आए र बाबाले उनीहरूसँग कोही मानिसहरूको सम्बन्धमा सोधपुछ गर्नुभयो। (2) श्रीमती काशीबाई

कानेरकर (पुनाकी एक प्रसिद्ध विदुषी महिला) ले साईलीला पत्रिका भाग 2 (सन् 1934) को पृष्ठ 71 मा अनुभव नं. 5 मा प्रकाशित गरेकी छन् कि बाबाका चमात्कारहरूलाई सुनेर हामीहरू आफ्नो ब्रह्मवदी संस्थाको पद्वति (नियम) अनुसार विवेचना गरी रहेका थियौं। विवादको विषय थियो– श्री साईबाबा ब्रह्मवादी हुनुहुन्छ या वाममार्गी भन्ने। कालान्तरमा जब म शिरडीमा गएँ त्यसबेला मलाई यस सम्बन्धमा अनेक विचार उठिरहेथ्यो। मैले मसजिदका सिंढीमा पैतला राखेकी मात्र थिएँ कि बाबा उठेर अगाडि आउनुभयो र आफ्नो हृदयतिर संकेत गरेर मतिर घुर्दै रिसाएर भन्नुभयो– "यो ब्राहमण हो, शुद्ध ब्राहमण। यसलाई वाममार्गसँगको के प्रयोजन ? यहाँ कुनै पनि मुसलमानले प्रवेश गर्ने दुसाहस गर्न सक्तैन, न त्यसले गरोस् नै"। फेरि आफ्नो हृदयतिर संकेत गर्दै भन्नुभयो– "यो ब्राह्मण लाखौं मनुष्यहरूलाई पथ प्रदर्शन (बाटो देखाउन) गर्न सक्तछ र तिनीहरूलाई अप्राप्य वस्तुको प्राप्ति गराउन सक्दछ। यो ब्राहमणको मसजिद हो। म यहाँ कुनै वाममार्गीको छायाँ पनि दिने छैन।"

बाबाको प्रकति :–

म मूर्ख हुनाले श्री साईबाबाका अद्भूत लालीहरूको वर्णन गर्न सक्तिन। शिरडीका प्रायः सम्पूर्ण मन्दिरहरूको वहाँले जीर्णोद्वार गराउनु भयो। श्री तात्या पाटीलद्वारा, शनि, गणपित, शंकर, पार्वती, ग्रामदेवता र हनुमानजी आदिका मन्दिर ठीक गराउनु भयो। वहाँको दात पनि विलक्षण (असाधारण) थियो। दक्षिणाको रूपमा जो धन एकत्रिद्व हुन्थ्यो त्यसबाट कसैलाई पन्ध्र रूपैयाँ, कसैलाई बीस रूपैयाँ, कसैलाइ पचास रूपैयाँ गरी यस्तै किसिमले दिनहूं स्वच्छन्दतापूर्वक वितरण गरिदिनहुहुन्थ्यो। पाउने व्यक्ति त्यसलाई शुद्व दान संभिन्थ्यो। बाबाको पनि सदैव त्यसलाई राम्रो तरीकाले खर्च गरियोस् भन्ने यही इच्छा थियो।

बाबाको दशनबाट भक्तहरूलाई अनेक प्रकारको लाभ हुन जान्थ्यो। अनेकौं निष्कपट (सज्जन) र स्वस्थ बन्न गए। दुष्टात्मा पुण्यात्मामा बदलिन गए, अनेकौं कुष्टरोगबाट मुक्त हुन गए र अनेकौंलाई मनले इच्छा गरेको फल प्राप्त भयो। कुनै रस या औषधि सेवन बिना नै धैरै अन्धाहरूलाई फेरि दशष्टि प्राप्त भयो। लंगडाहरूको लंगडोपन हरायो। कसैले

पनि वहाँको महानताको अन्त पाउन सकेन। वहाँको कीर्ति टाढा- टाढा फैंलदै गयो र भिन्न-भिन्न ठाउँहरूबाट भुंडका भुंड मानिसहरू शिरडी आउन लागे। बाबा सधैं धूनीको नजिकमै आसन जमाएर बस्तु हुन्थ्यो र त्यहीं विश्राम गर्ने गर्नु हुन्थ्यो। वहाँ कहिले नुवाउनु हुन्थ्यो, कहिले ननुहाइकनै समाधिका लीन भैरहनु हुन्थ्यो। वहाँले शिरमा एउटा छोटो साफा रूपको कपडा, कम्मरमा एउटा धोती र शरीर ढाक्नको लागि एउटा अंगरखा (लामो कमीज किसिमको) धारण गर्नु हुन्थ्यो। पहिलेदेखि नै वहाँको वेशभूषा यस्तै प्रकारको थियो। आफ्नो जीवनकालको पहिलो भागमा वहाँले गाउँमा औधधि गर्ने काम पनि गर्नुहुन्थ्यो। रोगीहिरूलाई जाँच गरेर उनीहरूलाई औषधि पनि दिनु हुन्थ्यो। वहाँको हातमा अगाध जस थियो। यसै कारणले नै वहाँ थोरै समयमा नै योग्य चिकित्सकको रूपमा विख्यात हुनुभयो। यहाँ खालि एउटा मात्र घटनाको उल्लेख गरिन्छ जो बडो विचित्र लाग्दो छ

विलक्षण (असाधारण) नेत्र चिकित्सा (आँखाको उपचार) :-

एउटा भक्तको आँखा ज्यादै रातो भएथ्यो, त्यसमा सूज पनि आएको थियो। शिरडी जस्तो सानो गाउँमा डाक्टर कहाँ पाइने र ? त्यसैले भक्तगणले रोगीलाई बाबाको समक्ष उपस्थित गरे। यस किसिमको पीडामा डाक्टर प्रायः लेप, मलहम, अंजन, गाईको दूध तथा कपूर युक्त औषधिहरू प्रयोगमा लयाउँछन्। तर बाबाको औषधि त पूरै फरक थियो। वहाँले भिलावाँ1 पिनेर त्यसको दुई गोली बनाउनु भयो र रोगीका आँखामा एक एक गोली टाँसिदिएर कपडाको पटटीले आँखा बाँधिदिनुभयो। भोलिपट पटटी हटाएर आँखामाथि पानीको छिटा छर्किदिनुभयो। सूज कम भयो र आँखा प्रायः निका भयो। आँखा शरीरको एक अति सुकोमल अंग हो। तर बाबाको औषधिबाट केही हानि भएन। बरू आँखाको रोग नै हट्यो। यस्तै प्रकारले अनेकौं रोगी निरोग भए। यो घटना त खालि उदाहरणस्वरूप नै यहाँ लेखिएको हो।

..................................................................

*1 भिलाबाँ-एक किसिमको जरीबूटी*

बाबा यौगिक क्रियाहरू :-

बाबालाई सम्पूर्ण यौगिक प्रयोग र क्रियाहरू (योग गर्ने तरीकाहरू) को जानकारी थियो। तीनमध्ये खालि दुहटाको मात्र यहाँ उल्लेख गरिएको छ।

(1) धौतिक्रिया (आन्द्रा सफा गर्ने तरीका :-

तीन तीन दिनमा बाबा मसजिदबाट निकै टाढा एउटा बरको रूखको मुन्तिर धौतिक्रिया गर्ने गर्नु हुन्थ्यो। एक पल्ट मानिसहरूले बाबाले आफ्ना आन्द्राहरूलाई वाहिर निकालेर तिनलाई चारैतिर सफा गर्नु भै नजिकैको रूखमा सुक्नको लागि राखिदिनु भएको देखे। शिरडीमा यो घटनाको पुष्टि गर्ने मानिसहरू अझै पनि वाँचिरहेका छन्। उनीहरूले यो सत्यको परीक्षा पनि गरेका थिए।

साधारण धौतिक्रिया एक दिन इन्च चौडा र साँढे बाइस फुट लामो भिजेको कपडाको टुकाबाट गरिन्छ। यो कपडालाई मुखबाट पेटमा पुर्‍याइन्छ र त्यसलाई त्यसको पूरा-पूरा प्रभाव होस् भनी लगभग आधा घण्टासम्म राखिछोडिन्छ। त्यसपछि त्यसलाई बाहिर निकालिन्छ। तर बाबाको यो धौतिक्रिया पूरै विचित्र र असाधारण नै थियो।

(2) खण्ड योग :-

एक समयमा बाबाले आफ्नो शरीरका अडड एक एक गरी छुट्याएर मसजिदका छुटटा-छुटटै ठाउँमा छरिदिनतु भयो। अकस्मात् त्यही दिनमा एकजना भलाद्मी मसजिदमा गएछन् र अंगहरूलाई यस्तो प्रकारले जहीं- तहीं दरिएको देखेर भयभीत भएछन्। पहिले त फर्किएर ग्राम- अधिकारी कहाँ कसैले बाबाको खून गरेर वहाँलाई टुका-टुका गरिदिएछ भनी सूचना पठाइदिनु पर्छ भन्ने इच्छा भएछ । तर सूचना दिने व्यक्ति नै पहिले पक्डिन्छ भन्ने सोचेर चूप लागेछन्। भोलिपल्ट उनी मसजिदमा जाँदा त बाबालाई पहिलेकै झैं हृष्टपुष्ट र स्वस्थ देखेर उनीलाई बडो आश्चर्य लागेछ। तिनलाई अगिल्लो दिनमा देखेको दृश्य कहीं सपना त थिएन भन्ने लाग्यो।

बाबा बालककालदेखि नै यौगिक क्रिया गर्ने गर्नु हुन्थ्यो र वहाँलाई जो अवस्था प्राप्त भैंसकेको थियो त्यसको साँचो ज्ञान कसैलाई पनि थिएन। उपचारको नामले वहाँले कसैसँग पैसा पनि स्वीकार गर्नु भएन। आफ्नो उत्तम लोकप्रिय गुणहरूको कारणले वहाँको कीर्ति टाढा-टाढासम्म फैलियो। वहाँले अनेकों गरीबहरू र रोगीहरूलाई स्वास्थ्य प्रदान गरिदिनुभयो। यी प्रसिद्ध डाक्टर (मसीहाका पनि मसीहा अर्थात् मूर्दालाई पनि बचाउने ईश्वरको पनि ईश्वर) ले कहिल्यै पनि आफ्नो स्वार्थको चिन्ता नगरी अनेकौं विघ्नको सामना गरेर स्वयं सहन मुश्किल हुने वेदना कष्ट सहेर सदैव अर्काको भलाई गर्नुभयो र तिनीहरूलाई विपत्तिमा सहायता पुऱ्याइदिनुभयो। वहाँ सधैं अर्काको कल्याणको लागि चिंतित रहनुहुन्थ्यो। यस्तै नै घटना तल लेखिन्छ जो वहाँको सर्वव्यापकता (सबैतिर व्याप्त भएको पन) तथा महान् दयालुपनको द्योतक (झल्काउने) हो।

बाबाको सर्वव्यापकता र दयालुपन :-

सन् 1910 मा बाबा लक्ष्मीपूजाको शुभ अवसरमा धूनीको नजिकै बसेर आगो तापिरहनु भएको थियो र धूनीमा दाउरा पनि हालिरहनु भएको थियो। धूनी जोडसँग बलेको थियो। केही समयपछि वहाँले दाउरा हाल्नुको सट्टा आफ्नै हात धूनीमा हाल्नुभयो। हात नराम्रो सँग झुल्सियो। नोकर माधव तथा माधव राव देश पाण्डेले धूनीमा हात हाल्नु भएको देखेर तुरून्तै दौडेर वहाँलाई बलपूर्वक पछाडि ताने।

माधव रावले बाबासँग भने- "देवा। हजूरले किन यस्तो गर्नु भएको ?" बाबा सावधान भएर भन्न लाग्नुभयो- "यहाँबाट केही टाढा एउटी लोहारनी (कमिनी) जून बेला आरनमा आगो फुकिरहेकी थिई त्यसैबेला त्यसको पतिले उसलाई बोलायो। कमरमा बाँधेको बच्चाको ख्याल नगरेर ऊ छिटोसँग वहाँ दौडेर गई। दुर्भाग्यवश त्यो सानो बच्चा फुत्केर आरनमा पऱ्यो। मैले तुरून्त आरनमा हात हालेर बच्चाको प्राण बचाएँ। मलाई आफ्नो हात पोलेकोमा केही दुःख छैन। बरू एउटा निष्पाप बच्चाको प्राण बचेकोमा हर्ष छ।

कुष्ट रोगीको सेवा :-

माधव राव देश पाण्डेद्वारा बाबाको हात पोलिन गएको समाचार पाएर श्री नान साहेब चाँदोरकर, बंबईको सुप्रसिद्ध डाक्टर श्री परमानन्दको साथमा औषधि, लेप, लिन्ट (घाउ भर्न राखिने नरम कपडा) तथा पटटीहरू आदिसँगै लिएर छिटोसँग शिरडीमा आए। उनले बाबासँग डाक्टर परमानन्दलाई हात जाच्न र पोलेको ठाउँमा औषधि लगाउन दिन अनुमति मांगे। यो प्रार्थना अस्वीकृत भयो। हात पोल्न गएपछि एउटा कुष्ट रोग-पीडित भक्त भागोजी सिंदियाले वहाँको हातमा सधैं नै पटटी बाँद्धथे। हरेक दिन पोलेको ठाउँमा घ्यू घस्नु र त्यसमाथि एउटा पात राखेर पटटीहरूले त्यसलाई फेरि पहिलेको झैं कसी बाँछिदिनु नै उसको काम थियो। घाउ छिटटै नै भरियोस् भन्नाको लागि नाना साहेबले पटटी छोडी डा. परमानन्दसँग जाँच र उपचार गराउन बाबासँग बारम्बार अनुरोध गरे। यहाँसम्म कि डा. परमानन्दले नै पनि अनेक पटक प्रार्थना गरे। तर बाबाले केवल "अल्लाह" नै मेरो डाक्टर हनुहुन्छ, यही भन्दै टारिदिनु भयो। वहाँले हातको जाँच गराउन मान्नु भएन। डा. परमानन्दको औषधिहरू शिरडीको वायुमण्डलमा न खुल्न सके, न तिनको उपयोग नै हुन सक्यो। तर पनि डाक्टर साहेबको ठूलो भाग्य थियो जसले गर्दा उनीलाई बाबाको दर्शनको लाभ भयो। भागोजीलाई औषधि लगाउने अनुमति मिल्यो। केही दिनबाट घाउ भरिएपछि सबै भक्त सुखी भए। तर केही दर्द बाँकी थियो कि थिएन भन्ने कुरा कसैलाई थाहा हुन सकेन। प्रतिदिन विहार सबेरै घ्यूले हातको मालिस गर्ने र फेरि बाँधेर पटटी बाँध्ने त्यही क्रम श्री साईबाबाको समाधिसम्म पनि यस्तै किसिमले चलि नै रह्यो। री साईबाबा जस्तो पूर्ण सिद्धलाई वास्तवमा यो उपचारको पनि केही आवश्यकयता नै थिएन। तर भक्तहरूको प्रेमको वशमा हुने वहाँले भागोजीको यो सेव (अर्थात् उपासना) निर्बाधिरूपमा (केही बाधा नै नगरी) स्वीकार गर्नु भयो। बाबा लेण्डी जाँदा भागोजी छाता लिएर वहाँको साथमै जान्थे। हरेक दिन बिहान सबेरै बाबा धूनीको नजिकै आसनमा विराजमान हुनुहुँदा भागोजी त्यहाँ पहिले नै उपस्थित भएर आफ्नो काम गरिसक्दथे। भागोजीले पूर्व जन्ममा अनेकौं पाप कर्म गरेका थिए। यसैकारण उनी कुष्ट रोगले पीडित थिए। उनका औंलाहरू सडिसकेका थिए र शरीर पीप आदिले भरिएको थियो। त्यसबाट दुर्गन्ध आउँदथ्यो। हुन त बाहिरी दुष्टिले उनी अभागी जस्ता लाग्दथे तर बाबाका मुख्य सेवक हुनाको नाताले वास्तवमा

उनी नै बढी भाग्यशाली तथा सुखी थिए। उनीलाई बाबाको सान्निध्यको (सामीप्यको) पुर्णलाभ प्राप्त भयो।

बालक खापर्डेको प्लेग :-

अब म बाबाको एउटा अर्को अद्भूत लीलाको वर्णन गर्नेछु। श्रीमती खापर्डे (अमरावतीका श्रीदादा साहेब खापर्डेकी धर्मपत्नी) आफ्नो सानो छोराको साथमा कैंयौ दिनदेखि शिरडीमा थिइन्। छोरा कडा ज्वरोले पीडित थिए। पछि तिनलाई प्लेगको गाँठ पनि निक्लेर आयो। श्रीमती खापर्डे डरले थर्कयमान भएर ज्यादै घबडाउन लगिन् र अमरावती फर्केर जाने विचार गर्न लागिन्। सन्ध्याको समयमा बाबा वायुसेवनको लागि वाडा (भवन-अब जुन "समाधि मन्दिर" भनिन्छ) को नजिकैबाट जान लाग्नु हुँदा उनले वहाँसँग फर्कने अनुमति मागिन् र काँपेका स्वरमा "मेरो प्यारो छोरो प्लेगले ग्रस्त भएकाले अब म घर फर्कन चाहन्छु" भन्न लागिन्। प्रेमपूर्वक उनको समस्या समाधान गर्दै बाबाले भन्नभयो- "आकाशमा धेरै बादल छाएको छ। त्यो हट्नासाथ आकाश पहिले झैं सफा हुन जानेछ।" यसो भन्दै वहाँले कमरसम्मै आफ्नो कफनी उठाउनु भयो। त्यहाँ उपस्थित सबै जनालाई फुल (अण्डा) बराबरको चारवटा गाँठा देखाएर भन्नुभयो- "हेर, मैले आफ्ना भक्तहरूको लागि कति कष्ट उठाउनु पर्छ। उनीहरूको कष्ट मेरो हो।" यो विचित्र तथा असाधारण लीला देखेर सनतहरूलाई आफ्ना भक्तहरूको लागि कसरी कष्ट सहनु हुँदो रहेछ भन्ने विश्वास मानिसहरूलाई भयो। सन्तहरूको हृदय मैनभन्दा पनि नरम तथा भित्र बाहिर नौनी जस्तो कोमल हुन्छ।

उनीहरूले बिना कारणै भक्तहरूलाई प्रेम गर्दछन्। र उनीहरूलाई आफ्ना निजी सम्बन्धी संझन्छन्।

पंढरपुर गमन र निवास :-

बाबा आफ्ना भक्तहरूलाई कति प्रेम गर्नु हुन्थ्यो र कस्तो प्रकारले उनीहरूको सम्पूर्ण इच्छा र समाचारहरू पहिले नै जानिसक्नु हुन्थ्यो भन्ने यो कराको वर्णन गरेर म यो अध्याय समाप्त गर्नेछु।

नाना साहेब चाँदोरकर बाबाको परमभक्त थिए। उनी खानदेशमा नंदूर बारका तहसीलदार थिए। उनको पंढरपुरमा सरूवा भयो र श्री साईबाबाप्रतिको उनको भक्ति सफल भयो। किनभने भू-वैकूण्ठ (पश्थ्वीको स्वर्ग) जस्तै संझिने पंढरपुरमा रहने अवसर उनीलाई प्राप्त भयो। नाना साहेबलाई तुरून्तै कार्यभार समाल्नु थियो। त्यसैले उनी कसैलाई पूर्व पत्र वा सूचना नदिइकन नै छिटोसँग शिरडीतिर रमाना भए।

उनी आफ्नो पंढरपुर (शिरडी) मा अचानकै पुगी आफ्ना बिठोवा (बाबा) लाई ढोगेर अनि अगाडि प्रस्थान गर्न चाहन्थे। नानासाहेब आउने कुराको कसैलाई पनि सूचना थिएन। तर बाबासँग के छिपेको थियो र ? वहाँ त सर्वज्ञ हुनुहुन्थ्यो। नानासाहेब नीम गाउँ पुग्दाको समयमा (जुन शिरडीबाट केही मात्र टाढा छ) बाबा आफूसँग बसेका म्हालसापति, अप्पाशिंदे र काशीरामसँग वार्तालाप गरिरहनु भएको थियो। त्यसैबेला मसजिदमा शून्यता छायो र बाबाले अचानक भन्नुभयो, “हिंड, चारैजना मिलेर भजन गरौं।

पंढरपुरका ढोका खुलेका छन। यो भजन प्रेमपूर्वक गाऔं (पंढरपुर ला जायाचें जाया चें, चिथेच मजला राह्याचें। तिथेच मजला राह्या चें, घर तें माझ्या राचाँचें) सबै मिलेर गाउन लागे। भजनको भावार्थः- मलाई पंढरपुर गएर वहीं रहनु छ, किनभने त्यो मेरो स्वामी (ईश्वर को घर को) बाबा गाउँदै जानुहुन्थ्यो र भक्तगण त्यसैलाई दोहोर्‍याउँदै जान्थे। केही समयमा नै परिवार सहित नानासाहेब त्यहाँ पुगेर बाबालाई ढोगे। उनले बाबासँग आफ्नो साथमै पंढरपुर जाने र वहाँ बस्ने प्रार्थना गरे। पाठकहरू हो! अब यो प्रार्थनाको आवश्यकता नै कहाँ थियो र ? भक्तगणले नाना साहेबलाई बाबा पंढरपुर बसाइको भावमा पहिलेदेखि नै हुनुहुन्छ भनी बताए। यो कुरा सुनी नानासाहेब पानी-पानी भएर बाबाका श्रीचरणमा पर्न पुगेर बाबाको आज्ञा, विभूति तथा आर्शीवाद प्राप्त गरी उनी पंढरपुरको लागि रमाना भए।

बाबाका कथाहरू अनन्त छन्। अरू विषयहरू जस्तो कि–मानव जन्मको महत्व, बाबाको भिक्षावृत्तिमा जीवन निर्वाह, बायजाबाईको सेवा त्यस्तै अरू कथाहरूलाई अगाडिको अध्यायको लागि बाँकी राखेर अब मैले यहाँ विश्राम गर्नु उचित हुन्छ।

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस्।
मंगल होओस्।।

# अध्याय 8



मानव जन्मको महत्व, श्री साईबाबा के भिक्षावृत्ति, बायजाबाईको सेवा शूश्रूषा, श्रीसाईबबाको शयन कक्ष (सुत्ने केठा), खुशाल चन्द्र उपर प्रेम

गएको अध्यायमा भनिएको भैं अब श्री हेमाडपन्त मानव जीवन। (मनुष्यको जीवन) को महत्वलाई विस्तृतरूपमा संझउँछन्। श्री साईबाबा कस्तो प्रकारले भिक्षा कमाउनु हुन्थयो अर्थात् प्राप्त गर्नु हुन्थ्यो। बायजाबाईले वहाँको कस्तो किसिमके सेवा-शुश्रूषा गार्थिन् वहाँ मसजिदमा तात्याकोते र म्हालसपतिको साथमा कसरी सुत्नुहुन्थ्यो अनि खुशाल चन्द उपर वहाँको कस्ते स्नेह थियो यी सब कुरा अगडि वर्णन गरिनेछ।

मानव जन्म (मनुष्य जन्म) को महत्वः-

यो विचित्र संसारमा ईश्वरले लाखौं प्राणीहरू (हिन्दूशास्त्र अनुसार 84 लाख योनिका) लाई उत्पन्न गरेका छन् (जसमा देवता, दैत्य, गन्धर्व, जीवजन्तु र मनुष्य आदि समिम्लित छन्) जो स्वर्ग, नरक, पृथिवी, समुद्र तथा आकाशमा बस्दछन् र बेग्लै-बैग्ले धर्म पालना गर्दछन्। यी प्राणीहरूमा जसको पुण्य प्रबल छ ती स्वर्गमा बसेर आफ्ना सुकर्मको फल भोग्दछन्। पुण्य सिद्दिनासाथ फेरि तल्लोस्तरमा आउँछन्। अनि पाप या कुकर्म गर्ने जो प्राणी छन् तिनीहरू नरकमा जान्छन् र आफ्ना कुकर्मका फल भोग्दछन्। जुनबेला उनीहरूको पाप र पुण्य बराबर हुन जान्छ अनि तिनीहरूलई मनुष्य जन्म तथ मोक्ष प्राप्त गर्ने अवसर (मौका) प्राप्त हुन्छ। जब पप र पुण्य दुवै नाश हुन जान्छ अनि उनीहरू मुक्त हुन जान्छन्। आफ्ने कर्म तथा प्रारब्ध अनुसार नै आत्माहरूले जन्म लिन्छन् र शरीरमा प्रवेश गर्छन्।

मनुष्य शरीर अनमोलः-

यो सत्य होकि, सबै प्राणीहरूमा आहार, निद्रा, भय (डर) र मैथुन यी चार कुरा एक समान छन्।मनुष्य प्राणीलाई ज्ञान एक विशेष देन छ जसको सहयताले नै उसले ईश्वरदर्शन गर्न सक्तछ, जुन कुरा अरू कुनै योनीमा सम्भव हुँदैन। यही कारणले नै देवताहरू पनि मनुष्य योनिसाँग ईर्ष्या गर्दछन् र उनीहरूलाई आखिरमा मुक्ति प्राप्ति होस् भन्नाको लागि पृथिवीमा मनुष्य जन्मधारण गर्नको लागि सदैव लालायित हुन्छन्।

कसै कसैको मानव-शरीर अति दोष-युक्त छ भन्ने यो पनि मत छ। यो कृमि (कीरा), मज्जा (मासी) र कफले परिपूर्ण छिनभरमा नाश हुने रोग ग्रस्त र नाशवान् नै छ। यो कुरा आंशिकरूपमा सत्य छ भन्ने कुरामा कुनै शंका छैन। तर यतिको दोषपूर्ण हुँदा-हुँदै पनि मनव-शरीरको मूल्य धैरै बढी छ। किनभने ज्ञनको प्राप्ति केवल यसै योनिमा संभव छ। मनुष्य शरीर प्राप्त भए पछि नै यो शरीर नाश हुनेछ र विश्व (संपूर्ण संसार) परिवर्तनशील (बदली रहने किसिमको) छ भन्ने कुरा ज्ञात हुन्छ। यसरी मनमा लिएर इन्द्रियजन्य (इन्द्रियहरूबाट पैदा हुने) विषयहरूलाई तिलाज्जलि दिई सत्-असत्को विवेक गरेर ईश्वरको साक्षत्कार गर्न सकिन्छ। यसैले यदि हामीले शरीरलाई तुच्छ र अपवित्र संभेर यसलाई उपेक्षा गर्‍यौ भने हामी ईश्वरको दर्शन पाउने मौकाबाट ठगिन जान्छौ। यदि हामीले त्यसलाई मूल्यवान! संभेर त्यसलाई माया मोह गर्‍यौ भने हामी इन्द्रिय सुखतिर लाग्नेछौ र अनि त हाम्रो पतन पूरे निश्चित छ।

यसैले लिनुपर्ने उचित बाटो यो हे कि न त शरीरलाई उपेक्षा नै गर्ने, न त यसमा आसक्ति नै राख्नु। केवल यत्ति नै ध्यान राख्नु पर्छ कि कुनै घोडसवारको आफ्नो घोडा उपर त्यतिबेलासम्म मोह रहन्छ जतिबेलासम्म उ आफ्नो तोकिएको ठाउँसम्म पुगी फर्केर आउँदैन।

यसैले जीवनको मुख्य ध्येय ईश्वरदर्शन या अत्म साक्षात्कारको निमित शरीरलाई सर्ध लगइरख्नु पर्छ। यस्तो भनिन्छ कि अनेकौं प्राणीहरूको उत्पत्ति गरेपछि पनि ईश्वरलाई सन्तोष भएन। नहुनाको कारण हो कुनै प्राणी पनि ईश्वरको अलौकिक रचना र सृष्टिलाई बुभन समर्थ हुन नसक्नु। यसैले ईश्वरले एक विशेष प्राणी मानव जातिको उत्पत्ति गरेर

उसलाई ज्ञानको विशेष सुविधा प्रदान गरे। मनुष्य उनको लीला, अद्भुत रचना र त्यस्तै ज्ञानलाई वुभन सक्ने योग्य छ भन्ने देखेपछि मात्र मात्र उनीलई ज्यादै हर्ष र सन्तोष भयो (भागवत स्कध 11-9-28 को अनुसार) यसैले मनुष्य जन्म पाउनु बडो सौभग्यको सूचक हो। उच्च ब्रह्मण कुलमा जन्म लिनु ता परम सौभाग्यको लक्ष्मण हो। तर श्रीसाई चरणकमलमा प्रेम र वहाँको शरणागति प्राप्त हुनु यी सबै कुरामा ज्यादै नै श्रेष्ठ हो।

मनुष्यको प्रयत्नः-

यो संसारमा मनुष्य जन्म अति नै पाइनसक्नु छ। हरेक मानिसको मृत्यु त निश्चित नै छ। उसले मानिसलाई कुनै छिनमा पनि अंगालोहाल्न सक्छ। यस्तै नै धारणा लिएर हामीले आफ्नो ध्येयको प्राप्तिमा सधै नै तत्पर रहनु पर्छ। जस्तो प्रकारले हराएको राजकुमारको खोजमा राजाले सम्भव हुनेसम्म उपाय प्रयोग प्रयोगमा ल्याउँछन्, त्यस्तै किसिमले कत्ति पनि विलम्ब नगरेर हामीले आफ्नो अभीष्ट सिद्धिको लागि शीघ्रता गर्नु नै अत्यन्त उचित हो। यसै कारण हामीले पूर्ण लगन र उत्सुकतापूर्वक आलस्य र निद्रा त्यागेर आफ्नो ध्येय सधैं ईश्वरको नै ध्यानमा राख्नु पर्छ। यदि हामीले यसो गर्न सकेनौं भने त हामीले आफूलाई पशुकै स्तरमा संभनु पर्नेछ।

कसरी लाग्ने?

बढी सफलतापूर्वक र सजिलोसँग साक्षात्कार प्राप्त गर्ने एक मात्र उपाय हो ईश्वर साक्षात्कार भैसकेको कुनै योग्य सन्त या सत्गुरूका चरणको शीतलछायाँमा आश्रय लिनु। धार्मिक व्याख्यानहरू सुन्नाले र धार्मिक ग्रन्थहरूको अध्ययन गर्नाले प्राप्त हुन नसक्ने लाभ यी उच्च आत्माज्ञानीहरूको संगतले सजिलैसित प्राप्त हुन जान्छ। जो प्रकाश हामीलाई सूर्यबाट प्राप्त हुन जन्छ त्यस्तो विश्वका सम्पूर्ण ताराहरू मिलेर पनि सक्दैनन्। यसरी नै जुन आध्यामित्क ज्ञानको उपलब्धि (प्राप्ति) हामीहरूलाई सद्गुरूको कृपाबाट हुन सक्तछ त्यो ग्रन्थहरू र उपदेशहरूबाट कुनै प्रकारले पनि सम्भव हुँदेन। उनको प्रत्येक गतिविधि, मृदुभाषण (नरम कोमल बोलीचाली), गुह्य उपदेश (जो कोहीलाई जहिले सुकै नगरिने योप्य उपदेश), क्षमाशीलता (कसैको त्रुटीमा पनि नरिसाई क्षमा गर्न सक्नेपन), स्थिरता

(चंचल नभै दृढ भएर रहने पन), वैराग्य, दान तथा परोपकारिता (अर्काको उपकार गर्ने भावना), मानव शरीरको नियत्रंण (मनुष्य शरीरलाई सत्कर्मको लागि वशमा राख्नु।, अहंकार शून्यता (बडप्पन नहुनु) आदि गुण जुन तरीकाले यी पवित्र मंगल विभूतिद्वारा व्यवहारमा आउँछन्, तिनको प्रत्यक्ष दर्शन भक्तजनहरूलाई उनको सत्संगद्वारा हुन्छ। यसबाट मस्तिष्कको जागृति हुन्छ र उत्तरोत्तर आध्यात्मिक उन्नति भै नै रहन्छ। श्री साईबाबा यस्तै किसिमको एक सन्त या सत्गुरू हुनुहुन्छ। बाहिरीरूपबाट वहाँले एउटा फकीरको अभिनय गर्नु हुन्थ्यो तापनि वास्तवमा वहाँ सधैं नै आत्मालीन भएर रहनुहुन्थ्यो। बहाँले सबै प्राणीहरूसँग प्रेम गर्नु हुन्थ्यो र तिनमा भगवत्-दर्शनको अनुभव गर्नुहुन्थ्यो। वहाँलाई नं सुखको कुनै आकर्षण थियो न आपत्तिबाट विचलित हुनुहुन्थ्यो। वहाँको लागि धनी, गरीब दुवै एकैरूपले बराबर थिए। जसको केवल कृपाबाट भिखारी पनि राजा बन्न सक्दथ्यो, त्यै व्यक्ति वहाँ शिरडीमा ढोका ढोका घुमेर भिक्षा उपार्जन गर्नुहुन्थ्यो। यो कार्य वहाँ यस्तो किसिमले गर्नुहुन्थ्यो।

बाबाको भिक्षा बृत्तिः-

जसका ढोकामा परब्रह्म नै भिक्षुकको रूपमा खडा भएर "ए माता। रोटीको एक टुका मिलास्" भनी पुकारा गरी त्यो पाउन आफ्नो हात फैलाउनु हुन्थ्यो, ती शिरडीवासीहरूको भाग्यको कसले कल्पना गर्न सक्दछ। वहाँ सधैं एउटा हातमा टिनको बट्टा लिइरहनु हुन्थ्यो र अर्कोमा "झोली"। कुनै घरहरूमा वहाँ दिनहुँ नै हुन्थ्यो र कसैकसैको ढोकामा खालि " फेरी" मात्र लगाउनु हुन्थ्यो। वहाँले साग, दूध या मही आदि चीजहरू टिनको भाँडोमा थाप्नु हुन्थ्यो र त्यस्तै भात, रोटी आदि अरू सुक्खा वस्तुहरू झोलीमा राख्नु हुन्थ्यो। बाबाले आफ्नो जिब्रोलाई आफ्नो वशमा गरिसक्नु भएकोले वहाँको जिब्रोको कुनै स्वाद वा रूचि थिएन। यसैले उहाँ वेग्ला बैगलै वस्तुहरूको स्वादको चिन्ता किन गर्नुहुन्थ्यो र? भिक्षामा वहाँलाई जे जस्तो नै लिथ्यो त्यसैलाई ने मिसाएर सन्तोषपूर्वक ग्रहण गर्नु हुन्थ्यो। फलानो वस्तु स्वादिष्ट छ वा छैन 'भन्ने कुरातिर बाबाले कहिल्यै ध्यान नै दिनु हुन्थ्यो। मानौ वहाँको जिब्रोमा स्वाद-बोध नै थिएर कि क्या। वहाँ खालि मध्याहनसम्म मात्रै भिक्षा आर्जन गर्नुहुन्थ्यो। यो काम निकै अनियमित थियो। कुनै दिन वहाँ छोटो फेरी

लगाउनु हुन्थ्यो भने कुनै दिन बाहबजे सम्म पनि। वहाँले जम्मा गरिएको भोजन एउटा ठूलो भाँडोमा खन्याउनु हुन्थ्यो जहाँ कुकुर, बिराला र काग आदि स्वस्न्त्रापूर्वक भोजन गर्थे। बाबाले तिनीहरूलाई कहिल्यै धपाउनु भएन। मसजिदमा कुचो लगाउने एउटी स्वास्नी मानिसले पनि दश-बाह टुका उठाएर आफ्नो घरमा लैजान्थी। तर कसैले कहिल्यै पनि उसलाई रोकेन। जसले सपनामा पनि बिराला र कुकुरहरूलाई पनि कहिल्यै दुत्कारेर धपाएन त्यस्तो वहाँले निःस्सहाय गरीबहरूलाई रोटीका केही टुका उठाउने कुरामा किन रोक लगाउनु हुन्थ्यो। यस्तो महान् पुरूषको जीवन धन्य हो। शिरडीवासी त पहिले पहिले वहाँलाई केवल एउटा पागल नै संझन्थे र वहाँ शिरडीमा यसै नामले विख्यात पनि हुनु भएको थियो। जो भिक्षाको केही टुकाले नै निर्वाह गर्दथ्यो त्यस्यो व्यक्तिलाई कसैले कसरी आदर गर्थ्यो। तर वहाँ त उदार हृदयकसे, त्यागी र धर्मात्मा हुनुहुन्थ्यो। बाहिरबाट चंचल र अशान्त जस्तो लागे पनि भित्र अन्तःस्करणबाट दृढ र गम्भीर हुनुहुन्थ्यो। वहाँको मार्ग (बाटो) गहन (पत्ते पाइनसक्नु) र गूढ (गोप्यतम) थियो। त्यासो भए पनि गाउँमा केही यस्ता श्रद्धावान् (श्रद्धा भएका) र सौभाग्यशाली (सौभाग्य भएका (व्यक्ति थिए, जसले वहाँलाई पहिचाने र एक महान् पुरूष माने। यस्ते नै एउटा घटना तल दिइन्छ।

बायजाबाईको सेवाः-

तात्याकोतेकी आमा, जसको नाम बायजाबाई थियो, मध्योहनको समयमा एउटा टोकरीमा रोटी र तरकारी लिएर जंगलमा जाने गर्थिन्। उनी जंगलमा कोसौं टाढा जान्थिन् र बाबालाई खोजेर वहाँको चरण पक्डिन्थिन्। बाबा त शान्त र ध्यानमग्न भएर बसिरहनु हुन्थ्यो। उनीले एक लपेस बिछ्याए र त्यसमाथि सबै प्रकारको व्यंजन-रोटी, साग आदि मिलाएर राखिदिन्थिन् र बाबालाई भोजन गर्नाको निमित आग्रह गर्दथिन्। उनको सेवा तथा श्रद्धाको रीति बडो नै विलक्षण (असाधारण) थियो-हरेक मध्याहनमा जंगलमा बाबालाई खोज्नु र भोजनको लागि आग्रह गर्नु। उनको यो सेवा र उपासनाको संझना बाबालाई आफ्नो आखिरी क्षणतक रही नै रह्यो। उनको सेवाको ख्याल गरेर बाबाले उनको छोरालाई धेरै लाभ पुन्याउनु भयो। आमा र छोरा दुवै जनाको नै फकीर (बाबा) उपर दृढनिष्टा (मजबूट लगाउ) थियो। उनीहरूले बाबालाई सधैंभर ईश्वर समान नै गरी माने। बाबा

कहलेकाही उनीहरूलाई भन्ने गर्नु हुन्थ्यो–"फकिरी नै (गरीबी नै सच्चा अमीरी (धनाढ्य अवस्था) हो। त्यसको केही अन्त नै छैन (हूँदैन) जसलाई अमीरीको नामले पुकारिन्छ त्यो तुरन्त नै लोप भएर जाने कुरा हो।" केही वर्षपछि बाबाले जंगलमा घुम्न छोडिदिनु भयो। वहाँ गाउँमा नै रहने र मसजिदमै भोजन गर्ने गर्न लाग्नु भयो। यसैले गर्दा बायजा बाईलाई पनि वहाँलाई जंगलमा खोज्ने कष्टबाट छुटकारा मिल्यो।

तीनजनाको सुत्ने कोठाः–

ती सन्त पुरूष धन्य हुन् जसका हृदयमा भगवान् वासुदेव सदैव बास गर्नु हुन्छ। ती भक्तहरू पनि धन्य हुन्, जसलाई तिनको सान्निध्य (सामीप्य) प्राप्त हुन्छ। यस्तै दुई भाग्यशाली भक्त भिए (1) तात्याकोते पाटील (2) भक्त म्हालसापति। दुवैले बाबाको सान्निध्यको सधैं नै पूरा लाभ उठाए। बाबा दुवैमाथि समान प्रेम राख्नु हुन्थ्यो। यी तीनै महानुभाव मसजिदमा आफ्नो शिर पूर्व, पश्चिम तथा उत्तरतिर गर्दथे र केन्द्रमा एक अर्काको पाउमा पाउ मिलाएर सुत्ने गर्थे। बिछायौनामा लेटी–लेटी नै उनीहरू आधारातसम्म प्रेमपूर्वक वार्तालाप (गफगाफ) को साथै यता उताको चर्चा गर्दथे।

यदि कसैलाई निद्रा आउन लाग्यो भने अर्कोले उसलाई जगाइदिन्थ्यो। यदि तात्या घुर्न लागे भने बाबा तुरन्त उठेर उनलाई हल्लाउनु हुन्थ्यो र टाउको समातेर जोडसंग दबाइदिन हुन्थ्यो। यदि क्यै जाने त्यो म्हालसापति भए त उनीलाई पनि आफूतिर तान्नु हुन्थ्यो र पैंतालामा धक्का दिएर पीठ थपथप्याउनु हुन्थ्यो। यसरी तात्याले चौध वर्षसम्म आफ्ना आमा बावुलाई घरमै छोडेर बाबाको प्रेम वश मसजिदमै बसे। कस्ता राम्रा दिन थिए ती? ती कहिल्यै बिर्सिइन्छन् र? त्यो प्रेमलाई के भन्ने? बाबाको कृपाको मूल्य (मोल) कसरी अनुमान गर्न सकिन्थ्यो र? बाबुको मृत्यु भएपछि तात्यामाथि घरबारको जिम्मेवारी आइपऱ्यो। यसैले उनी घर गएर बस्न लागे।

राहता निवासी खुशाल चन्दः-

शिरडीका गणपत तात्याकोतेलाई बाबा ज्यादै मन पराउनु हुन्थ्यो। वहाँ राहताका मारवाडी सेठ श्री चन्द्रभानुलाई पनि ज्यादै प्यार गर्नु हुन्थ्यो। सेठजी को देहान्त भएपछि बाबाले तिनको भतिजा खुशाल चन्द्रलाई पनि ज्यादै प्रेम गर्नु हुन्थ्यो। वहाँ तिनको कल्याणको रातदिन फिकी गर्नु हुन्थ्यो। वहाँ आफ्ना ज्यादै नजिकका मित्रहरूका साथमा राहता जाने गर्नु हुन्थ्यो। बाबा गाउँको मूलढोकामा आइपुग्नासाथ गाउँलेहरूले वहाँको अपूर्व स्वागत गर्थे र ढोगेर बडो धूमधाम गाउँमा लैलान्थे। खुशाल चन्दले बाबालाई आफ्नो घरमा लैजान्थे र नरम आसनमा बसाएर उत्तम किसिमको अत्यन्त मीठो भोजन गराउँथे। अनि आनन्द तथा प्रसन्न चित्तले केही समयसम्म वार्तालाप गर्नु गर्थे। त्यसपछि बाबा सबैलाई आनन्दित गराएर तथा आशीर्वाद दिएर शिरडी फिर्ता आउनु हुन्थ्यो।एकतिर राहता (दक्षिणमा) र अर्कोतिर नीमग्राम (उत्तरमा) थिए। यी दुई गाउँको बीचमा शिरडी बसेको छ। बाबाले आफ्नो जीवनकालमा कहिल्यै पनि यी सीमाहरूको पार जानु भएन। वहाँले कहिल्यै रेलगाडी देख्नु भएन, न कहल्यै त्यसमा बसेर नै अन्त जानुभयो। तर पनि बहाँलाई सबै गाडीहरूको आवागमनको समय ठीक-ठीक जानकारी रहन्थ्यो। जो भक्तगण बाबासंग फर्कने अनुमति माग्दर्थ र आदेशनुसार चल्थे ती कुशलपूर्वक घर पुग्दथे। तर यसको विपरीत (उल्टो) जो अनास्था गर्थे, तिनीहरूलाई दुर्भाग्य र दुर्घटनाहरूको सामना गर्नु पर्दथ्यो। यस विषयसंग सम्बन्धित घटनाहरू र अरू विषयहरूलाई अर्को अध्यायमा बिस्तारपूर्वक वर्णन गरिने छ।

विशेषः-

यो अध्यायको तल दिइएको टिप्पणी बाबाको खुशाल चन्दमाथिको प्रेमको सम्बन्धमा छ। कस्तो किसिमले बहाँले काका साहेब दीक्षितलाई राहतगएर खुशाल चन्दलाई लिएर आउन भन्नुभयो र साथै त्यसै दिनको मध्याहनमा खुशाल चन्दलाई सपनामा नै शिरडी आउन भन्नुभयो भन्ने यो कुराको उल्लेख यहाँ गरिएर। किनभने यसको वर्णन यो सच्चरित्रको तीसौं अध्यायमा गरिए छ।

श्री सद्गुरू साईनाथमा अर्पणहोस्।

मंगल होओस्।।

## अध्ययाय 9



बिदा हुने समयमा बाबाको आज्ञाको पालन र अपहेलना गर्नाको परिणामहरूको केही उदाहरण, भिक्षावश्ति र त्यसको आवश्कयता, भक्तहरू (तर्खड परिवार) को अनुभव

गएको अध्यायको अन्तमा यत्ति मात्र संकेत गरियो कि फर्कने समयमा जसले बाबाका आदेशको पालना गरे तिनीहरू सकुशल घर फर्के र जसले अपहेलना गरे तिनीहरूले दुर्घटनाहरूको सामना गर्नुपर्‍यो। यो अध्यायमा यो भनाइको पुष्टि गर्ने अरू कैयौं घटनाहरू अरू विषयहरूसँग विस्तारपूर्वक स्पष्ट पारिने छ।

शिरडी यात्राको विशेषत :-

शिरडी यात्राको विशेषता यो थियो कि बाबाको आज्ञा बिना कोही पनि शिरडीवाट प्रस्थान गर्न सक्दैनथ्यो। यदि कसैले गर्‍यो भने उसले अनेकौं कष्टलाई निमन्त्रण दियो भने जस्तो हुन्थ्यो। तर यदि कसैलाई शिरडी छोड्ने आज्ञा भयो भने त फेरि उसले त्यहाँ बस्ने कुरा हुनै सक्दैनथ्यो। भक्तगण फर्कने समयमा बाबालाई ढोग्न जाँदा बाबाले उनीहरूलाई केही आदेश दिने गर्नु हुन्थ्यो जसको पालन अति आवश्यक थियो। यदि यी आदेशहरूको अवज्ञा गरेर कोही फर्क्यौं भने निश्चय नै कुनै दुर्घटनाको सामना गर्नु पर्थ्यो। यस्ता केही उदाहरण यहाँ दिइन्छन्।

तात्या कौते पाटील :-

एक समयमा तात्या कोते पाटील टाँगामा बसेर कोपर गाउँको बाजरमा जाँदै थिए। उनी छिटो-छिटो गरी मसजिदमा आए। बाबालाई ढोगे र "म कोपर गाउँ बजार जाँदैछु" भने। बाबाले भन्नु भयो- "छिटो नगर केही बेर पर्ख। जाने विचार छोडिदिऊ। गाउँ बाहिर नजाऊ"। उनको हडबड देखेर बाबाले भन्नुभयो "भैगो कमसेकम शामालाई त साथमा लिएर जाऊ"।

बाबाको आज्ञाको अपहेलना गरेर उनले तुरून्त टाँग अगाडि बढाए। टाँगाका दुई घोडामध्ये लगभग तीन सय रूपैयाँ पर्ने एउटा घोडा ज्यादै चंचल र छिटो हिड्ने थियो। बाटामा सावली बिहीर गाउँ पार नरेपछि त्यो बढी बेगले दौडन लाग्यो। अचानक नै त्यसको कमरमा पीडा भयो र त्यो त्यही ढल्यो। तात्यालाई धेरै चोट नलागे पनि उनीलाई आफ्नी साईआमाको आदेशहरूको सम्झना भने अवश्य नै आयो। अर्को एक मौकामा कोल्हार ग्राम जान लाग्दा पनि उनले बाबाका आदेशहरूलाई अपहेलना गरेका थिए र माथि वर्णन गरिएको घटनाजस्तै दुर्घटनाको उनले सामना गर्नु परेको थियो।

एक यूरोपियन महाशय :-

एक समयमा बम्बईका एक यूरोपियन महाशय नानासाहेब चाँदोरकरबाट परिचय-पत्र लिएर कुनै विशेष कामले शिरडी आए। तिनलाई एउटा शानिलो पालमा राखियो। उनी त बाबाको अगाडि झुकेर करकमललाई चुम्बन गर्न खोज्दथे। यसैकारण उनले तीन पटक मसजिदका सिंढी चढ्ने कोशिश गरे।

तर बाबाले तिनलाई आफ्नो नजिक आउन दिनु भएन। तिनलाई आँगनमै बस्ने र त्यहींबाट दर्शन गर्ने आज्ञा मिल्यो। यो विचित्रको स्वागतबाट अप्रसन्न भएर तिनले चाँडै नै शिरडीबाट प्रस्थान गर्ने (हिँड्ने) विचार गरेर बिदा लिनको लागि त्यहाँ आए। बाबाले उनीलाई भोलिपल्ट जाने हडबड नगर्ने राय दिनु भयो। अरू भक्तहरूले पनि बाबाको आदेश पालन गर्न अनुरोध गरे। तर सबैलाई अनास्था गरी टाँगामा बसेर हिँडिहाले। केही

टाढासम्म त घोडाहरू राम्ररी नै हिँड्दैरहे। तर साँवली बिहीर नाउँको गाउँ पार गरेपछि एउटा बाइसाइकिल अगाडिवाट आयो। त्यसलाई देखेर घोडा डराएर छिटोसँग दौडन लागे। फलस्वरूपः टाँगा पल्टियो र महाशयजी तल खसे र केही टाढासम्म टाँगाको साथ साथमा घिसारिँदै लगिए। मानिसहरूले तुरून्तै दौडेर उनीलाई बचाए। तर निकै धेरै चोट लागेकोले उनलाई कोपरगाउँको अस्पतालमा शरण लिनुपर्‍यो। यस घटनाबाट जसले बाबाको आदेशको अपहेलना गर्दछन् तिनीहरूलाई कुनै न कुनै प्रकारको दुर्घटनाको शिकार हुनै पर्छ र जसले आज्ञाको पालना गर्दछन् तिनीहरू सकुशल र सुखपूर्वक घर पुग्दछन् भन्ने शिक्षा भक्तहरूले ग्रहण गरे।

भिक्षावश्त्तिको आवश्यकता :-

अब म भिक्षावश्त्तिको प्रश्न उपर विचार गर्दछु। केही व्यक्तिको मनमा बाबा यसतो श्रेष्ठ पुरूष भएर पनि बहाँले आजीवन भिक्षाले नै किन निर्वाह गर्नुभयो होला भन्ने सन्देह मनमा उठ्न संभव छ।

यो प्रश्नको समाधान त दुई दश्ष्टिकोण अगाडि राखेर गर्न सकिन्छ।

पहिलो दश्ष्टिकोण-भिक्षावश्त्तिमा जीवन निर्वाह गर्ने अधिकारी को हो ?

शास्त्रानुसार जसले तीन मुख्य आसक्तिहरू (1) कामिनी (2) काँचन र (3) कीर्तिलाई त्यागेर आसक्ति-मुक्ति भएर सन्यास ग्रहण गरेका छन् तिनै भिक्षावृत्तिका उपयुक्त अधिकारी हुन्छन्। किनभने तिनीहरू आफ्नो घरमा भोजन तैयार गराउने प्रबन्ध गर्न सक्दैनन्। यसैले तिनीहरूलाई भोजन गराउने भार गृहसथ माथि नै छ। श्री साईबाबा न त गृहस्थ हुनुहुन्थ्यो न त वानप्रस्थी। वहाँ त बाँल ब्रह्मचारी हुनुहुन्थ्यो। विश्व नै मेरो घर हो भन्ने यो दृढ भावना थियो वहाँमा। वहाँ त स्वयं नै भगवान् वासुदेव, विश्वपालनकर्ता तथा परब्रहम हुनुहुन्थ्यो। यसैले वहाँ भिक्षा वृत्तिको पूर्ण अधिकारी हुनुहुन्थ्यो।

दोश्रो दृष्टिकोण :-

पन्चसूना- (पाँच पाप र तिनको प्रायश्चित) भोजन सामग्री तयार गर्दा या भान्सा तयार गर्दा गृहस्थाश्रमीहरूलाई पाँच प्रकारको काम गर्नु पर्छ भन्ने कुरा सबैलाई थाहा भएकै कुरा हो। ती हुन् (1) पिन्ने (2) दल्ने (3) भाँडा पुछ्ने (4) माँज्ने, धुने (5) चुलोमा आगो सल्काउने।

यी कामहरू गर्दाको परिणामस्वरूप अनेक कीटाणुहरूको तथा जीवहरूको नाश हुन्छ र यसले गर्दा गृहस्थाश्रमीहरूलाई पाप लाग्छ। यी पापहरूको प्रायश्चित स्वरूप शास्त्रहरूले पाँच प्रकारको यज्ञ गर्ने आदेश दिएका छन्। ती हुन् (1) ब्रहमयज्ञ अर्थात् वेदको अध्ययन (2) पितृ यज्ञ (अर्थात् पितृहरूको लागि तर्पण, सीदा आद्रिको दान। (3) देवयज्ञ अर्थात् देवताहरूको लागि बलि (4) भूतयज्ञ अर्थात् प्राणीहरूलाई दान (5) मनुष्य यज्ञ अर्थात् अतिथिहरूलाई दान।

यदि यी कर्महरू विधिपूर्वक शास्त्रले बताए वमोजिम गरियो भने चित्त शुद्ध भएर ज्ञान र आत्मानुभूतिप्राप्ति सजिलोसँग हुन जान्छ। बाबा ढोका ढोकामा गएर गृहस्थाश्रमीहरूलाई यो पवित्र कर्तव्यको संझना दिलाई रहनुहुन्थ्यो। साथै ती व्यक्तिहरू अत्यन्त भाग्यशाली थिए जसलाई घरमा बसेर नै बाबावाट शिक्षा ग्रहण गर्ने मौका मिल्न जान्थ्यो।

भक्तहरूको अनुभव :-

अब म अरू मन प्रसन्न हुने विषयहरूको वर्णन गर्छु।

..........................................................................................

1. *पत्र पुष्प फल तोय यो मे भक्त्या प्रयच्छति*
*तदह भक्त्यु पह्ुतमश्रामि प्रयतात्मनः गीता 1-26*
*जो मलाई भक्तिपूर्वक पत्र, पुष्प, फल तथा जल मात्र भने पनि चढाउँद छ,*
*चित्तले भक्ति साथि दिएको त्यो वस्तु म खुशीसाथ ग्रहण गर्दछु।।*

भगवान् कृष्णले गीतामा भन्नु भएको छ- "जसले मलाई भक्तिपूर्वक केवल एक पत्र (पात), फल, फूल या जल नै पनि अर्पण गर्दछ भने म त्यो शुद्ध अन्तस्करण हुने भक्तबाट अर्पण गरिएको वस्तुलाई सहर्ष (खुशी साथ ) स्वीकार गर्दछु।"1

यदि कुनै भक्तले श्री साईबाबालाई केही उपहार दिन चाहेर पनि पछि बिर्सन गएछ भने बाबाले उसैलाई वा उसको मित्रद्वारा त्यो अर्पण गरिने वस्तुको संझना गराउनु हुन्थ्यो र त्यो वस्तु दिनको लागि भन्नु हुन्थ्यो। अनि त्यो उपहार प्राप्त गरेर उसलाई आशीष दिनु हुन्थ्यो। तल केही यस्तै घटनाहरूको वर्णन गरिनेछ।

तर्खड परिवार (बाबु छोरा) :-

श्री रामचन्द्र आत्माराम उपनाम बाबा साहेब तर्खड पहिले प्रार्थना समाजी थिए। तर पनि उनी बाबाका परमभक्त थिए। उनका पत्नी र छोरा त बाबाका अनन्य भक्त थिए। एकपटक उनले छोरा र छोराकी आमाले गर्मीको छुट्टी शिरडीमै बिताऊन् भन्ने निश्चय गरे। तर छोरा वान्द्रा छोड्न सहमत भएनन्। बाबु प्रार्थना-समाजी हुँदा बाबाको पूजा आदिमा उचित ध्यान राख्न नसक्ने संभावना हुनाले घरमा बाबाको पूजा विविधपूर्वक हुन नसक्ने छ भन्ने कुराको उनीलाई डर थियो। तर पूजा यथाविधि नै भइरहने छ भन्ने आश्वासन बाबुले दिएकाले आमा र छोराले एक शुक्रबारको रातमा शिरडीको लागि प्रस्थान गरे।

भोलिपल्ट शनिवारमा श्रीमान् तर्खडले ब्रह्ममुहूर्तमा उठेर स्नान आदि गरी पूजा प्रारम्भ गर्नु अघि बाबाको अगाड साष्टाङ्ग दण्डवत् गरेर भने "है बाबा! म मेरो छोराले जस्तो किसिमले गदै रहेको छ ठीक त्यसरी नै हजूरको पूजा गर्द रहनेछु।

तर कृपा गरेर यसलाई शारीरिक परिश्रमसम्म नै सीमित नराख्नु होला"। यस्तो भनेर उनले पूजा आरम्भ गरेर मिश्रीको नैवेद्य अर्पण गरे जुन मध्याह्नको भोजनको समयमा प्रसादको रूपमा बाँडिदिइयो।

नया प्रेराग्राफ त्यो दिनको संध्या तथा भोलिपल्टको आइतबार पनि कुनै विघ्न नपरी बित्यो।

सोमबारमा उनीलाई अफिस जानु थियो तर त्यो दिन पनि कुनै विघ्न नपरी वित्यो। श्री तर्खडले यस्तो प्रकारले आफ्नो जीवनमा कहिल्यै पूजा गरेका थिएनन्। छोरालाई दिएको बचन अनुसार पूजा यथाक्रम सन्तोषपूर्वक चलिरहेको छ भन्ने कुराले उनको हृदयमा अति संतोष भयो। भोलिफ्ल्ट मंगलबारमा सधैंको झैं उनले पूजा गरेर अफिसमा गए। मध याह्नमा घर फर्किएपछि खानको लागि बस्दा थालीमा प्रसाद नदेखेर उनले आफ्नो भान्छेसँग यसबारे सोधे। आज बिर्सेर उनले नैवेद्य अर्पण गर्न झुलेछन् भनी उसले बतायो।

यो कुरा सुनेर उनी तुरून्तै आफ्नो आसनबाट उठे अनि बाबालाई दण्डवत् गरी क्षमा माग्न लागे। साथै बाबासँग उचित पथ-प्रदर्शन नगरी पूजालाई खालि शारीरिक परिश्रमतक नै सीमित राखेकोमा शिकायत गरे। उनले घटनाओ सम्पूर्ण विवरण छोरालाई पत्रद्वारा खबर गरेर उनलाई (छोरालाई) त्यो पत्र बाबाको श्री चरणमा राखी उनी (बाबु तर्खड) यो अपराधको लागि क्षमाप्रार्थी छन् भन्नु भनी अनुरोध गरे। यो घटना बान्द्रामा लगभग मध याह्नमा भएको थियो।

त्यही समयमा शिरडीमा मध्याह्नको आरती हुने-हुने समयमा बाबाले श्रीमती तर्खडसँग भन्नुभयो, "आमा, म केही भोजन पाउने विचारले तपाईको घर बान्द्रामा गएथें। ढोकामा ताल्चा मारेको देखेर पनि मैले कुनै प्रकारले घरमा प्रवेश गरें। तर वहाँ भाऊ (श्री तर्खड) ले मेरो लागि केही पनि राख्नु नभएको देखें। त्यसैले आज म भोकै फर्केर आएको छु।

कसैले पनि बाबाको कुराको अभिप्राय बुझेन। तर नजिकै खडा भैराखेका उनका छोराले बान्द्रामा पूजामा केही नै भने पनि बुटी भयो भन्ने कुरा बुझे। यसकारण उनले बाबासँग फर्कने अनुमति माग्न लागे। तर बाबाले आज्ञा दिनु भएन र त्यही नै पूजा गर्ने आदेश दिनु भयो। उनको (श्री तर्खडको) छोराले शिरडीमा जे भयो त्यो सबै पत्रमा लेखेर बाबुलाई

पठाए र साथै भविष्यमा पूजामा सावधान हुन विनम्र अनुरोध गरे। दुबै पत्र डाँकद्वारा भोलिपल्ट दुबैपक्ष कहाँ पुग्यो। के यो घटना आश्चर्यपूर्ण छैन ?

श्रीमती तर्खड :-

एक समय श्रीमती तर्खडले तीन चीज अर्थात् (1) भरित (भुर्ता अर्थात् मसला मिसाएर तारेको भण्टा र दही) (2) काचर्या (गोल टुका बनाएर घ्यूमा तारेको भन्टा) र (3) पेडा (मिठाइ) बाबाको निम्ति पठाइन्। बाबाले ती चीजलाई कसरी स्वीकार गर्नुभयो त्यो अब हेरौं :-

वान्द्राका श्री रघुवीर भास्कर पुरन्दरे बाबाका परमभक्त थिए। एक समय उनी शिरडी जाँदै थिए। श्रीमती तर्खडले श्रीमती पुरन्दरेलाई दुइवटा भन्टा दिइन् र शिरडी पुगेपछि एउटा भन्टाको भुर्ता र अर्काको काचर्या बनाएर बाबालाई चढाइदिन अनुरोध गरिन्। शिरडी पुगेपछि श्रीमती पुरन्दरे भुर्ता लिएर मसजिदमा गइन्। बाबा त्यसबेला भोजनमा वस्नु भएको नै थियो। बाबालाई त्यो भुर्ता बडो स्वादिष्ट लाग्यो। यसकारण वहाँले अलि-अलि सबैलाई बाँड्नु भयो। यसपछि नै बाबाले काचर्या ल्याउन भन्नुभयो। राधाकश्ष्णमाई कहाँ बाबाले काचर्या मागिरहनु भएको छ भन्ने खबर पठाइयो। अब के गर्ने भनी उनी असमंजसमा परिन्। भण्टाको त यो मौसम नै होइन।

अब भण्टा कसरी प्राप्त गर्ने भन्ने समस्या उत्पन्न भयो। तर भुर्ता कसल ल्याएको थियो भन्ने कुरा पत्ता लगाउनासाथ श्रीमती पुरन्दरेले ल्याएकी थिइन् भन्ने कुरा थाहा भयो। अनि काचर्या बनाउने काम उनैलाई सौंपियो। अब प्रत्येकलाई बाबाको यो सोधपूछको अभिप्रायः थाहा भयो र सबैलाई बाबाको सर्वज्ञता उपर ठुलो आश्चर्य लाग्यो।

दिसम्बर सन् 1915 मा श्री गोविन्द बालाराम मानकर शिरडी गएर वहाँ आफ्ना पिताको अन्त्येष्ठि-क्रिया गर्न चाहन्थे। प्रस्थान गर्नु अगाडि उनी श्रीमती तर्खडसँग भेट्न आए। श्रीमती तर्खड बाबाको लागि केही सौगात पठाउन चाहन्थिन्। उनले पूरै घर नै छानबीन

गरिन् तर खालि एउटा पेडा सिवाय केही पाइएन। त्यो पेडा पनि चढाएको नैवेद्यको थियो। बालक गोविन्द यस्तो परिस्थिति देखेर रून लागे।

तर ज्यादै प्रेमले गर्दा त्यही पेडा बाबाको लागि पठाइयो। बाबाले त्यसलाई अवश्य स्वीकार गर्नु हुन्छ भन्ने कुरा उनीलाई (श्रीमती तर्खडलाई) पूरा विश्वास थियो। शिरडी पुगेपछि गोविन्द मानकर बाबाको दर्शन गर्न गए पेडा लैजान भुले। बाबाले यो सबै चूपचापसँग्र हेरिमात्र रहनु भ परन्तु फेरि पनि जब उनी संध्या समयमा पेडा नलिएर नै बाबाकहाँ गए अनि भने बाबा शान्त रहनु सक्नु भएन र उनीलाई "तिमीले मेरो लागि के ल्याएका छौ? भनेर सोध्नुभयो" "केही ल्याएको छैन" भन्ने उत्तर मिल्यो। बाबाले फेरि सोध्नु भयो र उनले त्यहीमाथि भनिएकै उत्तर दोहोन्याए। अब भने बाबाले स्पष्टरूपमा सोध्नु भयो- "के तिमीलाई आमाले (श्रीमती तर्खडले) हिंड्ने बेलामा केही मिठाई दिनु भएन?"

अब उनीलाई संझना भयो र उनी ज्यादै नै लज्जिद भएर बाबासँग क्षमा माग्न लागे। उनी दौडेर तुरून्तै फर्केर पेडा ल्याएर बाबाको अगाडि राखिदिए। बाबाले तुरून्तै पेडा खानु भयो। यसरी श्रीमती तर्खडको सौगात बाबाले स्वीकार गर्नुभयो र "भक्त म माथि विश्वास गर्छ यसैले म स्वीकार गर्छु" यो भगवान्‌को वचन सिद्ध भयो।

बाबाको सन्तोषपूर्वक भोजन :-

एक समय श्रीमती तर्खड शिरडी आएकी थिइन। मध्याह्नको भोजन तैयार जस्तै भैसकेको थियो र थालहरूमा पस्किन लागिसकिएको थियो। त्यसैबेला त्यहाँ एउटा भोको कुकुर आएर भुक्न लागयो। श्रीमती तर्खड तुरून्त उठिन् र उनले रोटीको एक टुका कुकुरलाई राखिदिइन्। कुकुरले वडो मीठेसँग त्यो खायो।

संध्या समयमा जब उनी मसजिदमा गएर वसिन् अनि बाबाले उनीलाई भन्नुभयो, "आमा! आज तपाईले मलाई बडो प्रेमपूर्वक खुबाउनु भयो। मेरो भोको आत्मालाई बडो सान्त्वना मिलेको छ। सधै नै यस्तै नै गर्दै रहनोस्। तपाईलाई कुनै न कुनै बेला यसको

उत्तम फल अवश्य हुनेछ। यो मसजिदमा बसेर म कहिल्यै असत्य बोल्दिन। सधै नै म माथि यस्तै अनुग्रह गर्दै रहनुहोस्। पहिले भोकोलाई खुबाउनु होस् अनि पछि आफूले भोजन गर्ने गर्नोस्।"

बाबाका शब्दको अर्थ उनले बुझन सकिन्न्। यसैले उनले प्रश्न गरिन् "होइन, मैले कसरी भोजन गराउन सक्छु र। म आँफै पनि त अर्मामाथि निर्भर छु र ती व्यक्तिलाई पैसा दिएर भोजन प्राप्त गर्दछु।"

बाबाले भन्न लाग्नु भयो, "त्यो रोटी ग्रहण गरेर मेरा हृदय तश्प्त हुन गयो र अहिलेसम्म मलाई डकार आइरहेको छ। भोजन गर्नु अगाडि तपाईले जुन कुकुर देख्नुभो र जसलाई तपाईले रोटीको टुका दिनुभयो त्यो यथार्थमा मेरै स्वरूप थियो। यसैगरी अरू प्राणी (बिरालाहरू, सुंगुरहरू, माखाहरू गाई आदि) पनि मेरा नै स्वरूप हुन्। म नै तिनीहरूको आकारमा हल्लिराखेको छ। जो यी सब प्राणीहरूमा मेरो दर्शन गर्छ, त्यो व्यक्ति मलाई अत्यन्त प्यारो हुन्छ। यसैले द्वैत या भेदभाव बुझेर तपाई मेरो सेवा गर्ने गर्नोस्।

यो अमश्त जस्तो उपदेश ग्रहण गरेर उनी सललल पग्लिइन् र उनका आँखाबाट आँशुका धारा बहन लागे, घाँटी रोकिया र उनको हर्षको पाराबार भएन।

शिक्षा :-

"सम्पूर्ण प्राणीहरूमा ईश्वर दर्शन गर" यही यस अध्यायको शिक्षा हो। उपनिषद्, गीता र भागवतको यही उपदेश हो कि "ईशावास्यंमिदं सर्वम्" अर्थात् "सबै प्राणीहरूमा ईश्वरको बास छ, यो कुरालाई प्रत्यक्ष अनुभव गर"1

अध्यायको अन्तमा बताइएको घटना तथा अरू अँझै लेख्न बाँकी रहेका घटनाहरूद्वारा कसरी उपनिषद्हरूको शिक्षा आचरणमा ल्याउनु पर्छ भन्ने कुरा बाबाले स्वयं प्रत्यक्ष उदाहरण प्रस्तुत गरेर देखाउनु भएको छ।
यस्तै किसिमले श्री साईबाबा शास्त्र-ग्रन्थहरूको शिक्षा दिने गर्नु हुन्थ्यो।

श्री सद्गुरू साईनाथमा अर्पणहोस्।
मंगल होओस्।।

.................................................................................

*1. यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति।*
*तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति।। गीता अ. 6 श्लोक 30*
*जो योगी मलाई समस्त भूतवर्गमा तथा समस्त भूतवर्गलाई म मा देख्दछ,*
*त्यसदेखि म अप्रत्यक्ष छैन, मदेखि पनि त्यो अदश्श्य छैन।।*

# अध्याय 10



श्री साईबाबाको रहन-सहन, सुत्ने फलेक,
शिरडीमा निवास, वहाँको उपदेश,
वहाँको नम्रता, सुगम पथ (बाटो)

**प्रारम्भ :-**

श्री साईबाबालाई सधैं नै प्रेमपूर्वक संझनुहोस् किनभने वहाँ सधैंभर अर्काको कल्याणको लागि तत्प तथा आत्मलीन रहनु हुन्थ्यो। वहाँको स्मरण गर्नु नै जीवन र मशृत्युको समस्या समाधान गर्नु हो। साधनाहरूमा यो ज्यादै श्रेष्ठ तथ सजिलो साधना हो, किनकि यसमा कुनै द्रव्य खर्च हुँदैन। खालि मामूली परिश्रमले नै भविष्य ज्यादै फलदायक हुन्छ। इन्द्रियहरू पूरा बलिया भइन्जेलसम्म छिनछिनमा यो साधनालाई आचरणमा ल्याउनु पर्छ। अरू सबै देवी-देवता त भ्रममा पार्ने मात्र हुन्। खालि गुरू मात्र ईश्वर हो हामीले वहाँले वहाँकै पवित्र चरणकमलमा श्रद्धा राख्नु पर्छ। वहाँ त हरेक व्यक्तिको भाग्य विधाता (भाग्य बनाउने) र प्रेममय प्रभु हुनुहुन्छ। जसले अनन्यभावले (एकत्व रूपले) वहाँको सेवा गर्दछन् ती व्यक्तिले "भवसागरबाट निश्चय नै मुक्ति पाउन सक्तछन्। न्याय अथवा मीमांसा या दर्शनशास्त्र पढ्नु पनि केही आवश्यकता छैन। हामी जसरी नदी या समुद्रपार गर्ने समयमा नाउ खियाउने माझी उपर विश्वास राख्दछौं, त्यही प्रकारको विश्वास हामीले भवसागरबाट पार हुनको लागि सद्‌गुरूमाथि गर्नुपर्छ। सद्‌गुरूले त खालि भक्तहरूको भक्तिभावतिर नै हरेर उनीहरूलाई ज्ञान र परमानन्दको प्राप्त गराई दिनुहुन्छ।

गएको अध्यायमा बाबाको भिक्षावृत्ति, भक्तहरूको अनुभव तथा अरू विषयको वर्णन गरिएको छ। अब पाठकगणले श्री साईबाबा कस्तो तरीकाले बस्नु हुन्थ्यो, सुत्नुहुन्थ्यो र शिक्षा प्रदान गर्नु हुन्थ्यो भन्ने कुरा सुनून्।

बाबाको अनौठो बिछ्यौना :-

पहिले हामीले बाबा कसरी सुत्नु हुन्थ्यो भन्ने कुरा हेर्नेछौं। एकपटक श्री नाना साहेब डेंगलेले एक चार हात लामो र एक हत्केला जति चौडा काठका फलेक श्री साईबाबालाई सुत्नको लागि ल्याए। फलेक तल कतै राखी त्यसमाथि नसुते र पुराना झुत्राका टुकाले मसजिदका दलिनमा त्यसलाई झूला जस्तो गरी बाँधेर मात्र त्यसमाथि सुत्न थाल्नु भयो।

झुत्राका टुकाहरू एकदमै पातला र कमजोर हुनाले मानिसहरूलाई त्यसको झूला बनाउनु एउटा समस्या जस्तै बन्यो। झुत्राका टुकाहरूले खालि फलेकको बोझ मात्र पनि थाम्न सक्दैनथे। तिनैले अझ बाबाको शरीरको भार कसरी थाम्न सक्ने होला? जसरी नै होस् यो कुरा त राम नै नानून्, तर फाटेका झुत्राका टुकाहरूले फलेक र बाबाको बोझ थामिराख्नु चाहिं बाबाको एउटा लीला नै थियो। फलेकको चारै कुनामा बत्ती रातभर बलिरहन्थे। बाबाले फलेकमाथि बसेको वा सुतेको देख्नु देवताहरूका निम्ति पनि दुर्लभ दृश्य थियो। बाबा फलेकमाथि कसरी चढ्नु हुँदो हो र कसरी तल ओलर्नु हुँदो हो भनेर सबै आश्चर्य चकित थिए। मानिसहरू उत्सकुतावश यो रहस्य खोल्नको लागि आफ्नो नजर लगाइरहन्थे। तर यो बुझन कोही पनि सफल हुन सकेन र यो रहस्य जान्नको लागि नै भीड झन्-झन् बढ्न लाग्यो। यस कारण बाबाले फलेक भाँचेर बाहिर फेंकिदिनुभयो। बाबालाई अष्ट सिद्धिहरू प्राप्त थिए, तर वहाँले कहिल्यै पनि तिनको प्रयोग गर्नु भएन, न कहिल्यै वहाँलाई यस्तो इच्छा नै भयो। तिनीहरू त स्वतः नै स्वाभाविक रूपले पूर्णता प्राप्त भएको कारणले वहाँमा आएका थिए।

ब्रह्मको सगुण अवतार :-

बाहिरी दृष्टिले श्री साईबाबा साढे तीन हात लामो एउटा सामान्य पूरूष हुनुहुन्थ्यो। तर वास्तविक रूपमा त वहाँ प्रत्येक व्यक्तिको हृदयमा विराजमान हुनुहुन्थ्यो, भित्रबाट वहाँ आसक्तिरहित र स्थिर हुनुहुन्थ्यो। तर बाहिरबाट जनकल्याणको लगि सधैं चिन्तित रहनु हुन्थ्यो। भित्रबाट वहाँ सम्पूर्ण रूपले निःस्वार्थी हुनुहुन्थ्यो। भक्तहरूको निमित्त वहाँको हृदयमा परम शान्ति विराजमान थियो। तर बाहिरबाट अशान्त जस्तो लाग्नु हुन्थ्यो। वहाँभित्रबाट बह्मज्ञानी तर बाहिरबाट संसारमा अल्झेको जस्तो देखिनु हुन्थ्यो।

वहाँ कहिले प्रेम दृष्टिले हेर्नु हुन्थ्यो भने कहिले ढुंङ्गाले हान्नुहुन्थ्यो। कहिले गाली गर्नु हुन्थ्यो भने कहिले छातीमा लगाउनु हुन्थ्यो। वहाँ गम्भीर शान्त र सहनशील हुनुहुन्थ्यो। वहाँ सदैव दृढ र आत्मलीन रहनुहुन्थ्यो र आफ्ना भक्तहरूको सदैव उचित ध्यान राख्नु हुन्थ्यो। वहाँ सधैंभर एउटै आसनमाथि नै विराजमान हुनुहुन्थ्यो। वहाँ कहिल्यै यात्राको लागि निक्लनु भएन। वहाँको एउटा सानो दण्डा (लठ्ठी) थियो, जुन वहाँ सधै आफैँसँग राम्रोसँग राख्नुहुन्थ्यो। विचार शून्य हुनाले वहाँ शान्त हुनुहुन्थ्यो। वहाँले कान्चन (धन) र कीर्तिको चिन्ता कहिल्यै गर्नु भएन। सधैं नै भिक्षावृत्तिद्वारा नै जीवन निर्वाह गरिरहनु भयो। वहाँको जीवन नै यस्तै किसिमको थियो। वहाँको ओठमा सधैं नै "अल्लाह मालिक" यही रहन्थ्यो। वहाँको भक्तहरू उपर विशेष र अटूट प्रेम थियो। वहाँ आत्मज्ञानको खानी तथा परम दिव्यस्वरूप हुनुहुन्थ्यो। श्री साईबाबाको दिव्य स्वरूप यस्तो किसिमको थियो जसको अन्तर्गत यो सारा विश्व छ त्यस्तो एक अपरिमित (अगाध) अनन्त सत्य र अपरिवर्तनशील (कहिल्यै नबदलिने) सिद्वान्त श्री साईबाबामा प्रकट भएको थियो। यो अमूल्य निधि (खानी) केवल सत्वगुण सम्पन्न र भाग्यशाली भक्तहरूलाई मात्रै प्राप्त भयो। जसले श्री साईबाबालाई केवल मनुष्य या सामान्य पुरूष ठाने वा ठान्छन् ती वास्तबमा अभागी थिए या हुन्।

श्री साईबाबाका माता-पिता तथा वहाँको जन्मतिथिको ठीक-ठीक पत्ता कसैलाई नभए पनि वहाँको शिरडीको बसाइद्वारा यसको अनुमान लगाउन सकिन्छ। पहिले-पहिले बाबा शिरडीमा आउनु भएको बखतमा वहाँको आयु केवल 16 वर्षको थियो। वहाँ शिरडीमा 3

वर्षसम्म रहनु भएपछि फेरि केही समयको लागि अन्तर्धान हुनुभयो। केही कालपछि वहाँ औरङ्गाबादको नजिक (निजाम स्टेट) मा प्रकट हुनुभयो र चाँद पाटीलको बरातको साथमा फेरि शिरडी आउनु भयो। त्यसबखत वहाँको आयु बीस वर्षको थियो। वहाँ लगातार 60 वर्षसम्म शिरडीमा बस्नु भयो र 1918 मा महासमाधि लिनु भयो। यी तथ्यहरूको आधारमा वहाँको जन्म तिथि सन् 1838 को लगभग थियो भनी हामी भन्न सक्दछौं।

बाबाको ध्येय र उपदेश :-

सत्रौं शताब्दी (1608-1681) मा सन्त रामदास प्रकट भएर उनले मुसलमानहरूबाट गाई र ब्राह्मणहरूको रक्षा गर्ने काम धेरै सीमासम्म सफलतापूर्वक गरे। परन्तु दुई शताब्दी बितेपछि हिन्दु र मुसलमानहरूमा वैमनस्य बढेर गयो र यसैलाई हटाउनको लागि नै श्री साईबाबा प्रकट हुनुभयो। वहाँको सबैको निम्ति यही उपदेश थियो "हिन्दूहरूका भगवान् र मुसलमानहरूका खुदरहीम एउटै हुन् र तिनमा अलिकति मात्र पनि भेद छैन। अनि तिमीहरू उनीहरूका अनुयाय (पछि लाग्ने) हरू किन बेग्लाबेग्लै भएर आपसमा झगडा गर्छौ? अज्ञानी बालकहरू हो! दुबै जातिहरू एकतामा बाँधिएर एकैसाथ मिलीजुली बस। शान्त चित्तले बस र यसरी राष्ट्रिय एकताको ध्येय प्राप्त गर। झगडा र विवाद व्यर्थ छ। यसैले झगडा नगर तथा आपसमा प्राण लिने नबन। सधैंभर आफ्नो हित तथा कल्याणको विचार गर। श्रीहरिले तिमीहरूको रक्षा अवश्य गर्नु हुनेछ। योग, वैराग्य, तप, ज्ञान आदि ईश्वरको नजिक पुग्ने वाटो हुन्। यदि तिमी कुनै तरहले सफल साधक बन्न सकेनौ भने तिम्रो जन्म व्यर्थ छ। कसैले तिम्रो कति नै निन्दा किन नगरोस्, तिमीलेग त्यसको प्रतिकार नगर। यदि कुनै शुभ कर्म गर्ने इच्छा छ भने सधैं नै अर्काको भलाइ गर1

..............................................................................

1. अष्टादश पुराणेषु व्यासस्य वचनद्वयम्। परोपकाराः पुण्याय पापाय परपीडनम्।। अठार पुराण नै ती बनाउने महर्षि व्यासका शिक्षा रूपको भनाइ दुइटा मात्र छन्- अर्कालाई उपकार गर्नु नै पुण्य हो र अर्कालाई दुःख दिनु पाप हो। अर्काको असल गर्नुभन्दा धर्म अर्को, छैन, अर्कालाई दुःख दिनु भन्दा नीच काम अर्को छैन। "परहित सरिस धर्म नहिं भाई। पर पीडा सम्म नहिं अधमाई" तुलसीदास

उपर्युक्त कथनानुसार आचरण गर्नाले भौतिक तथा आध्यात्मिक दुवै क्षेत्रमा तिम्रो प्रगति हुनेछ।" यही हो संक्षेपमा श्री साईबाबाको उपदेश।

सच्चिदानन्द सद्‌गुरू श्री साईनाथ महाराज :-

गुरू त अनेक छन्। कुनै गुरू यस्ता छन्, जो हातमा वीणा र करताल लिएर आफ्नो धार्मिकताको प्रदर्शन गर्दै ढोका-ढोका घुम्छन्। तिनीहरू शिष्यहरूका कानमा मन्त्र फुक्छन् र उनीहरूको सम्पत्तिको शोषण गर्छन्। तिनीहरू ईश्वरभक्ति तथा धार्मिकताको खालि ढोंग नै रच्छन्। ती वास्तविक रूपमा अपवित्र र आधार्मिक हुन्छन्। श्री साईबाबाले धार्मिक निष्ठा प्रदर्शित गर्ने विचारसम्म पनि कहिल्यै मनमा गर्नु भएन। शारीरिक बुद्धिले वहाँलाई अलिकति मात्र पनि छोएको थिएन। परन्तु वहाँमा भक्तहरूको लागि असीम प्रेम थियो।

गुरूहरू दुई प्रकारका हुन्छन (1) नियत (पंरपरागत कुलगुरू) (2) अनियत (संजोगले प्राप्त भएका साधारण) अनियत गुरूका आदेशहरूबाट आफँमा उत्तम गुणहरूको विकास हुन्छ तथा चित्तको शुद्धि भएर विवेकको वर्‌द्धि हुन्छ। तिनले भक्तिको बाटोमा लगाइदिन्छन्। तर नियत गुरूको संगत मात्रले द्वैत बुद्धिको ह्रस तुरून्तै हुन जान्छ। यथार्थमा जसले हामीलाई आत्मस्थित बनाएर यो भवसागरबाट पार गराइदिन्छन्, तिनी नै सद्‌गुरू हुन्। श्री साईबाबा त्यही कोटिका गुरू हुनुहुन्थ्यो। वहाँको महानता अवर्णनीय छ। जो भक्त बाबाको दर्शनोको लागि आउँथे उनले प्रश्न गुर्नुभन्दा पहिले नै बाबा ले उनको सम्पूर्ण जीवनको तीनै कालको घटनाहरूको पूरा-पूरा विवरण भनिदिनु हुन्थ्यो। वहाँ समस्त प्राणीहरूमा ईश्वर-दर्शन गर्ने गर्नुहुन्थ्यो। वहाँलाई मित्र र शत्रु दुबै एक समान थिए। वहाँ निःस्वार्थी तथा दृढ ह्नु हुन्थ्यो। वहाँ उपर भाग्य तथा दुर्भाग्यको कुनै प्रभाव थिएन। वहाँ कहिल्यै शंकाग्रस्त हुनु भएन। शरीरधारी भएर पनि वहाँमा शरीरको अलिकति मात्र पनि आसक्ति थिएन। शरीर त वहाँको लागि केवल एउटा आवरण (ढकनी) मात्र थियो। वास्तविक रूपमा त वहाँ नित्य-मुक्त(सदा उन्मुक्त) हुनुहुन्थ्यो।

ती शिरडीवासी धन्य हुन्, जसले श्री साईबाबालाई ईश्वर रूपमा उपासना गरे। सुत्दा-उठ्दा, खाँदा-पिउँदा, भवन या खेत या खेत तथा घरहरूमा अरू काम गर्दा पनि ती शिरडीवासीहरू सदैव वहाँको स्मरण तथा गुणगान गर्दथे। साईबाबाभन्दा अर्को दोश्रो कुनै ईश्वरलाई उनीहरू मान्दै मान्दैनथे। शिरडीका नारीहरूको प्रेमको माधुर्यबारे त भन्नु नै के छ र। तिनीहरू बिलकुलै भोला भाला थिए। उनीहरूको प्रेमको उनीहरूलाई ग्रामीण भाषामा भजन रच्ने प्रेरणा सदैव दिइरहन्थ्यो। उनीहरू शिक्षित नभए पनि उनीहरूको सरल भजनह रूमा वास्तविक काव्यको झलक थियो। यो कुनै विद्वता थिएन परन्तु उनीहरूको सच्चा प्रेम नै यस किसिमका कविताओ प्रेरक (प्रेरणा गर्ने) थियो। कविता त सच्चा प्रेमको प्रकटित स्वरूप नै हो, जसमा चतुरा श्रोतागणले नै वास्तविक दर्शन या रसिकताको अनुभव गर्दछन्। सर्वसाधारण जनतालाई यी लोकगीतहरूको बडो आवश्यकता छ। सायद भविष्यमा बाबाको कृपाले कुनै भग्यशाली भक्तले भक्त-गीत संग्रह गर्ने काम आफ्नो हातमा लिएर यी गीतहरूलाई साईलीला पत्रिकाम वा पुस्तकरूपमा प्रकाशित गराइदेलान्।

बाबाको विनयशीलता :-

भगवान्मा छ प्रकारका विशेष गुण हुन्छन् भन्दछन्, तीन हुन्:- (1) कीर्ति (2) श्री (3) वैराग्य (4) ज्ञान (5) ऐश्वर्य (6) उदारता। श्री साईबाबामा पनि यी सबै गुण विद्यमान थिए। वहाँले भक्तहरूको इच्छापूर्तिको निमित्त सगुण अवतार लिनु भएको थियो। वहाँको कृपा (दया) बडो विचित्र नै थियो। वहाँ भक्तहरूलाई स्वयं आफूकहाँ आकर्षित गर्नु हुन्थ्यो। नभए वहाँलाई कसले कसरी जान्न पाउँथ्यो? भक्तहरूको लागि वहाँ आफ्नो श्रीमुखबाट यस्तो वचन भन्नुहुन्थ्यो जसको वर्णन गर्न सरस्वती पनि साहस गर्न सक्तिनथिन्। तिनै मध्येबाट यहाँ एक रोचक नमूना दिइन्छ। बाबा अति विनम्रतासँग यसरी बोल्नु हुन्थ्यो-"दासानुदास म तिम्रो ऋणी छु, तिम्रो दर्शन मात्रले मलाई सान्त्वना मिल्यो। जो तिम्रो चरणको दर्शन मलाई प्राप्त भयो, यो म उपर तिम्रो ठूलो उपकार हो। तिम्रो दर्शन गरेर म आफूलाई धन्य सम्झन्छु। कस्तो विनम्रता हो? यी वाक्यलाई प्रकाशित गरिदिनाले श्री साईबाबाको महानतामा आँच पुग्यो भनेर कसैले सोच्दछ भने म यसको

लागि क्षमाप्रार्थी छु। साथै यसको प्रायश्चित स्वरूपमा म साई नामको कीर्तन तथा जप गर्ने गर्छु।

बाहिरी दश्ष्टिबाट बाबाले विषय-पदार्थहरूको उपभोग गर्नु भए जस्तो लाग्थ्यो तापनि वहाँमा त्यसको अलिकति मात्र पनि गन्ध थिएन, न वहाँलाई तिनको उपभोगको ज्ञान नै थियो। वहाँ पक्कै नै खानु त हुन्थ्यो तर वहाँको जिभ्रोमा केही स्वाद थिएन। वहाँ आँखाले हेर्नु हुन्थ्यो तर त्यो दश्श्यमा वहाँलाई कुनै रूचि थिएन। काम-भोगको सम्बन्धका वहाँ हनुमान् सरहकै अखण्ड ब्रह्माचारी हुनुहुन्थ्यो। वहाँलाई कुनै वस्तुमा आसक्ति थिएन। वहाँ त्यस्तो शुद्ध चैतन्य स्वरूप हुनुहुन्थ्यो जहाँ समस्त इच्छा, अहंकार र अरू किसिमका चेष्टाहरूले पानि विश्राम पाएका थिए। छोटकरीमा वहाँ स्वार्थरहित, मुक्त पूर्णब्रहम हुनुहुन्थ्यो। यो भनाइलाई वुभनको लागि एउटा रोचक कथाको उदाहरण यहाँ दिइन्छ।

नानाबल्ली :-

शिरडीमा नानाबल्ली नामक एउटा विचित्र तथा अनौठा व्यक्ति थिए। तिनी बाबाको सबै कामको रेखदेख गर्ने गर्थे। एक समय बाबा गददीमा विराजमान भैरहनु भएकै बखतमा तिनी वहाँकहाँ पुगे। तिनी आफैं नै गददीमा बस्न चाहन्थे। यसैकारण तिनले बाबालाई त्यहाँबाट (गददीबाट) हट्न भने। बाबाले तुरून्तै गददी छोडिदिनु भयो र नानाबल्ली त्यहाँ बसे। एकैछिन मात्र त्यसमा बसेर तिनी उठे र बाबालाई आफ्नो स्थान ग्रहण गर्न भने। बाबा फेरि आसनमा बस्तु भयो। यो देखेर नानाबल्ली वहाँको चरणमा परेर भागे। यसरी लापरवाहीसँग आज्ञा पिटेर आसनबाट उठाइएको कारणले बाबामा अलिकति मात्र पनि अप्रसन्नताको झलक थिएन।

सजिलो बाटो सन्तहरूको कथाहरू सुन्नु र उनीहरूसँगको भेट :-

हुनता बाहिरी दश्ष्टिबाट श्री साईबाबाको आचरण सामान्य मानिसहरूको जस्तै थियो, तर वहाँको कामहरूबाट वहाँको असाधारण बुद्दिमत्ता र चतुऱ्याई स्पष्ट नै झल्कन्थ्यो। वहाँको सबै काम भक्तहरूको भलाइको निमित्त नै हुन्थे। वहाँले कहिल्यै पनि आफ्ना

भक्तहरूलाई कुनै आसन या प्राणायामका नियमहरू अथवा कुनै उपासनाको आदेश कहिल्यै दिनु भएन, न ता उनीहरूका कानमा कुनै मन्त्र नै फुक्नु भयो। वहाँको सबैलाई यही भनाइ थियो कि चतुन्याई त्याग गरेर सदैव “साई साई यही स्मरण गर। यस्तो किसिमले आचरण गर्नाले सम्पूर्ण बन्धनहरू छुट्न जान्छन् र तिमीलाई मुक्ति प्राप्त हुन जानेछ। पंचाग्नि, तपस्या, त्याग, स्मरण, अष्टाङ्ग योग आदि साध्य हुनु खालि ब्राह्मणहरूको लागि नै संभव छ, अरू वर्णहरूका लागि छैन।

मनको काम विचार गर्नु हो। विचार नगरी ऊ एकछिन पनि रहन सक्तैन। यदि तिमीले उसलाई कुनै विषयमा लगाइदियौ भने ऊ त्यसैको चिन्तन गर्न लाग्ने छ। अनि यदि उसलाई गुरूलाई अर्पण गरिदियौ भने ऊ गुरूको सम्बन्धमा नै चिन्तन गरिरहनेछ। पाठक! तपाईहरूले बहुतै ध्यानपूर्वक साईको महानता र श्रेष्ठताको श्रवण गरी नै सक्नु भयो। यो स्वाभाविक स्मरण र पूजन नै साईको कीर्तन हो। सन्तहरूका कथाको स्मरण गर्नु माथि वर्णन गरी सकिएका अरू साधनाहरू गर्नुजस्तो कठिन छैन। यी कथहरूले सांसारिक डरलाई निर्मूल गराएर आध्यात्मिक बाटोतिर चढाइदिन्छन। यसैले यी कथाहरूको हमेशा श्रवण र मनन गर्नोस, त्यस्तै आचरणमा पनि ल्याउनोस्। यदि यी कुरालाई कार्यान्वित गर्नुभयो भने (कामना लगाउनु भयो भने) खालि ब्राह्मणमात्र होइन कि स्त्री जातिहरूको साथै अरू दलित जातिहरू पनि शुद्ध र पवित्र हुन जानेछन्। सांसारिक कामकाजहरूमा लागिराख्दा खेरि पनि आफ्नो चित्त साई र वहाँका कथाहरूमा लगाइराख्नोस्। अनि त वहाँले अवश्य कृपा गर्नु हुनेछ भन्ने यो कुरा निश्चित छ। यो बाटो ज्यादै सजिलो हुँदाहुँदै पनि धेरैजसोले यो बाटो के कारणले लिँदैनन् कुन्नि? यसको कारण खालि यो हो कि भगवान्को कृपाको अभावको कारण मानिसहरूमा सन्तहरूको कथाहरूको रूचि पैदा हुँदैन। ईश्वरको कृपाबाट नै हरेक काम सुचारू एवं सुन्दर ढङ्गले चल्दछ। सन्तहरूको कथा सुन्नु नै सन्तहरूसँगको भेट समान हो। सन्तहरूको नजिक रहनुको महत्व अति ठूलो छ। त्यसबाट दैहिक (देहबाट पैदा हुने) बुद्धि, अहंकार तथा जन्म-मृत्युको चकबाट मुक्ति हुन जान्छ। हृदयमा संपूर्ण ग्रन्थिहरू खुल्न जान्छन् र चैतन्यघनस्वरूप ईश्वरसँग मिलन हुन जान्छ। विषयहरूबाट निश्चय नै विरक्ति बढ्छ साथै दुःख र सुखमा

स्थिर रहने शाक्ति प्राप्त हुन जान्छ र आध्यात्मिक उन्नति सुलभ हुन जान्छ। यदि तपाईले नाम स्मरण, पूजन या भक्ति जस्ता इत्यादि कुनै साधन गर्नु हुन्न परन्तु अनन्यभावले खालि सन्तहरूको नै शरणागत हुन जानुभयो भने वहाँले तपाईहरूलाई सजिलैसँग भवसागर पार गरिदिनु हुनेछ। यसै कामको निमित्त नै सन्तहरू विश्वमा प्रकट हुनुहुन्छ। गड्गा, यमुना, गोदावरी, कृष्णा, कावेरी आदि पवित्र नदीहरू जसले संसारको समस्त पापहरूलाई धोइदिन्छन्, तिनै पनि कोही माहात्माले आफ्नो चरण-स्पर्शले हामीलाई पवित्र गरून् भनी सदैव इच्छा गर्दछन् सन्तहरूको प्रभाव यस्तो छ। वितेका जन्महरूको शुभकर्मका फलस्वरूपः नै श्री साई चरणको प्राप्ति संभव द।

म साईका मोह- विनाशक चरणहरूको ध्यान गरेर या अध्याय समाप्त गर्दछु। वहाँको स्वरूप कस्तो सुन्दर र मनोहर छ। मसजिदको किनारामा खडा हुनु भएको वहाँ सबै भक्तहरूको कल्याणको लागि उदी (विभूति) वितरण गर्ने गर्नुहुन्छ। जो यो विश्वलाई झूटो मानेर सँधै आत्मानन्दमा (आत्माको आनन्दमा) डूबिरहनु हुन्थ्यो, त्यस्ता सच्चिदानन्द श्री साई महाराजका चरण कमलहरूमा मेरो बारम्बार नमस्कार छ।

श्री सद्गुरू साईनाथमा अर्पणहोस् ।
मंगल होओस्॥

# अध्याय 11



सगुण ब्रह्म श्री साईबाबा, डाक्टर पंडितको पूजन, हाजी सिद्दीक फालके, तत्वहरू उपर नियन्त्रण।

यो अध्यायमा अब म श्री साईबाबाको सगुणब्रह्म स्वरूप, वहाँको पूजन तथा तत्वहरू उपर नियन्त्रणको वर्णन गर्नेछु।

सगुण ब्रह्म श्री साईबाबा :-

ब्रह्मका दुई स्वरूप छन्-निर्गुण र सगुण। निर्गुण निराकार छ र सगुण साकार छ। हुनता ती दुबै एकै ब्रहमका दुई रूप हुन् तापनि कसैलाई निर्गुण कसैलाई सगुण उपासनामा मन लाग्ने हुन्छ, जस्तो कि गीताको बाहौं अध्यायमा वर्णन गरिएको छ। सगुण उपासना सरल र श्रेष्ठ छ। मनुष्य स्वयं आकार (शरीर-इन्द्रिय आदि) मा छ। यसैले उसलाई ईश्वरको साकार उपासना स्वभावैले सजिलो छ। जबसम्म केही समय सगुण ब्रहमको उपासना गरिन्न तबसम्म प्रेम र भक्तिमा वृद्धि नै हुँदैन। सगुणोपासनामा जति जति हाम्रो प्रगति हुँदै जान्छ, अनि हामी निर्गुण ब्रह्मतिर अग्रसर हुँदै जान्छौं। यसैले सगुण उपासनाबाट नै श्री गणेश गर्नु अति उत्तम छ। मूर्ति, वेदी, अग्नि, प्रकाश, सूर्य, जल तथा ब्राह्मण आदि सात उपासनाका वस्तुहरू भएपनि सद्गुरू नै यी सबैमा श्रेष्ठ हुन्।

वैराग्यको प्रत्यक्षमूर्ति तथा अनन्य शरणागत (एकत्वरूपले शरणमा परेका) भक्तहरूको आश्रयदाता श्री साईको स्वरूप आँखाको अगाडि ल्याउनुहोस्। वहाँको शब्दमा विश्वास लिनु नै आसन होर वहाँको पूजनको संकल्प गर्नु नै सम्पूर्ण इच्छाहरूको त्याग हो।

कोही कोही श्री साईबाबाको गणना भागवद्भक्त अथवा एक महाभागवत (महान्भक्त) मा गर्दथे या गर्दछन्। परन्तु हामीहरूको लागि त वहाँ ईश्वरकै अवतार हुनुहुन्छ। वहाँ अत्यन्त क्षमाशील, शान्त, सरल र सन्तुष्ट हुनुहुन्थ्यो, जसको कुनै उपमा नै दिन सकिन्न। वहाँ शरीरधारी हुनु हुन्थ्यो तापनि वास्तविक रूपमा निर्गुण, निराकार, अनन्त 2 नित्यमुक्त (सधैं उन्मुक्त) हुनुहुन्थ्यो। गङ्गा नदी समुद्रतिर जाँदा जाँदै बाटामा ग्रीष्म (कडा गर्मी) ले पीडित अनेकौं प्राणीहरूलाई शीतलता पुन्याएर आनन्दित गर्दछिन्, फसलहरू वृक्षहरूलाई जीवनदान दिन्छिन् तथा प्राणीहरूको भोक शान्त गर्छिन् त्यसरी नै श्री साईबाबा सन्त-जीवन व्यतीत गर्दा गर्दै पनि अरूहरूलाई सान्त्वना र सुख पुन्याउनु हुन्छ। भगवान् श्री कृष्णले भन्नुभएको छ "सन्त नै मेरो आत्मा हो। ऊ मेरो जीवित प्रतिमा र मेरो नै विशुद्व रूप हो। म स्वयं उही हूँ। यी अवर्णनीय शक्तिहरू या ईश्वरका शक्ति जो सत् चित् र आनन्द हुन् शिरडीमा साई रूपमा अवतीर्ण भएका थिए। श्रुति (तैतरीय उपनिषद्) मा ब्रह्मलाई आनन्द भनिएको छ। अहिलेसम्म यो कुरा खालि पुस्तकहरूमा पढिन्थ्यो, सुनिन्थ्यो। तर भक्तगणले शिरडीमा यस किसिमको प्रत्यक्ष आनन्द पाइ सकेकाछन। बाबा सबैका आश्रयदाता हुनुहुन्थ्यो। वहाँलाई कसैको सहायताको आवश्यकता थिएन। वहाँलाई बस्नको लागि भक्तगणले एक कोमल आसन र एउटा ठूलो तकिया लगाइदिन्थे। बाबा भक्तहरूका भावलाई आदर गर्नुहुन्थ्यो र उनीहरूको इच्छानुसार पूजा आदि गर्न दिनया कुनै किसिम को आपत्ति गर्नु हुन्नथ्यो। कोही वहाँको अगाडि चँबर डोलाउदथे, कोही बाजा बजाउँथे र कोही पाउ पखाल्दथे। कोही अत्तर र चन्दन लगाउँथे, कोही सुपारी पान र अरू वस्तुहरू चढाउँथे तथा कोही नैवेद्य नै अर्पण गर्दथे। वहाँको निवासस्थान शिरडीमा नै छ मने जस्तो लाग्दथ्यो तापनि वहाँ त सर्वव्यापक हुनुहुन्थ्यो। भक्तहरूले यो कुराको सधैंभर नै अनुभव गरे। यस्ता सर्वव्यापक गुरूदेवका चरणमा मेरो बारम्बार नमस्कार छ।

डाक्टर पंडितको भक्ति :-

एकपल्ट श्रीतात्यानूलकरका मित्र डाक्टर पंडित बाबाको दर्शनको लागि शिरडी आए। बाबालाई प्रणाम गरेर उनी मसजिदमा केहीबेरसम्म बसे। बाबाले उनीलाई श्रीदादा भटकेलकर

कहाँ पठाइदिनु भयो, जहाँ उनको राम्रो स्वागत भयो। अनि दादाभट र डा. पंडित एकैसाथ पूजाको लागि मसजिद पुगे। दादाभटले बााको पूजा गरे। बाबाको पूजा त प्रायः सबैले गर्ने गथे तर अहिलेसम्म वहाँको शुभ-मस्तकमा चन्दन लगाउने साहस कसैले पनि गरेको थिएन। केवल एउटा म्हालसापतिले नै वहाँको गलामा चन्दन लगाउने गर्थे। डा. पंडितले पूजाको थालीबाट चन्दन लिएर बाबाको शिरमा त्रिपुण्ड्राकार लगाए। बाबाले एक शब्द पनि बोल्नु भएन। मानिसहरूले आश्चर्यसँग हेरे। सन्ध्या समयमा दादाभटले बाबासँग सोधे "के कारणले हो कि हजूर अरूलाई त शिरमा चन्दन लगाउन दिनुहुन्न। परन्तु डाक्टर पंउितलाई हजूरले केही पनि भन्नु भएन। बाबाले भन्नुभयो "डा. पंडितले मलाई काका पुराणिकको नामले प्रसिद्ध आफ्ना गुरू श्री रघुनाथ महाराज धोपेश्वरकर समान नै संझिएर आफ्ना गुरूलाई उनी जस्तो किसिमले चन्दन लगाउँथे त्यही भावनाले नै उनले मलाई चन्दन लगाए। अनि म कसरी रोक्न सक्थें" दादाभटले डा. पंडितलाई सोद्धा मैले बाबालाई आफ्नो गुरू काका पुराणिककै समान सम्झेर जस्तो किसिमले म आफ्नो गुरूलाई सधैं लगाउने गर्थे त्यसरी नै बाबालाई त्रिपुंडाकार चन्दन लगाएको हूँ भने।

बाबाले भक्तहरूलाई उनीहरूको इच्छा अनुसार नै पूजा गर्न दिनुहुन्थ्यो। तर कहिले कहिले भने वहाँको व्यवहार विचित्रनै हुनजान्थ्यो। कुनैबेला जब वहाँले पूजाको थाली फेंकेर रूद्रावतार धारण गर्नुनुन्थ्यो, त्यतिबेला वहाँको नजिक जाने साहसनै कसैको हुन सक्तैनथ्यो। कहिले वहाँ भक्तहरूलाई डाँट्नु हुन्थ्यो र कहिले मैनभन्दा पनि नरम भएर शान्ति तथा क्षमाको मूर्ति जस्तै लाग्नु हुन्थ्यो। कहिलेकाहीं वहाँ रिसाउनु भएको अवस्थामा काँप्न लाग्नु हुन्थ्यो र वहाँका राता आँखा चारैतिर घुम्न लाग्दथे। तर पनि वहाँको अन्तःकरणमा प्रेम र मातृ-स्नेहको स्त्रोत वही नै रहन्थ्यो। भक्तहरूलाई बोलाएर वहाँ उनीहरू उपर कहिले रिसाउनु भयो भन्ने कुरा वहाँलाई केही पनि थाहा छैन भन्ने गर्नुहुन्थ्यो। यदि आमाहरूले आफ्ना नानीहरूलाई अनास्था गरे र समुद्रले नदीहरूलाई फर्काइदिए भने मात्र वहाँले भक्तहरूको कल्याणको पनि उपेक्षा गर्नसक्नु हुन्थ्यो। वहाँ त भक्तहरूको नजिक नै रहनु हुन्थ्यो र जब भक्तहरूले वहाँलाई पुकारा गर्दथे अनि वहाँ तुरून्तै उपस्थित हुनुहुन्थ्यो। वहाँ त सौं भक्तहयको प्रेमको भोको हुनुहुन्छ।

हाजी सिददीक फालके :-

श्री साईबाबाले आफ्नो भक्तलाई आफ्नो कृपापात्र कहिले बनाउनु हुन्छ भन्ने कुरा कोही भन्न सक्तैनथ्यो। हाजी सिददीक फालकेको कथा यसैको उदाहरण हो। सिददीक फालके नाम गरेका कल्याण निवासी एउटा मुसलमान मक्का शरीफको हज गेरपछि शिरडी आए। उनी चावडीमा उत्तरतर्फ बस्न लागे। उनी मसजिदको अगाडि खुला आँगनमा बस्ने गर्दथे। बाबाले तिनीलाई नौ महिनासम्म न मसजिदमा पस्ने आज्ञा दिनु भयो न मसजिदको सिंढी नै चढ्न दिनुभयो। फालके ज्यादै निराश भएर कुन किसिमको उपाय काममा ल्याउने भन्ने निर्णय गर्न सकेनन्। मानिसहरूले उनीलाई आशा नछोड भन्ने सल्लाह दिए। शामा श्री साईबाबाको भित्रीतहको भक्त छन्। तपाई उनैद्वारा बाबा कहाँ पुग्ने प्रयत्न गर्नोस्। जसरी भगवान् शंकर कहाँ पुग्नको लागि नन्दि कहाँ जानु आवश्यक हुन्छ, त्यसरी नै बाबा कहाँ पनि शामाद्वारा नै पुग्नुपर्छ। फालकैलाई यो विचार ठीक जँच्यो र उनले शामासँग सहायताको प्रार्थना गरे।

शामाले पनि आश्वासन दिएर मौकापाई उनले बाबासँग सहायताको प्रार्थना गरे। शामाले पनि आश्वासन दिएर मौकापाई उनले बाबासँग यसरी भने "बाबा! हजूरले ती बूढा हाजीलाई मसजिदमा के कारणले आउन दिनु हुन्न? अनेक भक्त आफ्नो इच्छापूर्वक हजूरको दर्शनलाई आउने जाने गर्दछन्"। कमसेकम एकपटक त तिनोलाई आशीष दिनुहोस्"। बाबाले भन्नुभयो "शामा! तिमी अझै मूर्ख छौ। फकीर (अल्ला) ले आउन दिनुहुन्न त म के गरौं। वहाँको कृपा बिना कसैले पनि मसजिदको सिंढी चढ्न सक्तैन। भैगो, तिमीले उनीसँग के उनी बारबी कुवाको तल्लो सानो गोरेटोमा आउन मन्जूर छन्? भनी सोधेर आऊ त। शाम मंजूरी भएको उत्तर लिएर पुगे। अनि बाबाले फेरि शामालाई "के उनी मलाई चार किश्तमा चालीस हजार रूपैयाँ दिन तयार छन् कि ?" भनी सोध त भन्नुभयो। त्यसमा शामाले "हजूर भन्नुहुन्छ भने म चालीस लाख रूपैयाँ दिन तयार छु" भन्ने जवाफ लिएर फर्के। अनि बाबाले "म मसजिदमा एउटा बोको हलाल गर्दै छु। उनीलाई बोकाको मासु, ह्याकुलो वा अण्डकोष के मन पर्छ" भनी सोध भन्नुभयो। शामाले यसमा यदि बाबाको भोजन पात्रबाट एक गाँस मात्र नै मिल्यो भने हाजी आफूलाई सौभाग्यशाली

संझने छ भन्ने जवाफ लिएर फर्के। यो उत्तर पाएर बाबा उत्तेजिक हुनुभयो र वहाँले आफ्नो हातले माटोको भाँडो (पानीको गाग्रो) उठाएर फैँकिदिनु भयो र आफ्नो कफनी उठाउँदै सोझै हाजी कहाँ पुग्नुभयो। वहाँले उनीलाई भन्न लाग्नुभयो "व्यर्थै नमाज किन पढ्छौ? आफ्नो श्रेष्टताको प्रदर्शन किन गर्दछौ? यो बूढा हाजीहरूको जस्तै वेशभूषा तिमीले किन धारण गरेका हौ? के तिमी कुरान शरीफलाई यसरी नै पढ्छौ? तिमीलाई आफ्नो मक्का हजको अभिमान हुन गएको छ, तर तिमीले मलाई चिनेका छैनौ"।

यस्तो किसिमको डाँट सुनेर हाजी घबडाए। बाबा मसजिदमा फर्कनुभयो र केही आपका टोकरी किनेर हाजी कहाँ पठाइदिनु भयो। वहाँ आफै पनि हाजी कहाँ जानु भयो र आफ्नै साथबाट पचपन्न रूपैयाँ निकालेर हाजीलाई दिनुभयो। यसपछि नै वहाँले हाजीसँग प्रेम गर्न लाग्नुभयो तथा आफ्नो साथमा भोजन गर्न बोलाउन लाग्नु भयो। अब हाजी पनि आफ्नो इच्छानुसार मसजिदमा आउन जान लागे। कहिले- कहिले बाबाले उनीलाई केही रूपैयाँ पनि उपहार रूपमा दिने गर्नुहुन्थ्यो। यस्तो किसिमले हाजी बाबाको दरबारमा सम्मिलित हुन गए।

बाबाको तत्वहरू उपर नियन्त्रण :-
बाबाको तत्व नियन्त्रणको दुई घटनाको उल्लेखको साथ नै यो अध्याय समाप्त हुन जानेछ।

(1) एक समय साँझको बखतमा शिरडीमा डरलाग्दो आँधी-बेहरी आयो। आकाशमा बाक्लो तथ कालो बादल छाएको थियो। हावा जोडसँग बहिरहेको थियो। बादल गर्जेर बिजुली चम्किरहेको थियो। मूसलधारे वर्षा प्रारम्भ भयो। जहाँ हेर्‍यो वहाँ पानी नै पानी देखिन लाग्यो। सबै पशु, पंक्षी र शिरडीवासी ज्यादै डराएर मसजिदमा जम्मा भए। शिरडीमा देवीहरू त धेरै छन्, तर सहायताको लागि कोही आएन। यसैले सबैले भक्तिको भोको आफ्ना भगवान् साईलाई संकट हटाउनको लागि प्रार्थना गरे। बाआलाई पनि दया

आयो र बाहिर निस्कनु भयो। मसजिदको नजिकै खडा भएर वहाँले बादलतर्फ नजर लगाई गर्जेको शब्दमा भन्नु भयो "बस, शान्त होओ"। केही समयपछि नै वर्षाको जोर कम भयो, हावा मन्द भयो र आँधी पनि शान्त भयो। आकाशमा चन्द्रदेव उदाए। अनि सबैजना ज्यादै प्रसन्न भएर आफ्ना आफ्ना घर फर्के।

(2) एक अर्को मौकामा मध्याह्नको समयमा धूनीको आगो यस्तो प्रचण्ड भएर बल्न लाग्यो कि त्यसको ज्वालामाथि छतसम्म पुग्न लाग्यो। मसजिदमा बसेका मानिसहरूको समझमा पानी हालेर आगो शान्त गरिदिने कि अथवा अर्को कुनै उपाय काममा लगाउने भन्ने कुनै ठोस विचार आउँदैनथ्यो। बाबासँग सोध्ने साहस कसैले गर्न सकिरहेको थिएन।

तर बाबाले तुरून्तै परिस्थिति जान्नु भयो। वहाँले आफ्नो छडी उठाएर अगाडिको खम्बामा जोरसँग प्रहार गर्नुभयो र भन्नुभयो- "तल ओर्लिय, शान्त होऊ"। छडीको प्रत्येक चोटमा राँको कम हुन लाग्यो र केही मिनेटमै धूनी शान्त भै पहिलको जस्तै भयो। श्री साई ईश्वरको अवतार हो। जो  वहाँको अगाडि झुक्दछ, वहाँको शरणामा पर्दछ, त्यसमाथि वहाँ अवश्य कृपा गर्नुहुन्छ।

जो भक्तले यो अध्यायका कथाहरू हरेक दिन श्रद्धा र भक्तिपूर्वक पाठ गर्ने छ त्यसलाई चाँडै नै दुःखहरूबाट छुटकारा मिल्ने छ। खालि यति मात्र होइन उसलाई सदैव श्री साई चरणाहरूको स्मरण भई नै रहने छ र थोरै समयमा नै ईश्वर-दर्शन प्राप्त भएर उसको सम्पूर्ण इच्छाहरू पूर्ण हुन जाने छन्। अनि यसरी ऊ निष्काम (इच्छा नभएको) बन्न जाने छ।

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस्
मंगल होओस्॥

## अध्याय 12



(1) काका महाजनी (2) धुमाल वकील
(3) श्रीमती निमोणकर (4) मुले शास्त्री
(5) एक डाक्टरद्वारा बाबाको  लीलाहरूको अनुभव।

यो अध्यायमा बाबाले कस्तो किसिमले भक्तहरूसँग भेट गर्नुहुन्थ्यो र कस्तो व्यवहार गर्नुहुन्थ्यो भन्ने कुराको वर्णन गरिएको छ।

सन्तहरूको कार्य :-

ईश्वरीय अवतारको ध्येय सज्जनहरूको रक्षा र दुष्टहरूको नाश गर्ने हो भन्ने कुरा हामीले देखिसकेका छौं। तर सन्तहरूको कार्य त यो भन्दा पूरै फरक नै छ। सन्तहरूको लागि सज्जन तथा दुष्ट प्रायः एकै समान नै छन्। वासतवमा उनीहरूलाई खराब कर्म गर्नेहरूको पहिलो चिन्ता हुन्छ र उनीहरू तिनीहरूलाई उचित बाटोतिर लगाई दिन्छन्। उनीहरू भवसागरका कष्टहरू सुकाउन अगस्त्य (ऋषि) जस्तै छन्। त्यस्तै अज्ञान तथा अन्धकारको नाश गर्नको लागि सूर्य समान छन्। सन्तहरूको हृदयमा भगवान् वासुदेव निवास गर्नुहुन्छ। उनीहरू वहाँबाट भिन्न हुन्नन्। भक्तहरूको कल्याणको लागि अवतीर्ण हुनुभएको (अवतार लिनु भएको) श्री साई पनि त्यसै कोटीमा हुनुहुन्छ। वहाँ ज्ञान-ज्योति स्वरूप हुनुहुन्थ्यो र वहाँको दिव्यकान्ति अपूर्व थियो। वहाँलाई सम्पूर्ण प्राणीहरूसँग समान प्रेम थियो। वहाँ इच्छारहित तथा नित्यमुक्त (सधैं नै बन्धन रहित) हुनुहुन्थ्यो वहाँको दृष्टिमा शत्रु र मित्र, राजा र भिक्षुक सबै एकै समान थिए। पाठकहरू हो! अब कृपया वहाँको पराक्रमको श्रवण गर्नुहोस्। भक्तहरूको लागि वहाँले आफ्नो दिव्य गुण समूह (सम्पूर्ण

गुणहरू) पूरा रूपमा प्रयोग गर्नुभयो र सधैंभर उनीहरूको सहायताको लागि तत्पर रहनुभयो। वहाँको इच्छा बिना कोही भक्त वहाँ कहाँ पुग्नै सक्दैनथ्यो। उनीहरूको शुभकर्मको उदय नभएसम्म त उनीहरूलाई बाबाको संझना नै पनि कहिल्यै आएन। त्यस्तै न वहाँका लीलाहरू नै वहाँका भक्तहरूका कानसम्म पुग्न सके। अनि त बाबाको दर्शन गर्ने विचारसम्म पनि उनीहरूलाई कसरी आउन सक्तथ्यो। अनेकौं व्यक्तिहरूलाई श्री साईबाबाको दर्शनको इच्छा हुँदाहुँदै पनि उनीहरूलाई बाबाले महासमाधि लिने समयसम्म पनि कुनै संयोग प्राप्त हुन सकेन। यस कारण यस्ता दर्शन लाभबाट ठगिएका व्यक्तिहरूले यदि श्रद्धापूर्वक साईलीलाहरूका श्रवण गरे भने त उनीहरूको साई दर्शनको इच्छा धेरै अंशसम्म तृप्त हुन जाने छ। भाग्यवश यदि कसैलाई कुनै प्रकारले बाबाको दर्शन हुनै गए पनि ऊ त्यहाँ धेरै समयसम्म अड्न सकेन। इच्छा हुँदाहुँदै पनि केवल बाबाले आज्ञा दिनु भएको समयसम्म मात्र त्यहाँ रोकिन संभव थियो र अनि आज्ञा हुनासाथ नै ठाउँ छोड्दिनु आवश्यक हुन जान्थ्यो। यसैले यो सबै वहाँको शुभ इच्छा उपर नै अडेको थियो।

काका महाजनी :-

एक समय काका महाजनी बम्बईबाट शिरडी पुगे। उनको विचार एक साता बस्ने र गोकुल अष्टमी उत्सवमा सम्मिलिति हुने थियो। दर्शन गरेपछि बाबाले उनीसँग सोध्नु भयो "तिमी कहिले फर्कन्छौ"? उनीलाई बाबाको यो प्रश्नप्रति आश्चर्य जस्तै भयो। उत्तर दिनु त अवश्य नै थियो। यसैले उनले भने "जहिले बाबाले आज्ञा दिनुहुन्छ" बाबाले भोलिपल्टै जान भन्नु भयो। बाबाको शब्द कानून थियो, जसको पालन गर्नु पुरै आवश्यक थियो। बाबाको शब्द कानून थियो, जसको पालन गर्नु पूरै आवश्यक थियो। काका महाजनी तुरून्तै प्रस्थान गरे। जब उनी बम्बईमा आफ्नो अफिसमा पुगे अनि उनले आफ्नो सेठलाई आफ्नो अति उत्सकतापूर्वक प्रतीक्षा गरेको पाए। मुनीम अचानक नै विरामी हुन गएका कारणले काकाको उपस्थिति अनिवार्य हुन गएथ्यो। सेठले काकाको लागि जो पत्र शिरडीमा पठाएथे त्यो पत्र बम्बईको ठेगानमा उनैलाई फिर्ता पठाइदिइयो।

भाऊसाहेब धुमाल :-

अब एक विपरीत कथा सुन्नुहोस्। एक पटक भाऊसाहेब धुमाल एउटा मुद्दाको सम्बन्धमा निफाडको न्यायालयमा जाँदै थिए। बाटोमा शिरडीमा उत्रिए। उनले बाबाको दर्शन गरेर उत्तिखेरै निफाडतिर प्रस्थान गर्न लागे। तर बाबाको स्वीकृति मिलेन। बाबाले उनीलाई एक साता अरू रोक्नु भयो यसै बीचमा निफाडका न्यायाधीश पेट दुखाइले ग्रस्त भए। यसकारण उनको (धुमालको) मुददा कुनै अगाडिको दिनको लागि सारियो। एक सातापछि बाबुसाहेबलाई फर्कन अनुमति मिल्यो। यो मुद्दाको सुनुवाई कैयौं महिनासम्म भयो र त्यो पनि चार न्यायाधीशहरूबाट भयो। फलस्वरूपः धुमालले मुद्दामा सफलता प्राप्त गरेर उनको पक्षको झगाडिया मुद्दाबाट मुक्त भयो।

श्रीमती निमोणकर :-

निमोणका निवासी तथा बेतलबी (तलब नलिई काम गर्ने) न्यायाधीश श्री नाना साहेब निमोणकर शिरडीमा आफ्नी पत्नीसँग बसेका थिए। निमोणकर तथा उनकी पत्नी धेरैजसो समय बाबाको सेवा र बहाँको संगतमा बिताउने गर्थे। एकपटक यस्तो परिस्थिति आइपस्यो कि उनको छोरा बेलापुरमा रोगले पीडित हुन गए। अनि उनकी आमाले वहाँ गएर आफ्नो छोरा र अरू नातादारहरूसँग भेट्ने र केही दिन उहीं बिताउने निश्चय गरिन्। तर नाना साहेबले उनीलाई भोलिपल्टै फर्किन भने।

उनी अब के गर्ने होला भनेर असमंजसमा (अफठ्यारोमा) परिन्। शिरडीबाट प्रस्थान गर्नु अगाडि उनी बाबा कहाँ गइन्। बाबा साठेबाडाको नजिकै नाना साहेब र अरू मानिसहरूका साथमा उभिएर बस्नु भएको थियो। उनले गएर चरणमा ढोगिन् र जाने अनुमति मागिन्। बाबाले उनीलाई भन्नुभयो "चाँडो जाऊ, हडबड नगर, शान्त चित्तले बेलापुरमा चारदिन आरामसँग बसेर सबै नातादारहरूसँग भेट । अनि मात्र शिरडी आऊ"। बाबाका शब्द कस्ता मौका सुहाउँदा थिए। श्री निमोणकरको आज्ञा बाबाद्वारा रद्द भयो (काटियो)

नासिकका मुलेशास्त्री ज्योतिषी :-

मुलेशास्त्री नाम भएका नासिकका एक कर्मिष्ठ अग्निहोत्री ब्राह्मण थिए। यिनले छ बटै शास्त्रका अध्ययन गरेका थिए र ज्योतिष तथा सामुद्रिक शास्त्र (रेखाशास्त्र) मा पनि पारंगत थिए। उनी एकपटक नागपुरका प्रसिद्ध करोडपति श्री बापूसाहेब बूटीसँग भेट गरेपछि अरू सज्जनहरूको साथमा बाबाको दर्शन गर्न मसजिदमा गए। बाबाले फल बेच्नेसँग धैरै प्रकारका फल र अरू कुरा पनि किन्नु भयो र मसजिदमा बसेका मानिसहरूलाई बाँडिदिनु भयो। बाबा आँपलाई यस्तो कुशलता साथ चारैतिर दबाइदिनु हुन्थ्यो कि चुस्नासाथ सम्पूर्ण रस मुखमा आउँथ्यो। अनि कोयो र बोझा फालिदिन सकिन्थ्यो। बाबाले केरा छोडाएर भक्तहरूलाई बाँडिदिनु भयो र तिनको बोझा आफ्नो लागि राख्नु भयो। हस्तरेखा विशारद (ज्ञाता) भएको नाताले मुलेशास्त्रीले बाबाको हातको परीक्षा गर्न प्रार्थना गरे। तर ाबाले उनको प्रार्थनामा केही ध्यान नदिएर उनलाई चार केरा दिनुभयो। यसपछि उनी बाडामा फर्किएर आए। अब मुलेशास्त्री नुहाएर चोखो लुगा लगाई अग्निहोत्र आदिमा जुटे। बाबा पनि आफ्नो नियमानुसार लेण्डीतर्फ हिंड्नु भयो। जान लाग्दा लाग्दैको समयमा वहाँले "केही गेरू ल्याउनू, आज गेरूवा वस्त्र रंगिने छन्" भन्नुभयो। बाबाको भनाइको अभिपाय कसैको समझमा आएन। केही समयपछि बाबा फर्कनु भयो। अब मध्याह्न समयको आरती प्रारम्भ भएको थियो।

बापू साहेब जोगले मुलेलाई आरतीमा भाग लिनको निम्ति सोधे। उनीले (मुलेले) उनी संध याको समयमा मात्र बाबाको दर्शनलाई जाने जबाफ दिए। अनि जोग एक्लै गए। बाबाले आसन ग्रहण गर्ना साथै भक्तहरूले वहाँको पूजा गरे। अब आरती प्रारम्भ भयो। बाबाले भन्नुभयो "ती नयाँ ब्राह्मणबाट केही दक्षिणा ल्याओ"। बूटी स्वयं दक्षिणा लिन गएर उनले बाबाको सन्देश मुलेशास्त्रीलाई सुनाए। उनी (मुलेशास्त्री) नराम्रोसँग घबडाए। उनले सोच्न लागे "म त एउटा अग्निहोत्री ब्राह्मण हूँ, त्यसैले मैले दक्षिणा दिनु के उचित हो र ? मानें कि बाबा ठूलो सन्त हुनुहुन्छ, तर म वहाँको चेलो त होइन नि"। तैपनि उनले सोचे कि जब बाबा जस्तो महान् सन्त दक्षिणा मागिरहनु भएको छ र बूटी जस्ता एउटा करोड पति लिन आएका छन् भने उनी आफूले अबहेलना कसरी गर्न सक्दछन्? यसैले उनले आफ्नो पूजा कर्म अधूरो नै छोडेर तुरून्तै बूटीसँगै मसजिदमा गए।

उनीले आफूलाई शुद्ध र पवित्र तथा मसजिदलाई अपवित्र संझेर केही फरकमा खडा भए र टाढैबाट हात जोरेर उनले बाबा माथि फूल फैंके। एकाएक उनले देखे कि बाबाको आसनमा उनका कैलासवासी (दिवंगत) गुरू घोलप स्वामी विराजमान छन्। आफ्ना गुरूलाई त्यहाँ देखेर उनीलाई ठूलो आश्चर्य भयो। उनले सोचे कहीं यो सपना त होइन। हैन, हैन यो सपना होइन। म पूरा जागै छु। तर जागै हुँदाहुँदै पनि मेरा गुरू महाराज यहाँ कसरी आइपुग्नु भयो? केही समयसम्म उनको मुखबाट एक शब्दसम्म पनि निस्किएन। उनले आफूलाई चिमोटेर फेरि विचार गरे। तर कैलासवासी (दिवंगत) घोलप स्वामी मसजिदमा कसरी आइपुग्नु भयो भन्ने निर्णय गर्न सकेनन्। अनि फेरि सबै शंकालाई पर सारेर उनी अगाडि बढे र गुरूका चरणमा परी हात जोडेर स्तुति गर्न लागे। अरू भक्तहरू त बाबाको आरती गाइरहेका थिए तर मुलेशास्त्री चाहीं आफ्नो गुरूको नामकै गर्जना गरिराखेका थिए। अनि पछि सबै जातिपातिको अहंकार तथा पवित्रता र अपवित्रताको कल्पना त्यागेर उनी गुरूका श्री चरणमा फेरि पर्न पुगे। उनले आँखा चिम्लिए। तर खडा भएर जसै उनले आँखा खोले त्यतिबेल बाबालाई दक्षिणा मागिरहनु भएको देखे। बाबाको आनन्दस्वरूप र बहाँको वर्णन गर्न नसकिने शक्ति देखेर मुलेशास्त्री आफूलाई नै बिर्सने अवस्थामा पुगे। उनको हर्षको पारावार नै रहेन। उनका आँखा आँसुले टलपल थिए तापनि खुशीलें नाचिरहेका थिए। उनले बाबालाई फेरि ढोगेर दक्षिणा दिए। मुलेशास्त्री भन्नलागे, "मेरा सबै शंका हटे। आज मलाई मेरा गुरूको दर्शन मिल्यो"। बाबाको यो अद्‌भुत लीला देखेर सवैभक्त र मुलेशास्त्री द्रवित हुन गए (पानी पानी भए) "गेरू ल्याओ, आज गेरूवा वस्त्र रंगिनेछन्"-बाबाको यो भनाइको अर्थ अब सबैको समझमा आयो। यस्तो अद्‌भुत लीला श्री साईबाबाको थियो।

डाक्टर :-

एक समय एउटा मामलतदार आफ्ना एक डाक्टरमित्रसँग शिरडी आए। डाक्टरो भनाए "मेरा इष्ट श्रीराम हुनुहुन्छ, त्यसैले म कुनै मुसलमान लाई टाउको नुहाउन्न" भन्ने थियो। यसैले उनी शिरडी जान सहमत थिएनन्। मामलतदारले "तिमीलाई ढोग्न कसैले बाध्य

गर्ने छैन, न कसैले यस्तो गर भन्ने पनि छ। यसैले मसँग हिँड, आनन्द हुनेछ" भने। उनी (मामलतदार) शिरडी पुगेर बाबाको दर्शनको लागि गए। तर डाक्टरलाई नै सबैभन्दा अगाडि गएका देखेर तथा बाबालाई पैले ढोगेको देखेर सबैलाई ठूलो आश्चर्य लाग्यो। मानिसहरूले डाक्टरलाई आफ्नो निश्चय बदलेर यस्तो किसिमले एउटा मुसलमानलाई दंडवत् गर्नाको कारण सोधे। डाक्टरले बाबाको ठाउँमा उनीलाई (डाक्टरलाई) आफ्नो प्रिय इष्टदेव श्रीरामको दर्शन मिल्यो र यसैले ने उनीले ढोगें भने। जुनबेला उनी यस्तो भनिरहेका थिए त्यसैबेला उनीलाई श्री साईबाबाको रूप देखिन लाग्यो। उनी आश्चर्य चकित भएर बोले "के यो सपना हो? यहाँ मुसलमान कसरी हुन सक्नुहुन्छ। अरे! यहाँ त पूर्ण योग-अवतार हो"।

भोलिपल्ट देखि उनले उपवास गर्न प्रारम्भ गरे। जबसम्म बाबा आफैंले बोलाएर आशीर्वाद दिनु हुन्न त्यतिबेलासम्म म मसजिदमा कदापि जाने छैन भन्ने उनले प्रतिज्ञा पनि गरे। यसरी तीनदिन बित्यो चारौं दिनमा उनका एक इष्टमित्र खानदेशबाट शिरडी आए। अनि उनीहरू दुबै मसजिदमा बाबाको दर्शन गर्न गए। ढोगे पछि बाबाले डाक्टरसँग सोध्नुभयो "तपैंलाई बोलाउने कष्ट कसले गर्‍यो? तपैं यहाँ कसरी आउनु भयो?" यस्तो जटिल (अपठ्यारो) र केही कुरा बुझाउने प्रश्न सुनेर डाक्टर पानी पानी भए। त्यसै रातमा बाबाले उनी उपर कश्पा गर्नुभयो। डाक्टरलाई निद्रामा नै परमानन्दको अनुभव भयो। उनी आफ्नो सहर फर्केर आएता पनि उनीलाई पन्ध्र दिनसम्म त्यस्तै नै अनुभव भइनै रह्‌यो। यसप्रकार उनको साई भक्ति कैयौं गुना बढ्‌यो।

माथि भनिएका कथाहरू मध्ये विशेष गरेर मूलेशास्त्रीको कथाबाट आफ्नो गुरूमा दृढ विश्वास हुनुपर्छ भन्ने शिक्षा प्राप्त हुन्छ।
यसभन्दा अगाडिको अध्यायम बाबाको अरू लीलाहरूको वर्णन हुनेछ।

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस्।
मंगल होओस्॥

## अध्याय 13



अरू कैंयो लीलाहरू-रोग निवारण
(1) भीमाजी पाटील (2) बाला दर्जी
(3) बापू साहेब बूटी (4) आलंदी स्वामी
(5) काका महाजनी (6) हरदाका दत्तोपंत

**मायाको अभेद्य (छेड्न नसकिने, अर्थात् पार गरी नसकिने) शक्ति :-**

बाबाका शब्द सधैं नै संक्षिप्त (छोटकरी), अर्थपूर्ण, गूढ (गोप्य भित्री अर्थ भएका) र विद्वत्तापूर्ण तथा समतोल (अर्थात् घटी बढी नभै एकैनाशका) हुन्थे। वहाँ सधै चिन्तारहित र निडर हुनुहुन्थ्यो। वहाँको भनाइ थियो-"म फकीर हूँ, न त मेरी पत्नी नै छ, न त घर द्वार नै। सबै चिन्ताहरूलाई त्यागेर म एउटै ठाउँमा बस्दछु। तैपनि माया मलाई कष्ट (दुःख) दिने गर्छे। मैले आफैंलाई त बिर्सिसकें तर मायालाई कदापि भुल्न सक्तिन, किनभने उसले मलाई आफ्नो चक्रमा फसाइदिन्छे। श्री हरिकी यो मायाले ब्रह्मा आदिलाई पनि छोड्दिन भने म जस्तो फकीरलाई त भन्नु नै के छ र ? तर जो जसले हरिको शरण लिन्छन्, तिनीहरू वहाँको कृपाले मायाजालबाट मुक्त हुन जान्छन्"। यस्तो किसिमले बाबाले मायाको शक्तिको परिचय दिनु भयो। भगवान् श्रीकृष्ण भागवतमा उद्धवलाई भन्नुहुन्छ "सन्त मेरै जीवित स्वरूप हुन"। बाबाको पनि भनाइ यही थियो कि ती भाग्यशाली (भाग्य भएका) जसको संपूर्ण पाप नष्ट हुन गएका छन्, तिनै मात्र मेरो उपासनातिर अग्रसर हुन्छन्। यदि तिमी खालि "साई, साई" को नै स्मरण (संझना) गरिरहन्छौ भने म तिमीलाई भवसागरबाट पार लगाइ दिने छु। यी शब्दहरूमा विश्वास गर तिमीलाई अवश्य लाभ हुनेछ। मेरो पूजाको निवित्त केही सामग्री या अष्टाङ्ग योगको पनि आवश्यकता छैन। म त भक्तिमानै निवास गर्छु"। अब अगाडि आश्रय नभएकाहरूका आश्रयदाता साईले भक्तहरूको कल्याणको लागि के के गर्नुभयो त्यो हेर्नुहोस्।

भीमाजी पाटीलः सत्य साई ब्रत :-

नारायण गाउँ (तालुक जुन्नर, जिला पूना) का एक महानुभाव भीमाजी पाटीललाई सन् 1101 मा छातीमा एक भयङ्कर रोग देखियो, जो पछि गएर क्षयरोग हुन पुग्यो। उनले अनेक प्रकारका औषधि उपचार गरे, तर फाइदा केही पनि भएन। आखिरमा हतास भएर उनले भगवान्सँग प्रार्थना गरे "हे नारायण, हे प्रभो ! म अनाथलाई केही सहायता गर्नोस्"। यो त थाहा भएकै कुरा हो कि हामी सूखी रहिन्जेलसम्म भगवान्को संझना नै गर्दैनौं, तर जसै दुर्भाग्यले घेर्दछ, र खराब दिन आउँछन, अनि हामीहरूलाई भगवान्को याद आउँछ। यसैले भीमाजीले पनि ईश्वरलाई पुकारे। उनीलाई साईबाबाका परमभक्त श्री नानासाहेब चाँदोरकरसँग यस विषयमा किन सल्लाह नलिनु भन्ने विचार आयो। यसैकारण उनले आफ्नो अवस्थाको पूरा विवरण उनीकहाँ लेखेर पठाए र उचित मार्गदर्शन (बाटो देखाइदिन) को लागि प्रार्थना गरे। जवाफमा श्री नाना साहेबले लेखिदिए "अब त खालि एउटै उपाय बाँकी छ, त्यो हो साईबाबाका चरण कमलको शरण पर्नु"।

नानासाहेबको कुरामा विश्वास गरेंर उनले (भीमाजी पाटील) शिरडी जान तैयारी गरे। उनीलाई शिरडीमा ल्याइयो र मसजिदमा लगेर सुताइयो। श्री नानासाहेब र शामा पनि यो समयमा त्यहीं उपस्थित थिए। बाबाले भन्नुभयो "यो पूर्व जन्मका खराब कर्महरूको फल हो। यसकारण म यो झंझटमा पर्न चाहन्न"। यो सुनेर रोगीले अत्यन्त निराश भएर दया लाग्दो स्वरमा भने "म बिलकुल निस्सहाय छु र अन्तिम आशा लिएरं हजूरको श्री चरणमा आएको छु। हजूरसँग दयाको भीख मागदछु । हे दुःखीहरूका शरण! म माथि दया गर्नोस्"।

यो प्रार्थनाले बाबाको हृदय पग्लियो र वहाँले भन्नुभयो- "भैगो बस, चिन्ता नगर। तिम्रा दुःखहरूको अन्त चाँडै नै हुनेछ। कोही जतिसुकै दुःखी र पीडित किन नहोओस्, जसै उसले मसजिदको सिढीहरूमा पाइला राख्दछ, उ सुखी हुन जान्छ। मसजिदका फकीर ज्यादै

दयालु हुनुहुन्छ। वहाँले तिम्रो रोग पनि निर्मुल गरिदिनु हुनेछ। वहाँ त सबै मानिसमाथि प्रेम र दया गरेर रक्षा गर्नुहुन्छ"।

रोगीलाई हरेक पाँच मिनेटमा रगतको वमन हुने गर्थ्यो। तर बाबाको अगाडि उनीलाई कुनै वमन भएन। जुनबेलाबाट बाबाले आफ्नो श्री मुखबाट आशा र दयापूर्ण शब्दहरूमा माथिको उद्‌गार प्रकट गर्नुभयो, त्यो बेलाबाट रोगले पनि पल्टा खायो। बाबाले रोगीलाई भीमाबाईको घरमा बस्न भन्नुभयो। यो ठाउँ यस किसिमका रोगीका लागि सुविधाजनक र स्वास्थ्यप्रद त थिएन तर पनि बाबाकी आज्ञा कसले टाल्न सक्तथ्यो। त्यहाँ रहेकै बेला बाबाले दुई सपना दखाएर उनको रोग हरण गरिदिनृ भयो। पहिलो सपनामा रोगीले उनी आफू एक विद्यार्थी भएका र शिक्षकको अगाडि कविता कण्ठ सुनाउन नसकें वापत दण्डस्वरूप बेतको मारबाट असहनीय (सहनै नसकिनै) कष्ट भोगिरहेको देखे। दोश्रो सपनामा कसैले उनको छातीमा तलदेखि माथि र फेरि माथिदेखि तलसम्म ढुंगा घुमाइरहेकोले उनीहरूलाई असह्रय पीडा भैराखेको देखे। सपनामा यस किसिमले कष्ट पाएर उनी स्वस्थ भएर घर फर्के। पछि उनी कहिले-कहिले शिरडी आउथे र साईबाबाको दयाको संझना गरेर साष्टांग (आठै अड्ग झुकाएर अर्थात् लम्पसार परेर) प्रणाम गर्थे। बाबा आफ्ना भक्तहरूबाट कुनै कुराको आशा राख्नु हुन्नथ्यो। वहाँ त खालि स्मरण (संझना), दृढ निष्ठा (दृढ विश्वास) र भक्तिको भोको हुनुहुन्थ्यो। महाराष्ट्रको मानिसहरू हरेक पक्ष या हरेक महिनामा सधैं नै सत्यनारायणको ब्रत गर्ने गर्दछन्। तर आफ्नो माउँ पुगेपछि, भीमाजी पटेलले सत्यनारायण ब्रतको एउटा नयाँ रूप नै "सत्यसाई ब्रत" प्रारम्भ गरिदिए।

बाला गणपत दर्जी :-

एउटा अर्का गणपत दर्जी नाम भएका भक्त एक समय जीर्णज्वरले पीडित भए। उनले सबै किसिमका औषधिहरू र काँढाहरू पनि खाए तर यी सबैबाट केही फाइदा भएन। तिल मात्र पनि ज्वरो नघटेपछि उनी दौडेर शिरडी आए र बाबाका श्रीचरणको शरण लिए। बाबाले उनीलाई "लक्ष्मी मन्दिरनेर गएर एउटा कालो कुकुरलाई दही र भात खुबाऊ" भन्ने विचित्र

आदेश दिनुभयो। यो आदेशको पालन कसरी गर्ने होला भन्ने कुरा उनको दिमागमा आएन। घर पुगेर भात र दही लिएर उनी लक्ष्मी मन्दिरमा पुगे। त्यहाँ उनको अगाडि एउटा पुच्छर हल्लाइरहेको कालो कुकुर देखापर्‍यो। उनले त्यो भारत र दही त्यो कुकुरको अगाडि राखिदिए। उसले त्यो तुरून्तै खाइदियो। यो चरित्रको विशेषताको वर्णन अब कसरी गरौं?। किनभने माथि भनिएको क्रिया गर्नाले मात्र नै बालादर्जीको ज्वर सधैं भरको लागि नै गयो।

बापूसाहेब बूटी :-

श्रीमान् बापूसाहेब बूटी एक पटक अम्लपित्त रोगले पीडित भए। उनको आलमारीमा अनेकौं औषधि थिए तर कुनैले पनि फाइदा गरेका थिएनन्। बापूसाहेब अम्लपित्तको कारण ज्यादै कमजोर हुन गए। उनको स्थिति यस्तो गम्भीर हुन गयो कि उनी अब मसजिदमा गएर बाबाको दर्शन गर्न पनि असमर्थ भए। बाबाले उनीलाई बोलाएर आफ्नो अगाडि बसाउनु भयो र भन्नुभयो "सावधान, अब तिमीलाई दिशा लाग्ने छैन"। आफ्नो चोरिऔंला उठाएर फेरि भन्न लाग्नुभयो-"वमन पनि अवश्य नै रोकिनेछ"। बाबाले यस्तो कृपा गर्नुभयो कि रोग समूल नाश भयो र बूटीसाहेब पूर्ण स्वस्थ भए।

अर्को एक समय उनी हैजाबाट पीडित भए। फलस्वरूप उनीलाई ज्यादै चर्को प्यास लाग्न थाल्यौ। डा. पिल्लेले हरकिसिमको उपचार गरे तर स्थिति सुध्रिएन। अन्तमा उनी बाबाकहाँ पुगे र वहाँसँग तीर्खा रोग हट्ने औषधिको लागि प्रार्थना गरे। उनको प्रार्थना सुनेर बाबाले उनीलाई "गुलियो दूधमा पकाएको बदाम, ओखर र पेस्ताको काँडा पिऊ" भनी औषधि बताइदिनु भयो।

अर्को डाक्टर या हकिमले त बाबाले बताइदिनु भएको यो औषधिलाई प्राण लैजाने नै सम्झिन्थ्यो। तर बाबाको आज्ञापालन गर्नाले त्यो औषधी यों रोग नाश गर्ने नै सिद्ध भयो। आश्चर्यसँग उनको यो रोग पूरै नाश भयो।

आलंदीका स्वामी :-

आलंदीका एउटा स्वामी बाबाको दर्शनको लागि शिरडी आए। उनको कानमा असह्य (सहिनसक्नु) दर्द थियो, जुन कारणले उनीलाई एक पला पनि विश्राम गर्न मुश्किल थियो। उनको अपरेशन भइसकेको थियो तर पनि स्थितिमा कुनै विशेष परिवर्तन भएको थिएन। दर्द पनि ज्यादै थियो। उनी के गर्ने कसो गर्ने भनी सोच्न नसक्ने अवस्थामा पुगेर फर्की जानको लागि बाबासँग अनुमति माग्न आए। यो देखेर शामाले बाबासँग "स्वामीको कानमा ज्यादै दर्द छ, हजूरले यहाँ माथि कृपा गर्नुपर्‍यो" भनी प्रार्थना गरे। बाबाले आश्वासन दिएर भन्नुभयो "अल्लाहले ठीक गर्नेछन्"। स्वामीजी पूना फर्किए र एक सातापछि उनीले "पीडा शान्त भयो तर सूजन अझै पहिलेकै रूपमा छ" भन्ने पत्र पठाए। सूजन हटोस् भनी त्यसको लागि अपरेशन गराउन बम्बईमा गए। शल्य चिकित्सा विशेषज्ञ (सर्जन) ले जाँच गरेपछि "अपरेशनको कुनै आवश्यकता छैन" भने। बाबाका शब्दहरूको गूढ अर्थ हामी जस्ता पूरै मूर्खले के सम्झिने।

काका महाजनी :-

काका महाजनी नामका अर्का भक्तलाई अतिसारको बिमारी भयो। बाबाको सेवाक्रम टुट्न नजाओस् भन्नाको लागि उनीले एक लोटा पानी भरेर मसजिदको एक कुनामा राखि छोड्थे ताकि शंका (दिसा) लाग्नासाथ तुरून्तै उनी बाहिर जान सकून। श्री साईबाबालाई त सबै कुरा ज्ञान भैसकेकै थियो। तर पनि काकाले उनी रोगबाट चाँडै नै मुक्ति पाइहाल्ने छन् भनी बाबालाई केही भनेनन्। मसजिदमा भुई प्लास्टर गर्ने स्वीकृति बाबाबाट प्राप्त भैंसकेको थियो। तर काम आरम्भ हुनासाथ बाबा रिसाउनु भयो र उत्तेजित भएर चिच्याउन लाग्नु भयो। त्यसवाट भागा भाग भयो। काका भाग्न लागेका मात्र थिए त्यसैबेला बाबाले उनीलाई पकडनु भयो र आफ्नो अगाडि बसाउनु भयो। यो गडबडीमा कुनै मान्छेले बदामको एउटा सानो थैली त्यहाँ भूलले छोडेछ। बाबाले एकमुठी बदाम त्यसबाट निकाल्नु भयो र छोडाएर दाना काकालाई खान दिनुभयो। रिसाउनु, बदाम छोडाउनु र वहाँले नै

काकालाई खुवाउनु यो सबैकाम एकैसाथ नै चल्न थाल्यो। स्वयं बाबाले पनि त्यसबाट केही बादाम खानुभयो थैली खालि भैसकेपछि बाबले "मलाई प्यास लाग्यो, गएर अलिकति पानी ल्याऊ" भन्नुभयो। काकाले एक घडा पानी भरेर ल्याए र दुबैले त्यसैबाट पानी पिए। अनि बाबाले "तिम्रो अतिसार खतम भयो। तिमी अब आफ्नो प्लास्टर गर्ने कामको रेखदेख गर्न सक्छौ" भन्नुभयो। काम फेरि आरम्भ भयो। अब काकाको रोग जम्मै जस्तो खतम भैसकेको थियो। यसकारण उनी काममा जुटिहाले। के बदाम अतिसार रोगको औषधि हो? यसको उत्तर कसले दिन। वर्तमान चिकित्सा प्रणाली (औषधोपचार गर्ने नियम अनुसार) अनुसार त बदामबाट अतिसारमा वृद्धि नै हुन्छ न कि मुक्ति। यस विषयमा सधैंको झै बाबाको श्री बचन नै औषधि स्वरूप थियो।

हरदाका दत्तो पन्त :-

हरदाका दत्तो पन्त नाम भएका एक सज्जन चौध वर्षदेखि पेटको रोगबाट पीडित थिए। कुनैपनि औषधिले उनीलाई फाइदा भएन। अचानक कहींबाट बाबाको नजर पर्नाले मात्र नै रोगी ठिक हुन्छ भन्ने बाबाको कीर्ति उनको कानमा पऱ्यो। यसैले उनी दौडेर शिरडी आए र बाबाका चरणको शरण लिए। बाबाले उनीतिर हेरेर आशीर्वाद दिनु भै आफ्नो बरद (बर दिने) हात उनको शिरमा राखिदिनु भयो। आशीष र उदी (विभूति) पाएर उनी स्वस्थ भए। पछि उनीलाई फेरि कुनै पीडा भएन।

यस्तै किसिमका तल लेखिए बमोजिम तीन ओटा चमत्कार यो अध्यायको अन्तमा टिप्पणीको रूपमा दिइएका छन्।

(1) माधव राव देश पाण्डे अलकाइको रोगबाट पीडित थिए। बाबाको आज्ञानुसार सोनामुखीको काँढा सेवन गर्नाले उनी निरोग हुन गए। दुई वर्षपछि उनीलाई फेरि त्यही दर्द उत्पन्न भयो। बाबाबाट राय सल्लाह नलिइकनै उनले त्यही काँढा सेवन गर्न लागे। परिणामस्वरूप रोग झन् निकै बढ्यो। तर पछि बाबाको कुपाबाट चाँडै नै ठीक भयो।

(2) काकाक महाजनीका दाजु गंगाधर पन्तलाई केही वर्षदेखि नै सधैं पेटमा पीडा भैरहन्थ्यो। बाबाको कीर्ति सुनेर उनी शिरडी आए र आयोग्य प्राप्तिको लागि प्रार्थना गर्न लागे। बाबाले उनको पेटमा छोएर भन्नुभयो "अल्लाहले ठीक गर्नेछन्"। यसपछि तुरून्तै नै उनको पेटको दर्द हराइहाल्यो र उनी पूरा तबरले ठीक भए।

(3) श्री नाना साहेब चाँदोरकरलाई पनि एकपटक पेटमा ज्यादै दर्द हुन लाग्यो। उनी दिनरात माछा जस्तैगरी छट्पटिन लागे। डाक्टरहरूले अनेकौं उपचार गरे तर केही परिणाम निस्केन। अन्तमा बाबाको शरणाम आए। बाबाले उनीलाई घिउसँग बर्फी खाने आज्ञा दिनुभयो। यो औषधिको सेवनबाट उनी पूरै निको भए। यी सब कथाहरूबाट यही स्पष्ट हुन्छ कि अनेकौंको स्वास्थ्य लाभ भएको खास औषधि केवल बाबाको श्री मुखबाट उच्चारण भएका वचन तथा वहाँको कृपाको नै प्रभाव थियो।

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस्।
मंगल होओस्।।
सप्ताह पारायण द्वितीय विश्राम।।

अध्याय 14



नांदेडका रतनजी बाडिया, संतमौला-
साहेब, दक्षिणा मीमांसा।

श्री साईबााका वचन र कृपाद्वारा कसरी असाध्य रोग पनि निर्मूल हुन गए भन्ने वर्णन गएको अध्यायमा गरी सकिएको छ। अब बाबाले कस्तो किसिमले रतनजी बाडियालाई अनुगृहीत गर्नुभयो तथा कसरी उनीलाई पुत्ररत्नको प्राप्ति भयो, यसको वर्णन यो अध्यायमा हुनेछ।

बाबाको जीवनी सबै तरहबाट स्वाभाविक र मीठो छ। वहाँका अरू कार्य, भोजन, हिँडाइ-डुलाइ तथा स्वाभाविक अमृत जस्ता उपदेश आदि अत्यन्त नै मीठा छन्। वहाँ आनन्दको अवतार हो। यो परमानन्दलाई वहाँले आफ्ना भक्तहरूलाई पनि रसास्वादन गराउंनु भयो र यसैले नै उनीहरूलाई वहाँको चिरकालसम्मको संझना बनिरह्यो। भिन्न- भिन्न प्रकारका कर्म र कर्तव्यहरूका अनेक कथाहरू भक्तहरूलाई वहाँबाट नै प्राप्त भए जसबाट उनीहरूले सत्वगुणी मार्ग लिन सके। बाबाको, सदैव मानिसहरूले संसारमा सुखी जीवन बिताउन् र उनीहरू सधैं नै जागरूक भएर आफ्नो जीवनको परम लक्ष्य आत्मानुभूति (ईश्वर दर्शन) अवश्य नै प्राप्त गरून् भन्ने इच्छा थियो। बितेको जन्मका शुभ कर्महरूको फलस्वरूप नै यो शरीर प्राप्त भएको छ र यसकै सहायताले हामीले यो जीवनमा भक्ति र मोक्ष प्राप्त गर्न सक्यौं भने मात्र यसको सार्थकता छ।
हामीले आफ्नो अन्त र जीवनको लक्ष्यको निम्ति सदैव सावधान तथा तत्पर रहनु पर्छ। यदि तपाईले सधैं श्री साइबाबाको लीलाहरूका श्रवण गर्नुभयो भने तपाईलाई सदैव वहाँको दर्शन भैरहने छ। दिनरात ह्रदयमा वहाँको स्मरण (संझना) गरिरहनुहोस्। यसप्रकारले

आचरण गर्नाले मनको चंचलता तुरून्तै नाश हुन जाने छ। यदि यसको निरन्तर अभ्यास गरियो भने त तपाईलाई चैतन्य–घनसँग अभिन्नता नै प्राप्त हुन जानेछ।

नांदेडका रतनजी :-

अब म यो अध्यायको मूल कथाको वर्णन गर्छु। नांदेड (निजाम रियासत) मा रतनजी शापुरजी वाडिया नामका एक प्रसिद्ध व्यापारी थिए। उनले व्यापारमा यथेष्ट धनराशी जम्मा गरेका थिए। उनीसँग असंख्य संपत्ति, खेत र चरन तथा कैयौं प्रकारका पशु, घोडा, गधा, खच्चर आदि र गाडीहरू पनि थिए। उनी अत्यन्त भाग्यशाली थिए। बाहिरी दृष्टिबाट उनी ज्यादै सुखी र संतुष्ट जस्ता देखिन्थे तापनि वास्तविक रूपमा उनी त्यस्ता थिएनन्। विधाताको रचना केही यस्तो विचित्रको छ कि यो संसारमा पूरै सुखी कोही छैन। धनाढ्य रतनजी पनि यसको अपबाद थिएनन्। उनी परोपकारी। (अर्कोको उपकार गर्ने) तथा दानशील (अरूलाई दरकार परेको कुरा दिनसक्ने) थिए। उनी गरीबहरूलाई खानेकुरा र लुगा वाँड्दथे र सवै मानिसहरूलाई अनेक प्रकारले सहायता गर्ने गर्दथे। उनीलाई मानिसहरू अत्यन्त सुखी संझन्थे। तर धेरै समयसम्म संतान नहूनाको कारणले उनको हृदयमा ज्यादै पीर थियो। जुन प्रकारले प्रेम तथा भक्ति शून्य कीर्तन, वाजा बिनाको संगीत, जनै नभएको ब्राह्मण, व्यावहारिक ज्ञान शून्य कलाकार, पश्चातापरहित तीर्थयात्रा र मंगलसूत्ररहित गहना उत्तम लाग्दैन त्यही प्रकारले संतान नभएको गृहस्थको घर पनि शून्यय नै रहन्छ। रतनजी सदैव यही चिन्तामा डूबिर हन्थे। उनी मनमनै भन्दथे– "के ईश्वरको ममाथि कहिल्यै दया होबैन? के मलाई कहिल्यै पुत्र प्राप्ति हुने छैन?

यसको लागि उनी सधैं नै उदास भइरहन्थे। उनीलाई खान पनि मन लाग्न छोड्यो। पुत्र प्राप्ति कहिले होला, यो चिन्ताले उनीलाई सधैं नै घेरिराखेको हुन्थ्यो। उनको दासगणू महाराज उपर दृढनिष्ठा। बलियो धारणा थियो। त्यसैले उनले आफ्नो हृदय उनको अगाडि खोलिदिए। अनि उनले (दासगणू महाराजले) श्री साईबाबाको शरणमा जाने र वहाँसँग सन्तान प्राप्तिको निम्ति प्रार्थना गर्ने राय सल्लाह दिए। रतनजीलाई यो विचार राम्रो

लाग्यो र उनीले शिरडी जाने निश्चय गरे। केही दिन पछि उनी शिरडी आए र बाबाको दर्शन गरेर वहाँको चरणमा परे। उनले एउटा सुन्दरमाला बाबालाई पहिराए र धेरै किसिमका फलफूल चढाए। त्यसपछि आदरपूर्वक बाबाको नजिक बसेर यस प्रकारले प्रार्थना गर्न लागे। "अनेकौं आपत्तिमा परेका मानिसहरू हजूरकहाँ आउँछन् र हजूरले तिनीहरूको कष्ट तुरून्तै हटाइदिनु हुन्छ। यही कीर्ति सुनेर म पनि ठूलो आशा लिएर हजूरको श्री चरणमा आएको हूँ। मलाई ठूलो भरोशा भएको छ, कृपया (कृपापूर्वक) मलाई निराश नबनाइदिनोस्"। श्री साईबाबाले उनीसँग पाँच रूपैयाँ दक्षिणा माग्नुभ्यो जुन उनी दिनै चाहन्थे। तर बाबाले फेरि भन्नु भयो, "मैले तिमीबाट तीन रूपयाँ चौध आना पहिले नै पइसकेको छु। यसैले अब खालि बाँकी रूपैयाँ मात्र देऊ"। यो सुनेर रतनजी अप्ठ्यारोमा परे। बाबाको भनाइको अभिप्राय उनले बुझ्न सकेनन्। उनी सोच्न लागे "यो शिरडी आएको मेरो पहिलो नै मौका हो। यहाँलाई तीन रूपैयाँ चौध आना पहिले नै प्राप्त भैसकेको छ भन्नु बडो आश्चर्यको कुरा हो। उनले यो समस्या समाधान गर्न सकेनन्। उनी बाबाको चरणको नजिक नै बसी रहेर वहाँलाई बाँकी दक्षिणा समर्पण गरिदिए। उनले आफू आउनाको कारण बताए र पुत्र- प्राप्तिको लागि प्रार्थना गर। बाबालाई दया आयो। वहाँले भन्नु भयो, "चिन्ता छोडिदेऊ। अब तिम्रा खराब दिन समाप्त भैसके"। यसपछि बाबाले उदी (विभूति) दिएर आफ्नो वरद हात उनको शिरमा राखेर भन्नुभयो "अल्लाहले तिम्रो इच्छा पूरा गरिदिनु हुनेछ"।

बाबाको अनुमति लिएर रतनजी नांदेड फर्केर आए र शिरडीमा जे जसो भयो त्यो सबै दासगणूलाई सुनाए। रतनजीले भन "सबै काम ठीक नै भयो। बाबाको शुभ दर्शन भयो। वहाँको आर्शीवाद र प्रसाद पनि प्राप्त भयो। तर वहाँको एक कुरा बुभन सकिएन। वहाँ बाबाले "मलाई तीन रूपैयाँ चौध आना पहिले नै प्राप्त भैसकेको छ" भन्नुभएथ्यो। कृपया बुझाइदिनोस् न यसको अर्थ के हो? यो भन्दा पहिले म शिरडी कहिल्यै पनि गएको छैन। अनि त बाबालाई वहाँले उल्लेख गर्नु भएको त्यो रूपैयाँ कसीर प्राप्त हुन गयो?"
दासगणूको निम्ति पनि यो एउटा समस्या नै थियो। धेरै दिनसम्म उनी यसमा विचार गरिरहे। धेरै दिनपछि उनीलाई केही दिन पहिले रतनजीले एउटा मुसलमान सन्त मौला

साहेबलाई आफ्नो घरमा अतिथि (पाहुना) बन्न निमन्त्रणा गरेथे र यसको लागि उनले केही धन खर्च गरेथे भन्ने कुराको संझना आया। मौला साहेब नांदेडका एक प्रसिद्ध सन्त थिए। उनी कुल्लीको काम गर्ने गर्दथे। जब रतनजीले शिरडी जाने निश्चय गरे त्यसको केही दिन पहिले नै मौला साहेब अचानक नै रतनजीको घर आए। रतनजी उनीसँग राम्ररी परिचित थिए तथा उनीसित प्रेम पनि ज्यादै गर्दथे। यसैले उनको सत्कारमा उनले (रतनजीले) एउटा सानो जलपानको व्यवस्था पनि गरेथे। दासगणूले रतनजीसँग अतिथि सत्कारको खर्चको सूची मागे र यो जानेर सबैलाई आश्यर्च भयो कि खर्च ठीक तीन रूपैयाँ चौध आना नै भएथ्यो, न यो भन्दा कम न बढी नै। सबैलाई बाबा त्रिकालज्ञाता हो भन्ने ज्ञान भयो। हुनत वहाँ शिरडीमा विराजमान हुनुहुन्थ्यो तर पनि शिरडी भन्दा बाहिर के भैरहेको छ त्यो कुराको वहाँलाई पूरा-पूरा ज्ञान थियो। वास्तवमा बाबा भूत, भविष्य र वर्तमानका पूर्ण ज्ञाता हुनुको साथै हरेक आत्मा तथा हृदयको साथ पूरा रूपले जोडिएको हुनुहुन्थ्यो। नभए मौला साहेबको स्वागतको लाचि खर्च गरएिको रकम बाबालाई कसरी जानकारी हुन संक्थ्यो?

रतनजी यो उत्तरबाट सन्तुष्ट भए र उनको साई चरणमा प्रगाढ प्रेम हुन गयो। उपयुक्त समयपछि उनी कहाँ एक छोराको जन्म भयो, जसबाट उनीलाई खुशीको पारावार भएन। उनीलाई बाह संतान भए जसमध्ये केवल चार बाँकी रहे भनिन्छ।

यो अध्यायको तल बाबाले राबबहादुर हरिविनायक साठेलाई उनकी पहिली पत्नीको मृत्युपछि दोश्रो विवाह गरेपछि पुत्ररत्न प्राप्ति हुन्छ भनेर बताइदिनु भएको कुरा लेखिएको छ। राबबहादुर साठेले दोश्रो विवाह गरे। पहिले दुई कन्या भए जसबाट उनी ज्यादै निराश भए। तर तेश्रो पटक छोराको जन्म भयो। यसरी बाबाको वचन सत्य निक्ल्यो र उनी संतुष्ट भए।

दक्षिणा मीमांसा :-

दक्षिणाको सम्बन्धमा केही अरू कुराहरूको निरोपण गरेर म यो अध्याय समाप्त गर्नेछु। बाबाको दर्शनमा आउने व्यक्तिहरूसँग बाबा दक्षिणा लिने गर्नुहुन्थ्यो भन्ने कुरा त विदितै छ। यहाँ कसैलाई बाबा फकीर र पूर्ण विरक्त भएर पनि वहाँले यसरी दक्षिणा ग्रहण गर्नु र कांचन (धन) लाई महत्व दिनु उचित थियो भन्ने शंका उत्पन्न हुन सक्तछ। अब यो प्रश्न उपर म विस्तृत रूपले विचार गर्ने छु।

धेरै समयसम्म बाबा भक्तहरूवाट केही पनि स्वीकार गर्नु हुन्नथ्यो। वहाँ बलेको सलाईका ठूटा जम्मा गरेर आफ्नो जेब भेर्नु हुन्थ्यो। चाहे भक्त होस् या अरू कोही, वहाँ कहिल्यै पनि कसैसँग केही पनि माग्नु हुँदैनथ्यो। यदि कसैले वहाँको अगाडि एक पैसा राखिदियो भने वहाँले त्यसलाई स्वीकार गरेर त्यसबाट तमाखु अथवा तेल आदि खरीद गर्ने गर्नुहुन्थ्यो। वहाँ धेरैजसो बिडी या तमाखु खानुहुन्थ्यो। बिना कुनै उपहार (सौगात) नचढाई सन्तहरूको दर्शन गर्नु उचित हुन्न भन्ने कुरा केही व्यक्तिले सोचे। यसैले उनीहरूले बाबाको अगाडि पैसा राख्न लागे। एक पैसा भएदेखि वहाँ जेबमा राख्नुहुन्थ्यो, यदि दुई पैसा भएमा त तुरून्त त्यस मध्येबाट एक पैसा फिर्ता गरिदिनु हुन्थ्यो। जब बाबाको कीर्ति टाढा टाढासम्म फैलियो र मानिसका झुण्डका झुण्ड बाबाको दर्शनको लागि आउन लागे अनि बाबाले उनीहरूसँग दक्षिणा लिन आरम्भ गरिदिनु भयो। सुवर्ण मुद्रा (सुनको टक) को अभावमा भगवान्को पूजा नै अपूरो हुन्छ भन्ने वेदको भनाइ छ। यसकारण जब ईश्वरको पूजामा मुद्राको आवश्यक छ भने अनि सन्तका पूजामा किन नहुनु? यसैले नै शास्त्रहरूमा ईश्वर, राजा, सन्त या गुरूको दर्शन आफ्नो सामर्थ्य अनुसार केही नचढाइकन कहिल्यै गर्नुहुन्न भनिएको छ। उनीहरूलाई के उपहार चढाउने त मुद्रा या अरू किसिमको धन। यस सम्बन्धमा उपनिषद्हरूमा वर्णन गरिएको नियमहरू हेरौं। वृहदाहरण्यक उपनिषद्मा बताइएको छ कि दक्षप्रजापतिले देवता, मानिस र राक्षसहरूको अगाडि एक अक्षर "द" को उच्चारण गरे। देवताहरूले यकसे अर्थ दम अर्थात् आत्मनियन्त्रणको अभ्यास गर्नुपर्ने लगाए। मनुष्यहरूले उनीहरूले दानको अभ्यास गर्नु भनिएको हो भन्ने लगाए। राक्षसहरूले दयाको अभ्यास गर्नु पर्ने भनिएको बुझे। मनुष्यहरूलाई दान गर्ने सल्लाह दिइयो। तैत्तरीय उपनिषद्मा दान

र अरू त्यस्तै सत्वगुणहरूलाई अभ्यासमा ल्याउने कुरा बताइएको छ। दानको सम्बन्धमा लेखिएको छ– "दान विश्वासपूर्वक गर, त्यो बिना दान व्यर्थ छ। ठूलो छाती लिएर तथा विनम्र बनेर आदर र सहानुभूतिपूर्वक दान गर"। भक्तहरूलाई कांचन–त्याग (धन–त्याग) को पाठ पढाउनका लागि तथा उनीहरूको आसक्तिलाई हटाउनको लागि र चित्त शुद्ध गराउनको लागिन नै बाबाले सबैसँग दक्षिणा लिने गर्नुहुन्थ्यो। तर वहाँको सउटा विशेषता पनि थियो। बाबा भन्ने गर्नुहुन्थ्यो "जे जति म स्वीकार गर्छु मलाई त्यसको सय गुणाभन्दा पनि बढी फिर्ता गर्नुपर्छ"। यसको अनेक प्रमाण छन्।

एक घटना :–

प्रसिद्ध कलाकार श्री गणपत राव बोडस आफ्नो आत्मकथामा लेख्छन् कि बाबाले बारम्बार आग्रह गर्नु भएपछि उनले आफ्ना रूपैयाँका थैली वहाँको अगाडि पोखिदिए। यसको परिणाम यो भयो कि जीवनमा फेरि उनीलाई धनको अभाव कहिल्यै भएन। बरू प्रशस्त मात्रामा लाभ नै भैरह्यो।

दक्षिणा लिनेको एउटा बेग्लै अर्थ पनि छ। अनेकौ पटक बाबाले कुनै प्रकारको दक्षिणा पनि स्वीकार गर्नुभएन। यसका दुई उदाहरण छन्। बाबाले प्रो. सी. के. नारकेसँग 15 रूपैयाँ दक्षिणा माग्नु भयो। उनीले जवाफमा आफूसँग एक पाई पनि नभएको कुरा भने। अनि बाबाले भन्नुभयो– "मलाई थाहा छ, तिमीसँग कुनै किसिमको धन छैन। तर तिमी योगवासिष्ठको अध्ययन त गर्छौ कि। त्यसैबाट नै दक्षिणा देऊ। यहाँ दक्षिणाको अर्थ हो– पुस्तकबार शिक्षा ग्रहण गरी बाबाको बस्ने ठाउँ आफ्नो हृदयमा राख्नु।

दोश्रो घटना :–

एउटा अर्को घटनामा वहाँले एउटी महिला आर.ए. तर्खडसँग छ रूपैयाँ दक्षिणा माग्नुभयो। आफूसँग दिनको लागि केही नभएकोले ती महिला ज्यादै दुःखी भइन्। उनका पतिले उनीलाई संझाए कि बाबाको अर्थ छबटा शत्रु (काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य) लाई हो, जो बाबालाई समर्पण गरिदिनु पर्छ। बाबा यो अर्थसँग सहमत हुनुभयो।

यो ध्यान दिन लायक कुरा छ कि बाबाको साथमा दक्षिणाको रूपमा धेरै नै धन जम्मा हुन जान्थ्यो। वहाँले सबै द्रव्य त्यही दिन खर्च गरिदिनु हुन्थ्यो र भोलिपल्ट फेरि सधैं झैं निर्धन (गरीब) बनिदिनु हुन्थ्यो। दश वर्षसम्म हजारौं रूपयाँ प्राप्त हुँदा पनि वहाँले महासमाधि लिनु भएको समयमा वहाँसँग थोरै मात्र बाँकी रहेको थियो।

दक्षिणाको मर्म :-

ठाणेका (बम्बईको नजिकको एक जिल्ला) श्री.बी. व्ही. देव (बाबाका परमभक्त सेवा निवृत्त मामलतदार) ले यस विषयमा एक लेख (साईलीला पत्रिका भाग 7 पृश्ठ 626) अरू विषयहरू सहित प्रकाशित गरेका छन्। त्यो तल लेखिए बमोजिम छः- बाबा हरेकसँग दक्षिणा लिनुहुन्थ्यो। बाबाले नमागिकन कसैले दक्षिणा चढायो भने वहाँले कहिले त स्वीकार गर्नुहुन्थ्यो कहिले अस्वीकार पनि गरिदिनु हुन्थ्यो। वहाँ खालि भक्तहरूसँग मात्र केही माग्ने गर्नुहुन्थ्यो। बाबाले माग्नु भएपछि मात्र दक्षिणा दिउँला भन्ने विचार लिनेहरूसँग वहाँले कहिल्यै केही माग्नु भएन। यदि वहाँको इच्छा विरूद्ध कसैले दक्षिणा दिएमा उसलाई त्यो उठाइहाल्न भन्नु हुन्थ्यो। वहाँ भक्तहरूको इच्छा, भक्ति र सुविधा अनुसार नै उनीहरूबाट यथायोग्य राशि माग्ने गर्नुहुन्थ्यो। स्वास्नीमानिस र केटाकेटीहरूसँग पनि वहाँ दक्षिणा लिनुहुन्थ्यो। वहाँले सबै थरीका धनाढ्यहरू वा सबै थरीका गरीबहरूसँग दक्षिणा माग्नु भएन। बाबाले माग्दा पनि जो जसले दक्षिणा दिएनन् तिनीहरूसँग वहाँ कहिल्यै रिसाउनु भएन। यदि कसैले कुनै मित्रद्वारा बहाँलाई दक्षिणा पठाइएको रहेछ र त्यो कुरा ल्याउनेलाई संझना भएनछ भने पनि बाबाले कुनै प्रकारले उसलाई संझना गराएर त्यो दक्षिणा लिई छोड्नु हुन्थ्यो। कुनै मौकामा वहाँ दक्षिणाको राशिबाट केही भाग फिर्ता पनि दिनुहुन्थ्यो र दिनेहरूलाई फिर्ता दिइएको भाग राम्रोसँग समालेर राख्ने या पूजा गरेर राख्न भन्नुहुन्थ्यो। यसबाट दाता या भक्तलाई ज्यादै लाभ हुन जान्थ्यो। यदि कसैले आफ्नो इच्छित (इच्छा गरएिको) राशिभन्दा बढी चढायो भने बढी भाग फिर्ता गरिदिनु हुन्थ्यो। कसै कसैसँग त वहाँ दिनेको इच्छित राशिभन्दा पनि बढी राशि मार्ग्न गर्नु हुन्थ्यो र यदि उसको साथमा रहेनछ भने अर्कासँग सापंट लिन या माग्न नै पनि भन्नुहुन्थ्यो। कसै कसैसँग त दिनमा 3 या 4 पटक पनि दक्षिणा माग्ने गर्नुहुन्थ्यो। दक्षिणामा जम्मा भएको राशिमध्येबाट

बाबाले आफ्नो निम्ति थोरै खर्च गर्ने गर्नुहुन्थ्यो। जस्तो कि तमाखु खानको लागि तमाखु किन्न तथा धूनीको लागि दाउरा किन्न आदिको लागि। बाँकी जति अरू मानिसहरूलाई विभिन्न राशिमा भिक्षारूपमा दिनुहुन्थ्यो। शिरडी संस्थानका सम्पूर्ण सामग्रीहरू राधकृष्णमाईको प्रेरणाबाट नै धनी भाक्तहरूले जम्मा गरेका थिए। धेरै मोल पर्ने वस्तु ल्याउनेहरूसँग बाबा ज्यादै रिसाउनु हुन्थ्यो, अपशब्द भन्न लाग्नुहुन्थ्यो। वहाँले नानासाहेब चाँदोरकरसँग भन्नुभयो, "मेरा संपत्ति केबल एउटा कौपीन र टिनको बट्टा छ। मानिसहरू बिना कारणै कीमती (धेरै मोल पर्ने) चीज ल्याएर मलाई दुःखित बनाउँछन्

कामिनी (स्त्री जाति) र कान्चन (धन) आध्यात्मिक बाटोका दुई मुख्य बाधा हुन्। बाबाले यसको लागि दुई पाठशाला खोल्नु भएथ्यो। उदाहरण स्वरूप- दक्षिणा ग्रहण गर्नु र राधा कृष्णमाई कहाँ पठाइदिनु। यसो गरिनु वहाँका भक्तहरूले यी आसक्तिहरूबाट छुटकारा पाएका छन् कि छैनन् भनी परीक्षा गर्नोको लागि थियो। यसैले कोही आउनासाथ वहाँले ऊसँग दक्षिणा माग्नु हुन्थ्यो र उसलाई राधाकृष्णमाईको घरमा जान भन्नुहुन्थ्यो। यदि ऊ यो परीक्षामा उत्तीर्ण भएमा अर्थात् कामिनी र कांचनको आसक्तिबाट विरक्त भएको सिद्ध भएमा बाबाको कृपा र आशीर्वादवाट उसको आध्यात्मिक उन्नति निश्चय नै हुन जान्थ्यो। श्री देवले गीता र उपनिषद्बाट घटनाहरू उद्घृत गर्नु भएको छ र भन्नु भएको छ कि कुनै तीर्थस्थानमा कुनै पूज्य सन्तलाई दिएको दान दाताको लागि ज्यादै कल्याणकारी (कल्याण गर्ने) हुन्छ। शिरडी र शिरडीका प्रमुख देवता साईबाबा भन्दा पवित्र अर्को के नै छ र?

श्री सद्गुरू साईनाथमा अर्पणहोस्।
मंगल होओस्।।

अध्याय 15



नारदीय कीर्तन पद्धति, श्री चोलकरको चिनी बिनाको चिया, दुई माउसुली

छैटौं अध्याय अनुसार शिरडीमा रामनवमी उत्सव मनाइने गरिन्थ्यो भन्ने कुरा पाठकहरूलाई संझना नै होला। यो कसरी प्रारम्भ भयो र पहिलो वर्षमा नै यो मौकामा कीर्तन गर्नको लागि एक राम्रो हरिदास पाउन के के कठिनाइ पन्यो, यसको पनि वर्णन वहीं गरिएको छ। यो अध्यायमा दासगणूको कीर्तन पद्धतिको वर्णन हुनेछ।

नारदीय कीर्तन पद्धति :-

धेरै जसो हरिदास कीर्तन गर्ने समयमा एउटा लामो अंगरखा र पूरा पोशाक पहिरन्छन्। उनीहरू शीरमा फेटा या साफा बाँध्छन् र एक लामो कोट त्यस्तै भित्र कमिज, काँधमा गम्छा र सधैंकै जस्तो एउटा लामो धोती पहिरन्छन्। एकपटक गाउँमा कीर्तनको लागि जान लागेका दासगणू पनि माथि भनिएकै तरीकाले सजधज भएर बाबालाई ढोग्न पुगे। बाबाले उनीलाई देख्नासाथै भन्न लाग्नु भयो- "अँ! लौ दुलाहा राजा यस्तो किसिमले कसिकसाउ गरेर कहाँ जाँदैछौ"? "कीर्तनको लागि" भन्ने उत्तर मिल्यो। बाबाले सोध्नु भयो "कोट, गम्छा र फेटा यी सबको आवश्यकता नै के छ? यिनलाई अहिल्यै मेरै अगाडि फुकाल। यो शरीरमा यी धारण गर्ने (लाउने) कुनै आवश्यकता छैन"। दासगणूले तुरून्तै लुगा फुकालेर बाबाको श्री चरणमा राखिदिए। फेरि कीर्तन गर्ने समयमा दासगणूले यी लुगाहरू कहिल्यै पहिरिनन् (लगाएनन्)! उनी सधैं नै कमरभन्दा माथिको अंग खुलै राखेर हातमा करताल र गलामा माला पहिरेर मात्र कीर्तन गर्ने गर्दथे। यो पद्धति हरिदासहरूद्वारा अपनाइएको

पद्धतिसँग मिल्दो होइन। तर पनि यो पद्धति शुद्ध तथा पवित्र छ। कीर्तन पद्धतिका जन्मदाता नारदमुनि कटिभन्दा माथि शिरसम्म कुनै वस्त्र धारण गर्दैनथे। उनी एक हातमा वीणा मात्र लिएर हरि-कीर्तन गर्दै तीन लोकमा घुम्दथे।

श्री चोलकरको चिनी बिनाको चिया :-

बाबाको कीर्ति पूना र अहमदनगर जिल्लामा फैलिसकेको थियो। तर श्री नाना साहेब चाँदोरकरको व्यक्तिगत वार्तालाप तथा दासगणूको मधुर कीर्तनद्वारा बाबाको कीर्ति कोंकण (बम्बईको प्रान्त) मा पनि फैलियो। यसको श्रेय केवल श्री दासगणूलाई नै छ। भगवान्ले उनलाई सदैव सुखी राखून्। उनले आफ्नो सुन्दर प्राकृतिक कीर्तनद्वारा बाबालाई घर-घर पुऱ्याइदिए। श्रोताहरूको रूचि धेरैजसो भिन्न-भिन्न प्रकारको हुन्छ। कसैलाई हरिदासहरूको विद्वता, कसैलाई भाव, कसैलाई गायन त कसैलाई चुट्किला कुरा तथा कसैलाई वेदान्त विवेचना र कसैलाई उनको मुख्य कथा मन पर्ने हुन्छ। तर यस्ता व्यक्ति विरलै छन् जसको हृदयमा सन्तकथा या कीर्तन सुनेर श्रद्धा र प्रेमको लहर उठ्दछ। श्री दासगणूको कीर्तनले श्रोतहरूको हृदयमा स्थायी प्रभाव पार्दथ्यो। एउटा यस्तो घटना तल दिइन्छ।

एक समय ठाणाको श्री कौपिनेश्वर मन्दिरमा श्री दासगणू कीर्तन र श्री साईबाबाका गुणगान गरीराखेका थिए। श्रोताहरूमा ठाणाका दीवानी न्यायालयका एउटा अस्थायी कर्मचारी चोलकर नामका व्यक्ति त्यहाँ उपस्थित थिए। दासगणूको कीर्तन सुनेर उनी ज्यादै प्रभावित भए र मनमनै बाबालाई ढोगेर प्रार्थना गर्न लागे "हे बाबा! म एउटा गरीब व्यक्ति हूँ र आफ्ना परिवारको भरणपोषण पनि राम्रोसँग गर्न असमर्थ छु। यदि म हजूरको कृपावाट विभागीय परीक्षामा उत्तीर्ण भएँ भने हजूरका श्री चरणमा उपस्थित भएर हजूरको निमित्त मिश्रीको प्रसाद बाँड्ने छु।

भाग्यले पल्टा खायो र चोलकर परीक्षामा उत्तीर्ण भए। उनको नोकरी पनि स्थायी भयो। अब केवल उनले गरेको संकल्प मात्र बाँकी रह्यो। "शुभस्य शीघ्रम" (राम्रो कुरा चाँडै नै गर्नुपर्छ)। श्री चोलकर गरीब त छँदै थिए, नै र त्यसमाथि उनका परिवार पनि ठूलो थियो।

यसैले उनी शिरडी यात्राको लागि बाटा खर्च जुटाउन असमर्थ भए। ठाणा जिल्लामा "नाणेघाट र सह्याद्रि पर्वतका श्रेणीहरू जो कोहीले पनि सजिलोसँग पार गर्न सक्छ, तर गरीबलाई "उबर-घाट" (गृहचक्कर) पार गर्न बडो कठिन हुन्छ।" भन्ने एउटा कहावत (भनाइ) प्रचलित छ। श्री चोलकर आफ्नो संकल्प चाँडोभन्दा चाँडो पूरा गर्नको लागि उत्सुक थिए। उनले कम खर्ची बनी आफ्नो खर्च घटाएर पैसा बचाउने निश्चय गरे। यस कारण उनले चिनी नभएको चिया पिउन प्रारम्भ गरे र यस्तो किसिमले केही धन जम्मा गरी उनी शिरडी पुगे। उनले बाबाको दर्शन गरी चरणमा परेर नरिवल चढाए र आफ्नो संकल्प अनुसार श्रद्धापूर्वक मिश्री बाँडे। अनि बाबासँग "हजूरको दर्शनले मेरो मनमा ज्यादै प्रसन्नता भयो। मेरा सम्पूर्ण इच्छाहरू त हजूरको कृपादृष्टिबट उसै दिन पूर्ण भइसकेको थियो" भने।

श्री चोलकरलाई पाहुना रूपमा सत्कार गर्ने श्री बापू साहेब जोग पनि मसजिदमै उपस्थित थिए। जब ती दुबै त्यहाँ (मसजिदमा) दिनहुँ जानलागे अनि बाबाले जोगलाई "आफ्ना पहुनालाई चियाको प्याला राम्रोसँग चिनी पुऱ्याएर दिनू" भन्न लाग्नुभयो। यी खास मतलबपूर्ण शब्दहरूलाई सुनेर श्री चोलकरको हृदय भरिएर आयो र साथै ज्यादै आश्चर्य पनि लाग्यो। उनका आँखाबाट आँसुका धारा बग्न थाले र उनी प्रेमले विह्वल भएर श्री चरणमा परे। श्री जोगलाई "धैरै चिनी भएको चियाको प्याला पाहुनालाई देऊ" भन्ने यो विचित्रको आज्ञा सुनेर वास्तवमा यसको अर्थ के होला भनी ठूलो कौतूहल भइरहेथ्यो। बाबाको उदेश्य त श्री चोलकरको हृदयमा केवल भक्तिको बीजारोपण गर्नु नै थियो। बाबाले उनीलाई वहाँ उनको चिनी छोड्ने गुप्त अठोटसँग राम्ररी परिचित हुनुहुन्छ भनी संकेत गर्नु भएको थियो।

बाबाको भनाइ यस्तो थियो "यदि तिमीले श्रद्धापूर्वक मेरो अगाडि हात फैलाउँछौं भने म सधैंभर तिम्रो साथमा रहनेछु। शरीरबाट म यहाँ छु तापनि मलाई सात समुद्रपारी घट्ने घटनाको पनि ज्ञान छ। म तिम्रो हृदयमा विराजमान, तिम्रोभित्र रहने (आत्मा) नै हूँ। तिम्रो तथा सम्पूर्ण प्राणीहरूको हृदयमा जसको बास छ, त्यसैको नै पूजा गर। धन्य र

सौभाग्यशाली तिनै हुन् जो मेरो सर्वव्यापी स्वरूपसँग परिचित छन्'' बाबाले श्री चोलकरलाई कति सुन्दर तथा महत्वपूर्ण शिक्षा प्रदान गर्नु भयो।

दुई माउसुलीको मिलन :-

अब म दुइटा साना माउसुलीहरूको कथासँगै नै यो अध्याय समाप्त गर्ने छु। एक पटक बाबा मसजिदमा बस्नु भएकै बखतमा एउटा माउसुली किर्-किर् गर्न लाग्यो। कौतूहलवस् एउटा भक्तले बाबालाई सोधे ''माउसुली किर-किर कराउनुको के कुनै विशेष अर्थ छ? ''यो शुभ हो या अशुभ ?'' बाबाले भन्नुभयो- ''यो माउसुलीकी बहिनी आज औरंगाबादबाट यहाँ आउने भएकी छ। यसैले यो खुशीले यति फुर्केकी छ कि त्यसको सीमै छैन''। उनले बाबाका शब्दहरूको अर्थ बुझ्न सकेनन्। यसैले चूपचापसँग उहीं बसी रहे।

यसै समयमा औरंगाबादबाट एउटा घोडचढी घोडामा चढेर बाबाको दर्शनको लागि आयो। ऊ त अगाडि जान खोज्दथ्यो, तर घोडा ज्यादा भोको हुनाले अगाडि बढ्दैनथ्यो। अनि उसले चना ल्याउनाको निमित्त एउटा थैली निकाल्यो र धूलो झार्नको लागि त्यसलाई भुईमा पछार्दा त त्यसबाट एउटा माउसुली निक्ल्यो र सबैले हेर्दा हेर्दैमा नै त्यो भित्तामाथि चढ्यो। बाबाले प्रश्न गर्ने भक्तलाई ध्यानपूर्वक हेर्न भन्नुभयो। माउसुली तुरून्तै गर्वपूर्वक आफ्नी बहिनी कहाँ पुगीसकिथी। दुवै बहिनीहरू धैरै बेरसम्म एउटीले अर्कीसँग भेटी र आपसमा चुम्बन र आलिंगन गरी चारैतिर घुमी घुमीकन प्रेमपूर्वक नाच्न लागे। कहाँ शिरडी कहाँ औरङ्गाबाद। कस्तो प्रकारले एउटा मान्छे घोडामा सवार भएर थैलीमा माउसुलीलाई लिएर त्यहाँ पुग्दछ र बाबालाई ती दुइटी बहिनीहरूको भेटको पत्ता कसरी हुन सक्तछ- यो सब घटना ज्यादै आश्चर्यजनक छ र बाबाको सर्वव्यापकता जनाउने खाले छ।

शिक्षा :-

जो कोहीले यो अध्यायालाई ध्यानपूर्वक पठन र मनन गर्ला, साई कृपाबाट उसका सम्पूर्ण कष्ट दूर हुन जानेछन् र परमसुखी भएर शान्ति प्राप्त गर्नेछ।

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस्।

मंगल होओस्।।

# अध्याय 16 र 17



**छिटै ब्रह्मज्ञानको प्राप्ति :-**

यी दुई अध्यायमा एउटा धनाढ्य व्यक्तिले कसरी साईबाबाबाट तुरून्तै ब्रह्मज्ञान प्राप्त गर्न चाह्यो, त्यसको वर्णन छ।

**पूर्व विषयमा :-**

गएको अध्यायमा श्री चोलकरको सानो संकल्प कस्तो किसिमले पूरा रूपमा सफल भयो, त्यसको वर्णन गरिएको छ। श्री साईबाबाले प्रेम तथा भक्तिपूर्वक अर्पण गरिएको तुच्छ वस्तु पनि वहाँ खुशीसाथ स्वीकार गर्नुहुन्थ्यो र यदि अहंकार सहित चढायो भने त त्यो अस्वीकृत गरिन्थ्यो भन्ने कुरा यो कथामा स्पष्टसँग देखाउनु भएको थियो। पूर्ण सच्चिदानन्द हुनुभएकोले वहाँ बाहिरी आचार-विचारहरूलाई विशेष महत्व दिनु हुन्नथ्यो र विनम्रताका साथ आदर सहित चढाएको वस्तुलाई स्वागत गर्नु हुन्थ्यो।

वास्तवमा हेर्ने हो भने सद्‌गुरू साईबाबा भन्दा बढी दयालु र हितैषी यो संसारमा अर्को को हुन सक्तछ। वहाँको तुलना सम्पूर्ण इच्छाहरूलाई पूर्ण गर्ने चिन्तामणि या कामधेनुसँग पनि हुन सक्तैन। जुन अनमोल खानीको प्राप्ति हामीलाई सद्‌गुरूबाट हुन्छ, त्यो कल्पना भन्दा पनि पर छ।

ब्रह्मज्ञानको इच्छाले आएका एक धैरै धनी व्यक्तिलाई श्री साईबाबाले कस्तो किसिमले उपदेश दिनुभयो त्यो अब सुनौं। एउटा धनी व्यक्ति (दुर्भाग्यले मूलग्रंथमा उसको नाम र परिचय दिइएको छैन) आफ्नो जीवनमा सबै प्रकारले सम्पन्न थियो। उसको साथमा असंख्य सम्पत्ति, घोडा, जमीन र अनेक दास तथा दासीहरू थिए। बाबाको कीर्ति उसको कानमा पुग्नासाथ उसले आफ्नो एउटा मित्रसँग भन्यो "मेरा लागि अब कुनै वस्तुको अभिलाषा बाँकी रहेको छैन। यसैले अब शिरडी गएर ब्रह्मज्ञान प्राप्त गर्नुपर्छ। यदि कुनै प्रकारले त्यो प्राप्ति भयो भने म भन्दा बढी सुखी को हुन सक्छ। उसको मित्रले संझाए "ब्रह्मज्ञानको प्राप्ति विशेष गरेर सधैंभर स्त्री, सन्तान र धन कमाउने काममा फसिहरेको तिमी जस्तो मोहग्रस्त व्यक्तिको लागि सजिलो छैन। जसले भुलेर पनि कहिल्यै एक फुटेको कौडीको पनि दान दिंदैन, त्यस्तो तिम्रो ब्रह्मज्ञानको आकांक्षाको पूर्ति कसले गर्ला।
आफ्नो मित्रको सल्लाहलाई वास्ता नगरेर त्यो व्यक्ति आउन जानको लागि एउटा टाँगा लिएर शिरडी आयो र सिधै मसजिदमा पुग्यो। साईबाबालाई दर्शन गरेर वाहाँको चरणमा पऱ्यो र प्रार्थना गऱ्यो। "हजूरले यहाँ आउने सबै मान्छेहरूलाई थोरै समयमा नै ब्रह्मदर्शन गराइदिनु हुन्छ रे। यो कुरा सुनेर मात्र म धेरै टाढाबाट यतिको बाटो हिंडेर आएको हूँ। म यो यात्राले धेरै थाक्न गएको छु। यदि कहीं मलाई ब्रह्मज्ञानको प्राप्ति भैदियो भने म यो कष्ट उठाउन धेरै सफल र सार्थक भएको संझने छु"।

बाबाले भन्नुभयो- "मेरा प्रिय मित्र! यस्तो अधीर नहुनोस्। म तपाईलाई चाँडै नै ब्रह्मको दर्शन गराइदिने छु। मेरो सबै व्यवहार नगदमै हुन्छ र म कहिल्यै उधारो गर्दिन। यसैकारण अनेकौं व्यक्तिहरू धन, स्वास्थ्य, शक्ति, मान, पद, आरोग्य र त्यस्तै अरू कुराको इच्छापूर्तिको लागि म छेउ आउँछन्। ब्रह्मज्ञानको पिपासु (पाउन इच्छा गर्ने) यस्तो तपाई जस्तो बिरलै आउँछन्। भौतिक वस्तुहरू को इच्छाले यहाँ आउने मान्छेहरूको केही अभाव छैन, तर आध्यात्मिक विषय जान्न खोज्नेको आगमन त ज्यादै नै दुर्लभ छ (पाउन गाह्रो छ)।
जब तपाई जस्तो महानुभाव यहाँ आएर मलाई ब्रहमज्ञान दिनको लागि जोड गरिरहनु भएको छ भने मलाई यो क्षण मेरो निमित्त ज्यादै नै धन्य तथा मंगलमय छ भन्ने लाग्छ। म खुशीसाथ तपाईलाई ब्रह्मदर्शन गराइदिनेछु।

यदि भनेर बाबाले उसलाई ब्रह्मदर्शन गराउनाको लागि आफ्नो नजिकै बसाउनु भयो र यताउताका चर्चामा लगाइदिनुभयो, जसबाट केही समयको लागि त्यसले आफ्नो प्रश्न भुल्यो। वहाँले एउटा बालकलाई बोलाएर नन्दु माडबौरी कहाँबाट पाँच रूपैयाँ सापट ल्याउन पठाउनु भयो। लडकाले आएर नन्दुको केही पत्ता छैन, उसको घरमा ताल्चा मारिएको छ भनी बतायो। बाबाले फेरि उसलाई अर्को व्यापारी कहाँ पठाउनु भयो। यस पटक पनि लडका रूपैयाँ ल्याउन असफल नै रह्यो। यो प्रयोगलाई दुई तीन पटक दोहोऱ्याउँदा पनि परिणाम पहिलेको जस्तो नै निक्ल्यो।

बाबा स्वयं ब्रह्मको सगुण अवतार हुनुहुन्थ्यो भन्ने थाहा छ। यहाँ यो पाँच रूपियाँ जस्तो सानो रकमको वास्तवमा उहाँलाई आवश्यकता नै के थियो र भन्ने प्रश्न उठ्न सक्तछ। अनि त्यो ऋण प्राप्त गर्न उहाँले यस्तो कठिन परिश्रम किन गर्नुभयो? उहाँलाई यसको बिलकुलै आवश्यकता नै थिएन। नन्दूजी घरमा छैनन् भन्ने कुरा वहाँलाई पूरै मात्रामा थाहा थियो होला। यो नाटक त वहाँले केवल ब्रह्मज्ञान खोज्ने व्यक्तिको परीक्षा गर्नको लागि नै रच्नु भएथ्यो। ब्रह्म जान्न इच्छा गर्ने महाशयजीको साथमा नोटका अनेकौं खात थिए। यदि त्यो व्यक्ति साच्चैं नै ब्रहमज्ञान प्राप्त गर्न पूरै इच्छित भएको भए यदि समयसम्म शान्त भएर नै बस्दैनथ्यो। बाबा व्याग्रतापूर्वक पाँच रूपियाँ साफ्ट मागेर ल्याउन बालकलाई यताउता दौडाइरहनु भएको बखतमा ऊ दर्शक बनेर नै बसिरहँदैनथ्यो। बाबाले आफ्नो वचन पूरा गरेर ऋण अवश्य नै चुकाउनु हुनेछ भन्ने कुरा उसलाई थाहा थियो। बाबाले चाहनु भएको रकम ज्यादै नै थोरै थियो तापनि त्यसले स्वयं दिने अठोट गर्न असमर्थ नै भयो र पाँच रूपियाँ सापट दिनेसम्मको साहस गर्न सकेन। पाठक! अलिकति विचार गर्नोस् कि यस्तो व्यक्ति बाबाबाट विश्वको अति नै श्रेष्ठ वस्तु ब्रह्मज्ञान प्राप्त गर्न आएको छ। यदि बाबासँग खास प्रेम गर्ने अरू कुनै व्यक्ति भएको भए ऊ केवल दर्शक मात्र नबली तुरून्तै पाँच रूपियाँ दिइहाल्थ्यो। तर यो महाशयको अवस्था त बिलकुलै उल्टो थियो। उसले न रूपियाँ दियो, न शान्त नै भएर बस्यो, बरू छिटो फर्कने तैयारी गर्न लागेर अधैर्य भएर बाबासँग भन्यो "अरे बाबा! कृपापूर्वक मलाई छिटो ब्रह्मज्ञान दिनुहोस्।

बाबाले उत्तर दिनुभयो– "मेरा प्यारा मित्र ! के यो नांटकबाट तिम्रो समझमा केही आएन? म तिमीलाई ब्रह्मदर्शन गराउनाको लागि नै त कोशिश गरीरहेथेँ। छोटकरीमा तात्पर्य यो हो कि ब्रह्मदर्शन गर्नको लागि पाँच वस्तुलाई त्याग गर्नुपर्छ। (1) पाँच प्राण (2) पाँच इन्द्रिय (3) मन (4) बुद्धि तथा (5) अहंकार। यो हो ब्रह्मज्ञान। आत्मज्ञान या ब्रह्मज्ञानको बाटो पनि तरवारको धारमा हिड्नु जस्तै गाहो छ।

श्री साईबाबाले यो विषयमा लम्बा चौडा वक्तव्य दिनु भयो जसको सारांश यो हो :-

ब्रह्मज्ञान या आत्मानुभूतिको लागि चाहिने योग्यताहरू :-

सामान्यखाले मानिसहरूलाई प्रायः आफ्नो जीवनकालमा ब्रह्मको दर्शन हुँदैन। त्यसको प्राप्तिको लागि केही योग्यताहरू हुनु पनि अत्यन्त आवश्यक छ।

(1) मुमुक्षत्व (मुक्तिको तीव्र उत्कण्ठा) :-
जो म बन्धनमा छु भन्ने सोच्दछ र त्यो बन्धनबाट मुक्त हुन चाहन्छ भने, उसले त्यो आफ्नो ध्येय प्राप्तिको लागि उत्सुकता र दृढ संकल्पकासाथ प्रयत्न गर्दै रहनु पर्छ। साथै उसले परी आउने प्रत्येक परिस्थितिको सामना गर्न तयार रहीरहन सक्नुपर्छ। त्यस्तो मान्छे मात्र यो आध्यात्मिक मार्गका हिड्न योग्य हुन्छ।

(2) बिरक्ति :-
यो लोक र परलोकमासमेत सम्पूर्ण पदार्थहरूमा उदासीनताको भाव हुनुपर्छ। कर्मबाट पैदा हुने यो लोकको सबै पदार्थहरूमा त्यस्तै लाभ र प्रतिष्ठामा जबसम्म उदासीनता उत्पन्न हुँदैन, त्यहाँसम्म त्यो व्यक्तिलाई आध्यात्मिक जगत्मा प्रवेश गर्ने अधिकार छैन।

(3) अन्तर्मुखता :-

इश्वरले हाम्रा इन्द्रियहरूको रचना यस्तो बनाएका छन् कि तिनको स्वाभाविक वृत्ति सदैव बाहिरतर्फ नै खिचिएको हुन्छ। हामीलाई सधैं नै बाहिरकै ध्यान रहन्छ न कि भित्रको। जो आत्मदर्शन र दिव्यजीवनको इच्छुक छन् तिनीहरूले आफ्नो दृष्टि अन्तर्मुखी (भित्र हेर्ने) बनाएर आफैंभित्र नै लीन हुनुपर्छ।

(4) पापबाट शुद्धि :-

जबसम्म मानिसले दृष्टमा त्यागेर दुष्कर्म गर्न छोड्दैन त्यहाँसम्म न त उसलाई पूर्ण शान्ति नै मिल्छ, न मन नै स्थिर हुन्छ। उसले बुद्धिको बलद्वारा मात्र ज्ञानलाभ गर्न कदापि सक्तैन।

(5) उचित आचरण :-

जबसम्म मनुष्य साँचो बोल्ने, त्यागी र अन्तर्मुखी बनेर ब्रह्मचर्य ब्रतको पालन गर्दै जीवन बिताउँदैन त्यहाँसम्म उसलाई आत्मज्ञान संभव हुँदैन।

(6) सार वस्तु ग्रहण गर्नु :-

वस्तुहरू दुई प्रकारका हुन्छन्- नित्य (सच्चा) र अनित्य (झुटो)। पहिलो आध्यात्मिक विषयहरूसँग सम्बन्धित छ र त्यस्तै दोश्रो सांसरिक विषयहरूसँग। मनुष्यहरूलाई यी दुईकै सामना गर्नुपर्छ। उसले विवेकद्वारा कुनै एउटाको छनौट गर्नुपर्छ। विद्वान मानिस अनित्यभन्दा नित्यलाई बढी कल्याणकारी ठान्दछन्। तर जो मूर्ख बुद्धि भएका छन् ती आसक्तिको बशमा परेर अनित्यलाई नै श्रेष्ठ ठानी त्यसैतिर लाग्छन्।

(7) मन र इन्द्रियलाई वश गर्नु :-

शरीर एउटा रथ हो। आत्मा त्यसको स्वामी (मालिक) र त्यस्तै बुद्धि सारथी हो। मन लगाम हो र इन्द्रियहरू त्यसका घोडा। इन्द्रिय नियन्त्रण नै त्यसको बाटो हो। जो कम बुद्धिका छन् र जसका मन चंचल छन् तथा जसका इन्द्रियहरू सारथिका दुष्ट घोडा जस्ता छन् ती आफ्नो गन्तव्य (पुग्नु पर्ने) ठाउँमा पुग्दैनन् र जन्म मृत्युको चक्रमा नै घुमिरहन्छन्। तर

जो विवेकशील छन्, जसले आफ्नो मनलाई नियन्त्रण गरेका छन् तथा जसका इन्द्रियहरू सारथिका असल घोडाहरू जस्तै नियन्त्रणमा छन् तिनीहरू नै गन्तव्य ठाउँमा पुग्न सक्छन्। अर्थात् तिनीहरूलाई परम पदको प्राप्ति हुन जान्छ र तिनीहरूको पुनर्जन्म हुँदैन। जो व्यक्तिले आफ्नो बुद्धिद्वारा मनलाई वशमा गरेको हुन्छ त्यसले अन्तमा आफ्नो लक्ष्य प्राप्त गरी सर्वशक्तिमान् भगवान् विष्णुको लोकमा पुग्न जान्छ।

(8) मनको पवित्रता :-

जबसम्म मनुष्यले निष्काम कर्म गर्दैन, तबसम्म उसलाई चित्तको शुद्धि तथा आत्मदर्शन संभव छैन। विशुद्ध मनमा नै विवेक र वैराग्य उत्पन्न हुन्छन् जसबाट आत्मदर्शनको बाटोमा प्रगति हुन जान्छ। अहंकारशून्य नभैकन तृष्णाबाट छुटकारा पाउन संभव छैन। विषय-वासना आत्मानुभूतिको बाटोमा विशेष बाधव हुन्छ। म शरीर हूँ भन्ने धारण एउटा भ्रम हो। यदि तिमीलाई आफ्नो जीवनको ध्येय (आत्म साक्षात्कार) प्राप्त गर्ने अभिलाष छ भने यो धारणा तथा आसक्तिलाई पूरै त्याग गर।

(9) गुरूको आवश्यकता :-

आत्मज्ञान यति गूढ र रहस्यमय छ कि आफ्नो प्रयत्नले मात्र त्यसको प्राप्ति संभव छैन। यसकारण आत्मासाक्षात्कार गरिसकेको गुरूको सहायता परमावश्यक छ। यस्ता गुरूको कृपाबाट सजिलैसँग जो पाइन सकिन्छ त्यो कुरा अत्यन्त कठिन परिश्रम र कष्ट गरेर पनि अरूले के  दिनसक्छन्। जसले स्वयं त्यो बाटो पछ्याएर अनुभव गरेको छ त्यसैले मात्र आफ्नो शिष्यलाई पनि सरलतापूर्वक पाइला पाइलामा आध्यात्मिक उन्नति गराउन सक्दछ।

..............................................................................

*1 तद्विद्वि प्रणिपातेन परिप्रश्नेन सेव्या*
*उपदक्ष्यन्ति ते ज्ञान ज्ञानिनस्तत्त्वदर्शिन-गीता अ 4-34*
*जसको यत्रो ठूलो महत्व छ त्यो ज्ञान योग्य गुरूका सँगमा गएर दण्डवत्, सेवा तथा निष्कपट प्रश्न गरेपछि पाउने छौ। आत्मानुभवी ज्ञानीहरू तिमीलाई ज्ञानोपदेश गर्नेछन्।*

(10) अन्तमा ईश्वरको कृपा परमावश्यक छ :-

जब भगवान कसै उपर कृपा गर्नुहुन्छ अनि उसलाई विवेक र वैराग्य दिएर यो भवसागरबाट पार गरिदिनु हुन्छ। यो आत्मानुभूति न त नाना प्रकारका विद्या र बुद्धिद्वारा हुन सक्छ न सुक्का वेदाध्ययनद्वारा नै। यसको लागि जो कोहीलाई या आत्माले वरण गर्दछ त्यसैलाई प्राप्त हुन्छ तथा त्यसैको अगाडि आत्माले आफ्नो स्वरूप प्रकट गर्दछ। कठोपनिषद्मा यस्तो नै वर्णन गरिएको छ।

बाबाको उपदेश :-

जब यो उपदेश समाप्त भयो अनि बाबाले त्यो महाशयलाई भन्नुभयो "लौ महाशय! तपाईको जेबमा पाँच रूपियाँको पचास गुना रूपियाँको रूपमा ब्रह्मा ब्रह्म छन त्यसलाई कश्पया बाहिर निकाल्नोस् त"। उसले नोटका किता बाहिर निकालेर गन्दा दश दशका पच्चीस नोट देखेर सबैलाई अत्यन्त आश्चर्य भयो। त्यो महाशच पानी पानी भएर बाबाका चरणमा परेर आशीर्वादको प्रार्थना गर्न लाग्यो। अनि बाबाले भन्नु भयो- "आफ्नो ब्रह्मको (नोटको) यो बण्डल लपेट्नोस्। जहिलेसम्म तपाईलाई लोभ र ईर्ष्याबाट पूरा छुटकारा हुँदैन त्यतिबेलासम्म तपाईले ब्रह्मको सत्य स्वरूप जान्न सक्नु हुन्न। जसको हृदय, धन, सन्तान र ऐश्वर्यमा लागेको छ उसले यी सबै आसक्तिहरूलाई नत्यागिकन कसरी ब्रह्म जान्ने आशा गर्न सक्छ? आसक्तिको भ्रम र धनको तश्णा दुःखका एक भुमरी हो जसमा अहंकार र ईर्ष्यारूपी गोहीको बास छ। जो इच्छारहित हुन्छ त्यसले मात्र यो भवसागर पार गर्न सक्छ। तृष्णा ब्रह्मको आपसी सम्बन्ध यस्तै प्रकारको छ। यसकारण यिनीहरू अपसमा कट्टर शत्रु हुन्।

तुलसी दासजी भन्नुहुन्छ :-

जहाँ राम तहँ काम नहिँ, जहाँ काम नहिँ राम
तुलसी कबहूँ होत नाहिं, रवि रजनी इक ठाम।।

''जहाँ लोभ छ, त्यहाँ ब्रह्मको चिन्तन या ध्यानको लागि स्थान नै हुँदैन। अनि लोभी मानिसलाई विरक्ति (वैराग्य) र मोक्षको प्राप्ति कसरी हुन सक्तछ। लालची मानिसलाई न त शान्ति हुन्छ न त सन्तोष नै। न ऊ दृढ निश्चय नै हुन्छ। यदि कणमात्र पनि लोभ मनमा बाँकी रह्यो भने सबै गरिएका साधना व्यर्थ भए भन्ने संझनु पर्छ। एउटा उत्तम साधक यदि फल पाउने इच्छा या आफ्ना कर्तव्यहरूको फल पाउने भावनाबाट मुक्त भएन र यदि ती कुराप्रति उसमा अरूचि उत्पन्न भएन भने सबै कुरा व्यर्थ नै हुन्छ। ऊ आत्मज्ञान प्राप्त गर्न सफल हुन सक्तैन। जो अहंकारी हुनुको साथै सधैंभर विषयचिन्तामा डुबेको हुन्छ त्यस उपर गुरूका उपदेशहरूको तथा शिक्षाको कुनै प्रभाव पर्दैन। यसैले मनको पवित्रता अत्यन्त आवश्यक छ। किनभने त्यो नभै आध्यात्मिक साधनाहरूको केही महत्व हुँदैन। त्यो खालि देखाउनाको लागि मात्र हुन्छ। यसैले जसले जो बाटो आफ्नो बुद्धिले पछ्याउन सक्ने लाग्छ त्यसले त्यसलाई नै लिनुमा कल्याणकारी हुन्छ। मेरो ढुकुटी पूर्ण छ। म प्रत्येकको इच्छानुसार त्यसलाई पूर्ति गर्न सक्छु। तर मैले पात्रको योग्यता अयोग्यताको पनि ध्यान राख्नु पर्छ। मैले जे जति भनिरहेको छु ती कुरालाई तपाईले एकाग्र भएर सुन्नुभयो भने तपाईलाई निश्चय नै लाभ हुनेछ। यो मसजिदमा बसेर कहिल्यै झुटो बोल्दिन''।

घरमा कुनै अतिथिलाई निमन्त्रण दिएको बखतमा उसको (अतिथिका) साथमा परिवार, अरू मित्र र सम्बन्धी आदि पनि भोजन गर्नको लागि निमन्त्रित हुन्छन्। बाबाद्वारा धनी महाशयलाई दिएको यो ज्ञानरूपी भोजनमा मसजिदमा उपस्थित सबै मानिस उपस्थित थिए बाबाको आशीर्वाद प्राप्त गरेर सबै मानिसहरू त्यो धीन महाशयसँगै हर्ष र सन्तोषपूर्वक आ-आफ्ना घर फर्किए।

बाबाको विशेषता :-

यस्ता सन्त अनेकौं छन, जसले घर त्यागी जंगलका गुफाहरूमा या झुपडीहरूमा एकान्त बास गर्दै आफ्नो मुक्ति या मोक्ष-प्राप्तिको प्रयत्न गरिरहेका छन्। तिनीहरू अरूलाई अलिकति मात्र पनि वास्ता नगरेर सधैं ध्यानमा नै रहन्छन्। श्री साईबाबा यस्तो

प्रकृतिको हुनुहुन्नथ्यो। वहाँको कुनै घरद्वार, स्त्री तथा सन्तान, र नजिकका या टाढाका नातादार थिएनन्। तैपनि वहाँ संसारमा नै बस्नु हुन्थ्यो। वहाँ केवल चार पाँच घरबाट भिक्षा लिएर सधैं नीमको रूखमुनि बस्नु हुन्थ्यो र संपूर्ण सांसरिक व्यवहार गरी नै रहनुहुन्थ्यो। यो संसारमा रहेर कस्तो प्रकारले आचरण गर्नुपर्छ भन्ने कुरा पनि शिक्षा दिनुहुन्थ्यो। आफूले भगवान् प्राप्त गरिसकेपछि मानिसहरूको कल्याणको निमित्त प्रयत्न गर्ने किसिमका साधु या सन्त ज्यादा जसो बिरलै हुन्छन्। श्री साईबाबा यी सबैमा माथिल्लो हुनुहुन्थ्यो। यसैले हेमाड पन्त भन्दछन्- ‘‘त्यो देश धन्य हो, त्यो परिवार धन्य हो, तथा ती आमा बाबु धन्य हुन् जहाँ साईबाबाका रूपमा यो असाधारण, परम श्रेष्ठ, अनमोल, विशुद्ध रत्न उत्पन्न भयो’’।

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस्।
मंगल होओस्।।

## अध्याय 18 र 19



श्री हेमाड पन्तमाथि बाबाको कृपा
कसरी भयो? श्री साठे र श्रीमती
देशमुखको कथा, आनन्द प्राप्ति को लागि
असल विचारहरूको निमित्त प्रोत्साहन,
उपदेशमा नवीनता, निंदा सम्बन्धी
उपेदश र परिश्रमको निमित्त ज्याला- मजदूरी।

ब्रह्मज्ञानको निमित्त लालायिक एउटा व्यक्तिको साथ बाबाले कस्तो प्रकारको व्यवहार गर्नुभयो भन्न वर्णन हेमाड पन्तले दुई (16 र 17) अध्यायमा गरेका छन्। अब हेमाड पन्तमाथि कस्तो प्रकारले बाबाले अनुग्रह गरी असल विचारहरूलाई प्रोत्साहन दिई उनीलाई सफलीभूत पार्नुभयो र त्यस्तै आत्मोन्नति र परिश्रममको सम्बन्धमा कस्तो किसिमले उपदेश गर्नुभयो भन्ने कुराहरू यी दुई अध्यायमा वर्णन गरिने छ।

पहिलो विषय :-

सद्‌गुरू पहिले आफ्ना शिष्यको योग्यता उपर विशेष ध्यान दिन्छन्। उसको चित्तलाई कत्ति पनि डाँबाडोल नगरेर उसलाई उपयुक्त उपदेश दिएर उसलाई आत्मानुभूति (आत्मज्ञान) तिर प्रेरित गर्छन्। यस सम्बन्धमा जो शिक्षा या उपदेश सद्‌गुरूबाट प्राप्त हुन्छ त्यो अरू मानिसहरूमा प्रसारित गर्नुहुन्न भन्ने केही मानिसहरूको विचार छ। त्यो प्रकट गरिदिनाले त्यसको महत्व घट्न जान्छ भन्ने धारणा पनि हुन्छ तिनीहरूको। वास्तवमा यो दृष्टिकोण संकुचित हो। सद्‌गुरू त सबै ठाउँमा समानरूपले वर्षने वर्षा ऋतुको मेघ जस्तै हो। उनी आफ्नो अमृत जस्तो उपदेशहरूलाई विस्तृत क्षेत्रमा प्रसारित गर्दछन्। पहिले त उनको सारांशलाई ग्रहण गरी आत्मसात् गर्नु अनि साँघुरो भावना नलिएर अरू मानिसहरूमा प्रचार गर्नु। यो नियम जागा भएको र सपना देखको दुबै अवस्थामा प्राप्त उपदेशहरूको

निमित्त हो। उदाहरणको लागि बुध कौशिक ऋषिले सपनामा पाएका प्रसिद्ध "राम रक्षा स्तोत्र" साधारण जनताको हितको लागि प्रकट गरिदिएका थिए।
जस्तो किसिमले एउटी दयालु आमा, बालकको उपचारको लागि तीतो औषधि बलपूर्वक प्रयोग गर्छिन् त्यसरी नै श्री साईबाबा पनि आफ्ना भक्तहरूको कल्याणको लागि नै उपदेश दिने गर्नुहुन्थ्यो। वहाँ आफ्नो पद्धति (तरीका) गुप्ता नराखेर पूरै स्पष्टपार्ने कुरामा नै बढी महत्व दिनुहुन्थ्यो। यसकारण जो जो भक्तहरूले वहाँको उपदेशहरूलाई पूर्णरूपले पालन गरे, तिनीहरू आफ्नो ध्येय प्राप्त गर्न सफल भए। श्री साईबाबा जस्ता सद्गुरू नै ज्ञानचक्षुहरू (ज्ञानका आँखाहरू) लाई खोलेर आत्माको दिव्यता (ईश्वरीयपन) को अनुभव गराइदित समर्थ हुन्छन्।

श्री साठे :-

एक महानुभावको नाम श्री साठे थियो। काफर्डको शासनकालमा कैयौं वर्ष पहिले तिनलाई केही ख्याति प्राप्त भैसकेको थियो। यो शासनकाललाई बम्बईका गभर्नर 'लार्ड रे' ले दमन गरिदिएका थिए। श्री साठेलाई व्यापारमा धेरै हानि भयो र परिस्थिति विपरीत हुन गएकाले उनीलाई ठूलो धक्का लाग्यो। उनी अत्यन्त दुःखित र निराशा हुन गए र अशान्तिपूर्ण भएकाले उनी घर छोडेर कुनै एकान्त ठाउँमा बस्न जाने विचार गर्न लागे। धेरैजसो मान्छेहरूलाई ईश्वरको संझना आपत्तिको समयमा तथा नराम्रा दिनहरूमा नै आउँछ र उनीहरूको विश्वास पनि ईश्वरप्रति यस्तै समयमा बढ्न जान्छ। अनि उनीहरू कष्ट हटाइदिनको लागि भगवान्सँग प्रार्थना गर्न लाग्छन्। यदि उनीहरूको पाप कर्म बाँकी रहेनछ भने त भगवानले पनि तिनीहरूको भेट कुनै संतसँग गराइदिनु हुन्छ जसले उनीहरूको कल्याणको निमित नै उचित बाटो बताइदिन्छन्। यस्तै नै श्री साठेको साथ भयो। उनका एक मित्रले उनीलाई शिरडी जाने सल्लाह दिए जहाँ मनको शन्ति प्राप्त गर्न र इच्छापूर्ण गर्नाको निमित्त देशका कुना-कुनाबाट झुंडका झुंड मानिसहरू आइरहेका हुन्छन्। उनीलाई यो विचार ज्यादै राम्रो लाग्यो र सन् 1917 मा उनी शिरडी गए। बाबाको सनातन, पूर्णब्रह्म, स्वयं प्रकाशमान, निर्मल एवं विशुद्ध स्वरूपको दर्शन गरेर मनको

व्यग्रता नष्ट हुन गयो र उनको चित्त शान्त र स्थिर हुन गयो। बितेका जन्महरूको शुभकर्महरूको फलस्वरूप नै "आज म श्री साईबाबाको पवित्र चरणसम्म पुग्न समर्थ हुन सकेको हुँ" भन्ने कुरा उनले सोचे। श्री साठे दृढ संकल्पका व्यक्ति थिए। यसैले उनले तुरून्तै गुरूचरित्रको पारायण प्रारम्भ गरिदिए। जब एक सातामा नै चरित्रको प्रथम आवृत्ति समाप्त भयो अनि बाबाले त्यसै रातमा उनीलाई एउटा सपना दिनुभयो, जो यसप्रकारको छ :-

बाबाले आफ्नो हातमा गुरूचरित्र लिनु भएको छ र श्री साठेलाई कुनै विषय संझाईरहनुभएको छ। साथै श्री साठे अगाडि बसेर ध्यानपूर्वक सुनिरहेका छन्। निद्रा भंग हुनासाथ सपना संझेर उनी ज्यादै खुशी भए। यस्तो किसिमको अचेतन अवस्थामा पल्टिरहेका उनीलाई उठाएर गुरू चरित्रको अमृतपान गर्ने मौका प्रदान गर्नु बाबाको उनी उपर अत्यन्त कृपा हो भन्ने विचार उनले गरे। उनले यो सपना श्री काका साहेब दीक्षितलाई सुनाए य यसको वास्तविक अर्थ के हो तथा के एक साताको पाराण नै मेरो लागि पर्याप्त छ अथवा फेरि प्रारम्भ गरूँ भनी जान्न श्री साईबाबासँग प्रार्थना गरिदिनोस् भने। श्री काका साहेब दीक्षितले उचित मौका पाएर बाबासँग सोधे "हे देव! त्यो दुष्टान्तबाट हजूरले श्री साठेलाई के उपदेश दिनु भएको हो ? के उनीले पारायण सप्ताह स्थगित गरून्? उनी एउटा सरल हृदयका भक्त हुन्। यसैले हजूरले उनको मनको कामना पूर्ण गरिदिनोस्। साथैं हे देव। कृपा गरेर उनीलाई यो सपनाको वास्तविक अर्थ पनि संझाई दिनुहोस्"। यो सुनेर बाबाले भन्नुभयो "उनले गुरूचरित्रको अरू एक सप्ताह पारायण गर्नु उचित छ। उनीले ध्यानपूर्वक पाठ गरे भने उनको चित शुद्ध हुन् जानेछ र चाँडै नै कल्याण हुनेछ। ईश्वर पनि प्रसन्न भएर उनीलाई भव-बन्धनबाट मुक्त गरिदिनु हुनेछ"।

यो मौकामा श्री हेमाड पन्त पनि त्यही उपस्थित थिर र बाबाको चरण कमलको सेवा गरी रहेका थिए। बाबाको कुरा सुनेर उनले विचार गरे "साठेलाई केवल सप्ताह-पारायणबाट नै मनोवांछित (मनले इच्छा गरेको) फल प्राप्त भयो। मैले त गत 40 वर्षदखि गुरू-चरित्रको पारायण गरिराखेको छु जसको केही परिणाम अझसम्म निस्केको छैन। उनको केवल सात

दिनको शिरडीको बसाइ नै सफल भयो। अनि मेरो गत सात वर्ष (सन् 1190-1197) को सहवास व्यर्थ भ्यो त? म माथि अमृत वर्षा गरियोस् भनी चातक पक्षी जस्तै भै म सधैं त्यो कृपाघन (कृपामेघ) को बाटो हेरिरहेछ। वहाँले कहिले मलाई आफ्नो उपदेश दिने कृपा गर्नुहोला?"

उनको मस्तिकष्कमा (मगजमा) यो विचार आउँदा आउँदैमा बाबालाई सबै जानकारी भयो। भक्तहरूको सम्पूर्ण विचारहरू जानेर बाबा उनीहरूको कुविचारहरूलाई दमन गरी असल विचारहरूलाई प्रोत्साहित गर्नुहुन्थ्यो भन्ने कुरा भक्तहरूले सधैं नै अनुभव गरेका छन्। हेमाड पन्तको यस्तो विचार जानेर बाबाले उनीलाई "शामा कहाँ जाऊ र केही समयसम्म उनीसँग (शामासँग) वार्तालाप गरी 15 रूपियाँ दक्षिणा लिएर आऊ" भनी तुरून्तै आज्ञा दिनुभयो। बाबालाई दया आएथ्यो। यसैकारण वहाँले यस्तो आज्ञा दिनु भयो। आज्ञालाई अनास्था गर्ने साहस पनि कसको थियो र ? श्री हेमाड पन्त तुरून्तै शामाको घरमा पुगे। यो समयमा शामा नुहाएर धोती फेर्न लागिरहेका थिए। उनी बाहिर आएर हेमाड पन्तसँग सोधे "तपाई यहाँ कसरी? तपाई मसजिदबाटै आउँदै हुनुहुन्छ भन्ने लाग्दछ र तपाई यस्तो चिन्तित र उदास किन हुनुहुन्छ? तपाई एक्लै नै किन आउनु भएको? आउनोस्, बस्नोस् र अलिकति विश्राम गर्नुहोस्। म पूजा आदिबाट निवृत्त भईन्जेल तपाई कृपापूर्वक पान आदि लिनुहोस्। त्यसपछि नै म र तपाई सुखपूर्वक वार्तालाप गरौं"। यति भनेर उनी मित्र गए।

दलानमा बस्दा-बस्दै हेमाड पन्तको दृष्टि अचानक झ्यालमा राखिएको "नाथ भागवत" माथि पऱ्यो। "नाथ भागवत" एकनाथद्वारा रचित महाभागवतको एघारौं स्कन्ध उपर मराठी भाषामा गरिएको एउटा टीका हो। श्री साईबाबाका आज्ञानुसार श्री बापू साहेब जोग 2 श्री काका साहेब दीक्षित शिरडीमा सधैं भावार्थ दीपिका या ज्ञानेश्वरी नामको मराठी टीका सहित भगवद् गीताको (कृष्ण र भक्त अर्जुन संवाद), नाथ भगवतको (श्रीकृष्ण-उद्धव संवाद) र एकनाथको महान् ग्रन्थ भावार्थ रामायणको पाठ गर्दथे। भक्तगण बाबासँग कुनै प्रश्न सोध्न आए भने वहाँले कहिले आंशिक उत्तर दिनु हुन्थ्यो र कहिले तिनीहरूलाई माथि भनिएको भागवत र त्यस्तै अरू प्रमुख ग्रन्थहरू सुन्न भन्नु हुन्थ्यो,

जो सुनेपछि भक्तहरूलाई आफ्ना प्रश्नहरूका पूरारूपले सन्तोषप्रद उत्तर प्राप्त हुन जान्थे। श्री हेमाड पन्त सधैं नै "नाथ भागवत" का केही अंशाहरू पाठ गर्ने गर्दथे।
आज बिहान मसजिद जाने समयमा केही भक्तहरूको सत्संगतको कारण उनले आफ्नो नित्य नियमानुसाकरको पाठ अधूरो नै छोडिदिएथे। जसै उनले त्यो ग्रन्थ उठाएर पल्टाए अनि त आफ्नो अपूर्ण भागको पृष्ठ अगाडि देखेर उनीलाई आश्चर्य लाग्यो। बाबाले यसै कारणले नै मलाई यहाँ पठाउनु भएको रहेछ ता कि म आफ्नो बाँकी पाठ पूरा गरौं भन्ने यो कुरा उनले सोचे। अनि उनले बाँकी अंशको पाठ आरम्भ गरिदिए। पाठ पूरा हुनासाथ नै शामा पनि बाहिर आएर उनीहरू दुईजनामा वार्तालाप हुन लाग्यो। हेमाड पन्तले भने "म बाबाको एउटा सन्देश लिएर तपाई कहाँ आएको हूँ। वहाँले मलाई तपाईसँग 15 रूपियाँ दक्षिणा ल्याउने तथा केही बेर वार्तालाप गरी तपाईलाई आफैसँग लिएर मसजिद फर्केर आउने आज्ञा दिनु भएको छ। शामाले आश्चर्यपूर्वक भने" म सँग त एक फुटेको कौडीसम्म पनि छैन। यसैले तपाई रूपियाँको सट्टा दक्षिणामा मेरो पन्ध्र नमस्कार नै लिएर जानोस्"। त्यसमा हेमाड पन्तले भने "ठीक छ मलाई तपाईको पन्ध्र नमस्कार नै स्वीकार छ। आउनुहोस् अब हामी केही वार्तालाप गरौं। कृपा गरेर तपाई मलाई बाबाका केही लीलाहरू सुनाउनु होस् जसबाट पाप नष्ट होओस्"। शामाले भने "त्यसो भए केहीबेर बस्नोस्। यो ईश्वर (बाबा) का लीला अद्भुत छ। कहाँ म एक अशिक्षित देहाती र कहाँ तपाई एक विद्वान्। यहाँ आएपछि त तपाईले बाबाका अनेकौं लीला आफैंले देखिसक्नु भएको छ जसको वर्णन म अब तपाईको अगाडि कसरी गर्न सक्छु र ? भैगो यो पान-सुपानी त खानोस्। त्यतिबेलासम्म म आफ्नो लुगा लगाऊँ"।

थोरै बेरमा शामा बाहिर आए र फेरि उनीहरू दुई जनामा यसप्रकार वार्तालाप हुन लाग्यो शामाले भने- यी परमेश्वर (बाबा) का लीलाहरू अगाध छन् जसका कुनै पार नै छैन। वहाँ त लीलाहरूबाट अलिप्त रहेर सधैं नै मजा गर्नुहुन्छ। यो कुरा हामी अज्ञानी प्राणीले के बुझन सक्ने? बाबा आफैंले नै किन नभन्नु भएको? तपाई जस्तो विद्वान्लाई म जस्तो मूर्ख

कहाँ किन पठाउनु भएको ? वहाँको काम गर्ने तरीका नै कल्पना भन्दा पर छ। म त यस विषयमा केवल यत्ति नै भन्न सक्छु कि वहाँ लौकिक प्राणी होइन। यो भूमिकाको साथसाथै शामाले भने "अब मलाई एउटा कथाको संझना भयो जुन म व्यक्तिगत रूपले जान्दछु। जस्तो भक्तको निष्ठा र भाव हुन्छ, बाबा पनि त्यस्तै प्रकारले उसको सहायता गर्नुन्छ। कहिले कहिले त बाबा भक्तको कठिन परीक्षा लिएर नै उसलाई उपदेश दिने गर्नुहुन्छ"।

उपदेश शब्द सुनेर साठेको गुरू-चरित्र पारायणको घटनालाई त्यसैबेला संझी हेमाड पन्तलाई रोमांच हुन गयो। उनले सोचे "कदाचित् बाबाले मेरो चित्तको चंचलता नाश गर्नको लागि नै मलाई यहाँ पठाउनु भएको हो कि ? तर पनि उनले विचार प्रकट नगरी शामाको कथालाई ध्यानपूर्वक सुन्न लागे। ती सबै कथाका सार आफ्ना भक्तहरूप्रति बाबाको मनमा कति दया र स्नेह हुन्छ भन्ने मात्र थियो। यी कथाहरूलाई सुनेर हेमाड पन्तलाई मित्री तहको उल्लासको अनुभव हुन लाग्यो। अनि शामाले तल लेखिएको कथा भनेः-

श्रीमती राधाबाई देशमुख :-

एक समय खाशाबा देशमुखकी वृद्धा आमा श्रीमती राधाबाई बाबाको कीर्ति सुनेर संगमनेरका मानिसहरूको साथ शिरडी आइन्। बाबाको श्रीदर्शन गरेर उनीलाई अत्यन्त खुशी लाग्यो। श्री साई चरणमा उनको अटल श्रद्धा थियो। यसैले उनले जसरी भए पनि बाबालाई आफ्नो गरू बनाएर वहाँबाट उपदेश ग्रहण गनै पर्छ भनी निश्चय गरिन्।

आमरण अनशनको दृढ निश्चय गरी आफ्नो विश्राम गृहमा आएर अन्न जल छोडिदिइन्। यसप्रकार तीन दिन वित्न गयो। म यी वृद्धाको अग्नि परीक्षाबाट बिलकुलै डराएर बाबासँग प्रार्थना गर्न लागें "देव! हजूरले अब यो के गर्न आरम्भ गरिदिनु भयो? यस्ता कति मागिसलाई हजूरले आकर्षित गर्ने गर्नुहुन्छ? हठपूर्वक हजूर उपर आधारित भएकी ती बूढी महिलासँग हजूर पूर्ण परिचित हुनुहुन्छ। यदि हजूरले कृपादृष्टि गरी तिनीलाई उपदेश दिनु भएन र यदि दुर्भाग्यवश तिनीलाई केही हुन गयो भने मानिसहरूले व्यर्थ नै हजूरलाई दोषी

ठहराउने छन्। अनि बाबाबाट उपदेश प्राप्त नभएको कारणले तिनको मृत्यु हुनगयो भन्ने छन्। यसैले अब दया गरी तिनीलाई आशीष र उपदेश दिनुहोस्"।

वृद्धाको यस्तो दृढ निश्चय देखेर बाबाले तिनीलाई आफूकहाँ बोलाउनु भयो र मीठो उपदेश दिई तिनको मनोवृत्ति परिवर्तन गरेर भन्नुभयो "हे माता! किन व्यर्थमा तपाई यातना सहेर मृत्युलाई अंगाल्न खोज्नु हुन्छ? तपाई मेरो आमा र म तपाईको छोरो। तपाई म माथि दया गर्नोस् र जे जति म भन्छु त्यसलाई ध्यानपूर्वक सुन्नुहोस्। म मेरो आफ्नै कथा तपाईलाई भन्दछु र यदि तपाईले त्यसलाई ध्यानपूर्वक सुन्नुभयो भने तपाईलाई अवश्य नै ठूलो शान्ति मिल्ने छ।

मेरो एक गुरू जो ठूलो सिद्ध पुरूष हुनुहुन्थ्यो म माथि बडो दयालु हुनुहुन्थ्यो। धेरै कालसम्म मैले वहाँको सेवा गर्दै रहेता पनि वहाँले मेरो कामना कहिल्यै मन्त्र फुक्नु भएन। म वहाँसँग कहिल्यै छुट्टिन पनि चाहन्नथे। वहाँको सेवा गरी जुन प्रकारले पनि सम्भव हुन्छ मन्त्र प्राप्त गरौं भन्ने मेरो प्रबल उत्कण्ठा थियो। तर वहाँको रीति त अनौठे नै थियो। वहाँले पहिले मेरो मुण्डन गरी म सँग दक्षिणामा दुई पैसा माग्नु भयो जो मैले तुरून्तै नै दिएँ। मेरा गुरू जब पूर्णकाम (सबै इच्छा पुगेका) हुनुहुन्थ्यो त वहाँले पैसा माग्न सुहाउँथ्यो? अनि फेरि उहाँलाई विरक्त पनि कसरी भन्न सकिन्थ्यो त भनी तपाईले प्रश्न गर्नु भयो भने यसको उत्तर केवल यही हो कि वहाँलाई कांचन (धन) सपनामा पनि आवश्यकता नहुँदा वहाँ त्यसको वास्तै गर्नु हुन्नथ्यो। ती (माथि भनिएका) दुई पैसाको अर्थ त यस्तो थियो (1) दृढ निष्ठा (2) धैर्य। जब मैले यी दुबै कुरा अर्पण गरिदिएँ अनि त वहाँ अत्यन्त प्रसन्न हुनुभयो। मैले वहा वर्ष वहाँका श्री चरणको सेवामा नै बिताएँ। वहाँले नै मेरो भरण-पोषण गर्नुभयो । यसैले मलाई भोजन 2 वस्त्रहरूको केही अभावै थिएन। वहाँ प्रेमको मूर्ति हुनुहुन्थ्यो अथवा यो भन्नोस् कि वहाँ प्रेमको साक्षात् अवतार हुनुहुन्थ्यो। म उपर वहाँको ज्यादै नै स्नेह भएकाले म वहाँको खास वर्णन नै कसरी गर्न सक्दछु र। वहाँ बराबरको कुनै गुरू बिरलै मिल्लान। वहाँतिर मैले निहारेको बखतमा मलाई वहाँ गंम्भीर मुद्रामा ध्यान मग्न हुनुहुन्छ भने जस्तो लाग्थ्यो। अनि हामी दुवै आनन्दित हुन जान्थ्यौं।

आठै प्रहर म एक टक लगाएर वहाँकै श्री मुखतिर निहार्ने गर्थें। मैले भोकप्यासको पत्तो पनि हराएँ। वहाँको दर्शन बिना म अशान्त हुन जान्थें। गुरू सेवाको चिन्ता बाहेक मेरो लागि अरू सोच्नु पर्ने विषय या वस्तु नै थिएन। मलाई त सदैव वहाँकै ध्यान रहन्थ्यो। यसैले मेरो मन वहाँकै चरण कमलमा मग्न हुन गयो। यो हो एक पैसाको दक्षिणा। धैर्य हो अर्को पैसा । मैले धैर्यपूर्वक धेरै कालसम्म प्रतीक्षा गरी गुरूसेवा गर्दै रहें। यही धैर्यले तपाईलाई पनि भवसागर पार गरिदिने छ। धैर्य नै मनुष्यको मनुष्यत्व हो। धैर्यधारण गर्नाले सम्पूर्ण पाप र मोह नष्ट भई हरप्रकारको संकट दूर हुन्छ तथा डर हराउँदै जान्द। यस प्रकारले तपाईलाई पनि आफ्नो ध्येयको प्राप्ति हुन जाने छ। धैर्य त गुणहरूको खानी र उत्तम विचारहरूको जननी हो। निष्ठा र धेयै दुइ जुम्ल्या बहिनीहरू जस्तै हुन्, जसमा परस्पर प्रगाड प्रेम हुन्छ"।

"मेरो गुरू मसँग कुनै वस्तुको आकांक्षा राख्नु हुँदैनथ्यो। वहाँले कहिल्यै मेरो उपेक्षा (अनास्था) गर्नु भएन, वरू सधैं नै रक्षा गर्दै रहनु भयो। हुनता म सँधै नै वहाँकै चरणको नजिक नै रहन्थें, तर पनि कहिल्यै कुनै अरू ठाउँहरूमा गैहाले पनि मेरो प्रेममा कहिल्यै कमी भएन। कसरी कछुवी उसको आफ्नो नजिकै रहेका वा नदीकों पार रहेका दुबैथरी बच्चालाई आफ्नो प्रेम दृष्टिले पालन गर्दछे, त्यसरी नै वहाँ सधैं म उपर कृपादृष्टि राख्नु हुन्थ्यो। त्यसैले हे आमा! मेरा गुरूले त मलाई कुनै मंत्र सिकाउनु भएकै छैन भने म तपाईको कानमा कुन मंत्र फूकूँ। केवल यति मात्रै ध्यान राख्नोस् कि गुरूको पनि कछुवीकै समान नै प्रेमदृष्टिवाट हामीलाई सन्तोष प्राप्त हुन्छ। यसकारण व्यर्थमा कसैबाट उपदेश प्राप्त गर्ने प्रयास नगर्नोस्। मलाई नै आफ्ना विचारहरूको र कर्महरूको मुख्य ध्येय बनाउनुहोस्। अनि तपाईलाई निस्सन्देह नै परमार्थको प्राप्ति हुन जानेछ। मतर्फ अनन्य भावले हेर्नु भयो भने म पनि तपाईतर्फ त्यसरी नै हेर्ने छु। यो मसजिदमा बसेर सत्य नै बोल्दछु कि कुनै साधनाहरू वा शास्त्रहरूको अध्ययनको आवश्यकता छैन। केवल गुरूमा विश्वास नै पर्याप्त छ। पूर्ण विश्वास राख्नोस् कि गुरू नै कर्ता हो। अनि त्यो व्यक्ति नै धन्य हो जो गुरूको महानतासँग परिचित छ र उनीलाई हरि, हर र ब्रह्मा तीन मूर्तिको अवतार संझिन्छ"।

यस्तो किसिमले सम्झाउनाले वृद्ध महिलालाई सान्त्वना मिल्यो र उनले बाबालाई ढोगेर आफ्नो उपवास त्याग दिइन्। यो कथा ध्यानपूर्वक एकाग्र भई सुनेर तथा माथि भनिएको अर्थ उपर विचार गरेर हेमाड पन्तलाई बडो आश्चर्य भयो। उनको हृदय भरिएर आयो र उनीलाई रोमान्च हुन गयो। अत्यन्त आनन्दविभोर हुन जानाले उनको घाँटी रोकियो र उनीले मुखबाट एक शब्द पनि बोल्न सकेनन्। उनको यस्तो स्थिति देखेर शामाले सोधे- "तपाई यस्तो स्तब्ध (जडीभूत) किन हुनुभयो ? कुरा के हो? बाबाका त यस्ता किसिमका लीलाहरू अनगिन्ति छन् जसको वर्णन म कुन मुखले गरूँ।

ठीक त्यसै समयमा मसजिदमा घण्टा बज्न लाग्यो जो मध्यदिनको पूजाको र आरतीको आरम्भ जनाउने थियो। अनि शामा र हेमाड पन्त पनि तुरून्तै मसजिदतर्फ हिँडे। बापू साहेब जोगले पूजा आरम्भ गरिसकेथे। स्वास्नीमानिसहरू मसजिदमा माथि खडा थिए र पुरूषवर्ग तल मंडपमा! सबै उच्च स्वरमा बाजाको साथ आरती गाइरहेका थिए। त्यसैबेल हेमाड पन्तको हात समातेका शामा पनि माथि पुगेर उनी बाबाको दाहिनेतिर र हेमाड पन्त बाबाको अगाडि बसे। उनीलाई (हेमाड पन्तलाई) देखेर बाबाले शामासँग ल्याएको दक्षिणा दिनको लागि भन्नुभयो। अनि हेमाड पन्तले रूपियाँको सट्टा शामाले म मार्फत् हजूरलाई पन्ध्र नमस्कार पठाएका छन् र आफैँ नै यहाँ आएर उपस्थित हुन गएका छन् भने। बाबाले भन्नुभयो " भैगो, ठीक छ। त अब मलाई तिमीहरू दुई जनामा आपसमा के विषयमा वार्तालाप भएको थियो, त्यो कुरा बताओ। अनि घण्टा, ढोल र सामूहिक गानको ध्वनिको वास्ता नगर्दै हेमाड पन्तले उत्कण्ठा पूर्वक वहाँलाई (बाबालाई) त्यो वार्तालाप सुनाउन लागे। बाबा पनि सुन्नलाई ज्यादै उत्सुक हुनुहुन्थ्यो। यसैले वहाँ तकिया छोडेर थोरै अगाडि झुक्नु भयो। हैमाड पन्तले भने- "वार्ता ज्यादै आनन्ददरायी थियो। विशेष गरेर ती वृद्ध महिलाको कथा त यस्तो अदभूत थियो कि त्यसलाई सुनेर मलाई तुरून्तै विचार आयो कि हजूरका लीलाहरू अगाध छन् र यो कथाको आधारमा हजूरले म उपर विशेष कृपा गर्नुभयो"। अनि बाबाले भन्नुभयो- "यो त ज्यादै आश्चर्यपूर्ण कुरा हो। अब मेरो तिमी उपर कृपा कसरी भयो, यसको पूरा विवरण सुनाऊ"। उनले पनि केही समय अधि सुनी उनको हृदय-पटलमा अंकित भैसकेको सबै वार्तालाप बाबालाई सुनाइदिए।

वार्ता सुनेर बाबा ज्यदै प्रसन्न भई भन्न लाग्नु भयो, "के कथाबाट प्रभावित भएर त्यसको अर्थ पनि तिमीले बुझयौ? "हेमाड पन्तले उत्तर दिए "हो बाबा बुझें। त्यसबाट मेरो चित्तको चंचलता नाश हुन गएको छ। अब सच्चारूपमा म वास्तविक शान्ति र सुखको अनुभव गरिरहेको छु। साथै मलाई साँचो बाटोको पत्ता लागेको छ"।

अनि त्यसपछि बाबाले भन्नुभयो- "सुन, मेरो पद्धति पनि अद्वितीय छ। यदि यो कथाको संझना राखी छाड्यौ भने यो ज्यादै नै उपयोगी सिद्ध हुनेछ। आत्माज्ञान प्राप्त गर्नको लागि ध्यान अत्यन्त आवश्यक छ। यदि तिमीले यसको निरन्तर अभ्यास गरी रह्यौ भने खराब प्रवृत्तिहरू शान्त हुन जानेछन्। तिमीले आसक्तिरहित भएर सबै प्राणीहरूमा व्याप्त ईश्वरको ध्यान सदैव गर्नुपर्छ। जब यस प्रकार मन एकाग्र हुन जाला अनि तिमीलाई ध्येयको प्राप्ति हुन जानेछ। मेरो निराकार सच्चिदानन्द स्वरूपको ध्यान गर। यदि तिमीले आफूलाई यसो गर्न असमर्थ मान्यौ भने तिमीले दिनरात यहाँ देखेको साकार स्वरूपकै ध्यान गए। यसरी तिम्रा वृत्तिहरू केन्द्रित हुन जानेछन् र ध्याता, ध्यान तथा ध्येयको पृथकत्व (छुट्टाछुट्टैपन) नाश भएर ध्याताले चैतन्यसँग एकत्व प्राप्त गरी ब्रह्मको साथ अभिन्न हुन जानेछ। कछुवी नदीको यो किनारामा बस्छे र उसका बच्चा अर्को किनारामा। न ऊ तिनीहरूलाई दूध पियाँउछे, न छातीमा लगाएर लिन्छे। तर केवल उसको प्रेम-दृष्टिले नै तिनीहरूको भरण-पोषण हुन जान्छ। साना बच्चा पनि केही नगरी केवल आफ्नो आमाकै संझना गरी रहन्छन्। ती स-साना बच्चाहरू उपर परेको कछुवीको दृष्टिले नै उनीहरूलाई अमृत तुल्य आहार र आनन्द प्रदान गर्छ। गुरू शिष्यको सम्बन्ध पर्नि यस्तै हो"।
बाबाले अन्तिम शब्द भन्नु हुँदा-हुँदैमा आरती समाप्त भयो र सबैले उच्च स्वरले "श्री सच्चिदानन्द सद्गुरू साईनाथ महाराजको जय" भने। प्रिय पाठकहरू हो! कल्पना गर्नोस् कि हामी सबै पनि यो बेला त्यही भीड र जयजयकारमा सम्मिलित छौं।

आरती सकिएपछि प्रसाद बाँडियो। बापू साहेब जोगले सधैंको झैं अगाडि बढेर बाबालाई ढोगी केही मिश्रीको प्रसाद चढाए। यो मिश्री हेमान्त पन्तलाई दिएर वहाँले भन्नुभयो,

“यदि तिमीले यो कथालाई राम्ररी सधैं नै संझना गरी राख्यौ भने तिम्रो स्थिति पनि यो मिश्रीको समान नै मधुर (मीठो) भएर सम्पूर्ण इच्छाहरू पूरा हुन जानेछन् र तिमी सुखी हुन जानेछौ”।

हेमाड पन्तले बाबालाई साष्टाङ्ग प्रमाण गरेर स्तुति गरे “प्रभो! यसरी नै दया गरेर सदैव मेरो रक्षा गरी राख्नोस्”। अनि बाबाले आशीर्वाद दिएर भन्नुभयो- “यी कथाहरूलाई सुनेर, सधैं मनन र  निदिध्यासन (अनवरत चिंतन) गरी सबै तत्वलाई ग्रहण गर। अनि तिमीलाई ईश्वरको सधैं स्मरण (संझना) तथा ध्यान रही रहनेछ। वहाँले स्वयं तिम्रो अगाडि आफ्नो स्वरूपलाई प्रकट गरिदिनु हुनेछ”।

प्यारा पाठकहरू हो! हेमाड पन्तलाई त्ससबेला राम्ररी मिश्रीको प्रसाद मिल्यो। त्यही नै आज हामीलाई कथामृतको रूपमा पान गर्ने अवसर प्राप्त भयो। आउनोस् हामी पनि त्यो कथालाई मनन गरौं र त्यसको सार ग्रहण गरी बाबाको कृपाबाट स्वस्थ र सुखी हुन जाऊँ।

19 औं अध्यायको अन्तमा हेमाड पन्तले केही अरू विषयहरूको पनि वर्णन गरेका छन् जो यहाँ दिइएको छ।

आफ्नो व्यवहार सम्बन्धमा बाबाको उपदेश :-

तल दिइएका अमूल्य बचन सर्वसाधरण भक्तहरूको लागि हुन्। यदि तिनलाई ध्यानमा राखेर आचरणमा ल्याइयो भने सदैव कल्याण हुनेछ। कसैसँग कुनै पहिलो नाता या सम्बन्ध नभए कोही कसैकहाँ जाँदैन। यदि कुनै मानिस या प्राणी तिमीकहाँ आएमा उसलाई असभ्य तरीकाले नहटाऊ। उसलाई स्वागत गरेर आदरपूर्वक व्यवहार गर। यदि तिर्खाएकोलाई जल, भोकले सताइएकोलाई भोजन, नाङ्गालाई वस्त्र र आगन्तुकलाई आफ्नो दलान विश्राम गर्नको लागि दियौ भने भगवान् श्रीहरि तिमीसँग निस्सन्देह

प्रसन्न हुनु हुनेछ। यदि कसैले तिमीसँग धन माग्यो र तिम्रो दिने इच्छा छैन भने नदेऊ तर उसको साथ कुकुरको जस्तो यवहार नगर। कसैले तिम्रो कति नै निन्दा किन नगरोस्, तर पनि कटु उत्तर दिएर त्यस उपर क्रोध नगर। यदि यस्तो किसिमले यस्ता प्रसंगहरूबाट सँधैं नै बच्दै रह्यौ भने तिमी सुखी रहने छौ भन्ने कुरा निश्चित छ। चाहे संसार उलट-पुलट हुन जाओस् तिमी भने स्थिर रहनु पर्छ। सधैं आफ्नो ठाउँमा दृढ रही आफ्नो अगाडिबाट गइरहेको दृश्यलाई शान्तिपूर्वक हेर। एउटालाई अर्कोसँग अलग राख्ने भेअ (द्वैत) को पर्खाललाई नाश गरिदिऊ जसबाट आफ्नो मिलन-पथ सजिलो हुन जाओस्। द्वैतभाव (अर्थात् म र तँ) नै भेदवृत्ति हो, जसले शिष्यलाई गुरूबाट पृथक, (भिन्न) गरिदिन्छ। यसैले यसको नाश नभइन्जेलसम्म अभिन्नता प्राप्त गर्न सम्भव हुँदैन। "अल्लाह मालिक" अर्थात् ईश्वर नै सर्वशक्तिमान् छन् र उनी बाहेक अरू कोही संरक्षणकर्ता (संरक्षण गर्ने व्यक्ति) छैन। उनको कार्य प्रणाली (कामगर्ने तरीका) अलौकिक, अनमोल र कल्पनाभन्दा पर छ। उनको इच्छाबाट नै सबै काम हुन्छन्। उनैले नै बाटो देखाएर सबै इच्छाहरू पूर्ण गर्दछन्। ऋणानुबन्ध (पहिलो सम्बन्ध) को कारणले नै हाम्रो भेट हुन्छ। यसैले हामीले परस्पर प्रेम गरी एउटाले अर्काको सेवा गरेर सदैव सन्तुष्ट रहनुपर्छ। जसले आफ्नो जीवनको ध्येय (ईश्वर दर्शन) पाएको छ त्यही धन्य र सुखी हो। अरू त प्राण भइन्जेलसम्म बाँचेका भनिने मात्र हुन्।

राम्रो विचारहरूलाई प्रोत्साहन :-

ध्यान दिन योग्य कुरा यो छ कि श्री साईबाा सदैव राम्रा विचारहरूलाई प्रोत्साहन दिने गर्नुहुन्थ्यो। यसकारण यदि हामी प्रेम र भक्तिपूर्वक अनन्य भावले वहाँको शरणमा गयौं भने वहाँले अनेक अवसरमा हामीलाई कस्तो प्रकारले सहायता पुऱ्याउनु हुन्छ भन्ने अनुभव हामीलाई हुन जान्छ। कुनै एक सन्तको कथन छ कि यदि बिहान सबेरै हृदयमा कुनै राम्रो विचार उठ्यो र यदि तपाईले दिनभर त्यसलाई पुष्टि गर्नु भयो भने त्यसले तपाईको विवेकलाई अत्यन्त विकसित गरी चित्त प्रसन्न गरिदिनेछ। हेमाड पन्त पनि यसको अनुभव गर्न खोज्दथे। यसैले यो पवित्र शिरडी भूमिमा आउँदो शुभ गुरूबारको सारा दिन

नामस्मरण र कीर्तनमा नै बिताऊँ भन्ने विचार गरेर सुते। भोलिपल्ट बिहान उठ्दा उनीलाई स्वतः रामनामको स्मरण हुन आयो। यो कुराले उनी प्रसन्न भए र नित्यकर्म समाप्त गरी केही फूल लिएर बाबाको दर्शन गर्न गए। जब उनी दीक्षितको बाडा पार गरी बूटीबाडाको नजिकबाट जाँदै थिए त्यसैबेला उनले मसजिदतिरबाट आइरहेको एउटा मधुर भजनको ध्वनि सुन्ने पुगे। यो एकनाथको घतलाग्दो धजन औरङ्गाबादकरले बाबाको अगाडि मधुरलयमा गाइरहेथे।

गुरू कृपांजन पायो मेरे भाइ। राम बिना कुछ मानत नाही ।।धु।।
अन्दर रामा बाहर रामा । सपने में देखत सीतारामा ।।1।।गुरू।।
जगत रामा सोवत रामा । जहाँ देखे वही पूरन कामा ।।2।।गुरू।।
एका जनार्दनी अनुभव नीका । जहाँ देखे वहाँ राम सरीखा ।।3।।गुरू।।

अर्थात- ए मेरा भाइ! गुरूको कश्पा रूपी गाजल पाएँ मैले। अब कुनै कुरालाई पनि रामभन्दा फरक मान्दिन। भित्र पनि राम नै देख्दछु बाहिर पनि राम नै देख्छु। जागेको बखतमा पनि राम नै देख्छु, सुतेको बखतमा पनि राम नै देख्नु। जहाँ हेर्‍यो त्यहीं आफ्नो इच्छा पूर्ण गर्ने उनै राम नै देख्छु। जता हेर्‍यो वहाँ राम रूप नै देख्ने, एउटै भगवान् देख्ने-यो अनुभव बडो राम्रो छ।

भजन अनेकौं छन, तर पनि विशेष गरेर यो भजन नै औरङ्गा बादकरले किन छाने। के यो बाबाद्वारा नै संयोजित (मिलाइएको) विचित्रको भावनात्मक मिलान होइन त? के यो हेमाड पन्तको अगिल्लो दिनको खण्ड रामनाम स्मरण गर्ने संकल्पलाई प्रोत्साहन गरिएको होइन त? रामनामको जप प्रभावकारी हुनुको साथै भक्तहरूको इच्छापूर्ति गर्न र सबै कष्टहरूबाट छुटकारा पाउनको लागि एउटा अचूक औषधि हो भन्ने कुरामा सबै सनतहरूको एउटै मत छ।

निन्दा बारे उपदेश :-

उपदेश दिनाको लागि कुनै विशेष समय या ठाउँको प्रतीक्षा नगरी यथायोग्य समयमा नै बाबा स्वतन्त्रतापूर्वक उपदेश दिने गर्नुहुन्थ्यो। एकपटक एउटा भक्तले बाबा नभएको समयमा अरू मानिसको अगाडि कसैलाई अपशब्द (दुर्वाच्य) भनेछन्। गुणहरूको वास्ता नगरेर उनले आफ्ना भाइमथि दोषारोपण गर्न यस्तो। नराम्रोसँग कटु वाक्य प्रयोग गरे कि सुन्नेहरूलाई पनि तिनीमाथि घृणा हुन लाग्यो। मानिसहरूले व्यर्थ नै अर्कालाई निन्दा गरेर झगडा र खराबी उत्पन्न गर्ने कुरा धैरैजसो देखिन आउँछ। तर सन्तहरू त अर्काका दोषहरूलाई अर्कै दृष्टिले हेर्ने गर्दछन्। उनीहरूको भनाइ छ कि शुद्धि अर्थात् सफा गर्नको लागि प्रयोग गरिने अनेकौं तरीकामा माटो, पानी र साबुन आदि काफी छन्। तर निन्दा गर्नेहरूको तरीका अर्कै हुन्छ।उनीहरू अर्काका दोषहरूलाई केवल आफ्नो जिब्रोले नै हटाइदिन्छन्। यसरी उनीहरू अर्काको निन्दा गरेर उसको उपकार नै गर्ने गर्दछन जसको लागि ती धन्यवादका पात्र हुन्छन् 1 निन्दा गर्नेलाई ठीक बाटोमा ल्याउनाको लागि साईबाबाको तरीका बिलकुलै भिन्नै किसिमको थियो। वहाँ त सर्वज्ञ नै हुनुहुन्थ्यो। यसैले त्यो निन्दा गर्नेको काम वहाँले थाहा पाउनु भयो। मध्याह्नको समयमा जब लेण्डीको नजिकै उसँग (निन्दा गर्नेसँग) भेट भयो, त्यस बखतमा वहाँले विष्टा खान लागेको एउटा सुगुरलाई औंल्याएर उसलाई भन्नुभयो "हेर! त्यसले कस्तो प्रेमपूर्वक बिष्टा खाइरहेको छ।

---

*1 निन्दक नियरे राखिये, आँगन कुटी छबाय।*
*बिनु पानी साबुन बिना, निर्मल करत सुभाष ।।-कबीर ।।*
*अर्थात्- आफ्नो निन्दा गर्नेलाई आफ्नै आँगनमा कुटी बनाएर आफ्नै नजीकमाराख्नू। किनभने आफ्नो दोष आफैंले देखिन्न। तर आफ्नो निन्दा गर्नेले भने तुरून्तै देखेर त्यो दोष स्पष्ट पारिइहाल्छ। अनि आफूले आफ्नो दोषलाई हटाएर आफूलाई निर्मल पार्न साकिन्छ। कुनै वस्तु निर्मल अर्थात् सफा पानी र साबुनको संयोग बिना हुँदैन। दुबैको प्रयोग भएपछि मात्र हुन्छ। तर आफ्नो नजीक रहेको निन्दकले त पानी र साबुनको प्रयोग बिना जिब्रोको टुप्पाले मात्र नै आफ्नो दोषरूपी फोहोरलाई औंल्याइ दिई आफूलाई निर्मल बनाइदिन सहयोग गर्दछ।*

तिमी पनि आफ्ना भाइहरूलाई सधैं पेटभरी दुर्वाच्य भन्ने गर्छौं। यो तिम्रो आचरण पनि ठीक त्यो सुंगुरकै समान छ। अनेकौं शुभ कर्महरूको परिणामस्वरूप नै तिमीलाई मनुष्य-शरीर प्राप्त भएको छ। यदि तिमीले यस्तै प्रकारले आचरण गर्‍यौ भने शिरडीले तिम्रो सहायता नै के गर्न सक्छ र ? । भन्नाको तात्पर्य केवल यो हो कि भक्तले उपदेश ग्रहण गरेर त्यहाँबाट हिंडे।

यस्तो किसिमले प्रसंग अनुसार नै वहाँ (श्री साईबाबा) उपदेश दिने गर्नुहुन्थ्यो। यदि ती उपदेशमा ध्यान दिएर सधैं तिनको पालन गरियो भने आध्यात्मिक ध्येय धेरै टाढा हुने छैन। एउटा भनाइ प्रचलित छ-यदि मेरा श्रीहरि होगा तो वहा मुझे चारपाई पर बैठे बैठे ही भोजन पहँचाएगा- अर्थात यदि मेरा श्रीहरि हुनुहुन्छ भने वहाँले मलाई चारपाईमा बसी बसिकन नै भोजन पुऱ्याइदिनु हुनेछ। यो भनाइ भोजन (खानकुरा) र वस्त्र (लुगा) को विषयमा सत्य हुन सक्छ। तर यदि कोही यसैमा विश्वास गरेर अल्छी गरी त्यसै बसिरह्यो भने उसले आध्यात्मिक क्षेत्रमा मेही पनि प्रगति नगरी उल्टो पतनको घोर अन्धकारमा डुब्न जानेछ। यसैले आत्मज्ञान प्राप्तिको लागि प्रत्येक व्यक्तिले निरन्तर परिश्रम गर्नुपर्छ। उसले जति प्रयत्न गर्ला त्यति नै उसको लागि लाभप्रद हुनेछ।
बाबाले भन्नु भएको छ, "म त सर्वव्यापी हूँ र विश्वका सम्पूर्ण प्राणीहरूको साथै चर अचर सबै वस्तुमा व्याप्त भएर पनि अनन्त हूँ" जसका दृष्टिमा वहाँ साढे तीन हातको मनुष्य हो भन्नेछ, केवल तिनीहरूको भ्रम हटाउनालाई नै आफैं सगुणरूप धारणगरी अवतार लिनु भएको हो। यसैले जो भक्तले अनन्यभावले वहाँको शरणमा आएर दिनरात नै वहाँको ध्यान गर्‍यो उसलाई मिठास र मिश्री, लहर र समुद्र तथा आँखा र कान्तिमा हुने अभिन्नता जस्तै अभिन्नता वहाँबाट प्राप्त भयो।

जो आवागमन (जन्म-मृत्यु) को चक्रबाट मुक्त हुन चाहन्छ उसले शान्त र स्थिर भएर आफ्नो धार्मिक जीवन बिताओस्। दुःखदायी कटु शब्दहरूको प्रयोगले कसैलाई दुःखित नगराएर सधैं नै असल कामहरूमा लागेर आफ्नो कर्तव्य गर्दै अनन्यभावले डररहित भएर

वहाँको शरणमा जानु पर्दछ। जसले पूर्ण विश्वासका साथ वहाँका लीलाहरू श्रवण गरेर तिनलाई मनन गर्नेछ र साथै अरू वस्तुको चिन्ता त्याग गरिदिन छ, उसलाई निस्सन्देह आत्मज्ञानको प्राप्ति हुनेछ। वहाँले अनेकौंलाई नामको जप गरेर आफ्नो शरणमा आउन भन्नुभयो। जो "म को हुँ" भनी जान्न उत्सुक थिए तिनलाई पनि बाबाले लीलाहरू श्रवण र मनन गर्ने सल्लाह दिनुभयो। कसैलाई भगवान्का लीलाहरूको श्रवण, कसैलाई भगवान्को पाउ पूजन त कसैलाई अध्यात्म रामायण, ज्ञानेश्वरी र अरू धार्मिक ग्रन्थहरूका पठन र अध्ययन गर्न भन्नु भयो। वहाँका उपदेशको कुनै सीमा थिएन। वहाँले कनैुलाई प्रत्यक्ष र धेरैजसोलाई सपनामा दृष्टान्त दिनु भयो। एकपटक एक मदिरासेबीको सपनामा प्रकट भएर उसको छातीमाथि चढ्नु भयो र जब उसले मद्यपान त्याग्ने शपथ खायो अनि उसलाई छोडिदिनु भयो। कसैकसैलाई "गुरूर्ब्रह्मा"[1] जस्ता मन्त्रहरूको अर्थ सपनामा संझाउनु भयो। त्यस्तै कोही हठयोगीहरूलाई हठयोग छोड्ने राय दिएर चूपचाप बसी धैर्य गर्न भन्नुभयो। वहाँका सुगममार्ग र पद्धतिको वर्णन गर्न नै असम्भव छ। साधारण सांसारिक व्यवहारहरूमा वहाँले आफ्नो आचरणद्वारा यस्ता अनेकौं उदाहरण प्रस्तुत गर्नुभयो जुनमध्ये एउटा तल दिइएको छ।

परिश्रमको लागि मजदूरी :-

एकदिन बाबाले राधाकृष्णमाईको घरको नजिकै आएर एउटा भन्याङ् ल्याउन भान्नुभयो। अनि एउटा भक्तले भन्याङ् लिएर आए र वहाँले बताउनु भए बमोजिम वामन गोंदकरको घरमा त्यसलाई लगाए। वहाँ ले (श्री साईबाबा) उनको घरमाथि चढ्नु भयो र राधा कृष्णमाईको छाप्रोमाथि हुँदै अर्को छेउबाट तल ओर्लनु भयो। यसको अर्थ कसैले बुझेन। राधाकृष्णमाई यो बेला ज्वरोले काँपिरहेकी थिइन्। हुनसक्छ, त्यसैले उनको ज्वरो हटाउनको लागि नै वहाँले यो काम गर्नु भएको होस्।

---

1 *गुरूर्ब्रह्मा गुरू विष्णु गुरूदेवो महेश्वरः।*
*गुरूस्साक्षत्परं ब्रह्म तस्मै श्री गुरवेनमः॥*

तल ओर्लेपछि तुरून्तै वहाँले भन्याङ् ल्याउनेलाई दुई रूपियाँ पारिश्रमिक (ज्याला) दिनुभयो। अनि एउटाले साहस गरेर वहाँसँग यति धैरै पैसा दिनुको मतलब के हो भनी सोध्यो। वहाँले भन्नु भयो- ''कसैबाट पनि परिश्रमको मोल नचुकाइकन काम गराउन हुन्न। काम गर्नेलाई उसको श्रमको निर्णय गरेर उदार हृदयले मजदूरी दिनु पर्छ।

यदि बाबाको यो नियमको पालन गरिदिए अर्थात् नजदूरीको भुक्तानी तुरून्तै भैदिए र त्यो मजदूरी (ज्याला) मजदूरहरूको लागि सन्तोषप्रद भैदिए उनीहरूले बढी राम्रो काम गर्नेछन् र साथै लगनपूर्वक काम गर्नेछन्। अनि त काम छोडाइ र हडतालको कुनै समस्या नै रहने छैन। न मालिक र मजदूरहरूमा वैमनस्य नै पैदा हुनेछ।

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस्।
मंगल होओस्।।

# अध्याय-20



विलक्षण समाधान।

श्री काका साहेवकी नोकर्नीद्वारा श्री दासगणूको समस्याको समाधान।

श्री काका साहेवकी नोकर्नीद्वारा श्री दासगणूको समस्या कसरी समाधान भयो? यसको वर्णन हेमाडपंतले यो अध्यायमा गरेका छन्।

## प्रारम्भ

श्री साई मूल रूपमा निराकर हुनुहुन्थ्यो। तर भक्तहरूको प्रेमको वसले गर्दा नै वहाँ साकार रूपमा प्रकट हुनुभयो। मायारूपी अभिनेत्रीको सहायतावाट विश्वको वृहद् नाट्यशालामा वहाँले एक महान अभिनेता जस्तै भै अभिनय गर्नुभयो। आउनोस् श्री साईबाबाको ध्यान र स्मरण गरौं र फेरि शिरडी गएर ध्यान पूर्वक मध्याह्नको आरती पछिको कार्यक्रम हेरौं। आरती समाप्त भएपछि श्री साईबाबाले मसजिदबाट बाहिर आएर एक किनारामा खडा भई बडो करूणा तथा प्रेमपूर्वक भक्तहरूलाई उदी (विभूति) वितरण गर्नुभयो। भक्तगण पनि वहाँका अगाडि खडा भएर वहाँलाई निहारी चरण छोएर उदीको (विभूतिको) वृष्टिको आनन्द लिन्थे। बाबा दुबै हातले भक्तहरूलाई उदी दिनुहुन्थ्यो र आफ्नो हातले उनीहरूको शिरमा उदीको टिका लगाइदिनु हुन्थ्यो। बाबाको हृदयमा भक्तहरू प्रति असीम प्रेम थियो। उहाँ भक्तहरूलाई प्रेमपूर्वक सम्बोधन गर्नुहुन्थ्यो,- "ए भाउ! अब जाऊ भोजन गर"। अन्ना! तिमी पनि आफ्नो घर जाऊ। बापू! तिमी पनि जाऊ र भोजन गर। यसरी वहाँ प्रत्येक भक्तसंग कुरा गर्नुहुन्थ्यो र उनीहरूलाई घर फर्काउनुहुन्थ्यो। अहा! कस्ता थिए ती दिन। जुन बिते त यसरी बिते कि फेरि जीवनमा कहिल्यै आएनन्। यदि

तपाईले कल्पना गर्नु भयो भने अहिल्यै पनि त्यो आनन्दको अनुभव गर्न सक्नुहुन्छ। अब म साईको आनन्दमयी मूर्तिको ध्यान गरी नम्रता, प्रेम र आनन्दपूर्वक वहाँको चरण बन्दना गरी यो अध्यायको कथा आरम्भ गर्छु।

ईशोपनिषद्

एक समय श्री दासगणूले ईशोपनिषद्को टीका (ईशावास्यभावार्थ बोधिनी) लेख्न प्रारम्भ गरे। वर्णन गर्नु भन्दा पैले उपनिषद्को छोटो परिचय पनि दिनु आवश्यक छ। यसमा वैदिक संहिताका मन्त्रहरूको समावेश भएको कारणले यसलाई "मन्त्रोपनिषद्" पनि भन्दछन्। साथै यसमा यजुर्वेदको अन्तिम (40 सौं) अध्यायको अंश पनि जोडिन गएको कारणले यो वाजसनेयी (यजुः) संहितोपनिषद् नामले पनि प्रसिद्ध छ। वैदिक संहिताको समावेश हुन गएको कारणले यो ब्राह्मण र आरण्यक (अर्थात् मन्त्र र धर्म) मा पाइने अरू उपनिषद्हरू भन्दा बढी उत्तम मानिएको छ। यति मात्र होइन, अरू उपनिषद् त केवल ईशोपनिषद् वर्णित गूढ तत्वमा नै आधारित टीकाहरू हुन्। पण्डित सातवलेश्वरद्वारा रचित वृहदारण्यक उपनिषद् र ईशोपनिषद्को टीका प्रचलित टीकाहरूमा सबभन्दा असल मानिएको छ।

प्रोफेसर आर.डी. रानाडेको भनाइ छ कि ईशोपनिषद् एउटा सानो (छोटो) उपनिषद् हुँदा-हुँदै पनि त्यसमा एउटा असाधारण अन्तुदृष्टि प्रदान गर्ने अनेक विषयहरूको सामवेश भएको छ। यसमा केवल अठार श्लोकमा नै आत्मतत्व वर्णन, आकर्षण र कष्टहरूको संसर्गमा पनि अचल रहने एउटा आदर्श सन्तको जीवनी, पछि सूत्रीकरण गरिएको कर्मयोगका सिद्धान्तहरूको प्रतिबिम्ब तथा ज्ञान र कर्तव्यको पोषक तत्वहरूको वर्णन छ। यसको अन्तमा आदर्श र चमत्कारपूर्ण आत्मा सम्बन्धी गूढ तत्वहरूको संग्रह छ।

यो उपनिषद्को सम्बन्धमा छोटो परिचयबाट नै यसको प्राकृत भाषामा वास्तविक अर्थ सहित अनुवाद गर्नु अत्यन्त गाह्रो काम हो भन्ने कुरा स्पष्ट हुन्छ। श्रीदासगणूले ओविछन्दमा अनुवाद त गरे, तर त्यसको (उपनिषद्को) सारतत्व ग्रहण गर्न नसकेका कारणले उनीलाई

आफ्नो कामबाट सन्तोष भएन। यसरी असन्तुष्ट भएर उनले कैयौं अरू विद्वान्हरूसँग शंका निवारण गर्नको लागि परामर्श (राय-सल्लाह) र वादविवाद पनि धैरै नै गरे। तर समस्या पैलेकै रूपमा जटिल (गाह्रो) नै बनीरह्यो र सन्तोषजनक अर्थ गर्न कोही पनि सफल हुन सकेन। यसकारण श्री दासगणू ज्यादै नै असन्तुष्ट भए।

केवल सद्गुरू मात्र अर्थ सम्झाउन समर्थ

यो उपनिषद् वेदहरूको ठूलो विवरणात्मक सार हो। यो अस्त्रको प्रयोगबाट जन्म-मरणको बन्धन छिन्नभिन्न हुन जान्छ र मुक्तिको प्राप्ति हुन्छ। यसकारण दासगणूलाई, जसलाई साक्षात्कार भैसकको छ केवल त्यही व्यक्तिले मात्र यो उपनिषद्को वास्तविक अर्थ गर्न सक्तछ भन्ने विचार आयो। जब कसैले उनको शंका निवारण गर्न सकेन अनि उनले शिरडी गएर बाबाको दर्शन गर्ने निश्चय गरे। शिरडी जाने शुभ-अवसर प्राप्त हुनासाथ उनले बाबासँग भेट गरेर चरण-बन्दना गरेपछि उपनिषद्मा आएका कठिनाइहरू उहाँको अगाडि राखी उहाँबाट समाधान गर्ने प्रार्थना गरे। श्री साईबाबाले आर्शीवाद दिएर भन्नुभयो, "चिन्ता गर्ने कुनै आवश्यकता छैन। त्यसमा कठिनाई नै के छ र ? तिमी फर्कने बखतमा बिलेपार्लामा काका दीक्षितकी नोकर्नीले तिम्रो शंका हटाइदिनेछिन्।" उपस्थित मानिसहरूले यो कुरा सुन्दा बाबा केवल ठट्टा नै गरिरहनुभएको छ। के यौटी अशिक्षित नोकर्नीले पनि यस्तो जटिल (कडा) समस्या समाधान गर्न सक्छे ? भनी सोच्न लागे। तर दासगणूलाई त बाबाको वचन कहिल्यै असत्य हुन सक्तैनन्। किनभने बाबाको वचन त साक्षात् ब्रहम वाक्य नै हो भन्ने कुरामा पूर्ण विश्वास थियो।

काकाकी नोकर्नी

बाबाका वचनमा पूर्ण विश्वास गरेर उनी शिरडीबाट विलेपार्ला (बम्बईको उपनगर) मा पुगी काका दीक्षित कहाँ बसे। भोलिपल्ट दासगणूले बिहानको मीठो निद्राको आनन्द लिईरहेको अवस्थामा एउटी गरीब केटीको सुन्दर गीतको स्पष्ट र मधुर स्वर सुन्न पुगे।

गीतको मुख्य विषय थियो एउटा रातो रंगको सारी त्यो कति सुन्दर थियो, त्यसको जरी भएको आँचल कस्तो उसल थियो, त्यसको छेड र किनारा कस्तो सुन्दर थियो इत्यादि। उनीलाई त्यो गीत ज्यादै मन पऱ्यो। यसकारण उनी बाहिर आए र यो गीत काका साहेब दीक्षितकी नोकर्नी नाम्याकी बहिनी एउटी केटीले गाइरहेको देखे। केटी भाँडा माझिरहेकी थिई र केवल एउटा फाटेको लुगाले शरीर ढाकेकी थिई। यस्तो दरिद्र-परिस्थितिमा पनि उसको प्रसन्न मुद्रा (मुखको चेष्टा) देखेर श्री दासगणूलाई दया लाग्यो र भोलिपल्ट उनले श्री एम. व्ही. प्रधानसँग त्यो गरीब केटीलाई एउटा राम्रो सारी दिने अनुरोध गरे। जब राव बहादुर एम. व्ही. प्रधानले त्यो केटीलाई एउटा सारी दिन अनि एउटा भोकले पीडित व्यक्तिलाई भाग्यवश मीठो भोजन पाउँदा जस्तो प्रसन्नता हुन्छ त्यस्तै नै त्यो केटीलाई पनि खुशीको पाराबारै भएन। भोलिपल्ट उसले नयाँ सारी लगाई र ज्यादै खुशी भएर आनन्दसाथ नच्न-दौडन लागी तथा अरू केटीहरूसँग फुगडी (दुई केटीले आपसमा हात समातेर नाची- घुमी-घुमी खेल्ने खेल) खेल्न मस्त भई ।अर्को दिन उसले नयाँ। सारी सन्दुकमा राखी र पहिलेकै झैं फाटेका पूराना लुगा लगाएर आई। तर पनि अगिल्लो दिनको जस्तै प्रसन्न देखिई। यो देखेर दासगणूको दया आश्चर्यमा बदलियो। उनको (दासगणूको) यो धारणा थियो कि गरीब भएकीले नै उसले फाटे-टुटेका कपडा लगाउन पर्दछ। तर अब त उसँग नयाँ सारी थियो। जसलाई उसले सम्हालेर राखी र फाटे-टुटेकै कपडा लगाए पनि उही गर्व र आनन्दको अनुभव गरी रही। उसको मुखमा दुःख या निराशाको कुनै चिन्ह पनि थिएन।यसरी उनीलाई (दासगणूलाई) दुःख र सुखको अनुभव केवल मनको स्थितिमा निर्भर गर्दछ भन्ने अनुभव भयो।

यो घटनाप्रति गहिरोसँग विचार गरेपछि उनी यो निचोडमा पुगे कि भगवान्‌ले जो दिएका छन् त्यसैमा सन्तुष्टि लिनुपर्दछ र यो कुरामा निश्चित हुनु पर्दछ कि भगवान् सबै चराचरमा व्याप्त छन् र उनको दयाबाट जे जस्तो स्थिति आफूलाई प्राप्त भएको छ त्यो आफ्नो लागि अवश्य नै असलको लागि हुन्छ। यो खास घटनामा बालिकाको गरिबीपूर्ण अवस्था, उसका फाटेका पूराना लुगा र नयाँ सारी दिने व्यक्ति तथा त्यसको स्वीकृति दिने व्यक्ति यो सबै ईश्वरद्वारा नै प्रेरित काम थियो। श्री दासगणूलाई उपनिषद्‌को पाठको प्रत्यक्ष शिक्षा मिल्यो

(अर्थात् जे जस्तो आफूसँग छ त्यसैमा सन्तोष मान्नु पर्दछ भन्ने) कथाको सार यो हो कि जे जस्तो हुन्छ सबै उही भगवान्को इच्छाद्वारा नियन्त्रित छ। त्यसैले त्यसैमा सन्तुष्ट रहनुमा नै हाम्रो कल्याण छ।

## अद्वितीय शिक्षा पद्दति

माथि भनिएका घटनाबाट पाठकहरूलाई बाबाको पद्धति अद्वितीय र अपूर्व थियो भन्ने विदित भयो होला। बाबा शिरडीको बाहिर कहिल्यै जानु भएन तर पनि वहाँले कसैलाई मच्छिन्द्रगढ, कसैलाई कोल्हापुर या सोलापुर साधनाका लागि पठाउनुभयो। कसैलाई दिनमा र कसैलाई रातमा दर्शन दिनुभयो। कसैलाई काम गर्दागर्दै त कसैलाई निद्रावस्थामा दर्शन दिनुभयो र उनीहरूको इच्छा पूर्ण गर्नुभयो। भक्तहरूलाई शिक्षा दिनको लागि वहाँले कुन-कुन जुक्ति काममा ल्याउनु भयो भन्न कुरा वर्णन गर्नु असम्भव छ। यो विशिष्ट घटनामा वहाँले दासगणूलाई विलेपार्ला पठाएर त्यहाँ काका दीक्षितकी नोकर्नीद्वारा समस्या समाधान गराउनुभयो। श्री दासगणूलाई बाहिर पठाउने आवश्यकता नै के थियो? के वहाँले आफैं सम्झाउन सक्नु हुने थिएन ? भन्ने विचार जसको होला तिनीहरूलाई मेरो भन्नु यो छ कि बाबाले ठीक बाटो नै लिनुभयो। अन्यथा श्री दासगणूले यो अमूल्य शिक्षा त्यो गरीब नोकर्नी र उसको सारीद्वारा कसरी प्राप्त गर्थे जसको रचना स्वयं साईंले नै गर्नु भएथ्यो।

## ईशोपनिषद्को शिक्षा

ईशोपनिषद्को मुख्य देन नीतिशास्त्र सम्बन्धी उपदेश हो। खुशीको कुरा यो छ कि यो उपनिषद्को नीति खास रूपले आध्यात्मिक विषयहरूमा आधारित छ, जुन यसमा बृहत् रूपले वर्णन गरिएको छ। उपनिषद्को प्रारम्भ नै सम्पूर्ण बस्तुहरू ईश्वरबाट नै ओतप्रोत (ब्याप्त) छन् भन्ने यही कुराबाट भएको छ।

यो आत्मविषयक स्थितिको पनि एक उप-सिद्धान्त हो। अनि जो नीति सम्बन्धी उपदेश यसबाट ग्रहण गर्न योग्य छ, त्यो यो हो कि जे जति ईश (परमेश्वर) को कृपाबाट प्राप्त छ त्यसमा नै आनन्द मान्नु पर्छ।साथै जो दृढ भावना राख्नुपर्छ कि ईश्वर मात्र सर्वशक्तिमान् हो र त्यसैले जे जति उसले दिएको छ, त्यही नै हाम्रो लागि उपयुक्त छ। त्यसमा जो कुरा पनि स्वाभाविक रूपले वर्णन गरिएको छ कि अर्काको धनप्रति उठ्ने तृष्णाको प्रवृतिलाई रोक्नुपर्छ। सारांश यो हो कि आफूसँग जे पति छ त्यसैमा यही ईश्वरको इच्छा हो भनी सन्तुष्ट रहनु।

चरित्र सम्बन्धी दोश्रो उपेदश यो हो कि आफ्नो कर्तव्यलाई विशेष गरेर शास्त्रमा उल्लेख गरिएका कर्महरूलाई ईश्वरको इच्छा संझेर जीवन बिताउनुपर्छ। यस विषयमा उपनिषद्को भनाइ छ कि आलस्यबाट आत्माको पतन हुन जान्छ। फलको आशा नराखिकन कर्म गर्दै जीवन बिताउनेले नै अकर्मण्यताको आदर्श प्राप्त गर्न सक्दछ। अन्त्यमा भनिएको छ कि जो व्यक्ति सबै प्राणीहरूलाई आफ्नै आत्मस्वरूप सम्झन्छ तथा जसलाई सम्पूर्ण प्राणी र पदार्थहरू आत्मस्वरूप भैसेकेका छन् त्यसलाई मोह कसरी उत्पन्न हुन सक्छ? यस्तो व्यक्तिलाई दुःखको कुनै कारण हुन सक्दैन। सबै प्राणीहरूमा आत्मदर्शन गर्न नसक्नाको कारणले भिन्न-भिन्न प्रकारका शोक, मोह र दुःखको वृद्धि हुन जान्छ। जसको लागि सबै वस्तुहरू आत्मस्वरूप बन्न गएका छन्, त्या व्यक्ति अरू सामान्य मान्छेहरूको छिद्रान्वेषण (छिद्र खेज्ने काम) किन गर्न लाग्छ र ?

श्री सद्गुरू साईनाथमा अर्पणहोस्।
मंगल होओस्।।

## अध्याय 21



1) श्री व्ही. एच. ठाकुर 2) अनन्तराव पाटणकर 3) पंढरपुरका वकीलका कथाहरू।

यो अध्यायमा हेमाडपंतले श्री विनायक हरिश्चन्द्र ठाकुर बी. ए., श्री अनन्त राव पाटणकर र पुणे निवासी तथा पंढरपुरका एक वकीलका कथाहरूको वर्णन गरेका छन्। यी सबै कथाहरू ज्यादै मनोरञ्जक छन्। यदि यिनका सारांश मननपूर्वक ग्रहण गरी तिनलाई आचरणमा ल्याइएमा पाठकगण आध्यात्मिक मार्गतिर अवश्य अग्रसर हुनुहुनेछ।

### प्रारम्भ

यो एक साधारण नै नियम हो कि पूर्वजन्मका शुभ कर्महरूको फलस्वरूप नै हामीलाई सन्तहरूको सन्निकटता (सामीप्य) र उनीहरूको कृपा प्राप्त हुन्छ। उदाहरणको लागि हेमाडपंत स्वयं आफ्नो घटना प्रस्तुत गर्दछन्। उनी छैरै वर्षसम्म बम्बईको उपनगर बांद्राको स्थानीय न्यायाधीश रहे। पीर मौलाना नामका एउटा मुसलमान सन्त पनि त्यहीं बस्दथे। उनको दर्शनको लागि अनेक हिन्दू, पारसी र अरू धर्म मान्ने व्यक्तिहरू पनि त्यहाँ जाने गर्दथे। उनका मुजावर (पूजारी) ले हेमाडपंतसँग पनि उनको दर्शनको लागि धैरै आग्रह गरे। तर कुनै न कुनै कारणवश उनको (हेमाडपंतको) भेट उनीसँग (पीर मौलानासँग) हुन सकेन। धैरै वर्षपछि जब उनको शुभ समय आयो अनि मात्र उनी शिरडी पुगे र बाबाको दरबारमा गई स्थायी रूपले सम्मिलित हुन गए। भाग्यहीनलाई सन्तसमागमको प्राप्ति कसरी हुनसक्छ ? जसलाई यो अवसर प्राप्त भएको छ केवल तिनीहरू मात्र सौभाग्यशाली हुन्।

सन्तहरूद्वारा लोक शिक्षा

चिरकाल देखिनै यो विश्वमा सन्तहरूद्वारा लोक शिक्षाको कार्य प्रतिपादित हुँदै आएको छ। भिन्न-भिन्न ठाउँहरूमा अनेकौं सन्त कुनै खास उददेश्य पूर्तिको लागि स्वयं प्रकट हुन्छन्। उनीहरूको कार्यस्थल भिन्न भएतापनि वास्तवमा उनीहरू सब पूर्णतः एक नै हुन्। उनीहरू सब त्यो सर्बशक्तिमान् परमेश्वरको संचालन शक्तिको अन्तर्गत एउटै लहरमा कार्य गर्दछन्। उनीहरूलाई प्रत्येकको कार्यको परस्परमा ज्ञान भै रहन्छ र आवश्यकतानुसार परस्परमा भएको कमीको पूर्ति गर्दछन् जो तल लेखिएको घटनाद्वारा स्पष्ट हुन्छ।

श्री ठाकुर

श्री व्ही. एच. ठाकुर वी. ए. रेभेन्यु विभागमा एक कर्मचारी थिए। उनी एक समय भूमिमापक (जग्गा नाप्ने) दलसँग काम गर्दै बेलगाँव नजिक बडगाँव नामक गाउँमा पुगे। त्यहाँ उनले एक कानडी सन्त पुरूष (आप्पा) को दर्शन गरी उनको चरण ढोगे। उनी (सन्त) आफ्ना भक्तहरूलाई निश्चलदास कृत "विचार-सागर" नामको ग्रन्थ (जो वेदान्तको विषयमा छ) को भावार्थ वुझाइरहेका थिए। जब श्री ठाकुर उनीसँग बिदा हुन लागे त्यसबखत सन्तले भने, "तिमीले यो ग्रन्थको अध्ययन गर्नैपर्छ। यसो गर्नाले तिम्रा इच्छाहरू पूर्ण हुन जानेछन्। अनि जब काम गर्दादगैं तिमी कालान्तरमा उत्तर दिशामा जानेछौ त्यसबेला सौभाग्यवश तिम्रो एक महान् सन्तसँग भेट हुनेछ, जसले मार्ग प्रदर्शन गरी तिम्रो हृदयमा शान्ति र सुख प्रदान गर्नेछन्।"

पछि उनको (ठाकुरको) स्थानान्तरण जुन्नरमा भयो, जहाँ नागणेघाट पार गरेर जानुपर्दथ्यो। यो घाट धेरै गैहो र पार गर्न गाह्रो थियो। यसैले उनले राँगो चढेर घाट पार गर्नुपर्‍यो। यो उनीलाई धेरै असुविधाजनक र कष्टदायक लाग्यो। यसपछि नै उनको स्थानान्तरण कल्याणमा एक उच्चपदमा भयो र त्यहाँ उनको नाना साहेब चाँदोरकरसँग परिचय हुन गयो। उनीबाट ठाकुरलाई श्री साईबाबाको सम्बन्धमा धेरैकुरा ज्ञात भयो र वहाँको दर्शनको

अत्यन्त चाह बढ्यो। भोलिपल्ट नै नानासाहेब शिरडी जाँदै थिए। उनले ठाकुरलाई पनि आफूसँग हिंड्न आग्रह गरे। ठाणेको दिवानी न्यायालयमा एउटा मुददाको सम्बन्धमा उनको (ठाकुरको) उपस्थिति आवश्यक हुन गएकोले उनी नानासाहेबसँग जान सकेनन् यसकरण नाना साहेब एक्लै गए। ठाणे पुगेपछि मुददाको तारीख अगाडि सन्यो। यसैले उनीलाई नानासाहेबसँग नजानाले पछुतो भयो। तर पनि उनी शिरडी पुगे। त्यहाँ पुगेपछि उनीलाई नानासाहेब अघिल्यो दिन नै त्यहाँबाट गैसके भन्ने कुराको जानकारी भयो। त्यहीं भेट भएका आफ्ना केही मित्रहरूको साथमा उनी श्री साईबाबाको दर्शन गर्न गए। उनले बाबाको दर्शन गरेर वहाँको चरणकमलको आराधना गरेर अत्यन्त खुशी भए। उनीलाई रोमान्च भयो र उनका आँखाबाट आँशुका धारा बग्न लागे। त्रिकालदर्शी बाबाले उनीलाई (ठाकुरलाई) भन्नुभयो, "यो ठाउँको बाटो कानडी सन्त अप्पाको उपदेश या नाणेघाटमा राँगाको सबारी जक्तिको सजिलो छैन। आध्यात्मिक बाटोमा हिंड्नको लागि तिमीले ज्यादै परिश्रम गर्नुपर्छ, किनभने त्यो बाटो अत्यन्त कठिन छ। जब ठाकुरले आफू बाहेक अरूलाई थाहा नभएको मतलबपूर्ण शब्द सुने अनि त उनको खुशीको पाराबार भएन। उनीलाई कानडी सन्तको वचनको राम्रो सम्झना भयो। अनि उनले दुबै हात जोडेर बाबाका चरणमा आफ्नो शिर राखेर वहाँसँग प्रार्थना गरे, "प्रभु! ममाथि कृपा गर्नोस् र यो अनाथलाई आफ्नो चरणकमलको शीतल छहारीमा स्थान दिनुहोस्।" त्यसपछि बाबाले भन्नुभयो, "जे जति अप्पाले भने त्यो सबै सत्य हो। त्यसको अभ्यास गरी त्यही अनुसार नै तिमीले आचरण गर्नुपर्छ। त्यसै बस्नाले केही लाभ हुँदैन जे जति तिमी पढ्छौ त्यसलाई आचरणमा पनि ल्याऊ। नत्र त्यसको उपयोग नै के भयो र ?" गुरू कृपा बिना ग्रन्थको हेराइ र आत्मज्ञान अर्थहीन नै हुन्छ। श्री ठाकुरले अहिलेसम्म केवल "विचार-सागर" ग्रन्थको सैद्वान्तिक प्रकरण नै पढेका थिए। तर त्यसको प्रत्यक्ष व्यवहार प्रणाली त उनीलाई शिरडीमा नै जानकारी भयो। एक अर्को कथा पनि यो सत्यको अरू बढी सशक्त प्रमाण छ।

### श्री अनन्तराव पाटणकर

पूनाका एक भद्र व्यक्ति श्री अनन्तराव पाटणकर श्री साईबाबाको दर्शनका लागि इच्छुक थिए। उनले शिरडी आएर बाबाको दर्शन गरे। उनले बाबाका चरण छोएर यथायोग्य पूजा

गरेपछि भने, “मैले धेरै नै पढ़े वेदवेदान्त र उपनिषद्हरूको पनि अध्ययन गरें। त्यस्तै अरू पुराणा पनि सुनें। तर पनि मलाई शान्ति मिलेन। यसैले मेरो पढाइ व्यर्थ नै सिद्ध भयो। एउटा साधारण अज्ञानी भक्त मभन्दा बढी श्रेष्ठ छ। जबसम्म मनमा शान्ति प्राप्त हुँदैन, तबसम्म ग्रन्थहरूको हेराइ व्यर्थ नै हुन्छ। हजूर केवल आफ्नो दृष्टि मात्रले र विनोदपूर्ण वचनद्वारा नै अरूणे मनमा सजिलोसँग शान्ति प्रदान गरिदिनुहुन्द भन्ने कुरा मैले सुनेको छ। यही सुनेर म पनि यहाँ आएको हुँ। कृपा गरेर म दासलाई पनि आशीर्वाद दिनुहोस्।” त्यसपछि बाबाले तल लेखिएको कथा भन्नु भयो,

घोडीको लिदीका नौ गोला (नवधाभक्ति)
एक समय एउटा व्यापारी यहाँ आयो। उसको अगाडि नै एउटा घोडीले लिदी झान्यो जिज्ञासु (जान्न इच्छागर्ने) व्यापारीले आफ्नो धोतीको एक छेउ बिछ्याएर र त्यसमा लिदीको नौ गोला राख्यो र यसरी उसको आफ्नो दिलमा शान्ति प्राप्त भयो।”

श्री पाटणकरले यो कथाको केही पनि अर्थ बुझन सकेनन्। यसैले उनले श्री गणेश दामोदर उपनाम दादा केलवरसँग अर्थ सम्झाउने प्रार्थना गर्दै सोधे, “बाबाको भनाइको अभिप्राय के हो?”

उनले (दादा केलकरले) भने, “बाबा जे जस्तो भन्नुहुन्छ ती कुरा म आफैंले पनि राम्रोसँग बुभन सक्दिन। तर वहाँकै प्रेरणाबाट नै मैले जे जसो बुभन सकेको छु, त्यो तिमीलाई भन्दछु। घोडी हो ईश-करुपा (भगवान्को करुपा) र जम्मा गरिएका नौ गोला हुन् नवविधा भक्ति 1

............................................................................................

1. *श्रवण कीर्तन विष्णोः स्मरण पाद सेवनम्।*
*अर्चनं वन्दनं दास्यं सख्यमात्म निवेदनम्।।*

जस्तैः 1) श्रवण 2 कीर्तन 3 नामस्मरण 4 पादसेवन 5 अर्चन (पूजन) 6) वन्दन (ढोग) 7) दास्य या दासता 8) सख्यता तथा 9) आत्मनिवेदन (आफ्नो आत्मको पुकार) यी भक्तिका नौ प्रकार हुन्। यी मध्येबाट यदि एउटालाई मात्र पनि सच्चारूपले काममा लगाइयो भने भगवान् श्रीहरि ज्यादै प्रसन्न भएर भक्तको घरमा प्रकट हुन जानुहुनेछ। सम्पूर्ण साधनाहरू अर्थात् जप, तप, योगाभ्यास तथा वेदहरूको पठन-पाठनमा जुनबेलासम्म भक्तिको सम्पुट हुँदैन त्यसबेलासम्म त्यो बिल्कुल सुक्खा नै हुन्छ। वेदज्ञानी या ब्रहमज्ञानीको कीर्ति भक्तिभावको अभावमा व्यर्थ नै हुन्छ। आवश्यकता छ त केवल पूर्ण भक्तिको। आफूलाई पनि त्यही व्यापारी जस्तै सोचेर व्यग्रता तथा उत्सुकतापूर्वक सत्यको खोजी गरी नौ प्रकारका भक्तिलाई प्राप्त गर। अनि मात्र तिमीलाइ मानसिक शान्ति प्राप्त हुनेछ।" भोलिपल्ट जब श्री पाटणकर बाबालाई प्रणाम गर्न गए त्यसबेला बाबाले सोध नुभयो, "के तिमीले लिदीका नौ गोला जम्मा गर्न

सक्यौ ?" उनले भने, "म आश्रयहीन छु। हजूरको कृपा बिना तिनलाई सजिलोसँग जम्मा गर्न सम्भव छैन।" बाबाले उनीलीई आशीर्वाद दिई सान्त्वना दिनुभयो, "तिमीलाई सुख र शान्ति प्राप्त हुनेछ।" यो सुनेर श्री पाटणकरलाई खुशीको पाराबार भएन।

पंढरपुरको वकील

भक्तहरूको दोष हटाएर उनीहरूलाई उचित बाटोमा लगिदिने बाबाको त्रिकालज्ञाता (तीनै कालको ज्ञान) को एउटा छोटो कथाको वर्णन गरेर यो अध्यायलाई समाप्त गर्नेछु। एक समयमा पंढरपुरबाट एउटा वकील शिरडी आए। उनले दर्शन गरी प्रणाम गरे अनि केही दक्षिणा चढाएर एक कुनामा बसी वार्तालाप सुन्न लागे। बाबाले उनीतर्फ हेरेर भन्न लाग्नुभयो, "मानिसहरू कति धूर्त छन्। यहाँ आएर पाउमा पर्दछन् र दक्षिणा दिन्छन्। तर भित्रबाट पीठ्यूँ पछाडि गाली गरी रहन्छन्। कस्तो आश्चर्यको कुरा होईन त?" यो पगरी वकीकलो शीरमा ठीक भयो र उनले त्यो लाउनु पऱ्यो। कसैले पनि यी शब्दका अर्थ बुझ्न सकेनन्। तर वकील साहेबले यसको गूढ अर्थ बुझेता पनि उनी शिर निहुराएर बसीनै रहे।

वाडामा फर्किएर वकील साहेबले काका साहेब दीक्षितलाई बताए, "बाबाले जो उदाहरण दिनुभयो र जो मतिर नै लक्ष्य गरेर भन्नुभएथ्यो, त्यो साँचो हो। त्यो मलाई कसैको निन्दा गर्नुहुन्न भनी दिनुभएको केवल चेतावनी थियो। एकसमयमा जब उपन्यायाधीश श्रीनूलकर स्वाथ्यलाभ गर्नको लागि पंढरपुरबाट शिरडी आए बसे, त्यसबेला उनको सम्बन्धमा बार रूम (वकीलहरूको कोठामा) मा चर्चा भईरहेको थियो। विवादको विषय यो थियो कि जुन रोगले उपन्यायाधीश अस्वस्थ  छन्, के औषधि सेवन बिना केवल साईबाबाको शरणमा जानाले मात्रै त्यो रोगाबाट छुटकारा पाउन सम्भव छ? अनि के श्रीनूलकर जस्ता एउटा शिक्षित व्यक्तिले यो बाटोको अवलम्बन गर्नु उचित हो? त्यो बेला श्रीनूलकरको र साथै श्री साईबाबाको पनि धज्जा उडाइयो। मैले पनि यो आलोचनामा हात हाथेथें। श्री साईबाबाले मेरो त्यही दूषित आचरणप्रति प्रकाश पार्नुभएको हो। यो मेरो  लागि उपहास होइन, वरू एउटा उपकार हो। कसैको निन्दा गर्नु हुन्न र त्यस्तै अर्काका काममा विघ्न पार्न पनि हुन्न भनी मलाई दिनुभएको परामर्श (सल्लाह) हो।"

शिरडी र पंढरपुरमा लगभग 300 माईलको फरक छ। तर पनि बाबाले आफ्नो सर्वज्ञाताद्वारा बाररूममा (दकिलहरूको कोठा) के भैरहेको थियो भन्ने कुरा थाहा पाउनुभयो। बाटामा पर्ने नदी, जंगल र पहाड वहाँले सर्वज्ञताको लागि अडचन थिएनन्। वहाँ सबैको हृदयको गोप्य कुरा जान्नहुन्थ्यो। वहाँमा केही पनि छिपेको थिएन। प्रत्येक वस्तु चाहे त्यो नजिकमा रहेको होस् अथवा टाढा रहेको होस् वहाँको लागि दिनको प्रकाश जस्तै झलमल्ल थियो। वहाँको सर्वव्यापक दृष्टिबाट ओझेलमा पदैनथ्यो। यस घटनाबाट वकील साहेबलाई कहिल्यै कसैको छिद्र खोज्न तथा निन्दा गर्न हुन्न भन्ने शिक्षा मिल्योयो कथा केवल वकील साहेबको लागि मात्रै होइन सबैको लागि नै शिक्षाप्रद छ। श्री साईबाबाको महानतालाई कसैले आँक्न सकेन, न त वहाँको अद्‌भुत् लिलाहरूको अन्तनै कसैले पाउन सक्यो। वहाँको जीवनी पनि त्यही अनुरूप नै छ, किनभने वहाँ परबह्म स्वरूप हुनुहुन्छ।

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस् ।

मंगल होओस्।।

अध्याय 22



सर्प-विषबाट रक्षा

1. श्री बालासाहेब मिरीकर
2. श्री बापूसाहेब बूटी
3. श्री अमीर शक्कर
4. श्री हेमाडपंत

बबाको सर्प मार्ने कुरामा सल्लाह

प्रस्तावना

श्री साईबाबाको ध्यान कसरी गर्ने? त्यो सर्बशक्तिमान्‌को प्रकृति अगाछ छ, जसको वर्णन गर्न वेद र हजार मुख भएका शेषनागले पनि आफूलाई असमर्थ पाउँछन्। भक्तहरूलाई बाबाको स्वरूप वर्णनसँग रूचि छैन। उनीहरूको त आनन्दको प्राप्ति केवल वहाँका श्रीचरणबाट नै सम्भव छ भन्ने दृढ धारणा छ। उनीहरूलाई वहाँका चरणकमलको ध्यान बाहेक आफ्नो जीवनको सर्वोच्च लक्ष्यको प्राप्तिको अर्को बाटो थाहा नै छैन। हेमाडपंत भक्ति र ध्यानको जुन एउटा ज्यादै सजिलो बाटोको सुझाव गर्छन्, त्यो यो हो।

कृष्णपक्षको आरम्भ भएपछि चन्द्रमाका कलाहरूह दिनप्रतिदिन घटेर नै जान्छन् र प्रकाश पनि क्रमशः क्षीण हुँदै जान्छ र अन्तमा औंसीको दिन चन्द्रमा पूरै दबेपछि चारैतिर रातको भयंकर अँध्यारो छाउँदछ। तर जब शुक्लपक्ष प्रारम्भ हुन्छ अनि मानिसहरू चन्द्र दर्शनको लागि ज्यादै उत्सुक हुन्छन्। यसपछि द्वितीयामा चन्द्रमा स्पष्टरूपले नदेखिएका बखतमा मानिसहरूलाई रूखको दुईटा हाँगाको बीचबाट चन्द्र दर्शन गर्न भानिन्छ। जब यी हाँगाहरूको बीचबाट उत्सुकता र ध्यानपूर्वक हेर्ने प्रत्यत्न गरिन्छ अनि त टाढा क्षितिजमा सानो चन्द्ररेखा देखिनासाथ मन ज्यादै प्रफुल्ल हुनजान्छ। यही सिद्धान्तलाई स्वीकारेर हामीले

बाबाको श्रीदर्शनको पनि प्रयत्न गर्नुपर्छ। बाबाको चित्रतिर हेर्नोस्। अहा! कस्तो सुन्दर छ। वहाँ पाउ मोडेर बस्नुभएको छ र दाहिने पाउ देब्रे घुँडा माथि राखिएको छ। देब्रे हातको औंलाहरू दाहिने पाउ माथि फैलिएका छन्। यो आकारबाट बाबाले बुझाइरहनुभएको छ कि यदि तिमीहरूलाई मेरो आध्यात्मिक दर्शन गर्ने इच्छा छ भेने अभिमान शून्य र विनम्र भएर माथि भनिएका दुई औंलाका बीचबाट मेरो पाउको बूढी औंलाको ध्यान गर। अनि मात्र तिमीहरू त्यो सत्य स्वरूपको दर्शन गर्न सफल हुन सक्नेछौ। भक्ति प्राप्त गर्नाको लागि यो सबभन्दा सजिलो बाटो हो।

अब एकछिन श्री साईबाबाको जीवनतिर पनि हेरौं। साईबाबा बस्नाले नै शिरडी तीर्थस्थल बन्न गएको छ। चारैतिरका मानिसहरूको भीड त्यहाँ प्रतिदिन बढ्न लागेको छ र धनी तथा गरीब सबैलाई क्यै न क्यै रूपमा लाभ भैरहेको छ। बाबाको असीम प्रेम, वहाँको अद्भुत ज्ञान भण्डार र सर्वव्यापकताको वर्णन गर्ने सामर्थ्य कसको छ ? धन्य त त्यही व्यक्ति नै हो जसलाई केही अनुभव भैसकेको छ। कहिले–कहिले वहाँ ब्रहममा डुबिरहनाको कारणले लामो मौन धारण गर्ने गर्नुहुन्थ्यो। कहिले– कहिले वहाँ चैतन्यघन र आनन्दमूर्ति बनेर भक्तहरूबाट घेरिएर बस्नुहुन्थ्यो, कहिले दरुष्टान्त दिनुहुन्थ्यो त कहिले हाँस ठट्टा गर्नुहुन्थ्यो, कहिले सरल चित्तको हुनुहुन्थ्यो त कहिले ऋुद्ध पनि हुनुहुन्थ्यो। कहिले छोटो र कहिले घण्टौं प्रवचन दिने गर्नुहुन्थ्यो। मानिसहरूको आवश्यकतानुसार नै फरक–फरक उपदेश दिनुहुन्थ्यो। उहाँको जीवनी तथा अगाध ज्ञान वर्णन गर्नै नसकिने थिए। उहाँको मुख्यमण्डल हेर्ने, उहाँसँग वार्तालाप गर्ने र उहाँको लीलाहरू सुन्ने इच्छा अतृप्त नै रहिरहे। तैपनि हामी खुशीले मस्त थियौं। जलवश्र्ष्टि (वर्षा) का कणहरूको गिन्ति गर्न सकिएला, हावालाई छालाको थैलीमा जम्मा गर्न सकिएला, तर बाबाका लीलाहरूको कसैले पनि अन्त पाउन भक्तहरूलाई संकट घट्नु अगाडि नै बाबाले उपयुक्त मौकामा कसरी उनीहरूलाई रक्षा गर्नुहुन्थ्यो।

सरदार काका साहेबका सुपुत्र तथा कोपरगाउँका मामलतदार श्री बालासाहेब मिरीकर एकपटक चितलीको भ्रमणमा जाँदै थिए। त्यसैबेल बाटामा उनी श्री साईबाबाको दर्शनको लागि शिरडी आए। उनले मसजिदमा गएर बाबाको पाउमा दर्शन गरेर सधैंको झैं स्वास्थ्य

तथा अरू विषयमा चर्चा गरे। बाबाले उनीलाई चेतावनी दिँदै भन्नुभयो, "के तिमीले आफ्नी द्वारकामाईलाई चिनेका छौ?

श्री बाला साहेबले यसको केही अर्थ बुझ्न सकेनन्। त्यसैले उनी चुपै लागिरहे। बाबाले उनलाई फेरि भन्नुभयो, "तिमी जहाँ बसेका छौ उही द्वारकामाई हुन्। जो उनको काखमा बस्दछ त्यो आफ्नो बच्चाको सम्पूर्ण दुःख र कठिनाइहरूलाई उनले हटाइदिन्छिन्। यी मसजिद माई अत्यन्त दयालु छन्। सरल हृदय भएका भक्तहरूको त उनी आमा हुन् र संकटमा उनीहरूको रक्षा अवश्य गर्नेछिन्। जो एकपटक उनको काखमा बस्दछ, उसको सम्पूर्ण कष्ट हटेर जान्छ। जो उनको छत्रछायाँमा विश्राम गर्छ, उसलाई आनन्द र सुखको प्राप्ति हुन्छ।" त्यसपछि बाबाले उनीलाई उदी दिएर आफ्नो बरदहस्त (बरदिने हात) उनको शिरमा राखेर आशीर्वाद दिनुभयो।

श्री बाला साहेब जानलाई उठेर खडा भएपछि बाबाले भन्नुभयो, "के तिमी लम्बे बाबा (अर्थात् सर्प) सँग परिचित छौ?" यति भनी आफ्नो बायाँ मुठ्ठी बन्द गरेर त्यसलाई दाहिने हातको कुहिनोको नजिक लगी दाहिने हातलाई सर्प जस्तै हल्लाएर भन्नुभयो, "त्यो ज्यादै डरलाग्दो हो, तर द्वारकामाईका प्यारा बच्चाहरूलाई उसले गर्नै के सक्छ र? जब स्वयं नै द्वारकामाई उनको रक्षा गर्ने हुनुहुन्छ भने सर्पको सामर्थ्य नै के छ?" त्यहाँ उपस्थित मानिसहरूले यसको अर्थ तथा मिरीकरलाई यस किसिमको चेतावनी दिनाको कारण जान्न चाहन्थे। तर सोध्ने साहस कसैमा हुँदैनथ्यो। बाबाले शामालाई बोलाउनुभयो र (बाला साहेबले) बाटामा धेरै असुविस्ता छ, त्यसैले तपाईले व्यर्थ नै कष्ट उठाउनु उचित छैन" भने। बाला साहेबले जे जसो भने त्यो शामाले बाबालाई बताए। अनि बाबाले भन्नुभयो, "भैगो, ठीक छ, नजाऊ। सधैंभर उचित अर्थ ग्रहण गरी असल काम नै गर्नुपर्छ। जो, जे हुने कुरा छ, त्यो त भएर नै रहने छ।"

बाबा साहेबले फरि विचार गरेर शामालाई आफ्नो साथमा हिंड्नको लागि भने। अनि शामा फेरि बाबाको आज्ञा प्राप्त गरी बाला साहेबको साथमा टांगामा गए। उनीहरू नौ बजे चितली पुगेर मारूति मंदिरमा गै बसे। अफिसका कर्मचारी गण अझै आएका थिएनन्,

यसैले यताउताको चर्चा गर्न लागे। बाला साहेब दैनिक पत्र पढ्दै चटाईमा शान्तिपूर्वक बसेका थिए। उनको धोतीको माथिको छेउ कम्मरमा परेको थियो र त्यसैको एक भागमा एउटा सर्प बसेको थियो। कसैको पनि त्यता ध्यान गएको थिएन। त्यो सर्प सी-सी गर्दै अगाडि घुम्न लाग्यो। यो आवाज सुनेर चपरासी (पियन) दौड्यो र लालटिन लिएर आयो। सर्प देखेर ऊ "साँप-साँप" भनेर चर्को स्वरमा कराउन लाग्यो। अनि त बाला साहेब ज्यादै डराएर काम्न लागे। शामालाई आश्चर्य लाग्यो। त्यसपछि उनी र अरू मानिसहरू त्यहाँबाट बिस्तार हटी आफ्नो हातमा लठ्ठी लिए। सर्प बिस्तार-बिस्तार कम्मरबाट तल ओर्ल्यो। अनि मानिसहरूले त्यसलाई तुरून्तै मारिदिए। बाबाले जुन संकटको भविष्यवाणी गर्नुभएथ्यो त्यो टऱ्यो र साई चरणामा बाला साहेबको प्रेम दृढ हुन गयो।

बपू साहेब बूटी

एकदिन धैरै ठूला ज्योतिषी श्री नानासाहेब डेंगलेले बापू साहेब बूटीलाई (जो त्यो बेला शिरडीमा नै थिए) भने "आजको दिन तपाईको लागि ज्यादै अशुभ छ र तपाईको जीवनको लागि नै डरलाग्दो छ।" यो सुनेर बापू साहेब ज्यादै अधैर्यपूर्ण भए।

जब सधैंको जस्तै नै उनी बाबाको दर्शन गर्न गए त्यसबेला बाबाले भन्नुभयो, "यी नाना के भन्छन्? यिनले तिम्रो मश्त्युको भविष्यवाणी गरिरहेका छन्। तर तिमीले डराउनु पर्ने कत्ति पनि आवश्यकता छैन। यिनलाई मजबूत भएर भनिदेउ कि "भैगो, हेरौं, कालले मलाई कसरी अपहरण गर्दोरहेछ।"

साँझको समयमा बापू आफ्नो शौच-गृहमा जाँदा उनलाई एउटा सर्प देखिन गयो। उनको नोकरले पनि सर्प देख्यो र त्यसलाई मार्न एउटा पत्थर उठायो। बापू साहेबले एउटा लामो काठ मगाए, तर काठ आउनुभन्दा पहिले नै त्यो साँप टाढा पुगेको देखियो र तुरून्त नै जनरबाट नदेखिने भयो। बापू साहेबलाई बाबाको अभयपूर्ण वचनको सम्झना भयो र ज्यादै नै खुशी लाग्यो।

अमीर शक्कर

अमीर शक्कर कोपर गाउँ तालुकमा पर्ने कोरले गाउँको बासिन्दा थियो। त्यो जातिको कसाई थियो र बान्द्रमा दलालीको पेशा गर्दथ्यो। ऊ प्रसिद्ध व्यक्तिहरू मध्येको एउटा थियो। एकपटक गठिया (बात) रोगबाट धेरै कष्ट भोगिरहेथ्यो। जब उसलाई भगवान्‌को सम्झना भयो अनि काम-धन्दा छोडेर ऊ शिरडी आयो र बाबासँग रोगमुक्तिको प्रार्थना गर्न लाग्यो। त्यसपछि बाबाले उसलाई चावडीमा बस्ने आज्ञा दिनुभयो। चावडी त्यो समयमा एउटा अस्वस्थ्यका ठाउँ भएको हुनाले यस्ता किसिमका रोगीहरूको लगि पूरै बेठीक थियो। गाउँको कुनै ठाउँ उसको निमित्त बेस हुन्थ्योहोला। तर बाबाको शब्द त निर्णयात्मक हुनुको साथै मुख्य औषधिस्वरूप नै थिए। बाबाले उसलाई मसजिदमा आउन दिनु भएन। चावडी मैं बस्ने आज्ञा दिनुभयो। वहाँ उसलाई धेरै फाइदा भयो। बाबा बिहान बेलुका चावडी हुँदै जानुहुन्थ्यो र एकदिनको फरकमा जुलूसको साथ त्यहाँ आएर त्यहीं नै विश्राम गर्ने गर्नुहुन्थ्यो। यसले गर्दा अमीरलाई बाबाको सामीप्य सजीलैसँग प्राप्त हुने गर्दथयो।

अमीर त्यहाँ पूरा नौ महिना बस्यो। जब कुनै अरू कारणले उसको मन त्यो ठाउँबाट वाक्य भयो अनि एक रात चोर झैं कसैलाई थाहै नदिई त्यो ठाउँ छोडेर कोपर गाउँको धर्मशालामा गएर बस्यो। त्यहाँ पुगेर उसले मर्न लागेको एउटा फकीर देख्यो। त्यसले पानी मागिरहेको थियो। अमीरले त्यसलाई पानी दियो, जुन पिउनासाथ उसको (फकीरको) देहान्त भयो।

अब अमीर किंकर्तव्यविमूढ (के गर्ने के नगर्ने भनी निर्णय गर्न नसक्ने) भयो। उसलाई विचार आयो, "अधिकारीहरूलाई यसको सूचना दिउँ भने म नै मश्त्युको लागि उत्तरदायी ठहराइन जानेछु। पहिलो सूचना पुन्याउने नाताले मलाई नै अवश्य यस विषयमा बढी जानकारी होला भनी सर्वप्रथम मनै पक्डिन जानेछु" इत्यादि।

अनि त आज्ञा बिना शिरडी छोडेको उत्ताउको कामले उसलाई बडो पश्चाताप भयो। उसले बाबालाई मनमनै प्रार्थना गन्यो र शिरडी फर्कने निश्चय गरी त्यही रात नै बाबाको नाम

लिँदै उज्यालो हुनु अगाडि नै शिरडी पुगेर चिन्ता मुक्त भयो। त्यसपछि ऊ चावडीमा बाबाको इच्छा र आज्ञानुसार रहन लाग्यो र चाँडै नै रोग मुक्त भयो।

एक समय आधा रातमा बाबाले जोरसँग "ए अब्दुल! कुनै दुष्ट प्राणी मेरो बिछ्यौनामा चढिरहेको छ" भनी बोलाउनुभयो। अब्दुलले लालटिन लिएर बाबाको ओछ्यान हेर्‍यो, तर त्यहाँ केही पनि देखेन। बाबाले ध्यानपूर्वक सबै ठाउँ निरीक्षण गर्न भन्नुभयो र आफ्नो छडी पनि जमीनता बजार्न लाग्नुभयो। बाबाको यो लीला देखेर अमीरले बाबालाई कुनै सर्प आएको शंका भएको होला भन्ने सोच्यो।

धेरै समयसम्म बाबाको संगतमा रहेको हुनाले अमीरलाई वहाँका शब्द र काम बुझन सुक्ने शक्ति आइसकेथ्यो। बाबाले आफ्नो बिछुयौनाको नजिकै केही घस्रे जस्तो दख्नुभयो। अनि वहाँले अब्दुलसँग बत्ती मगाई एउटा सर्प कुंडली मारेर त्यहाँ बसेको देख्नुभयो। त्यो आफ्नो फणा उठाइरहेको थियो। त्यसपछि त्यो साँप तुरुन्तै मारिया। यसरी समयमा सूचना दिएर अमीरको प्राण बचाउनुभयो।

हेमाडपंत (बिच्छी र साँप)

1.) बाबाको आज्ञानुसार काका साहेब दीक्षित श्री एकनाथ महाराजका दुई ग्रन्थ भागवत र भावार्थ रामायण सधैं पाठ गर्ने गर्थे । एक समय रामायणको पाठ भै रहेको अवस्थामा श्री हेमाडपंत पनि श्रोताहरूमा सम्मिलित भएका थिए। आफ्नी आमाको आज्ञानुसार हनुमानले कस्तो प्रकारले श्री रामको महानताको परीक्षा लिए भन्ने यही प्रसंग चलिरहेको थियो। सबैजना मन्त्रमुग्ध भैरहेका थिए र हेमाडपंतको पति त्यही अवस्था थियो। थाहा भएन कहाँबाट एउटा बिच्छी उनी माथि खस्न आयो र उनको काँधमा बस्यो। यो कुराको उनीलाई थाहै भएन। ईश्वरले श्रोताहरूको रक्षा आफैंले गर्नुपर्छ। अचानक नै उनको नजर काँध माथि पर्‍यो। उनले त्यो बिच्छी देखे। त्यो मरे जस्तै नै भै रहेको थियो। मानो ऊ पनि कथाको आनन्दमा तल्लीन भए जस्तो थियो। हरि-इच्छा भन्ने सम्झी उनले श्रोताहरूलाई

कुनै विघ्न नपारी त्यसलाई आफ्नो धोतीका दुबै किनारा मिलाएर त्यसमा बेरी टाढा लगेर बगैंचामा छोडिदिए।

2) एउटा अर्को समयमा साँझको बेला काकासाहेब वाडाको माथिल्लो खण्डमा बसेका थिए। त्यसैबलो एउटा साँप भयालको चौकसको एउटा प्वालभित्र पस्यो र कुंडली मारेर (गुडुल्किएर) बस्यो। बत्ती ल्याएपछि पहिले त केही चलबलायो। अनि फेरी चूपचप बसीरहयो र आफ्नो फणा हल्लाउन लाग्यो। धैरै मानिसहरू छडी र डंडा लिएर त्यहाँ आए। तर त्यो एउटा यस्तो सुरक्षित ठाउँमा बसेको थियो कि जहाँ उसमाथि कसैको प्रहारको कुनै पनि असर पर्दैनथ्यो। मानिसहरूको हल्ला सुनेर ऊ तुरून्तै त्यही प्वालबाट अदृश्य भयो। अनि मात्र मानिसहरूको ज्यान आयो।

बबाको विचार

एउटा भक्त मुक्तारामले भन्ने लागे, "छोड, बेसै भयो, एउटा बिचरा जीव बाँच्यो।" श्री हेमाडपंतले त्यो कुरालाई उपेक्षा गरेर "साँप मार्नु नै उचित हो" भने। यसकारण यो विषयमा वाद-विवाद हुन लायो। एकथरीको मत साँप र त्यस्तै अरू जन्तुहरूलाइ पनि मार्नु नै उचित हो भन्ने थियो भने अर्काथरीको यसको उल्टो थियो। रात धैरै गएकोले कुनै टुगोमा नपुगेर नै उनीहरूले आफ्नो वाद-विवाद स्थगित गर्नु पर्‍यो।

भोलिपल्ट यो प्रश्न बाबाको अगाडि ल्याइयो। अनि त्यसमा बाबाले निर्णायक वचन भन्नुभयो, "सब जीवहरूमा तथा सम्पूर्ण प्राणीहरूमा ईश्वरको नै वास छ, चाहे त्यो सर्प होस् कि बिच्छी। वहाँ नै यो विश्वका नियंत्रणकर्ता हुनुहुन्छ र सबै प्राणी साँप, बिच्छी इत्यादि वहाँकै आज्ञाके पालन गर्ने गर्छन् वहाँको इच्छा बिना कसैले पनि अर्कालाई हानि पुर्‍याउन सक्तैनन् (अर्थात् अर्काको हानि गर्न सक्तैनन्)। सम्पूर्ण विश्व वहाँकै अधीनमा छ। स्वतन्त्र कोही पनि छैन। यसैले हामीले सबै प्राणीलाई दया र स्नेह गर्नुपर्दछ। संघर्ष, वैमनस्य या संहार गर्न छोडेर शान्तचित्तले जीवन बिताउनु पर्दछ। ईश्वर सबैको नै रक्षक छन्।

श्री सद्गुरू साईनाथमा अर्पण होस्। मंगल होओस्।।

सप्ताह पारायण तृतीय विश्राम।

# अध्याय 23



योग र प्याज, शामाको सर्प विष उतार्नु, विषूचिका (हैजा) निवारणार्थ नियमहरूको उल्लंघन, गुरू भक्तिको कठिन परीक्षा।

**प्रस्तावना**

वास्तवमा मानिस त्रिगुणातीत अर्थात् सत्व, रज, तम यी तीन गुणदेखि पर छ। तर मायाको प्रभावबाट नै उसलाई आफ्नो सत-चित्- आनन्द स्वरूपको विस्मशति भै म शरीर हूँ भन्ने नै भान हुन लाग्दछ। शारीरिक बुद्धिले ढाकिएको कारणले नै उसले म नै कर्त्ता र उपभोग गर्ने हूँ भन्ने धारण बनाउँदछ। यसरी उसले आफुलाई अनेकौं कष्टमा स्वयं फसाउँछ। अनि उसलाई त्यसबाट छुटकारा मिल्ने कुनै बाटो नै देखा पर्दैन। मुक्तिको एकमात्र उपाय हो गुरूका श्री चरणमा अचल प्रेम र भक्ति। सबभन्दा महान् अभिनयकर्ता भगवान् साईले भक्तहरूलाई पूर्ण आनन्द दिएर उनीहरूलाई आफ्नै स्वरूपमा परिवर्तित गराइदिनुभयो। यिनै माथि भनिएका कारणहरूले नै हामी साई बाबालाई ईश्वरको अवतार मान्दछौं। तर वहाँ त सधैं "म त ईश्वरको दास हुँ यही नै भनिरहनुहन्थ्यो। अवतार भएर पनि मनुष्यहरूलाई उनीहरूले कस्तो आचरण गर्नुपर्छ तथा आफ्नो वर्ण अनुसारको कर्तव्य कसरी गर्दै लैजानुपर्छ भन्ने कुराको उदाहरण उनीहरूको अगाडि प्रस्तुत गर्नुभयो। वहाँले कुनै प्रकारले पनि अर्कासँग स्पर्द्धा (शेखी) गर्नु भएन न त कसैलाई कुनै हानि नै पुऱ्याउनुभयो। जसले जड र चेतन पदार्थमा ईश्वरकै दर्शन गर्छ त्यस्ता व्यक्तिको लागि नम्रता नै उचित कुरा थियो। वहाँले कसैलाई अनास्था र अनादर गर्नु भएन। वहाँले सबै प्राणीहरूमा भगवान्‌कै दर्शन गर्नुहुन्थ्यो। वहाँले कहिल्यै पनि "म अनलहक्क (सो हम्) हूँ" भन्नुभएन। वहाँ त सधैं "मतयादेहक्क (दासो हम्) हूँ" भन्नुहुन्थ्यो। "अल्लाह मालिक"

यही नै वहाँका ओठमा थियो। हामी अरू सन्तसँग परिचित छैनौं न हामीलाई उनीहरूले कस्तो प्रकारले आचरण गर्दछन्, अथवा उनीहरूको दिनचर्या आदि के छ भन्ने कुराको थाहा छ। परमेश्वरको कृपाले केवल यक्ति मात्र थाहा छ कि उनीहरूले अज्ञान र बद्ध (बाँधिएर जकडिएका) जीवहरूको निमित्त आफैं अवतार लिएका हुन्। शुभकर्महरूको परिणामस्वरूप नै हामीहरूमा सन्तहरूको कथाहरू र लीलाहरू सुन्ने इच्छा उत्पन्न हुन्छ, नत्र भने हुन्न। अब हामी मुख्य कथामा आउँदछौं।

### योग र प्याज

एक समय कुनै एक योगाभ्यासी नाना साहेब चाँदोकरका साथमा शिरडी आए। उनले पातंजल योगसूत्र तथा अरू योगशास्त्रका अरू गुन्थहरूको विशेष अध्ययन गरेका थिए। तर व्यावहारिक अनुभव भने थिएन। मन एकाग्र हुन नसक्नाको कारणले उनी थोरै समयसम्म पनि समाधि लगाउन सक्तैनथे। यदि साईबाबाको कृपा प्राप्त हुन गयो भने वहाँबाट धेरै समयसम्म समाधि अवस्था प्राप्त गर्ने विधि जानिने छ। यही विचार लिएर उनी शिरडी आएका थिए। तर मसजिदमा पुग्दा त साईबाबालाई प्याजसित रोटी खान लाग्नुभएको देखेर उनलाई "यस्तो काँचो प्याजसित सुख्खा रोटी खाने व्यक्तिले मेरा कठिनाइहरू कसरी समाधान गर्न सक्ला?" भन्ने विचार आयो। साईबाबाले अन्तर्ज्ञानबाट उनको विचार जानेर तुरून्त नाना साहेबसँग भन्नुभयो "ए ! नाना ! जसमा प्याज पचाउन सक्ने शक्ति छ, त्यसले नै प्याज खानुपर्छ अरूले हैन।"

यी शब्दहरूले अत्यन्त आश्चर्यमा परेका योगीले साईचरणमा पूर्ण आत्मसमर्पण गरिदिए। शुद्ध र निष्कपट भावले आफ्ना कठिनाइहरू बाबाको अगाडि राखिदिए र वहाँबाट तिनको समाधान प्राप्त गरे। अनि यसरी सन्तुष्ट र सुखी भएर बाबाको दर्शनको साथै उदी (विभूति) लिएर उनी शिरडीबाट हिंडे।

## शामालाई सर्पको डसाइबाट मुक्ति

कथा प्रारम्भ गर्नुभन्दा अगाडि श्री हेमाडपंत लेख्छन् कि जीवको तुलना पाल्तु सुगासँग गर्न सकिन्छ, किनभने दुइटै बद्ध (बाँछिएको) छन्। एउटा शरीरमा बाँधिएको छ भने अर्को पिजँडामा। दुबैले नै आफ्नो बद्धावस्था (थुनिएको अवस्था) लाई बढी कल्याणकारी सम्झन्छन्। तर यदि हरिकृपाबाट उनीहरूलाई कुनै असल गुरू मिल्न सक्यो र तिनले (गुरुले) उनीहरूको ज्ञान नेत्र खोलेर तिनीहरूलाई बंधनबाट मुक्त गरिदिए भने तिनीहरूको जीवनको स्तर उच्च हुन जान्छ। अहिलेको यो जीवनको तुलनामा पहिलेको सांगुरो स्थिति पुरै तुच्छ थियो भन्ने लाग्छ।

गएको अध्यायमा कस्तो किसिमले श्री मिरीकर माथि आउने संकटको पूर्व सूचना दिएर उनीलाई त्यसबाट बचाउनुभयो भन्ने कुराको वर्णन गरिसकिएको छ। पाठकवश्न्द! अब त्यस्तै किसिमको अर्को एउटा कथा सुन्नुहोस्।

एकपटक शामालाई विषालु सर्पले उनको हातको औंलामा डसिदिया। सम्पूर्ण शरीरमा विष फैलनाले उनले अत्यन्त कष्टको अनुभव गरी अब मेरो अन्तःकाल नजिकै आयो भनी रून कराउन लागे। उनका इष्टमित्रहरूले उनलाई यस्तो किसिमको सम्पूर्ण पीडाहरूको राम्रो उपचार हुने ठाउँ भगवान् विठोवाकहाँ लैजान चाहन्थे। तर शामा आफ्नो विठोवा श्री साईबाबाकहाँ जान मसजिदतिर दौडे। जब बाबाले उनीलाई टाढाबाट आउन लागेको देख्नुभयो, अनि त च्याँठिएर गालि गर्न लाग्नुभयो। वहाँले कडासँग रिसाएर भन्नुभयो, “अरे, ए नादान! कृतघ्न! बम्मन (ब्राहमण) माथि नचढ्।” सावधान! यसो गरिस् भने। अनि फेरि गर्जिदै भन्नुभयो, “जा, टाढा जा, तल ओर्ली।”

श्री साईबाबालाई यसरी ज्यादै रिसाउनु भएको देखेर शामा अलमल्लमा परे। साथै निराश भएर सोच्न लागे कि केवल मसजिद नै मेरो घर हो र साईबाबा मात्र असहायहरूको आश्रयदाता हो। जब वहाँले नै यस्तो किसिमले मलाई यहाँबाट भगाइ रहनुभएको छ भने

अब म कसको शरणमा जाउँ र ? यति विचार गरी उनले आफ्नो जीवनको आशा नै छोडिदिए र त्यहीं नै शान्तिपूर्वक बसे।

एकछिनपछि जब बाबा पहिलेको झैं शान्त हुनुभयो अनि शामा माथि आएर वहाँको नजिकै बसे। त्यसपछि बाबाले भन्नुभयो "नडराऊ! तिलमात्र पनि (अलिकतिमात्र पनि) चिन्ता नगर। दयालु फकीरले अवश्य नै तिम्रो रक्षा गर्नेछन्। घरमा गएर शान्तिसँग बस। बाहिर ननिक्ल। ममाथि विश्वास गरेर निडर भई चिन्ता त्याग।" उनलाई घर पठाएपछि नै पछाडिबाट बाबाले तात्या पाटील र काका साहेब दीक्षित मार्फत् "इच्छानुसार भोजन गर्नु, घरमा टहलिरहनू, नलेट्नू, नसुत्नू" भनि पठाउनुभयो।

अरू भन्नु पर्ने आवश्कयता छैन कि आदेशको अक्षरशः पालन गरियो र थोरै समयमा नै उनी पूरै स्वस्थ भए। यस विषयमा केवल यो कुरा संझनु पर्ने छ कि बाबाका पाँच शब्द (पंच अक्षरीय मन्त्र) "जा, टाढा जा, तल ओर्ली" माथि देखिए जस्तो शामालाई लक्ष्य गरेर भनिएको थिएन। त्यो त साँप र त्यसको विषको लागि गरिएको आज्ञा थियो। अर्थात् शामाको शरीरमा विष नफैलाउने आज्ञा थियो। अरू मंत्र र शास्त्र जान्नेहरूले झैं बाबाले कुनै मंत्र या मंत्रले फुकेको चामल या जल आदिके प्रयोग गर्नु भएन।

यो कथा र यसै खाले कथाहरूलाई सुनेपछि साईबाबाका चरणमा यस्तो दृढविश्वास हुन जानेछ कि यदि मायायुक्त संसारलाई पार गर्नुछ भने केवल श्री साईचरणको ध्यान आफ्नो हृदयमा गर।

हैजा महामारी (विषूचिका)

एकपटक शिरडी हैजाको प्रकोपले कम्पायमान भयो। गाउँलेहरू डरले थरथर भए। अरू गाउँका मानिसहरूसँगको उनीहरूको आपसी सम्पर्क धेरै रूपमा समाप्त जस्तै भयो। अनि गाउँका पंचहरूले जम्मा भएर दुइ आदेश प्रसारित गरे। पहिलो-दाउराको एउटा गाडी

पनि गाउँमा आउन नदिइयोस्। दोश्रो-कुनै पनि बोकाको बलि नदिइयोस्। यी आदेश उल्लंघन गर्नेलाई मुखिया र पंचद्वारा दण्ड दिइनेछ। यो सबै केवल अन्धविश्वास नै हो भन्ने कुरा बाबालाई थाहा थियो। यसैकारण वहाँले यी हैजाका आदेशहरूको कुनै चिन्ता लिनुभएन। यो आदेश लागू भएकै बखतमा एउटा दाउराको गाडी गाउँमा आयो। गाउँमा दाउराको अभाव छ भन्ने कुरा सबैलाई थाहा थियो, तरपनि मानिसहरूले त्यो गाडीबालालाई भगाउन लागे। यो खबर बाबाकहाँ पुग्न गयो। अनि वहाँ आफैं त्यहाँ आउनुभयो र गाडीबालालाई मसजिद जान भन्नुभयो बाबाको विरूद्ध कसैले चाँचुंसम्म पनि गर्न सकेन। वास्तवमा वहाँलाई धूनीको लागि दाउराको अत्यन्त आवश्यकता थियो। यसैले वहाँले गाडीनै मोलेर लिनुभयो। एक महान् अग्निहोत्रीको जस्तै गरी वहाँले जीवनभर धूनीलाई जगाएरै राख्नुभयो। बाबाको धूनी रातदिन बलिरहन्थ्यो। यसैले वहाँले दाउरा जम्मा गरेर राख्नुहुन्थ्यो।

बाबाको घर अर्थात् मसजिद सबैको निम्ति सधैंभर खुला थियो। त्यसमा कुनै ताल्चा साँचोको आवश्यकता थिएन। गाउँका गरीब मानिसले आफ्नो कामको लागि त्यसबाट दाउरा निकालेर पनि लैजाने गर्दथे। तर बाबाले यसकुरामा कुनै आपत्ति गर्नु भएन। बाबाले त सम्पूर्ण विश्वनै ईश्वरबाट ओतप्रोत भएको देख्नुहुन्थ्यो। यसैले वहाँमा कसैप्रति घृणा या शत्रुताको भावना थिएन। पूर्ण विरक्त भएर पनि बहाँले एउटा साधारण गृहस्थको जस्तै उदाहरण मानिसहरूको अगाडि प्रस्तुत गर्नुभयो।

## गुरू भक्तिको कठिन परीक्षा

अब हेर्नोस् दोश्रो आदेशको पनि बाबाले कस्तो दुर्दशा गराइदिनुभयो। त्यो आदेश लागू भएर रहेकै समयमा कुनै व्यक्तिले मसजिदमा एउटा बोको बलि दिन ल्यायो। त्यो बोको ज्यादै निर्धो, बूढो र मर्नै लागेको थियो। त्यो समयमा माले गाउँका फकीर पीर मोहम्मद उर्फ बडेबाबा पनि वहाँको नजिकमै खडा थिए। बाबाले उनलाई बोको काटेर वलि चढाउन भन्नुभयो। श्री साईबाबा, बडेबाबाको धेरै आदर गर्ने गर्नुहुन्थ्यो। यसकारण उनी वहाँको सदैव दाहिने तर्फ नै बस्ने गर्दथे। सबभन्दा पहिले उनी नै तमाखु खान्थे र अनि पछिमात्र

बाबालाई दिन्थे। त्यसपछि मात्र भक्तहरूलाई दिहन्थ्यो। मध्याहनको भोजन पस्किदिए पछि बाबाले बडे बाबालाई आदरपूर्वक बोलाएर आफ्नो दाहिनेपटि्ट बसाउनुहुन्थ्यो र अनिमात्र सबैले भोजन गर्थे। बाबासँग जो दक्षिणा जम्मा हुन्थ्यो त्यसबाट वहाँले रू 50/– प्रतिदिन बडे बाबालाई दिने गर्नुहुन्थ्यो। उनी फर्कन लाग्दा बाबा पनि उनको साथमा एक सय कदमसम्म जाने गर्नुहुन्थ्यो। उनलाई यत्रो आदर हुँदा पनि जब बाबाले उनलाई बोको काट्न भन्नुभयो त्यसबेला उनले अस्वीकार गरेर स्पष्ट शब्दमा बलि चढाउनु व्यर्थ नै हो भनिदिए।

अनि बाबाले शामालाई बोकोको बलिको लागि भन्नुभयो। उनी राधाकृष्णमाईको घरमा गई चक्कु लिएर आए र त्यसालई बाबाको अगाडि राखिदिए। राधाकृष्ण माईलाई जब कारण पत्ता लाग्यो अनि उनले चक्कु फिर्ता मगाइन्। अब शामा अर्को चक्कु लिन गए तर धेरै बेरसम्म मसजिदमा फर्किएनन् अनि काका साहेब दीक्षितको पालो आयो। उनी सच्चा सुन जस्तै त थिए तर उनीलाई कसौटीमा घोट्नु पनि अत्यन्त आवश्यक थियो। बाबाले उनीलाई चक्कु ल्याएर बोको काट्न भन्नुभयो। उनले साठेबाडाबाट चक्कु लिएर आएर बाबाको आज्ञा पाउनासाथ काट्न तयार भए। उनले साठेबाडाबाट चक्कु लिएर आएर बाबाको आज्ञा पाउनासाथ काट्न तयार भए। उनले पवित्र ब्राहमण वंशमा जन्म लिएका थिए र आफ्नो जीवनमा बलिकर्म जान्दै जान्दैनथे। हिंसा गर्नु निन्दनीय काम हो तापनि बोको काट्न तयार भए। बडेबाबा मुसलमान भएर बोको काट्न पनि सहमत भएनन्। यिनी एक सनातन ब्राहमण भएर पनि बोकाको बलि दिन तैयारी गर्दैछन् भन्ने देखेर सबै जनालाई आश्चर्य लागेको थियो। उनले आफ्नो धोती माथि उठाए, फेटा कसेर चक्कु लिए र हात माथि उठाई बाबाको अन्तिम आज्ञाको प्रतीक्षा गर्न लागे।

बाबाले भन्नुभयो "अब के विचार गरिरहेका होऊ? ठीक छ, मार।" जब उनको हात तल आउनै लागेको थियो अनि बाबाले भन्नुभयो, "पर्ख, तिमी कति दुष्ट रहेछौ। ब्राहमण भएर तिमी बोकाको बलि दिइरहेछौ?"

काका साहेबले चक्कु तल राखेर भने, "हजूरको आज्ञा हाम्रो लागि सबै कुरा हो। हामीलाई आदेशहरूसँग के मतलब। हामी त खालि हजूरको आज्ञाको नै पालन गर्ने गर्छौं। हामीलाई बोको मार्नु उचित हो या अनुचित यो कुरा विचार गर्नु आवश्यकता नै छैन। न हामी त्यसको कारण नै जान्न खोज्दछौं। हाम्रो कर्तव्य र धर्म त निःसंकोच भएर गुरूको आज्ञाको पूर्णरूपले पालन गर्नुमा छ।"

त्यसपछि बाबाले काकासाहेबलाई भन्नुभयो- "म आफैले नै बलि चढाउने काम गर्नेछु।" अनि तकियाको (फकीरहरू बस्ने ठाउँ) नजिक जहाँ धैरै फकीर बस्दछन त्यहीं नै गएर यसको बलिदिनु उचित छ भन्ने कुरा निश्चित भयो। जब बोका त्यहाँ लिएर गईदै थियो त्यसैबेला बाटा मै ढल्यो र मर्‍यो।

भक्तहरूको श्रेणीको वर्णन गरेर श्री हेमाडपंत यो अध्याय समाप्त गर्दछन्। भक्त तीन प्रकारका हुन्छन्: (1) उत्तम (2) मध्यम (3) साधारण। प्रथम (पहिलो) श्रेणीका भक्त ती हुन् जो आफ्नो गुरूको इच्छा पहिले नै जानेर आफ्नो कर्तव्य ठानी सेवा गर्दछन्। द्वितीय (दोश्रो) श्रेणीका भक्त ती हुन् जो गुरूको आज्ञा पाउनासाथ नै तुरून्त त्यसको पालन गर्दछन्। तृतीय (तेश्रो) श्रेणीका भक्त ती हुन् जो गुरूको आज्ञा सधैं टाल्दै पाइलै पिच्छे त्रुटी गर्ने गर्दछन्। भक्तगणले यदि आफ्नो जागृत बुद्धि र धैर्यधारण गरी दृढ विश्वासलाई स्थिर गरी राखे भने निःसन्देह उनीहरूको आध्यात्मिक ध्येय उनीहरूबाट धैरै टाढा हुँदैन। श्वासोच्छ्‌वासको नियन्त्रण, हठयोग या कठिन साधनाहरूको केही आवश्यकता नै हुँदैन। जब शिष्यमा उपयुक्त गुणहरूको विकास हुन जान्छ र अगाडि दिइने उपदेशहरूको लागि भूमिका तैयार हुन जान्छ अनि गुरू आफैं प्रकट भएर उसलाई पूर्णतातिर लिएर जान्छन्।

अगाडि आउने अध्यायमा बाबाको मनोरन्जक हास्यविनोदको सम्बन्धमा चर्चा गर्नेछु।

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस्।
मंगल होओस्।।

# अध्याय 24



## श्री बाबाको हास्य विनोद,

### चनाको लीला (हेमाडपंत), सुदामाको कथा, अण्णा चिंचणीकर र मौसी (सानिमा) वाईको कथा

आउने अर्को अध्यायमा फलानो-फलानो विषयको वर्णन हुनेछ भनेर भन्नु एक प्रकारको अहंकार नै हो। जबसम्म अहंकार गुरू चरणमा अर्पण गरिन्न त्यतिबेलासम्म सत्यस्वरूपको प्राप्ति सम्भव हुँदैन। यदि हामी अभिमान रहित भयौं भने सफलता पाउनु निश्चित नै छ।

श्री साईबाबाको भक्ति गर्नाले सांसारिक तथा आध्यात्मिक दुबै वस्तु पाइन्छ। साथै हामी आफ्नो मूल प्रकृतिमा स्थिरता प्राप्त गरी शान्ति र सुखका अधिकारी बन्न जान्छौं। यसैकारण मोक्षको चाहना गर्नेहरूले आदर सहित श्री साईबाबाको लीलाहरूको श्रवण गरी त्यो मनन गर्नुपर्छ। यदि उनीहरूले यस्तो किसिमको प्रयत्न गरिनै रहे भने उनीहरूलाई आफ्नो जीवनको ध्येयको साथै परमानन्द सजिलैसँग प्राप्त हुनजानेछ।

प्रायः (धेरै जसो) सबै मानिसहरूलाई हास्य (ठट्टा) प्रिय हुन्छ। तर हास्यको पात्र आफैं भने कोही बन्न चाँहदैन। यस विषयमा बाबाको तरीका अनौठो थियो। जुनबेला त्यो भावनापूर्ण हुन्थ्यो त्यतिखेर मनोरंजक (चाखलागदो) र शिक्षाप्रद (शिक्षा दिने) हुन्थ्यो। यसकारण भक्तहरूलाई यदि आफैं नै हास्यको पात्र बन्न परेपनि त्यसमा कुनै आपत्ति हुँदैनथ्यो। श्री हेमाडपंत पनि यस्तै एउटा आफ्नो उदाहरण प्रस्तुत गर्दछन्।

### चनालीला

शिरडीमा बजार हरेक आइतबार लाग्दछ। नजिकका गाउँहरूबाट मानिसहरू आएर त्यहाँ बाटाहरूमा नै पासल लगाउँछन् र आफ्नो बिक्री गर्ने माल बिक्री गर्दछन्। मध्याह्नको

समयमा मसजिद मानिसहरूको ठसाठस भरिने गर्दथ्यो। तर आइतवारको दिनमा त मानिसहरूको यस्तो धेरै भीड हुन्थ्यो कि सास फेर्नै पनि गाह्रो पर्दथ्यो।

यस्तै एउटा आइतबारको दिन श्री हेमाडपंत बाबाको चरणसेवा गरिरहेका थिए। शामा बाबाको बायाँ तिर तथा वामनराव दाहिने पट्टि थिए। यस मौकामा श्रीमान् बूटीसाहेब र काका साहेव दीक्षित पनि त्यहीं उपस्थित थिए। त्यसैबेला शामाले हाँसेर अण्णा साहेबलाई भने "हेर! तिम्रो कोटको बाहुलामा केही चना लागे जस्तो लाग्छ।" यसो भनेर शामाले उनको बाहुला छोए जहाँ केही चनाका दाना पाइए। जब हेमाडपंतले आफ्नो बाँया कुइनो सोझो गरे अनि चनाका केही दाना गुडेर तल पनि खसे। त्यहाँ उपस्थित मानिसहरूले ती टिपेर उठाए।

भक्तहरूलाई हास्यको विषय मिल्न गयो। सबै आश्चर्य चकित भएर भाँति-भाँतिका अनुमान लगाउन लागे। तर यी चनाका दाना त्यहाँ कहाँबाट आए र यतिको समयसम्म बाहुलामा कसरी रहन सके भन्ने कुरा कसैले पनि जान्न सकेनन्। यसको सन्तोष लाग्दो उत्तर कसैसँग थिएन। तर यो रहस्यको भेद जान्न सबै उत्सुक थिए। त्यसैबेला बाबाले भन्नलाग्नुभयो "यी महाशय अण्णा साहेबको एकान्तमा खाने नराम्रो आदत छ। आज बजारको दिन हो र त्यसैले यी चना चपाउँदै नै यहाँ आएका हुन्। म त यिनको आदतसँग राम्रोसँग परिचित छु। यी चना मेरो भनाइएको सत्यताको प्रमाण हुन्। यसमा आश्चर्यको कुरै के छ र?"

हेमाडपंतले भने "बाबा मेरो कहिल्यै एकान्तमा खाने आदत छैन। त्यसैले यसप्रकार म माथि दोषारोपण किन गर्नु भएको? अहिलेसम्म मैले शिरडीको बजारको दर्शन पनि गरेको छैन। आजको दिनमा त म भुलेर पनि बजार गएको छैन। अब हजूर नै भन्नोस् कि मैले यो चना कसरी किने हुँला? अनि जब मैले किनेकै छैन भने त्यो खाने कुरा त टाढाको नै भयो। खाने समयमा पनि जो मेरो नजिकमा हुन्छन् तिनीहरूलाई उचित भाग नदिइकान म कहिल्यै पनि खान्न।"

बाबा– “तिम्रो भनाइ सत्य हो। तर जब तिम्रो नजिकमा कोही न भए त तिमी या हामी नै के गर्न सक्तछौं र ? लौ भैगो भन, भोजन गर्नु अगाडि तिमीलाई कहिल्यै मेरो सम्झना आएको छ। के म सधैंभर तिम्रो साथमै छैन? अनि के तिमी पहिले मलाई नै अर्पण गरेर भोजन गर्ने गर्छौ?”

शिक्षा

यो घटनाद्वारा बाबा के शिक्षा प्रदान गरिरहनु भएको छ त्यसप्रति थोरै ध्यान दिनु आवश्यक छ। यसको सारांश यो हो कि इन्द्रियहरूको साथै मन र बुद्धिद्वारा पनि विभिन्न वस्तुहरूको रसास्वादन गर्नुभन्दा पहिले बाबालाई संझनु पर्छ। वहाँको सम्झना नै अर्पणको एक विधि हो। इन्द्रियहरू विषय वस्तुहरूको चिन्ता नगरिकन कहिल्यै पनि बस्न सक्तैनन्। यी वस्तुहरू उपभोग गर्नुभन्दा पहिले ईश्वरार्पण गरिदिनाले ती प्रतिको आसक्ति स्वभावैले नाश हुन जान्छ। यस्तो प्रकारले सम्पूर्ण इच्छाहरू रीस तथा तृष्णा आदि खराब प्रवृतिहरूलाई पहिले ईश्वरार्पण गरी गुरू तिर मोडिदिनुपर्छ। यदि यो कुराको सधैं अभ्यास गर्ने हो भने परमेश्वर तिम्रा कुवृत्तिहरू दमन गर्न तिम्रो सहायक हुनेछन्। विषयको रसास्वादन गर्नुभन्दा पहिले त्यहाँ बाबाको उपस्थितिको ध्यान अवश्य राख्नु पर्छ। अनि त्यो विषय उपभोगको लागि उपयुक्त (ठीक) छ या छैन यो प्रश्न खडा हुन्छ र अनुचित विषयलाई त्याग गर्न नै पर्नेछ। यसप्रकार कूप्रवृत्तिहरू हटनेछन् र आचरणमा सुधार हुनेछ। यसको फलस्वरूप गुरू– प्रेममा वृद्धि भै शुद्ध ज्ञानको प्राप्ति हुनेछ। जब यस्तो प्रकारले ज्ञानको वृद्धि हुन्छ अनि दैहिक (शारीरिक) वुद्धि हराएर चैतन्यघनमा लीन हुनजान्छ। वास्तवमा गुरू र ईश्वरमा केही फरक छैन। जो व्यक्ति गुरूलाई भिन्न सम्झन्छ त्यो पूरै अज्ञानी हो र त्यसैले उसलाई ईश्वर दर्शन मिल्नु पनि दुर्लभ नै हुन्छ। यसैले सम्पूर्ण भेदभावलाई भुलेर गुरू र ईश्वरलाई एकै सम्झनु पर्छ। यसरी गुरू सेवा गर्नाले ईश्वर-कृपा प्राप्त हुनु निश्चित नै हुन्छ। अनि गुरूले हाम्रो चित्त शुद्ध गरेर हामीलाई आत्मज्ञान प्रदान गर्नेछन्। सारांश यो हो कि ईश्वर र गुरूलाई पहिले अर्पण नगरी हामीले कुनै पनि इन्द्रियद्वारा भोग गरिने विषयको रसास्वादन गर्नु हुन्न। यसरी अभ्यास गर्नाले भक्तिमा उत्तरोत्तर वृद्धि हुनेछ। अनि श्री साईबाबाको

मनोहर सगुण मूर्ति सधैं नै आँखाको अगाडि रहने छ। यसबाट भक्ति, वैराग्य र मोक्षको प्राप्ति तुरून्तै हुन जानेछ। ध्यान प्रगाढ भएपछि भोक र संसारको अस्तित्व बिर्सिन जान्छ र संसारका बिषयहरूको आकर्षण स्वतः (आफैं ) नष्ट भएर चित्तमा सुख र शान्ति प्राप्त हुन्छ।

सुदामाको कथा

माथि भनिएको घटनाको वर्णन गर्दागर्दै हेमाडपंतलाई यस्तै किसिमको सुदामाको कथाको याद आयो जसले माथि वर्णन गरिएको नियमहरूको पुष्टि गर्दछ।

श्रीकृष्ण आफ्नो जेठा दाजु बलराम र आफ्नो एउटा सहपाठी सुदामाको साथमा सान्दीपनि ऋषिको आश्रममा बसेर विद्याध्ययन गर्ने गर्नुहुन्थ्यो। एकपटक कृष्ण र बलराम दाउरा लिन बनमा गए। सान्दीपति ऋषिकी पत्नीले सुदामालाई पनि त्यहीं कामको निमित्त बनमा पठाइन् र साथै तीन ओटै विद्यार्थीहरूलाई खानको लागि केही चना पनि सुदामाको हातै पठाइन्। जब कृष्ण र सुदामाको भेट भयो अनि कृष्णले भन्नुभयो "दादा! मलाई अलिकति पानी देऊ न, ज्यादै तिर्खा लागेको छ।" सुदामाले भने "भोको पेटमा पानी खानाले खराबा गर्छ, त्यसैले पहिले केही बेर विश्राम गर।" सुदामाले चनाबरे न कुनै चर्चा गरे न कृष्णलाई उनको भाग नै दिए। कृष्ण पूरै थाक्नु भएको थियो। यसैले सुदामाको काखमा आफ्नो शिर राख्ना साथै वहाँ मस्त निद्रामा पर्नु भयो। त्यसैबेला मौका पाएर सुदामाले चना चपाउन प्रारम्भ गरे। यसैबीचमा अचानक कृष्णले सोधिहाल्नु भयो "दादा! तिमी के खाइरहेका छौ र यो कडकडको ध्वनि कसरी भैरहेको छ?" सुदामाले जवाफ दिए "यहाँ खानको लागि नै के छ र ? म त चीसोले काँपिरहेकोछु र यसैले मेरा दाँत कडकड गरी बजीरहेका छन्। हेर त, मैले राम्रोसँग विष्णुसहस्रनाम पनि उच्चारण गर्न पनि पाएको छैन।" यो कुरा सुनेर अन्तर्यामी (भित्रको कुरा पनि जान्ने) कृष्णले भन्नुभयो "दादा! मैले अहिले नै सपनामा एउटा व्यक्तिले अर्काको वस्तुहरू खाइरहेको देखें। जब उससँग यस विषयमा प्रश्न गरें अनि त उसले म खाक (धूलो) खाइरहेकोछु भन्यो।" अनि प्रश्न कर्ताले

भन्यो "यस्तै नै होओस् (एवमस्तु)। दादा! यो त केवल सपना थियो। तिमी त म बिना अन्नको एकदाना पनि खाँदैनौ भन्ने कुरा मलाई थाहा छ। तर बेसरी थकाई लागेकोले मैले तिमीसँग यस्तो प्रश्न गरेको।

यदि सुदामा अलिकति मात्र पनि कृष्णको सर्वज्ञतासँग परिचित भएका भए उनले यस्तो किसिमकी आचरण कहिल्यै गर्दैनथे। यसकारण उनले यसको फल भोग्नै पऱ्यो। श्रीकृष्णका लगौटिया मित्र भएर पनि सुदामाले आफ्नो बाँकी जीवन दरिद्रतामा बिताउनु पऱ्यो। तर पछि उनकी पत्नी सुशीलाले अत्यन्त परिश्रमपूर्वक कमाएको खालि एकै मुठी रूखो कनिका चढाउनाले श्रीकृष्ण ज्यादै प्रसन्न भएर त्यसको बदलामा सुनको शहर प्रदान गर्नुभयो।

जौ अर्कालाई नदिइकन एकान्तमा खान्छन् उनीहरूले यो कथालाई सधैंभर सम्झिराख्नु पर्छ।

वेदले पनि पहिले ईश्वरलाई अर्पण गर्नू अनि भगवान्को जूठो भए पछि मात्र त्यो ग्रहण गर्नू भनी यो मतलाई पुष्टि गरेको छ। यही शिक्षा बाबाले हास्य (ठट्टा) को रूपमा दिनु भएको हो।

अण्णा चिंचणीकर र मौसीबाई

अब श्री हेमाडपंत एउटा अर्को हास्यपूर्ण कथाको वर्णन गर्दछन् जसमा बाबाले शान्ति स्थापनाको काम गर्नु भएको छ। उपनाम अण्णा चिंचणीकर हुने दामोदर घनश्याम बाबरे बाबाका भक्त थिए। उनी सरल सुदृढ (मजबूत) र निडर प्रकृतिका व्यक्ति थिए। उनी निडर भएर स्पष्ट भाषण गर्थे र व्यवहार सदैव नगदद्वारा नै गर्दथे। व्यावहारिक दृष्टिबाट उनी रूखा सहनशीलता नभएका जस्ता देखिन्थे तापनि अन्तस्करणबाट कपट शून्य र व्यवहार-कुशल थिए। यसैकारण उनीलाई बाबाले विशेष प्रेम गर्नुहुन्थ्यो। सबैभक्त आफ्नो

आफ्नो इच्छानुसार बाबाका एक-एक अंग मिचिरहेका थिए। बाबाको हात कठघरा (रेलिंग) माथि राखिएको थियो। अर्को तर्फ वेणुबाई कौजलगी नामकी एउटी बूढी विधवा बाबाको सेवा गरीरहेकी थिइन्। बाबा तिनलाई "माँ" शब्दले बोलाउनुहुन्थ्यो। अरूहरू मौसीबाई (सानीआमा हजूर) भन्दथे। तिनी एउटी शुद्ध हृदयकी बूढी स्वास्नी मानिस थिइन्। तिनी त्यतिबेला आफ्नो दुबै हातका औंला मिलाएर बाबाको शरीर मिचिरहेकी थिइन्। उनले बलपूर्वक बाबाको पेट दबाउँदा पेट र पीठ धेरै जसो एउटै जस्तो हुन्थ्यो। बाबा पनि यो दबाइको कारणले यताउता सरीरहनुहुन्थ्यो। अण्णा अर्कोतर्फ सेवामा व्यस्त थियो। दुबैजना यस्तो किसिमले सेवामा जुटेकाले अनायासै मौसीबाईको मुख अण्णाको ज्यादै नजिक आयो। मौसीबाई मजाक गर्ने स्वभावकी हुनाले तानामार्दै भनिन् "यो अण्णा ज्यादै खराब मानिस छ। यो मलाई म्वाई खान खोज्दछ। यसका कपाल त पाकेका छन्। तर पनि मलाई म्वाई खान यसलाई अलिकति पनि लाज लाग्दैन।" यो सुनेर अण्णाले बेसरी रिसाएर भने "तिमी म एउटा बूढो र खराब व्यक्ति हूँ भन्छ्यौ के म मूर्ख हूँ? तिमी आफैं छेडछाड गरेर मसँग झगडा गरिरहेकी छ्यौ।"

त्यहाँ उपस्थित सबैजना यो विवादको आनन्द लिईरहेका थिए। बाबाको स्नेह त दुबैमाथि थियो। यसैले वहाँले कुशलतापूर्वक विवादको टुंगो लगाई दिनुभयो। वहाँले प्रेमपूर्वक भन्नुभयो "अरे अण्णा! व्यर्थ नै किन झगडा गरिरहेको? आमाको चुम्बन गर्नामा दोष या हानि नै के छ र? मैले यो कुरा बुझन सकिन?

बाबाका शब्द सुनेर दुबै शान्त भए। साथै सबै बसेका अरूहरू पेट मिचीमिची हाँसेर बाबाको मजाकको आनन्द लिन लागे।

बाबाको भक्त परायणता

बाबा भक्तहरूलाई उनीहरूको इच्छानुसारनै सेवा गर्न दिने गर्नुहुन्थ्यो। यस विषयमा कुनै किसिमको हस्तक्षेप वहाँ सहन सक्नु हुन्नथ्यो। एक अर्का समयमा मौसीबाई बाबाको पेट

बलपूर्वक मिचीरहेकी थिइन्। यो देखेर दर्शकगण चिन्तित जस्तो भै मौसीबाईलाई भन्न लागे। "माँ! कृपा गरी बिस्तार बिस्तार नै मिच्नोस्न् पेट। यस्तो चालाले मिच्नाले त बाबाका आन्द्रा र नाडीहरूनै चुँडिन जानेछन्।

उनीहरूले यति भन्न मात्र पाएका थिएनन् कि बाबा आफ्नो आसनबाट तुरून्त उठेर बस्नुभयो र आगाको फिलिंगो जस्तो राता आँखा पारेर रिसाउनु भयो। वहाँलाई रोक्ने साहस कसको थियो र? वहाँले दुबै हातले छडीको एक छेउ पक्डी नाभिमा लगाउनु भयो र अर्को छेउ जमीन माथि राखी त्यसलाई आफ्नो पेटले धक्का दिन लाग्नुभयो। छडी लगभग 2 या 3 फुट लामो थियो। अब पेटमा प्वाल परेर पस्ने छ भन्ने लाग्न थाल्यो। मानिसहरू अब पेट फुट्ने नै भयो भनी शोकाकुलमै डरले काम्न थाले। बाबा आफ्नो ठाउँमा दृढ भएर त्यो छडीको झनझन् नदिक हुँदै जान लाग्नुभयो। प्रतिक्षण पेट फुट्ने आशंका भैरह्यो। सबै किंकर्तव्यविमूढ (के गर्ने भन्ने शोच्न नसक्ने भन्ने अवस्थामा पुगेका) भै रहेका थिए। उनीहरू आश्चर्य चकित र भयभीत भै मानो लाटाको जमात जस्तो भै खडा थिए। वास्तवमा भक्तगणको मौसीबाईलाई गरिएको संकेत त उनीले सजीलो तरिकाले बाबाको सेवा शुश्रूषा गरून् भन्ने मात्र थियो। बाबालाई कष्ट पुऱ्याउने इच्छा त कसैको पनि थिएन। भक्तहरूले यो काम त केवल सद्भावनाले प्रेरित भएर नै गरेका थिए। तर बाबा त आफ्नो काममा कसैको हस्तक्षेप रत्तीभर पनि हुन दिन चाहनु हुन्नथ्यो। भक्तहरूलाई त शुभभावनाले प्रेरित कार्य दुर्गतिमा बदलिन पुग्यो भनी आश्चर्य लागिरहेको थियो। उनीहरू खालि दर्शक बनिरहनु सिवाय गनै पौ के सक्तथे र? भाग्यवश बाबाको रीस शान्त भयो र छडी छोडेर वहाँ फेरि आसनमा विराजमान हुनुभयो। यो घटनाबाट भक्तहरूले अब अर्काको काममा कहिल्यै पनि हस्तक्षेप गर्ने छैनौं र सबैलाई आफ्नो इच्छानुसार नै बाबाको सेवा गर्न दिनेछौं भन्ने शिक्षा ग्रहण गरे। केवल बाबानै सेवाको मूल्य निर्णय गर्न समर्थ हुनुहन्थ्यो।

श्री सद्गुरू साईनाथमा अर्पण होओस्।

मंगल होओस्।।

# अध्याय 25



1) दामू अण्णा कासार-अहमदनगरको रूवा र अनाजको खरीद बिकी 2) आँप लीला

**प्राक्कथन**

जो अकारणनै सबैमा दया गर्नुहुन्छ, तथा सम्पूर्ण प्राणीहरूको जीवन र आश्रयदाता हुनुहुन्छ, जो परब्रहमको पूर्ण अवतार हुनुहुन्छ, यस्ता अहैतुक (कारणै नभैकन पनि स्वतः) दयासिन्धु (दयाका सागर) र महान् योगिराजका चरणमा साष्टांग प्रणाम गरी अब म यो अध्याय आरम्भ गर्दछु।

श्री साईको जय होस्। वहाँ सन्त चूडामणि, सम्पूर्ण शुभकामनाका उत्पत्ति स्थान, हाम्रा आत्माराम तथा भक्तहरूका आश्रयदाता हुनुहुन्छ। जसले आफ्नो जीवनको अन्तिम ध्येय प्राप्त गरिसक्नु भएको छ, यस्ता श्री साईनाथको चरणवन्दना गर्दछु (पाउमा ढोग्छु)

श्री साईबाबा अनिर्वचनीय (वर्णन गर्न नसकिने) प्रेम स्वरूप हुनुहुन्छ। हामीले त खालि वहाँको चरणकमलमा दृढ भक्ति मात्र राख्नु पर्दछ। जब भक्तको विश्वास दृढ र भक्ति परिपक्व हुन जान्छ, अनि उसको मनोरथ (मनको इच्छा) पनि तुरून्तै सफल हुन जान्छ। जब हेमाडपंतलाई साई चरित्र तथा साईलीलाहरूको रचनाको तीब्र उत्कण्ठा भयो अनि बाबाले तुरून्तै त्यो पूर्ण गरिदिनुभयो। उनीलाई समृतिपत्र (संझौटो) राख्ने आज्ञा हुनासाथ हेमाडपंतमा स्फूर्ति, बुद्धिमत्ता, शक्ति तथा काम गर्ने क्षमता स्वयं नै आयो। म यो कामको लागि पूरै अयोग्य हुँदाहुँदै पनि श्री साईको शुभ आशीर्वादबाट यो कठिन काम पूरा गर्न समर्थ भए" भनी उनी भन्दछन्। फलस्वरूप यो ग्रन्थ "श्री साईसच्चरित्र" तपाईहरूलाई

प्राप्त हुन सक्यो। यो एक निर्मल श्रोत या चन्द्रकान्तमणि समान नै छ जसबाट पाठकगणले अगाइन्जेलसम्म पिऊन् भनी सदैव साईलीलारूपी अमृत झर्ने गर्दछ। भक्तले पूरै अन्तःकरणबाट श्रीसाईबाबाको भक्ति गर्न लागेपछि बाबाले उसको सम्पूर्ण कष्ट र दुर्भाग्यलाई दूर गरी उसलाई रक्षा गर्न लाग्नु हुन्छ। अहमदनगरका श्री दामोदर साँवलाराम रासने कासारको तल दिएको कथाले माथि भनिएको पुष्टि गर्दछ।

छामू अण्णा

पाठकहरूलाई यी महाशयको प्रसँग छैटौं अध्यायमा शिरडीको रामनवमी उत्सवको प्रसंगमा आइसकेको कुराको सम्झना होला। यिनी लगभग सन् 1815 मा शिरडी आएथे जुनबेला रामनवमी उत्सबको प्रारम्भ मात्र भएथ्यो। त्यो अवसरमा यिनले एउटा जरीदार असल ध्वज चढाएथे, तथा त्यहाँ जम्मा भएका गरीब भिक्षुकहरूलाई भोजनादि गराउने गर्दथे।

दामू अण्णाको व्यापार-वस्तुहरू

रूवाको व्यापार

दामू अण्णालाई बम्बईबाट उनको एउटा मित्रले ऊ उनीसँग मिलेर साझेदारीमा लगभग दुईलाख रूपैयाँ लाभ हुने आशा भएको रूबाको व्यापार गर्न चाहन्छ भन्ने कुरा लेख्यो। सन् 1936 मा नरसिंह स्वामीलाई दिएको एक वक्तव्यमा दामू अण्णाले बम्बईको एक दलालले रूबाको व्यापारको यो प्रस्ताव साझेदारीबाट आफ्नो हात झिकी म माथि नै सारा भार छोड्ने गरी मसँग कुरा गरेको थियो भनेका थिए। (भक्तहरूको अनुभव भाग 11 पृष्ठ 75 अनुसार) दलालले यो व्यापार ज्यादै असल छ र हानिको कुनै आशंका छैन। त्यसैले यस्तो सुवर्ण अवसरलाई हातबाट गुमाउनु हुँदैन भनी लेखेको थियो।

दामू अण्णालाई मनमा नाना प्रकारका संकल्प विकल्प उठीरहेका थिए। तर आफैंले कुनै निर्णय गर्ने साहस उनले गर्न सकेनन्। उनले यस विषयमा केही विचार त अवश्य नै गरे।

तर बाबाका भक्त भएकाले बाबाबाट यस विषयमा परामर्श प्राप्त गर्ने प्रार्थना गरी पूरा विवरण सहितको एक पत्र शामालाई लेखे। यो पत्र भोलिपल्ट नै शामाले पाए र उनले यसलाई मध्याहनको समयमा मसजिदमा गएर बाबाको अगाडि राखिदिए। शामासँग बाबाले पत्रको सम्बन्धमा सोधपूछ गर्नुभयो। उत्तरमा शामाले भने "अहमदनगरका दामू अण्णाकासार हजूरसँग केही आज्ञा प्राप्त गर्ने प्रार्थना गरीरहेछन्। बाबाले सोध्नुभयो, "उनले यो पत्रमा के लेखेका छन् र के योजना बनाएका छन्? मलाई त उनी आकाश छुन चाहन्छन् जस्तो लाग्छ। भगवान्को कृपाबाट उनीलाई जे जति प्राप्त भएको छ, त्यसबाट उनी सन्तुष्ट छैनन्। लौ, भैगो पत्र पढेर सुनाऊ त?" शामाले भने "जे जस्तो हजूरले अहिले भन्नुभयो त्यही कुरा त पत्रमा लेखिएको छ। हे दवा! हजूर यहाँ शान्त र स्थिर भई बसीरहेर पनि भक्तहरूलाई चिन्तित गराईदिनुहुन्छ। अनि जब उनीहरू बसीरहेर पनि भक्तहरूलाई चिन्तित गराईदिनुहुन्छ। अनि जब उनीहरू अशान्त हुन जान्छन् त्यसबेला हजूर उनीहरूलाई, कसैलाई प्रत्यक्ष रूपमा त कसैलाई पत्रद्वारा यहाँ तानेर ल्याउनुहुन्छ। हजूरलाई पत्रको विषयको जानकारी छ नै भने मलाई फेरि किन पत्र पढ्न विवश गराइरहनुनुन्छ?

बाबाले भन्नुभयो "शामा! तिमी पत्र त पढ। म त यसैनै जे पायो त्यही बोल्छु। म माथि कसले विश्वास गर्दछ?" त्यसपछि शामाले पत्र पढेर बाबाले त्यो पत्रलाई ध्यानपूर्वक सुनी चिन्तित भएर भन्न लाग्नुभयो "मलाई त सेठ (दामू अणा) पागल भए भन्ने लाग्छ। उनीलाई लेखिदेऊ कि उनको घरमा कुनै वस्तुको अभाव छैन। यसैले उनले आधा रोटीमा नै सन्तोष गरी लाखौंको चक्करबाट टाढा रहनु उचित छ।" शामाले उत्तर लेखेर पठाइदिए जसको प्रतीक्षा उत्सुकतापूर्वक दामू अणाले गरिराखेका थिए। पत्र पढ्नासाथ लाखौं रूपैयाँ फाइदा हुने उनको आशा भंग भयो। त्यस बखतमा उनलाई आफूले बाबासँग परामर्श गरेर भूल गरें भन्ने विचार आयो। तर शामाले पत्रमा देख्नु र सुन्नुमा फरक हुने गर्दछ। यसैले स्वयं शिरडी आएर आज्ञा प्राप्त गर्नु बढी कल्याणकारी हुन्छ भनी संकेत गरिदिएका थिए। त्यसैले बाबासँग आफैंले अनुमति लिनु उचित संझेर उनी शिरडी आए। बाबाको दर्शन गरेर उनले चरण सेवा गरे। तर बाबाको अगाडि व्यापारको कुरा गर्ने साहस उनले गन सकेनन्। तर पनि यदि बाबाले कृपा गरिदिनुभयो भने यो व्यापारबाट

केही लाभांश वहाँलाई अर्पण गरौंला भन्ने संकल्प मनमा गरे। दामू अण्णाले यो विचार बडो गुप्त रूपले आफ्नो मनमा गरिहेका थिए तापनि त्रिकालदर्शी (तीनैकालको कुरा जान्ने) बाबाबाट यो किन छिपीरहन सक्तथ्यो र ? बालक त मिठाइ माग्दछ नै तर उसकी आमा उसलाई तीतो औषधि दिन्छिन्। किनभने मिठाइ स्वास्थ्यको लागि हानि गर्ने हुन्छ। यसैकारण उनी बालकको कल्याणको लागि उसलाई सम्झाई बुझाई तीतो औषधि पियाइ दिन्छिन्। बाबा एउटी दयालु आमा समान नै हुनुहन्थ्यो। वहाँले आफ्नो भक्तहरूको वर्तमान र भविष्य जान्नुहुन्थ्यो। यसैले वहाँले दामू अण्णाको मनको कुरा जानेर भन्नुभयो "बाबु! म आफुलाई यो संसारको झंझटमा फसाउन चाहन्न।" बाबाको अस्वीकृति जानेर दामू अण्णाले यो विचार त्यागि दिए।

अनाजको व्यापार

त्यसपछि उनले अनाज, गहूँ, चामल आदि वस्तुहरूको व्यापार आरम्भ गर्ने विचार गरे। बाबाले यो विचार पनि बुझेर उनलाई तिमीले रूपियाँको 5 सेरमा किनेर 7 सेरमा बेच्ने छौ भनिदिनुभयो। यसकारण उनले यो व्यापारको विचार पनि त्याग्नु पर्‍यो।

केही समयसम्म त अनाजहरूको भाउ बढ्दै गयो र बाबाको भविष्यवाणी असत्य निक्लने संभावना हुने हो कि भन जस्तो भयो। तर एक दुई महिना पछि नै सबै ठाउँमा पूरापूर वर्षा भयो, जसको फलस्वरूप भाउ अचानक गिर्‍यो र जो मानिसहरूले अनाज जम्मा गरेका थिए उनीहरूलाई पूरा हानि बेहोर्नु पर्‍यो। तर दामू अण्णा यो विपत्तिबाट बच्न गए। यो भन्नु पनि व्यर्थ होबैनकि रूबाको व्यापार जो त्यो दलालले अरू व्यापारीसँगको साझेदारीमा गरेथ्यो, त्यसमा उसलाई धेरै नै नोक्सानी भयो। बाबाले दामू अण्णलाई ठूला-ठूला विपत्तिहरूबाट बचाइदिनुभयो। यो देखेर उनको साईचरणमा विश्वास दृढ हुन गया र उनी आजीवन बाबाका सच्चा भक्त बनीरहे।

आम्रलीला – (आँपको लीला)

एकपटक राले नामका गोवाका एक मामलतदारले लगभग 300 आँपको एक पार्सल शामाको नाममा शिरडीमा पठाए। पार्सल खोल्दा जम्मै जसो आँप राम्रा निक्ले। भक्तहरूलाई यो बाँड्ने काम शामालाई नै सौपियो। तिनै मध्येबाट बाबाले चारओटा आँप दामू अण्णाको लागि छुट्टै निकालेर राख्नुभयो। दामू अण्णाका तीनओटी पत्नी थिए। तर आफूले दिएको वक्तव्यमा उनले आफ्ना दुई ओटीमात्र पत्नी थिए भनी बताएका थिए। उनी सन्तानहीन थिए। त्यसकारण उनले अनेक ज्योतिषीहरूबाट यसबारे निर्णय लिए। आफैंले पनि ज्योतिषशास्त्रको केही अध्ययन गरेर जन्मकुण्डलीमा एउटा पाप ग्रह बसेको कारणले यो जीवनमा उनको सन्तानको मुख देख्ने कुनै योग दैन भन्ने कुराको जानकारी प्राप्त गरे। तर बाबा उपर भने उनको अटल श्रद्धा थियो। पार्सल आइपुगेको दुईघण्टा पछि नै पूजाको लागि उनी मसजिदमा आए। उनीलाई देखेर बाबाले भन्नुभयो– "मानिसहरू आँपको लागि चक्कर काटी रहेका छन्। तर यी आँप त दामूका हुन्। जसका हुन् उसैलाई खान र मर्न देखो।"

यी शब्द सुनेर दामू अण्णाको हृदयमा बज्रको जस्तो चोट पर्‍यो। तर म्हालसापति (शिरडीका एकभक्त) ले उनीलाई "यो मृत्यु" अर्थात् मर्नुको अर्थ अहंकारको विनाश हो। बाबाका चरणका कृपाले त यो आर्शीवाद स्वरूप हो भने। त्यसपछि मात्र उनी आँप खान तयार भए। यसबेला बाबाले भन्नुभयो– "यी तिमी नखाऊ, तिमी कान्छी पत्नीलाई खान देऊ। यी आँपका प्रभावले उनीलाई चार छोरा र चार छोरी जन्मनेछन्।" यो आज्ञा शिरोपर गरी उनले ती आँप लगेर आफ्नो कान्छी पत्नीलाई दिए। धन्य हो श्री साईबाबाको लीला जसले भाग्यको विधान नै पल्टाई दिई उनीलाई सन्तान सुख दियो। बाबाले आफ्नो इच्छाले दिएको वचन सत्य भयो, ज्योतिषीहरूको वचन भएन।

बाबाको जीवनकालमा वहाँका शब्दले मानिसहरूमा धैरै विश्वास र महिमा स्थापित गर्‍यो। तर ठूलो आश्चर्यको कुरा त यो छ कि वहाँ समाधिस्थ भएपछि पनि यसको प्रभाव

पहिलेकै जस्तो नै छ। बाबाले भन्नुभएथ्यो- "म माथि पूरा विश्वास राख। मैले शरीर त्यागे पछि पनि मेरो अस्थि (हाड)हरूले आशा र विश्वासका संचार गरिनैरहनेछन्। मैले मात्रै होइन मेरो समाधिले पनि वार्तालाप गर्नेछ, हिंडडुल गर्नेछ र अनन्यभावले (एकत्वरूपले) मेरो शरणमा आउनेहरूलाई आशाको संचार पुज्याई रहने छ। म तिमीसँग बिदा हुनेछु भनेर निराशा नहुनू। तिमीले सधैं भर मेरा अस्थिहरूलाई (हाडहरूलाई) भक्तहरूको कल्याणको लागि नै चिन्तित पाउने छौ। यदि निरन्तर मेरो स्मरण (सम्झना) गर्‍यौ र म माथि दृढ विश्वास राख्यौ भने तिमीलाई धैरै लाभ हुनेछ।"

## प्रार्थना

एउटा प्रार्थना गरेर हेमाडपंत यौ अध्याय समाप्त गर्दछन्। "हे साई सद्गूरू! भक्तहरूका लागि कल्पतरू (कल्पवृक्ष) मेरो हजूरसँग प्रार्थना छ कि हजूरका अभय चरणको (डर दूर गर्ने चरणको) विस्मृति मलाई कहिल्यै नहोओस्। हजूरका चरण मेरा नजरबाट कहिल्यै नदेखिने नहोऊन्। म यो जन्म मृत्युको चक्रबाट यो संसाररमा धैरै दुःखी छु। अब दया गरेर यो चक्रबाट मलाई चाँडो उद्धार गरिदिनुहोस्। विषय- पदार्थ हरूतिर आकर्षित भैरहेका मेरा इन्द्रियहरूलाई बाहिरी प्रवृत्तिबाट रक्षा गरी अन्तर्मुखी (भिन्न हेर्ने) बनाएर मलाई आत्मदर्शनको योग्य बनाई दिनुहोस्। जबसम्म मेरा इन्द्रियहरूको बहिर्मुखी (बाहिर हेर्ने) प्रवृत्ति र चन्चल मन उपर अंकुश लाग्दैन त्यतिबेलासम्म मलाई आत्म साक्षात्कारको कुनै आशा नै हुँदैन। आफ्नो अन्त्य समयमा आफ्नो छोरा तथा मित्र कोही पनि काम लाग्दैनन्। हे साई! मेरो त आफूलाई मोक्ष र आनन्द प्रदान गर्ने एक मात्र हजूर हो। हे प्रभु! मेरा तर्क वितर्क तथा त्यस्तै अरू कुप्रवृत्तिहरूलाई नाश गरिदिनोस्। हे साई! मेरा राम्रा नराम्रा सबे प्रकारका विचारहरूलाई नाश गरिदिनोस्। प्रभु! यस्तो केही गरिदिनास कि जसबाट मलाई आफ्नो शरीर र घरमा आसक्ति नरहोस्। मेरो अहंकार पूरै रूपले हराएर जाओस् र म मा एक मात्र हजूरकै सम्झना मात्र रही रहोस्। साथै बाँकी सबै कुराको विस्मृति (विसांई) हुन जाओस्। मेरो मनको अशान्तिाई हटाएर, त्यसलाई (मनलाई) स्थिर र शान्त गरिदिनोस्। हे साई! यदि हजूरले मेरा हातलाई आफ्नो हातमा लिईदिनुभयो भने अज्ञानरूपी

रात्रिको पर्दा तुरून्तै हटेर जानेछ र म हजूरको ज्ञान-प्रकाशमा सुखपूर्वक विचरण गर्न लाग्नेछु। यो हजूरको लीलामृत (लीलारूपि अमृत) पान गर्ने जो सौभाग्य मलाई प्राप्त भयो, अनि जसले मलाई अखण्ड निद्राबाट जागा गराइदियो, यो हजूरकै कृपाको र मेरो पूर्वजन्मका शुभकर्महरूको नै फल हो।

विशेष

यस सम्बन्धमा श्री दामू अण्णाको माथि भनिएको (उपरोक्त) भनाए उद्धत गरिएको छ जो ध्यान दिन योग्य छ। एक समय जब म अरू मानिसहरू सहित बाबाका श्रीचरणको नजिकै बसेको थिए- त्यसबेला मेरो मनमा दुईटा प्रश्न उठे।

1) के श्री साईको दर्शनको लागि शिरडीमा आउने सबै जनसमूहलाई लाभ प्राप्ति हुन्छ त?

यसको उत्तर श्री साईबाबाले यसरी दिनुभयो। "फुलेका आँपको रूखमा हेर त ! यदि सबै फूल फल हुन गए त आँपको गिन्ति पनि हुन सक्तैनथ्यो होला। तर के यस्तो हुन्छ र ? धेरै जसो फूल झरेर जान्छन्। फेरि फलेर केही बढेका पनि त आँधीको झोक्कामा परेर झरी नष्ट हुन्छन्। अनि सबै मध्येबाट केही थोरै मात्र बाँकी रहन्छन्।

2) दोश्रो प्रश्न मेरो आफ्नै विषयमा थियो यदि बाबाले महासमाधि भने त त्यसबेला म पूरै निराधार हुन जानेछ, अनि मेरो हालत के होला? यसको उत्तर बाबाले यस्तो दिनुभयो- "जैले जहाँ, तिमीले मेरो सम्झना गर्छौ, त्यतिबेला म तिम्रो साथैमा हुनेछु।"

यी बचनलाई वहाँले सन् 1918 भन्दा पहिले पनि पूरा गर्नुभयो र सन् 1918 पछि आज पनि पूरा गरिरहनु भएको छ। वहाँ अहिले पनि मेरो साथमा रहेर मलाई पथप्रदर्शन (बाटो देखाउनु) गरिरहनु भएको छ।

यो घटना लगभग 1910-11 को हो। त्यही समयमा मेरो भाइ मसँग छुटि्टयो र मेरी बहिनीको पनि मृत्यु भयो। साथै मेरो घरमा चोरी भयो र पुलिस जाँच-पडताल गरिरहेको थियो। थिनै सबै घटनाहरूले मलाई पागल जस्तै बनाइदिएको थियो।

मेरी बहिर्नीको देहान्त हुनाको कारणले मेरो दुःखको पारावार नै थिएन। अनि जब म बाबाको शरणमा गएँ, त्यसबेला वहाँले आफ्ना मधुर उपदेशले मलाई सान्त्वना दिई अप्पा कुलकर्णीको घरमा पूरणपोली (एक प्रकारको रोटी) खुबाएर मेरो शिरमा चन्दन लगाइदिनुभयो।

"जब मेरो घरमा चोरी भयो र मेरो तीस वर्षको एउटा मित्रले मेरी पत्नीका मंगलसूत्र, नथ्य आदि गहनाहरू भएको सन्दुक चोर्‍यो, त्यसबेला मैले बाबाको चित्रको अगाडि रोएँ। त्यसको भोलिपल्टै त्यो व्यक्तिले आफैं गहनाइरूको सन्दूक मलाई फर्काएर क्षमा-प्रार्थना गर्न लाग्यो।"

श्री साई गुरू साईनाथमा अर्पण होओस्।
मंगल होओस्।।

# अध्याय 26



1) भक्त पंत
(2) हरिश्चन्द्र पित्तले
(3) गेपाल आँबेडकरका कथाहरू

यो सश्ष्टिमा स्थूल (ठूलो) सूक्ष्म (सानो) चेतन (प्राण भएको) र जड (प्राण नभएको) आदि जे जति देखइरिहेको छ, त्यो सबै एउटै ब्रह्मम हो र यही एउटा अद्वितीय वस्तु ब्रह्मलाई नै हामी बेग्लाबेग्लै नामहरूले सम्बोधित गर्दछौं तथा बेग्लाबेग्लै नजरले हेर्दछौं। जस्तो प्रकारले अँधेरामा पडी राखेको एउटा डोरी या मालालाई भ्रमवश हामी सर्प भनि ठान्छौं, त्यस्तै प्रकारले हामी सम्पूर्ण वस्तुहरूको केवल बाहिरी स्वरूपलाई मात्र देख्दछौं न कि त्यसको सच्चा स्वरूपलाई। एकमात्र सद्गुरूनै हाम्रो दश्ष्टिबाट मायाको पर्दा हटाएर हामीलाई वस्तुहरूको सत्य स्वरूपलाई वास्तविक रूपमा देखाइ दिन समर्थ हुन्छन्। यसैले आउनुहोस्, हामी श्री सद्गुरू साई महाराजको उपासना गरी बहाँबाट सत्य दर्शन गराइ दिनको लागी प्रार्थना गरौं, त्यो सत्य वस्तु ईश्वरभन्दा बाहेक अर्को केही पनि होइन।

## आन्तरिक (भिन्नी) पूजा

श्री हेमाडपंत उपासनाको एउटा अकैं नयाँ पद्वति (रीति) बताउँदछन्। उनी भन्छन्ः सदगुरूको पाउ पखाल्नको निमित आनन्दका आँसुतो तातो जलको प्रयोग गर। वहाँलाई सच्चा प्रेमरूपी चन्दन लेपेर दश्ढ विश्वास रूपी वस्त्र पहिराऊ। त्यस्तै आठ साहित्वक भावहरूको ठाउँमा कोमल र एकाग्र चित्त रूपी फल वहाँलाई अर्पण गर। अनि भावरूपी बुक्का (अभ्रकको चूर्ण) वहाँको श्री मस्तकमा (शिरमा) लगाई, भक्तिको पेटी बांधेर आफ्नो शिर वहाँको चरणमा राख। यस्तो तरीकाले श्री साईलाई सम्पूर्ण गहनाले सिंगारेर वहाँलाई

आफ्नो सर्वस्थ अर्पण गरिदिऊ। तातो हटाउनाको लागि सधैं भाव (भक्ति) को चँबर डोलाऊ। यस्तो प्रकारले आनन्ददायक (आनन्द दिने) पूजा गरी वहाँसँग प्रार्थना गरः– "हे प्रभु साई! हाम्रो प्रवशति अन्तर्मुखी (भित्रहेर्ने) बनाइ दिनोस्। सत्य र असत्य छुट्याउने विवके दिनोस्। त्यस्तै सांसारिक वस्तुहरूबाट आसक्ति हटाएर मलाई आत्मज्ञान प्रदान गर्नोस्। म आफ्नो शरीर र प्राण हजूरका श्री चरणमा अर्पण गर्दछु। हे प्रभु साई! मेरा आँखालाई हजूरले आफ्ना आँखा बनाउनुहोस् ताकि मलाई सुख र दुःखको अनुभव नै नहोओस्। हे साई! मेरो शरीर र मनलाई हजूरले आफ्नो इच्छा मुताबिक चल्न दिनोस्। त्यस्तै मेरो चन्चल मनलाई आफ्ना चरणको शीतल छायाँमा विश्राम गर्न दिनोस्।" अब म यो अध्यायको कथातिर आउँछु।

भक्तपंत

कम समय एउटा अर्कै सद्‌गुरूका शिष्य पंत नाम गरेका भक्तलाई शिरडी आउने सौभाग्य प्राप्त भयो। उनको शिरडी आउने इच्छा त थिएन, तर "मेरे मन कछु और है, विधिनाके कुछ औंर (मेरो मनमा केही अर्को कुरा छ, दैवको मनमा केही अर्को नै) भन्ने कहावत चरितार्थ भयो (घट्न आयो)। उनी रेल (पश्चिम रेल्वे) द्वारा यात्रा गरिरहेका थिए। त्यहाँ शिरडी यात्राको लागि गइरहेका धैरे मित्र र सम्बन्धीहरूसँग अचानक नै भेट हुन गयो। तिनीहरूले उनीसँग (पंतसँग) शिरडीसम्म साथसाथै जाने प्रस्ताव राखे। पंतले यो प्रस्ताव अस्वीकार गर्न सकेनन्। अनि उनीहरू सबै बम्बईमा उत्रे। यसैबीच पंत विरारमा उत्रे र आफ्नो सद्‌गुरूसँग शिरडी प्रस्थान गर्ने अनुमति लिई, साथै आवश्यक खर्च आदिको प्रबन्ध गरेर सबैजनको साथमा नै रमाना भए।

उनीहरू बिहानी पख त्यहाँ (शिरडी) पुगेर लगभग एधार बजे मसजिद पुगे। त्यहाँ पूजाको लागि जम्मा भएका भक्तहरूका समूह देखेर सबैलाई ज्यादै प्रसन्नता भयो। तर पंतलाई अचानक नै मूर्च्छा आयो र बेहोश भै त्यहीं लडे। अनि सबैजना ज्यादै डराएर उनीलाई निको पार्ने सम्पूर्ण उपचार गर्न लागे। बाबाको कृपाबाट र शिरमा जल छर्की

दिनाले उनी ठीक भएर निद्राबाट जागे जस्तै भई उठेर बसे। त्रिकालज्ञ (तीनैकालका कुरा जान्ने) बाबाले यी अकैं गुरूका शिष्य हुन् भन्ने सबै कुरा थाह पाएर उनीलाई अभयदान दिई उनको (पंतको) आफ्नो गुरूमा नै विश्वास दृढ गराउँदै भन्नुभयो- "जसरी नै आऊ, तर नबिर्स, आफ्नो खम्बालाई बलीयोसँग समातेर सधैंभर स्थिर भई उनीसँग नै अभिन्नता प्राप्त गर।" पंतले तुरून्तै यी शब्दका आशय बुझेर उनीलाई त्यसैबेला नै आफ्नो सदगुरूको सम्झना हुन आयो। उनलाई बाबाको यो अनुग्रहको जीवनभर सम्झना रहिरह्यो।

श्री हरिश्चन्द्र पित्तले

बम्बईमा एउटा श्री हरिश्चन्द्र पित्तले नामका असल गृहस्थ थिए। तिनको छोरा मिर्गी रोगबाट पीडित थियो। उनले अनेक प्रकारका स्वदेशी र विदेशी औषधि गराए। तर त्यसबाट केही फाइदा भएन। अब केवल कुनै सन्तका चरण कमलको शरण लिने उपाय मात्र बाँकी रहन गएथ्यो। पन्ध्रौ अध्यायमा श्री दासगणूको सुमधूर कीर्तनद्वारा श्री साईबाबाको कीर्ति बम्बईमा प्रशस्त फैलिसकेको थियो भनी बताइ सकिएको नै छ। पित्तले पनि सन् 1910 मा उनको (दासगणूको) कीर्तन सुनेर उनलाई श्री साईबाबाको हातको छुवाइले त्यस्तै हेराइ मात्रले नै असाध्य रोग राम्रैसँग निको हुन्छ भन्ने कुरा थाहा भयो। अनि उनको मनमा पनि श्री साईबाबाको प्रिय दर्शनको तीव्र इच्छा जाग्यो। यात्राको प्रबन्ध गरी चढाउनाको लागि फलहरूको टोकरी लिएर पत्नी र बच्चाहरू सहित उनी शिरडी गए।

मसजिदमा पुगेर उनले पाउमा ढोगे। साथै आफ्नो रोगी छोरालाई वहाँको (बाबाको) री चरणमा राखिदिए। बाबाको दृष्टि उसमाथि पर्ना साथै उसमा एउटा विचित्र परिवर्तन भयो। बच्चाले आँखा घुमायो र बेहोश भएर लड्यो। उसको मुखबाट फींज निक्लन लाग्यो तथा शरीर पसीनाले भिज्यो। अब उसको प्राण निक्लनै लाग्यो भन्ने आशंका हुन लाग्यो। यो देखेर उसका बाबुआमा अत्यन्त निराश भएर घबराउन लागे। बच्चालाई धेरैजसो केही मात्रामा मूर्च्छा त आइनै रहन्थ्यो। तर यो मूर्च्छा त धेरैबेरसम्म रहयो।

आमाका आँखाबाट आँशुका धारा बहीरहेथे र उनी दुःखित भएर आर्तनाद (पीडा पूर्ण रूबाइ) गर्न लागिन्। "जस्तो एक व्यक्ति चोरहरूको डरले भागेर कुनै घरमा पसेको होस् र त्यो घरनै उसको माथि गिर्न जाओस् या एकभक्त मन्दिरमा पूजाको लागि पसेको होस् र त्यो मन्दिरनै उसमाथि गिर्न जाओस्, या  एउटी गाई शेरको डरबाट भागेर कुनै कसाईको हातमा परोस, या एउटी स्वास्नी मानिस सूर्यको तापले पीडित भएर रूखको छायाँमा जाओस् र त्यही रूखनै उसमाथि गिने जाओस्। हो, म अहिले माथि भनिएको जस्तै स्थितिमा छु।"

त्यसपछि बाबाले सान्त्वना दिँदै भन्नुभयो- "बच्चालाई आफ्नो बस्ने ठाउँमा लैजाओ। ऊ आधा घण्टा पछि नै होशमा आउने छ।"

अनि उनीहरूले बाबाको आदेश तुरून्त पालना गरे। बाबाको बचन सत्य निक्ल्यो। उसलाई वाडामा ल्याउना साथ बच्चा ठीक भयो र पित्तले परिवार पति-पत्नी र अरू सबै जनालाई ठूलो सुखी भयो। साथै उनीहरूको शंका हट्यो। श्री पित्तलेले आफ्नो धर्मपत्नी सहित बाबाको दर्शन गर्न आएर ज्यादै विनम्र भएर आदरपूर्वक पाउमा ढोगेर पादसेवन गर्न (पाउभिच्न) लागे। मनैमन उनी बाबालाई धन्यवाद दिईरहेथे। त्यसबेला बाबाले मुस्कुराएर भन्नुभयो- "के तिम्रो अगिको सम्पूर्ण विचार र शंका हरायो। जसमा विश्वास र धैरे छ त्यसको रक्षा श्री हरिले अवश्य गर्नु हुनेछ।"

श्री पित्तले एक धनाढ्य व्यक्ति थिए। यसैले उनले प्रशस्त मिठाई बांडे र असल फल र पानको बीडा बाबालई चढाए। श्रीमती पित्तले सात्विक वशक्तिकी महिला थिइन्। उनी एक ठाउँमा बसेर बाबातिर प्रेमपूर्ण दश्ष्टिले निहार्दथिन् (हेर्दथिन्)। उनका आँखाबाट खुशीका आँसु झर्दथे। उनको कोमल र सरल स्वभाव देखेर बाबा ज्यादै प्रसन्न हुनुभयो। ईश्वरको समाननै सन्त पनि भक्तहरूका अधीन हुन्छन्। जो उनको शरणमा परेर उनको अनन्यभावले पूजा गर्दछन्, तिनको रक्षा सन्तले गर्दछन्।

शिरडीमा केही दिन सुखपूर्वक बिताएर पित्तले परिवारले बाबाका नजिक मसजिदमा गएर पाउमा ढोगी शिरडीबाट हिंडने अनुमति मागे। बाबाले उनीहरूलाई उदी बाबाले उनीहरूलाई उदी (विभूति) दिएर आशीर्वाद दिनुभयो। पित्तलेलाई नजिकै बोलाएर वहाँले भन्नलाग्नुभयो। "बाबु! पहिले मैले तिमीलाई दुई रूपियाँ दिएथें, अब म तिमीलाई तीन रूपियाँ दिन्छु। यसलाई आफ्नो पूजाको वेदीमा राखेर सधैंभर पूजा गर यसबाट तिम्रो कल्याण हुनेछ।" श्री पित्तलेले त्यसलाई प्रसादरूपमा ग्रहण गरी बाबालाई फेरि साष्टाङ् नमस्कार गरेर आशीर्वादको लागि प्रार्थना गरे। उनलाई यो मेरो पहिलो पटक हुनाले बाबाले मलाई दुई रूपियाँ पहिले कहिले दिनु भएथ्यो होला भन्ने कुराको अर्थ बुझन असमर्थ भएको हूँ कि भन्ने विचार आयो।

पित्तले यो कुराको स्पष्टीकरण चाहन्थे। तर बाबा चूपनै रहनु भयो। बम्बई पुगेपछि उनले आफ्नो बूढी आमालाई शिरडीको सम्पूर्ण कुरा सुनाए र त्यो दुई रूपियाँको समस्या पनि आमासँग सम्पूर्ण करा सुनाए र त्यो दुई रूपियाँको समस्या पनि आमासँग भने। उनकी आमालाई पनि पहिले पहिले त सम्झना केही आएन। तर पूरै रूपले विचार गर्दा एउटा पूरानो घटनाको सम्झना आयो जेले यो समस्या समाधान गरिदियो।

उनकी बूढी आमाले भन्न लागिन्- "जस्तो प्रकारले तिमीले आफ्नो छोरालाई लिएर श्रीसाईबाबाको दर्शन गर्न गएथ्यौ ठीक त्यस्तै प्रकारले तिम्रो पिताजीले पनि तिमीलाई लिएर धेरै वर्ष पहिले अक्कलकोटकर महाराजको दर्शन गर्न जानुभएको थियो। महाराज पूर्ण सिद्ध, योगी, त्रिकालज्ञ (तीनै कालका कुरा जान्ने) र बडो उदार हुनुहुन्थ्यो। तिम्रो पिताजी परमभक्त हुनुहुन्थ्यो। यसकारण उहाँको पूजा स्वीकार भयो। त्यसैबेला महाराजले उहाँलाई पूजा गर्नको लागि दुई रूपयिाँ दिनुभएथ्यो। त्यसलाई उहाँले आजीवन पूजा गर्नुभयो। उहाँपछि त्यसको पूजा नियमपूर्वक हुनसकेन र रूपियाँ हराए। केही दिनपछि ती पुरै रूपले बिर्सन पनि गए। श्री अक्कलकोटकर महाराजले साईस्वरूपमा तिमीलाई आफ्नो कर्तव्य र पूजाको सम्झना गराएर आपत्तिहरूबाट मुक्त गराईदिनु यो तिम्रो सौभाग्य हो। अब भविष्यमा जागरूक भएर सम्पूर्ण शंका र शोचविचार छोडी आफ्ना पूर्खाको सम्झना

गर्दै आफ्ना रीतिरिवाजहरूलाई पछ्याएर राम्रो आचरण अपनाऊ। आफ्ना कुलदेवता तथा यी रूपियाँहरूलाई पूजा गरेर उनीहरूको वास्तविक स्वरूपलाई जान्न र सन्तहरूको आशीर्वाद ग्रहण गर्न पाएकोमा गर्व गर। श्री साईसमर्थले दया गरेर तिम्रो हृदयमा भक्तिको वीजारोपण गरिदिनुभएको छ। अब त्यसलाई बढाउनु तिम्रो कर्तव्य हो।

आमाको मीठो बचनामृत पिएर श्री पित्तलेलाई अत्यन्त हर्ष भया। उनीलाई बाबाको सर्बकालज्ञता (सबै समयको ज्ञान) छर्लङ् हुनाको साथै उहाँको श्री दर्शनको महत्वको पनि बोध भयो। यसपछि उनी आफ्नो व्यवहारमा बढी सावधान हुन गए।

श्री आम्बेडकर

पुनाका श्री गोपाल नारायण आम्बेडकर बाबाका परमभक्तहरू मध्येका एक थिए। उनले ठाणे जिल्ला र जव्हार स्टेटको अन्तःशुल्क विभागमा दश वर्षदेखि काम गर्दथे। त्यहाँबाट सेवा निवृत्त (सेवाबाट हट्नु) भएर उनले अरू नोकरी खोजे। तर असफल भए अनि उनीलाई दुर्भाग्यले चारैतर्फबाट घेर्‍यो। उनको आर्थिक स्थिति अरू बढी दयनीय हुन गयो। यस्तो परिस्थितिमा उनले सातवर्ष बिताए। उनी प्रतिवर्ष शिरडी जान्थे र आफ्नो दुःखदायी कथा वार्ता बाबालाई सुनाउने गर्थे। सन्। 1916 मा त उनको स्थिति अरू बढी चिन्ताजनक हुनगयो। त्यसैले उनले शिरडीमा गएर आफ्नो आत्महत्या गर्ने विचार गरे। यसैकारण उनी आफ्नी पत्नीलाई साथमा लिई शिरडी आएर त्यहाँ दुई महिनासम्म बसे।

एक रातमा दीक्षित बाडाको अगाडि एउटा बयलगाडी माथि बसी बसी कुवामा हामफालेर उनले प्राणको अन्त गर्ने र साथसाथै बाबाले उनको रक्षा गर्ने निश्चित भयो। त्यहीं नजिकै एउटा भोजनालयको मालिक श्री सगुणमेरूनायक ठीक त्यसै समयमा बाहिर आए र "के तँपाईले कहिल्यै अक्कलकोटकर महाराजको जीवनी पढ्नुभएको छ?" भनी कुरा गर्न लागे। सगुणबाट पुस्तक लिएर उनले (आम्बेडकरले) पढ्न आरम्भ गरे। पुस्तक पढ्दा-पढ्दा उनी एउटा यस्तो कथामा पुगे जो यसप्रकारको थियो। श्री अक्कलकोटकर महाराजको जीवनकालमा एक व्यक्ति असाध्य रोगाबट पीडित थियो। जब उसले कुनै प्रकारले पनि

कष्ट सहन सकेन, अनि बिल्कुलै निराश हुनगयो र एक रात कुवामा हाम फाल्यो। त्यसैबेला नै महाराज त्यहाँ पुग्नु भयो र वहाँले आफैं आफ्नो हातले उसलाइ बाहिर निकाल्नु भयो। अनि वहाँले उसलाई सम्झाउन लाग्नुभयो– "तिमीले आफ्ना राम्रा नराम्रा कर्महरूको फल अवश्य नै भोग्नु भर्छ। यदि भोग अपूर्ण रहन गयो भने अर्को जन्म लिनु पर्छ। यसैले केही समयसम्म यसलाई सही पूर्वजन्मका सबै कर्महरूका भोष सिध्याएर सधैंको समयसम्म यसलाई सही पूर्वजन्मका सबै कर्महरूका भोग सिध्याएर अधैंको लागि मुक्त हुन जानु नै मश्त्युभन्दा वही कल्याणकारी कुरा हो।"

यो सामयिक (समय सुहाउँदो) र उपयुक्त कथा पढेर आम्बेडकरलाई ठूलो आश्चर्य भयो र उनी पानी-पानी भए।

यदि यो कथाद्वारा उनीलाई बाबाको संकेत प्राप्त नभएको हुँदो हो त अहिलेसम्म उनको प्राणान्त भै नै सक्दथ्यो। बाबाको व्यापकता र दयालुता देखेर उनको विश्वास दश्ढ हुन गयो र उनी बाबाका परमभक्त बन्न गए। उनका पिता श्री अक्कलकोटकर महाराजका शिष्य थिए र बाबाको इच्छा पनि उनलाई उनकै पिताकै पदचिन्ह पछ्याउन लगाउनु थियो। बाबाले उनीलाई आशीर्वाद दिनुभयो। अनि अब उनको भाग्य चम्किएर आयो। उनले ज्योतिषशास्त्रको अध्यवनमा निपुणता प्राप्त गरी त्यसमा धैरै उन्नति गरे र धैरै धैरै धन, कमाई आफ्नो बाँकी जीवन सुख र शान्तिपूर्वक बिताए

श्री सद्‌गुरू साईनाथमा अर्पण होमोस्

मंगल होओस्॥

## अध्याय 27



भागवट र विष्णूसहसनाम दिएर अनुगृहीत गर्नु, गीता रहस्य, खापर्डे।

योे अध्यायमा श्री साईबाबाले कसरी धार्मिक ग्रन्थहरूलाई आफ्नो करस्पर्श (हातको छुवाइ) ले पवित्र गरेर आफ्ना भक्तहरूलाई पाठ गर्न दिनु भै अनुगृहीत गर्नुभयो भन्ने कुरा बताइएको छ। साथै अरू कैयौं घटनाहरूको उल्लेख गरिएको छ।

### प्रारम्भ

समुद्रामा नुहाउनाले सम्पूर्ण तीर्थहरू तथा पवित्र नदीहरूमा नुहाएको पुण्य प्राप्त हुन जान्छ भन्ने विश्वास जनसाधारणको छ ठीक यसरी नै सद्‌गुरूका चरणको आश्रय लिनाले मात्र तीनै शक्तिहरूलाई (ब्रह्मा, विष्णु र महेश्वर) र परब्रह्मलाई ढोगेको श्रेय सजिलैसँग प्राप्त हुन जान्छ।

श्री सच्चिदानन्द साई महाराजको जय होओस्। वहाँ त भक्तहरूको लागि कामकल्पतरू (जुनसुकै इच्छा पूर्ति गर्ने कल्पवृक्ष), दयासागर (दयाका समुद्र) र आत्मज्ञान दिने हुनुहुन्छ। हे साई! हजूरले आफ्नो कथाहरू सुन्नमा मेरा श्रद्धा जगाइदिनुहोस्। घनघोर वर्षा ऋतुमा जसरी चातक (चखेवा) पक्षी स्वाती नक्षत्रमा परेको केवल एक थोपा पानी पिएर प्रसन्न हुन जान्छ, त्यसरी नै आफ्नो कथाहरूका सारको समुद्रबाट निस्केको एउटा जलकणको पनि हजार अंश दिनुहोस् जसद्वारा पाठकहरू र श्रोताहरूको हृदय तृप्त भएर प्रसन्नताले भरिपूर हुन जाओस्। शरीरबाट पसिना बग्न लागोस्, आँसुले आँखा भरियून, प्राणको स्थिरता पाएर चित्त एकाग्र हुनजाओस् र पलपलमा रोमान्च भएर उठोस्। यस्तो सात्विक भाव सबैमा जगाइदिनुहोस्। परस्परमा हुने वैमनस्य तथा ठूलो र सानो भन्ने

वर्ग भेदभाव नाश गरिदिनुहोस्, जसबाट उनीहरू सबै हजूरका भक्तिमा रोऊन, सुक्क गरून् र थरभर काँपून। यदि यी सवभाव उत्पन्न हुनलागे भने यसलाई गुरू-कृपाको लक्षण जान्नोस्। यी भावहरूलाई अन्तःकरणमा उदाएको देखेर गुरू अत्यन्त प्रसन्न भै तपाईलाई आत्मज्ञानतिर अग्रसर गराउनु हुनेछ। मायाबाट मुक्त हुने एकमात्र सजिलो उपाय अनन्य भावले केवल श्री साईबाबाको शरणमा जानु नै हो। वेद वेदान्तले पनि मायारूपी सागरबाट पार उतार्न सक्तैनन्। यो काम त केवल सद्गुरूद्वारा नै सम्भव हुन्छ। सम्पूर्ण प्राणीहरूमा र वस्तुहरूमा ईश्वर-दर्शन गर्ने योग्य बनाउने क्षमता केवल उनैमा नै छ।

पवित्र ग्रन्थहरू दिइनु

गएको अध्यायमा बाबाको उपदेशको शैलीको नवीनता (नयाँपन) को जानकारी भैसकेको छ। यो अध्यायमा त्यसको केवल एउटा उदाहरणको मात्र वर्णन गर्दछु। भक्तहरूलाई जुन विशेष ग्रंथ पाठ गर्नुपर्नेहुन्थ्यो, त्यसलाई उनीहरू बाबाका करकमलमा चढाउँथे। अनि यदि बाबाले त्यसलाई आफ्नो करकमलले छोएर फर्काइ दिनुभयो भने मात्र उनीहरू त्यसलाई स्वीकार गर्दथे। त्यसपछि यस्तो ग्रंथको पाठ सधै गरिमा बाबा सदैव उनीहरूको साथमै हनुहुनेछ भन्ने भावना उनीहरूको हुनजान्थ्यो।

एकपटक काका महाजनी श्री एकनाथी भागवत लिएर शिरडी आए। शामाले यो ग्रन्थ अध्ययनको लागि उनीसँग लिए र त्यो लिएर नै, उनी मसजिदमा पुगे। त्यसपछि बाबाले त्यो ग्रन्थ शामाबाट लिनुभयो र आफूले त्यसलाई छोएर केही विशेष पृष्ठहरू हेरी त्यसलाई जतनसँग राख्ने आज्ञा दिएर फिर्ता दिनुभयो। शामाले बाबालाई यो ग्रन्थ काका साहेबको हो र उनीलाई यो फिर्ता दिनु पर्ने छ भने। अनि बाबाले भन्नुभयो- "होइन, होइन, यो ग्रन्थ त म तिमीलाई दिँदैछु। तिमीले यसलाई सावधानीपूर्वक आफूसँग राख। यो तिम्रो लागि अत्यन्तै उपयोगी सिद्ध हुनेछ।"

केही दिन पछि काका महाजनीले फेरि श्री एकनाथी भागवतको अर्को प्रति लिएर आई बाबाका करमा चढाए। यसलाई बाबाले प्रसाद स्वरूप फिर्ता दिएर उनीलाई पनि त्यसलाई होशियारपूर्वक जतनसँग राख्ने आज्ञा दिनुभयो। साथै उनीलाई यो तिमीलाई उत्तम स्थितिमा पुन्याउन सहायक सिद्ध हुनेछ भनी आश्वासन दिनुभयो। काकाले बाबालाई ढोगेर त्यसलाई स्वीकार गरे।

शामा र विष्णुसहस्रनाम

शामा बाबाका आत्मीय भक्त थिए। यसकारण बाबा उनीलाई एक विचित्र ढंगले विष्णुसहस्रनाम प्रसाद रूपमा दिने कृपा गर्न चाहनु हुन्थ्यो। त्यसैबेला एउटा रामदासी आएर केही दिन शिरडीमा बसे ती नित्य (सधै) नियमानुसार बिहान सबेरै उठ्थे र हातमुख धोएपछि नुहाएर गेरूवा वस्त्र लगाउँदथे अनि शरीरमा भष्म लगाएर विष्णुसहस्रनामको जप गने गर्थे। तिनी अध्यात्म रामायणको पनि श्रद्धापूर्वक सधैं पाठ गर्ने गर्दथे र धेरैजसो यिनै ग्रन्थहरूनै पढ्ने गर्दथे।

केही दिन पछि बाबाले शामालाई पनि "विष्णुसहस्रनाम" सँग परिचित गराउने विचार गरी रामदासीलाई आफ्नो नजिक बोलएर उनीलाई "मेरो पेटमा अत्यन्त पीडा भैरहेको छ। सोनामुखीको सेवन नगरिन्जेल मेरो कष्ट हट्ने छैन" भन्नुभयो। अनि रामदासीले आफ्नो पाठ स्थगित गरेर औषधि लिन बजार तर्फ गए। त्यसैबेला बाबा आफ्नो आसनबाट उठ्नुभो र उनले (रामदासीले) पाठ गर्ने ठाउँमा गई वहाँले विष्णुसहस्रनामको त्यो सानो पुस्तक उठाएर फेरि आफ्नो आसनमा विराजमान भई शामालाई भन्नलाग्नुभयो- "यो पुस्तक अमूल्य र मनले चाहेको फल दिने खाले छ। यसैले म यो पुस्तक तिमीले नित्य पाठ गर भन्नका लागि तिमीलाई दिँदैछु। एकपटक म ज्यादै विरामी भएको बखतमा मेरो हृदय धडकन लाग्यो। मेरो प्राण पखेरू (प्राणपक्षी) उड्न लागेकै अवस्थमा मैले यो सद्ग्रन्थलाई आफ्नो छाती माथि राखे। कस्तो सुख दियो यसले। त्यसबेला मलाई मानो अल्लाहले आफैं पृथ्वीमा आएर मेरो रक्षा गर्नुभयो भने जस्तो लाग्यो।

यसैकारण यो गन्थ म तिमीलाई दिइरहेछु। यसलाई केही बिस्तारै बिस्तारै, कमभन्दा कम एक श्लोक हरएक दिन अवश्य नै पढ्नु। यसबाट तिम्रो ज्यादै भलो हुनेछ।"

त्यसपछि शामाले भन्नलागे–"मलाई यो ग्रन्थको अश्वयकता छैन। किनभने यंसको स्वामी रामदासजी एउटा पागल, हठी र ज्यादे रिसाहा व्यक्ति छन्। उनी अहिले नै आएर व्यर्थमा लड्न तैयार हुनेछन्। अल्पशिक्षित (थोरै मात्र शिक्षित) भएकोले म संस्कृत भाषामा लेखिएको यो ग्रन्थ पढ्न पनि सक्तिन।"

बाबा मेरो र रामदासजीको बिच मनमुटाव गराउन चाहनुहुन्छ, त्यसैले नै यो नाटक रच्नु भएको हो भन्ने शामाको धारणा थियो। उता बाबा भने "येनकेन प्रकारेण" (जे जसो गरी विष्णुसहस्रनाम उनको घाँटीमा राखिदिन चाहनुहुन्थ्यो। वहाँ त आफ्नो एउटा अल्प शिक्षित आत्मीय भक्तलाई सांसारिक दुःखबाट मुक्त गरिदिन चाहनुहुन्थ्यो। ईश्वरको नामको जपको महत्व त सबैलाई जानकारी नै छ। यसले हालीमाई पापबाट बचाएर खराब आचरणबाट हामीलाई रक्षा गरी जन्म मृत्युको बन्धनबाट छुटाई दिन्छ। यो आत्मशुद्धिको लागि एउटा उत्तम साधन हो, जसमा न कुनै सामग्रीको आवश्यकता छ, न कुनै नियमको बन्धन नै। योभन्दा बढी सजिलो र प्रभावकारी साधन कुनै पनि छैन। बाबाको इच्छा त शामाबाट यो साधना गराउने थियो। तर शामाः यसो गर्न चाहन्नथे। यसैले बाबाले उनीमाथि दबाव पार्नु भयो।

यस्तो पनि धेरै पटक सुनिएको छ कि धेरै पहिले श्री एकनाथ महाराजले पनि आफ्नो एउटा छिमेकी ब्राह्मणलाई विष्णुसहस्रनामको जप गर्नको लागि आग्रह गरी उनको रक्षा गर्नु भएथ्यो। विष्णुसहस्रनामको जप चित्त शुद्धिको लागि एउटा श्रेष्ठ तथा स्पष्ट बाटो हो। यसैले बाबाले शामालाई अनुरोध गरेर नै यसको जपगर्न तयार पार्नु भयो। रामदासी बजारबाट तुरून्त सोनामुखी लिएर फर्किए। त्यहीं बसीरहेका अण्णा चिंचणीकर पूरै नारद मुनि जस्तै नै थिए। उनले नै माथि घटेको घटनाको सम्पूर्ण बृतान्त रामदासीलाई बताई दिए।

रामदासी रिसको झोंकमा आएर शामातिर लम्किएर भन्नलागे "बाबाद्वारा पेट दुखेको बहानामा मलाई औषधि लिन पठाउने यो काम तिम्रै हो। यदि तिमीले पुस्तक फर्काएनौ भने म तिम्रो टाउको फोर्दिने छु।"

शामाले उनीलाई शान्तिपूर्वक सम्झाए। तर उनले भन्नु व्यर्थ नै भयो। अनि बाबाले प्रेमपूर्वक भन्नुभयो- "ए रामदासी! यो के कुरा हो? किन उपद्रव मच्चाइ रहेका छौ? के शामा हाम्रा बालक होइनन्? तिमी उनीलाई नाहक किन गाली गरिरहेका छौ? मलाई त तिम्रो स्वभाव नै उपद्रवी रहेछ कि जस्तो पो लाग्यो। के तिमी नरम र कोमल वचन वोल्न सक्तैनौ? तिमी सधैं यी पवित्र ग्रन्थहरूको पाठ गर्छौ र पनि तिम्रो चित्त अशुद्ध नै छ हो? जब तिम्रो इच्छा नै तिम्रा वशमा छैनन् भने तिमी रामदासी भयौ कसरी? तिमीलाई त सम्पूर्ण वस्तुहरूबाट वैराग्य हुनुपर्दछ। तिमीलाई यो पुस्तक प्रति यस्तो विघ्न मोह छ, यो कस्तो विचित्रको कुरा हो। सच्चा रामदासीले त ममता त्यागेर समदर्शी (सबैलाई समानरूपले हेर्ने) हुनु पर्दछ। तिमी त ऐले बालक शामासँग एउटा सानो पुस्तकको लागि नै झगडा गरी रहेका छौ। जाऊ, आफ्नो आसनमा बस। पैसाले पुस्तक त अनेकौं पाइन सकिन्छ, तर मानिस त सकिन्न नि। राम्रो विचार गर्ने बनेर विवेकशील बन। पुस्तकको मोल नै के छ र ? त्यो पुस्तकसँग शामालाई के प्रयोजन हुने कुरा भयो र। तिमीलाई यो पुस्तक सम्पूर्ण नै कन्ठस्थ छ भन्ने सोचेर मैले आफैंले उठाएर यो पुस्तक शामालाई दिएको हूँ। यो पाठ गरेर शामालाई केही लाभ होस् भने र नै मैले यो उनीलाई दिएको हूँ।

बबाका यी शब्द कति कोमल र कति मार्भिक हुनुको साथै कति अमृत तुल्य छन्। यिनको प्रभाव रामदासी उपर पऱ्यो। उनी चूप भए र अनि शामालाई म यसको सट्टामा पंचरत्नी गीताको एक प्रति स्वीकार गर्नेछु भने। त्यो सुनी शामाले पनि प्रसन्न भएर भने "एउटा मात्रै किन म त तिमीलाई यसको सट्टा दशप्रति दिन तयार छु।"

यसरी यो विवाद त शान्त भयो। तर अब रामदासीले उनीलाई कहिल्यै विचारमा न आएको पुस्तक पंचरत्नी गीताको लागि यत्रो आग्रह किन गरे? साथै मसजिदमा प्रत्येक दिन

धार्मिक ग्रन्थहरूको पाठगर्ने उनी बाबाको अगाडि नै यत्रो उत्पात मच्चाउन किन उतारू भए भन्ने यो प्रश्न खडा हुन्द। यो दोषको निराकरण कसरी गर्ने र कसलाई दोषी ठहर्‍याउने भन्ने कुरा हामी जान्दैनौं। हामीले त केवल यति नै जान्न सक्यौं कि यदि यो तरीकालाई नपछ्याइएको भए विषयको महत्व र ईश्वर–नामको महिमाकोसाथै शामालाई विष्णुसहस्रनाम पाठ गर्ने शुभ अवसर नै प्राप्त हुँदैनथ्यो। यसबाट बाबाको उपदेशको शैली र त्यसको प्रक्रिया अद्वितीय छ भन्ने लाग्छ।

शामाले विस्तार विस्तार यो ग्रन्थको यति अध्ययन गरे र उनीलाई यस विषयको यति ज्ञान हुन गयो कि श्रीमान् बूटी साहेबका जुवाई प्रोफेसर जी.जी. नारके एम.ए. (इन्जिनिएरिङ् कलेज, पूना) लाई पनि यसको वास्तविक अर्थ बुझाउनमा पूर्ण सफल भए।

गीता रहस्य

जो भक्त ब्रह्मविथा (अध्यात्म) अध्यन गर्दथे, तिनलाई बाबा सदैव प्रोत्साहित गर्नुहुन्थ्यो। यसको एउटा उदाहरण यस्तो छ। एक समय बापू साहेब जोगको एउटा पार्सल आयो जसमा श्रीलोकमान्य तिलककृत गीता भाष्यको एक प्रति थियो। त्यसलाई काखीमा च्यापेर उनी मसजिदमा आए। अउनले चरण दर्शन गर्न झुक्दा त्यो पार्सल बाबाको श्रीचरणमा खस्न पुग्यो। अनि बाबाले "यसमा के छ?" भनेर उनीलाई सोध्नुभयो,। श्री जोगले तुरुन्तै पार्सलबाट त्यो पुस्तक निकाले र बाबाका करकमलमा राखिदिए। बाबाले केहीबेर त्यसको केही पृष्ठ हेर्नु भएर जेबबाट एक रूपियाँ निकाली त्यो पुस्तकमा राखेर जोगलाई फर्काइदिनुभयो र साथै भन्नुभयो– "यसलाई ध्यानपूर्क अध्ययन गर्दैदहू, यसबाट तिम्रो कल्याण हुनेछ।"

श्रीमान् तथा श्रीमती खापर्डे

एकपटक श्री दादा साहेब खापर्डे आफ्नो परिवार सहित शिरडी आए र केही महिना वहीं बसे। उनको बसाइको नित्य कार्यक्रमको विवरण श्रीसाईलीला पत्रिकाको प्रथम भागमा प्रकाशित भएको छ। दादा कुनैसामान्य व्यक्ति थिएनन् उनी एक धनाढ्य व्यक्ति हुनुको साथै अमराबती (बरार) का सुप्रसिद्ध वकील र केन्द्रीय धारासभा (दिल्ली) का सदस्य थिए। उनी विद्वान् र सिपालु वक्ता पनि थिए। यत्रो गुणी भएर पनि उनीलाई बाबाको अगाडि मुख खोल्ने साहस हुँदैनथ्यो। धेरैजसो भक्तगण त बाबाबाट हरएक बेला आफ्नो शंकाको समाधान गराउने गर्दथे। केवल तीन व्यक्ति खापर्डे, नूरकर र बूटी नै यस्ता व्यक्ति थिए जो सदैव चूप लागीहन्थे। साथै अति विनम्र र असल प्रकृतिका व्यक्ति थिए।

दादा साहेब विद्यालय स्वामीद्वारा रचिएको अद्वैत वेदान्त दर्शनको पन्चदशीनामको प्रसिद्ध संस्कश्त ग्रन्थको विषय वस्तु अरूलाई बुझाउने गर्दथे। तर बाबाको नजिक मसजिदमा आएपछि उनले एक शब्द पनि उच्चारण गर्न सकेनन्। वास्तवमा वेदवेदान्त आदिमा जतिसुकै पारगत भएको व्यक्ति भए पनि ब्रह्मपदमा पुगेका व्यक्तिको अगाडि उसको सुक्का ज्ञानले प्रकाश दिन सक्तैन। दादा चार महिना तथा उनकी पत्नी सात महिना शिरडीमा बसे। उनीहरू दुबैजना आफ्नो शिरडी प्रवासबाट अत्यन्त प्रसन्न थिए। श्रीमती खापर्डे श्रद्धालु तथा पूरा भक्त थिइन्। यसैले उनको साईचरणमा अत्यन्त प्रेम थियो। हरएक दिन मध्याह्नमा उनी स्वयं नैवेद्य लिएर मसजिदमा जान्थिन्। अनि बाबाले त्यो ग्रहण गर्नु भएपछि मात्र उनी फर्केर आफ्नो भोजन गर्ने गार्थिन् । बाबा उनको अटल श्रद्धाको झाँकी अरूहरूलाई पनि देखाउन चाहनुहुन्थ्यो। एकदिन मध्याह्नमा उनी उपमा, पूरी, भात, सार (जारी, ज्वानु, खुर्सानी, लसुन र प्याजले झानेको मुग वा मसुरीको दाल), खीर र खाने कुरा लिएर मसजिदमा आइन्।

अरू दिनमा त भोजन ज्यादा जसो घण्टौसम्म बाबाको प्रतीक्षामा पडिरहन्थ्यो। तर त्यो दिनमा त बाबा तुरून्तै उठ्नुभो र भोजनको ठाउँमा आएर आसन ग्रहण गर्नुभयो। अनि

थालीबाट कपडा हटाएर वहाँले रूचिपूर्वक भोजन गर्न प्रारम्भ गरिदिनुभयो। त्यो देखेर शामाले भन्नलागे "यो पक्षपात किन? अहरूको थालीहरूमा हजूरको नजरसम्म पनि पर्दैन, उल्टो तिनलाई फेंकिदिनुहुन्छ। तर आज यो भोजनलाई हजूरले बडो उत्सुकता र रूचिपूर्वक खाइरहनु भएको छ। आज यी बाई (भद्र महिला) को भोजन हजूरलाई स्वादिष्ट किन लाग्यो? यो विषय त हामीहरूको लागि एउटा समस्या बन्न पुगेको छ।" त्यसपछि बाबाले यस्तो प्रकारले संझाउनु भयोः-

"साँच्चैनै यो भोजनमा एउटा विचित्रतानै छ। पूर्वजन्ममा यी वाई एउटा व्यापारीकी मोटी गाई थिइन्। तिनले ज्यादै धेरै दूध दिन्थिन्। पशुयोनि त्यागेर त्यो गाईले एउटा मालीको परिवारमा जन्म लियो। त्यो जन्मपछि फेरि यो एउटा क्षत्रिय वंशमा जन्मन पुग्यो र केटीरूपको त्यसको एउटा व्यापारीसँग विवाह हुन ग्यो। धेरैकालपछि यीसँग भेट भएको छ। यसैले थिनको थालीबाट प्रेमपूर्वक चारगाँस त खान देऊ।"

यस्तो विवरण बयान गरेर बाबाले पेटभरि भोजन गर्नुभयो र हात मुख धोएर तृप्तिका चारपाँच डकार निकाली वहाँ फेरि आफ्नो आसनमा आएर विराजमान हुनुभयो (बस्नुभयो) अनि श्रीमती खापर्डेले बाबालाई डोगिन् र वहाँको पाउको सेवा गर्न लागिन्। बाबा उनीसँग वार्तालाप गर्न लाग्नुभयो र त्यसको साथसाथमा उनको हात पनि मिच्न लाग्नुभयो। यसरी परस्परमा सेवा गरिएको देखरे शामा मुस्कुराउन लागे र बोले पनि "हेर्नोस् त ! भगवान् र भक्त एकले अर्काको सेवा गरिएको यो अद्भुत दृश्य" भनेर।

श्रीमती खापर्डेको आफ्नो सेवाप्रति सच्चा लगनशीलता देखेर बाबाले अत्यन्त कोमल तथा मधुर शब्दमा आफ्नो श्रीमुखबाट भन्नलाग्नुभयो- "अब सदैव-राजाराम, राजारामको जप गर्ने गर। यदि तिमीले यसको अभ्यास नियमित रूपले गर्‍यौ भने तिमीलाई आफ्नो जीवनको ध्येयको प्राप्ति अवश्य हुन जानेछ। तिमीलाई पूर्ण शान्ति प्राप्त भएर ज्यादै नै लाभ हुनेछ।"

आध्यात्मिक विषयहरूसँग अपरिचित व्यक्तिहरूको निमित्त यो घटना साधारण जस्तो लाग्छ। तर शास्त्रीय भाषामा यो "शक्तिपात्" नामले जानिन्छ अर्थात् गुरूद्वारा शिष्यमा शक्ति संचार गरिनु। बाबाका ती शब्द कति शक्तिशाली र प्रभावकारी थिए जो एकछिन मै हृदय- कमलमा प्रवेश हुन पुगेर त्यहाँ टुसाए पनि। यो घटना गुरू-शिष्य सम्बन्धको आदर्श झल्काउने हो। गुरू-शिष्य दुबैले एकले अर्कालाई अभिन्न जानेर प्रेम र सेवा गर्नुपर्दछ, किनभने उनीहरू दुईमा केही भेद छैन। उनीहरू दुबै अभिन्न र एक नै हुन् जो कहिल्यै छुट्टिन सक्तैनन्। शिष्यले गुरूदेवका चरणमा आफ्नो शिर राखिरहेको दृश्य त केवल बाहिरी दृश्य मात्र हो। भित्री दृष्टिबाट त दुबै परस्परमा अभिन्न र एकै हुन्। जसले उनीहरूको विच भेद सम्झिन्छ, त्यो अझै अपरिपक्व र अपूर्ण नै हुन्छ।

श्री सद्‌गुरू साईनाथमा अर्पण होओस्।
मंगल होओस्।।

अध्याय 28



1) लक्ष्मीचन्द (2) बुराहानुपरकी महिला
3) मेधाको निर्वाण

**प्राक्कथन**

श्री साई अनन्त हुनुहुन्छ। वहाँ एउटा कमिलादेखि लिएर ब्रह्ममाण्ड पर्यन्त सबै भएका चीजमा व्याप्त हुनुहुन्छ। वेद र आत्मविज्ञानमा पूरा पारंगत हुनुभएकाले वहाँ सद्‌गुरू भनिन सर्बथा योग्य हुनुहुन्छ। चाहे कोही कति नै विद्वान किन नहोओस् तर यदि उसले आफ्नो शिष्यलाई जागा गराएर उसलाई आत्मस्वरूपको दर्शन गराउन सकेन भने उसलाई सद्‌गुरूको नामले कुनै हालतमा सम्बोधन गर्न सकिन्न। साधारण रूपमा पिता (बाबु) खालि यो नाशिने शरीको मात्र जन्मदिन हुन्। तर सद्‌गुरू त जन्ममरण दुबैबाट नै मुक्ति गराइ दिने हुन्छन् यसैकारण उनी अरू मानिसहरूभन्दा बढी दयालु हुन्छन्।

श्री साईबाबा सधैं भन्ने गर्नुहुन्थ्यो- "मेरो भक्त चाहे एक हजारकोस टाढा नै किन नहोओस् ऊ धागाले बाँधिएको चरा तानिएर आफैं आए झै शिरडीमा तानिएर आउँदछ।" यस अध्यायमा यस्तै तीन ओटा चाहरूको वर्णन छ।

**लला लक्ष्मीचन्द**

यी महानुभाव बम्बईको श्रीवेंकटेश्वर प्रेसमा नोकरी गर्दथे। त्यहाँबाट नोकरी छोडेर उनी रेल्वे विभागमा आए र अनि पछि उनी मेसर्स रेलीब्रदर्स एण्ड कंपनीमा मुन्शीको काम गर्न

लागे। उनको 1990 मा श्रीसाईबाबासँग संपर्क भयो। बडादिन (क्रिसमस) भन्दा लगभग एक या दुई महिना महिले सान्ताझुजमा उनले सपनामा चारैतिरबाट भक्तहरूले घेरिएर खडा भएको एउटा दाहीबाल बूढालाई देखे। केही दिन पछि उनी आफ्नो मित्र श्री दत्तात्रय मजुनाथ विजूर कहाँ दास गणूको कीर्तन सुन्न गए। कीर्तन गर्ने बेलामा श्रोताहरूको अगाडि श्री साईबाबाको चित्र राख्ने नियम थियो दासगणूको। लक्ष्मीचन्दलाई यो चित्र देखेर ठूलो आश्चर्य भयो। किनभने उनले सपनामा दर्शन पाएका बूढा व्यक्तिको आकश्ति ठीक यही चित्र जस्तै थियो। यसबाट उनी सपनामा दर्शन दिने व्यक्ति व्यक्ति स्वयं शिरडीका श्री साईनाथ समर्थभन्दा अर्कोकोही होइन भन्ने निष्कर्षमा पुगे। चित्रको दर्शन, दासगणूको मधुर कीर्तन र उनको सन्त तुकारामको बारेका गरिएको प्रवचन आदिले उनी माथि यस्तो प्रभाव पर्‍यो कि उनले शिरडी-यात्राको पक्का संल्प गरे। जो सद्गुँरू या अरू कुनै आध्यात्मिक ज्ञानको खोजमा निक्लन्छ त्यसलाई ईश्वर सधैभर केही न केही सहायता गर्छन् भन्ने कुरा पहिले देखिनै अनुभव भएर आएको छ।

त्यही रातको लगभग आठ बजे उनको एउटा मित्र शंकर रावले उनको ढोका खटखटाएर तपाई मसँग शिरडी जान तैयसा हुनुहुन्छ? भनेन सोधे। लक्ष्मीचन्दलाई खुशीको सीमा भएन र उनले तुरून्तै शिरडी जाने निश्चय गरे। एउटा मारवाडीसँग पन्ध्र रूपियाँ सापट मागी साथैं अरू आवश्यक प्रबन्ध पनि गरेर उनी शिरडी तर्फ प्रस्थान गरे। रेलगाडीमा उनले आफ्नो मित्रसँगै केहीबेर भजन पनि गरे। त्यही डिब्बामा शिरडीको नजिकै आ-आफ्नो घरतिर फर्किरहेका चारजना मुसलमान यात्री पनि थिए। लक्ष्मीचन्दले तिनीहरूसँग श्री साईबाबाको सम्बन्धमा केही सोध्ने बुझ्ने काम पनि गरे। अनी ती मानिसहरूले उनीलाई श्री साईबाबा शिरडीमा धेरै बर्षदेखि बस्नु भएको छ र वहाँ एउटा आत्मज्ञानी सन्त हुनुहुन्छ भन्ने कुरा बताए। कोपर गाउँ पुग्नासाथ उनले बाबामा चढाउन केही अम्बा किन्ने विचार गरे। तर त्यहाँको प्राकृतिक सुन्दतापूर्ण दृश्य हेर्न यस्तो तल्लीन भए कि उनीलाई अम्बा किन्ने सम्झना नै भएन। शिरडीको नजिक आईपुग्दा पो एकाएक उनीलाई अम्बा किन्ने सम्झना आयो। यसैबीच एउटी बूढी टोकरीमा अम्बा लिएर टाँगाको पछि दौडदै आईरहेकी देखेर। यो देखेर उनले टाँगा रोकाएर त्यो टोकराँको अम्बाबाट असल अम्बा किने। त्यसपछि

त्यो बुढीले उनीसँग "कृपा गरेर यी बाँकी अम्बा पनि मेरो तर्फबाट बाबालाई चढाइदिनोस्" भन्नलाषी। यो सुनेर तुरून्तै उनीलाई अम्बा किन्ने आफ्नो पहिले विर्सिएको इच्छालाई यो बूढीले फेरि सम्झाई दिई भन्ने विचार आयो। श्री साईबाबा प्रति उसको भक्ति देखेर उनीहरू दुबै बडो चकित भए। लक्ष्मीचन्दले "मैले सपनामा दर्शन गरेका बूढाकी यी कुनै बडो चकित भए। लक्ष्मीचन्दले "मैने सपनामा दर्शन गरेका बूढाकी यी कुनै नातेदार होलिन्" भन्ने विचार गरी अगाडि बढे। शिरडीको नजिक पुगेपछि उनले टाढैबाट मसजिदमा फहराई रहेको ध्वजा देखे। यसलाई प्रणाम गरेर आफ्नो हातमा पूजा-सामग्री लिई उनी मसजिद पुगेर बाबाको विधिपूर्वक पूजा गरी भाव विभोर भए। वहाँको दर्शन गरेर उनी अत्यन्‍ आनन्दित भए। वहाँका गीतल चरणमा मौरी कमलको रसको सुगन्धबाट मुग्ध भएर टासिएझैं गरी टाँसिए। त्यपछि बाबाले उनीलाई जे जसो भन्नुभयो त्यसको वर्णन हेमाडपंत आफ्नो मूल ग्रन्थमा यसरी गर्दछन्-साले! बाटामा भजन गर्दै अरू मानिससँग सोध्छन्। अर्कासँग के सोध्नु? साले! बाटामा भजन गर्दै अरू मानिससँग सोध्छस्। अर्कासँग के सोध नु? सबै कुरा आफ्नै आँखाले हेर्नु नि। किन मानिससँग सोध्नु सपना झुटो हो कि साँचो आफैं विचार गर। मारवाडीसँग सापट माग्ने के जरूरत थियो? भयो अब आफ्नो इच्छा पूर्ति?

यी शब्द सुनेर वहाँको सर्वव्यापकताप्रति लक्ष्मीचन्दलाई वडो अचम्म लाग्यो। घरदेखि शिरडीसम्म बाटामा जे जसो भयाो त्यो सबै बाबालाई थाहा रहेछ भन्ने देखेर लक्ष्मीचन्द बडो लज्जित भए।

यसमा विशेष ध्यान दिनु पर्ने कुरा केवल यो छ कि बाबा वहाँको दर्शनको लागि ऋण लिने र तीर्थयात्रामा छुट्टी मनाउने रूपमा आउन मन पराउनु हुन्नथ्यो।

साँजा (उपमा)

मध्याहनको समयमा लक्ष्मीचन्द भोजन गर्म वस्दा एउटा भक्तले उनीलाई साँजा (उपमा) को प्रसाद ल्याएर दिए। यो पाउँदा उनी बडो प्रसन्न भए। भोलिपल्ट पनि उनी साँजाको

आशा लगाएरै बसिरहे। तर त्यसकै लागि अति उत्सुक भएर बसेका उनीलाई कुनै भक्तल बसिरहे। तर प्रसाद दिएन। तेश्रो दिन तध्याह्नको आरतीमा बापू साहेब जोगले बाबासँग नैवे?को लागि के बनाउने होतला भनी सोधे। बाबाले उनीलाई साँजा ल्याउन भन्नुभयो। भक्तगणले दुइटा ठूला भाडाँमा साँजा भरेर ल्याए। लक्ष्मीचन्दलाई भोक पनि ज्यादै नै लागेको थियो साथै उनको पिठ्यूँमा दर्द पनि थियो। बाबाले लक्ष्मीचन्दलाई भन्नुभयो- (हेमाडपंतले) मूल ग्रन्थमा यसप्रकार वर्णन गरेका छन्) "तिमीलाई भोक लागेको छ, ठीक भयो। कम्मरमा दर्द पनि छ। लौ, अब साँजाकै औषधि गर।" उनीलाई आफ्नो मनको सम्पूर्ण विचार बाबाले जान्नु भयो भनेर फेरि अचम्म लाग्यो। वास्तवमा वहाँ सर्वज्ञ हुनुहुन्छ भन्ने लाग्यो।

कुदृष्टि

यो यात्रामा एकपटक उनीलाई चावडीको जुलूस देख्ने पनि सौभाग्य प्राप्त भयो। त्यो दिनमा बाबा कफबाट ज्यादै पीडित हुनुहन्थ्यो।

लक्ष्मीचन्दलाई यो कफ हुनाको कारण सायद कसैको आँखा लागेको हो कि भन्ने विचार आयो।

भोलिपल्ट बिहान बाबाले मसजिदमा गएपछि शामालाई भन्न लाग्नुभयो- "जो मलाई जो कफबाट पीडा भै रहेथ्यो त्यसको मुख्य कारण कसैको कुदृष्टि नै हो। मलाई त कसैको आँखा लागेर नै यो पीडा भएको होकि भने जस्तो लाग्यो।"

लक्ष्मीचन्दको मनमा जो विचार उठिरहेको थियो त्यहीनै बाबाले पनि भनिदिनुभयो। बाबाको सर्वज्ञताको अनेक-अनेक प्रमाण तथा भक्तहरूप्रति वहाँको स्नेह देखेर लक्ष्मीचन्द बाबाका पाउमा परे र भन्न लागे "हजूरको प्रिय दर्शनबाट केरो चित्तमा बडो प्रसन्नता भएको छ। मेरो मनरूपी भमरो हजूरको चरणकमल र भजनमा नै लागी रहोस्।

हजरभन्दा अर्को पनि कुनै ईश्वर छन् भन्ने ज्ञान मलाई छैन।

म माथि हजूरबाट सदा दया र स्नेह रहोस्। आफ्नो चरणको दीन-दासको रक्षा गरेर उसको

कल्याण होस्। हजूरको संसारको डर नाश गर्ने चरणको स्मरण गरेर नै मेरो जीवन आनन्दसँग बितोस्। यही नै हजूरसँग मेरो विनम्र प्रार्थना छ।"

बाबाबाट आशीर्वाद तथा उदी (विभूति) लिएर उनी (लक्ष्मीचन्द) मित्रको साथमा प्रसन्न र सन्तुष्ट भएर बाटामा बाबाको कीर्तिको गुणगान गर्दै घर फर्किएर आए र सधैंभर वहाँको अनन्य भक्त बनीरहे। शिरडी जानेहरूसँग उनी बाबालाई हार (माला), कपूर र दक्षिणा पठाई रहन्थे।

बुरहानपुरकी महिला

अब म अर्को चरो (भक्त) को वर्णन गर्दछु। एकदिन बुरहांनपुरमा एउटी महिलाले सपनामा उनको ढोकामा श्री साईबाबा खडा हुनु भएर भोजनको लागि खिचडी मागीरहनु भएको देखिन्। उनले उठेर हेर्दा ढोकामा कोही थिएन। तर पनि उनी प्रसन्न भएर यो सपना आफ्नो पति र अरूहरूलाई पनि सुनाइन्। उनका पति डाक विभागमा नोकरी गर्दथे। उनीहरू दुबै बडो धर्मात्मा थिए। उनको सरूबा अकोलामा हुन लागेपछि दुबैजनाले शिरडी जाने पनि निश्चय गरेर एउटा शुभ दिनमा शिरडी तर्फ प्रस्थान गरे। बाटामा गोमती तीर्थ हुदै शिरडी पुगेर दुई महिनासम्म बसे। उनीहरू हरेक दिन मसजिदमा जान्थे र बाबाको पूजा गरेर आनन्दसँग आफ्नो समय बिताउँदथे।

ती दम्पति खिचडीको नैवेद्य चढाउन नै आएका भएतापनि कुनै करणले गर्दा चौध दिनसम्म उनीहरूलाइ यो संयोग प्राप्त हुन सकेन। पत्नीचाँही अब धेरै ढीलो गर्न चाहन्नथिन्। यसैले जब पन्ध्रौ दिनमा मध्याह्नको समयमा उनी खिचडी लिएर पुगिन्, त्यस बखतमा उनले बाबालाई अरू मानिसहरूको साथमा भोजन गर्न बसीसकेको देखिन्। पर्दा लागि सकेको थियो। त्यसपछि भित्र पस्न सक्ने कसैको साहस थिएन। तर उनी त एकछिन पनि पर्खिन सकिनन् र पर्दा हटाएर भित्र पसिहालिन्। बाबालाई त्यो दिनमा पहिलो इच्छा खिचडी खानेकै हुँदा त्यसैको आवश्यकता थियो भन्ने उनले देखिन्। यो बडो आश्चर्यको कुरो थियो।

उनीले थाली लिएर भित्र आउनासाथ बाबालाई बडो हर्ष लाग्यो र वहाँले त्यसैबाट खिचडीको गाँस लिएए खान लाग्नुभयो। बाबाको यस्तो उत्सुकता देखेर सबैलाई बडो आश्‍चर्य लाग्यो। अनि ज-जसले यो खिचडीको कुरा सुने तिनीहरूलाई भक्तहरूमाथि बाबाको असाधारण स्नेह देखेर बडो प्रसन्नता भयो।

मेघाको निर्वाण

अब तेश्रो महान् पक्षी (ठूलो चरा) को चर्चा सुन्नुहोस्। विरम गाउँमा बस्ने मेघा अत्यन्त सीधा र अपढ (नपढेको) व्यक्ति थियो। ऊ राबबहादुर साठे कहाँ भान्छेको काम गर्दथ्यो। ऊ शिवजीको परमभक्त थियो। यसैले सधैं पंचाक्षरी मन्त्र "नामः शिवाय" को जप गर्ने गर्थ्यो। संध्योपासना आदिको पनि उसलाई केही ज्ञानै थिएन। साठे साहेबले श्री साईबाबा शिवजीको साक्षात् अवतार हुनुहुन्छ भनी बताएर उसलाई शिरडी पठाउने निश्‍चय गरे। तर उसले साठे साहेबसँग सोद्धा उनले (साठेसाहेबले) श्री साईबाबा मुसलमान हुनुहन्छ भनी बताए। शिरडीमा एउटा मुसलमानलाई ढोग्नु पर्ने राम्रो कुरा होइन भन्ने मेघाले सोच्यो। ऊ भोला भाला मान्छे भएकाले उसको मनमा असमंजस (अपठ्यारो) पैदा भयो। त्यसैले उसले आफ्नो मालिकसँग मलाई त्यहाँ नपठाइदिनोस् भनी प्रार्थना गर्‍यो। तर साठे साहेब कहाँ मान्ने मानिस थिए र? उनको अगाडि मेघाको केही चलेन।
उनले उसलाई कुनै प्रकारले शिरडी पठाइदिए। साथै उसैसँग शिरडीमानै बस्ने आफ्ना ससुरा गणेश दामोदर उपनाम दादा केलकरलाई मेघाको परिचय बाबासँग गराइदिनू भनी एउटा पत्र पठाए।

शिरडीमा पुगेपछि जब ऊ मसजिदमा पस्यो अनि बाबा अत्यन्त रिसाउनु भयो र उहाँले उसलाई मसजिदमा आउन मनाही गरिदिनु भयो। वहाँले गर्जेर भन्नलाग्नुभयो "यसलाई बाहिर निकालिदेओ।" अनि मेघातिर हेरेर भन्नलाग्नुभयो "तिमी उच्चकुलको ब्राह्मण होऊ म तल्लो जातको एउटा मुसलमान। तिम्रो जाति भ्रष्ट हुन जानेछ। यसैले यहाँबाट बाहिर निक्लीजाऊ।"

यी शब्द सुनेर मेघा काँप्न लाग्यो। उसको मनमा जो विचार उठीरहेको थियो त्यो बाबाले कसरी जान्नु भयो भनेर उसलाई बडो आश्चर्य लाग्यो। कुनै प्रकारले ऊ केही दिन त्यहाँ बस्यो र आफ्नो इच्छाअनुसार सेवा पनि गर्दै रहयो। तर उसको इच्छा-तृप्ति भएन। त्यसैले ऊ धर फर्कियो र बहाँबाट त्रिंवक (नासिक जिल्ला) मा गयो। एक बर्षपछि फेरि शिरडी आयो र यसपटक दादा केलकरले भनेकाले उसलाई मसजिदमा बस्ने मौका प्राप्त भयो। साईबाबा मौखिक उपदेशद्वारा मेघाको उन्नति गर्नुको सटटा उसको भित्री सुधार गरिरहनु प्रगति भै सकेको थियो। अब त ऊ श्री साईबाबालाई शिवजीको नै साक्षात् अवतार सम्झन भएको थियो। उसको स्थितिमा प्रशस्त परिवर्तन भएर चाँहिदो माफिक प्रगति भै सकेको थियो। अब त ऊ श्री साईबाबालाई शिवजी को नै साक्षात् अवतार सम्झन लागेको थियो। शिवपूजामा बेलपत्रको अवश्यकता पर्छ। यसैले आफ्नो शिवजीबाबाको पूजाको लागि बेलपत्रको खोजमा ऊ कैयौं मील टाढा पुग्दथ्यो। हरएक दिन गाउँमा जति पनि देवालय छन् कैयौं मील टाढा पुग्दथ्यो। हरएक दिन गाउँमा जति पनि देवालय छन् पहिले त्यहाँ गएर तिनको पूजा गर्ने, अनि त्यसपछि मसजिदमा गई बाबालाई ढोग्ने र केही बेर चरण-सेवा गरिसकेपछि मात्र चरणामृत (पाउको जलरूपी अमृत) पान गर्ने नियम बनाएको थियो। एकपटक खंडोबाको मन्दिरको ढोका बन्द थियो। यसकारण पूजा नगरिकनै त्यहाँबाट फर्कियो र जब मसजिदमा आयो त्यतिबेला बाबाले उसको सेवा स्वीकार गर्नु भएन। उसलाई फेरि त्यहाँ गई पूजा गरेर आउन भन्नुभयो। साथै उसलाई मन्दिरका ढोका खुलेका छन भनि पनि दिनभयो। मेघाले गएर हेर्दा मन्दिरको ढोका खुलेको देख्यो। जब उसले फर्केर त्यहाँ नियमपूर्वक पूजा गर्‍यो अनि मात्र बाबाले उसलाई आफ्नो पूजा गर्ने अनुमति दिनुभयो।

## गंगा स्नान

एकपटक मकर संत्रान्तिको अवसरमा मेघाले बाबालाई चन्दनको लेपन गर्ने र गंगा जलले स्नान गराउने विचार गर्‍यो। बाबाले पहिले त यसको लागि आफ्नो स्वीकश्ति दिनु भएन तर उसको लगातारको प्रार्थना पछि गसोतसो स्वीकार गरिदिनुभयो। गोदावरी नदीको

पवित्र जल ल्याउनाको लागि मेघालाई आठकोशको चक्कर लगाउनु पर्‍यो। उसले जल लिएर फर्कियो र मध्याह्नसम्ममा पूरा व्यवस्था गर्‍यो। अनि उसले बाबालाई तैयार हुने सूचना दियो। बाबाले फेरि मेघासँग "मलाई यो झंझटबाट टाढा रहन दे न। म त एउटा फकीर हूँ, मलाई गंगाजलसँग के प्रयोजन" भन्नुभयो। तर मेघा केही सुन्दैनथ्यो। मेघाको त शिवजी गंगाजलबाट बढी प्रसन्न हुनुहुन्छ भन्ने दृढ धारण थियो। यसकारण शुभ पर्वमा आफ्नो शिवजीलाई स्नान गराउनु मेरो परम कर्तव्य हो भन्ने संझन्थ्यो।

अब त बाबाले सहमत हुनैपर्‍यो। त्यसैले तल ओर्लेर एउटा पिर्कामा बस्नुभयो। त्यपछि आफ्नो शिर अगाडि बढाएर भन्नुभयो "ए मेधा! कमसँकम केवल मेरो शिरमा मात्र पानी हाल्ये यति कृपा त गर्। शिर शरीरको मुख्य अंग हो। त्यसैले त्यसमा पानी हाल्नु नै पूरै शरीरमा हाल्नु बराबर हुन्छ।"

मेघाले हुन्छ, हुन्छ, भन्दै भाँडा उठाएर शिरमा पानी हाल्न प्रारम्भ गरिदियो। यसो गर्दा उसलाई यस्तो प्रसन्नता भयो कि उसले ठूलो स्वरमा "हर हर गंगे" को आवाज निकाल्दै सम्पूर्ण भाँडाको पानी बाबाको सम्पूर्ण शरीरमा ओइरी दियो। अनि पानीको भाँडो एकातिर राखेर ऊ बाबालाई एकटकसँग हेर्न लाग्यो। उसले बाबाको त खालि शिरमात्र भिजेको र अरू बाँकी भाग जस्ताको तस्तै बिल्कुल सुक्का नै देख्यो। यो देखेर उसलाई बडो आश्चर्य लाग्यो।

### त्रिशूल र शिवलिंग

मेघाले बाबालाई दुई ठाउँमा स्नान गराउने गर्थ्यो। पहिले ऊ बाबालाई मसजिदमा स्नान गराउँदथ्यो। त्यसपछि फेरि बाडामा नानासाहेब चाँदोरकरद्वारा पाएको वहाँको ठूलो चित्रलाई। यस्तो प्रकारले यो क्रम 12 महिनासम्म चल्दैरह्यो।

बाबाले उसको भक्ति तथा विश्वास पक्का गराउनाको लागि उसलाई दर्शन दिनुभयो। एकदिन बिहानी पख मेघा अर्द्धनिद्राको अवस्थामा आफ्नो ओछ्यानमा पल्टिरहेको बेला उसलाई वहाँको श्री दर्शन मिल्यो। बाबाले उसलाई व्युंझेको जानेर अक्षता फेंक्नु भयो र भन्नुभयो- मेघा "मलाई त्रिशूल लगाऊ।"

यदि भने वहाँ अदश्श्य हुनुभयो। वहाँको शब्द सुनेर उसले उत्सुकताले आफ्नो आँखा खोल्यो, तर त्यहाँ कोही पनि नभएको देख्यो। खालि अक्षता मात्र यता उता छरिएका थिए। त्यसपछि ऊ उठेर बाबाकहाँ गयो र वहाँलाई आफ्नो सपना सुनाएपछि उसले वहाँसँग त्रिशूल ल्याउने आज्ञा माग्यो। बाबाले भन्नुभयो के तैले मलाई त्रिशूल लँगा भन्ने मेरो शब्द सुनिनस्? त्यो कुनै सपना थिएन, बरू मेरो खास आज्ञा थियो। "मो शब्द सदैव अर्थपूर्ण हुन्छन, लट-पटका हुँदैदन्।"

हजूरले दया गरी मलाई निद्राबाट जागा त गराइ दिनुभयो, तर सबै ढोका पहिले जस्तै बन्द नै देखेर म मूर्खबश्द्धिको व्यक्तिलाई कहीं सपना देखिरहेको त होइन भन्ने भान भयो। बाबाले अगाडि भन्नुभयो "मलाई पस्नको लागि कुनै विशेष ढोकाको आवश्यकता पर्दैन। न मेरो कुनै रूप छ, न कुनै अन्त नै। म सधै सबै वस्तुमा व्याप्त छु। जो ममा विश्वास राखेर सधै मेरो चिन्तन गर्दछ, त्यसको सबैकाम म आँफै नै गर्दछु र अन्तमा श्रेष्ठगति दिन्छु।"

मेधा वाडामा फर्क्यो र बाबाको चित्रको नजिकै भित्तामा एउटा रातो त्रिशूल बनायो। भोलिपल्ट एउटा रामदासी भक्त पूनाबाट आए। उनले बाबालाई प्रणाम गरेर शंकरको एउटा शिवलिड चढाए। त्यसैबेला मेधा पनि त्यहाँ पुग्यो। अनि बाबाले उससँग भन्नलाग्नुभयो- "हेर! शंकर भोला आउनुभयो। अब वहाँलाई समालेर राख।" मेघाले शिवलिडमा त्रिशूल लगाएको देखेर उसलाई बडो आश्चर्य लाग्यो। ऊ बाडामा आयो। यो समयमा काका साहेब दीक्षित नुहाएपछि शिरमा तौलिया राखेर साईनामको जप गरिरहेका थिए। त्यसैबेला उनले ध्यानमा एक शिवलिड देखे जसबाट उनीलाई कौतूहल भइरहेको

थियो। उनले अगाडिबाट मेघालाई आएके देखे। मेघाले बाबाद्वारा दिइएको त्यो शिवलिङगं काका साहेब दीक्षितलाई देखायो। शिवलिङगं उनले केही घडी पहिले ध्यानमा देखेको जस्तै नै थियो। केही दिनमा जब त्रिशूललेख्ने काम पूरा भयो अनि बाबाले ठूलो चित्रको नजिकै (जसलाई मेघा नित्यपूजा गर्दथ्यो) त्यो शिवलिङगं स्थापना गरिदिनुभयो। मेघालाई शिवपूजासँग बडो प्रेम थियो। त्रिपुंड लेख्ने अवसर दिनुभयो अनि साथै शिवलिङगंको स्थापना गरी उसको विश्वास मजबूत गरिदिनुभयो।

यस्तो प्रकारले कैयौं बर्षसम्म लगातार मध्याह्न र संध्याको आरती तथा पूजा गरी सन् 1992 मा मेघा परलोक बासी भयो। बाबाले उसको लाश माथि आफ्नो हात राख्दै भन्नुभयो- "यो मेरो सच्चा भक्त थियो।" अनि बाबाले आफ्नो खर्चबाट उसको मृत्युभोज ब्राह्मणहरूलाई दिने आज्ञा दिनुभयो, जुनकुराको पालन-काका साहेब दीक्षितले गरे।

श्री सद्‌गुरू साईनाथमा अर्पण होओस्।
मंगल होओस्॥
स्पताह पारायण चतुर्थ विश्राम॥

## अध्याय 29



1) मद्रासी भजन मंडली (2) तेंडुलकर बबु छोरा 3) डाक्टर कप्तान हाटे र (4) वामन नार्वेकर आदिका कथाहरू।

### मद्रासी भजन मंडली

लगभग सन् 1916 मा एउटा मद्रासी भजन मंडली पवित्र काशीको तीर्थयात्राको लागि निक्ल्यो। त्यो मंडलीमा एउटा पुरूष, उसकी पत्नी, छोरी र साली थिए। अभाग्यवश तिनको नाम यहाँ दिइएको छैन। बाटामा कहीं तिनले अहमदनगरको कोपर गाउँ तालुकको शिरडी गाउँमा श्री साईबाबा नामका अत्यन्त दयालु जीवन्मुक्त (ईश्वरमा पुगिसकेका) एउटा महान् सन्त बस्नु हुन्छ। वहाँ उदार हृदय भएको र विनाकारणै पनि दयाका समुद्र हुनुहुन्छ। वहाँले हरएकदिन आफ्नो भक्तहरूलाई रूपियाँ बाँड्ने गर्नुहुन्छ। वहाँले हरएकदिन आफ्नो भक्तहरूलाई रूपियाँ बाँड्ने गर्नुहुन्छ। यदि कुनै कलाकारले त्यहाँ गएर आफ्नो कलाको प्रदर्शन गर्दछ त्यसलाई पनि पुरस्कार मिल्दछ भन्ने सुन्न पुगे।

हरएक दिन दक्षिणा रूपमा बाबासँग धेरै रूपियाँ जम्मा हुन जान्थ्यो। यो रूपियाँबाट वहाँले सधैं एक रूपियाँ भक्तकोण्डाजीकी तीनवर्षकी कन्या अमनीलाई, कसैकसैलाई दुई रूपियाँदेखि पाँच रूपियाँसम्म, 6 रूपियाँ अमनीकी आमा जमलीलाई र अनि दस रूपियाँदेखि बीस रूपियाँसम्म, त्यस्तै कहिले कहिले पचास रूपियाँसम्म पनि आफ्नो इच्छानुसार अरू भक्तहरूलाई पनि दिने गर्नुहन्थ्यो। यो सुनेर त्यो भजन मंडली शिरडीमा आएर रोकियो। मंडली ज्यादै सुन्दर भजन र गायन (गाउनु) गर्दथ्यो। तर उसको भित्री ध्येय त धन कमाउनु नै थियो। मंडलीमा तीन व्यक्ति ज्यादैनै लालची थिए। केवल मूल महिलाको मात्र स्वभाव अरूहरूकोभन्दा पूरै फरक थियो। केवल मूल महिलाको मात्र स्वभाव अरूहरूकोभन्दा पूरै फरक थियो। तिनको हृदयमा बाबाप्रति श्रद्धा तथा आदर

थियो। एकपटक मध्याह्नको आरती भै रहेको बेलामा ती महिलाको भक्ति र विश्वास देखेर बबा प्रसन्न हुनुभयो। अनि त के थियो र ? बाबाले तिनलाई उनको इष्टदेवको दर्शन दिनुभयो।खालि उनलाई मात्र बाबा सीतापतिको रूपमा देखिनु भयो। अरू उपस्थित व्यक्तिहरूलाई भने सधैंकै जस्तो नै मात्र। आफ्नो प्रिय इष्टदेवको दर्शन पाएर उनी सललल पग्गन पुगिन् र उनको घाँटी नै रोकिन गयो तथा आखाँबाट आँसुका धाराह बहनलागे। अनि प्रेमले कद्‌गद् भएर उनी ताली बजाउन लागिन्। उनीलाई यस्तो प्रकारले आनन्दित देखेर मानिसहरूलाई कौतूहल त हुनलाग्यो, तर कारण कसैलाई पनि थाहा भएको थिएन। मध्याह्न पछि उनले त्यो भेद आफ्नो पतिसँग प्रकट गरिन्। बाबाको श्रीराम स्वरूपमा उनलाई दर्शन कसरी भयो इत्यादि सबै उनले बताइन्। पतिले मेरी पत्नी ज्यादै सीधा र भावुक छ, यसैले यसलाई रामको दर्शन हुनु एउटा मनको बिकार बाहेक केही होइन भन्ने सोच्यो। उसले खालि तिमीलाई मात्र बाबा रामको स्वरूपमा देखिने अरूलाई भने सधैंको जस्तै नै भन्ने कुरा कहीं सम्भव हुन्छ भनेर पत्नीको कुरालाई वास्ता गरेन। पत्नीले केही प्रतिवाद गरिनन्, किनभने उनीलाई जुन प्रकारले रामको दर्शन त्यो बखतमा भएको थियो, त्यसरी नै अहिले पनि भैरहेको थियो उनको मन शान्त, स्थिर र पूरै तृप्त भैसकेको थियो।

### आश्चर्यजनक दर्शन

यस्तै प्रकारले दिन बित्दै गए। एकदिन रातमा उनको पतिलाई एउटा विचित्र सपना देखिन गयो। उसले एउटा ठूलो सहरमा पुलिसले आफूलाई पक्डिई डोरीले बाँधेर जेलमा हालीदिएको देख्यो। त्यसपछि तुरून्तै नै उसले बाबा शान्त मुद्रामा जेलको फलामको डंडा पछाडि उसको नजिकै खडा हुनुभएको देख्यो। वहाँलाई आफ्नो नजिकै खडा भएको देखेर उसले दुःखी स्वरले प्रार्थना गर्दै भन्न लाग्यो– "हजूरको कीर्ति सुनेर नै म हजूरको श्री चरणमा आएको हूँ। अनि हजूरको यति नजिक भएर पनि म माथि यो विपत्ति किन आइपऱ्यो?"

बबाले भन्नुभयो– " तिमीले आफ्नो खराब फल अवश्य नै भोग्नुपर्छ।" यो सुनेर उसले फेरि भन्यो, "यो जीवनमा जसको कारणले गर्दा मलाई यो खराब दिन देख्ने अवसर आयो, त्यस्तो कर्म गरेको सम्झना छैन।" बाबाले भन्नुभयो– "यदि यो जन्ममा नगरेको भए बितेको जन्ममा अवश्य नै कुनै खराब कर्म गरेको होउला।" त्यसमा उसले भन्नलाग्यो– " मलाई त आफ्नो बितेको जन्मको कुनै सम्झना छैन। तर एकछिन कुनै खराब कर्म हुन नै गएको रहेछ भन्ने मानौं भने हजूरकहाँ आएपछि त त्यो त जसरी सुकेको घाँस आगोबाट तुरून्तै भस्म हुन्छ त्यसरी नै भस्म हुनु पर्दछ। बाबाले सोध्नुभयो, – " के तिमीलाई साँच्चीनै यस्तो पक्का विश्वास छ? उसले भन्यो हो, छ।"

बबाले उसलाई आँखा बन्द गर्न भन्नुभयो र जब उसले आँखा बन्द गऱ्यो, त्यतिबेला उसले कुनै बोझिलो वस्तु खसेको आवाज सुन्यो। आँखा खोल्दा उसले आफूलाई जेलबाट मुक्त पायो। तर साथै पुलिस तल खसेर पल्टिएको छ र उसको शरीरबाट रगत बगिरहेको छ। यो देखेर ऊ ज्यादै डराएको नजरले बाबा तर्फ हेर्न लाग्यो। बाबाले भन्नुभयो– "बच्चू! टब तिमीलाई पूरै दण्ड दिहने छ। पुलिस – अधिकारी अहिल्यै आएर तिमीलाई पकड्ने छ।" अनि उसले दुःखी स्वरमा प्राथना गर्दै भन्न लाग्यो "हजूर बाहेक मेरो रक्षा अरू कसले गर्न सक्दछ? मेरो त एक मात्र हजूर नै सहारा हुनुहुन्छ। भगवान्! मलाई कुनै किसिमले बचाइदिनोस्।"

त्यसपछि बाबाले फेरि उसलाई आँखा बन्द गर्न भन्नुभयो "आँखा खोल्दा उसले आफूलाई पूरै मुक्त भएर कारागार बाहिर खडा भएको र आफ्नो नजिक बाबा खडा हुनु भएको देख्यो।" अनि त ऊ बाबाका श्री चरणमा पर्न पुग्यो।

बबाले सोध्नुभयो,– "मलाई बताऊ त, तिम्रो यो ढोग र अधिको ढोगमा कुनै प्रकारको फरक छ, छैन? यसको उत्तर राम्रोसँग सोचेर देऊ।"

उसले भन्यो– " आकाश र पातालमा जो फरक छ, त्यस्तै फरक मेरो पहिलो र यो ढोगमा छ। मेरा पहिलो ढोग खालि धन प्राप्तिको आशाले भएको थियो। तर यो ढोग मैले हजूरलाइ ईश्वर जानेर नै गरेको छु। पहिले मेरो धारणा मुसलमान हुनु भएकाले हजूर हिन्दूहरूको धर्म भ्रष्ट गरिरहनु भएको छ भन्ने थियो।"

बबाले सोध्नुभयो,– " के तिम्रो मुसलमान गुरूहरूमा विश्वास छैन?" जवाफमा उसले भन्यो "छैन हजूर।" अनि बाबाले फेरि सोध्न लाग्नुभयो "के तिम्रो घरमा एउटा पंजा (हातको छापा) छैन? के तिमी ताबूत (मुसलमानहरूको मुर्हरम चाडमा बनाइएको पालकी जस्तो रंगी–बिरंगी डोली) को पूजा गर्दैनौ? तिम्रो घरमा अहिल्यै पनि एउटी काडबीबी नामकी देवी छन् जसको अगाडि तिमी विवाह तथा धार्मिक अवसरहरूमा कृपाको भीख माग्ने गर्दछौ"

आखिरमा जब उसले स्वीकार गर्‍यो अनि बाबाले भन्नुभो "योभन्दा बढी अब तिमीलाई के प्रमाण चाहियो?" त्यसपछि उसको मनमा आफ्ना गुरू श्रीरामदासको दर्शनको इच्छा भयो। बाबाले उसलाई पछाडि घुम्न भन्नु हुनाको साथ उसले श्रीरामदासस्वामीलाई आफ्नो अगाडि खडा भएको देख्यो। अनि ऊ वहाँको चरणमा पर्न तत्पर हुन लाग्दालाग्दै वहाँ तुरून्तै अदृश्य हुनुभयो।

त्यसपछि उसले बाबासँग भन्न लाग्यो "हजूर त बूढो जस्तो लाग्नु हुन्छ? के हजूरलाई आफ्नो आयुको जानकारी छ?"

बाबाले सोध्नुभयो,– "तिमीले के भनेको? म बूढो छु भनेको? थोरै टाढासम्म मसँगसँगै दौडेर त हेर।" यस्तो भनेर बाबा दौडन लाग्नुभयो र ऊ पनि वहाँको पछि–पछि दौडन लाग्यो। दौड्दा उठेको पाउको धूलोमा बाबा हराउनु भयो। अनि त्यसैबेला उसको निद्रा पनि खुल्यो।

जगा हुनासाथ ऊ गम्भरतापूर्वक यो सपना उपर विचार गर्न लाग्यो। उसको मनको भावनामा पूरै परिवर्तन भयो। अब उसलाई बाबाको महानताको ज्ञान भयो। उसको लोभी र शंकालु भावना बिलायो र हृदयमा बाबाको चरणप्रति सच्चा भक्ति उर्लियो। त्यो थियो त एउटा सपना मात्र। तर त्यसमा जो प्रश्नोत्तर थिए ती बढी महत्वपूर्ण थिए।

भोलिपल्ट जब सबैजना मसजिदमा आरतीको निमित्त जम्मा भए त्यतिबेला बाबाले उसलाई प्रसादमा लगभग दुई रूपियाँको मिठाई र दुई रूपियाँ नगद आफूसँगबाट दिएर वहाँले आशीर्वाद दिनुभयो। उसलाई केही दिन अरू रोकेर वहाँले आशीष दिँदै भन्नुभयो "अल्लाहले तिमीलाई धेरै दिनु हुनेछ र अब सबै कुरा राम्रो नै गर्नु हुनेछ।"

बाबाबाट उसलाई धेरै धन त प्राप्त भएन तर वहाँको कृपा त अवश्य नै प्राप्त भयो। त्यसबाट उसको ज्यदौ कल्याण भयो। बाटामा उनीहरूलाई मनलमाफिक धन प्राप्त भयो र उनीहरूको यात्रा ज्यादै नै सफल रह्यो। उनीहरूलाई यात्रामा कुनै कष्ट या असुविधा केही भएन र उनीहरू सकुशल आफ्नो घर पुगे।

उनीहरूलाई बाबाका श्रीवचन तथा आशीर्वाद र वहाँको कश्पाबाट प्राप्त भएको त्यो आनन्दको सधैंभर सम्झना रहिरह्यो।

यस कथाबाट बाबा कस्तो किसिमले भक्तहरूको नजिकमा गई उनीहरूलाई कल्याणकारी बाटोमा ल्याउनुहुन्थ्यो भन्ने कुराको जानकारी हुन्छ। वहाँ आजसम्म पनि त्यसै गर्दै हुनुहुन्छ।

तेंडुलकर परिवार

बम्बईको नजिक बान्द्रामा बाबाको पूरा भक्त एउटा तेंडुलकर परिवार बस्दथ्यो। श्री युत रधुनाथ राव तेंडुलकरले मराठी भाषामा "श्री साईनाथ भजनमाला" नामक एउटा पुस्तक लेखेका छन्। बाबाका लीलाहरूको मीठो वर्णन भएको लगभग आठसय अभंगपदहरू

(मराठी भाषाको एक प्रकारको पद) समावेश गरिएको छ। यो पुस्तक बाबाका भक्तहरूले पढ्न योग्य छ। तिनको जेठो छोरा बाबु नाम भएकाले डाक्टरी परीक्षा दिनको लागि निरन्तर अभ्यास गरिरहेका थिए। तिनले कैयौं ज्योतिषीहरूलाई आफ्नो जन्मुकुण्डली देखाए। तर सबैले यो वर्ष उनको ग्रह राम्रो छैन। आउँदो वर्ष परीक्षामा बस्नाले उनीलाई अवश्य सफलता प्राप्त हुनेछ भनेर बताए। यो कुराबाट उनीलाई बडो निराश भयो र अशान्त हुन गए। थोरै दिनपछि नै उनकी आमा शिरडी गइन् र त्यहाँ बाबाको दर्शन गरिन्। अरू कुराहरूको साथै उनले केही दिनपछि नै परीक्षामा बस्नु पर्ने आफ्नो छोराको निराशा र अंशान्तिको कुरा पनि बाबासँग भनिन्। बाबाले भन्नुभयो- " आफ्नो छोरालाई ममाथि विश्वास राख्नु भन। सबै भविष्यकथन तथा ज्योतिषीहरूबाट बनाइएको कुंडलीहरूलाई एक कुनामा फेंकेर आफ्नो अभ्यास-क्रम चालू राखी शान्त चित्तले परीक्षामा बस्न भन। ऊ अवश्य नै यस वर्ष नै उत्तीर्ण हुनेछन् उनीलाई निराश हुनुपर्ने कुनै कुरा छैन भन।"

आमाले घरमा आएर बाबाको सन्देश छोरालाई सुनाइदिइन्। उनले कडा परिश्रम गरेर परीक्षामा बसे। सबै प्रश्नपत्रको उत्तर धेरै राम्रोलेखेका थिए। तर पनि उत्तीर्ण हुन योग्य अंक मलाई प्राप्त हुँदैन कि भनी शंकाग्रस्त भएर शोच्न लागे। यसैले मौखिक परीक्षामा बस्ने विचार उनले छोडिनै दिए। तर परीक्षक त उनको पछाडि लागेका थिए। उनले एउटा विद्यार्थी मार्फत् लिखित परीक्षामा त उत्तीर्ण हुन लायक अंक प्राप्त भएको छ। अब उनले मौखिक परीक्षामा अवश्य नै बस्नु पर्दछ, भन्ने खबर पठाए। यस्तो प्रकारले प्रोत्साहन पाएर तिनी मौखिक परीक्षामा पनि बसेर दुबै परीक्षामा उत्तीर्ण भ। त्यो वर्ष उनको ग्रह-दशा विपरीत हुँदा-हुँदै पनि बाबाको कृपाबाट उनले सफलता पाए। यहाँ केवल यति कुरा मात्र ध्यान दिन योग्य छ कि कष्ट र शंकाको उत्पत्ति अन्तमा दृढ विश्वासमा परिणत हुनजान्छ। जस्तो नै होओस्, परीक्षा त भएरै छोड्छ तर यदि हामीले बाबामाथि दृढ विश्वास र श्रद्धा राखेर प्रयत्न गर्दै रह्यौं भने हामीलाई सफलता अवश्य नै मिल्ने छ।

यिनै केटाको पिता रघुनाथ राव बम्बईको एउटा विदेशी व्यवसायी फर्ममा नोकी गर्दथे। उनी ज्यादै बूढा भैसकेका थिए। त्यसैले आफ्नो काम राम्रोसँग गर्न सक्दैनर्थ। यसकारण उनी अब छुट्टी लिएर विश्राम गर्न चाहन्थे। छुट्टी लिएर पनि उनको स्वास्थ्यमा केही विशेष परिवर्तन भएन। अब सेवावाट हटनुभन्दा पहिलेको छुट्टी लिनु आवश्यक भयो। एउटा बूढा र विश्वासपात्र सेवक भएकाले म्यानेजरले उनीलाई पेन्शन दिएर सेवाबाट हटाउने निर्णय गरे। पेन्शन कति दिने भन्ने प्रश्न विचाराधीन थियो उनीलाई एकसय पचास रूपियाँ मासिक तलब मिल्थ्यो। यस हिसाबबाट पेन्शन पचहत्तर रूपियाँ भयो। यो रकम उनको परिवार पालिन नपुग्ने थियो। यसैले उनी चिन्तित थिए। निर्णय हनुभन्दा पन्ध दिन पहिले नै श्रीमती तेंडुलकरलाई सपनामा बाबाले दर्शन दिएर भन्नुभयो "पेन्शन एक सय रूपियाँ दिइयोस् भन्ने मेरो इच्छा छ। के तिमीलाई यसबाट सन्तोष हुनेछ?" श्रीमती तेंडुलकरले भनिन् "बाबा म दासीसँग हजूरले के सध्नुभएको। मलाई त हजूरको श्रीचणमा पूर्ण विश्वास छ।"

बाबाले एकसय रूपियाँ भन्नुभए पनि यसलाई विशेष प्रकरण सोचेर दश रूपियाँ बढी अर्थात् एकशय दश रूपियाँ बढी अर्थात् एकशय दश रूपियाँ पेन्शन निश्चित भयो। बाबा आफ्नो भक्तहरूको निमित्त कस्तो अगाध स्नेह र कति चिन्ता राख्नु हुन्थ्यो।

क्याप्टेन हाटे

थ्बकानेरनिवासी क्याप्टेन हाटे बाबाका परमभक्त थिए। एकपटक सपनामा बाबाले उनीसँग सोध्नुभयो, "के तिमीलाई मेरो विस्मशति भयो? (अर्थात् के तिमीले मलाई बिर्सियौ?)" श्री हाटेले वहाँका श्रीचरणमा लुटपुटिएर भने "यदि बालकले आफ्नो आमा बिर्सियो भने के ऊ बाँच्न सक्दछ र?"

यदि भनेर श्री हाटेले तुरून्तै बगैंचामा गई केही सिमी टिपेर ल्याएर एउटा थालीमा सीधा तथा दक्षिणा राखेर बाबालाई चढाउन आए। त्यसैबेला उनको आँखा खुल्यो र उनीलाई ये

सपना हो भन्ने लाग्यो। अनि ती सबै आफूले सपनामा देखेका वस्तुहरू बाबाकहाँ शिरडीमा पठाउने निश्चय गरे।

केही दिन पछि उनी ग्वालियर आएर त्यहाँबाट आफ्ना एकजना मित्रलाई बाह रूपियाँ मनिअर्डर पठाए। पत्रमा दुई रूपियाँको सीधा सामग्री र सिमी किनी साथै दश रूपियाँ दक्षिणाको रूपमा साथमा राखेर मेरो तर्फबाट बाबामा चढाइदिनु भनी लेखे। उनको मित्रले शिरडीमा आएर सबै वस्तु त जम्मा गरे, तर सिमी प्राप्त गर्न अत्यन्त गाह्रो पऱ्यो। केहीबेर पछि नै एउटी स्वास्नी मानिसलाई शिरमा टोकरी राखेर अगाडिबाट आउन लागेकी देखे। त्यो टोकरीमा सिमी बाहेक केही नभएको देखेर उनीलाई आश्चर्य लाग्यो। अनि उनले सिमी किनी सबै जम्मा गरिएका बस्तु लिई मसजिदमा गएर श्रीहाटेको तरफबाट बाबालाई चढाइदिए। भोलिपल्ट निमोणकरले नैवेद्य (भात र सिमीको तरकारी) तैयार गरी बाबालाई भोजन गराए। बाबाले भोजनमा केवल सिमी मात्र खानु भयो। अरू चीजहरूलाई छुनुसम्म पनि भएन। यो देखेर सबै जनालाई ठूलो आश्चर्य लाग्यो। जब क्याप्टेन हाटेले उनको मित्रद्वारा यो समाचार पाए त्यसबेला उनी गद्‌गद् भए। उनको खुशीको पारावारै भएन।

पवित्र रूपियाँ

अर्को एउटा मौकामा क्याप्टेन हाटेले बाबाको पवित्र करकमलद्वारा छोइएको एक रूपियाँ ल्याएर आफ्नो घरमा अवश्य नै राख्नु पर्छ भन्ने विचार गरे। अचानक नै उनको भेट शिरडी जान लागेका एउटा मित्रसँग भयो। उनको हातमा नै हाटेले एक रूपियाँ पठाइदिए। शिरडी पुगी बाबालाई यथायोग्य प्रणाम गरे पछि उनले (मित्रले) दक्षिणा चढाए जुन वहाँले तुरून्त जेबमा राख्नुभयो। त्यस पछि नै उनले क्याप्टेन हाटेको रूपियाँ पनि अर्पण गरे। यसलाई वहाँले हातमा लिएर गौर गरेर हेर्न लाग्नुभयो। वहाँले त्यसमा अंकित भएको चित्रलाई माथि पारी बूढी औंलामा राखेर बजार्नु भयो र आफ्ना हातमा लिएर हेर्ने लाग्नुभयो। अनि वहाँले हाटेको मित्रलाई उदी (विभूति) सहित यो रूपियाँ आफ्ना मित्रलाई फर्काइदिनू मलाई उनीबाट केही चाहिएको छैन। उनी आनन्दपूर्वक रहून् भनिदिनू भन्नुभयो।

मित्रले ग्वालियरमा आएर त्यो रूपियाँ हाटेलाई दिई शिरडीमा भएको सबै कुरा सुनाए। त्यो सुने हाटेलाई बडो प्रसन्नता भयो। साथै उनीलाई बाबा सदैव असल विचारलाई प्रोत्साहित गर्नुहुन्छ भन्ने अनुभव भयो। यसरी बाबाले उनको मनको इच्छापूर्ण गरिदिनुभयो।

श्री वामन नार्वेकर

पाठकगण। अब एउटा भिन्नै किसिमको कथा सुन्नुहोस्। एउटा वामन नार्वेकर नाम भएका महाशयको साईचरणमा प्रगाढ प्रेम थियो। एकपटक उनले एक पटिट राम, लक्ष्मण र सीताको साथै अर्कोपटिट हात जोडेका हनुमान्को चित्र अंकित भएको मुद्रा ल्याए। उनले यो मुद्रा बबालाई वहाँले यसलाई आफ्ना हातको छुवाइले पवित्र गरेर उदी सहित फर्काइ दिने अभिप्रायले चढाए। तर बाबाले त्यसलाई तुरून्तै आफ्नो जेबमा राख्नु भयो। शामाले वामनरावको इच्छा बताएर उनीलाई यो मुद्रा फिर्ता गरिदिन अनुरोध गरे। अनि बाबाले वामन रावको अगाडि नै भन्नुभयो "यो उनीलाईश किन फर्काउने। यसलाई त मैले आफ्ना साथमा राख्नुपर्छ। यदि उनी यसको सटटामा पच्चीस रूपियाँ दिन स्वीकार गर्छन् भने म यसलाई फर्काइदिनछु।"

त्यो मुद्रा फिर्ता पाउनको लागि वामनरावले पच्चीस रूपियाँ जम्मा गरेर वहाँलाई चढाए। त्यपछि बाबाले भन्नुभयो, "यो मुद्राको मूल्य त पच्चीस रूपियाँभन्दा पनि बढी छ। शामा। तिमीले यसलाई आफ्ना भँडारमा जम्मा गरेर आफ्नो देवालयमा स्थापित गरी यसलाई पूजा गर।"

वहाँले यस्तो नीति किन लिनुभयो भनी सोध्ने साहस कसैमा थिएन। कसको लागि केहिले के उपुयक्त छ भन्ने कुरा त केवल बाबा नै जान्नुहोस्।

श्री सद्गुरू साईनाथमा अर्पण होस्।
मंगल होस्।।

## अध्याय 30



### शिरडीमा तानिएका भक्त-

1) वणीका काका वैद्य
(2) खुशाल चन्द
3) बम्बईको रामलाल पंजाबी

**यो अध्यायमा अरू तीन भक्त कस्तो प्रकारले शिरडी तिर तानिए भन्ने कुरा बताइएको छ।**

**प्राक्कथन**

जो कुनै कारण बिनानै भक्त उपर दया गर्ने दयाका समुद्र हुनुहुन्छ तथा निर्गुण भएर पनि भक्तहरूको प्रेमको वशले नै जसले स्वेच्छापूर्वक मनुष्य-शरीर धारण गर्नुभयो, जो यस्तो भक्त वत्सल (भक्तलाई प्यार गर्ने) हुनुहुन्छ कि जसको दर्शन मात्रले नै भवसागर (संसाररूपी समुद्र) को डर र सम्पूर्ण कष्ट हट्न जान्छ, यस्तो श्री साईनाथ महाराजलाई हामीले किन नढोग्नु। भक्तहरूलाइ आत्मदर्शन गराइदिनु नै सन्तहरूको मुख्य काम हो। सन्त शिरोमणि साईको मुख्य ध्येय नै यही हो। जो वहाँको शरणमा जान्छन् तिनीहरूको सम्पूर्ण पाप नाश भएर निश्चितरूपमा दिन प्रतिदिन तिनीहरूको प्रगति हुन्छ। वहाँको श्री चरणको स्मरण (सम्झना) गरेर पवित्र ठाउँरूबाट भक्तगण आउँथे। र वहाँको (साईबाबाको) नजिक बसेर श्लोक पढी गायत्री-मंत्र जप गर्ने गर्दथे। तर जो निर्बल तथा सबै प्रकारले दीनहीन छन् र जो भक्ति केलाई भन्दछन् भन्नेसम्म पनि जान्दैनन्, तिनीहरूलाई त अरू सबैले उनीहरूलाइ असहायरूपमा छोडी अनास्था गरे पनि अनाथहरूका नाथ र प्रभु श्री साईले मलाई कहिल्यै छाड्ने छैनन् भन्ने खालि यस्तो नै विश्वास छ। जस उपर वहाँले (श्री साईले) कृपा गर्नुहुन्छ, त्यो व्यक्तिमा प्रचण्ड शक्ति, नित्य अनित्यमा विवके तथा ज्ञान सजिलैसँग प्राप्त हुन जान्छ।

वहाँले आफ्ना भक्तहरूको इच्छाहरूलाई राम्ररी जानेर ती पूर्ण गरिदिने गर्नुहुन्छ। यसैले भक्तहरूलाई मनले इच्छा गरेको फलको प्राप्ति हुन्छ र उनीहरू सधैं कृतज्ञ बनिरहन्छन्। हामी वहाँलाई साष्टाङ् प्रणाम गरी वहाँले हाम्रा त्रुटीहरू उपर ध्यान नदिएर हामीलाई सम्पूर्ण कष्टबाट बचाइदिनुहोस् भनी प्रार्थना गर्दछौं। जो विपत्ति ग्रस्त प्राणी यसप्रकार श्रीसाईलाई प्रार्थना गर्दछ उसलाई वहाँको कृपाबाट पूर्ण शान्ति तथा सुख समृद्धि प्राप्त हुन्छ।

श्री हेमाडपंत भन्दछन् "हे मेरा प्यारा साई। हजूर त दयाको समुद्र हो। यो साईसच्चरित्र आज भक्तहरूको अगाडि प्रस्तुत हुनु यो हजूरको दया कै फल हो। नत्र ममा यस्तो कठिन कर्य गर्ने दुस्साहस नै गर्न सक्ने यत्रो योग्यता कहाँ थियो र ?" जब पूर्ण उत्तरदायित्व श्री साईले आफूमाथि नै लिनुभयो अनि हेमाडपंतलाई तिलमात्र पनि भार नभएर जस्तो नै लाग्यो, न यसको चिन्ता नै भयो। श्री साईले यो ग्रन्थको रूपमा उनको सेवा स्वीकार गर्नुभयो। यो केवल उनको पूर्वजन्मका शुभ-संस्कारहरूकै कारणले नै सम्भव थियो, जसको निम्ति उनी आफूलाई भाग्यशाली र कृतार्थ सम्झन्छन्।

तल लेखिएको कथा कपोलकल्पित होइन। बरू यो विशुद्ध अमृत तुल्य छ। यसलाई जसले आफ्नो हृदयमा धारणा गर्छ, उसलाई श्री साईको महानता र सर्वव्यापकताको जानकारी हुन जान्छ। तर जो वाद-विवाद र आलोचना गर्न चाहन्छन्, उनीहरूले यी कथाहरूतिर ध्यान दिने अवश्यकता नै छैन। यहाँ तर्कको होइन, तर प्रगाढ प्रेम र भक्तिको अत्यन्त चाहना गरिन्छ। विद्वान्त भक्त तथा श्रद्धालुजन अथवा आफूलाई सईका पाउको सेवक संझनेहरूलाई मात्र यी कथाहरू मिठासपूर्ण र शिक्षा दिने लाग्दछन्। अरूहरूको लागि त यी कथाहरू केवल कपोल-कल्पना मात्र हुन् भन्ने लाग्दछ। श्री साईका आत्मीय भक्तहरूको लागि श्री साई लीलाहरू कल्पवृक्ष जस्तै छन्। श्री साई लीलारूपी अमृत पान गर्नाले अज्ञानी जीवनहरूलाई मोक्ष, गृहस्थाश्रमीहरूलाई सन्तोष तथा मोक्ष चाहनेहरूलाई एउटा उच्च साधन प्राप्त हुन्छ। अब म यो अध्यायको मूल कथामा आँउछु।

काकाजी वैद्य

नासिक जिल्लाको वणीगाउँमा काकाजी वैद्य नामका एक व्यक्ति बस्दथे। उनी सप्तश्रृंगी देवीका मुख्य पूजारी थिए। एकपटक उनी विपत्तिमा परी यसरी पीडित हुन गए कि उनको चित्तको शान्ति पूरै भंग भयो र उनी बिल्कुल हुन पुगे। एक दिन भित्रको व्यथाले ज्यादै पीडित भई देवीको मन्दिरमा गएर भित्रदेखि नै "हे देवी! दयायमी। मालाई कष्टबाट चाँडै नै मुक्त गरिदिनोस्" भनेर प्रार्थना गर्न थाले। उनको प्रार्थनाबाट देवी प्रसन्न हुनुभयो र त्यही रातमा सपनामा- "तँ बाबाकहाँ जा, त्यहाँ तेरो मन शान्त र स्थिर हुन जानेछ" भन्नुभयो।

बाबाको परिचय जान्न काकाजी बडो उत्सुक थिए। तर देवीसँग प्रश्न गर्नुभन्दा अगाडि नै उनको निद्रा भड हुन गयो। अब उनी देवीले मलाई संकेत गर्नु भएको यी कुन बाबा हुन् भनी विचार गर्न लागे। केही बेर विचार गरेपछि यी त्रयम्बकेश्वर बाबा (शिव) नै हुन सम्भव छ भन्ने निष्कर्षमा पुगे। यसैले उनी पवित्र तीर्थ त्रयंक (नासिक) मा गएर त्यहाँ बसी दश दिन बिताए। उनी बिहान सबेरै उठी स्नानादि सिध्याई रूद्र मंत्रको जप गरी साथै अभिषेक तथा अरू धार्मिक कर्म पनि गर्न लागे। तर उनको मन पहिलेकै झैं अशान्त नै बनिरह्यो।

त्यसपछि फेरि घर फर्केर उनले अत्यन्तै करूण स्वरमा देवीको स्तुति गर्न लागे। त्यसै रातमा देवीले सपनामा फेरि उनीलाई दर्शन दिनुभयो र भन्नुभयो- "तँ व्यर्थ त्रयम्बकेश्वर किन गएको? बाबा भन्ने मेरो अभिप्रया त शिरडीका साईसमर्थलाई पो थियो त।"

अब काकाजीको अगाडि कसरी र कहिले शिरडी गएर बाबाको श्रीदर्शनको लाभ उठाउने भन्ने यही मुख्य प्रश्न उपस्थित भयो। वास्तवमा यदिकोही व्यक्ति कुनै सन्तको दर्शनको लागि छपटिएको हुन्छ भने केवल सन्तले मात्र होइन भगवान्ले पनि उसको इच्छापूर्ण गरिदिनुहुन्छ। सोध्ने हो भने वास्तविक रूपमा सन्त र अनन्त (ईश्वर) एउटै हुन् र

उनीहरूमा केही फरक हुँदैन। यदि कसैले म आफैं नै फलाना सन्तको दर्शनको लागि जानेछु भनेर भन्छ भने त्यो खालि देखाउने आडम्बर बाहेक अरू केही भन्न सकिँदैन। सन्तको इच्छा विरूद्ध उनको नजिक को गएर दर्शन गर्न सक्दछ? उनको सत्ता बिना रूखको एउटा पात पनि हल्लन सक्दैन। सन्तको दर्शनको लागि जति तीव्र उत्कण्ठा हुन्छ, त्यही अनुसार नै उसको भक्ति र विश्वासमा पनि वश्द्रि हुँदै जान्छ र त्यति नै छिटो उसको मनको इच्छा पनि सफलतापूर्वक पूर्ण हुन्छ। जसले निमन्त्रणा दिन्छ आदरपूर्ण अतिथि सत्कारको प्रबन्ध पनि उसैले नै गर्दछ। काकाजीको सम्बन्धमा साँच्चि नै यही भयो।

## शामाको मान्यता

काकाजीले शिरडीको यात्रा गर्ने चिार गरिरहेकै बखतमा उनीकहाँ एउटा अतिथि आए। ती अतिथि शामा नै थिए। शामा बाबाका आत्मीय भक्तहरू मध्येका थिए। उनी ठीक यसै समयमा वणीका किन र कसरी आइपुगे अब हामी यसैबारे हेरौं।

बलककालमा उनी एकपटक ज्यादै बिरामी भएका थिए। त्यसबेला उनकी आमाले आफ्नी कुलदेवी सप्तश्रश्डीसँग यदि मेरो छोरो निका भयो भने म उसलाई हजूरको चरणमा ल्याएर राख्नेछु भनी प्रार्थना गरिन्। केही वर्षपछि नै उनको माताकै स्तनमा दाद आयो। अनि फेरि उनले देवीसँग यदि म रोग मुक्ति भएँ भने म हजूरलाई दुइटा चाँदीका स्तन चढाउने छु भनी प्रार्थना गरिन्। तर उनका यी दुबै संकल्प अधूरै नै रहे। आखिर उनी (माता) मश्त्युशैयामा परेपछि उनले छोरा शामालाई आफ्ना नजिकमा बोलाएर ती दुबै संकल्पको सम्झना दिलाइन् र तिनलाई पूर्ण गर्ने आश्वासन पाएर प्राण छोडिन्।

केही दिनपछि शामाले आफ्नो प्रतिज्ञा भूले र यसरी भूलेको तीसवर्ष पनि बित्यो। त्यैसबेला एउटा प्रसिद्ध ज्योतिषी शिरडी आएर लगभग एक महिना बसे। श्रीमान् बूटी साहेब र अरू

मानिसहरूलाई तिनले बताएका सबै भविष्य प्रायः ठीक निक्ल्यो। त्यसबाट सबैलाई पूर्ण सन्तोष भएको थियो।

शामाका भाइ बापाजीले पनि केही प्रश्न सोधे। अनि ज्योतिषीले उनीलाई तिम्रो दाइले आफ्नी आमालाई मृत्यु शैयामा दिएको वचन अहिलेसम्म पूरा नगर्नाको कारणले देवी असन्तुष्ट भएर उनीलाई कष्ट दिइरहेकी छन् भन्ने कुरा बताए। ज्योतिषीको कुरा सुनेर शामालाई पूरा नगरिएका कुराहरूको सम्झना भयो। अब अरू विलम्ब गर्नु खतरनाक सम्झी उनले सुनारलाई बोलाएर चाँदीका दुइटा स्तन तुरून्तै तयार गराई ती लिई मसजिदमा गएर बाबाको अगाडि राखिदिए। साथै ढोगेर वहाँलाई ती स्वीकार गरी प्रतिज्ञाको वचनबाट मुक्त गरिदिन प्रार्थना गरे। ? मेरो लागि सप्तश्रृंगीदेवी हजूरै हो भने। तर बाबाले आग्रहपूर्वक उनीलाई (शामालाई) तिमी आफैंले यी लिई गएर देवीका चरणमा अर्पण गर भन्नुभयो।

बबाको आज्ञा र उदी (विभूति) लिए उनी (शामा) वणीतिर प्रस्थान गरे। पूजारीको घर सोढ़्‌दै सोढ़्‌दै काकाजीकहाँ पुगे। काकाजी यसबखत बाबाको दर्शनको लागि बडो उत्सुक थिए। ठीक यसै मौकामा शामा पनि त्यहाँ पुगे। त्यो संयोग पनि कस्तो विचित्रको थियो। काकाजीले आगन्तुकसँग उनको परिचय लिई "तपाई कहाँबाट आउनु भएको" भनेर साधे। जब उनले उनी (शामा) शिरडीबाट आउँदैछन् भन्ने सुने अनि त उनी (काकाजी) प्रेमले मस्त भएर शामासँग टाँसिए र अनिपछि दुईजनाको साईलीलाबारे वार्तालाप आरम्भ भयो।

आफ्नो वचन संबन्धी सबै काम पूरा गरी शामा काकाजीको साथमा शिरडी फर्केर आए। काकाजी मसजिदमा पुगेर बाबाका श्री चरणमा गई टाँसिए। उनका आँखाबाट प्रेमाश्रुता धारा बहन लागेर उनको चित्त स्थिर भयो। देवीले बताए अनुसार बाबाको दर्शन गर्नासाथ उनको मनको अशान्ति तुरून्तै नाश भयो र उनले अत्यन्त शीतलताको अनुभव गर्नलागे। कस्तो अद्‌भुत शक्ति होला कुनै कुराकानी या सवाल जवाफ नभैकन नै अथवा आशीष नपाइकनै दर्शन मात्रले नै अपार प्रसन्नता भइरहेछ वास्तवमा दर्शनको इच्छाले तिर्खाएका आँखा साईचरणमा गएर अडिएर उनले आफ्नो जिभ्रोबाट एक शब्द पनि बोल्न सकेनन्।

बाबाको अरू लीलाहरू सुनेर उनीलाई अपार आनन्द भयो र उनी पूरा रूपले बाबाको शरणागत हुन गए। सबै चिन्ता र कष्टहरूलाई भुलेर उनी परमआनन्दित भए। उनले त्यहाँ सुखपूर्वक बाहदिन बिताएर अनि बाबाको आज्ञा, आशीर्वाद तथा उदी (विभूति) प्राप्त गरी आफ्नो घर फर्किए।

खुशाल चन्द (राहाता निवासी)

बिहानीपख जो सपना देखिन्छ त्यो धैरैजनसो जाग्दा खेरी सत्य नै निस्कन्छ भनिन्छ। ठीक हो, यसो नै हुँदा होला। तर बाबाको सम्बन्धमा समयको यस्तो कुनै प्रतिबन्ध थिएन। यस्तै नै एउटा उदाहरण यहाँ प्रस्तुत छ।

बाबाले एक दिन तेश्रो प्रहरमा काका साहेबलाई टाँगा लिएर राहाताबाट खुशाल चन्दलाई लिएर आउन पठाउनुभयो, किनभने खुशाल चन्दसँग वहाँको धैरै दिनदेखि भेट भएको थिएन। राहातामा पुगेर काका साहेबले यो सन्देश उनीलाई सुनाए। यो सन्देश सुनेर उनीलाई (खुशाल चन्दलाई) ठूलो आश्चर्य भयो। उनले भन्नलागे "मध्याह्नको भोजन पछि केहीबेर मेरा आँखा लागेथे। त्यसैबेला बाबा सपनामा आउनुभयो र तुरून्तै शिरडी आउनु भन्नुभयो। तर घोडाको राम्रो प्रबन्ध हुन नसक्नाले मैले मेरो छोरालाई यो सूचना दिनको लागि वहाँ कहाँ पठाएथे। ऊ गाउँको सीमासम्म पुग्दाकै समयमा तपाईलाई अगाडिबाट टाँगाबाट आउन लाग्नु भएको देख्यो।

उनीहरू दुई जना (काकाजी) र खुशालचन्द) त्यो टाँगामा बसी शिरडी पुगेर बाबासँग भेटेपछि (खुशाल चन्दलाई) बडो प्रसन्नता भयो। बाबाको यो लीलादेखी खुशाल चन्द गद्गद भए।

## बम्बईका रामलाल पंजाबी

बम्बईका एक पंजाबी ब्राह्मण श्री रामलाललाई बाबाले सपनामा एउटा महन्तको भेषमा दर्शन दिनु भएर शिरडी आउन भन्नुभयो। उनीलाई नाउँ-गाउँको केही पनि थाहा भएको थिएन। उनीलाई श्री दर्शन गर्ने तीव्र इच्छा त थियो तर ठेगाना थाहा नभएको कारणले उनीबडो असमंजसमा (अफ्ठ्यारोमा) परेका थिए। जसले आउने निमन्त्रण दिन्छ, उसैले आउने निमन्त्रणा दिन्छ, उसैले आउने प्रबन्ध पनि गर्दछ। आखिरमा भयो पनि त्यस्तै नै। त्यसै दिन साँझको बेलामा उनी सडकमा टहलिरहँदा उनले एउटा पसलमा बाबाको चित्र टाँगिएको देखे। सपनामा उनलाई जुन अनुहार भएको महन्तको दर्शन भएथ्यो तिनी यही चित्र जस्तै थिए। सोधपूछ गर्दा उनीलाई यो चित्र शिरडीका श्री साईसमर्थको हो भन्ने थाहा भयो। अनि उनी तुरुन्तै शिरडीतर्फ प्रस्थान गरे र जीवन पर्यन्त शिरडीमा नै बसे।

यसरी बाबाले आफ्ना भक्तहरूलाई आफ्नो दर्शनको लागि शिरडीमा बोलाउनुभयो र उनीहरूको यो लोक तथा परलोकका सम्पूर्ण इच्छाहरू पूरा गरिदिनुभयो।

श्रीसद्गुरू साईनाथमा अर्पणहोस्।
मंगल होस्।।

# अध्याय 31

## मुक्तिदान :



(1) सन्यासी विजयानन्द

(2) बालाराम मानकर

(3) नूलकर

(4) मेघा र

(5) बाबाको अगाडि बाघको मुक्ति

यो अध्यायमा हेमाडपंत बाबाको अगाडि केही भक्तहरूको मश्त्यु तथा बाघको प्राण त्यागको कथाको वर्णन गर्दछन्।

**प्रारम्भ**

मश्त्युको समयमा जो अन्तिम इच्छा या भावना हुन्छ त्यसैले भवितव्यताको (पछि हुने कुराको) निर्माण गर्दछ। श्री कश्ष्णले सम्झन्छ त्यो ममा नै पुग्दछ। साथै त्यो समयमा उसले जे जस्तो दश्श्य देख्छ, त्यसैलाई नै अन्तमा पाउँदछ पनि भन्नुभएको छ। त्यो बेला हामीले खालि राम्रो विचर मात्र गर्न सक्दछौं भनी निश्चयपूर्वक कसैले पनि भन्न सक्दैनं अनुभवमा आए अनुसार त्यो समयमा अनेक कारणहरूले भयभीत (डरले थर्किने) संभावना बढी हुन्छ होता भन्ने नै लाग्दछ। यसका अनेक कारण छन्। यसैले मनालाई आफ्नो इच्छानुसार कुनै उत्तम विचारको चिन्तनमा नै लगाउनाको लागि सधैं अभ्यास गरिनु नै अत्यन्त आवश्यक छ। यसकारण सबै सन्तहरूले हरिस्मरण र जपलाई श्रेष्ठ बताएका छन्, ताकि मश्त्युको समयमा हामी घरेलू उलझन (टण्टा-लण्ठा) मा पर्न नजाऔं। यसैले ये मौकामा भक्तगण, पूरा रूपले सन्तहरूको शरणागत (शरणमा परेको) हुन जान्छन् ताकि संर्वज्ञ भएका (सबै कुरा जान्ने) सन्तले उचितबाटो देखाएर हामीहरूलाई चाहिने जति सहायता गरून्। यस्तो किसिमका केही उदाहरण तल दिइने छन्।

(1) विजयानन्द

एउटा मद्रासी सन्यासी विजयानन्द मानसरोवरको यात्रा गर्न निक्ले। बाटामा बाबाको कीर्ति सुनेर शिरडी आए, जहाँ उनको भेट हरिद्वारका सोमदेवजी स्वामीसँग भयो। यिनीसँग उनले (विजयानन्दले) मानसरोवरको यात्राको सम्बन्धमा सोधपूछ गरे। स्वामीजीले उनलाई मानसरोवर गंगोत्रीबाट पाँचसय माइल उत्तरतिर पर्दछ भनी बाटामा हुने कष्टहरू जस्तो कि अत्यन्त धैरै दुःख कष्ट दिने भूटानवासीहरूको शंकालु स्वभाव हुनु आदि पनि उल्लेख गरे। यी सबै कुरा सुनेर सन्यासीको चित्त उदास हुन गयो र उनले यात्रा गर्ने विचार छोडी मसजिदमा गएर बाबाका श्रीचरणका स्पर्श गरे। बाबाले रिसाएर भन्न लाग्नुभयो- "यो बेकम्मा सन्यासीलाई यहाँबाट निकाल। यसको संगत गर्नु व्यर्थ छ।"

सन्यासी बाबाको स्वभावबाट पूरै अपरिचित थिए। त्यसैले उनीलाई बडो निराशा भयो। तर त्यहाँ जे जस्तो गतिविधि चलिरहेको थ्यियो त्यो सबै उनीले त्यहाँ बस्दाबस्दै नै देखिरहेथे। बिहानको धार्मिक बैठक मानिसहरूले ठसाठ्स भरिएको थियो र बाबालाई विधिपूर्वक अभिषेक गराईदै थियो। कोही पाउ खारिल रहेका थिए त कोही चरण छोएर तथा कोही तीर्थस्पर्श (चरणजल छुवाइ) बाट आँखा सफल गर्दै थिए। केही मान्छेले वहाँलाई चन्दनको लेप लगाइरहेका थिए त कोही वहाँको शरीरमा अत्तर घसिरहेका थिए। बाबा उनीसँग रिसाए तापनि सन्यासीको ह्रदयमा बाबाप्रति ठूलो प्रेम उत्पन्न भएको थियो। उनीलाई यो ठाउँ छोड्ने इच्छा नै हुँदैनथ्यो।

दुई दिनपछि नै मद्रासबाट उनकी आमाको स्थिति अत्यन्त चिन्ताजनक भएको पत्र आयो। तर बाबाको आज्ञा बिना उनी शिरडीबाट जानै कसरी सक्तथे र? यसैकारण उनी हातमा पत्र लिएर बाबाको नजिक गए र घर फर्कने अनुमति मागे। त्रिकालदर्शी बाबालाई त सबैको भविष्य थाहै थियो। वहाँले भन्नुभयो- "तिमीलाई आफ्नी आमासँग यस्तो मोह थियो भने सन्यास धारण गर्ने कष्ट नै किन उठायौ? ममता या मोहले गेरूवा बस्त्र लगाउनेहरूलाई शोभा दिन्छ र ? जाऊ, चूपचाप आफ्नो ठाउँमा बसेर केही दिन शान्तिपूर्वक

बिताऊ। तर सावधान! वाडामा (भवनमा) चोर धैरै छन्। त्यसैले ढोका बन्द गरी सावधानीपूर्वक बस्नू। नत्र त चोरले सबै कुरा चोरेर लैजानेछ। लक्ष्मी अर्थात् संपत्ति चंचला छन्। यो शरीर पनि नाशवान् छ। यस्तो नै सम्झेर यो लोकका परलोकका समेत सम्पूर्ण वस्तुहरूको मोह त्यागेर आफ्नो कर्तव्य गर। जो यसप्रकारको आचरण गरेर श्रीहरिको शरणामा पर्न जान्छ त्यसलाई सबै कष्टबाट चाँडै छुटकारा भै परमानन्दको प्राप्ति हुन जान्छ। जो परमात्माको ध्यान र चिंतन, प्रेम तथा भक्तिपूर्वक गर्दछ त्यसलाई परमात्माले पनि अविलम्ब सहायता गर्नुहुन्छ। पूर्वजन्मको शुभ-संस्कारको फलस्वरूप नै तिमी यहाँ आइपुगेका छौ। अब म जे जसो भन्छु त्यसलाई ध्यानपूर्वक सुन र आफ्नो जीवनको अन्तिम ध्येय उपर विचार गर। इच्छारहित भएर भोलिदेखि भागवतको तीन सातासम्म पठन-पाठन प्रारम्भ गर। अनि भगवान् प्रसन्न हुनु भै तिम्रो सबै दुःख हटाइदिनु हुनेछ। मायाको ढकना हटेर तिमीलाई शान्ति प्राप्त हुनेछ।"

बाबाले उनको अन्तकाल नजिकै देखेर उनलाई यो उपचार बताइदिनुभयो र साथै यमराज बढी प्रसन्न हुने "रामविजय" पढ्न पनि आज्ञा दिनुभयो। भोलिपल्ट स्नान आदि तथा शुद्धिका अरू कर्म गरेर उनले लेंडी बागको एकान्त ठाउँमा बसी भागवतको पाठ प्रारम्भ गरे। दोश्रो पटकको पाठ समाप्त भएपछि ज्यादै थाके र बाडामा आएर दुई दिन बसे। तेश्रो दिन बडा बाबाको काखमा उनको प्राण पखेरू, (पक्षी) उडेर गयो। बाबाले दर्शनको निमित्त एक दिनको लागि उनको शरीर राम्रोसँग सम्हालेर राख्न भन्नुभयो। त्यसपछि पुलिस आयो र यथोचित जाँच पडताल गरेपछि मरेको शरीर उठाउने आज्ञा दियो।

धार्मिक कृत्यका साथ उनको उपयुक्त स्थानमा समाधि बनाइदिइयो। बाबाले यस्तो प्रकारले सन्यासीलाई सहायता गरेर सद्गति प्रदान गर्नुभयो।

(2) बाबाराम मानकरः

बलाराम मानकर नामका एउटा गृहस्थ बाबाका परमभक्त थिए। उनकी पत्नीको देहान्त भएपछि उनी बडो निराश हुन गए र सबै घरबार आफ्नो छोरालाई सौंपेर उनी शिरडीमा आई बाबाको नजिक रहन लागे। उनको भक्ति देखेर बाबा उनको जीवनको गति बदल्दिन चाहनुहुन्थ्यो। यसैले वहाँले उनीलाई बाह रूपियाँ दिएर मच्छिन्द्रगढ (जिल्ला सतारा) मा गएर बस्न भन्नुभयो। मानकरको इच्छा वहाँको निकटता छोडेर अन्यत्र कहीं जाने थिएन। तर बाबाले उनीलाई सम्झाउनु भयो- "तिम्रो कल्याणको लागि नै यो उत्तम उपाय तिमीलाई बताइरहेछु। यसकारण वहाँ गएर दिनको तीनपटक प्रभुको ध्यान गर।"

उनी बाबाका कुरामा विश्वास गरेर मच्छिन्द्रगढ हिँडिगए। त्यहाँका मनोहर दृश्यहरू, ठण्डाजल तथा राम्रो हावा र नजिकैका दृश्यहरू देखेर उनको चित्तम ठूलो प्रसन्नता छायो। बाबाले बताउनु भएको विधिबाट उनले प्रभुको ध्यान गर्न प्रारम्भ गरिहाले। केही दिनपछि नै उनलाई दर्शन प्राप्त भैगयो। धेरै जस्तो भक्तहरूलाई समाधि वा तुरीयावस्थामा नै दर्शन हुन्छ। तर मानकरलाई तुरीयावस्थाबाट (तन्मयअवस्था) प्राकृतावस्था (सचेतावस्थामा) आएपछि दर्शन मिल्यो। दर्शन भएपछि मानकरले बाबासँग आफूलाई त्यहाँ पठाउने कारण सोधे। बाबाले भन्नुभयो- "शिरडीमा तिम्रो मनमा नाना प्रकारका संकल्प-विकल्प उठ्न लागेथे। यसकारण मैले तिमीलाई तिम्रो चंचल मनमा शान्ति प्राप्त होस् भनी त्यहाँ पठाएको हूँ। तिम्रो धारण म शिरडीमा मात्र रहेकोछु र साथै साढे तीन हातको यो पंचतत्वको पुतलाभन्दा बाहेक केही होइन भन्ने थियो। तर अब तिमी मलाई देखेर तिम्रो अगाडि शिरडीमा रहने र तिमीले अहिले जसको दर्शन गरेका छौ ती दुइटा अभिन्न हुन् कि होइनन् भन्ने कुरामा आफ्नो धारणा बनाऊ।"

मानकर त्यो ठाऊँ छोडेर आफ्नो निवासस्थान बान्द्रा तिर गए। उनी पूनाबाट दादरको रेलद्वारा जान चाहन्थे। तर टिकट घरमा पुग्दा त्यहाँ ज्यादा भीड भएकाले त्यहाँ टिकट किन्न सकेनन्। यस्तैमा काँधमा कम्बल राखेको, शरीरमा खालि एउटा लगौंटी सिबाय अरू केही

नभएको एउटा देहाती त्यहाँ आयो र मानकरसँग "तपाई कहाँ जादै हुनुहुन्छ" भनी सोध्यो। मानकरले "म दादर जाँदैछु" भन्ने उत्तर दिए। अनि उसले भन्न लाग्यो "मेरो यो दादरको टिकट तपाई लिनोस्। किनभने यहाँ एउटा आवश्यक काम आइपरेकोले मेरो आज जानेकुरा भएन।" मानकरलाई टिकट पाएर बडो खुशी लाग्यो र उनी आफ्नो जेबबाट पैसा निकाल्न लागे। यत्तिकैमा टिकट दिने मान्छे भीडमा कहीँ अदृश्य भयो। मानकरले भीडमा पूरा खोजे, तर सबै व्यर्थ नै भयो। गाडी नछुटिन्जेलसम्म मानकर उसको फर्किने प्रतीक्षा गर्दै नै रहे, तर आखिरी समयसम्म पनि ऊ फर्किएन। यस्तो प्रकारले मानकरलाई यो विचित्ररूपमा दोश्रो पटक दर्शन भयो।

केही दिन आफ्नो घरमा बसेर मानकर फेरि शिरडी फर्केर आए र श्रीचरणमा नै आफ्नो दिन बिताउन लागे। उनी सदैव बाबाका वचन र आज्ञा पालन गर्न लागे। अन्त्यमा ती भाग्यशालीले बाबाको अगाडि नै वहाँको आशीर्वाद प्राप्त गरी आफ्ना प्राण त्यागे।

(3) तात्या साहेब नूलकरः

हेताडपंतले तात्या साहेब नूलकरको सम्बन्धमा कुनै विवरण लेखेका छैनन्। केवल उनको देहान्त शिरडीमा भएथ्यो यत्ति नै मात्र लेखेका छन्। "साईलीला" पत्रिकामा छोटो विवरण प्रकाशित भएथ्यो, जो तल उद्धृत गरिएको छ।

सन् 1909 मा तात्या साहेब नूलकर पंढरपुरमा उपन्यायाधीश हुँदा नानासाहेब चाँदोरकर पनि त्यहाँका तहसिल्दार थिए। यी दुई जना आपसमा धैरैजसो भेट गरिरहन्थे र वार्तालाप गर्ने गर्दथे। नानासाहेबको सन्तहरूप्रति विशेष श्रद्धा थियो भने तात्या साहेब सन्तहरूमा अविश्वास गर्दथे। नाना साहेबले उनीलाई (तात्यासाहेबलाई) साईबाबाका लीलाहरू सुनाएर एकपटक शिरडीगएर दर्शनको लाभ उठाउने आग्रह गरे। उनी (तात्यासाहेब) दुई शर्तमा जान तेयार भए- "(1) उनीलाई ब्राह्मण भान्से पाइनु पर्छ (2) चढाउनलाई नागपुरबाट

राम्रा सुन्तला आउनु पर्छ।" तुरून्तै नै यी दुबै शर्त पूरा भए। नाना साहेबकहाँ एउटा पार्सल पनि आयो। उनको दुबै शर्त पूरा भएका थिए। यसैले अब उनले शिरडी जानै पर्‍यो। पहिले त बाबा रिसाउनु भयो। तर जब बिस्तार-बिस्तार तात्या साहेबलाई वहाँ साँच्चिकै ईश्वरावतार हुनुहुँदो रहेछ भन्ने विश्वास भयो अनि उनी बाबासँग प्रभावित हुन गए र आजीवन त्यहीं बसे। उनको अन्तकाल नजिक आएपछि उनीलाई पवित्र धार्मिक पाठ सुनाइयो र अन्तिम क्षणमा उनीलाई बाबाको चरणोदक पनि दिइयो। उनको मृत्युको समाचार सुनेर बाबाले भन्नुभयो, "अरे तात्या त अगाडि नै पुगी गए। अब उनको फेरि जन्म हुने छैन।"

(4) मेघा

अठ्ठाइसौं अध्यायमा मेघाको कथाको वर्णन गरिसिकिएको छ। मेघाको देहान्त भएपछि सबै गाउँलेहरू उसको अर्थीको साथ गए र बाबा पनि उनीहरूको साथमा सम्मिलित हुनु भयो साथै वहाँले मेघाको मृत शरीरमा फूल वर्षाउनु भयो। दाह-संस्कार भएपछि बाबाका आँखाबाट आँसु झर्नथाले। एउटा साधारण मनुष्यकै झैं वहाँको पनि हृदय दुःखले छियाछिया हुन गयो। उसको शरीरलाई फूलले ढाकेर एक नजिकैको सम्बन्धी झैं रूँदै-कराउँदै वहाँ मसजिदमा फर्कनु भयो। सद्गति प्रदान गर्ने अनेक सन्त देखिएका छन् तर बाको महानता अद्वितीय नै छ। यहाँतक कि बाघ जस्तो एउटा हिंस्रक पशु पनि आफ्नो रक्षाको लागि बाबाको शरणमा आयो। त्यसको वृतान्त तल लेखिएको छ।

5) बाघको मुक्ति

बाबा समाधिस्थ हुनुहुनेभन्दा सात दिन पहिले शिरडीमा एउटा अनौठा घटना घट्यो। मसजिदको अगाडि एउटा बयलगाडीआएर रोकियो। त्यसमा एउटा बाघ जंजीरले बांधिएको थियो। उसको डरलाग्दो मुख गाडीको पछाडितिर थियो। ऊ कुनै अज्ञात (नजानिएको) पीडा या दर्दबाट दुःखी थियो। त्यसलाई पाल्ने तीनवटा दरवेश (भिखारी) थिए। ती एक गाउँबाट अर्को गाउँमा गएर सधैं प्रदर्शन गर्थे र प्रशस्त धन जम्मा गर्थे। यही उनीहरूको

बाँच्ने कमाइको एउटा साधन थियो। उनीहरूले त्यो बाघको औषधिको लागि सबै प्रयत्न गरे तर सबैकुरा व्यर्थ नै भयो। कहींबाट बाबाको कीर्ति पनि उनीहरूको कानमा पर्न गयो र उनीहरू बाघलाई लिएर साई दरबारमा (बैठकमा) खडा भए। त्यो बाघ स्वभावैले डरलाग्दो थियो, तर रोग लागेकोले बेचैन थियो। मानिसहरू डर र आश्चर्यको साथ त्यसतर्फ हेर्न लागे। दरवेशहरू (भिखारीहरू) भित्र आएर बाबालाई सबै हाल बताई वहाँको आज्ञा लिएर उनीहरूले बाघलाई वहाँको अगाडि ल्याए। सिंढीको नजिकै पुग्न लाग्दा नै बाबाको तेजपुन्ज स्वरूपको दर्शन गरी एकपटक पछि हट्योर आफ्नो गर्दन तल झुकायो। जब दुबैको दृष्टि आपसमा एक भयो अनि बाघ सिंढीमा चढ्यो र प्रेमपूर्ण दृष्टिबाट बाबातिर निहार्न लाग्यो। उसले आफ्ने पुच्छर हल्लाएर तीन पटक जमीनमा बजान्यो र तत्कालै आफ्नो प्राण त्यागिदियो। उसलाई मरेको देखेर दरवेशीहरू (भिखारीहरू) बडो निराश र दुःखी भए। तर राम्रोसँग विचार गरेपछि त्यो प्राणी रोगग्रस्त थियो र उसको मृत्यु नजिक नै थियो। त्यसैले मर्नु थियो मन्यो, तर उसको लागि भने बाबा जस्तो महान् सन्तका चरणमा सद्गति प्राप्त भएर धैरै राम्रो नै भयो भन्ने उनीहरूले सोचे। कुनै प्राणीले सन्तका चरणमा आफ्नो शिर राखेर प्राण त्यागेमा उसले मुक्ति पाउँछ। पहिलो जन्महरूका शुभ-संस्कारहरूका अभावा यस्तो सुखद अन्त पाउनु कसरी सम्भव हुन्छ र?

श्री सद्गुरू साईनाथमा अर्पणहोस्।
मंगल होस।।

अध्याय 32



गुरू र ईश्वरको खोज-उपवास अमान्य। यस अध्यायमा हेमाडपंतले दुई विषय वर्णन गरेका छन्।

1) कस्तो प्रकारले आफ्नो गुरूसँग बाबाको भेट भयो र उनीद्वारा ईश्वर दर्शनको प्राप्ति कसरी भयो?

2) तीन दिनदखि उपवास गरीरहेकी श्रीमती गोखलेलाई पूरनपोली (एक प्रकारको रोटी) को भोज गराउनुभयो।

प्रस्तावना

श्री हेमाडपंत वरको रूखको उदाहरण दिएर यो आँखा अगाडि देखिने संसारको स्वरूप वर्णन गर्दछन्। गीताको अनुसार वटवश्क्षको जराहरू माथि र हाँगाहरू तलतिर चारैतर्फ फैलिएका हुन्छन्। "ऊर्ध्वमूलमधः शाखम्" (गीता पन्ध्रौं अध्याय श्लोक 1) यो वृक्ष गुणहरूले (सत्व, रज, तम आदि गुणले) पोषिएको छ र यसका आँकुराहरू इन्द्रियहरूले भोग गर्ने वस्तुहरू हुन्। कर्मका कारण भएका यसका जराहरू यो सश्ष्टिका मनुष्यहरूतिर फैलिएका छन्। यो वृक्षको रचना बडो विचित्रको छ। न त यसको आकार, उत्पत्ति र अन्त नै जानिन्छ, न त यसको आधारै पनि। यो बलियो जरा भएको संसाररूपी वृक्षलाई वैराग्यको धारिलो शस्त्रद्वारा नाश गर्नलाई कुनै बाहिरी बाटो लिनु अत्यन्त आवश्यक छ, ता कि यो असार-संसारमा आउने-जाने कुराबाट मुक्ति प्राप्त होओस्। यो बाटोमा अगाडि बढ्नको लागि कुनै योग्य दिग्दर्शक (गुरू) को अत्यन्त आवश्यकता छ। चाहे कोही कति नै विद्वान होस् अथवा वेद तथा वेदान्तमा पारंगत किन नहोओस्, उसको सहायताको

लागि कुनै योग्य बाटो देखउने व्यक्ति नपाइन्जेलसम्म ऊ आफ्नो निर्दिष्ट (तोकिएको) ठाउँमा पुग्न सक्तैन। त्यस्तो बाटो देखाउने व्यक्ति (अर्थात् गुरू) का पाइलाको चिन्हहरू पछ्याउनाले मात्र बाटामा भेटिने गुफाहरू, खाडलहरू तथा हिंस्रक (मासु खाने) प्राणीहरूको डरबाट मुक्त हुन जान सक्छ। यस्तै तरीकाबाट मात्र संसार-यात्रा सजिलोसँग तथा कुशलतापूर्वक पूरा हुन सक्दछ। यस विषयमा बाबाले आँफैंले बताउनु भएको आफ्ना अनुभव वास्तवमा आश्चर्यजनक छ। यदि हामीले त्यसलाई ध्यानपूर्वक पछ्यायौं भने निश्चय नै श्रद्धा, भक्ति र मुक्ति प्राप्त हुनेछ।

अन्वेषण (खोज)

एक समयमा हामी चारजना सहयोगी मिलेर धार्मिक तथा तथा पुस्तकहरूको अध्ययन गरिरहेका थियौं। यसरी प्रबद्ध भएर हामीहरू ब्रह्मको मूल स्वरूप उपर विचार गर्न लाग्यौं। हामीमध्ये एउटाले "हामीले आफैंनै आफ्नी जागश्ति गर्नुपर्दछ। अर्को माथि निर्भर रहनु हामीलाई उचित कुरा हुँदैन" भने। यसमा अर्कोले, "जसले मनलाई वश गर्न सकेको छ, त्यही धन्य हो। हामीले आफ्नो संकीर्ण (साँगुरो) विचार र भावनाहरूबाट मुक्त हुनु पर्दछ, किनभने यो संसारमा हामी बाहेक अरू केही पनि छैन" भने। तेश्रोले, "यो संसार सदैव परिवर्तनशील छ (बदलीरहने छ)। केवल निराकार (अर्थात् ब्रह्म) मात्र शाश्वत् सधैं रहने छ। यसैले हामीले सतय र असत्यमा विवके गर्नुपर्दछ" भने। त्यसपछि चौथो (स्वयं बाबा) ले "खालि पुस्तक भित्रको ज्ञानबाट केही फाइदा हुँदैन। हामीले त आफ्नो कर्तव्य गर्दैरहनु पर्दछ। दृढ विश्वास र पूरा निष्ठापूर्वक हामीले आफ्नो तन, मन, धन र पाँच प्राण आदि समेत सर्वव्यापी गुरूदेवलाई अर्पण गरिदिनु पर्दछ। गुरू भगवान् हो। सबैका पालनकर्ता हो।"

यस्ता प्रकारले वाद-विवाद गरेपछि हामी चारे सहयोगी वनमा ईश्वरको खोजमा निस्क्यौं। हामी चार विद्वान् कसैको सहायता नलिइकन आफ्नो स्वतन्त्र बुद्धिले मात्र ईश्वरको खोज गर्न चाहन्थ्यौं बाटामा हामीले एउटा वंजारा (बयलमा लादेर लगी बेच्ने अनाजको व्यापारी)

भेट्यौं। उसले हामीसँग सोध्यो, "हे सज्जन हो! यस्तो धूपमा तपाईहरू कतातिर जाँदै हुनुहुन्छ ?" जवाफमा हामीले भन्यौ "वनतर्फ।" उसले फेरि सोध्यो, "कृपया वनतिर जानाको उददेश्य के हो ? त्यो त बताउनुहोस्।" हामीले उसलाई टार्ने उत्तर दियौं।

हामीलहरूलाई कुनै उददेश्य विना नै बडो बाक्लो र डरलाग्दो जंगलमा भट्किरहेको देखेर उसलाई दया आयो। अनि उसले ज्यादै नम्र भएर हामीहरूसँग निवेदन गर्‍यो, "तपाईहरू आफ्नो गुप्त खोजको कारण मलाई नबताउनुहोस् नै। तर मध्याह्नको प्रचण्ड सूर्यको चर्को किरणको तातोले तपाईहरू वडो कष्ट पाइरहनु भएको छ भन्ने चाहीं म प्रत्यक्ष देखिरहेकोछु। कृप्या यहाँ केही छिन विश्राम गरेर जलपान गर्नोस्। तपाईहरू त राम्रो दिल हुनुको साथै नम्र हुनुपर्ने हो। बाटो देखाउने अगुवा विना यो अपरिचित (नचिनेको) भयानक वनमा भट्कँदै हिड्नाले केही लाभ हुँदैन। यदि तपाईहरूको घुस्ने नै तीब्र इच्छा छ भने कृप्या कुनै योग्य बाटो देख्ने अगुवालाई साथमा लिनुहोस्।"

उसको विनम्र प्रार्थनामा ध्यान नदिएर हामीहरू अगाडि बढ्यौं। हामीहरूले हामी आफैं नै आफ्नो लक्ष्य प्राप्त गर्न समर्थ छौं। त्यसैले हामीलाई कसैको सहाराको आवश्यकता छैन भन्ने विचार गर्‍यौं। जंगल ज्यादै ठूलो र बाटो शून्य थियो। रूख यति अग्ला र घना थिए कि सूर्यका किरणलाई पनि त्यहाँ पुग्न सक्न गाहै थियो। परिणाम यो भयो कि हामीहरूले बाटो भुल्न गयौं र धेरै समयसम्म यहाँ–वहाँ भट्कँदै रह्यौं। भाग्यवश् हामीहरू जहाँबाट पहिले हिंडेका थियौं फेरि त्यही नै आइपुग्यौं।

अनि त्यही वंजारासँग फेरि हाम्रो भेट भयो र उसले भन्न लाग्यो, "आफ्नो चतुर्‍याईमा विश्वास गरेर जाँदा तपाईहरूले बाटो भुल्नु भयो। चाहे सानो होस् वा ठूलो होस् प्रत्येक काममा बाटो देखाउनेको आवश्यकता हुन्द। ईश्वर–प्रेरणा नभैकन सज्जन व्यक्तिहरूसँग भेट हुनु सम्भव हुन्न। भोकै बसेर कुनै काम पूरा हुन सक्तैन। यसैले यदि कसैले आग्रहपूर्वक भोजनको लागि आमन्त्रण गर्दछ भने त्यसलाई अस्वीकार नगर्नोस्। भोजन त भगवानको

प्रसाद हो, त्यसलाई अनास्था गरी छोड्नु उचित हुन्न। यदि कसैले भोजन गर्न आग्रह गर्दछ भने त्यसलाई आफ्नो सफलताको प्रतीक हो भन्ने जान्नोस्।" यति भनेर उसले भोजन गर्न फेरि अनुरोध गर्‍यो। तर फेरि पनि हामीहरूले उसको अनुरोधलाई अनास्था गरी भोजन गर्न अस्वीकार गर्‍यौं उसका सरल र मार्मिक उपदेशहरूको विचारै नागरिकन मेरा तीन साथीहरू अगाडि हिँडे। तिनीहरू कति अहंकारी थिए भन्ने कुरा अब पाठकहरू नै विचार गर्नोस्। म भोक र प्यासले त्यसैल त अत्यन्तै व्याकुल थिए त्यसमाथि बंजाराको अपूर्व प्रेमले पनि मलाई आकर्षित गर्‍यो। हामी आफूहरूलाई ज्यादै विद्वान संझन्थ्यो। तापनि दया तथा कृपा केलाई भन्दछन् भन्ने कुरामा कत्ति पनि ज्ञान नभएका थियौं। बंजारा थियो त एक शूद्र, अनपढ, गँवार, तर उसको हृदयमा महान् दया थियो जसले गर्दा उसले भोजनको लागि बारम्बार आग्रह गर्‍यो। जो अर्को माथि स्वार्थ रहित प्रेम गर्दछन्, सच्चारूपमा तिनै महान् हुन्। मैले यसको आग्रह स्वीकार गर्नु ज्ञान प्राप्तिको लागि शुभ आह्वान हुन्। मैले यसको आग्रह स्वीकार गर्नु ज्ञान प्राप्तिको लागि शुभ आह्वान हो भन्ने सोचें। यसैकारण उसले दिएको रूखा-सुखा भेजनलाई आदर र प्रेमपूर्वक स्वीकार गरें।

भोक शान्त हुनासाथ के देख्दछु भने गुरूदेव तुरून्तै अगाडि प्रकट हुनुभयो र "यो सब के भइरहेथ्यो" भनी प्रश्न गर्न लाग्नुभयो। को घटना पनि मैले तुरून्तै वहाँलाई सुनाइदिएँ। आश्वासन भन्नुभयो, "म तिम्रो हृदयको सम्पूर्ण इच्छा पूर्ण गरिदिनेछु। तर जसको विश्वास ममाथि होला, सफलता केवल त्यसैलाई प्राप्त हुनेछ।" मेरा तीनओटै सहयोगीहरू त वहाँको बचनमा अविश्वास गरेर त्यहाँबाट गए। अनि मैले वहाँलाई आदर सहित प्रणाम गरेर वहाँको आज्ञा मान्न स्वीकार गरें। त्यसपछि वहाँले मलाई कुवामा उल्टो मुख झुण्डयाई दिनुभयो। मेरो शिर तल र पाउ माथि थियो। मेरो शिर जलबाट लगभग तीन फुटको उच्चाइमा थियो। जसलाई न म हातले छुन सक्तथें, न मुखमा नै त्यो जल जानसक्ने कुनै सम्भावना थियो। मलाई यस्तो प्रकारले उल्टा झुण्डयाएर वहाँ नजाने कहाँ जानुभयो।

लगभग चार पाँच घण्टापछि वहाँ फर्कनु भयो र वहाँले मलाई तुरून्तै कुबाबाट बाहिर निकाल्नु भयो। अनि वहाँले मलाई "तिमीलाई त्यहाँ कस्तो लागेको थियो" भन्ने प्रशन सोध्न लाग्नुभयो। मैले भनें, "म परमानन्दको अनुभव गरिरहेथें। म जस्तो मूर्ख प्राणीले यस्तो आनन्दको वर्णन कसरी गर्न सक्दछ्छ र खोई।" मेरो उत्तर सुनेर मेरा गुरूदेव ज्यादै प्रसन्न हुनुभयो र वहाँले मलाई आफ्नो छातीमा लगाएर मेरो प्रशंसा गरी आफ्नो साथमा लिनुभयो।

एउटा चराले आफ्नो बचरालाई जस्तो सावधनीसँग लालन-पालन गर्दछ, त्यस्तै प्रकारले वहाँले मेरो पनि पालना गर्नुभयो। वहाँले मलाई आफ्नो पाठशालामा ठाउँ दिनुभयो। कस्तो सुन्दर थियो त्यो पाठशाला। त्यहाँ मैले आफ्नो आमा-बाबुलाई पनि बिर्से। मेरा अरू सम्पूर्ण आकर्षण हट्न गए र मैले सजिलोसँग बन्धनहरूबाट मुक्ति पाएं। मलाई सधैं वहाँकै छातीमा नै टाँसिएर वहाँलाई एकटकले हेरूँ भन्ने लाग्दथ्यो। यदि वहाँको त्यो भव्यमूर्ति मेरो दशष्टिमा नबसेको भए म आफूलाई अन्धो हुनु नै बढी असल हो भन्ने सम्झन्थें होला। त्यो पाठशाला यति प्यारो थियो कि त्यहाँ पुगेर कोही पनि कहिल्यै खालि हात फर्किएन। मेरा सम्पूर्ण सम्पत्ति घरद्वार, तथा बाबु-आमा के भनूँ वहाँ नै हुनुहुन्थ्यो मेरो सर्बस्व। मेरा इन्द्रियहरू आ-आफ्नो कर्म छोडेर मेरा आँखामा नै केन्द्रित हुन गए, साथै मेरो आँखा वहाँ माथि। मेरो लागि गुरू यस्तो भै सक्नु भएको थियो कि दिनरात म वहाँकै ध्यानमा डुबेर बस्दथें। मलाई कुनै कुराको पनि होश थिएन। यसप्रकार ध्यान र चिन्तन गर्दागर्दै मेरा मन र बुद्धि स्थिर हुन गए। म जडीभूत (संज्ञाहीन) र स्तब्ध भएर वहाँलाई मानसिक प्रणाम गर्न लागें। अरू आध्यात्मिक केन्द्र पनि छन् जहाँ एउटा अर्कै किसिमको फरक दश्शय देखिन्छ। साधक त्यहाँ ज्ञान प्राप्त गर्न जान्छ र धन र समयको पनि बेकार नाश गर्दछ। कठोर परिश्रम पनि गर्दछ तर अन्तमा उसलाई पश्चाताप मात्र हात लाग्दछ। त्यहाँ गुरू आफ्नो गुप्त ज्ञान भण्डारको अभिमान प्रदर्शित गर्दछन् र आफूलाई कलंकरहित बताउँदछन्। उनी आफ्नो पवित्रता र शुद्धताको अभिनय त गर्दछन् तर उनको अन्तःकरणमा दयाको लेश मात्र पनि हुँदैन। उनी उपदेश ज्यादा दिन्छन् र आफ्नो कीर्तिको आफैं गुणगान गर्दछन्। तर उनका शब्द भने छुने हुँदैननै्। यसैले साधकहरूलाई सन्तौष प्राप्त हुँदैन। जहाँसम्म

आत्म-दर्शनको प्रश्न छ, त्यसबाट उनी कोसौं टाढा हुन्छन् यसप्रकारको केन्द्र साधकहरूको लगि कसरी उपयोगी हुन सक्तछन्। तिनबाट कुनै उन्नतिको आशा कसले कहाँसम्म गर्न सक्छ? जुन गुरूका श्री चरणको बारेमा मैले अहिले वर्णन गरे, उहाँ भिन्नै प्रकारको हुनुहुन्थ्यो। केवल वहाँको कृपादृष्टिबाट मलाई आफै नै अनुभूति प्राप्त भयो। न मलाई कुनै प्रयास गर्नु पर्‍यो न कुनै विशेष अध्ययन नै गर्नुपर्‍यो। मलाई कुनै पनि वस्तु खोज्ने आवश्यता नै परेन बरू प्रत्येक वस्तु मलाई दिनको प्रकाश समान नै उज्वल देखिन लाग्यो। उहाँद्वारा कुवामा मलाई उल्टो पारेर कसरी झुन्ड्याउनु भयो र मेरो लागि त्यो परमानन्दको कारण सिद्ध भयो त्यो कुरा केवल मेरा वहाँ गुरू नै जान्नु हुन्छ।
ती चार सहयोगीहरूमा एकजना ठूला कर्मकाण्डी थिए। कसरी कर्म गर्ने र कसरी त्यसबाट अलिप्त रहने (फरक भएर बस्ने) यो कुराको उनलाई राम्रोसँग ज्ञान थिए। दोश्रो साथ ज्ञानीथिए, जो सदैव ज्ञानकै अहंकारमा चूर भएर बस्दथे। तेश्रो व्यक्ति ईश्वर भक्त थिए जो अनन्यभावले भगवान्को शरणागत भैसकेका थिए। उनलाई ईश्वर नै हुन् भन्ने ज्ञान थियो। उनीहरू यसप्रकार आफू-आफूमा विचार ? (आदान-प्रदान) गरिक्तका थिए त्यसैबेला ईश्वर सम्बन्धी प्रश्न उठ्न गयो र उनीहरू कसैको सहायता प्राप्त बिना नै आफ्नो स्वतन्त्र ज्ञान उपर निर्भर भएर ईश्वरको खोजमा निक्ले। श्री साई जो विवके र वैराग्यका प्रत्यक्ष मूर्ति हुनुहुन्थ्यो ती चारैजनासँग सम्मिलित हुनुहुन्थ्यो।

यहाँ कसैले शंका गर्न सक्दछ कि जब श्री साई आफैं नै ब्रह्मको अवतार हुनुहुन्थ्यो भने वहाँ ती व्यक्तिहरूसँग किन सम्मिलित हुनुभयो र वहाँले यसप्रकारको अविद्वत्तापूर्ण (अविवेकपूर्ण) आचरण गर्नुभयो। जन-कल्याणको भावनाले प्रेरित भएर नै बहाँले यस्तो आचरण गर्नुभयो। स्वयं अवतार भएर पनि अन्न नै ब्रह्म हो भन्ने यो दृढ धारणा लिएर वहाँले एक तुच्छ बंजाराको भोजनलाई सहर्ष स्वीकार गर्नुभयो र बंजारको भोजनको आग्रहको अनास्था गर्ने र गुरू बिना नै ज्ञान प्राप्त गर्न खोज्नेहरूको के दशा हुन्छ भन्ने एउटा उदाहरण उनीहरूको अगाडि प्रस्तुत गरिदिनु भयो। श्रृति (तैत्तरीय उपनिषद्) को कथन छ कि हामीले माता-पिता तथा गुरूको आदर सहित पूजा गरेर मात्र धार्मिक ग्रन्थहरूको अध्ययन गर्नुपर्दछ। यो नै चित्तशुद्धिका बाटा हुन् र जबसम्म चित्तको शुद्धि

हुँदैन त्यहाँसम्म आत्मज्ञानको आशा व्यर्थ छ। इन्द्रियहरू तथा मन र बुद्विभन्दा पनि आत्मा पर छ। यस विषयमा ज्ञान र तर्कले हामीलाई कुनै सहायता गर्न सक्तैन, केवल गुरूको कृपाले मात्र सबै कुरा सम्भव हुन्छ। धर्म, अर्थ र कामको प्राप्ति आफ्नो प्रयत्नबाट पनि हुन सम्भव। तर मोक्षको प्राप्ति केवल गुरूको कृपाबाट मात्र सम्भव हुन्छ।

श्री साईका दरबारमा अनेक तरहका मानिसहरूको दर्शनहुन्थ्यो। हेर्नोस् ज्योतिषीहरू आएर आफ्नो भविष्यको बखान गरिराखेका छन्। अर्कोतर्फ राजकुमार ऐश्वर्यवान् सम्पन्न र गरीब सन्यासी, योगी र गवैयाहरू दर्शनको लागि आइराखेका छन्। यहाँसम्म कि एउटा सानो शूद्रसम्म पनि सदवारमा आउँछ र प्रणाम गरेपछि भन्छ, "श्री साई नै मेरा आमा बाबु हुनुहुन्छ र वहाँले नै मलाई जन्म-मरणको चक्रबाट छुटकारा गरिदिनुहुन्छ।" अरू पनि अनेकौं तमाशा गर्नेहरू, कीर्तन गर्नेहरू, अन्धा, लंगडा, नाथ धर्म मान्ने, नटुवा तथा अरू मनोरंजन गर्नेहरू, दरवारमा आउँदथे। त्यहीं उनीहरूको मान गरिन्थ्यो र यस्तो प्रकारले नै उपयुक्त समयमा त्यो बंजारा पनि प्रकट भयो र जो अभिनय उसलाई सुम्पिएको थियो उसले त्यसलाई पूर्ण गर्‍यो।

मेरो विचारमा कुवामा 4-5 घण्टा उँधो मुन्टे भएर झुण्डिरहने कुरालाई सामान्य घटना सम्झनु हुँदैन। किनभने यसरी धैरै समयसम्म डोरीले झुण्डयाउँदा कुनै कष्टको अनुभव नगर परमानन्दको अनुभव गर्ने यस्तो मान्छे विरलै होला कोही। यसको उल्टो उसलाई पीडा हुने नै बढी संभावना छ। यो त यहाँ समाधि-अवस्थाको नै चित्रण गरिएको हो जस्तो लाग्दछ। आनन्द दुई प्रकारका हुन्छन्। पहिलो ऐन्द्रिक (इन्द्रियबाट मिल्ने), दोश्रो आध्यात्मिक (आत्माबाट मिल्ने)। ईश्वरले हाम्रा इन्द्रियहरू र तन (शरीर) मनका प्रवृत्ति (लगाब) हरूको रचना वाह्यमुखी (बाहिर तर्फ फर्केको) बनाएका छन्। यसैले जब अर्थात इन्द्रियहरू र मन आफ्नो विषय-पदार्थहरूमा संलग्न हुन्छन् अनि हामीलाई इन्द्रिय-चैतन्यमता प्राप्त हुन्छ। यसैको फलस्वरूप नै हामीलाई सुख वा दुःखको छुट्टाछुट्टै वा दुबैको सम्मिलित (सँग मिलेको) अनुभव हुन्छ, न कि परमानन्दको। जब मनलाई उसका विषय-पदार्थहरूबाट हटाएर अन्तर्मुख (भिन हेर्ने) बनाएर आत्मा उपर केन्द्रित गरिन्छ, अनि मात्र हामीलाई

आध्यात्मिक बोध हुन्छ (अर्थात् आत्मानुभूति हुन्छ) र त्यो समयको आनन्द मुखबाट वर्णन गर्न सकिन्न। "म परमानन्दमा थिएँ त्यसैले त्यो समयको वर्णन म कसरी गर्न सक्दछु र" यी शब्दहरूबाट गुरूले वहाँलाई समाधि अवस्थामा राखेर चन्चल इन्द्रियहरू र मनरूपी जलबाट टाढा राखिएको थियो भन्ने कुरा ध्वनित हुन्छ।

## उपवास र श्रीमती गोखले

बाबाले स्वयं कहिल्यै उपवास गर्नु भएन, न वहाँले अरूलाई नै गर्न दिनु भयो। उपवास गर्नेहरूको मन कहिल्यै शान्त रहन सक्तैन अनि उसलाई परमार्थको प्राप्ति कसीर प्राप्त हुन्छ? पहिलो कुरा आत्मालाई तृप्ति हुनु आवश्यक छ। भोको बसेर ईश्वरको प्राप्ति हुन सक्तैन। यदि पेटमा केही अन्नको शीतलता भएन भने हामीले कुन आँखाले ईश्वरलाई देखौंला र कुन जिभ्राले वहाँको महानताको वर्णन गरौंला र त्यस्तै कुन कानले त्यो वर्णन सुनौंला र ?। सारांश यो हो कि जब सम्पूर्ण इन्द्रियहरूलाई चाहिएजति भोजन र शान्ति मिल्छ तथा जब ती पूरै बलिया हुन्छन् अनि मात्र पो हामी भक्ति र ईश्वरप्राप्तिका अरू साधना गर्न सक्दछौं। यसैले न त हामीले उपवास गर्नुपर्छ न त बढी नै भोजन। भोजनमा संयम राख्नु शरीर र मन दुबैको लागि उत्तम छ।

श्रीमती काशी बाई कानिटकर (श्री साईबाबाकी एक भक्त) बाट परिचय-पत्र लिएर श्रीमती गोखले शिरडीमा दादा केलकर कहाँ आइन्।बाबका श्रीचरणमा बसेर तीन दिन उपवास गरौला भन्ने यो निश्चय गरेर आएकी थिइन्। उनी शिरडी पुग्नु एक दिन पहिले नै बाबाले दादा केलकरसँग "म शिमगा (होली)को दिनमा आफ्नो बच्चचाहरूलाई भोको देख्न सक्तिन।" यदि उनीहरूलाई भोकै राख्न पर्‍यो भने "मेरो यहाँ रहनाको लाभ नै के भयो?" भन्नुभयो। भोलिपल्ट जब ती महिला दादा केलकरका साथमा मसजिदमा गएर बाबाको चरण-कमलको नजिक बसिन् अनि बाबाले तुरून्त भन्नुभयो, "उपवासको आवश्यकता नै के छ र दादा भटको घरमा गएर पूरनपोली तैयार गर। आफ्नो बच्चाहरूलाई खुवाऊ र आफू पनि खाऊ।" त्यो होलीको दिन थियो र यो समयमा श्रीमती केलकर

मासिक धर्ममा थिइन्। दादा भटको घरमा खाना बनाउने कोही थिएन। त्यसैले बाबाको भनाइ बडो सामयिक थियो। श्रीमती गोखलेले दादा भटको घरमा गएर भोजन तैयार गरिन् र अरूलाई पनि भोजन गराएर आफूले पनि खाइन्। कस्तो सुन्दर कथा छ र कस्तो सुन्दर छ वहाँको शिक्षा।

बबाको सरकार

बबाले आफ्नो बालकालको एउटा कहानी यसप्रकारले वर्णन गर्नुभयो।

जुनबेला म सानो थिएँ, त्यसबेला जीविका कमाउनको लागि म बीड गाउँमा आएँ। त्यहाँ मलाई जरीको काम मिल्यो र म पूरा लगन र उम्मीदले आफ्नो काम गर्न लागे। मेरो काम देखेर सेठ ज्यादै नै खुशी भए। मसँगै अरू तीन जना केटा पनि काम गर्दथे। पहिलोको काम पचास रूपैयाँको, दोश्राको एक सय पचास रूपैयाँको भयो। मेरो काम ती तीनै जनाकोभन्दा दोब्बर भयो। मेरो चतुन्याई देखेर सेठ ज्यादै नै प्रसन्न भए। उनी मलाई थेरै मन पराउँथे र मेरो प्रशंसा पनि गरिरहन्थे। उनले मलाई एउटा पूरै पोशाक दिए जसमा शिरको लागि एउटा पगरी र शरीरको लागि लगाउने एउटा लुगा पनि थियो। मसँग त्यो, पोशाक त्यसै नै रहिरह्यो। मैले सोचे कि जे जति मानिसबाट बनिएका हुन्छन् ती सबै नाश हुने र अपूरा नै हुन्छन्। तर जे जति मेरो सरकार। अर्थात् भगवान) द्वारा प्राप्त हुनेछ त्यही नै अन्तसम्म रहने छ। कुनै मानिसको उपहारको पनि त्यसको बराबरी हुने सम्भव नै हुँदैन। मेरा सरकार (भगवान) भन्नुहुन्छ, "लिएर जाओ।" तर मानिसहरू भने मसँग आएर भन्छन् "मलाई दिनोस् मलाइ दिनोस्।" तर मानिसहरू भने मसँग आएर भन्छन् "मलाई दिनोस् मलाइ दिनोस्।" जे जति म भन्छु त्यसको अर्थ उपर कोही पनि ध्यान दिने प्रयत्न गर्दैद। मेरा सरकारको (भगवानको) खजाना (अर्थात् आध्यात्मिक भण्डार) भरिभराउ छ र त्यो माथिबाट बर्हिरेको छ। म त भन्छु खनेर गाडीमा भरेर लैजाओ। जो सच्चा आमाको सन्तान होला उसले आँफैंले भर्नुपर्छ। मेरा फकीरका (भगवान्का) कला, मेरा भगवान्को लीला तथा मेरा सरकारका व्यवहार सर्बथा अद्वितीय छ। मेरो के कुरा गर्ने? यो

शरीर माटोमा मिलेर सारा भू-मण्डला व्याप्त हुन जानेछ अनि फेरि यो अवसर कहिल्यै प्राप्त छैन। म चाहे कहीँ जाऊँ या कहीँ बसूँ, तर मायाले त्यहीँ पनि मलाई कष्ट पुऱ्याइरहन्छे। यदि हुँदाहुँदै पनि म आफ्ना भक्तहरूको कलयाणको लागि सदैव उत्सुक नै रहन्छु। कसैले जे जसो गर्छ एक दिन त्यसको फल त्यसलाई अवश्य प्राप्त हुनेछ। अनि जो मेरा यी बचनहरूलाई सम्भिराख्नेछ उसलाई अनमोल आनन्दको प्राप्ति हुनेछ।

श्रीसद्‌गुरू साईनाथमा अर्पण होओस्।
मंगल होओस्।

# अध्याय 33



## उदी (विभूति) को महिमा (1)

बिच्छीको डसाइ, प्लेगको गाँठ,
जामनेरको चमत्कार, नारायण राव,
बाबा बुबा सुतार, अप्पासाहेब कुलकर्णी,
हरिभाऊ कुलकर्णी,

गएको अध्यायमा गुरूको महानताको दिग्दर्शन गराइएको छ। अब यो अध्यायमा उदी (विभूति) को महात्म्यको वर्णन गरिनेछ।

### प्रस्तावना

जसको कृपादृष्टि मात्रले नै सम्पूर्ण पाप समूह भस्म भएर हाम्रो आचरणका दोहषहरू नाश हुन जान्छन्, आउनोस् पहिले हामी त्यस्ता सन्तहरूका चरणहरूमा प्रणाम गरौं (ढोगौं)। उनीहरूसँग वार्तालाप गर्नु हाम्रो लागि शिक्षाप्रद र अति आनन्ददायक हुन्छ। उनीहरू आफ्नो मनमा "यो मेरो य त्यो तेरो" यस्तो कुनै भेद राख्दैनन्। यस्तो प्रकारको भेदभावको कल्पना उनीहरूको हृदयमा कहिल्यै पनि उत्पन्न हुँदैन। उनीहरूको ऋण यस जन्ममा त के अनेकौं जन्ममा पनि चुकाएर राकिन्न।

### उदी (विभूति)

यो कुरा सबैलाई थाहै छ, बाबा सबैसँग दक्षिणा लिने गर्नुहुन्थ्यो। अनि त्यो धनराशी मध्येबाट दान गरेपछि जो जति बाँकी रहन्थ्यो त्यसबाट वहाँ दाउरा किनेर सदैव धूनी जगाइ रहनुहुन्थ्यो। ठीक धूनीको भस्म नै "उदी" भनिन्थ्यो। भक्तहरू शिरडीबाट प्रस्थान गर्ने समयमा बाबा यो भस्म खुला हातले ती सबै जानेहरूलाई बाँडि दिनुहुन्थ्यो।

यो उदी (विभूति) ले हामीलाई के शिक्षा दिन्छ? उदी वितरण गरेर बाबाले हामीहरूलाई शिक्षा दिनुहुन्छ कि यो बल्दो अँगार जस्तो देखनि ब्रह्माण्डको प्रतिबिम्ब भस्मको समान नै छ। हाम्रो शरीर नै इन्धन (दाउरा) जस्तै नै छ, अर्थात् पन्चभूतादिबाट बनेको छ जोकि संसारको भोग आदिको पछि विनाश भएर भस्मको रूपमा नै परिणत हुन जानेछ।

भक्तहरूलाई अन्तमा यो शरीर भस्म जस्तै हुनेछ भन्ने यो कुराको सम्झना दिलाउनाको लागि नै बाबाले उदी बाँड्ने गर्नुहुन्थ्यो। बाबा यो उदीद्वारा यो संसारमा ब्रह्म मात्र सत्य हो र संसार झूटो हो भन्ने एउटा अर्को पनि शिक्षा प्रदान गर्नुहुन्थ्यो। वास्तवमा यो संसारमा कोही कसैको बाबु, छोरा वा पत्नी होइन। हामी संसारमा एक्लै नै आयौं र एक्लै नै जान्छौं। यो उदी (विभूति) ले अनेकौ शरीरका र मनका रोगीहरूलाई स्वास्थ्य प्रदान गरेको छ भन्ने कुरा पहिले पनि देखिन आइसकेको छ र अहिले पनि अनुभव गरी राखिएको छ। वास्तवमा बाबा त त्यागको दक्षिणा र उदीद्वारा सत्य र असत्यमा विवेक तथा असत्यको त्यागको संसारमा ब्रह्म मात्र सत्य हो र संसार झूटो हो भन्ने एउटा अर्को पनि शिक्षा प्रदान गर्नुहुन्थ्यो। यो उदीबाट वैराग्यको र दक्षिणाबाट त्यागको शिक्षा पाइन्छ। यी दुइको अभावमा यो मायारूपी भवसागरलाई पार गर्नु कठिन छ। यसैले बाबा अर्काको भोग आँफैंले भोगेर दक्षिणा स्वीकार गर्नुहुन्थ्यो। जब भक्तगण बिदा लिन्थे त्यतिबेला वहाँ प्रसादको रूपमा उदी दिएर केही उनीहरूको शिरमा लगाएर आफ्नो वरदहस्त (वरदिने हात) उनीहरूको शिरमाथि राख्नुहुन्थ्यो। जुनबेला बाबा प्रसन्न चित्तको हुनुहुन्थ्यो त्यतिबेला प्रेमपूर्वक गीत गाउने गर्नुहुन्थ्यो। यस्तै एउटा भजन उदीको सम्बन्धमा पनि छ। भजनको बोल छ "रमते राम आओजी-आओजी उदिया कि गोनिया लाओजी" (अर्थात् घुमन्ते राम आउनोस्-आउनोस् विभूतिको बोरा ल्याउनोस्)" यो भजन बाबा शुद्ध र मधुर स्वरमा गाउनुहुन्थ्यो।

यो सबै त उदीको आध्यात्मक प्रभावको सम्बन्धमा भयो। तर त्यसमा भौतिक प्रभाव पनि थियो जसबाट भक्तहरूलाई स्वास्थ्य, समृद्धि (ऐश्वर्य) चिन्मामुक्तिको साथै अनेकौं सांसारिक लाभ प्राप्त भए। यसैले उदीले हामीलाई आध्यात्मिक र सांसारिक दुबै लाभ

पुन्याउँछ। अब म उदीका कथाहरू प्रारम्भ गर्छु।

बिच्छीको डसाइ

नासिकका श्री नारायण मोतीराम जानी बाबाका परमभक्त थिए। उनी बाबाका अर्का भक्त रामचन्द्र वामन मोडकका अधीनमा काम गर्थे। एकपटक उनी आफ्नी आमाको साथमा शिरडी गए र बाबाको दर्शनको लाभ उठाए। अनि बाबाले उनकी आमासँग भन्नुभयो, "अब तिम्रो छोराले नोकरी छोडेर स्वतन्त्र व्यवसाय गर्नु उचित छ।" केही दिनमा नै बाबाको वचन सत्य निक्ल्यो। नारायण जानीले नोकरी छोडेर एक उपहार गृह "आनन्दाश्रम" चलाउन प्रारम्भ गरे। त्यो राम्रोसँग चल्न लाग्यो। एकपटक नारायण राबको एक मित्रलाई बिच्छीले टोकेकोले असह्य पीडा हुन लाग्यो। यस्तो अवस्थामा उदी त रामवाणा भनेर प्रसिद्ध नै छ। टोकेको ठाउँमा खालि त्यो लगाइदिनु त हो। नारायणले उदी खोजे तर कहीँ पाइएन। अनि उनले बाबाको फोटोको अगाडि खडा भएर वहाँसँग सहायताको प्रार्थना गरे। त्यसपछि वहाँको नाम लिँदै वहाँको (बाबाको) तस्वीरको अगडि बल्दै रहेको धूपबाट एक चिम्टी भष्म बाबा को उदी मानेर बिच्छीले डसेको ठाउँमा लेपीदिए। त्यस ठाउँबाट उनको हात हटाउनासाथ नै पीडा तुरून्तै हरायो र दुबैजना ज्यादै प्रसन्न भएर हिंडे।

प्लेगको गाँठो

एक समय एउटा भक्त बान्द्रामा थिए। तिनलाई अर्कै ठाउँमा बसेकी आफ्नो छोरी प्लेग ग्रस्त छ र गाँठो निक्लेको छ भन्ने थाहा भयो। उनीसँग त्यसबेला उदी थिएन। त्यसैले उनले नाना चांदोरकर कहाँ उदी पठाइदिनको लागि खबर पठाए। नाना साहेब ठाणे रेल्वे स्टेसन नजिक नै बाटामा थिए। उनी कहाँ यो सूचना पुग्दा उनी आफ्नी पत्नी सहित कल्याणतिर जाँदै थिए। त्यो बेला उनीसँग पनि उदी थिएन्। यसैले उनले सडकबाट केही धूलो उठाएर श्री साईबाबाको ध्यान गरी आफ्नी पत्नीको शिरमा लगाइदिए। ती आएका भक्त खडा भएर नै यो सबै नाटक हेरिरहेका थिएं जुनबेलादेखि नाना साहेबले रेल्वे स्टेसनको नजिक बाबासँग सहायताको लागि प्रार्थना गरे, त्यसैबेलादेखि बितेका तीन

दिनदेखि पीडित भएकी उनकी छोरीको स्थितिमा प्रशस्त नै सुधार हुन लागेको थियो भन्ने कुरा उनी घर फर्केपछि जानेर उनीलाई ज्यादै खुशी लाग्यो।

जमनेरको अनौठो चमत्कार

सन् 1904–05 मा नानासाहेब चाँदोरकर खानदेश जिल्लाको जामनेरमा तहसीलदार थिए। जामनेर शिरडीबाट लगभग एकसय माइलभन्दा बढी टाढा छ। उनको छोरी महिनाताई गर्भावस्थामा थिइन् र प्रसवकाल नजिकै थियो। तिनको स्थिति ज्यादै गम्भीर थियो। दुई तीन दिनदेखि तिनीलाई प्रसववेदना भैरहेको थियो। नाना साहेबे सबै सम्भव प्रयत्न गरे तर ती सबै व्यर्थ नै हुन गए। अनि उनले बाबाको ध्यान गरे र वहाँबाट सहायताको प्रार्थना गरे। त्यस बखतमा शिरडीमा बाबाले बापूगीर बुवा भन्ने नामले बोलाइने रामगीर बुबा नाम गरेका व्यक्ति आफ्नो घर खानदेशतिर फर्कदै थिए। बाबाले तिनलाई आफूकहाँ बोलाउनु भएर, "तिमी घर फर्कदा थोरै समयको लागि जामनेरमा उत्रीएर यो उदी र आती श्री नाना साहेबालाई दिनू" भन्नुभयो। रामगीर बुबाले पनि "मसँग खालि दुई रूपियाँ मात्र छ जो मुश्किलसँग जसगाँबसम्मको भाडाको लागि मात्र पुग्ने छ। फेरि यस्तो स्थितिमा जलगाँबबाट तीस माइल अगाडि जानु मलाई कसरी सम्भव होला र ?" भने। बाबाले जवाफ दिनुभयो, "चिन्ता गर्नुपर्ने कुनै कुरा छैन। तिम्रो लागि सबै व्यवस्था हुनेछ।"

त्यसपछि बाबाले शामालाई माधव अड्करद्वरा रचिएको प्रसिद्ध आरतीको प्रतिलिपि बनाउन लगाउनु भयो र उदीको साथमा नाना साहेब कहाँ पठाइदिनु भयो।

बाबाको वचनमा विश्वास गरेर रामगीर बुबाले शिरडीबाट प्रस्थान गरेर पौने तीन बजे रातमा जलगाँब पुगे। यतिबेला उनको साथमा खालि दुई आना मात्र बाँकी थियो जसले गर्दा उनी बडो दुविधामा परेका थिए। यक्तिकैमा उनको कानमा "शिरडीबाट आउँनु भएको बापुगिर बुबा कुन हुनुहुन्छ? भन्ने आवाज कानमा पर्‍यो उनले अगाडि बढेर, "म नै शिरडीबाट आएको हुँ र मेरो नाम नै वापूगीर बुबा हो" भनेर बताए। आफूलाई नाना

साहेब चाँदोरकरद्वारा पठाइएको भनेर बताउने त्यो चपरासीले उनीलाई बाहिर ल्याएर दुइटा सुन्दर घोडा भएको एटटा शानदार टाँगामा बसायो।

अब ती दुई जना हिंडे। टाँगा ज्यादै छिटो वेगले चलीरको थियो। बिहानीपख उनीहरू एउटा पानीको खोल्सोको नजिक पुगे। त्यहाँ टाँगाबालाले टाँगा रोकेर घोडाहरूलाई पानी खुवायो। यसै बीच चपरासीले रामगीर बुबालाई थोरै जलपान गर्न भन्यो। उसको दाही, जुँगा तथा भेश-भूषाले (लुगा लगाइले) उसलाई मुसलमान भन्ने सम्झेर जलपान खान अस्वीकार गरे। अनि चपरासीले म गढवालको क्षत्रिय बंशी हिन्दू हुँ। यो सबै जलपान नाना साहेबले तपाईको निमित्त नै पठाउनु भएको हो। त्यसैले यसमा तपाईले कुनै आपत्ति यसैले यसमा तपाईले कुनै आपत्ति र शंका गर्नु पर्दैन भन्यो। त्यसपछि दुबैजनाले जलपान गरी फेरि प्रस्थान गरे र सूर्योदयकालमा जामनेर पुगे। रामगीर बुबा लघु शकाको लागि अर्थात् पिसाब फेर्न गए र थोरै बेरमा फर्केर आउँदा त के देख्छन् भने न त त्यहाँ टाँगा छ, न टाँगावाला नै छ, न त टाँगाका घोडा नै छन् । उनको मुखबाट एउटा शब्द पनि निक्लिएन। उनी नजिकै कचरही अर्थात् अफिसमा सोधपूछ गर्न गए। त्यहाँ उनीलाई तहसीलदार घरमै छन् भन्ने कुरा पत्तालाग्यो। उनी नाना साहेबको घरमा गएर "म शिरडीबाट बाबाको आरती र उदी लिएर आउँदैछु" भनी बताए। त्यसबेला महिनाताईको स्थिति ज्यादै नै गम्भीर थियो र सबैलाई उनको निम्ति ठूलो चिन्ता भएको थियो।

नाना साहेबले आफ्नी पत्नीलाई बोलाएर उदी (विभूति) जलमा मिलाएर आफ्नी छोरीलाई पियाउन र आरती गर्न भने बाबाको सहायता बडो सामयिक थियो भन्ने उनले सोचे। थोरै वेरमा नै प्रसव आरामसँग भई सबै पीडा हट्यो भन्ने समाचार प्राप्त भयो। जब रामगीर बुबाले  नाना साहेबलाई चपरासी, टाँगा तथा जलपान आदि रेल्वे स्टेसनमा पठाएकोमा धन्यवाद दिए अनि त नाना साहेबलाई यो कुरा सुनेर महान् आश्चर्य भयो। उनले त न मैले कुनै टाँगा या चपरासी नै पठाएथें न त मलाई शिरडीबाट तपाई आउनु हुने कुनै पूर्व सूचना नै थियो भन्न लागे।

ठागेका सेवा निवृत्त श्री बीव्ही देवले नाना साहेब चाँदोरकरका छोरा बापू साहेब चाँदोरकरका र शिरडीका रामगीर बुबासँग यो सम्बन्धमा धेरै सोधपूछ गरी अनि सन्तुष्ट भएर श्री लीलापत्रिका भाग 13 (न. 11, 12, 13) मा गद्य र पद्यमा एउटा सुन्दर रचना प्रकाशित गरे। भाइ श्री बीव्ही नरसिंह स्वामीले पनि (1) महिनाताई (भाग 5 पश्ष्ठ 14), (2) बापू साहेबे चाँदोरकर (भाग 20 पश्ष्ठ 50) र (3) रामगीर बुबा (भाग 27 पश्ष्ठ 3) का भनाइ लिएका छन् जो क्रमशः 1 जून 1936, 13 सेप्टेम्बर 1936 र 1 डिसेम्बर 1936 मा छापिएका छन्। अनि यो सबै उनले आफ्नो पुस्तक भक्तोका अनुभव" (भक्तहरूको अनुभव) भाग 3 मा प्रकाशित गरेका छन्। तल लेखिएको प्रसंग रामगीर बुबाको कथनानुसार उद्धश्त गरिएको छ। "एक दिन मलाई बाबाले आफ्नो नजिक बोलाएर एउटा उदी (विभूति) को पुडिया र एउटा आरतीको प्रतिलिप दिएर जामनेर जाऊ र यो आरती र यो उदी नाना साहेबलाई देऊ भन्ने आज्ञा गर्नु भयो। मैले बाइलाई मसँग खालि दुई रूपियाँ मात्र नै छ। त्यसले कोपरगाउँबाट जलगाँउ जान र फेरि त्यहाँबाट बयल गाडीद्वारा जामनेर जानको लागि पुग्दैन भनी बताएँ। बाबाले भन्नुभयो "अल्लाहले दिनु हुनेछ" शुक्रबारको दिन थियो। म तुरून्तै हिँडिहालें। म मनमाड 6.30 बजे बेलुका र जलगाउँ रातको 2 वजेर 45 मिनेटमा पुगें। त्यो समयमा प्लेग निवारक आदेश जारी थियो। त्यसले गर्दा मलाई असुविधा भयो र म कसरी जामनेर पुगूँ भनी सोचिरहेथें। रातको 3 बजे "खट्टामा बूट लाएको, शिरमा पगरी बाँधेका र अरू पोशाक पनि लगाएको एउटा चपरासी गयो। उसले मलाई टाँगामा बसायो र टाँगा हिड्यो। म त्यसबेला डरले थर्कमान भइरकेहो थिएँ। बाटामा भगूरको नजिक मैले जलपान गरें। जब विहानीपख जामनेर पुगियो त्यतिबेला मलाई लधुशंका गर्न (पिसाब फेर्न) मन लाग्यो। म फर्केर आउँदा त त्यहाँकोही पनि थिएन। टाँगा र टाँगावाला सबै अदृश्य थिए।"

### नरायण राव

भक्त नारायण रावलाई बाबाको दर्शन गर्ने तीन पटक सौभाग्य प्राप्त भएको थियो। सन् 1918 मा बाबाले महासमाधि लिनु भएको तीन वर्षपछि उनी शिरडी जान चाहन्थे। तर कुनै कारणवश उनी जान सकेनन्। बाबाले समाधि लिनु भएको एकवर्ष भित्रैमा नै उनी

बिरामी परे कुनै पनि उपचारबाट उनीलाई फाइदा भएन। अनि उनले आठै प्रहर बाबाको ध्यान गर्न प्रारम्भ गरिदिए। एकरातमा उनलाई सपना भयो। बाबा एउटा गुफाबाट आउन लाग्नु भएको देखिनु भयो र उनीलाई सान्त्वना (ढाढस) दिएर भन्नुभयो "न घबडाऊ, भोलिबाट तिमीलाई आराम हुनेछ र एक सातामै यताउता हिंड्न-डुल्न सक्नेछौ" ठीक त्यत्ति नै समयमा नारायण राव स्वस्थ भए। अब यो प्रश्न विचारणीय छ कि के बाबा शरीर हुँदा मात्र बाँचेको भनिनु हुन्थ्यो र के उहाँले शरीर त्यागिदिनु भसएकाले मरेको हुनुभयो त? होइन। बाबा अमर हुनुहन्छ किनभने वहाँ जीवन र मृत्युभन्दा पर हुनुहुन्छ। एकपटक मात्र पनि अनन्यभावले जो वहाँको शरणमा जान्छ, त्यो व्यक्ति कहीँ नै भएपनि, उसलाई वहाँले सहायता पुर्‍याइदिनु हुन्छ। वहाँ त सधैं हाम्रो नजिक मै खडा हुनु हुन्छ र चाहे जुनसुकै रूप लिएर पनि भक्तको अगाडि प्रकट भएर उसको इच्छा पूरा गरिदिनुहुन्छ।

अप्पा साहेब कुलकर्णी

सन् 1917 मा अप्पा साहेब कुलकर्णीका शुभ दिन आए। उनको ठाणाँमा सरूवा भयो। उनले बाबा साहेब भाटेद्वारा पाएका बाबाको तस्वीरलाई पूजा गर्न आरम्भ गरे। उनले सच्चा हृदयले पूजा गरे। उनी प्रत्येक दिन फूल, चन्दन र नैवेद्य बाबालाई अर्पण गर्दथे र वहाँको दर्शनको अभिलाषा राख्दथे। यो सम्बन्धमा यत्ति मात्र भन्न सकिन्छ कि उत्सुकतापूर्वक बाबाको तस्वीर हेर्नु नै बाबाको प्रत्यक्ष दर्शन गरे बराबर हो। तल लेखिएको कथाबाट यो कुरा स्पष्ट हुन जान्छ।

बालाबुवा सुतारः

बम्बईमा एक बाबलाबुबा नामका सन्तथिए जो आफ्नो भक्ति, भजन र आचरणको कारण "आधुनिक तुकाराम" का नामले विख्यात थिए। सन् 1917 मा उनी शिरडी आए। उनले बाबालाई प्रणाम गर्न लाग्दा नै बाबाले "यिनलाई त म चार वर्षदेखि चिन्दछु" भन्न लाग्नुभयो। बालाबुबालाई आश्चर्य लाग्यो। म त पहिलो पटक नै शिरडी आएको हुँ भने यो कुरा कसरी सम्भव हुन सक्दछ भनी उनले सोचे। गहिरो चिन्तन गरेपछि उनीलाई चार वर्ष

पहिले बम्बईमा बाबाको चित्रलाई नमस्कार गरेथें भन्ने कुराको सम्झना आयो। उनीलाई बाबाका शब्दको वास्तविकता बोध हुन आयो र उनले मनमनै सन्त कति सर्वव्यापक र सर्वज्ञानी हुन्छन् र साथै आफ्ना भक्तहरूप्रति उनको हृदयमा कस्तो दया हुन्छ भनी सोच्न लागे। मैले त खालि वहाँको चित्रलाई मात्र नमस्कार गरेथें तर पनि यो घटना वहाँलाई सम्झना भयो। यसैले वहाँले मलाई वहाँको तस्वीर देख्नु नै वहाँको दर्शन गरेसरह नै हुन्छ भन्ने कुराको अनुभव गराउनुभयो।

अब हामी अप्पा साहेबको कथामा आउँछौं। उनी ठाणेका हुँदा उनले भिवडी (ठाउँको नाम) को दौडाहामा जान पऱ्यो। त्यहाँबाट उनी एक सातामा फर्कनु सम्भव थिएन। उनको अनुपस्थितिमा तेश्रो दिन उनको घरमा तल लेखिएको विचित्र घटना घट्यो।

मध्याह्नको समयमा अप्पा साहेबको घरमा एउटा फकीर आए जसको रूप बाबाको चित्रसँग नै मिल्दोजुल्दो थियो। श्रीमती कुलकर्णी र उनका केटाकेटीहरूले उनीसँग "तपाई शिरडीको साईबाबा त होइन" भनेर सोधे। यसको उत्तरमा आफू साईबाबाको आज्ञाकारी सेबक हुँ र वहाँकै आज्ञाबाट नै तपाईहरूको क्षेम कुशल सोध्न यता आएको हुँ भने। फकीरले दक्षिणा माग्दा श्रीमती कुलकर्णीले उनीलाई एक रूपैयाँ भेटी दिइन्। अनि फकीरले उनीलाई उदी (विभूति) को एक पुडिया दिदैं भने, "यसलाई आफ्नो पूजा गर्ने चित्रको साथमा राख।" यति भने उनी त्यहाँबाट हिँडे। अब बाबाको अद्भुत लीला सुन्नुहोस्।

भिवंडीमा अप्पा साहेबको घोडा विरामी भयो। त्यसैको कारणले उनी दौडाहा भ्रमणमा अगाडि जान सकेनन् र त्यही बेलुका घर फर्किएर आए। घर आएपछि उनीलाई पत्नीद्वारा फकीर आएको समाचार मिल्यो। उनको मनमा म फकीरको दर्शनबाट ठगिएँ भन्ने कुराले थोरै अशान्ति जस्तो भयो। साथै पत्नीद्वारा केवल एक रूपैयाँ दक्षिणा दिनु उनीलाई ठीक लागेन। म भएको दश रूपैयाँ भन्दा कम क्यै गरे पनि दिने थिइन भन्न लागे। यति भनी उनी अनि फेरि भोकै फकीरको खोजमा निस्के। उनले मसजिद तथा अरू कैयौं ठाउँमा खोज गरे तर उनको खोज व्यर्थ नै भयो। पाठक गण। अध्याय 32 मा बाबाले भन्नुभएको

भोको पेटले ईश्वरको खोज गर्नु हुन्न भन्ने कुराको सम्झना गर्नोस्। अप्पा साहेबलाई त्यही शिक्षा मिल्यो। उनी भोजन पछि जब आफ्ना मित्र चित्रेको साथमा घुम्न निस्के अनि त अलिकति मात्र पर पुग्नासाथ उनको अगाडिबाट एउटा फकीर छिटो चालमा आउन लागेको देखा परे। अप्पा साहेबले मेरो घरमा आएका फकीर जस्ता देखिन्छन्। यिनको अनुहार पनि बाबाको चित्रको जस्तै नै देखिन्छ भन्ने सोचे। फकीरले पनि तुरून्तै अगाडि हात बढाएर दक्षिणा मागे। अप्पा साहेबले उनीलाई एक रूपैयाँ दिए। अनि पछि फेरिरले अरू माग्न थाले। अब अप्पा साहेबले दुई रूपैयाँ दिए। त्यसले पनि उनीलाई (फकीरलाई) सन्तोष भएन उनले (अप्पा साहेबले) आफ्नो मित्र चित्रेसँग 3 रूपैयाँ सापट मागेर दिए। तर पनि फकीरले अझै मागि नै रहे। अनि भने फकीरलाई घर जान भने। सबैजना घर, आएर अप्पा साहेबले उनीलाई 3 रूपैयाँ दिए अर्थात् जम्मा 1 रूपैयाँ भयो। त्यसपछि पनि फकीर असन्तुष्ट देखिन्थे र अरू मागिरहेका थिए। अनि त अप्पा साहेबले मसँग अब 10 रूपैयाँको नोट छ भने। फकीरले नोट लिएर 9 रूपैयाँ फर्काएर हिंडे। अप्पा सोहबले दश रूपैयाँ दिने कुरा गरेका थिए। त्यसैले उनीबाट 10 रूपैयाँ नै लिएर अनि  बाबाद्वारा छोईएको 9 रूपैयाँ उनीलाई फिर्ता मिल्यो। अक 9 रूपैयाँ अर्थपूर्ण छ। यसले नौ प्रकारको भक्तिको संकेत गर्दछ (हेर्नोस् अध्याय 21)। यहाँ यो कुरा ध्यान दिनोस् कि लक्ष्मीबाईलाई पनि वहाँले (बाबाले) अन्त समयमा 9 रूपैयाँ नै दिनु भएथ्यो।

उदी (विभूति) को पुडिया खोल्दा अप्पा साहेबले त्यसमा फूलका पात र अक्षता देखे। केही कालपछि शिरडी जाँदा बाबाले उनीलाई आफ्नो एउटा केश (कपाल) पनि दिनुभयो। उनले उदी र केशलाई एउटा जन्तरमा राखेर त्यसलाई उनले सधैंभर हातमा बाँध्ने गरे। अब अप्पा साहेबलाई उदीको शक्ति थाहा भैसकेको थियो। उनी बडो तीखो बुद्धिका व्यक्ति थिए।

पहिले उनीलाई महिनाको 40 रूपैयाँ मिल्थ्यो। तर बाबाको उदी र चित्र प्राप्त भएपछि उनको तलब कैयौं गुना बढी हुन गयो र मानकीर्ति पनि मिल्यो। यी अस्थायी आकर्षणहरूभन्दा बाहेक उनको आध्यात्मिक प्रगति पनि छिटोसँग हुन लाग्यो। यसैले सौभाग्यवश जसको साथमा उदी (विभूति) छ, उसले नुहाएपछि शिरमा धारण गर्नुपर्छ र

अलिकति पानीमा मिलाएर तीर्थजलको रूपमा ग्रहण गर्नुपर्छ।

हरिभाउ कर्णिक

सन् 1917 मा गुरू पूर्णिमाको शुभ दिनमा डहाणु जिल्ला ठानाका हरिभाउ कर्णिक शिरडी आएर उनले बाबाको विधिपूर्वक पूजा गरे। उनले चीजहरू र दक्षिणा आदि चढाई शामाद्वारा बाबाबाट फर्कने आज्ञा प्राप्त गरे। उनी मसजिदका सिंढीबाट ओर्लेका मात्रै थिए कि त्यसै बखत उनीलाई अरू एक रूपैयाँ बाबामा अर्पण गर्नुपर्ने विचार आयो। उनी शामालाई संकेतद्वारा बाबाबाट जाने आज्ञा प्राप्त भैसकेकाले म फर्कन चाहन्न भनी यो आफ्नो मनको सूचना दिन चाहन्थे। तर शामाको ध्यान उनीतर्फ गएन। त्यसैले घरतर्फ हिंडे। तर बाटामा उनी नासिकमा कालारामको मन्दिरमा दर्शन गर्न गए।

मन्दिको मुख्य द्वारका भित्री भागमा बस्ने सन्तनरसिंह महाराजले आफ्ना भक्तहरूलाई त्यहीं छाडेर हरिभाउ कहाँ आई उनको हात समातेर, "मलाई मेरो रूपैयाँ देऊ" भन्न लागे। कर्णिकलाई ठूलो आश्चर्य लाग्यो र उनले खुशी साथ रूपैयाँ दिइहाले। मैले बाबालाई रूपियाँ दिने कुरा मनमा संकल्प गरेथें। त्यसैले बाबाले यो रूपियाँ नासिकका नरसिंह महाराजद्वारा लिनुभयो भन्ने कुरा उनको विचारमा आयो। यो कथाबाट सबै सन्तहरू अभिन्न हुन्छन् र त्यसैले उनीहरू कुनै न कुनै रूपमा सँगै नै काम गर्ने गर्दछन् भन्ने कुरा सिद्ध हुन्छ।

श्रीसद्‌गुरू साईनाथमा समर्पण होओस्।
मंगल होओस्।।



## अध्याय 34

## उदी (विभूति) को महत्व (2)

(1) डाक्टरको भतिजा (2) डाक्टर पिल्ले
(3) शामाकी भाइ-बुहारी (4) इरानी कन्या
(5) हरदाका महानुभाव
(6) बम्बईको महिलाको प्रसव-पीडा।

यो अध्यायमा पनि उदीको महिमा क्रमबद्ध छ र जुन-जुनमा त्यसको उपयोग प्रभावकारी सिद्ध भयो ती घटनाहरूको पनि उल्लेख गरिएको छ।

### डाक्टरका भतिजा

नसिक जिल्लाका माले गाउँमा एउटा डाक्टर बस्दथे। तिनको भतिजा एक असाध्य रोग (Tubercular bone abscess) (एक प्रकारको क्षययोग) बाट पीडित थिए। उनले र साथै उनका सबै डाक्टर मित्रहरूले सम्पूर्ण उपचार गरे। यहाँसम्म कि उसको शल्य-चिकित्सा (अपरेशन) पनि गरियो। तर पनि बालकलाई केही फाइदा भएन। उसको कष्टको कुनै सीमै थिएन। अब सबै मित्रहरू र सम्बन्धीहरूले बालकका माता पितालाई दैविक उपचार गर्ने सल्लाह दिएर आफ्नो दृष्टि मात्रले (नजरले मात्र) असाध्य रोग साध्य गरिदिने कुरामा प्रसिद्ध हुनु भएको श्रीसाईबाबाको शरणमा जानको लागि भने। यसैले आमा-बाबु बालकलाई साथैमा लिएर शिरडी आए। उनीहरूले बाबालाई साष्टाडगं प्रणाम गरेर श्रीचरणमा शिरडी आए। उनीहरूले बाबालाई साष्टाड् प्रणाम गरेर श्रीचरणमा बालकलाई राखिदिए। अनि बडो नम्रता र आदपूर्वक विन्ति गरे, ‘‘प्रभु हामीहरूमाथि दया राखीबक्सियोस्। हंजूरको संकट-मोचन नाम सुनेर नै हामीहरू यहाँ आएका हौं। दया गरी यो बालकलाई रक्षा गरिदिइबक्सियोस्। प्रभु! हाम्रो त केवल हजूरकै भरोसा छ।’’

प्रार्थना सुनेर बाबालाई दया आयो र उहाँले ढाढस दिएर भन्नुभयो, "जसले यो मसजिदको सिंढी चढ्दछ त्यसलाई जीवन छइन्जेल कुनै दुःख हुँदैन। चिन्ता नगर। यो उदी (विभूति) लिई यो रोग लागेको ठाउँमा लगाओ। ईश्वरमाथि विश्वास राख। बालक यो साताको अन्तमा नै पूरै निको हुनेछ। यो मसजिद होइन। यो त द्वारकावती हो। जसले यसको सिंढी चढ्ने छ उसलाई स्वास्थ्य र सुखको प्राप्ति हुनेछ। साथै उसका कष्टहरूको अन्त हुन जानेछ।"

बालकलाई बाबाको अगाडि बसाइयो। वहाँले रोग लागेको ठाउँमा आफ्नो हात राखी दयापूर्वक दृष्टिले बालकतिर ताकेर हेर्नुभयो। रोगी अब प्रसन्न रहन लाग्यो र उदीको लेपले थोरै समयमा नै ठीक भयो। आफूहरू बाबाका ऋणी बनी कृतज्ञ भएर माता-पिता बालकलाई लिई शिरडीबाट गए।

यो लीला देखेर बालकका काका डाक्टरलाई ठूलो आश्चर्य भयो र उनीलाई पनि बाबाको दर्शनको लागि ज्यादै नै ठूलो इच्छा भयो। यसै समयमा कार्यवश उनी बम्बई गइरहेका बखतमा मालेगाउँ र मनमाडको नजिकै कसैले बाबाको विरूद्ध उनको कान भरिदियो। यसकारण उनी शिरडी जाने विचार छोडेर सिधै बम्बई गए। उनी आफ्नो बाँकी छुट्टी जति अलीबागमा बिताउन चाहन्थे। तर बम्बईमा उनले लगातार तीन रातसम्म "के अब पनि तँ म माथि अविश्वास गरिराखेको छस्" भन्ने एउटै ध्वनि सुने। अनि डाक्टरले आफ्नो विचार बदलेर शिरडी जाने निश्चय गरे। बम्बईमा उनको एउटा रोगीलाई सरूवा ज्वरो आइराखेको थियो। त्यो ज्वरोको तापक्रम कम हुने कुनै चिन्ह नदेखिएकोले उनीलाई कहीं शिरडी जाने आफ्नो यात्रा स्थगित गर्नुपर्ने त होइन? भन्ने लागिरहेथ्यो। उनले यदि रोगी आज ठीक भयो भने भोलि नै म शिरडीको लागि हिंडिहाल्नेछु भनी आफ्नो मनमनै बाबाको परीक्षा गर्ने विचार गरे। आश्चर्यको कुरा छ कि जुनबेला उनले यो निश्चय गरे ठीक त्यसैबेलादेखि ज्वरो उत्रिन लाग्यो र ताप क्रमशः सामान्य परिस्थितिमा पुग्यो। अनि उनी आफ्नो निश्चय अनुसार शिरडी पुगे र बाबाको दर्शन गरी प्रणाम गरे। बाबाले उनीलाई केही यस्तो अनुभव दिनुभयो कि उनी सधैंभरको लागि वहाँको भक्त हुन गए।

एक पक्षमा नै पदोन्नति भएर उनको वीजापुरमा सरूवा भयो। भतिजाको रोग-मुक्तिले उनीलाई बाबाको दर्शनको सौभाग्य दियो र साथै शिरडीको यात्राले उनीलाई श्रीसाईका चरणमा प्रगाढ प्रेम उत्पन्न गरिदियो।

डाक्टर पिल्ले

डाक्ट पिल्ले बाबाका अनन्य भक्त थिए। यसकारण उनीमाथि बाबाको धेरै स्नेह थियो र उनीलाई सधैं "भाउ" अर्थात भाइ भने बोलाउनुहुन्थ्यो। साथै हरएक समयमा उनीसँग वार्तालाप गरेर प्रत्येक विषयमा सल्लाह पनि लिने गर्नुहुन्थ्यो। बाबाको उनी सधैं वहाँकै नजिकमा बसिरहून् भन्ने इच्छा हुन्थ्यो।

एक समयमा डाक्टर पिल्लेलाई "नासूर (Guineaworm- फोहर पानीबाट सरी मानिस र जनावरो छालाभित्र बस्ने लाम्चो परजीवी कीरा) ले सतायो"। उनले काका साहेबसँग मलाई असह्य पीडा भैराखेको छ, त्यसैले म यो जीवनभन्दा मृत्यु नै बढी कल्याणकारी ठान्दछु। मेरो पूर्वजन्मको कर्म नै यसको मुख्य कारण हो भन्ने कुरा मलाई थाहा छ। गएर बाबालाई भनी मेरो पीडा हटाइदिनोस्। म आफ्ना पूर्वजन्मका कर्मलाई अरू आउने दस जन्मसम्ममा भोग्न तयार छु भनिदिनोस् भने। काका दीक्षितले बाबाकहाँ गएर उनको प्रार्थना सुनाए। साई त दयाको अवतार नै हो। वहाँले आफ्नो भक्तको कष्ट कसरी देख्न सक्नुहुन्थ्यो? त्यसैले उनको (डाक्टर पिल्लेको) प्रार्थना सुनेर वहाँलाई दया लाग्यो र वहाँले दीक्षितसँग "पिल्ले कहाँ गएर घबडाउनु पर्ने त्यस्तो कुनै कुरा छैन। पहिलेको कर्मको फल दश जन्ममा किन भोग्नु पर्नेछ र? केवल दश दिनमा नै पूर्वजन्मको कर्मको फल समाप्त हुनेछ। म यहाँ तिमीलाई धार्मिक र आध्यात्मिक कल्याण दिनको लागि नै बसेको हुँ। प्राण त्याग्ने इच्छा कदापि गर्न हुन्न भन। जाऊ कसैको बुइमा बोकाएर उनीलाई यहाँ ल्याऊ। म सधैंको लागि उनीलाई कष्टहरूबाट छुटकारा दिनेछु" भन्नुभयो।

अनि त्यही तरीकाले पिल्लेलाई त्यहाँ ल्याइयो। बाबाले आफ्नो दाहिनेपट्टि उनीलाई सिरानी गर्न आफ्नो गद्दी दिएर आरामसँग लेटाएर भन्नुभयो, "यसको मुख्य औषधि त यो हो कि बितेको जन्मको कर्मफल अवश्य नै भोगि हाल्नुपर्छ। त्यसबाट सधैंको लागि छुटकारा मिलोस्। हाम्रा कर्म नै सुख दुःखद कारण हुन्छन्। यसैले जस्तोसुकै परिस्थिति आओस् त्यसमा सन्तोष गर्नु राम्रो हुन्छ। सबैलाई फल दिने अल्ला अर्थात् ईश्वर नै हुन् र उनीले सबैको रक्षा गर्छन् यस्तो विचार गरेर सदैव उनलाई सम्झने गर। उनैले तिम्रो चिन्ता हटाइदिन्छन्। तन,मन, धन र वचनद्वारा नै उनको शरणमा जाऊ। अनि उनले के गर्दा रहेछन् त्यो हेर।"

डाक्टर पिल्लेले भने, "नाना साहेबले मेरो पैतालामा एउटा पट्टी बाँधिदिएका छन, तर त्यसबाट मलाई केही फाइदा भएन।"

बाबाले भन्नुभयो, "नाना त मूर्ख हुन्। त्यो पटटी हटाऊ, नत्र त मर्नेछौ। थोरै बेरपछि एउटा काग आउनेछ र यसमा आफ्नो चुच्चोले ठुँग्नेछ। त्यसपछि तिमी चाँडै निको हुनेछौ।"

जुनबेला त्यो वार्तालाप भैराखेको थियो त्यसै समयमा नै मसजिदमा कुचो लाउने र त्यस्तै दियो-बत्ती आदि सफा गर्ने काम गर्ने अब्दुल त्यहाँ आयो। उसले दियो-बत्ती सफा गर्न लागेकै बखतमा अचानक नै उसको पैताला डाक्टर पिलेको "नासूर" (सइन) भएको पैतालामाथि पर्‍यो। पैताला त सुनिएकै थियो त्यसैमा अब्दुलको पैतालाले थिचिंदा त्यो सुनिएको पैतालाबाट नासूरका सातवटा कीरा बाहिर निक्ले। कष्ट असहनीय भएकोले डाक्टर पिल्ले चर्को स्वरमा चिच्याए। तर एकछिन पछि नै उनी शान्त भएर गीत गाउन लागे। अनि बाबाले भन्नुभयो, "हेर भाउ (भाइ) अब ठीक भएर गाना गाउन लागे।" गानाको बोल निम्न प्रकारको थियोः-

करमकर मेरे हाल पर तू करीम।
तेरा नाम रहमान है और रहीम।
तू ही दोनों आलमका सुलतान है।
जहाँ मै नुमायँ तेरी शान है।
फना होनेवाला है सब कारोबार।
रहेनूर तेरा सदा आशकार
तू आशिकका हरदम मददगार है।
अर्थात्-दया गर मेरो हालतमा तिमी दयालु ईश्वर
तिम्रो नाम दयासागर तथा दयामूर्ति हो
तिमी दुबै लोक-परलोकका राजाधिराज हौ
संसारमा प्रदर्शननै तिम्रो शान-इज्जत हो
तर सम्पूर्ण सशृष्टिको प्रदर्शन नाशवान् छ
तिम्रो प्रकाश भने रहोस् सधैंभर स्पष्टरूपमा
तिमी दीनदुःखी भक्तको लागि सधैं सहयोगी छौ।

त्सैवेला डाक्टर पिल्लेले सोधे, ‘‘त्यो काग कहिले आएर चुच्चोले ठुँग्ला त ? यसमा बाबाले भन्नुभयो, ‘‘आच्या! के तिमीले कागलाई देखेनौ? अब त्यो आउँदैन। तिम्रो पैताला थिच्ने अब्दुल नै त्यो काग थियो। उससे ठुँगेर नासूरलाई हटाइदियो। अब फेरि ऊ किन आउने? अब गएर बाडामा विश्राम गर। तिमी चाँडि नै आराम हुनेछौ।’’

उदी (विभूति) लगाउने र पानीसँग खाने गर्दा अरू कुनै औषधि वा उपचार विना नै बाबाले उनीलाई भने अनुसार दश दिनमा नै उनी ठीक भए।

शामाकी भाइकी पत्नी (भाइ-बुहारी)
सावली विहीरको नजिकै शामाका भाइ बापाजी बस्दथे। एकपटक उनकी पत्नीलाई गाँठ उठ्ने प्लेग भयो। त्यसबाट तिनीलाई ज्वरो आयो र उनको जाँघमा प्लेगका दुई गाँठा

निक्लिए। बापाजी दौडिएर शामा कहाँ आए र सहायताको लागि हिँड्न भने। शामा डरले थर्कमान भए। उनले सधैंको झैं बाबाकहाँ गई वहाँलाई ढोगेर सहायताको लागि प्रार्थना गरे। साथै भाइको घरमा जान अनुमति पनि मागे। बाबाले भन्नुभयो, "यतिको रात बितिसकेको छ। अब यो बेला तिमी कहाँ जाने? खालि उदी (विभूति) पठाइदेऊ। ज्वरो र गाँठको बारे किन चिन्ता गर्छौ। भगवान् त आफ्ना बाबु र मालिक हुनुहुन्छ। तिनी चाँडै नै ठीक हुनेछन्। अहिले नजाऊ। भोलि बिहान सवेरै जाऊ र चाँडै नै फर्किहाल।"

शामालाई त त्यो मृत-संजीवनी (मरेकोलाई बचाउने औषधि) उदीमाथि पूर्ण विश्वास थियो। त्यो लिएर गएर उनको भाइले अलिकति गाठँ र शिरमा लागइदिए। साथै केही उदी पानीमा घोलेर रोगीलाई पियाइदिए। त्यो खानासाथ पसिना जारेसँग बग्न थाल्यो, ज्वरो कम हुँदै गयो र रोगी मस्त निद्रामा परिन्। भोलिपल्ट बापाजीले आफ्नी पत्नीलाई देखेर ठूलो आश्चर्य प्रकट गरे। किनभने न त तिनीलाई ज्वरो थियो न गाँठको कुनै चिनो नै। भोलिपल्ट शामा बाबाको आज्ञा पाएर त्यहाँ पुग्दा त आफ्नो भाइकी पत्नीलाई चिया बनाउन लागेकी देखरे उनीलाई पनि ठूलो आश्चर्य लाग्यो। आफ्नो भाइसँग सोधपूछ गर्दा बाबाको उदीले एक रातमै रोगलाई जरफेदै नाश गरिदिएको कुरा उनीलाई थाहा भयो। अनि शामाले बाबाका "भोलि बिहान जाऊ र छिटै फर्केर आऊ" भन्ने शब्दहरूको मर्म बुझे।

चिया पिएर शामा फर्केर आए। अनि बाबालाई ढोगेपछि भन्न लागे "देवा! यो हजूरको के नाटक हो? पहिले बवडर (आँधी-बिहेरी) उठाएर हामीलाई अशान्त बनाइदिनुहुन्छ। अनि पछि हामीलाई तुरून्तै सहायता गरेर सबै ठिक-ठाक पारिदिनुहुन्छ।"

बाबाले भन्नुभयो, "तिमीलाई कर्मपथ अति रहस्यपूर्ण छ भन्ने थाहै होला। म केही गर्दिन तापनि मानिसहरू मलाई नै आफ्नो कर्मको लागि दोषी ठहराउँछन्। म त एउटा दर्शक मात्र हुँ। केवल ईश्वर एउटा मात्रै सत्ताधारी र प्रेरणा दिने तत्व हुन्। उनी नै परमदयालु छन्। म न त ईश्वर हुँ न मालिक नै। केवल उनको आज्ञाकारी सेवक हुँ र सदैव उनकै सम्झना गर्ने

गर्छु। जो अभिमान रहित भएर आफूलाई कृतज्ञ बनाएर उनीप्रति पूर्णविश्वास गर्छ, उसको कष्ट हटिहाल्छ। साथै उसलाई मुक्तिको प्राप्ति पनि हुनेछ।"

इरानी कन्या

अब एउटा इरानी भद्र पुरूषको अनुभव पढ्नोस। उनकी सानी छोरी घण्टा-घण्टामा मूर्च्छित हुने गर्थी। मूर्च्छा आउन लागेपछि उसमा बोल्ने शक्ति पनि बाँकी रहन्नथ्यो। उसका दाँत जोरिन्थे उसका हात खुट्टा ठर्रा हुन्थे र ऊ बेहोश भएर जमीनमा पछारिन्थी। जब नानाथरी उपचारहरूले पनि उसलाई केही फाइदा भएन अनि केही व्यक्तिले त्यो इरानीलाई बाबाको उदीको धेरै प्रशंसा गरेर त्यो उदी विलेपार्लाका (बम्बईमा) काका साहेब दीक्षितकहाँबाट नै प्राप्त हुन सक्छ भने। अनि इरानी महाशयले त्यहाँबाट उदी ल्याई पानीमा मिलाएर आफ्नी छोरीलाई पियाए। प्रारम्भमा जो मूर्च्छा एक घण्टाको अन्तरमा आउने गर्दथ्यो, त्यो पछि सात घण्टाको अन्तरमा आउन थाल्यो। केही दिनपछि त ऊ पूरै निको भइहाली।

हरदाका महानुभाव

हरदाका एउटा महानुभाव पत्थरीको रोगबाट ग्रस्त थिए। यो पत्थरी केवल शल्य चिकित्सा (चिरफार) द्वारा नै निकाल्न सकिन्थ्यो। मानिसहरूले पनि उनीलाई चिरफार गर्ने नै सल्लाह दिए। उनी ज्यादै वृद्ध र दुर्बल थिए। त्यसैले आफ्नो कमजोरी देखेर शल्य चिकित्सा गराउने साहस भेरहेको थिएन। यस अवस्थामा रोगको औषधि नै के थियो र?

यसै बखतमा शहरका इनामदार (राजाबाट कुनै गाउँ कसैलाई बक्सिस दिएर मालपोत मुक्त गरिएको व्यक्ति) पनि त्यहाँ आएका थिए। उनी बाबाका परमभक्त थिए र उनको साथमा बाबाको उदी पनि थियो। केही मित्रहरूले सल्लाह दिएकाले उनका छोराले इनामदारबाट केही उदी प्राप्त गरी आफ्नो बूढा बाबुलाई पानीमा मिलाएर पिउन दिए। केवल पाँच मिनेट मै उदी पेटमा पर्नासाथ पत्थरी मल मूत्रेन्द्रियका द्वारबाट वाहिर निक्ल्यो र ती बूढा तुरून्तै निको भए।

## बम्बईकी महिलाको प्रसब (सुत्केरी) पीडा

बम्बईकी कायस्थ प्रभु जातकी सउटी महिलालाई प्रसव-कालमा असहनीय वेदना हुने गर्दथ्यो। गर्भवती हुनासाथ ती ज्यादै घबडाउँथिन् र किंकर्तव्य विमूढ (के गर्ने के नगर्ने भन्न नसक्ने जड जस्ती) हुने गर्थिन्। यसको उपचारको लागि उनका एक मित्र श्रीराम मारूतिले उनको पतिलाई यो पीडाबाट पत्नीको मुक्ति चाहन्छौ भने उनीलाई शिरडी लएर जाऊ भन्ने सुझाव दिए।

दोश्रो पटक जब उनकी पत्नी गर्भवती भइन् अनि ती दुबै पति-पत्नी शिरडी आएर त्यहाँ केही महिना बसे। उनले बाबाको नित्य सेवा गर्न लागे। उनीलाई बाबाको सत्सँगको पनि धेरै फाइदा भयो। कोही दिनपछि जब प्रसब काल नजिक आयो, अनि त सधैंको झैं गर्भाशयको द्वारमा रोकाबट भई ज्यादै वेदना हुन लाग्यो। अब के गर्ने भन्ने कुरा उनको विचारमा आएन। एकैछिनमा नै एउटी छिमेकी आइन् र उनले मनमनै बाबासँग सहायताको प्रार्थना गरेर पानीमा उदी (विभूति) मिलाएर ती प्रसव पीडित स्त्रीलाई पिउन दिइन्। अनि त केवल पाँच मिनेटमा नै कुनै कष्ट नै नभैकन प्रसव भैहाल्यो। बाबाल त आफ्नो भाग्य अनुसार नै पैदा भयो। तर उसकी आभाको पीडा र कष्ट सधैंभरको लागि हट्यो। पति बाबा प्रति बडो कृतज्ञ भएर जीवन पर्यन्त बाबाको आभारी बने रहे।

श्रीसद्गुरू साईनाथमा अर्पण होओस्।
मंगल होओस्।।

# अध्याय 35



## परीक्षामा असफल

काका महाजनीका मित्र र सेठ, वियाँ नभएको मुनक्का, बान्द्रा निवासी एक गृहस्थलाई निद्रा नआउने घटना, बालाजी पाटील नेवासकर, बाबा सर्पको रूपमा प्रकट हुनु।

यस अध्यायमा पनि उदी (विभूति) का माहात्म्यको नै वर्णन गरिएको छ। यसमा परीक्षा गर्दा बाबाले दक्षिणा अस्वीकार गर्नुभएको देखिएका दुई घटनाको उल्लेख छ। पहिले यिनै घटनाको वर्णन गरिनेछ।

आध्यात्मिक मार्गमा साम्प्रदायिक प्रवृत्ति उन्नतिको मार्गमा एउटा ठूलो अड्चन हो। निराकारवादीहरूबाट ईश्वरको सगुण उपासना केवल एउटा भ्रम मात्र हो र सन्तगण पनि आफू जस्तै नै सामान्य पुरुष हुन्। यसकारण उनीहरूको चरण वन्दना गरेर उनीहरूलाई दक्षिणा किन दिने भन्ने गरिएको सुनिएको छ। अरू मार्गका अनुयायी (पछ्याउने व्यक्ति) हरूको पनि आफ्ना सद्गुरूलाई बाहेक अरू सन्तहरूलाई ढोग्न र उनीहरूको भक्ति गर्न हुन्न भन्ने यस्तै मत छ। यस्तै प्रकारका अनेक आलोचनाहरू साईबाबाका सम्बन्धमा पहिले सुनिन आउँदथ्यो र त्यस्तै अहिल्यै पनि आइरहेकै छ। कसैको भनाइ थियो कि हामी शिरडी जाँदा बाबाले हामीसँग दक्षिणा मागियो। के यसरी दक्षिणा उठाउनु एउटा सन्तको लागि राम्रो काम थियो त? जब उनै यस्तो प्रकार आचरण गर्दछन् भने उनको साधु-धर्म कहाँ रह्यो त? तर जो मानिसहरूले शिरडी गएर अविश्वासका साथ बाबाको दर्शन गरे तिनै मानिसहरूले सर्वप्रथम बाबालाई ढोगेर प्रार्थना पनि गरे। यस्ता किसिमका कैयौं घटनाहरू पनि अनुभवमा आएका छन्। यस्तै नै केही उदाहरण तल दिइएका छन्।

काका महाजनीका मित्र

काका महाजनीका मित्र निराकारवादी हुनुको साथै मूर्ति-पूजाका पूरै विरोधी थिए। कौतूहलवश उनी काका महाजनीका साथमा दुई शर्तमा शिरडी जान सहमत भए। ती शर्त थिएं (1) बाबालाई नढोग्ने र (2) वहाँलाई कुनै दक्षिणा नदिने। काकाले स्वीकारपूर्ण उत्तर दिए र अनि शनिबारको रातमा उनीहरू दुबैजना बम्बईबाट प्रस्थान गरी भोलिपल्ट बिहान शिरडी पुगे। जसै उनीहरूले मसजिदमा पाउ राखे, त्यसैबेला बाबाले उनको मित्रतिर केहीबेर हेरेर उनीलाई भन्नुभयो, "अरे आउनोस् श्रीमान् पाल्नोस्। यहाँलाई स्वागत छ।" यी शब्दको स्वर केही विचित्र किसिमको थियो र तिनको ध्वनि हुबहू ती मित्रका बाबुको जस्तै नै थियो। त्यसैले उनीलाई आफ्ना कैलाशवासी पिताको सम्झना आयो र उनी आनन्द विभोर हुन गए। कस्तो मोहिनी थियो त्यो स्वरमा। आश्चर्यपूर्ण स्वरमा उनको मित्रको मुखबाट "निःसन्देह यो स्वर मेरो पिताजीको नै हो" भनी निस्क्यो। अनि तुरून्तै माथि दौडेर गएर आफ्नो सबै प्रतिज्ञाहरू भुली उनले बाबाका श्री चरणमा आफ्नो शिर राखिदिए।

बाबाले काका साहेबसँग त मध्याह्नमा तथा बिदाइको समयमा गरी दुईपटक दक्षिणा माग्नुभयो। तर उनको मित्रसँग एक शब्द पनि भन्नुभएन। उनको मित्रले कानेखुशी गर्दै भने, "भाइ हेर, बाबाले तिमीसँग त दुईपटक दक्षिण माग्नुभयो। तर म पनि त तिमीसँगै छु र पनि वहाँले मेरो यस्तो प्रकारले किन उपेक्षा (अनास्था) गर्नुहुन्छ? काकाले उत्तर दिए, "तिमी आँफैंले यो कुरा बाबासँग सोध। यो नै उत्तम हुनेछ।" त्यसैबेला बाबाले सोध्नुभयो, "यो के कानेखुशी भैरहेको हो?" अनि उनका मित्रले भने, "के म पनि हजूरलाई दक्षिणा मागिन। तय यदि तिम्रो पनि दिने नै इच्छा छ भने तिमी पनि दक्षिणा दिन सक्छौं। अनि उनले पनि काकाले दिए जति सत्र रूपियाँ नै दक्षिणा चढाए। त्यसपछि बाबाले उनीलाई उपदेश दिनुभयो, "आफ्नो माझमा जो तेलीको पर्खाल अर्थात् भेदभाव छ त्यसलाइ भत्काइ देऊ जसबाट हामी दुबैथरीले परस्पर देखेर आफ्नो मिलनको बाटो सजिलो अनाउन सकौं।"

बाबाले उनीलाई फर्कने अनुमति दिँदै भन्नुभयो, "तिम्रो यात्रा सफल हुनेछ।" आकाशमा बादल छाएर हावा जोडसँग चलिरहेको थियो तापनि दुबैजना सकुशल बम्बई पुगे। घर पुगेर उनले ढोका र झ्याल खोल्दा त त्यहाँ दुइटा मरेका चमेरा पडिरहेका देखे। एउटा तेश्रो उनको सामने नै फुर्र गरी झयालबाट उडेर गयो। उनीलाई "यदि मैले झ्याल खुल्लै छाडेको भए त यी जीवको प्राण अवश्य नै बाँच्ने थियो होला भन्ने लाग्यो। तर फेरि उनीलाई अर्को विचार आयो कि यो उनीहरूको भाग्य अनुसार नै भएको होला। बाबाले तेश्रोको प्राण रक्षा गर्नको लागि नै हामीहरूलाई तुरून्तै त्यहाँबाट फिर्ता पठाइदिनु भएको हो।

काका महाजनीमा सेठ

बम्बईमा ठक्कर धरमसी जेठा भाइ सांलिसिटर (कानुनी सल्लाहकार) को एउटा फर्म थियो। काका यो फर्ममा व्यवस्थापक थिए। सेठ र व्यवस्थापकको सम्बन्ध परस्परमा राम्रो थियो। श्रीमान् ठक्करलाई काका धैरैजसो शिरडी जाने गर्छन् र त्यहाँ केही दिन बसी बाबाको अनुमति लिएर मात्र फर्कन्छन् भन्ने कुरा थाहा थियो। कौतूहलवश (उत्सुकतावश) बाबाको परीक्षा गर्ने विचारले उनले पनि होलीको उत्सबको समयमा काकाको साथमा नै शिरडी जाने निश्चय गरे। काकाको शिरडीबाट फर्कनै कुरा अनिश्चित जस्तै थियो। त्यसैले आफूसँग अर्को एक मित्रलाई लिई तीनै जना रमाना भए। बाटामा काकाले बाबालाई चढाउन दुई सेर मुनक्का खरीद गरे।

ठीक समयमा शिरडी पुगेर उनी बाबाको दर्शनको लागि मसजिदमा गए। त्यसबेला बाबा साहेब तर्खड पनि त्यहीँ नै थिए। श्रीठक्करले उनीलाई (तर्खडलाई) त्यहाँ आउने कारण सोधे। तर्खडले उत्तर दिए, "म त दर्शनको लागि नै आएको हुँ। मलाई चमत्कारसँग केही प्रयोजन छैन। यहाँ त भक्तहरूका हार्दिक इच्छाहरूको पूर्ति हुन्छ।"

काकाले बाबालाई ढोगेर वहाँलाई मुनक्का अर्पण गरे। अनि बाबाले त्यो बाँडिदिने आज्ञा दिनुभयो। श्रीमान् ठक्करलाई पनि केही मुनक्का मिल्यो। एक त उनीलाई मुनक्का मिठो

लाग्दैनथ्यो, दोश्रो कुरा यस्तो किसिमको अस्वच्छ खान डाक्टरले मनाही गरिदिएको थियो। यसैले उनले केही निश्चय गर्न सकेनन् र अनिच्छा हुँदाहुँदै पनि उनीले लिनुपऱ्यो र फेरि देखाबटको लागि मात्रै पनि उनले मुखमा हाले। अब त्यसको बीज के गरौं भन्ने कुरा सुझने। मसजिदको भुईमा त थुक्न हुन्न थियो। यसैले उनले ती बीज आफ्नो इच्छा नहुँदानहुँदै पनि जेबमा राखेर बाबा सन्त नै हुनुहुन्छ भने मलाई मुनक्का मन पर्दैन भन्ने कुरा वहाँलाई कसरी थाहा नहुन सक्ला र? भन्ने विचार गर्न लागे। के वहाँ मलाई यसको लागि लाचार पान सक्नुहुन्छ? जसै उनको मनमा योविचार आयो त्यसैबेला बाबाले उनीलाई केही अरू मुनक्का दिनुभयो। तर उनले खाएनन् र आफ्नो हातमा लिए मात्र। अनि बाबाले खानको लागि भन्नुभयो। उनले आज्ञाको पालन गरे र चपाउँदा त सबै बीज नभएको पो लाग्यो। उनी चमत्कार देख्ने इच्छा राख्दथे। यसैले उनीलाई त्यो देख्न मिल्यो। अनि उनले बाबा सम्पूर्ण विचारहरू तुरून्त जान्नु हुँदोरहेछ र नै मेरो इच्छानुसार नै वहाँले यिनलाई (मुनक्कालाई) बीज नभएको बनाइ दिनुभयो। क्या अदुभुत शक्ति रहेछ वहाँमा? भन्ने सोचे। तैपनि शंका निवारण गर्न उनले नजिकै बसेका र साथै केही थोरै मुनक्का पाएका तर्खडसँग तपाईले कस्तो किसिमको मुनक्का पाउनु भयो भनेर सोधे। "राम्रा बीज भएका" भन्ने उत्तर पाए। श्रीमान् ठक्करलाई यो उत्तरले अरू बढी आश्चर्य पाऱ्यो। अब उनले आफ्नो टुसाएको विश्वासलाई बलियो बनाउन यदि बाबा वास्तवमा सन्त हुनुहुन्छ भने अब सर्वप्रथम मुनक्का काकालाई नै दिनुपर्छ भन्ने निश्चय गरे। यो उनको विचार जानेर बाबाले भन्नुभयो, "अब फेरि वितरण काकाबाट नै आरम्भ होओस्।" यी सबै प्रमाण श्रीठक्करको लागि प्रशस्त भए।

अनि शामाले बाबासँग उनीलाई "उहाँ नै काकाको सेठ हुनुहुन्छ" भनी परिचय गराए। बाबाले भन्न लाग्नुभयो, "यी उनका सेठ कसरी हुन सक्दछन्? यिनका सेठ त बडो विचित्रका छन्।" काका यो उत्तरसँग सहमत भए। त्यसपछि आफ्नो हठ छोडेर ठक्करले बाबालाई ढोगेर वाडामा फर्किएर आए। मध्याह्नको आरती समाप्त भएपछि उनी बाबासँग फर्किने अनुमति प्राप्त गर्नको लागि मसजिदमा आए। शामाले उनको बारेमा केही सिफारिश गरे। अनि बाबाले यसतो प्रकारले भन्न लाग्नुभयो। "एउटा सनकी स्वभावको सभ्य पुरूष

थियो। जो स्वस्थ्य र धनी पनि थियो। शारीरिक तथा मानसिक व्यथाहरूबाट मुक्त भएर पनि ऊ आफैंनै अनावश्यक चिन्ताहरूमा डुबिरहन्थ्यो र व्यर्थ नै यहाँ – वहाँ भौंतारिएर अशान्त बनिरहन्थ्यो। ऊ कहिले स्थित र कहिले चिन्तित रहन्थ्यो। उसको यस्तो स्थिति देखेर मलाई दया लाग्यो र मैले उसलाई भने, कृप्या अब तिमी आफ्नो विश्वास एउटा इच्छित स्थानमा स्थिर गर। यस्तो प्रकारले व्यर्थैं भौंतारिनाले केही फाइदा छैन।"

"तुरून्तै एउटा निर्दिष्ट स्थान छान।" यी शब्दहरूले ठक्करलाई यो पक्कै मेरो नै कहानी हो भन्ने कुरा लागिहाल्यो। "काका पनि हाम्रो साथमा फर्कून्" भन्ने उनको इच्छा थियो। बाबाले उनको यस्तो विचार जानेर काकालाई सेठको साथमा नै फर्कने अनुमति दिनुभयो। काका यति छिटो शिरडीबाट फर्कलान् भन्ने कसैलाई विश्वास थिएन। यसरी ठक्करलाई बाबाको विचार जान्ने कलाको एउटा अर्को प्रमाण मिल्यो।

अनि बाबाले काकासँग पन्ध्र रूपैयाँ माग्नुभयो र भन्नुभयो, "यदि मैले कसैसँग एक रूपियाँ दक्षिणा लिन्छु भने उसलाई दशगुणा फर्काउने गर्दछु। म कसैको कुनै वस्तु बिना मूल्य लिन्न र साथै न प्रत्येक व्यक्तिसँग माग्ने नै गर्छु। जो तिर फकीर मेरा गुरूले इशारा गर्नुहुन्छ ऊसँग नै माग्छु। फेरि अर्को कुरा जो पहिलो जन्मको ऋणी हुन्छ उसको नै दक्षिणा स्वीकार हुन्छ दानीले दिन्छ र भविष्यमा राम्रो उब्जनीको बीउ रोप्दछ। धनको उपयोग ध र्मोपार्जन (धर्मको कमाइ) लो लागि नै हुनुपर्छ। यदि धन आफ्नो आवश्यकताहरूमा मात्र खर्च भयो भने त्यो धनको दुरूप्योग हो। यदि तिमीले पूर्वजन्महरूमा दान दिएका छैनौ भने यो जन्ममा पाउने आशा कसरी गर्न सक्छौ? यसैले यदि पछि पाउने आशा राख्छौ भने अहिले नै दान गर दक्षिणा दिनाले वैराग्यको बृद्धि हुन्छ र वैराग्य प्राप्तिबाट भक्ति र ज्ञान बढन जान्छ। "एक देऊ र दस गुना लेऊ।"

यी शब्दहरूलाई सुनेर ठक्करले पनि आफ्नो संकल्प बिर्सेर बाबालाई पन्ध्र रूपैयाँ चढाए। उनले म शिरडी आउनु बेशै भएछ यहाँ मेरा सबै शंका नाश भए र मलाई धैरै शिक्षा मिल्यो भन्ने सोचे।

अनिद्रा

बान्द्राका एउटा महाशय कायस्थ प्रभु धेरै दिनदेखि निद्रा नआएकोले अस्वस्थ थिए। उनी सुत्न लागेकि उनका स्वर्गीय (मरेका) पिता सपनामा आएर उनीलाई नराम्रोसँग गाली गर्न लागेका देख्दथे। यसबाट निद्रा भंग हुन जान्थ्यो र उनी रातभर अशान्ति महशूस गर्थे। हर एक रातमा नै यस्तै हुन्थ्यो। यसबाट उनी किंकर्तव्यविमूढ (के गर्ने के नगर्ने भन्ने सोच्न नसक्ने जड जस्तो) हुन गए। एकदिन बाबाका एउटा भक्तसँग उनले यस विषयमा सल्लाह गरे। उनले (भक्तले) "म त संकटबाट मुक्त गर्ने सबै किसिमको पीडा हटाउने उदी (विभूति) लाई नै यसको लागि रामवाण औषधि मान्छु जो चाँडै नै फाइदा दिने सिद्ध हुनेछ" भने। अनि उनले उदीको एक पुडिया दिएर "यसलाई सुत्नुभन्दा अगाडि शिरमा लगाएर आफ्नो शिरानमै राख्नोस्" भने। त्यसपछि उनलाई (कायस्थ प्रभुलाई) कुनै विघ्न विनाको मस्त निद्रा आउन लाग्यो। यो देखेर उनीलाई ठूलो आश्चर्य र आनन्द भयो। यो क्रम चालू राखेर उनी अब साईबाबाको ध्यान गर्न लागे। बजारबाट बाबाको एउटा तस्वीर ल्याएर त्यसलाई आफ्नो सिरानको नजिकै सधैं पूजा गर्न आरम्भ गरे। प्रत्येक गुरूबार (बिहीबार) उनले माला र नैवेद्य चढाउन लागे। यसबाट उनी पूरै स्वस्थ (निको) भएर पहिलेका सारा कष्टहरू भूले।

बालाजी पाटील नेवासकर

यिनी बाबाका परमभक्त थिए। यिनी वहाँको निष्काम सेवा गर्ने गर्थे। दिनमा जुन-जुन बाटाबाट बाबा निस्कनुहुन्थ्यो ती-ती बाटालाई बेहान सबेरै उठेर बढारेर पुरै सफा राख्दथे। उनीपछि यो काम बाबाकी एक परमभक्त महिला राधाकृष्ण माईले गरिन् अनि त्यसपछि अब्दुलले। बालाजीले आफ्नो फसल काटेर ल्याउनासाथ सबै अनाज बाबालाई नै चढाउने गर्दथे। त्यसमध्येबाट जे जति बाबाले फर्काइदिनुहुन्थ्यो त्यसबाट नै उनी आफ्नो परिवारको भरण-पोषण गर्ने गर्दथे। यो क्रम अनेक वर्षसम्म चै चलिरह्यो र उनको मृत्युपछि उनका छोराले यसलाई जारी राखे।

## उदी (विभूति) को शक्ति र महत्व

एकपटक बालाजीको बरखीको श्राद्धको दिनमा केही व्यक्ति निम्ता गरिए। जति मानिसको निमित्त भोजन तयार गरिएको थियो त्योभन्दा तीन दोब्बर मानिस भोजनको समयमा जम्मा भए। यो देखेर श्रीमती नेवासकर किंकर्तव्यविमूढ जस्ती भइन्। यो खानेकुरा सबैको लागि पुग्ने हुँदैन। अनि कम भयो भने परिवारको ठूलो दुर्नाम हुनेछ भन्ने सोचिन्।

त्यसमा उनकी सासूले सान्त्वना दिँदै "चिन्ता नगर, यो भोजन सामग्री हाम्रो होइन, यो त श्रीसाईबाबाको हो। प्रत्येक भाँडामा उदी हालेर त्यसलाई कपडाले छोपिदेऊ र कपडा नहटाइकन नै सबैलाई पस्किदेऊ। वहाँले नै हाम्रो लाज बचाउनु हुनेछ भनिन्।" त्यो सल्लाह अनुसार नै काम गरियो। अनि त खाने व्यक्तिहरूले अघाइन्जेल खाएपछि पनि खाने सामान प्रशस्त मात्रामा बाँकी देखेर उनीहरूलाई ठूलो आश्चर्य र खुशी भयो। वास्तवमा हेर्ने हो भने जस्तो जसको भाव हुन्छ, त्यस अनुसार नै अनुभव प्राप्त हुन्छ।

यस्तै घटना मलाई प्रथम श्रेणीका उपन्यायाधीश तथा बाबाका परमभक्त श्री बी. ए. चौगुलेले बताए। फेब्रबरी सन् 1943 मा करजत (जिल्ला अहमदनगर) मा पूजाको उत्सव भइरहेको थियो। अनि यही मौकामा एउटा ठूलो भोजनको आयेजना भयो। भोजनको समयमा आमन्त्रित (बोलाइएका) मानिसहरूभन्दा पाँचगुना बढी मानिस भोजनको लागि आए। तर पनि खाने सामानको कमी भएन। बाबाको कृपाबाट सबैले खान पाए। यो देखेर सबैलाई आश्चर्य भयो।

## साईबाबा सर्पको रूपमा प्रकट हुनु

शिरडीका रघु पाटील एकपटक नेवासेका बालाजी पाटील कहाँ गए। त्यहाँ साँझमा एउटा सर्प फ्वाँ-फ्वाँ गर्दै गौशाला (गोठ) मा पस्यो भन्ने कुरा उनले थाहा पाए। घरका मानिसहरू पनि घबडाए। तर बालाजीले श्रीसाई नै यसरूपमा यहाँ प्रकट हुनु भएको हो भन्ने सोचे।

त्यसैले उनले एउटा कचौरामा दूध लिएर आएर र नडराइकन त्यो सर्पको अगाडि राखी त्यसलाई यस्तो सम्बोधन गरेर भन्न लागे, "बाबा हजूर। फ्वाँ-फ्वाँ गरेर किन हल्ला गरिरहनु भएको हो। के हजूरले मलाई डरले अर्कमान बनाउन चाहनु भएको हो? यो दुधको कचौरा लिनुहोस् र शान्तिपूर्वक पिउनोस्।"

यस्तो भनेर कुनै डर नमानेर नै उनी सर्पको नजिकै बसे। परिवारका अरू मनिसहरू त अब के गर्ने होला भन्ने विचारै गर्न नसकी असाध्यै घबडाएका थिए। तर थोरै बेरमा नै सर्प अदृश्य भयो र त्यो कहाँ गयो भन्ने कुरा कसैले जान्न सकेनन्। गौशालामा सबैतिर हेर्दा पनि त्यहाँ उसको (सर्पको) कुनै चिन्ह दखिएन।

एउटा यस्तै नै घटना साईसुधा (भाग 3 नं. 7-8 जनवरी 43 पृष्ठ 26) मा प्रकाशित भएको छ। बाबा कोयंबटूर (दक्षिणा भारत) मा जनवरी सन् 43 गुरूबार (बिहीबार) साँझ साढे 3 बजे सर्पको रूपमा प्रकट हुनुभयो। त्यहाँ त्यो सर्पले भजन सुनेर दूध र फल स्वीकार गरी हजारौं मानिसको भीडलाई दर्शन दिएर आफ्नो फोटो खिच्न पनि दियो रे। फोटो खिच्ने बेलामा बाबाको तस्वीर पनि उसको नजिकै राखेर दुबैका नै फोटो खिचिएछ। तस्वीर र अरू विवरणको लागि पाठकहरूलाई माथि भनिएको पत्रिका अवश्य नै पढ्नोस् भन्ने प्रार्थना छ।

श्रीसद्गुरू साईनाथमा अर्पणहोस्।
मंगल होओस्।।
सप्ताह पारायण पंचम विश्राम।।

# अध्याय 36



## आश्चर्यजनक कथाहरू

(1) गोवाका दुईसज्जन
(2) श्रीमती औरंगाबादकर

यो अध्यायमा गोवाका दुई महानुभाव र श्रीमती औरंगाबादकरका अद्‌भुत्त कथाहरूको वर्णन छ।

### गेवाका दुई महानुभाव

एक समय गोवाबाट दुई महानुभाव श्री साईबाबाको दर्शनको लागि शिरडी आए। उनीहरूले आएर वहाँलाई नमस्कार गरे। हुन त उनीहरूल दुइटै एकै साथ आएका थिए तापनि बाबाले भने केवल एउटै व्यक्तिसँग 15 रूपियाँ दक्षिणा माग्नुभयो, जो उनले आदर साथ दिए। अर्को व्यक्तिले पनि उहाँलाई खुशीसाथ 35 रूपियाँ दक्षिणा दिन लाग्दा उहाँले उनको दक्षिणा लिन अस्वीकार गर्नुभयो। मानिसहरूलाई बडो आश्चर्य लाग्यो। त्यो बेला शामा पनि त्यहीं उपस्थित थिए। उनले भने "देवा। यो के हो? यहाँहरू दुई जना एकसाथ नै आउनु भएको हो। यहाँहरू मध्ये एक जनाको दक्षिणा भने हजूरले स्वीकार गर्नुभयो। अर्कोले आफ्नो इच्छाले चढाउन लागेको भने अस्वीकार गर्दै हुनुहुन्छ, यो भेद किन?" अनि बाबाले जबाफ दिनुभयो, "शामा! तिमी नादान छौ। म कसैबाट कहिल्यै केही लिन्न। यो त मसजिद माई नै आफ्नो ऋण माग्छिन् र यसैले दिनेले आफ्नो ऋण चुक्ति गरेर मुक्त हुन जान्छ। के मेरो कुनै घर सम्पत्ति या बालबच्चा छन् र जसको निमित्त मलाई चिन्ता होस्। मलाई त कुनै बस्तुको आवश्यकता छैन। म त सधैं स्वतन्त्र छु। ऋण, शत्रुता तथा हत्या यी सबैको प्रायश्चित्त अवश्य गर्नुपर्छ र यिनबाट कुनै प्रकारले पनि छुटकारा पाउने सम्भव हुँदैन।" अनि बाबाले आफ्नो विशेष तरीकाले नै यस किसिमले भन्न लाग्नुभयो।

आफ्नो जीवनको पूर्वार्द्ध (पहिलो आधा) मा यी महाशय गरीब थिए। यीनले ईश्वरसँग यदि मलाई नोकरी मिल्यो भने एक महिनाको तलब अर्पण गर्नेछु भन्ने प्रतिज्ञा गरेका थिए। यीनलाई महिनाको 15 रूपियाँ तलब भएको एउटा नोकरी मिल्यो। अनि पछि उत्तरोत्तर उन्नति हुँदा हुँदा 30, 60, 100, 200 र अन्तमा 700 रूपियाँसम्मको महिनाबारी तलब हुन गयो। तर ऐश्वर्य पाएर यिनले आफ्नो वचन भुले र त्यसलाई पूरा गर्न सकेनन्। अब आफ्नो शुभ कर्मका नै प्रभावले यिनलाई यहाँसम्म आइपुग्ने सौभाग्य प्राप्त भएको छ। यसैकारण मैले यिनीसँग केवल 15 रूपियाँ मात्र दक्षिणा मागें, जो यिनको पहिलो महिनाको तलव थियो।

अर्को कथा

"समुद्रको किनारामा घुम्दा-घुम्दै म एउटा भव्य महलमा पुगें र त्यसको दलानमा विश्राम गर्न लागें। त्यो महलको ब्राह्मण स्वामीले मेरो यथोचित स्वागत गरी मलाई धेरै असल स्वादिष्ट पदार्थ खान दियो। भोजन पछि उसले मलाई आलमारीको (दराजको) नजिकै एउटा सफा ठाउँमा सुत्न भन्यो र म त्यहीं सुतें। अनि म मस्त निद्रामा परेको बेलामा त्यो व्यक्तिले ढुंगा उप्काएर गाहोमा प्वाल पार्‍यो र त्यसैबाट भित्र पसेर त्यसले मेरो रूपैयाँ चोर्‍यो। निद्राबाट उठेपछि मैले मेरो तीस हजार रूपियाँ चोरेर लगेको थाहा पाएँ। म ठूलो आपद्मा परेर दुःखित भएर रोएरै बसें। खालि नोट मात्र चोरिएको थियो। त्यसैले यो काम त्यही बाहुन सिबाय अरू कसैको होइन भन्ने विचार गरें। मलाई खान पिउन केही पनि मन लागेन र म एक पक्षसम्म दलानमा नै बसी-बसी चोरीको दुःख मनाइरहें। यस्तो प्रकारले पन्ध्र दिन बितेपछि बाटाबाट जान लागेका एउटा फकीरले मलाई दुःखबाट विह्वल भएको देखेर रोएको कारण सोधें। मैले उनीलाई सबै कुरा सुनाए। उनपले मलाई यदि तिमीले मैले दिएको आदेश वमोजिम आचरण गर्‍यौ भने तिम्रो चोरिएको धन फिर्ता पाइनेछ। म एउटा फकीरको ठेगाना तिमीलाई बताइदिन्छु। तिमी उनको शरणमा जाऊ र उनको कृपाबाट तिम्रो धन फेरि पाइनेछ। तर जबसम्म तिमीलाई आफ्नो धन फिर्ता मिल्दैन व्यतिबेलासम्मको लागि तिमीले आफूलाई विशेष मन पर्ने भोजन खानेकुरा) छोडिदिऊ।

मैले ती फकीरले भनेको कुरा मानें र मेरो चोरिएको धन पाएँ। अनि म समुद्र किनारामा आएँ, जहाँ यात्रीहरू ठसाहरू भरिइसकेको एउटा जहाज खडा थियो। भाग्यवश एउटा उदार प्रकश्तिको चपरासीको सहायताले मलाई एउटा ठाउँ मिल्यो। यस्तो किसिमले म अर्कोपटि किनारामा पुगें र त्यहाँबाट रेलगाडीमा बसेर मसजिदमाईमा आइपुगें।"

कथा समाप्त हुनासाथै बाबाले शामालई यी अतिथि (पाहुना) हरूलाई आफ्नो साथमा लगी भोजनको प्रबन्ध गर्न भन्नुभयो। अनि शामाले तिनीहरूलाई आफ्नो घरमा लगेर भोजन गराए। भोजन गर्दागर्दैको समयमा नै शामाले उनीहरूलाई भने, "बाबाको कहानी ज्यादै नै रहस्यपूर्ण छ। किनभने न त वहाँ कहल्यै समुद्रतिर जानुभएको छ, न त वहाँसँग तीस हजार रूपियाँ नै थियो। वहाँले न कहीं यात्रा नै गर्नु भएको छ न वहाँको कुनै रकम चोरिएको फिर्ता आएको नै छ।" त्यसपछि शामाले उनीहरूसँग सोधे, "यसको (कहानीको) अर्थ के हो भन्ने कुरा तपाईहरूको विचारमा केही आयो?"

शामाको कुरा सुनेर दुबै अतिथिको गला रोकियो र उनीहरूको आँखाबाट आँशुका धारा वहान लागे। उनीहरूले रूँदै-रूँदै भने, "बाबा न सर्वव्यापी, अनन्त, परब्रहम स्वरूप नै हो। जो कथा वहाँले भन्नुभयो, त्यो कथा बिल्कुलै हाम्रै कहानी हो। यो म माथि नै। दुबैले एकै पटक भने घटेको घटना हो। यो सब वहाँलाई कसरी थाहा भयो भन्ने कुरा ठुलो आश्चर्य नै हो। खाइसकेपछि हामी यसको पूर्ण विवरण तपाईलाई सुनाउने छौं।

खाएपछि पान खाँदै उनीहरूले आ-आफ्नो कथा सुनाउन आरम्भ गरे। उनीहरू मध्ये एउटाले भन्न लाग्यो, "घाटमा एउटा पहाडी ठाउँमा मेरो घर छ। म आफ्नो जीवन चलाउनको लागि नोकरी खोज्दै गोवा आएथे। त्यस वखतमा मैले भवगन् दत्तात्रयलाई यदि मलाई नोकरी मिल्यो भने म हजूरलाई मेरो एक महीनाको तलब चढउने छु भनी वचन दिएथे। उहाँको कश्पाबाटै महीनाको 15 रूपैयाँ तलबको नोकरी मिल्यो र बाबाले भन्नुभए अनुसार मेरो उन्नति हुँदै गयो। मैले आफ्नो वचन बिल्कुलै भुलिसकेको थिएँ। बाबाले त्यसको सम्झना गराइदिनुभयो र मसँग 15 रूपियाँ असूल गर्नुभयो। तपाईहरू यसलाई दक्षिणा

न सम्झनोस्। यो त एउटा पुरानो ऋणको भुक्तानी हो धैरै समयदेखि भुलिन गएको प्रतिज्ञा आज पूरा भयो।"

शिक्षा

वास्तवमा बाबाले कहिल्यै कसैसँग पैसा माग्नु भएन, न आफ्ना भक्तहरूलाई नै माग्न दिनुभयो। वहाँ आध्यात्मिक उन्नतिमा धनलाई बाधा दिने कुरा सम्झनुहुन्यो र भक्तहरूलाई त्यसबाट सधैं बचाइ नै रहनुहुन्थ्यो। भक्त म्हालसापित यसको उदाहरण स्वरूप छन्। उनी ज्यादै गरीब थिए र बडो मुश्किलसँग नै आफ्नो जीवन बिताउँदथे। एकपटक एक दयालु तथा सहृदयी व्यापारी हंसराजले बाबाको अगाडि नै एउटा ठूलो रकम म्हालसापतिलाई दिए। तर बाबाले उनीलाई त्यो अस्वीकार गर्न भन्नुभयो।

अब अर्को अतिथिले आफ्नो कहानी सुनाउन लाग्यो, मसँग एउटा भान्से बाहुन थियो जसले बितेका 35 वर्षदेखि नै इमानदारी साथ म कहाँ काम गर्दै आएको थियो। खराब लतमा परेर त्यसको मन पल्टिएर त्यसले मेरो सबै रूपियाँ चोर्न गयो। मेरो दराज गाहोमा नै टाँसिएको थियो। हामी मस्त निन्द्रामा परेको समयमा उसले पछाडिबाट ढुडा झिकेर मेरो सबै तीस हजारको नोट चोर्यो। बाबालाई यो धनको ठीक रकम कसरी थाहा भयो म जान्न सक्तिन। म दिन-रात रून्थे र दुःखी हुन्थें।

एक दिन जुनलेबा म यस्तै प्रकारले निराश र उदास भएर वरेण्डामा बसेको थिएँ त्यसैबेला बाटाबाट जान लागेको एउटा फकीरले मेरो स्थिति जानेर मलाई यसको कारण सोधे। मैले उनीहाई सबै कुरा बताए। अनि उनले कोपरगाउँ तालुकको शिरडी गाउँमा श्रीसाईबाबा नामका एक योगी बस्दछन्। आफलाई धैरै मन पर्ने खाने वस्तु छोडेर "जबसम्म म हजूरको दर्शन गर्दिन त्यति बेलासम्म त्यो बस्तु कदापि खाने छैन" भनी मनमनै भनेर उनीलाई प्रतीज्ञा गरें।

अनि मैले भात खान छोडिदिएँ र बाबालाई, "जबसम्म हजूरको दर्शन हुँदैन तथा मेरो चोरिएको धनराशि पाइन्न त्यति बेलासम्म म भात खाने छैन" भनी वचन दिएँ। यसरी पन्ध्र दिन बितेपछि त्यो बाहुन आँफै आयो र सबै धनराशि फिर्ता गरी क्षमा माग्दै भन्न लाग्यो, "मेरो बुद्धि नै भ्रष्ट भएथ्यो र मबाट यस्तो अपराध भयो। म हजूरको पाउ पर्छु। मलाई क्षमा गर्नोस्।" यस्तो किसिमले सबै ठीकठाक भयो। जो फकीरसँग मेरो भेट भएथ्यो तथा जसले मलाई सहायता गरेथे ती फकीर फेरि कहिल्यै देखिन आएनन्। मेरो मनमा फकीरले मलाई जसको बारे भनेथे त्यो श्रीसाईबाबाको दर्शन गर्ने ज्यादै ठूलो उत्कण्ठा (इच्छा) भयो। मेरो घरमा आउने फकीर श्रीसाईबाबा बाहेक कोही अर्को हुन सक्तैन भन्ने मैले विचार गरें। जसले मलाई कृपा गरेर दर्शन दिनुभयो र मेरो यसप्रकारले सहायता गर्नुभयो। वहाँलाई 35 रूपियाँको लालच कसरी हुन सक्छ? यसको विपरीत वहाँ कुनै कारणै बिना अर्थात् निस्वार्थरूपले आध्यात्मिक बाटोतिर लैजाने पूरै प्रयत्न गर्नुहुन्छ।

चोरी भएको रकम फेरि पाएपछि मेरो खुशीको पाराबार भएन। मेरो बुद्धि भ्रमित भयो र मैले आफ्नो वचन (प्रतिज्ञा) भुल्ल गएँ। कुलाबामा एक रात मैले श्रीसाईबाबालाई सपनामा देखें। अनि मलाई आफ्नो वचनको सम्झना आयो। म गोवा पुगें र वहाँबाट एउटा स्टीमरद्वारा बम्बई पुगेर शिरडी जान चाहन्थें। तर किनारामा पुगेर मैले स्टीमर खचाखच भएर भरिएको देखें। त्यसमा ठाउँ बिल्कुलै थिएन। कप्तानले त मलाई चढ्न दिएनन् तर एउटा नचिनिएको चपरासीले भनेपछि मलाई स्टीमरमा बस्ने अनुमति मिल्यो र यसरी म बम्बई पुगें। अनि म रेलगाडीमा बसेर यहाँ आइपुगें। बाबा सर्वव्यापी तथा सर्वज्ञ हुनु भएको कुरामा मलाई कुनै शंका छैन। हेर्नोस् त म को होउँ र मेरो घर कहाँ हो? मेरो भाग्य कस्तो राम्रो रहेछ र बाबाले मेरो चोरिएको रकम फिर्ता दिलाएर मलाई यहाँ तानेर ल्याउनु भयो। तपाई शिरडी बासीहरू हामीहरूको अपेक्षा हजार गुना श्रेष्ठ र भाग्यशाली हुनुहुन्छ जो बाबासँग हाँस्दै-खेल्दै, मीठो कुरा गर्दै कैयौं बर्षदेखि नै वहाँको नजिकै रहनुहुन्छ। बाबालाई यहाँ तानेर ल्याउनु यो तपाईहरूको पूर्व जन्महरूकै शुभ-संस्कारहरूको प्रभाव हो। श्रीसाईनै मेरो लागि दत्तात्रेय हुनुहुन्छ। वहाँले नै मबाट प्रतिज्ञा गराउनुभयो र त्यस्तै रूपले जहजमा ठाउँ दिलाएर मलाई यहाँ ल्याएर आफ्नो सर्बव्यापकताको अनुभव गराउनुभयो।

श्रीमती औरंगावादकर

सोलापुरका सखाराम औरंगावादकरकी पत्नी 27 वर्षको लामो समयपछि पनि निःसन्तान नै थिइन्। उनले सन्तान पाउनाको लागि देवी देवताहरूलाई धेरै भाकल गरिन् तापनि उनको मनको इच्छा सफल भएन। अनि उनी पूरै निराश भएर आखिरी प्रयत्न गर्ने विचारले आफ्ना सौताने छोरा श्री विश्वनाथलाई साथमा लिएर शिरडी आइन् र त्यहाँ बाबाको सेवा गरेर दुई महिना बसिन्।

उनी मसजिद जाँदा जैले पनि बाबालाई भक्तगणले घेरिएको पाउँथिन्। बाबासँग एकान्तमा भेट गरेर सन्तान प्राप्तको लागि प्रार्थना गर्ने उनको इच्छा थियो। तर कुनै राम्रो मौका उनको हात लाग्न सकेन। अन्तमा उनले शामासँग भनिन् "बाबा एकान्तमा हुनुहुँदा मेरो निम्ति प्रार्थना गरिदिनु होला। शामाले भने "बाबाको दरबार त खुला छ। तर पनि यदि तपाईको यस्तै नै इच्छा छ भने म अवश्य कोशिश गर्नेछु। तर जस दिने कुरा त ईश्वरकै हातमा छ। भोजनको समयमा तपाई आँगनमा नरिवल र सिन्कै धूप लिएर बस्नुहोला र मैले संकेत गर्नासाथ खडा हुनुहोला।"

एक दिन भोजनपछि शामाले बाबाका चिसा हात तौलियाले पूछिरेहका बेला बाबाले उनको गालामा चिमोट्नु भयो अनि त शामाले रिसाएर भन्न लागे, "देवा! ळजूरले मेरा गालामा चिमोट्नु यो के हजूरको लागि उचित काम हो? मलाई त यस्ता किसिमको आचारण गर्ने यस्ता बदमास देवको दरकार बिल्कुलै छैन। म हजूर माथि आश्रित छु, अनि के यही मेरो घनिष्टताको फल हो त? बाबाले भन्नुभयो, "अरे! तिमी त 72 जन्मदेखि मेरो साथमा छौ। मैले अहिलेसम्म तिमीसँग यस्तो कहिल्यै गरेको छैन। अनि अहिले तिमी मेरो स्पर्श (छुवाइ) लाई किन नराम्रो मान्छौ?" शामले भने, "मलाई सधै प्यार गर्ने, सधैं नयाँ-नयाँ मिष्टान्न खान दिने देव चाहिन्छ। म हजूरसँग कुनै किसिमको आदरको इच्छा राख्दिन, न मलाई स्वर्ग आदि नै चाहिएको छ। नै चाहिको छ। मेरो त आफ्नो विश्वास सदैव हजूरको चरणमा जागिरहोस्, यही नै मेरो अभिलाषा छ।" त्यसपछि बाबाले भन्नुभयो, "हो, साँच्चै नै म यसैको लागि यहाँ आएको हुँ। मैले सधैंभरि नै तिम्रो पालन र पेट भर्ने काम गरेर न

आएको छु। यसैले नै मलाई तिम्रो धेरै माया लाग्छ।"
बाबा आफ्नो गददी विराजमान हुनासाथ शामाले ती स्वास्नी मानिसलाई संकेत गरे। उनले माथि आएर बाबालाई ढोगी वहाँलाई नरिवल न सिन्के धूप अर्पण गरिन्। बाबाले नरिवल हल्लाउनु हुँदा त्यो सुकेको र बज्ने पाउनु भयो। बाबाले शामासँग भन्नुभयो, "यो त हल्लिएको छ। सुन त यो के भन्छ?" त्यसैबेला शामाले तुरून्तै भने "यहाँ बाई (भद्रमहिला) ठीक यस्तै प्रकारले यहाँको पेटमा पनि बच्चा गुड-गुड गरेर चलोस् भनेर प्रार्थना गर्नुहुन्छ। यसैले आशीर्वाद सहित यो नरिवल यहाँलाई फिर्ता दिनोस्।"

अनि फेरि बाबाले भन्नुभयो, "के नरिवलबाट सन्तानको उत्पति हुन्छ? मान्छे कस्ता मूर्ख हुन्छन जो यस्तो किसिमको कुराको कल्पना गर्छन्" शामाले भने, "म हजूरको बचनहरूलाई र आर्शीवादको शक्तिलाई पूरै जान्दछु। हजूरको एक शब्दबार मात्र नै यहाँ यहाँ भद् महिलाका बच्चाको ताँती लाग्नेछ। हजूरले कुरा टाल्दै रहनु भएको छ र आशीर्वाद दिइरहनु भएको छैन।"

यस किसिमले केही बेरसम्म वार्तालाप चलि नै रह्यो। बाबा बारम्बार नरिवल फोर्न भन्नुहुन्थ्यो, तर शामा पनि बारम्बार यसलाई (नरिवललाई) ती भद्रमहिलालाई दिनोस् भन्न् हठ गरिरहेका थिए। अन्तमा बाबाले भनिदिनुभयो। "यिनलाई पुत्र प्राप्ति हुनेछ।"

त्यसमा शामाले सोधे "कहिले सम्ममा।" बाबाले जवाफ दिनुभयो "बाह महिनामा।"
अनि नरिवल फोरेर त्यसलाई दुई टुका गराइयो। एक भाग उनीहरू दुई जनाले (शामा र बाबाले) खाए र अर्को भाग ती स्वास्नी मानिसलाई दिइयो।

त्यसपछि शामाले भद्रमहिलालाई भने, "प्रिय बहिनी। तपाई मेरो बचनको साक्षी हुनुहुन्छ। यदि बाह महिनाभित्र तपाईलाई सन्तान भएन भने म यहाँ देवकै शिर माथि नै नरिवल फोरेर यहाँलाई यो मसजिदबाट निकालिदिने छु। यदि म यसमा असफल भएँ भने मैले

आफूलाई माधव भन्ने छैन। जे जसो मैले भनी राखेको छु यसको सार्थकता तपाईलाई चाँडै नै थाहा हुनेछ।"

एक वर्षमा नै तिनीलाई पुत्ररत्नको प्राप्ति भयो र त्यो बालक पाँच महिनाको भएपछि त्यसालाई लिएर तिनी आफ्ना पति सहित बाबाका श्रीचरणमा उपस्थित भइन्। पति-पत्नी दुबैले वहाँलाई ढोगेर अनि कृतज्ञ पिता (श्रीमान् औरंगाबादकर) ले पाँचसय रूपियाँ चढाए जो बाबाको घोडा श्याम कर्णको लागि छत बनाउने काममा लाग्यो।

श्रीसद्गरू साईनाथमा अर्पण होओस्।
मंगल होओस्।।

# अध्याय 37



## चावडीको समारोह

यो अध्यायमा म केही थोरै मात्रै वेदान्तिक विषयहरू उपर प्रारम्भिक दृष्टिले समालोचना गरेर चावडीको भव्य समारोहको वर्णन गर्नेछु।

**प्रारम्भ**

जीवन अनुरूपकै अवर्णनीय गति र कर्महरूको कार्यक्रमले पनि निरन्तरता लिने श्री साई धन्य हुनुहुन्छ। कहिले त वहाँ सम्पूर्ण सांसारिक कार्यहरू गरे पनि तिनमा लिप्त नरहने कर्मकाण्डी जस्तो देखिनुहुन्थ्यो। भने कहिले आत्मज्ञानमा नै डुबिरहनुहुन्थ्यो। कहिले वहाँ अनेकौं काम गर्दा–गर्दै पनि ती कामले नबाँधिएको जस्तो भएर नै रहनुहुन्थ्यो। हुन त कहिले कहिले पूरै निस्त्रिय (काम नगर्ने) जस्तो देखिनुहुन्थ्यो तापनि वहाँ अल्छी हुनु हुन्नथ्यो। प्रशान्त महासागर जस्तै सदैव जागरूक भएर पनि वहाँ गंभीर प्रशान्त र स्थिर देखिनुहुन्थ्यो। वहाँको प्रकशति (स्वभाव) को वर्णन त आफ्नो सामर्थ्य भन्दा परको कुरा छ।

वहाँ बाल बह्मचारी हुनुहुन्थ्यो भन्ने कुरा सबैलाई थाहै छ। वहाँ सदैव, पुरूषहरूलाई दाजुभाइ तथा स्त्री जातिलाई आमा या दिदी बहिनी जस्तै सम्झिनुहुन्थ्यो। वहाँको संगतबाट मलाई जुन अनुपम ज्ञानको प्राप्ति भएको छ त्यसको विस्मशति मरणकालसम्म हुन नजाओस् यही श्री चरणमा मेरो विनम्र प्रार्थना छ। म समस्त प्राणीमा ईश्वरको नै दर्शन गरौं र नामस्मरणको रसको अनुभव गर्दै म वहाँको मोहनाश गर्ने चरणको एकत्वरूपले सेवा गर्दैरहुँ। यही मेरो आकांक्षा (प्रबल इच्छा) छ।

हेमाडपंतले आफ्नो दृष्टिकोणद्वारा आवश्यकतानुसार वेदान्तको विवरण दिएर चावडीको समारोहको वर्णन तल लेखिए बमोजिम गरेका छन्।

चावडीको समारोह

बाबाको सुत्ने ठाउँको वर्णन पहिले नै भैसकेको छ। वहाँ एक दिन मसजिदमा र अर्को दिन चावडीमा विश्राम गर्ने गर्नुहुन्थ्यो। यो कार्यक्रम वहाँको महासमाधिसम्म चलिरह्यो। भक्तहरूले चावडीमा नियमित रूपले वहाँको पूजा आजा 10 डिसेम्बर, 1909 दखि आरम्भ गर्न थालेथे।

अब वहाँका चरणकमलको ध्यान गरेर म चावडीको समारोहको वर्णन गर्दछु।

यो दृश्य यस्तो मनमोहित पार्ने थियो कि देख्ने मान्छे रोकिएर बस्दथ्यो र आफूलाई नै बिर्सेर यो दृश्य कहिल्यै मेरो आँखाबाट नहटोस् भन्ने प्रबल इच्छा गर्दथ्यो। चावडीमा विश्राम गर्ने वहाँको नियमित रात आउनासाथ त्यो रातमा भक्तहरूको ठूलो भीड मसजिदको सभा-मण्डपमा जम्मा भएर घण्टौंसम्म भजन गर्ने गर्दथे। त्यो मण्डपको एकातिर राम्रोसँग सजाइएको रथ राखिएको हुन्थ्यो र अर्कोतर्फ तुलसीको बगैंचा नै थियो। सारा रसिक मानिसहरूको सभा-मण्डपमा ताल, चितलिस, करताल, मृदंग, खंजरी (खैंचडी) र ढोल आदि नाना प्रकारका बाजा लिएर भजन गर्न आरम्भ गर्दथे। यी सबै भजनमा आनन्द लिने भक्तहरूलाई चुम्बक झैं खिच्ने त श्री साईबाबा है हुनुहुन्थ्यो।

मसजिदको आँगनमा हेर्नोस् त भक्त-गण ठूलो उमंग (खुशी) का साथ नाना प्रकारका मङल-कार्य सम्पन्न गर्न संलग्न थिए। कोही तोरण बाँधेर बत्ती बालिरहेका थिए भने कोही पालकी र रथलाई सिंगारेर निशान आदि हातमा लिइराखेका थिए। कहीं-कहीं श्री साईबाबाको जयजयकारले आकाशमण्डल गुञ्जिरहेको थियो। धेरै बत्तीहरूको प्रकाशबाट जगमगाइरहेको मसजिद मानौं आज मङलदायिनी दीपावली स्वयं शिरडीमा आएर विराजित हुन गएकी

जस्तो लाग्दथ्यो। मसजिदको बाहिर नजर लगाउँदा ढोकामा श्रीसाईबाबाको पूरारूपले राम्रोसँग सजाइएको घोडा श्यामसुन्दर खडा थियो।

श्री साईबाबा आफ्नो गद्दीमा शान्त मुद्रामा विराजमान भैरहनु भएको अवस्थामा भक्तमण्डली सहित तात्या पाटीलले आएर वहाँलाई तैयार हुने सूचना दिँदै उठ्नलाई सहायता गरे। बाबा सधैंको झैं नै आफ्नो उही कफनी पहिरेर बगलमा छडी दबाएर चिलिम र तमाखु साथैमा लिई काँधमा एउटा कपडा हालेर हिँड्न तयार हुनुभयो। अनि तात्या पाटीलले वहाँको शिरमा एउटा सुनौला जरीको दोसल्ला राखिदिए।

यसपछि स्वयं बाबाले धूनीलाई बलेकै रूपमा राख्नाको लागि त्यसमा केही दाउरा होली धूनीको नजिकको बत्तीलाई बायाँ हातले निभाएर चावडीतिर प्रस्थान गर्नुभयो। अब नाना प्रकारका बाजा बज्न आरम्भ भए र तिनबाट थरीथरीका स्वर निक्लन लागे। अगाडि रंगी-बिरंगी आतशबाजी हुनलाग्यो र नर-नारी थरीथीको बाजा बजाएर वहाँको कीर्तिको भजन गाउँदै अगि-अगि हिंड्न लागे। कोही आनन्द विभोर भएर नाच्न लागे भने कोही-अनेक प्रकारका ध्वज र निशान लिएर हिँड्न लागे।

बाबाले मसजिदको सिँढीमा आफ्नो पाउ राख्नासाथ भालदार (युनिफर्म लगाएको पछि हिँड्ने सेवक) ले जोडदार स्वरमा वहाँको प्रस्थानको सूचना दियो। दुबैतिर नै मानिसहरू चमर लिएर खडा भएर वहाँलाई पंखा हम्कन लागे। अनिपछि टाढासम्म विछ्याइएको कपडा माथिबाट समारोह अगाडि बढ्न लाग्यो। तात्या पाटीलले वहाँको बायाँ तथा म्हालसापतिले वहाँको दायाँ हात समातेर अनि त्यस्तै बापू साहेब जोगले वहाँको पछि छाता लिएर हिँड्न थाले। यिनीहरूको अगि-अगि पूरा सुसज्जित घोडा श्यामसुन्दर हिँडिरहेथ्यो र उसको पछाडि भजन मण्डली तथा भक्तहरूको समूह बाजाहरूको ध्वनिसँगै आकाशलाई नै गुञ्जायमान हुनेगरी हरि तथा साईनामको ध्वनि उच्चारण गर्दै हिँडिरहेका थिए।

अब समारोह चावडीको कुनामा पुग्यो र सारा मानिसको समूह अत्यन्त आनन्दित तथा प्रसन्न देखिन लाग्यो। जब बाबा कुनामा पुगेर चावडीको अगाडि खडा हुनुभयो, त्यसबखत वहाँको मुखमण्डलको स्वर्गीय कान्ति बडो अनौठो जस्तो हुन लाग्यो। मानौं अरूणोदयको समयमा बाल सूर्य क्षितिजमा उदाइरहेका हुन् कि भने जस्तो लाग्यो। उत्तरतर्फ मुख फर्काएर वहाँ कोही कसैको आगमनको प्रतीक्षा गरिरहेको जस्तो देखिने मुद्रामा खडा हुनुभयो। बाजा पहिले झै नै बजिरहे र वहाँले थोरैबेरसम्म आफ्नो दाहिनेहात माथि तल गरी उठाइरहनु भयो। बाजा बजाउनेहरूले बडो जोरसँग बाजा बजाउन लागे। अनि यसै समयमा काका साहेब दीक्षित अबीर र फूल चाँदीको थालीमा लिएर अगाडि आए र बाबा माथि फल र अबीरको वर्षा गर्न लागे। बाबाको मुखण्डलमा रातो कान्ति जगमगाउन लाग्यो। सबैजना तृप्त हृदय भई त्यो रस-माधुर्यको स्वाद लिन लागे। यो मनमोहित पार्ने दृश्य र मौकाको वर्णन शब्दहरूमा गर्न कलमले सक्तैन। भाव-विभोर भएर भक्त म्हालसापति त मधुर नृत्यु गर्न लागे। तर बाबाको अविचलित एकाग्रता देखेर सबै भक्तहरूलाई ठूलो आश्चर्य हुनलाग्यो। एक हातमा लालटिन लिएका तात्या पाटील बाबाको बायाँ र आभूषण (गहना) लिएका म्हालसापति दायाँपटिट हिँडे। हेर्नोस् त कस्तो सुन्दर समारोहको शोभा तथा भक्तिको दर्शन भइरहेछ। यो दृश्यको झाँकी हेर्न नै हजारौं नरनारी, के धनी, के गरीब, सबै त्यहाँ जम्मा भएका थिए।

अब बाबा बिस्तारै चालले अगि बढ्न लाग्नुभयो र वहाँको दुबैतर्फ भक्तगण भक्तिभावसहित सँग-सँगै हिँड्न लागे र चारैतिर प्रसन्नताको वातावरण देखिन लाग्यो। सम्पूर्ण वायुमण्डल पनि खुशीले लठ्ठ भयो र यसरी समारोह चावडी पुग्यो। अब त्यस्तो दश्श्य भविष्यमा कसैले देख्न सक्ने छैन। अब त केवल त्यसको सम्झना गरेर आँखा अगाडि त्यो सुन्दर अतीत (बितेको समय) को कल्पनाले आफ्नो हृदयको प्यास शान्त गर्नुपर्ने छ।

चावडीको सजावट ज्यादै राम्रोसँग गरिएको थियो। ज्यादै असल सेतो चँदुवा, ऐनाहरू र थरीथरीका ग्यास बत्ती जडिएका थिए। चावडी पुगेपछि तात्या पाटील अगाडि बढेर आसन छियाएर तकियाको आफ्नो अडेस लगाएर उनले बाबालाई बसाए। अनि वहाँलाई एउटा

असल अगरखा (लामोबन्द मर्दाना लुगा) पैराए र भक्तहरूले नाना प्रकारले वहाँको पूजा गरे। वहाँलाई सुनको मुकुट लगाइयो र त्यस्तै फूल र जवाहिरातका माला वहाँका गलामा पहिराइए। अनि त्यस्तै निदारमा कस्तूरीको वैष्णवी तिलक तथा बिचमा बिन्दी (थोप्लो) लगाएर धेरै बेरसम्म उहाँलाई आँखा नचिम्लिएर नै हेरीरहे। वहाँको शिरको कपडा बदलि दिइयो र त्यसलाई माथि नै उठाएर राखियो। किनभने कहीं त्यसलाई फैंकि पो दिनुहुन्छ कि भनी सबैजना ससंकित थिए। तर बाबा त अन्तर्यामी हुनुहुन्थ्यो। वहाँले भक्तहरूलाई उनीहरूको इच्छानुसारै पूजा गर्न दिनुभयो। यी आभूषण (गहना) ले सुसज्जित भएपछि त वहाँको शोभा वर्णन गर्न नै नसकिने थियो।

नाना साहेब निमोणकरले बिचमा एउटा झुण्डिएको छडी भएको गोलाकारको एउटा सुन्दर छाता ओढाए। बापू साहेब जोगले एउटा सुन्दर चाँदीको थालीमा पाउ पखालेर अर्घ्य दिएपछि उत्तम विधिले वहाँको पूजा, आजा गरी वहाँका हातमा चन्दन लगाएर पानको बिडा दिए। अनि वहाँलाई आसनमा राम्रोसँग बसालेर तात्या पाटील तथा अरू सब भक्तगणले वहाँका श्री चरणमा आफ्नो शिर झुकाएर ढोगे। जब उहाँ तकियाको अडेस लगाएर बस्नुभयो अनि भक्तगणले दुबैतिरबाट चमर न पंखा डोलाउन-हम्कन लागे।

शामाले चिलिम तयार गरेर तात्या पाटीललाई दिए। उनले एक सर्को लगाई चिलिम धपक्क सल्काएर बाबालाई खान दिए। वहाँले तमाखु खाएपछि फेरि त्यो चिलिम भक्त म्हालसापतिलाई र त्यसपछि अरू सँबै भक्तहरूलाई दिइयो। धन्य हो त्यो निर्जीव (प्राण नभएको) चिलिम कत्रो! ठूलो तप हो त्यसको जसले कुमालेद्वारा पहिले चक्रमा घुमाइने, घाममा सुकाइने र त्यसपछि आगोमा पोल्ने आदि जस्तो अनेकौं संस्कार पायो। सुकाइने र त्यसपछि आगोमा पोल्ने आदि जस्तो अनेकौं संस्कार पायो। अनि उसलाई बाबाको कर-स्पर्श (हातको छुवाइ) र चुम्बन (म्वाई) को सौभाग्य पनि प्राप्त भयो।

जब यी सब कार्य समाप्त भए अनि भक्तगणले बाबालाई फूलको मालाले भरिपूर्ण गरेर सुगन्धित फूलका झुप्पा पनि वहाँलाई चढाए। बाबा त वैराग्यको पूर्ण अवतार नै हुनुहुन्थ्यो।

वहाँ ती हीरा-जवाहरात र फूलका माला तथा यसप्रकारको सजधजमा कहिले अभिरूचि लिने खाले हुनुहुन्थ्यो र? तर भक्तहरूको सच्चा प्रेमवशको कारणले नै उनीहरूको इच्छानुसार पूजा गर्नुमा वहाँले कुनै आपत्ति उठाउनु भएन।

अन्तमा मांगलिक (मंगलपूर्ण) स्वरमा बाजा बज्न लागे र बापूसाहेब जोगले बाबाको विधिपूर्वकको आरती गरे। आरती समाप्त भएपछि भक्तहरूले बाबलाई ढोगे र वहाँको आज्ञा लिएर सबै एक-एक गरी आ-आफ्ना घर फर्कन लागे। अनि तात्या पाटीलले वहाँलाई तमाखु ख्वाएर गुलाबजल अत्तर इत्यादि लगाए। फेरि बिदा हुने समयमा एउटा गुलाबको फूल चढाए। अनि बाबाले प्रेम-पूर्वक भन्न लाग्नुभयो, "तात्या मेरो हेरविचार राम्ररी गरे। तिमीलाई घर जानुछ भने जाऊ, तर रातमा कहिलेकाहीं आएर मलाई पनि हेर्नू।" अनि स्वीकारात्मक उत्तर दिएर तात्या पाटील चावडीबाट आफ्नै घरतर्फ हिँडे। त्यसपछि बाबाले धैरै-धैरै तन्ना छियाएर स्वयं आफ्ना बिछ्यौना लगाई विश्राम गर्नुभयो।

अब हामी पनि विश्राम गरौं। साथै यो अध्याय समाप्त गर्न लागेको म पाठकहरूसँग प्रार्थना गर्दछु कि हरएक दिन सुत्नुभन्दा अगाडि श्री साईबाबा र चावडीको समारोहको ध्यान अवश्य गर्ने गर्नोस्।

श्री सद्‌गुरू साईनाथमा अर्पण होओस्।
मंगल होओस्।।

अध्याय 38



बाबाको हंडी, नानासहेबद्वारा देव-
मूर्तिको उपेक्षा (अवहेलना),
नैवेद्यवितरण, महीको प्रसाद।

प्रस्तावना

गएको अध्यायमा समारोहको वर्णन गरिएको छ। अब यो अध्यायमा बाबाको हंडी तथा केही अरू विषयहरूको वर्णन हुनेछ।

हे सद्‌गुरू साई। हजूर धन्य हो। म हजूरलाई ढोग्दछु। हजूरले विश्वलाई नै सुख पुन्याउनु भएको छ र भक्तहरूलाइ कल्याण गर्नु भएको छ। हजूर उदार हृदयको हुनुहुन्छ। जो भक्तगणले हजूरका अभय चरण कमलहरूमा आफूलाई समर्पित गर्दछन्, तिनीहरूलाई हजूरले सदैव रक्षा गरी उद्धार गर्ने गर्नुहुन्छ। भक्तहरूको कल्याण र रक्षाको लागि नै हजूरले अवतार लिनुहुन्छ। ब्रहमको साँचोमा शुद्ध आत्मारूपी द्रव्य ढालियो र त्यसबाट ढलेर जो मूर्ति निक्ल्यो त्यही सन्तको सन्त श्री साईबाबा हो। यो जीवनका सम्पूर्ण कार्यहरू नाशवान् हुन् भन्ने जानेर नै वहाँले भक्तहरूलाई निष्काम र मुक्त बनाउनु भयो।

बाबाको हंडी

मानव धर्म-शास्त्रमा बेग्ला-बेग्लै युगको लागि बेग्ला-बेग्लै साधनाहरूको उल्लेख गरिएको छ। सत्य युगमा तप, त्रेतामा ज्ञान, द्वापरमा यज्ञ र कलियुगमा दानको विशेष माहात्म्य छ। सबै प्रकारको दानमा अन्नदान श्रेष्ठ छ। मध्याहनको समयमा हामीलाई भोजन प्राप्त भएन भने हामी विचलित हुन जान्छौं। यस्तै नै स्थिति अरू प्राणीहरूको अनुभव गरेर

जसले कुनै भिक्षुक (माग्ने) या भोकोलाई भोजन दिन्छ त्यही नै श्रेष्ठ दानी हो। तैत्तरीय उपनिषद्मा "अन्न नै ब्रह्म हो र त्यसैबाट सबै प्राणीहरूको उत्पत्ति हुन्छ र त्यसैबाट नै उनीहरू जीवित रहन्छन् र मरेपछि पनि त्यसैमा लय हुन्छन् भनिएको छ। कोही अतिथि मध्याह्नको समयमा आफ्नो घर आएमा उसलाई अभिनन्दन (स्वागत) गरेर उसलाई भोजन गराउने हाम्रो कर्तव्य हुन जान्छ। अरू दान जस्तैः धन, भूमि र वस्त्र इत्यादि दिनमा पात्रको विचार गर्नुपर्छ। तर अन्नको लागि विशेष सोच विचारको आवश्यकता छैन। मध्याह्नको समयमा हाम्रो ढोकामा जोकोही आए पनि उसलाई तुरून्तै खान दिनु हाम्रो परमकर्तव्य हो। पहिले लूला, लङंगडा, अन्ध या रोगी माग्नेलाई, त्यसपछि हातपाउ ठीक हुनेलाई र त्यो सबै पछि आफ्ना समबन्धीहरूलाई भोजन गराउनुपर्छ। अरू सबैको अपेक्षा (तुलना) मा लंगडाहरूलाई खान दिनुको महत्व बढी छ। अन्न दानको बिना अरू सबै दान त्यस्तै नै अपूर्ण हुन्छन् जस्तो कि चन्द्रमा विनाका तारा, बीचमा रहने पदक विनाको हार (माला), कलश विनाको मन्दिर, कमल रहित तलाउ, भक्ति रहित भजन, सिन्दूर रहित सौभाग्यबती, मधुर स्वर बिहीन गायन (गीत गाउँनु) नून विनाको पक्वान्न। जस्तो प्रकारले अरू खाने पदार्थमा दाल उत्तम सम्झिन्छ त्यस्तै प्रकारले सम्पूर्ण दानमा अन्नदान श्रेष्ठ हो। अब बाबा कस्तो प्रकारले भोजन तयार गराएर त्यसलाई बाँड्ने गर्नुहुन्थ्यो भन्ने हेरौं।

बाबा थोरै खाने हुनुहुन्थ्यो भन्ने कुरा मैले पहिले नै उल्लेख गरिसकेको छु। वहाँ धेर थोर जे जस्तो नै धानुहुन्थ्यो त्यो वहांलाई दुई घरको भिक्षामा प्राप्त हुन जाने गर्थ्यो। तर जब वहाँको मनमा सबै भक्तजनहरूलाई भोजन गराउने इच्छा हुन्थ्यो त्यतिबेला आरम्भदेखि अन्तसम्म सम्पूर्ण व्यवस्था आँफैंले नै गर्नेहुन्थ्यो। वहाँ कसैमाथि निर्भर रहनुहुन्नथ्यो। न कसैलाई नै यस सम्बन्धमा कष्ट नै दिने गर्नुहुन्थ्यो। पहिलो कुरा वहाँ बजार गएर सबै वस्तुहरू अनाज, पीठो, नून, खुर्सानी, जीरा र अरू मसला आदि वस्तुहरू नगद दाम दिएर किनेर ल्याउने गर्नुहुन्थ्यो। यहाँसम्म कि त्यो पिन्ने काम पनि वहाँ आँफैंले नै गर्ने गर्नुहुन्थ्यो। मसजिदको आगनमा एउटा ठूलो चूलो बनाएर त्यसमा आगो बाली हंडीमा ठीक नाप गरी पानी भरिदिनुहुन्थ्यो। हंडी दुई प्रकारका थिए। एउटा सानो र अर्को ठूलो।

एउटामा एक सय मानिसलाई र अर्कोमा पाँच सय मानिसलाई पुग्ने भोजन तयार हुन सक्दथ्यो। कहिले वहाँ गुलियो भात बनाउनुहुन्थ्यो र कहिले मासु मिसिएको भात अर्थात् पुलाउ बनाउनुहुन्थ्यो। कहिले-कहिले दाल र पानी रोटी पनि बनाउनुहुन्थ्यो। ढुंगाको सिलौटोमा मसिनो पारेर मसला पिनी हंडीमा हालिदिनुहुन्थ्यो। खाने कुरा मीठो बनोस् भनेर यसको लागि वहाँ सकेसम्म कोशिश गर्ने गर्नुहुन्थ्यो। ज्वारको पीठोलाई पानीमा मिसी। उमालेर त्यसमा मही मिसाई अंबिल (आमटी) बनाउनुहुन्थ्यो र भोजनको साथमा सबै भक्तहरूलाई बराबर रूपमा बाँडिदिनुहुन्थ्यो। भोजन (खानेकुरा) ठीक बनिरहेको छ कि छैन भनी जान्नको लागि वहाँ आफ्नो कफनीको बाउला माथि सारेर डरै नमानी उम्लिरहेको हण्डीमा हात हाल्नुहुन्थ्यो र त्यसलाई चारैतिर घुमाउने गर्नुहुन्थ्यो। यस्तो गर्दा पनि न वहाँको हातमा कुनै पोलेको चिन्ह तथा अनुहारमा नै कुनै दुखेको रेखा नै झल्किन्थ्यो। भोजन पुरा रूपले तयार भएपछि वहाँले मसजिदबाट भाँडा मगाएर मौलवीलाई फातिहा (खाना पवित्र बनाउन गरिने कुरानको) पाठ गर्नु) पढ्न भन्नुहुन्थ्यो। अनि वहाँले म्हालसापति र तात्या पाटीलको लागि प्रसादको भाग छुट्याएर बाँकी भोजन गरीब र अनाथ व्यक्तिहरूलाइ खुवाई उनीहरूलाई तृप्त बनाउनुहुन्थ्यो। साँच्चि नै ती व्यक्तिहरू धन्य थिए। कत्तो भाग्यशाली थिए तिनीहरू जसलाई बाबाको हातबाट बनेर पस्केको भोजन खानलाई प्राप्त भयो।

यहाँ कसैले के वहाँ शाकाहारी र मांसाहारी खाने वस्तुका प्रसाद सबैलाई बाड्ने गर्नुहुन्थ्यो भन्ने शंका गर्न सक्तछ। यसको उत्तर बिल्कुल सीधा र सरल छ। जो मान्छे मासु खाने हुन्थे उनीहरूलाइ हण्डीकोबाट दिइने गरिन्थ्यो। शाकाहारीलाई त्यसको दुवाइसम्म पनि हुन दिनु हुन्नथ्यो। न कहिल्यै वहाँले कसैलाई मासु खाने प्रोत्साहन नै दिनुभयो न कसैलाई यसको सेवनको आदत लागोस् भन्ने नै वहाँको आन्तरिक इच्छा थियो। गुरूदेवले प्रसाद वितरण गरिरहनु भएको बखतमा यदि शिष्यले त्यसलाई ग्रहण गर्न शंका गर्‍यो भने उसको अधःपतन हुन जान्छ भन्ने यो एउटा ज्यादै पूरानो अनुभवसिद्ध नियम हो। शिष्यगण यो नियमको पालना कति अंशसम्म पालना गर्छन् भन्ने अनुभव गर्नाको लागि वहाँ कहिले काहीं परीक्षा पनि लिने गर्नुहुन्थ्यो। उदाहरणको लागि एकादशीको दिन वहाँले दादा केलकरलाई

केही रूपैयाँ दिएर केही मासु किने ल्याउन भन्नुभयो। दादा केलकर पूरा कर्मकाण्डी थिए र प्रायः सबै नियमहरूलाई जीवनमा पालन गर्ने गर्दथे। द्रव्य (धन), अन्न र वस्त्र इत्यादि गुरूलाई चढाउनुले मात्र पर्याप्त हुँदैन। केवल गुरूको आज्ञा तुरून्त पालना गर्नाले नै उनी प्रसन्न हुन जान्छन् यही उनको लागि दक्षिणा हो भन्ने उनको यस्तो दृढ भावना थियो। त्यसैले दादा तुरून्तै लुगा लगाएर एउटा थैलो लिई बजार जान तयार भए। अनि बाबाले उनीलाई फर्काइ दिनुभयो र "तिमी नजाऊ अरू कसैलाई पठाइदेऊ" भन्नुभयो। दादाले आफ्नो नोकर पाण्डुलाई यस कामको लागि पठाए। उसलाई जान लागेको देखेर बाबाले उसलाई पनि फिर्ता बोलाउन भनी यो काम नै स्थगित गरिदिनुभयो।

यस्तै नै एक अर्को मौकामा वहाँले दादालाई "हेर त नूनिलो पुलाउ कस्तो पाकेको छ?" भन्नुभयो। दादाले यसै मुखबाटै "राम्रो ठीक छ" भनि दिए। अनि बाबाले भन्नुभयो "न तिमीले आफ्नो आँखाले नै देख्यौ, न जिभ्रोले नै स्वाद लियौ। तै पनि तिमीले ज्यादै राम्रो बनेको छ भनेर कसरी भनिदियौ। अलिकति बिर्को हटाएर त हेर।"

यति भनी बाबाले दादाको पाखुरा समातेर बलपूर्वक भाँडामा हालेर भन्नुभयो "यसबाट अलिकति झिक र आफ्नो कटटरपन छोडी चाखेर त हेरे।"

जब बच्चामाथि आमाको सच्चा प्रेम उम्लेर आउँछ अनि आमाले उसलाई चिमोट्न थाल्छिन्। तर उसको चिच्याइ र रूबाइ देखेर उसलाई आफ्नो छातीमा लगाउछिन्। यस्तै किसिमले सात्विक मातऋ-प्रेमवशनै बाबाले दादाको हात यसरी पक्डनु भयो। वास्तवमा कुनै पनि सन्त या गुरूले कहिल्यै पनि आफ्नो कर्मकांडी शिष्यलाई खान छोडेको खाने वस्तुलाई खान आग्रह गरेर आफ्नो अपयश गराउन मन गर्दैनन्।

यस्तो प्रकारले हंडीको कार्यक्रम 1910 सम्म चल्यो र त्यसपछि स्थगित भयो। माथि उल्लेख गरे अनुसार दासगणूले आफ्नो कीर्तनद्वारा सम्पूर्ण बम्बई प्रान्तमा बाबाको धेरै कीर्ति फैलाए। त्यसको फलस्वरूप यो प्रान्तबाट मानिसका झुंडका झुंड शिरडी आउन लागे

र थोरै दिनमा नै शिरडी पवित्र तीर्थ क्षेत्र बन्न गयो। भक्तगणले बाबालाई नैवेद्य अर्पण गर्नको लागि नाना प्रकारका स्वादिष्ट पदार्थ ल्याउँथे। त्यो यति धैरे मात्रामा जम्मा हुन जान्थ्यो कि फकीरहरू र भिखारीहरूलाई सन्तोषपूर्वक भोजन गराएर पनि बच्न जान्थ्यो। नैवेद्य वितरण गर्ने विधिको वर्णन गर्नु भन्दा पहिले म नाना साहेब चाँदोरकरको त्यो कथा वर्णन गर्दछु जो स्थानीय देवी-देवताहरू र मूर्तिहरूप्रति बाबाको सम्मान-भावना झल्काउने किसिमको छ।

नानासाहेबद्वारा देवमूर्तिको उपेक्षा (अबहेलना)

केही व्यक्ति आफ्ना कल्पनाको अनुसार बाबालाई ब्राह्मण सम्झन्थे भने केही व्यक्ति वहाँलाई मुसलमान भन्ने सम्झन्थे। तर वासतवमा वहाँको कुनै जाति थिएन[1] वहाँको र ईश्वरको केवल एक जाति थियो वहाँ कुनै कुलमा जन्मनु भयो र वहाँको आमा बाबु को थिए? भन्ने कुरा निश्चयपूर्वक कसैले पनि जानेको थिएन। अनि त वहाँलाई हिन्दू या मुसलमान कसर घोषणा गर्न सकिन्छ? यदि वहाँ मुसलमान हुनु भएको भए मसजिदमा सदैव धूनी जगाउने र तुलसीको वन किन लगाउनुहुन्थ्यो र ?

..............................................................................

1. *(क) जाति नपूछो साधुकी, पूछली जियो सान,*
*मेल करो तलवारका, पडीरहन दो म्यान।।*
*(ख) जाति पाति पूछै नहिंकोइ,*
*हरिको भजै सो हरिका होई।। तुलसीदास अर्थात्*
*(क) साधु सन्तको ज्ञान नसोध, ज्ञान कति छ भनी सोध*
*दाप भित्रको तरवारको लागि मोल गर, दाप त्यसै पडिरहन देउ। अर्थात्*
*त्यसको मूल्य नै हुँदैन त्यसैले त्यतातिर ध्यान दिनु नै छैन।*
*(ख) कसैले जाति पाति नसोधोस, जसले हरिलाई भज्दछ,*
*त्यो हरिको हुन्छ।*

शंक, घण्ट तथा अरू संगीत बाजा किनबज्न दिनुहुन्थ्यो? हिन्दूहरूको धेरै प्रकारका पूजाहरूलाई किन स्वीकार गर्नुहुन्थ्यो? यदि साँच्चि नै मुसलमान हुनु भएको भए वहाँका कान किन छेडिएका हुन्थे? त्यस्तै वहाँ आँफैले हिन्दू मन्दिरहरूको जीर्णोद्वार किन गराउनु हुन्थ्यो? वहाँले हिन्दूहरूका मूर्तिहरू तथा देवी-देवताहरूको अलिकति पनि अवहेलना गरेको कहिल्यै सहन सक्नु भएन।

एकपटक नाना साहेब चाँदोकर आफ्नो साढु (सालीको पति) श्री विनीवलेको साथमा शिरडी आए। जब उनी मसजिदमा पुगे, वार्तालाप गर्दा गर्दै अकस्मात् बाबाले रिसाएर भन्न लाग्नुभयो "तिमी धेरै समयदेखि मेरो नजिकमा छौ, तर पनि फेरि यस्तो आचरण किन गर्छौ?"

नाना साहेबले पहिले यी शब्दहरूको मतलब केही पनि बुझ्न सकेनन्। यसैले उनले आफ्नो अपराध सम्झाउने प्रार्थना गरे। जवाफमा बाबाले भन्नुभयो, "तिमो कहिले कोपर गाउँमा आइ पुग्यौ र अनि त्यहाँबाट कसरी शिरडी आई पुग्यौ?"

अनि भने नाना साहेबलाई आफ्नो भूलको तुरून्त ज्ञान हुन ग्यो। शिरडी आउनु भन्दा पहिले कोपर गाउँमा गदोवरीको किनारामा रहेको श्री दत्तको पूजा गर्ने उनको नियम नै थियो तर नातादार पनि दत्त-उपासक नै हुँदा पनि यसपटक ढिलो हुने डरले उनीलाई (नातादारलाई) पनि दत्त मन्दिरमा जानलाई हतोत्साह गरेर उनीहरू दुबै सिधै शिरडी आएथे। आफ्नो दोष स्वीकार गरी उनले भने, "गोदावरी नुहाउन लाग्दा पैतालामा एउटा ठूलो काँडो बिझेकोले ज्यादै कष्ट भएथ्यो।" बाबाले भन्नुभयो, "यो त ज्यादै सानो दण्ड थियो।" यति भनी भविष्यमा यस्तो आचरणको लागि सदैव सावधान रहने चेतावनी दिनुभयो।

## नैवेद्य वितरण

अब म नैवेद्य वितरणको वर्णन गर्नेछु। आरती समाप्त भएपछि बाबाबाट आशीर्वाद तथा उदी (विभूति) प्राप्त गरी जब भक्तगण आ–आफ्नो घर जान्थे, अनिपछि बाबा पर्दाभित्र पसी नीमको रूखको अडेस लागेर बसी भोजनको लागि आसन ग्रहण गर्नुहुन्थ्यो। भक्तहरूका दुई पंक्ति वहाँको नजिकै बस्ने गर्थ्यो। भक्तगण थैरैथरीका नैवेद्य पूरी, माण्डे पेडा, बर्फी, वासुँदी, उपमा, अम्बेमोहर (भात) इत्यादि कुरा थालीमा सजाई–सजाई ल्याउँथे। अनि जहिलेसम्म बाबाले नैवेद्य स्वीकार गर्नु हुन्नथ्यो, त्यति बेलासम्म भक्तगण बाहिरै प्रतीक्षा गर्ने गर्थे। सम्पूर्ण नैवेद्य जम्मा गरी दिइन्थ्यो। अनि वहाँ आँफैले नै भगवान्लाई नैबेध अर्पण गरी आफूले ग्रहण गर्नुहुन्थ्यो। त्यसमध्येबाट केही भाग बाहिर प्रतीक्षा गर्नेहरूलाई दिएर बाँकी भित्र बसेका भक्तहरूले अनि दुबै पंक्तिमा बसेका भक्तहरू तृप्त हुने गरी भोजन गर्ने गर्दथे। बाबा अक्सर शामा र निमोणकरलाई, भक्तहरूलाई राम्रोसँग भोजन गराउन र प्रत्येकको आवश्यकताको सावधानीपूर्वक ध्यान राख्नको लागि भन्नुहुन्थ्यो। उनीहरू दुई जना पनि यो काम बडो लगन र खुशीसाथ गर्दथे। यसरी प्राप्त भएको प्रत्येक गाँस भक्तहरूको लागि पोषक र सन्तोष दिने हुन्थ्यो। कस्तो मीठो, पवित्र, प्रेम–रसपूर्ण भोजन थियो त्यो। सधैं मडल गर्ने र पवित्र।

## छाछ (मही) को प्रसाद

यो सत्सगतमा बसेर एकदिन जब हेमाडपतले पूरापूर भोजन गरिसकेथे, अनि बाबाले उनीलाई एक प्याला मही पिउँन दिनुभयो। त्यसको सेतो रङबाट त उनी प्रसन्न भए, तर पेटमा अलिकति मात्र पनि ठाउँ नहुनाले उनले केवल एक घुटको मात्रै पिए। उनको यस्तो अनास्थापूर्वक व्यवहार देखेर बाबाले भन्नुभयो, “सबै पिय। यस्तो अनास्थापूर्वक व्यवहार देखेर बाबाले भन्नुभयो, “सबै पिय। यस्तो सुअवसर अब कहिल्यै पाउने छैनो” यो कुरा सुनेपछि उनले जम्मै मही पिए। तर उनीलाई बाबाको सांकेतिक वचनहरूको मर्म चाडै नै थाहा भयो। किनभने यो घटनाको थोरै दिनपछि नै बाबा समाधिस्थ हुनुभयो।

पाठक हो ! अब हामी अवश्य नै हेमाडपतप्रति कृतज्ञ हुनुपर्छ। किनभने उनले त महीको प्याला पिए तर हाम्रो लागि यथेष्ट मात्रामा श्री साईलीलारूपी अमृत दिएर गए। आउनुहोस् हामी त्यो अमृतको प्याला पछि प्याला पिएर सन्तुष्ट र सुखी हुन जाऊँ।

श्री सदगुरू साईनाथमा अर्पणहोस्।
मंगल होओस्।।

# अध्याय 39



बाबाको संस्कृत ज्ञान।

गीताको एकश्लोकको बाबाद्वारा टीका,
समाधि मन्दिरको निर्माण

यो अध्यायमा बाबाले गीताको एक श्लोकको अर्थ सम्झाउनु भएको छ। केही व्यक्तिहरूको धारणा बाबालाई संस्कृत भाषाको ज्ञान थिएन भन्ने थियो। नाना साहेबको पनि वहाँप्रति यस्तै धारणा थियो। यसको खण्डन हेमाडपंतले मूल मराठी ग्रन्थको 50 सौं अध्यायमा गरेका छन्। दुबै अध्यायहरूको विषय एउटै जस्तो भएकोले ती दुबै यहाँ सम्मिलित रूपमा लेखिएको छन्।

## प्रस्तावना

शिरडीको सौभाग्यको वर्णन कसले गर्न सक्छ? श्री द्वारकामाई पनि धन्य हुन् जहाँ श्री साई आएर बस्नुभयो र वहीं समाधिस्थ हुनुभयो।

शिरडीका नरनारी पनि धन्य हुन् जसलाई साईले स्वयं आएर अनुगश्हीत गर्नुभयो र जसका प्रेमको वशले नै टाढाबाट हिँडी वहाँ आउनुभयो। शिरडी त पहिले एउटा सानो गाउँ थियो, तर श्री साईको सम्पर्कबाट विशेष महत्व पाएर एउटा तीर्थ-खेत्रमा बदलिन गयो।

शिरडीका नारीहरू पनि ज्यादै नै भाग्यशालिनी हुन् जसको बाबा उपर असीम र अभिन्न विश्वास प्रशंसा नै गरी नसक्नुछ। आठै प्रहर नुहाउँद, पिन्दा, अनाज किनाल्दा, कुट्दा, अरू घरका काम गर्दा उनीहरू वहाँको कीर्तिको गुणगान गर्ने गर्दथे। उनीहरूको प्रेमको

उपमा नै के हुन सक्छ र ? उनीहरू अत्यन्त मीठो गाउँथे जसबाट गाउँने र सुन्नेको मनमनै परम (अतिठूलो) शान्ति मिल्दथ्यो।

बाबाद्वारा टीका

कसैलाई सपनामा पनि बाबा संस्कृत जान्ने हुनुहुन्छ भन्ने थाहा थिएन।एकदिन नानासाहेब चाँदोरकरलाई गीताको एक श्लोकको अर्थ बुझाएर वहाँले मानिसहरूलाई आश्चर्यचकित पारिदिनुभयो। यसको छोटो वर्णन सेवा निवृत्त तहसीलदार श्री बी. व्ही.देवले मराठी साईलीला पत्रिकाको भाग 4 (स्फुट विषय 563) मा छपाएका छन्। यसको संक्षिप्त विवरण Sai Babas' Charters and Sayings भन्ने पुस्तकको 61 औं पृष्ठमा र The Wonderous Saint Saibaba को पृष्ठ 36 मा पनि छापिएको छ। यी दुबै पुस्तकहरू बी. व्ही. नरसिंहद्वारा रचिएका हुन्। श्री बी. व्ही. देवले तारीख 27.9.1936 मा अंग्रेजीमा एक वक्तव्य दिएका छन् जो नरसिंह स्वामीद्वारा रचित पुस्तक भक्तहरूको अनुभव भाग 3 मा छापिएको छ। श्री देवलाई यो विषयको पहिलो सूचना नानासाहेब चाँदोरकरबाट प्राप्त भएको थियो। यसैले उनको कथन (भनाइ) तल उद्धृत गरिएको छ।

नाना साहेब चाँदोरकर वेदान्तका विद्वान् विद्यार्थीहरू मध्ये एक थिए। उनले अनेकौं टीकाहरूको सथ गीताको अध्ययन पनि गरेका थिए र उनीलाई यो ज्ञानको अहंकार पनि थियो। बाबले संस्कृत भाषा कत्ति पनि जान्नु हुन्न भन्ने उनको विचार थियो। यसैले बाबाले उनको यो भ्रम हटाइदिने विचार गर्नुभयो। यो भक्तगण थोरै संख्यामा आउने पहिलेको समयको कुरा हो। बाबा भक्तहरूसँग एकान्तमा धैरै बेरसम्म वार्तालाप गर्ने गर्नुहुन्थ्यो।

यस्तै एउटा कुनै समयमा नानासाहेब बाबाको चरण-सेवा गरिरहेको थिए र अस्पष्ट शब्दमा केही गुनगुनाइरहेका थिए। (त्यसैबेला तल लेखिएको वार्तालाप भयो)।
बाबा- नाना तिमीले बिस्तार-बिस्तार के भनि रहेका होऊ?
नाना- मैले गीताको एक श्लोकको पाठ गरिरहेको हुँ।
बाबा- कुन चाहीँ श्लोक हो त्यो?

नाना- यो भगवद् गीताको एक श्लोक हो।
बाबा- अलि उच्चो स्वरमाभन त।
अनि नानाले भगवद् गीताको चौथो अध्यायको 34 सौं श्लोक भन्न लागेः-
"तद्विद्वि प्रणिपातेदन परिप्रश्नेन सेवया। उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्वदर्शिनः।।"
बाबा- नाना के तिमीलाई यसको अर्थ थाहा छ?
नाना- छ महाराज!
बाबा- यदि थाहा छ भने मलाई पनि सुनाउन।
नाना- यसको अर्थ हो- तत्व जान्ने ज्ञानी पुरूषहरूलाई राम्रोसँग दण्डवत् गरेर सेवा र निष्कपट भावले गरिएका प्रश्नद्वारा त्यो ज्ञानलाई जान। जसलाई सद्‌वस्तु (ब्रह्म) को प्राप्ति भैसकेको छ ती ज्ञानीहरूले तिमीलाई ज्ञानको उपदेश दिनेछन्।
बाबा- नाना म यसप्रकारको खिचडी भावार्थ चाहन्न। मलाई त प्रत्येक शब्द र त्यसको भाषा अनुरूपको उच्चारण गर्दै व्याकरण-सम्मत अर्थ बुझाउन।
अब नाना एक एक शब्दको अर्थ्र बुझाउन लागे।
बाबा- नाना के केवल साष्टाड नमस्कार गर्नु नै पर्याप्त हुन्छ?
नाना- नमस्कार गर्नु बाहेक म "प्रणिपात" को कुनै अर्को अर्थ जान्दिन।
बाबा- "परिप्रश्न" को अर्थ के हो?
नाना- प्रश्न सोध्नु।
बाबा- प्रश्नको अर्थ के नि?
नाना- उही (प्रश्नसोध्नु)
बाबा- यदि "परिप्रश्न" र "प्रश्न" दुबैको अर्थ एउटै हो भने व्यासले "परि" उपसर्गको प्रयोग किन गरे त? के व्यासको बुद्धि भ्रष्ट भएको थियो त?
नाना- मलाई त "परिप्रश्न" को अर्को अर्थ थाहा छैन।
बाबा- सेवा? कस्तो प्रकारको सेवाको आशय हो यहाँ?
नाना- त्यही जो हामीहरूले सधैं हजूरको गर्छौं।
बाबा- के यो "सेवा" नै पर्याप्त छ?
नाना- अरू यो भन्दा बढी "सेवा" को कुनै विशेष अर्थ मलाई थाहो छैन।

बाबा- दोश्रो पंक्तिको "उपदेक्ष्यन्ति ते ज्ञान" मा के तिमी "ज्ञान" शब्दको ठाउँमा अर्को शब्दको प्रयोग गरेर यसको अर्थ भन्न सक्दछौ?

नाना- हो, सक्छु।

बाबा- कुन चाहीं शब्द।

नाना- अज्ञानम्।

बाबा- "ज्ञान" को सट्टा त्यो शब्द (अज्ञानम्) जोडेर के यो श्लोकको अर्थ निस्कन सक्छ?

नाना- अंहँ, सक्तैन। शांकर भाष्यमा यस प्रकारको कुनै व्याख्या छैन।

बाबा- नभएर के भयो त? यदि "अज्ञानम्" शब्दको प्रयोगबाट कुनै उत्तम अर्थ निस्कन सक्छ भने त्यसमा के आपत्ति छ र?

नाना- त्यसमा "अज्ञान" शब्दको कस्तो प्रकारको प्रयोग हुने हो म त्यो जान्दिन।

बाबा- कश्णले अर्जुनलाई किन ज्ञानीहरू या तत्वदर्शीहरूलाई नमस्कार गर्न (ढोग्न) उनीहरूसँग प्रश्न सोध्न र सेवा गर्ने उपदेश दिनुभयो? के कश्ण स्वयं तत्वदर्शी हुनु हुनेथिएन? वास्तवमा स्वयं ज्ञान स्वरूपनै हुनुहुन्न थियो।?

नाना- हो, वहाँ ज्ञानावतार नै हुनुहुन्थ्यो। तर वहाँले अर्जुनलाई अरू ज्ञानीहरूको लागि किन भन्नुभयो त्यो कुरो मैले बुझ्न सकिन।

बाबा- के तिमीले बुभन सकेनौ?

अब नाना निन्याउरो भए। उनको घमण्ड चूर भइसकेको थियो। अनि बाबाले स्वयं यसप्रकारले अर्थ बुझाउन लाग्नुभयो।

(1) ज्ञानीहरूलाई केवल साष्टाड नमस्कार गर्नाले पर्याप्त हुँदैन। हामीले सद्गुरू प्रति अनन्य भावले शरणागत हुनुपर्छ।

(2) केवल प्रश्न सोध्नुले नै पर्याप्त हुँदैन। कुनै कुप्रवृत्तिले या पाखण्डले या वाक्य-जालमा फसाउने या कुनै त्रुटी निकाल्ने भावनाले प्रेरित भएर प्रश्न गर्नु हुँदैन। परन्तु प्रश्न उत्सुकतापूर्वक केवल मोक्ष या आध्यात्मि मार्गमा उन्नति प्राप्त गर्ने भावनाले नै प्रेरित भएर गर्नुपर्छ।

(3) म त सेवा गर्न वा नगर्नमा पूर्ण स्वतन्त्र छु, जो यस्तो भावनाले सेवा कार्य गर्छ, त्यसलाई "सेवा"

भनिन सकिन्न। उसले (शिष्यले) मेरो आफ्नो शरीरमा मेरो कुनै अधिकार छैन। यो शरीर उपर त गुरूको

नै अधिकार छ र केवल वहाँको सेवाको निमित्त नै यो रहेको छ भन्ने अनुभव गर्नुपर्छ। यसप्रकार आचरण गर्नाले तिमीलाई सद्‌गुरूद्वारा माथिको श्लोकमा बताइए बमोजिम ज्ञान प्राप्त हुन जानेछ।

नानालाई गुरू कस्तो प्रकारले "अज्ञान" को शिक्षा दिन्छन् भन्ने कुरा समझमा आउन सकेन।

बाबा- ज्ञानको उपदेश कस्तो हो अर्थात् भविष्यमा प्राप्त हुने आत्मानुभूतिको शिक्षा। अज्ञानको नाश गर्नु ज्ञान हो। (गीताको 18-66 मा) ज्ञानेश्वरी भाष्यको ओ वी 1396 मा यसप्रकारका वर्णन छः- हे अर्जुन! यदि तिम्रो निद्रा र सपना भंग भयो भने अनि तिमी "स्वयं हुन्छौ।" यो पनि यस्तै प्रकारको हो। गीताको अध्याय 5-16 को अगाडि टीकामा लेखिएको छ। के ज्ञानमा अज्ञान नष्ट गर्नुभन्दा बाहेक कुनै अरू भेछ छ र? अन्धकार नष्ट गर्नुको अर्थ "प्रकाश" हो। जब हामी द्वैत नाश गर्ने चर्चा गर्छौं भनेहामी अद्वैतकोकुरा गर्छौं। जब हामी अन्धकार नष्ट गर्ने कुरा गर्छौं भने त्यसको अर्थ हो कि प्रकाशको कुरा गर्छौं। यदि हामी अद्वैतको स्थिति अनुभव गर्न चाहन्छौं भने हामीले द्वैतको भानना नष्ट गर्नुपर्छ। यही अद्वैत स्थिति प्राप्त भएको लक्षण हो।द्वैतमा बसेर अद्वैतको चर्चा को गर्न सक्दछ? जबसम्म यस्तो स्थिति प्राप्त हुँदैन, तबसम्म के त्यसको अनुभव कसैले गर्न सक्छ?

शिष्य सद्‌गुरू कै सम्मान नै ज्ञानको मूर्ति हो। उनीहरू दुईमा केवल अवस्था, उच्च अनुभूति, अद्‌भुत अलौकिक सत्य, अद्वितीय योग्यता ए ऐश्वर्य योगमा भिन्नता (फरक) हुन्छ। सद्‌गुरू निर्गुण, निराकार, सच्चिदानन्द हुन्छन्। वास्तवमा उनी केवल मनुष्य जाति र विश्व कल्याणको निमित्त स्वेच्छापूर्वक मनुष्य शरीर गर्दछन्। तर नर-देह धारण गर्नाले पनि उनको सत्ताको अनन्ततामा कुनै बाधा उपस्थित हुँदैन। उनको आत्मानुभूति, लाभ, दैवी शक्ति र ज्ञान सदैव एकै रूपले रहन्छन्। शिष्यको पनि वास्तवमा त्यही स्वरूप हो। तर अनेकौं जनमहरूले गर्दा उसलाई अज्ञान उत्पन्न हुन जान्छ र त्यसैको वशमा परेर

उसलाई भ्रम हुन जान्छ तथा आफ्नो शुद्ध चैतन्य स्वरूपको विस्मृति हुन जान्छ। गीताको अध्याय 5 हेर[1] "अज्ञानेनावश्तं ज्ञानं तेन मुह्यन्ति जन्तवः" त्यहाँ बताए अनुसार उसलाई म जीव हुँ, एउटा प्राणी हुँ, दुर्बल हुँ, असहाय हुँ भन्ने भ्रम हुन जान्छ। गुरूले यो अज्ञानरूपी जरालाई काटेर फँकिदिन्छन्। यसैको लागि उसले उपदेश गर्नुपर्छ। जो जन्मजन्मान्तरदेखि "म त दुर्बल, असहाय जीव हुँ" भन्ने धारणा गर्दै आएको हुन्छ त्यस्तो शिष्यलाई गुरूले सयौंजन्मसम्म "तिमी नै सर्वशक्तिमान् समर्थ ईश्वर हौ" भन्ने यस्तो शिक्षा दिन्छन्, अनिमात्र कहीँ गएर उसलाई वास्तवमा "म नै ईश्वर हुँ" भन्ने अलिकति आभास हुन्छ। सदैव निरन्तर भ्रममा रहनाको कारणले नै उसलाई "म शरीर हुँ, एक जीव हुँ, साथै ईश्वर र यो विश्व म भन्दा एक भिन्न वस्तु हो" भन्ने नै भान भएको हुन्छ। यो त केवल एक भ्रम मात्र हो जो अनेकौं जन्मधारण गर्नाको कारणले उत्पन्न हुन गएको हो। कर्मानुसार प्रत्येक प्राणीलाई सुख दुःखको प्राप्ति हुन्छ। यो भ्रम, यो त्रुटी तथा यो अज्ञानको जरा नष्ट गर्नाको लागि नै हामीले स्वयं आफूसँग नै यो अज्ञान कसरी पैदा
हुन गयो भनेर प्रश्न गर्नु पर्छ। त्यो अज्ञान कहाँ छ? हो, यो त्रुटीको दिग्दर्शन गराइदिनुलाई नै उपदेश भन्दछन्।

अज्ञानका उदाहरण तललेखिएका हुन्ः-

(1) म एक जीव (प्राणी) हुँ।

(2) शरीर नै आत्मा हो! (म शरीर हुँ)

(3) ईश्वर, विश्व र जीव भिन्न-भिन्न तत्व हुन्।

..............................................................................

1 *नादत्ते कस्यचित्पापं न चैब सुकश्तं विभुः*
*अज्ञानेना वश्तं ज्ञानं तेन मुह्यन्ति जन्तवः ।। गीता 5-11 अर्थात्ः-परमात्मा कसैको पाप पनि लिनु हुन्न, पुण्य पनि लिनु हुन्न, किन्तु जीवहरूको ज्ञान अज्ञानले छोपिएको छ, यसैले तिनीहरू मोहमा पर्दछन् अर्थात् ईश्वरले हाम्रो पापहरण गर्नुहुन्छ, पुण्यलाई स्वीकार गर्नुहुन्छ भन्ने ठहऱ्याउँदछन्।*

(4) म ईश्वर होइन।

(5) शरीर आत्मा होइन, यसको बोध नहुनु।

(6) ईश्वर, विश्व र जीव सब एउटै हुन् भने कुराको ज्ञान नहुनु।

जबसम्म यी त्रुटीहरूको उसलाई दिग्दर्शन गराइन्न त्यतिबेलासम्म शिष्यलाई ईश्वर, जीव र शरीर के हुन्? उनीहरूमा के अन्योन्याश्रित (एउटाको आधार अर्को हुन गएको) सम्बन्ध छ तथा उनीहरू परस्पर भिन्न हुन् कि अभिन्न हुन् अथवा एक नै हुन्? यसप्रकारको शिक्षा दिनु र भ्रमलाई हटाइदिनु नै "अज्ञान"को ज्ञानोपदेश भनिन्छ। अब प्रश्न यो उठ्छ कि जीव जो स्वयं ज्ञानमूर्ति छ, उसलाई ज्ञानको के आवश्यकता छ भन्ने। उपदेश दिने कारण त केवल त्रुटीलाई उसको दृष्टिमा ल्याएर अज्ञानलाई नष्ट गरिदिनु हो।

बाबाले अगाडि भन्नुभयो :-

1) प्रणिपातको अर्थ "शरणागति" हो।

2) शरणागत हुनुपर्छ तन, मन, धनले नै अर्थात् अनन्यभावले।

3) कृष्णले अरू ज्ञानीहरूतिर किन संकेत गर्नुहुन्छ?

सद्भक्तको लागि त प्रत्येक तत्व वासुदेव हो। (भगवद्गीता[1] अ 7-19 अर्थात कुनै पनि गुरू आफ्नो भक्तको लागि कृष्ण हो)। त्यसैले गुरू शिष्यलाई वासुदेव मान्दछन्।

..............................................................................

*1 बहुनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते।*
*वासुदेवः सर्वनिति समहात्मा सुदुर्लभः।। गीता 7-19*
*(1) धेरै जन्मको अन्तमा "वासुदेव सर्वम्" सम्पूर्ण कुरा वासुदेव नै हो यस्तो ज्ञान भएपछि ज्ञानी अद्वैत ब्रह्ममा प्राप्त हुन्छ।*
*यस्तो खाले महात्मा सितिमिति पाइन्न।*

अनि कृष्ण यी दुबैलाई आफ्नो प्राण र आत्मा (भगवद् गीता अध्याय 7-18[1] मा ज्ञानदेव टीका)। श्रीकृष्णलाई यस्ता अनेक भक्त र गुरू विद्यमान् छन् भन्ने कुरा विदित भऐ हुनाले उनीहरूको महत्व बढाउनको लागि नै श्री कुष्णले अनुर्जनलाई यस्तो उल्लेख गर्नु भएको हो।

## समाधि-मन्दिरको निर्माण

बाबा जे जसो गर्न चाहनुहुन्थ्यो त्यसको चर्चा वहाँ कहिल्यै पनि गर्नु हुन्नथ्यो। वरू वरपर यस्तो वातावरण र परिस्थति बनाइदिनुहुन्थ्यो कि मानिसहरूलाई वहाँको ढिलो गतिको तर निश्चित परिणाम देखेर बडो ताजूप लाग्दथ्यो। समाधि-मन्दिर यो कुराको उदाहरण हो। नागपुरका प्रसिद्ध लखपति श्रीमान् बापू साहेब बूटी आफ्नो परिवार सहित शिरडीमा बस्दथे। एकपल्ट उनीलाई शिरडीमा आफ्नै एउटा वाडा (भवन) हुनुपर्छ भन्ने विचर आयो। त्यसको कही समय पछि दीक्षित वाडामा सुतिरहेका बखतमा उनले निद्रामा एउटा सपना देखे। बाबाले सपनामा आएर उनीलाई "तिमी आफ्नो एक बाडा (भवन) र एक मन्दिर बनाऊ" भन्नुभयो। शामा पनि त्यहीँ सुतिरहेका थिए र उनले पनि ठीक त्यस्तै नै सपना देख। बापू साहेब जब उठे त्यसबेला उनले शामालाई रोएका देखे र उनीसँग रूनाको कारण सोधे। अनि शामाले भन्नलागे, "भर्खरै-भर्खरै मैले एउटा सपना देर्खे" बाबा मेरो ज्यादै नजिक आउनुभयो र स्पष्ट शब्दमा "मन्दिरको साथमा वाडा (भवन) बनाउन लगाऊ। म सम्पूर्ण भक्तहरूको इच्छाहरू पूर्ण गर्नेछु" भन्नुभयो।

..............................................................................

1 *उदाराः सर्वएबैते ज्ञानी त्वात्मैव मेमतम्।*
*आस्थितः स ही युक्तात्मा मामेबनुत्तमां गतिम्।। गीता 7-18 हुन त यी चारै प्रकारका भक्तहरू- आर्त (दुःखमा पुकार्न), जिज्ञानु (ज्ञानको इच्छा गर्ने), अर्थार्थी (धन, पुत्र आदि अर्थको चाहना भएको) र ज्ञानी (भगवान्लाई आफ्नो आत्मरूपले चिनेको) उत्तम छन्। तथापि ज्ञानीभक्त मेरो आत्मा नै हो।*

..............................................................................

किनभने ममा सदा मनलगाएको ज्ञानी सर्वोत्तम गति रूप मैमा सदा रहेको हुन्छ।

बाबाका मधुर र प्रेमपूर्ण शब्द सुनेर मेरो प्रेम उर्लियो र घाँटी भरियो। साथै मेरो आँखाबाट आँशुका धारा बग्न लागे। यसैले म जोरसँग रून लार्गे। दुबैको सपना एउटै जस्तो भएकोले बापू साहेब बूटीलाई आश्चर्य लाग्यो। उनी धनाढ्य त छँदै थिए त्यसैले उनले बाडा (भवन) बनाउने निश्चय गरे र शामासँग बसी एउटा नक्शा बनाए। काका साहेब दीक्षितले पनि त्यो नक्शालाई स्वीकृत गरे। अनि त्यो नक्शा बाबाको अगाडि प्रस्तुत गरिंदा वहाँले पनि तुरून्तै स्वीकृति दिनुभयो। त्यसपछि निर्माणकार्य प्रारम्भ गरियो र शामाको रेखदेखमा तलको तला, तहखाना र कुबा बनेर तयार भयो। बाबाले पनि लेंडी जाँदा-आउँदाको समयमा आफ्नो सल्लाह दिने गर्नुहुन्थ्यो यति बनिसकेपछि यो काम बापूसाहेब जोगलाई नै सौपिदिइयो।

काम यसरी नै चलिरहेकै अवस्थामा बापू साहेब जोगलाई बीचमा मुरलीधकरो मूर्ति पनि स्थापना गर्ने गरी केही खुला ठाउँ अवश्य नै हुनुपर्छ भन्ने विचार आयो। उनल आफ्नो विचार शामासँग प्रकट गरे र साथै बाबाबाट अनुमति प्राप्त गर्न पनि भने। बाबा बाडाको नजिकबाट गइरहनुभएको बखतमा शामाले बाबासँग त्यो कुरा सोधे। शामाको प्रश्नमा आफ्नो स्वीकृति दिँदै बाबाले भन्नुभयो, "मन्दिरको कार्य पूरा भएपछि म स्वयं त्यहाँ बस्नेछु।" अनि फेरि वाडातर्फ नजर लगाउँदै अरू कुरा थप्नुभयो, "बाडा सम्पूर्ण रूपले बनिसकेपछि हामी सबैले त्यसको उपभोग गरौंला। त्यहीं बसौंला, घुमफिर गरौंला र एउटाले अर्कालाई छातीमा लगाएर आनन्दपूर्वक डुल-फिर गरौंला।" यसैबखत शामाले बाबासँग, "के मूर्तिका बीच कोठाको जग राख्ने कार्य प्रारम्भ गर्नाको लागि शुभ-मुर्हूत भयो?" भनेर सोधे। बाबाले उनीलाई स्वीकारपूर्ण उत्तर दिनुभयो। अनि त्यसैबेला शामाले एउटा नरिवल ल्याएर फोरेर कार्य प्रारम्भ गरिदिए। ठीक समयमा सबै काम पूरा भयो र "मुरलीधर" को एउटा सुन्दर मूर्ति बनाउन लगाउने प्रबन्ध गरियो। त्यसको निर्माण कार्य प्रारम्भ हुन नपाउँदै एउटा नयाँ घट्ना घट्न गयो। बाबाको स्थिति चिन्ताजनक हुन गयो र उहाँले अब शरीर त्यागी दिनुहुनेछ भने जस्तो देखिन लाग्यो। बापू साहेब ज्यादै उदास र निराश हुनगए। यदि बाबा बिल्नु भयो भने त बाडा वहाँको पवित्र चरण-स्पर्शबाट वन्चित रहने (ठगिने) भयो र मेरो सबै (लगभग एक लाख रूपियाँ व्यर्थ हुन जाने भयो भन्ने उनले सोचे। तर अन्तिम समयमा बाबाको श्रीमुखबाट निक्लेका बचनले (मलाई

वाडामा नै राख्नू) केवल बूटी साहेबलाई मात्र सान्त्वना पुऱ्याएन कि अरूहरूलाई पनि शान्ति मिल्यो। केही समयपछि बाबाको पवित्र शरीर मुरलीधरको मूर्तिको स्थानमा राखियो। बाबा स्वयं "मुरलीधर" बन्नुभयो र वाडा "साईबाबाको समाधि मन्दिर।"

वहाँको अगाध लीलाहरूको थाहा कसैले पाउन सकेन। श्री बापू साहेब बूटी धन्य हुन् जसको वाडामा बाबाको दिव्य र पवित्र पार्थिव शरीर अहिले विश्राम गरिरहेको छ।

श्री सद्‌गुरू साई नाथमा अर्पणहोस्।

मंगल होओस्।।

# अध्याय 40

## श्री साईबाबाका कथाहरू



(1) श्री बी. व्ही. देवकी आमाको
उद्यापनमा सम्मिलित हुनु।
(2) श्री हेमाडपतको भोजन-समारोहमा चित्रको
रूपमा प्रकट हुनु।

यो अध्यायमा दुईटा कथाको वर्णन छ।

(1) बाबा कस्तो प्रकारले श्रीमान् देव की आमा कहाँ उद्यापनमा सम्मिलित हुनुभयो। (2) बाबा कुन किसिमले होली चाडको भोजन समारोहको अवसरमा वान्द्रामा हेमाडपंतको घरमा जानुभयो।

प्रस्तावना

श्री साईसमर्थ धन्य हुनुहुन्छ, जसको नाम बडो सुन्दर छ। वहाँ सांसारिक र आध्यात्मिक दुबै विषयमा आफ्नो भक्तहरूलाई उपदेश दिनुहुन्छ र भक्तहरूलाई आफ्नो जीवनको ध्येय प्राप्त गर्न सहायता प्रदान गरेर उनीहरूलाई सुखी बनाउनुहुन्छ। श्री साईले आफ्नो बरद (वरदिने) हात भक्तहरूको शिरमा राखेर उनीहरूलाई आफ्नो शक्ति प्रदान गर्नुहुन्छ। वहाँले भेदभावको भावनालाई नाश गेरर उनीहरूलाई अप्राप्य (पाइन मुश्किल) वस्तुको प्राप्ति गराइदिनुहुन्छ। भक्तहरू श्री साईका चरणमा भक्तिपूर्वक पर्दछन् र श्री साईबाबा पनि भेदभाव रहित भएर प्रेमपूर्वक भक्तहरूलाई छातीमा लगाउनहुहुन्छ। जसरी वर्षा ऋतुमा समुद्र नदीहरूसँग मिल्दछ र उनीहरूलाई आफ्नो शक्ति र मान दिन्छ, त्यसरी नै वहाँ आफ्नो भक्तगणहरूसँग सम्मिलित हुनुहुन्छ। यसबाट यो कुरा सिद्ध हुन्छ कि, जसले भक्तका लीलाहरूको गुणगान गर्दछन्, तिनीहरू ईश्वरलाई कुनै मध्यस्थ नराखेर नै ईश्वरका लीलाहरूको वर्णन गर्नेहरूभन्दा धैरै मात्रामा बढी प्रिय हुन्छन्।

श्रीमती देवको उद्यापन-उत्सव

श्री बी. व्ही. देव डहाणू (जिल्ला ठाणा) मा तहसीलदार थिए। उनकी आमाले लगभग पच्चीस तीस व्रत लिएकी थिइन् त्यसैले तिनीहरूको उद्यापन गर्नु आवश्यक थियो। उद्यापनका साथ-साथै सय-दुईसय ब्राह्मणहरूको भोजन पनि हुने थियो। श्री देवले एउटा तिथि निश्चित गरेर बापूसाहेब जोगलाई एउटा चिठ्ठी शिरडीमा पठाए। त्यसमा उनले लेखे "तिमीले मेरो तर्फबाट श्री साईबाबालाई उद्यापन र भोजनमा सम्मिलित हुने निस्ता दिनु र वहाँसँग वहाँको अनुपस्थितिमा उत्सव अपूर्ण नै रहनेछ भनी प्रार्थना गर्नु। वहाँ अवश्य नै उहाणू पाल्नु भएर आफ्नो दासलाई कृतार्थ गर्नु हुनेछ भन्ने मलाई पूर्ण आशा छ इत्यादि।

बापू साहेब जोगले बाबालाई त्यो पत्र पढेर सुनाए। वहाँले त्यसलाई ध्यानपूर्वक सुन्नु भयो र शुद्ध हृदयले पठाएको निस्ता जानेर भन्नुभयो "जसले मेरो सम्झना गर्दछ, उसलाई मेरो पनि सदैव ध्यान रहन्छ। मलाई यात्राको लागि गाडी, टाँगा या विमान आदि कुनै साधनको आवश्यकता छैन। मलाई त जसले प्रेमले पुकारा गर्दछ, उसको अगाडि म तुरून्त नै प्रकट हुन जान्छु। उनीलाई म आफ्नो अ दुईजना व्यक्तिहरूको साथमा अवश्य नै आउनेछु भन्ने सुखद खबर भएको पत्र पठाइदेऊ।" बाबाले भन्नुभए बजोजिम पत्रमा लेखेर जोगले देवलाई पठाइदिए। पत्र पढेर देवलाई बडो प्रसन्नता भयो। तर उनीलाई बाबा केवल राहता, रूई र नीमगाउँ बाहेक अन्त कहीं पनि जानु हुन्न भन्ने कुरा थाहा थियो। तैपनि फेरि उनीलाई वहाँको लागि के असम्भव छ र? वहाँको जीवन अपार चमत्कारहरूले नै भरिएको छ। वहाँ त सर्वव्यापी हुनुहुन्छ। वहाँ कुनै पनि भेषमा सजिलैसँग प्रकट भएर आफ्नो वचन पूर्ण गर्न सक्नुहुन्छ भन्ने विचार आयो।

उद्यापनको केही दिन पहिले बंगाली सन्यासीहरूको जस्तो भेष-भूषा धारण गरेको एउटा सन्यासी डहाणू स्टेशनमा उत्रियो। टाढाबाट ऊ गोरक्ष संस्थाको स्वयंसेवक हो जस्तो देखिन्थ्यो। ऊ सोझै स्टेशन माष्टर कहाँ गयो र उनीसँग चन्दाको लागि निवेदन गर्‍यो।

स्टेशन माष्टरल उसलाई तिमी यहाँको तहसीलदार कहाँ जाऊ। वहाँ उनको सहायताबाट यथेष्ट चन्दा प्राप्त गर्न सक्नेछौ भन्ने सल्लाह दिए। ठीक त्यही समयमा तहसीलदार पनि त्यहीँ पुगे। अनि स्टेशन माष्टरले सन्यासीको परिचय उनीसँग गराए। उनीहरू दुईजना स्टेशनको प्लेटफार्ममा बसेर वार्तालाप गर्दैरहे। तहसीलदारले उसलाई यहाँका प्रमुख नागरिक श्रीराव साहेब नरोत्तम सेठीले धर्मार्थ कार्यको लागि चन्दा जम्मा गर्ने नामाबली बनाएका छन्। यसैल अब फेरि अर्को एउटा नामाबली बनाउनु राम्रो जस्तो देखिंदैन। यसैले तपाई। यहाँ फेरि दुईचार महिनापछि पाल्नु भयो भने बढी कल्याणदायक हुनेछ भनी बताए। यो कुरा सुनेर सन्यासी त्यहाँबाट गयो र एक महिनापछि श्रीदेवको घरको अगाडि टाँगाबाट ओर्लियो। अनि उसलाई देखेर देवले मनमनै ऊ चन्दा माग्नैलाई आएको हो भन्ने सोचे। उसले देवलाई काममा व्यस्त देखेर उनीसँग भन्यो, "श्रीमान् चन्दाको निमित्त होइन, वरू भोजनको लागि आएकोहुँ।"

देवले भने- बडो आनन्दको कुरा हो, तपाईलाई सहर्ष स्वागत छ।
सन्यासी- मेरो साथमा अरू दुई बालक छन्।
देव त्यसो भए कृपया उनीहरूलाई पनि साथै लिएर आउनुहोस्।
भोजनको लागि अझै दुई घण्टाको विलम्ब थियो। यसैले देवले सोधे, "यदि आज्ञा दिनुहुन्छ भने म कसैलाई उनीहरूलाई बोलाउन पठाउँ कि?"
सन्यासी- तपाई चिन्ता नगर्नोस्। म निश्चित समयमा उपस्थित हुनेछु।
देवले उनलाई मध्याह्नमा आउन प्रार्थना गरे। ठीक 12 बजे मध्याह्नमा तीन मूर्ति त्यहाँ पुगेर भोजमा सम्मिलित भै भोजन गेरर त्यहाँबाट गए।उत्सव समाप्त भएपछि देवले बापू साहेब जोगलाई पत्रमा वहाँको व्यवहारको शिकायत गर्दै बाबा उपर वचन भड गर्ने आरोप लगाए। जोग त्यो पत्र लिएर बाबाकहाँ गए। तर पत्र पढ्नु अगाडि नै बाबाले उनीलाई भन्नुभयो "अरे! मैले त्यहाँ जाने बचन दिएथें त मैले उनीलाई धोखा दिइन। म अरू दुई व्यक्तिका साथमा भोजनमा उपस्थित थिएँ। तर जब उनले मलाई चिन्नै सकेनन् भने निम्तो दिने कष्ट नै किन उठाए ए? भनी खबर गरिदिऊ। उनीलाई लेखिदेऊ कि उनले मलाई त्यो सन्यासी चन्दा माग्न आएको भन्ने सोचे। तर मैले

म अरू दुई व्यक्तिको साथमा भोजनको लागि आएको छु भनी उनको शंका हटाइदिएको थिएन र? के ती तीन मूर्ति ठीक समयमा भोजनमा सम्मिलित भएनन् र ? हेर! म वचन पूरा गर्नको लागि आफ्नो सर्वस्व समर्पण गरिदिन्छु। मेरा शब्द कहिल्यै झुटटा निक्लन्न्।"

यो उत्तरले जोगको हृदयमा धेरै प्रसन्नता छायो र उनले पूरा उत्तर लेखेर देवलाई पठाइदिए। जब देवले उत्तर पढे अनि त उनका आँखाबाट आँसुका धारा बग्न लागे। उनीलाई मैले व्यर्थ नै बाबा माथि दोषारोपण गर्रे भनी आफैं माथि बडो रिस उठ्यो। कसरी मैले सन्यासीको चन्दा माग्न आएको बखतको पहिलो यात्राबाट धोक खाएँ। मैले सन्यासीका अरू दुई व्यक्तिहरूको साथमा म भोजनलाई आउनेछु भन्ने शब्दहरूको अर्थ कसरी बुझिन भनेर आश्चर्यचकित भए।

यस कथाबाट जब भक्त अनन्यभावले सद्‌गुरूको शरणमा आउँछ अनि उसलाई उसको सबै धार्मिक कृत्य (कर्म) राम्रोसँग चल्दछन् र कुनै विघ्न नपरेर नै समाप्त हुन्छन् भन्ने अनुभव हुन लाग्दछ भन्ने कुरा स्पष्ट हुन्छ।

हेमाडपन्तको होली चहाडमा भोजन-समारोह

अब म एउटा अर्को कथा लिऊँ, जसमा बाबाले कसरी तस्वीरको रूपमा प्रकट भएर आफ्ना भक्तहरूको इच्छा पूर्ण गर्नुभयो भन्ने कुरा बताइएको छ।

सन् 1917 मा फागु पूर्णिमाको दिनमा हेमाडपंतलाई एउटा सपना भयो। बाबा उनीलाई एउटा सन्यासीको भेषमा देखिनु भयो र उहाँले हेमाडपंतलाई व्युँझाएर "म आज मध याह्नमा तिमीकहाँ खान आउनेछु" भन्नुभयो। व्युझाँउनु पनि सपनाको एक भाग नै थियो। तर जब उनको निद्रा साँच्चिनै भड भयो अनि न बाबा नै देखिनुभयो न अरू कुनै सन्यासी नै देखिए। उनीले आफ्नो स्मश्ति (सम्झना) दौडाउन लागे र अब उनीलाई सन्यासीका प्रत्येक शब्दको सम्झना भएर आयो। हुन त उनले बाबाको नजिकै रहेको लाभ बितेका सात वर्षदेखि नै उठाइरहेका थिए र त्यस्तै वहाँको निरन्तर ध्यान गर्ने गर्दथे, तर

पनि बाबा उनको घरमा पाल्नु भई भोजन गर्नु भएर उनीलाई कृतार्थ गराउनु हुनेछ भन्ने आशा त कहिल्यै पनि थिएन।

बाबाका शब्दले ज्यादै खुशी भएका उनी आफ्नी पत्नीको नजिक गएर भने "आज होली फागुको दिन हो। एउटा सन्यासी अतिथि भोजनको लागि हाम्रो यहाँ आउनु हुनेछ। यसैले भात केही धेरै बनाउनु।" उनकी पत्नीले अतिथिको सम्बन्धमा सोधपूछ गरिन्। जबाफमा हेमाडपंतले कुरा गोप्य नराखेर सपनाको वृतान्त साँचो-साँचो बताइदिए। अनि उनले शंका गर्दै सोध्न लागिन् "के वहाँ शिरडीको उत्तम किसिमको पक्वान्न छोडेर यति टाढा बान्द्रामा रूखा-सुखा भोजन गर्न आउनु हुने कुरा कहिल्यै सम्भव होला र?" हेमाडपंतले विश्वास दिलाउँदै भने "उँहाको लागि के असम्भव छ? हुनसक्छ उहाँ स्वयं नपाल्नु भएर अरू कुनै स्वरूप धारण गरी पाल्नु हुनेछ। यसकारण थोरै बढी भात बनाउनामा हानी नै के छ र?

यसपछि भोजनको तयारी प्रारम्भ भयो। होलीको पूजा प्रारम्भ भयो र पत्तल (सपेश) छ्याई यसको चारैतिर रङको घेरा "लगाइयो। दुई पंक्ति बनाइयो र बिचमा पाहुनाको लागि ठाउँ छोडिदिइयो। घरका सबै परिवार छोरा, नाति, छोरीहरू र ज्वाई इत्यादिले आ-आफ्नो ठाउँ ग्रहण गरेर भोजन पस्कन पनि प्रारम्भ भयो। भोजन पस्किन लागिएको बखतमा प्रत्येक व्यक्ति त्यो अज्ञात अतिथि (पाहुना) को बाटो उत्सुकतापूर्वक हेर्दैहिका थिए।

जब मध्याह्न पनि भयो र कोही पनि आएन अनि ढोका बन्दगरी सिझी लगाइदिइयो। अन्न शुद्धिको लागि घिउ वितरण भयो, जो भोजन प्रारम्भ गर्ने संकेत हो। वैश्वदेव (अग्नि) लाई औपचारिक आहुति दिएर श्रीकृष्णलाई नैवेद्य अर्पण गरियो।

अनि जसै सवैजना भोजन प्रारम्भ गर्ने लागेथे त्यसैबेला कसैले सिँढी चढेको आवाज स्पष्ट आउन लाग्यो। हेमाडपंतले तुरून्त उठेर सिक्री खोले र दुई व्यक्ति (1) अलि मुहम्मद र (2) मौलाना इस्मू मुजावरलाई ढोकामा खडा भएको पाए। यिनीहरूले जब भोजन पस्किसकिएको छ र केवल प्रारम्भ गर्न मात्र बाँकी छ भन्ने देखेन अनि विनम्र भावले भने

"तपाईलाई बडो असुविस्ता भयो, यसको लागि हामी क्षमा प्रार्थी छौं। तपाईले आफ्ना थाल छोडी दौडेर आउनु भयो र त्यस्तै अरूहरू पनि तपाईको प्रतीक्षामा छन्। यसैले तपाई यो आफ्नो सम्पत्ति सम्भाल्नोस्। यससँग सम्बन्धित आश्चर्यजनक घटना कुनै अरू सुविस्ता भएको मौकामा सुनाउँला।"

यति भनेर उनीहरूले पूराना समाचार पत्रमा बेरिएको एउटा प्याकेट निकालेर त्यसलाई खोची मेच माथि राखिदिए। कागजको आवरण (ढकनी) जसै हेमाडपंतले हटाए अनि त बाबाको ठूलो एउटा सुन्दर चित्र (तस्वीर) देखेर उनीलाई ठूलो आश्चर्य भयो। बाबाको चित्र देखेर उनी पानी-पानी भए। उनका आँखाबाट आँसुका धारा बग्न लागे र उनको सम्पूर्ण शरीर रोमान्च भएर आयो। उनको शिर बाबाका श्रीचरणमा झुकिहाल्यो। बाबाले यो लीलाको रूपमा नै मलाई आशीर्वाद दिनुभयो भन्ने सोच्ने लागे। उत्सुकतावश उनले अली मुहम्मदसँग बाबाको यो सुन्दर चित्र तपाईलाई कहाँबाट प्राप्त भयो भन्ने प्रश्न गरे। उनले (मुहम्मद अलीले) बताए, "मैले यसलाई एउटा पसलबाट खरिदिथें। यसको पूर्ण विवरण म कुनै अर्को समयको लागि बाँकी राख्दछु। कृपया अब तपाई भोजन गर्नुहोस्। किनभने सबै तपाईकै प्रतीक्षा गरिराखेका छन्।"

हेमाडपंतले उनीलाई धन्यवाद दिई नमस्कार गरेर भोजन-गश्हमा आई अतिथिको ठाउँमा चित्रलाई बीचमा राखी विधिपूर्वक नैवेद्य अर्पण गरे। सबैजनाले ठीक समयमा भोजन

प्रारम्भ गरे। चित्रमा बाबाको सुन्दर मनोहर रूप देखेर हरएक व्यक्तिलाई प्रसन्नता भयो र साथै यो सब कसरी घट्न गयो भनी यो घटनामा आश्चर्य पनि भयो। यसप्रकार बाबाले हेमाडपंतलाई सपनामा दिनुभएको आफ्नो बचन पूर्ण गर्नुभयो।

यो तस्वीरको कथाको पूर्ण विवरण अर्थात् अली मुहम्मदलाई यो तस्वीर कसरी प्राप्त भयो र के कारणले उनले त्यो ल्याएर हेमाडपंतलाई चढाए यसको वर्णन अगाडि आउने अध यायमा गरिनेछ।

श्री सद्गुरू साईनाथमा अर्पणहोस्।

मंगल होओस्।।

## अध्याय 41



चित्र (तस्वीर) को कथा। झुत्रा टुक्राको चोरी र ज्ञानेश्वरीको पाठको कथा।

गत अध्यायमा वर्णन गरिएको घटनाको नौ वर्षपछि अली मुहम्मदले हेमाडपंतसँग भेटेर पहिलेको कथा तल लेखिएको रूपमा सुनाए।

एकदिन बम्बईमा घुम्दा-फिर्दा मैले एउटा पसलेबाट बाबाको तस्वीर किनें। त्यसलाई फ्रेम हालें र आफ्नो घरमा (मध्य बम्बईको बस्तीमा) ल्याएर भित्तामा टाँगे। मेरो बाबासँग स्वाभाविक प्रेम थियो। यसैले म हरएक दिन वहाँको दर्शन गर्ने गर्थें। जुनबेला मैले तपाईलाई (हेमाडपंतलाई) त्यो तस्वीर उपहार दिएँ, त्यसको तीन महिना पहिले मेरो पाउमा सूज उठेकोले शल्य चिकित्सा (अपरेशन) भएथ्यो। म आफ्नो साला नूर मुहम्मद कहाँ बसेको थिएँ। खास मेरो घरमा तीन महिना देखि ताल्चा मारिएको थियो र त्यस बखत त्यहाँ कोही पनि थिएन। केवल प्रसिद्ध बाबा अब्दुल रहमान मौलाना साहेब, मुहम्मद हुसेन, साईबाबा ताजुददी बाबा र अरू सन्तहरू तस्वीरको रूपमा नै त्यहाँ विराजमान थिए। तर कालचक्रले उनीहरूलाई पनि छोडेर। म वहाँ (बम्बईमा) विरामी परेको थिएँ भने अनि फेरि मेरो घरमा उनीहरूलाई (फोटोका रूपमा रहेकामाई) पनि किन कष्ट हुनु? उनीहरू पनि आवागमन (जन्म मृत्यु) को चक्करबाट मुक्त छैनन् जस्तो लाग्छ। अरू तस्वीरहरूको तस्वीर कसरी बच्न सक्यो, यसको रहस्योद्घाटन अहिलेसम्म कसैले गर्न सकेको छैन। यसबाट श्री साईबाबाको सर्वव्यापकता र वहाँको असीम-शक्तिको पत्ता लाग्दछ।

केही वर्ष पहिले मलाई मुहम्मद हुसेन थारिया टोपणबाट सन्तबाबा अब्दुल रहमानको तस्वीर प्राप्त भएथ्यो, जो मैले आफ्नो साला नूर मुहम्मद पीरभाइलाई दिएथें। त्यो गत आठ

वर्षदेखि उनको टेबिलमा पडीरहेको थियो। एकदिन उनको नजर त्यो तस्वीरमा पर्‍यो र उनले अनि त्यसलाई फोटोग्राफर कहाँ लगेर त्यसको ठूलो फोटो बनाउन लगाएछन् र त्यसको प्रतिलिपीहरू आफ्नो कैयौं नातेदारहरू र मित्रहरूलाई बाँडिदिएछन्। त्यसमध्येबाट एकप्रति मलाई पनि प्राप्त भएथ्यो। यसलाई मैले आफ्नो घरको भित्तामा टाँगिराखेको थिएँ। नूर मुहम्मद सन्त अब्दुला रहमानका शिष्य थिए। जुनबेला सन्त अब्दुल रहमान साहेबको खुल्ला दरबार लागेको थियो। जुनबेला सन्त अब्दुल रहमान साहेबको खुल्ला दरबार लागेको थियो। त्यसैबेला नूर मुहम्मद उनीलाई त्यो फोटो उपहार चढाउनको लागि उनको अगाडि उपस्थित भए। फोटोलाई देख्नासाथ उनी (सन्त अब्दुल रहमान) रिसाएर नूर मुहम्मदलाई पिट्ने दौडे र उनीलाई मैले यतिको रूपैयाँ व्यर्थै खर्च गरें जसको परिणाम आफ्नो गुरूको रिस र अप्रसन्नताको कारण बनें भन्ने लाग्यो। उनका गुरू मूर्तिपूजाका विरोधी थिए। यसैले उनी (नूर मुहम्मद) हातमा फोटो लिएर अपोलो बन्दर पुगे र एउटा डुग्डा भाडामा लिई बीच समुद्रमा त्यो फोटो विसर्जित गरी आए। नूर मुहम्मदले आफ्ना सबै मित्रहरू र सम्बन्धीहरूसँग पनि प्रार्थना गरेर सबै फोटो फिर्ता लिई (जम्मा 6 बटा फोटो थिए) एउटा मछुवा (माछा मार्ने) को हातद्वारा बान्द्राको नजिकैको समुद्रमा विसर्जित गराइदिए।

यो समया म आफ्नो सालाको घरमा नै थिएँ। त्यसैबेला नूर मुहम्मदले मलाई यदि तपाईले सन्तहरूको सबै तस्वीरहरूलाई समुद्रमा विसर्जित गराइ दिनुभयो भने तपाई चाँडै निका हुनुहुनेछ भने। यो कुरा सुनेर मैले म्यानेजर मेहतालाई आफ्नो घरमा पठाई उनीद्वारा घरमा टाँगेका सबै तस्वीरहरू समुद्रमा फेंकाएँ। दुई महिना पछि म आफ्नो घरमा फर्कदा त बाबाको तस्वीर पहिलेकै रूपमा टाँगिइराखेको देखेर मलाई ठूलो आश्चर्य लाग्यो। मेहताले अरू सबै तस्वीरहरूलाई निकाले र विसर्जित गरिदिए। तर केवल यही तस्वीर कसरी बच्न गयो भन्ने कुरा मैले जान्न सकिन। अनि मैले तुरून्तै त्यसलाई झिकें र कहीं मेरो सालाको नजर त्यो तस्वीर उपर पर्‍यो भने उनले यसको पनि इतिश्री गरिदिनेछन् भन्ने सोच्न लागें। जुनबेला म यो तस्वीरलाई कसले राम्रोसँग संभार गरेर राख्न सक्ला भनी विचार गरी राखेको थिएँ त्यसैबेला स्वयं श्री साईबाबाले मौलाना इस्यू मुजावर कहाँ गई उनीसँग

सल्लाह गर र उनका इच्छानुसार नै काम गर भनी विचार सुझाइदिनुभयो। मैले मौलाना साहेबसँग भेट गरें र सब कुरा वहाअलाई बताएँ। केहीबेर विचार गरेपछि यो तस्वीर तपाईलाई (हेमाडपंतलाई) नै उपहार दिनु उचित हुन्छ, किनभने केवल तपाई नै यसलाई राम्रोसँग संभार गरेर राख्ने सत्पात्र हुनुहुन्छ भन्ने निर्णयमा वहाँ पुग्नु भयो। अनि हामी दुबैजना तपाईको घरमा आयौं र उपयुक्त समयमा नै यो तस्वीर तपाईलाई उपहार दियौं।

यो कथाबाट बाबा त्रिकालदर्शी ज्ञानी हुनुहुन्थ्यो र कस्तो कुशलताले समस्या समाधान गरी भक्तहरूको इच्छा पूर्ण गर्ने गर्नुहुन्थ्यो भन्ने कुरा विदित (थाह) हुन्छ। तल लेखिएको कथा चाहीं आध्यात्मिक जिज्ञासुहरू (अध्यात्म सम्बन्धी कुरा जान्न चाहनेहरू) उपर बाबा कस्तो किसिमले प्रेम गर्नुहुन्थ्यो र कसरी उनीहरूको कष्ट हटाई उनीहरूलाई सुख दिनुहुन्थ्यो भन्ने कुराको प्रतीक (नमूना, उदाहरण) हो।

झुत्रो कपडाका टुक्रा चोरी र ज्ञानेश्वरीको पाठ

डहाणूका त्यसबेलाका तहसीलदार श्री वी. व्ही. देवलाई धेरै लामो समयदेखि अरू धार्मिक ग्रन्थहरूको साथसाथै ज्ञानेश्वरीको पठनपाठनको पनि तीव्र इच्छा थियो। (ज्ञानेश्वरी श्री भगवद् गीता श्री ज्ञानेश्वर महाराजद्वारा रचित मराठी टीका हो) उनी भगवद् गीताको एक अध्याय सधैं पाठ गर्थे र त्यस्तै थोर बहुत अरू ग्रन्थहरूको पनि अध्ययन गर्दथे। तर जैलेसुकै पनि उनले ज्ञानेश्वरीको पाठ प्रारम्भ गर्नासाथ उनको अगाडि अनेकौं बाधा उपस्थित हुन्थे। तीन महीना छुट्टी लिएर उनी शिरडी आए र त्यसपछि आफ्नो घर पौडमा विश्राम गर्नको लागि पनि गए। अरू ग्रन्थ त उनी पढ्ने नै गर्दथे। तर जब ज्ञानेश्वरीको पाठ प्रारम्भ गर्थे अनि त अनेकथरीका कलुषित विचारले उनीलाई यसरी घेरिदिन्थे कि लाचार भएर त्यसको पाठ स्थगित गर्नुपर्थ्यो। धेरै प्रयत्न गर्दा पनि जब उनलाई केवल दुईचार ओवी (मराठी छन्द प्रणाली) पढ्न पनि मुश्किल भयो। अनि उनले जुनबेला दयानिधि श्री साईले नै कृपा गरेर यो ग्रन्थ पढ्ने आज्ञा दिनुहोला त्यसैबेला यसको श्री गणेश गरौंला भन्ने निश्चय गरे। सन् 1914 को फेब्रुवरी महीनाामा उनी परिवार सहित शिरडी आए। त्यसबेला श्री जोगले उनीसँग के तपाई ज्ञानेश्वरी नित्य पाठ गर्नुहुन्छ भनी

सोधे। श्री देवले उत्तर दिए "मेरो इच्छा त त्यादै थियो, तर म यसो गर्न सफलता पाइरहेको छैन। अब त जब बाबाको आज्ञा होला अनि मात्र आरम्भ गरौंला।" श्री जोगले एक प्रति खरीद गरी बाबालाई चढाउने र वहाँले आफ्नो करकमलबाट छोई फर्काइदिनु भएपछि त्यसको पाठ प्रारम्भ गर्नुहोस् भन्ने सल्लाह दिए। श्री देवले भने, म यो प्रणालीलाई कल्याणकारी सम्झिन्न। किनभने बाबा त अन्तर्यामी हुनुहुन्छ। मेरो हृदयको इच्छा वहाँबाट कसरी गुप्त रहन सक्छ? के वहाँले स्पष्ट शब्दमा आज्ञा गर्नु भएर मेरो मनको इच्छा पूर्ण नगर्नु होला र?

श्री देवले गएर बाबाको दर्शन गरेर एक रूपियाँ दक्षिणा चढाए। अनि बाबाले उनीसँग अरू बीस रूपियाँ दक्षिणा माग्नुभयो जो उनले खुशीसाथ दिए। रातको समयमा श्री देवलें बालक रामसँग भेटे र उनीसँग सोधे, "तपाईले कसरी बाबाको भक्ति तथा कृपा प्राप्त गर्नुभयो?" बालक रामले भने, "म भोलि आरती समाप्त भपछि तपाईलाई पूर्ण वृतान्त सुनाउनेछु।"

भोलिपल्ट श्री देव साहेब दर्शनको लागि मसजिदमा आउँदाआउँदै बाबाले फेरि बीस रूपियाँ दक्षिणा माग्नुभयो, जो उनले खुशीसाथ चढाए। मसजिदमा भीड ज्यादा भएकाले उनी एकातिर एकान्तमा गएर बसे। बाबाले उनीलाई बोलाएर आफ्नै नजिकमा बसाउनु भयो। आरती समाप्त भएपछि जब सबैजना आ-आफ्नो घर फर्के, अनि श्री देवले बालकरामलाई भेटेर उनीसँग उनको पहिलेको इतिहास जान्ने इच्छा प्रकट गरे र साथै बाबाद्वारा प्राप्त उपदेश र ध्यान आदिको सम्बन्धमा सोधपूछ गरे। बालकरामले यी सब कुराको उत्तर दिन लागेकै बखतमा चन्द्रूकोढीले आएर श्री देवलाई बाबाले सम्झनु भएको छ भने।

देव बाबाकहाँ पुग्नासाथ उहाँले उनी कोसँग के कुराकानी गरिरहेका थिए भने प्रश्न गर्नुभयो। श्रीदेवल उनी बालकामबाट वहाँको (बाबाको) कीर्तिको गुणगान सुनिरहेको थिएँ भनी उत्तर दिए। अनि बाबाले उनीसँग फेरि पच्चीस रूपियाँ दक्षिणा माग्नुभयो जो उनले खुशीसाथ दिए। त्यसपछि बाबाले उनीलाई भित्र लिएर जानुभयो र आफ्नो आसन

ग्रहण गरेपछि उनीमाथि दोषारोपण गर्दै (दोष लगाउँदै) भन्नुभयो, "मेरो अनुमति विना तिमीले मेरो झुत्रा टुक्राहरूको चोरी गर्‍यौ।" श्री देवले उत्तर दिए, "भगवन्! जहाँसम्म मलाई सम्झना छ मैले यस्तो कुनै काम गरेको छैन।" तर बाबा कहाँ मान्नुहुन्थ्यो र ? वहाँले राम्रोसँग खोज्न भन्नुभयो। उनले खोजे तर केही पाएनन्। अनि पछि बाबाले रिसाएर भन्नुभयो, "तिमी बाहेक कोही छैन। तिमी नै चोर होऊ। तिम्रो रौं त सेवा भैसकेका छन्। यति बूढो भएर पनि तिमी यहाँ चोरी गर्न आएका होऊ? यसपछि बाबा रिसले चूर हुनुभयो र वहाँको आँखा रिसले राता भए। वहाँले नराम्रोसँग गाली गर्दै डाँट्न लाग्नुभयो। देवले शान्तिपूर्वक सबै कुरा सुनिरहे। उनी पिटाइ खाने आशंका गर्दै थिए, त्यसैबेला एकघण्टा पछि नै बाबाले उनीलाई वाडा(भवन) मा फर्किंग भन्नुभयो।"

वाडामा फर्केर उनले जे जस्तो भएथ्यो त्यसको पूर्ण विवरण जोग र बालकरामलाई सुनाए। मध्याह्नपछि बाबाले सबैको साथमा देवलाई पनि बोलाउनुभयो र शायद मेरा शब्दले यी बूढालाई दुःख लाग्यो होला भन्न लाग्नुभयो। यिनले चोरी गरे तर यसलाई यिनी स्वीकार गर्दैनन्। यति भनी वहाँले देवसँग फेरि बाह रूपियाँ माग्नुभयो, जो उनले जम्मा गरेर खुशी साथ चढाउँदै वहाँलाई ढोगे। अनि बाबाले देवलाई भन्न लाग्नुभयो, "तिमी आजकल के गरिरहेछौ?" देवले उत्तर दिए, "केही पनि गरेको छैन।" त्यसपछि बाबाले भन्नुभयो, "हरेकदिन पोथी (ज्ञानेश्वरी) पाठ गर्ने गर। जाऊ, वाडामा बसेर क्रमशः सधैं पाठ गर र जे जति तिमीले पढ्छौ त्यसको अर्थ अरूलाई पनि भक्तिपूर्वक बुझाऊ। म त तिमीलाई सुनौला दोपट्टा उपहार दिन चाहन्छु तर तिमी अरूकहाँ झुत्रा टुक्राको आशाले किन जान्छौ। के तिमीलाई यो कुरा सुहाउँछ?"

पोथी पढ्ने आज्ञा प्राप्त गरेर देब ज्यादै प्रसन्न भए। मैले इच्छा गरेको वस्तु पाएँ। अब म आनन्दपूर्वक पोथी (ज्ञानेश्वरी) पढ्न सक्नेछु। उनले फेरि साष्टाग्ड ढोगेर भने, "हे प्रभु! म हजूरको शरणमा छ। हजूरको अबोध (नजान्ने बालक हुँ मलाई पाठमा सहायता गर्नोस्।" अब उनीलाई झुत्रो टुकोको अर्थ स्पष्टरूपले थाहा भएको थियो। उनले वालकरामसँग जेजसो सोधेथे त्यो झुत्रो स्वरूप थियो। यी विषयमा बाबालाई यसप्रकारको काम मन

पदैनथ्यो, किनभने वहाँ स्वयं प्रत्येक शंकाको समाधान गर्न सदैव तयार रहनुहुन्थ्यो। व्यर्थै अर्कासँग सोधपूछ गरेको वहाँलाई राम्रो लाग्दैनथ्यो। यसैले वहाँले रिसाएर डाँट्नु भयो। देवले यी शब्दहरूलाई बाबाको शुभ आशीर्वाद सम्झी सन्तुष्ट भएर घर फर्के।

यो कथा यहीँ किँदैन। अनुमति दिएपछि पनि बाबा शान्त भएर बस्नु भएर। एक वर्षपछि नै वहाँदेवकहाँ जानुभयो र उनीसँग प्रगतिको विषयमा सोधपूछ गर्नुभयो। 2 अप्रिल सन् 1914 गुरूवार (बिहीबार) को बिहान बाबाले सपनामा देबलाई सोध्नुभयो, "के तिमीले पोथी बुभयौ?"

यसमा जब देवले स्वीकारात्मक उत्तर दिएनन् अनि बाबाले भन्नुभयो– "अब तिमी कहिले बुभदछौ ?" देवका आँखाबाट आँसु तपतप गरेर गिर्न लागे र उनले रूँदै भने–"म निश्चयपूर्वक भनिरहेछु भगवन्! जबसम्म हजूरको कृपारूपी मेघको वर्षा हुँदैन त्यहाँसम्म त्यसको अर्थ बुझने कुरा मेरा लागि सम्भव छैन। यो पाठ त बोझ जस्तै भयो।" अनि बाबाले भन्नुभयो– "मेरै अगाडि मलाई पढेर सुनाऊ त। तिमीले पढ्ने काम ज्यादा छिटो गर्छौ।" फेरि सोध्दा वहाँले अध्यात्मविषय भएको अंश पढ्न भन्नुभया। देव पोथी लिन गए र जसै उनले आँखा खोले त्यतिबेला उनको निद्रा भंग भैसकेको थियो। अब पाठक आफैं नै यो कुराको अनुमान गर्नोस् कि देवलाई यो सपना पछि कति आनन्द प्राप्त भयो होला?

श्री देव अझै (सन् 1944) सम्म जीवित छन्। मलाई गत चारपाँच वर्ष पहिले उनीसँग भेट गर्ने सौभाग्य प्राप्त भएथ्यो। जहाँसम्म मलाई थाहा छ, उनी अहिले पनि ज्ञानेश्वरीको पाठ गर्ने गर्दछन्। उनको ज्ञान अगाध र पूर्ण छ। यो कुरा उनको साईलीलाको लेखबाट स्पष्ट देखिन्छ। (तारिख 19–90–1944)।

श्री सद्गुरू साईनाथमा अर्पणहोस्।
मंगल होओस्।।

# अध्याय 42
## महासमाधितिर (1)



भविष्यको सूचना! रामचन्द्र दादा पाटील र तात्याकोते पाटीलको मृत्यु टारिनु, लक्ष्मी बाई सिन्देलाई दान, अन्तिम क्षण

बाबाले कसरी समाधि लिनुभयो भन्ने कुराको वर्णन यो अध्यायमा गरिन्छ।

### प्रस्तावना

गत अध्यायका कथाहरूबाट गुरूकश्पाको केवल एक किरणले नै भवसागरको डरबाट सधैंको निम्ति मुक्त गरिदिन्छ र साथै मोक्षको बाटो सजिलो गरी दुःखलाई सुखमा बदलिन्छ भन्ने कुरा स्पष्ट झल्किन्छ। यदि सद्गुरूको मोह विनाशक पूजनीय चरणलाई सदैव संझिरह्यौ भने तिम्रा सम्पूर्ण कष्टहरूको र भवसागरका दुःखहरूको अन्त भएर जन्म-मरणका चक्रबाट छुट्कारा हुन जानेछ। यसैले जो आफ्नो कल्याणकोलागि चिन्तित छन्, तिनीहरूले श्री साई समर्थका अलौकिक तथा मधुर लीलामश्त पान गर्नुपर्छ। यसो गर्नाले उनीहरूको बुद्धि शुद्ध हुन जानेछ। प्रारम्भमा डाक्टर पंडितको पूजा तथा उनले कस्तो प्रकारले बाबालाई त्रिपुण्ड लगाए। यसको उल्लेख मूल ग्रन्थमा गरिएको छ। यो प्रसंगको वर्णन एघारौं अध्यायमा गरिसकिएको छ। यसैले यहाँ त्यसलाई दोहोर्‍याउनु उचित हुँदैन।

### भविष्यको सूचना

पाठकहरू हो ! तपाईहरूले अहिलेसम्म केबल बाबाको जीवनकालको नै कथाहरू सुन्नु भयो। अब तपाईहरू ध्यानपूर्वक बाबाको निर्वाणकालको वर्णन सुन्नुहोस्। 28 सेप्टेम्बर सन् 1918 मा बाबालाई साधारण खाले ज्वरो आयो। यो ज्वरो दुई तीन दिनसम्म रह्यो।

यसपछि नै बाबाले भोजन गर्न बिल्कुलै छोडिदिनुभयो। यसले गर्दा उहाँको शरीर दिन प्रतिदिन क्षीण र दुर्बल हुन लाग्यो। 17 दिनपछि अर्थात् सन् 1918 को 15 अक्टोबरमा 2 बजेर 30 मिनट जाँदा उहाँले आफ्नो शरीर छोडी दिनुभयो।

यो समय प्रो. जी. जी. नारकेको तारीख 5-11-1918 मा दादा साहेब खापर्डेलाई लेखेको पत्र अनुसार हो। त्यो पत्र साईलीला पत्रिकाको 7-8 पश्ठ (प्रथम वर्ष) मा प्रकाशित भएथ्यो।

यसको दुईवर्ष पहिले नै बाबाले आफ्नो निर्वाणको दिनको सूचना गरिदिनुभथ्यो। तर त्यसबैला कसैले पनि बुझ्न सकेनन्। घटना यसप्रकार छ।

विजया दशमीको दिनमा सन्ध्या समयमा मानिसहरू, “सीमोल्लंघन” बाट फर्किरहेका बेलामा बाबा अचानकसँग तुरून्त रिसाउनु भयो। शिरको कपडा, कफनी र लगौंटी निकालेर वहाँले तिनलाई टुत्रा-टुत्रा पारी बल्दो धूनीमा फेंकी दिनुभयो। बाबाद्वारा आहुति पाएर धूनी दुईगुना बढी दन्केर चम्कन लाग्यो। त्योभन्दा पनि कहीँ बढी बाबाको मुख मण्डलको कान्ति चम्बिरहेथ्यो। वँहा पूर्ण दिगम्बर रूपमा (नाग्डो रूपमा) खडा हुनुहुन्थ्यो। वहाँका आँखा आगाका फिलिग्डा जस्ता भै चम्किरहेका थिए। वहाँले आवेशमा आएर उच्चस्वरमा भन्नुभयो “मानिस हो! यहाँ आआ, मलाई हेरेर म हिन्दू हुँ कि मुसमान भन्ने कुराको पूरै निश्चय गर।”

सबै डरले कॉपिरहेका थिए। कसैको पनि वहाँको नजिक जाने साहस भइरहेको थिएन। केही बेरपछि महारोग पीडित वहाँका भक्त भागोजी शिन्दे साहस गरी बाबाको नजिक गए र उनले कुनै प्रकारले वहाँलाई लगौंटी लगाए दिएर भने “बाबा! यो के कुरा हो देव ? आज दशैं (सीमोल्लंघन) को चाड हो।” यसमा वहाँले जमीनमा आफ्नो सानो छडीले ठोक्दै भन्नुभयो, “यो मेरो सीमोल्लंघन” हो। लगभग एघार बजेसम्म पनि वहाँको रिस शान्त भएन र भक्तहरूलाई चावडीको जुलूस निक्लने कुरामा शंका हुनलाग्यो। एकघण्टा पछि

वहाँ आफ्नो स्वाभाविक स्थितिमा आइपुग्नु भयो र सधैंको जस्तै नै लुगा लगाएर चावडी जुलूसमा सम्मिलित हुनुभयो, जसको वर्णन पहिले नै गरिसकिएको छ। यो घटनाद्वारा बाबाले जीवन-रेखा पार गर्नको लागि दशैं नै उचित समय हो भन्ने कुराको सूचना गर्नुभएथ्यो। तर त्यसबेला कसैलाई पनि त्यसको खास अर्थ समझमा आएन। बाबाले अरू पनि संकेत दिनुभएथ्यो, जो यसप्रकार छन्।

## रामचन्द्र पाटीलको मृत्यु टार्नु

केही समयपछि रामचन्द्र पाटील धेरै कडा विरामी भए। उनीलाई ज्यादै कष्ट भइरहेथ्यो। सबै किसिमको उपचार गरियो, तर कुनै फाइदा भएन। अनि जीवनबाट हतास भएर उनी मृत्युको अंतिमक्षणको प्रतीक्षा गर्नलागे। पाटीलले वहाँका चरणमा टाँसिएर भन्न लागे, "मैले आफ्नो जीवनको सम्पूर्ण आशा छोडिदिएको छु। अब कृपा गरेर मलाई मेरो प्राण कैले निस्कने हो त्यो कुरा निश्चित रूपमा बताइदिनुहोस्।" दयासिन्धु बाबाले भन्नुभयो, "नघबडाऊ, तिम्रो हुण्डी फिर्ता लिइएको छ र तिमी तुरून्तै निको हुने छौ। मलाई त सन् 1918 को विजया दशमीको दिनमा तात्याको देहान्त हुन जानेछ भन्ने कुराको डर छ। तर भेद कसैसँग प्रकट नगर्नू। उसलाई पनि नभन्नू। नत्र त ऊ ज्यादै डरले थर्कमान हुन जाने छ।"

रामचन्द्र अब पूरै निको त भए तर उनी तात्याको जीवनको लागि निराश भए। किनभने उनीलाई बाबाका शब्द कहिल्यै असत्य नहुने हुँदा दुई वर्षपछि नै तात्या यो संसारबाट विदा हुन जानेछन् भन्ने कुरा स्पष्ट रूपमा थाहा भयो। उनले यो भेद बालाशिंपी बाहेक अरू कसैसँग पनि प्रकट गरेनन्। केवल रामचन्द्र दादा र बालाशिंपी दुइ व्यक्ति नै तात्याको जीवनको लागि चिन्ताग्रस्त र दुःखी भएको थिए।

रामचन्द्रले ओछ्यान छोडेर डुल्न-फिर्न लागे। समय बडो छिटो बित्न लाग्यो। शक सम्बत् 1840 को भदौ महिना सिद्दिएर आश्विन महिना लाग्नैलागेको समयमा बाबाको वचन

पूरा रूपले सत्य निक्ल्यो। तात्या विरामी भएर उनले चारपाई (खटिया) को आश्रय लिए। उनको स्थिति यस्तो गंभीर हुनगयो कि अब उनी बाबाको दर्शनलाई पनि जान नसक्ने हुन गए। यता बाबा पनि ज्वरोले पीडित हुनुहुन्थ्यो। तात्याको पूर्ण विश्वास बाबामाथि थियो र बाबाको चाहीँ वहाँको आफ्नो संरक्षक हरि माथि थियो। तात्याको स्थिति अब अझ बढी चिन्ताजनक हुन गयो। उनी हिँडडुल गर्न पनि सक्तैनथे र सदैव बाबाको नै स्मरण गर्ने गर्दथे। यता बाबाको पनि स्थिति उत्तरोत्तर गंभीर हुन लाग्यो। बाबाबाट बताइएको विजया दशमीको दिन पनि नजिक आयो। अनि रामचन्द्र दादा र बालाशिंपी ज्यादै घबराए। अब तात्याको अन्तिम समय भयो भनी उनीहरूको शरीर काँपिरहेथ्यो र पसिनाका धारा बगिरहेथे। विजया-दशमीको दिन जसै आयो, तात्याको नाडीको गति पनि मन्द हुन लाग्यो। उनको मृत्यु नजिकै देखिन लाग्यो। त्यसै समयमा विचित्र घटना घट्यो। तात्याको मृत्यु टऱ्यो र उनको प्राण बच्चन गयो। तर उनको ठाउँमा बाबा स्वयं प्रस्थान गर्नुभयो। जीवन परस्परमा हस्तान्तरण भएको हो कि जस्तो देखियो। सबै। मानिसहरूले बाबाले तात्याको लागि प्राण त्याग्नु भयो भन्नलागे। यो कुरा त वहाँले नै जान्नुहोला किनभने यो कुरा हाम्रो बुद्धि बाहिरको छ। बाबाले आफ्नो अन्तिम कालको संकेत तात्याको नाम लिएर नै गर्नु भएथ्यो कि भन्ने पनि झल्कन्छ।

भोलिपल्ट 16 अक्टोवरको बिहानीपख बाबाले दासगणूलाई पंढरपुरमा यस्तो सपनामा दिनुभयो "मसजिद शक्तिहीन भएर ढल्यो। शिरडीका सबै तेल पसले र चामल-दाल पसलेहरूले मलाई हैरान पार्दथे। यसैले मैले आफ्नो ठाउँ छोडिदिएको हुँ। म तिमीलाई यो सूचना दिन आएको हुँ कि कृपया तुरून्तै वहाँ गएर मेरो शरीर माथि धैरै थरी फूल जम्मा गरी चढाऊ।" दासगणूलाई शिरडीबाट पनि एउटा पत्र प्राप्त भयो र उनी आफ्नो शिष्यहरूलाई साथमा लिई शिरडी आए। उनले बाबाको समाधि अगाडि हरिनामको साथमा अखंड कीर्तन (भजन) प्रारम्भ गरिदिए। उनले स्वयं फूलहरूको माला उने र ईश्वरको नाम लिएर समाधि माथि चढाए। बाबाको नाममा एउटा ठूलो भोजको पनि आयोजन गरियो।

लक्ष्मीबाईलाई दान

विजया दशमी हिन्दूहरूको लागि ज्यादै शुभदिन हो। त्यसैले सीमोल्लंघनको लागि बाबाबाट यो दिनलाई छान्नु सर्बथा उचित नै हो। यसको केही दिन अगाडि देखि नै वहाँलाई अत्यन्त पीडा भइराखेको थियो। तर आन्तरिक (भित्री) रूपमा वहाँ पूरै सजग (सचेष्ट) हुनुहुन्थ्यो। अन्तिमक्षणभन्दा अगाडि वहाँ कसैको सहायता नलिएर नै उठी सीधा भएर बस्नुभयो र स्वस्थ जस्तो (निको भएजस्तो) देखिन लाग्नुभयो। मानिसहरूले सकंट टर्‍यो, अब डरको कुनै कुरा छैन, अब वहाँ छिटै निको हुनुहुनेछ भन्ने विचार गरे। तर वहाँलाई त अब म तुरून्तै बिदा लिँदैछु भन्ने थाहा थियो। यसैले वहाँले लक्ष्मीबाई शिन्देलाई केही दानदिने इच्छा प्रकट गर्नुभयो।

सम्पूर्ण प्राणीहरूमा बाबाको निवास

लक्ष्मीबाई एउटी उच्चकुलकी महिला थिइन्। उनी मसजिदमा बाबाको रातदिन सेवा गर्ने गर्थिन्। केवल भक्त म्हालसापति, तात्या र लक्ष्मीबाई सिबाय अरू कोही रातमा मसजिदको सिँढी चढ्न सक्तैनथ्यो। एकपटक सन्ध्या समयमा बाबा तात्याको साथमा बस्नुभएको बखतमा लक्ष्मीबाईले आएर वहाँलाई ढोगिन्। अँनि त्यसैबेला बाबाले भन्न लाग्नुभयो "ए लक्ष्मी! म ज्यादै नै भोको छु।" यो कुरा सुन्ना साथ उनी (लक्ष्मीवाई) यो भन्दै फर्किन् "बाबा थोरै बेर पर्खनोस्, म अहिल्यै हजूरको लागि रोटी लिएर आउँछु।"

उनले रोटी र साग ल्याएर बाबाको अगाडि राखिदिइन्। तर बाबाले त्यो खानेकुरा एउटा भोको कुकुरलाई दिनुभयो। अनि त लक्ष्मीबाईले भन्न लागिन् "बाबा ! यो के हो ?" मैले त तुरून्त गएर आफ्नै हातले हजूरको लागि रोटी बनाई ल्याएँ भने एक गाँस पनि ग्रहण नगरिकन त्यो सबै कुकुरको अगाडि राखिदिनुभयो। त्यस्तै थियो भने हजूरले व्यर्थै मलाई किन दुःख दिनु भएको ?"

बाबाले जवाफ दिनुभयो, "यसमा व्यर्थै दुःख नमान। कुकुरको भोक शान्त गर्नु मलाई तृप्त गराउनु बराबर नै हो। कुकुरको पनि त आत्मा छ। प्राणी भिन्नै आकृति प्रकृतिको किन नहोऊन्। कोही बोल्न सकून् वा नसकून् तापनि सबैको भोक एकै रूपको नै हुन्छ। त्यसैले तिमीले यो कुरा सत्य जान कि जसले भोकालाई भोजन गराउँछ त्यसले वास्तवमा मलाई नै भोजन गराउँदछ। यो अकाट्य सत्य हो।"

यो साधारण जस्तो घटनाद्वारा बाबाले कसैक भावनाहरूलाई कष्ट नपुर्‍याइकनै कस्तो प्रकारले त्यसलाई सधैं व्यवहारमा ल्याउन सकिन्छ भन्ने कुराको एउटा ठूलो आध्यात्मिक सत्यको शिक्षा प्रदान गर्नु भएको छ। यसपछि नै लक्ष्मीबाईले वहाँलाई सधैं नै प्रेम र भक्तिपूर्वक दूध, रोटी र अरू भोजन दिन लागिन् जुन वहाँले स्वीकार गरी बडो मिठासपूर्वक खानुहुन्थ्यो। वहाँले त्यसमध्येबाट केही खाएर बाँकी लक्ष्मीवाईद्वारा नै राधा कृष्णमाई कहाँ पठाइदिने गर्नुहुन्थ्यो। यो बाँकी जूठो अन्नलाई उनी प्रसाद स्वरूप सम्झेर प्रेमपूर्वक खान्थिन्। यो रोटीको कथालाई वर्णन गर्न लागिएको विषयसँग सम्बन्ध नराख्ने विषय भन्ने सम्झनु हुँदैन। यस कथाबाट सर्वव्यापी जन्म मृत्युभन्दा परका अमर बाबाको निवास सबै प्राणीहरूमा छ भन्ने हुन्छ।

बाबाले लक्ष्मीबाईको सेवाको सदैव सम्झना राख्नुभयो। बाबाले उनलाई भुल्न पनि कसरी सक्नुहुन्थ्यो र? शरीर त्याग गर्नुभन्दा एकैछिन अगाडि बाबाले आफ्नो जेबमा हात हाल्नु भयो र पहिले वहाँले लक्ष्मीबाईलाई पाँच रूपियाँ र अनि पछि फेरि चार रूपियाँ गरी जम्मा नौ रूपियाँ दिनुभयो। यो नौको संख्या यो पुस्तकमा अध्याय 21 मा वर्णन गरिएको नौ प्रकारको भक्ति जनाउने हो। अथवा यो सीमोल्लंघनको समयमा दिइने दक्षिणा पनि हुन सक्तछ। लक्ष्मीबाई एक सुसम्पन्न महिला थिइन्। यसैले उनीलाई रूपियाँको कुनै आवश्यकता थिएन। यस कारण सम्भव छ कि बाबाले उनको ध्यान श्रीमद्भागवतको स्कन्ध 11, अध्याय 10 को श्लोक संख्या 6 तिर आकर्षित गर्नु भएको हो, जसमा उत्कृष्ट कोटिका

भक्तको नौ लक्षणको1 वर्णन छ, जसमध्ये पहिले पाँच र पछि 4 लक्षणका क्रमशः पहिलो र दोश्रो चरणमा उल्लेख भएको छ। बाबाले पनि त्यही क्रमको पालना गर्नुभयो (पहिले पाँच र पछि चार गरी जम्मा नौ)। केवल नौ रूपियाँ मात्र होइन तर नौ का कैयौं गुना रूपियाँ लक्ष्मीवाईका हातमा आए-गए होलान्, तर बाबाबाट दिएइको यो नौ रूपियाँको उपहार ती महिलाले सदैव सम्झना गर्नेछिन्।

### अन्तिम क्षण

बाबा सदैव सजग र चैतन्यपूर्ण हुनुहुन्थ्यो र अन्तिम समयमा पनि सावधानीसँग नै काम गर्नुभयो।

आफ्ना भक्तहरूप्रति आफ्नो हृदयप्रेम, ममता या मोहबाट ग्रस्त नहोओस् भनी वहाँले अन्तिम समयमा सबैलाई त्यहाँबाट जाने आदेश दिनुभयो! मसजिदमा चिन्तामग्न काका साहेब दीक्षित, बापू साहेब बूटी र त्यस्तै मसजिदमा बाबाका सेवामा उपस्थित भएका अरू महानुभावहरूलाई पनि बाबाले वाडामा गएर भोजन गरी फर्केर आउन भन्नुभयो। उनीहरू यस स्थितिमा बाबालाई एक्लै छोड्न त चाहन्नथे। तर वहाँको आज्ञाको उल्लंघन पनि त गर्न सक्दैनथे। यसैले इच्छा नभए पनि उदास र दुःखी हृदय लिएर उनीहरूले वाडामा जानु पऱ्यो। उनीहरूलाई बाबाको स्थिति अत्यन्त चिन्ताजनक छ र यसरी वहाँलाई एक्लै छोडन् उचित हुन्न भन्ने कुरा थाहा थियो।

.................................................................................................

1. *अमान्यसमत्सको दक्षो निर्ममो दृढसौहृदः।*
*असत्वरोर्थ जिज्ञासुर्नसूयुरमोघवाक्॥*
*अर्थात्ः- अभिमान नगर्नु, कसैको डाह नगर्नु अर्थात् कसैको खराबी नसोच्नु, हरएक काम गर्न कुशल हुनु अर्थात् आलस्यले नछोएको हुनु, कुनै कुरामा पनि मेरो भन्ने ममता नहुनु, गुरूका चरणमा दृढ प्रेम हुनु, कुनै काम हडबढाएर नगर्नु अर्थात् सावधानीपूर्वक पूरा गर्नु, सँधै परमार्थ सम्बन्धी ज्ञान प्राप्त गर्न इच्छा बनाइराख्नु, कसैको गुणमा दोष ननिकाल्नु र व्यर्थको कुरा नगर्नु।*

उनीहरू आ-आफ्ना घरमा भोजन गर्नको लागि बस्न त बसे तर उनहिरूको मन कहीं अन्त (अर्थात् बाबाको साथमा) थियो। भोजन समाप्त हुन नपाउँदै बाबाले आफ्नो नश्वर (नाश हुने) शरीर छोड्नु भएको समाचार उनीहरू कहाँ पुग्यो र उनीहरू आधा पेट नै आ-आफ्ना थाल छोडेर मसजिद तिर दौडे। वहाँ गएर बाबालाई सधैको लागि बयाजी आपाकोतेका काखमा विश्राम गरिहनु भएको देखे। वहाँ (बाबा) न तल झुक्नु भएको थियो, न बिछ्यौनामा नै लेट्नु भएथ्यो, वहाँ त आफ्नो आसनमा नै शान्तिपूर्वक बस्नु भएको थियो र आफ्ना हातले दान दिँदादिँदै यो आफ्नो मानव-शरीरलाई छाडि दिनुभएथ्यो। सन्तहरू स्वयं नै शरीर-धारण गरी कुनै निश्चित ध्येय लिएर यो संसारमा प्रकट हुन्छन्। जब ध्येय पूर्ण हुन जान्छ अनि जुन सरलता र आकस्मिकतासँग प्रकट हुन्छन्, त्यस्तै प्रकारले नै लोप पनि हुन जाने गर्दछन्।

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस्।
मंगल होओस्।।
सप्ताह पाराण छैटौं विश्राम।।



# अध्याय 43-44

## महासमाधितिर (2)

पूर्व तैयारी-समाधिमन्दिर, ईंट फुट्नु, 72 घण्टाको समाधि, जोगको सन्यास, बाबाका अमृत तुल्य वचन।

यी 43 र 44 अध्यायहरूमा बाबाको निर्वाणको वर्णन गरिएको छ। यसैले तिनलाई यहाँ संयुक्त रूपमा लेखिँदै छ।

### पूर्व तयारी-समाधि मन्दिर

हिन्दूहरूमा कुनै मनुष्यको अन्तकाल नजिक आउन लागेको बखतमा उसलाई धार्मिक ग्रन्थ आदि पढेर सुनाइने प्रथा प्रचलित छ। यसको मुख्य कारण केवल यही हो कि यसबाट उसको मन सांसारिक झन्झटहरूबाट मुक्त भएर आध्यात्मिक विषयहरूमा लाग्न जाओस् र त्यो प्राणीले कर्मवश अर्को जन्ममा जुन योनि धारण गरेता पनि त्यसमा उसलाई सद्गति प्राप्त होओस्। जब राजा परीक्षितलाई एउटा ब्रह्मर्षिपुत्रले श्राप दिए र एक साता पछि नै उनको अन्तकाल नजिक आयो, त्यस बखतमा महात्मा शुकदेवले उनीलाई त्यो सातामा श्रीमद्भागवत पुराणको पाठ सुनाए जसबाट उनलाई मोक्ष प्राप्ति भयो। यो कथा हिन्दू समाजमा सर्वसाधारणलाई पनि थाहा छ। यो प्रथा अहिले पनि गरिएकै छ। महानिर्वाणको समयमा अर्थात् मृत्यु हुने बखतमा गीता, भागवत र अरूग्रन्थहरूको पाठ गरिएको हुन्छ। बाबा त स्वयं अवतार हुनुहन्थ्यो। यसैले वहाँलाई बाहिरी साधनहरूको आवश्यकता थिएन। तर पनि केवल अरूहरूको अगाडि उदाहरण देखाउनको लागि नै वहाँले यो प्रथालाई अनास्था गर्नु भएन। जब वहाँलाई अब म चाँडै नै यो नश्वर (नाश हुने) शरीरलाई छोड्ने छु भन्नेकुरा स्पष्टरूपले थाहा भयो, त्यसबेला वहाँले श्री बझेलाई "राम विजय" प्रकरण सुनाउने आज्ञा दिनुभयो। श्री बझेले एक सातासम्म हरएक दिन पाठ सुनाए। त्यसपछि नै

बाबाले उनलाई (श्री बझेलाई) आठै प्रहर पाठ गर्ने आज्ञा दिनुभयो। श्री बझेले त्यो अध्यापको दोश्री आवृत्ति तीन दिनमा पूरा गरी दिए। यसप्रकार एघार दिन बितरे गयो। फेरि अरू तीन दिल उनले (बझेले) पाठ गरे अब श्री बझे बेसरी थाके। यसैले उनलाई विश्राम गर्ने आज्ञा भयो। बाबा अब बिल्कुल शान्त भएर बस्नुभयो र आत्मस्थित भएर अन्तिम क्षणको प्रतीक्षा गर्न लाग्नुभयो। दुई तीन दिन पहिलेकै बिहानबाट बाबाले भिक्षाटन गर्न छोडिदिनुभयो र मसजिदमा नै बसिरहन लाग्नुभयो। वहाँ अन्तिम क्षणको लागि पूरै सचेत हुनुहुन्थ्यो। यसैल वहाँआफ्नो भक्तहरूलाई धैर्य गर्न भन्नुहुन्थयो। तर पनि महानिर्वाणको निश्चित  समय कसैलाई पनि प्रकट गर्नु भएर। त्यो ताका काका साहेब दीक्षित र श्रीमान बूटी बाबाको साथमै मसजिदमानै सधैं भोजन गर्दथे। महानिर्वाणको दिन (15 अक्टोवरको दिन) आरती समाप्त भएपछि बाबाले उनीहरूलाई आ-आपनो निवासस्थान (बसेको ठाउँ) मानै भोजन गरेर आउन भन्नुभयो। तर पनि लक्ष्मीबाई शिन्दे भागोजी शिन्दे, बयाजी, लक्ष्मणवाला शिंपी र नानासाहेब निमोणकर वहीं रहे। शामा तल मसजिदका सिढींमा वसेका थिए। लक्ष्मीबाई निर्माणकर वहीं रहे। शामा तल मसजिदका सिढीमा वसेका थिए। लक्ष्मीबाई शिन्द्रलाई नौ रूपियां दिएपछि बाबाले भन्नुभयो "अब मलाई मसजिदका राम्रो लाग्दैन। यसैले मलाई बूटीको पत्थर वाड़ा (ढुङगंको भवन) मा ने लैजाओ, जहाँ म सुखपूर्वक वस्नुछु।" यिनै अन्तिम शब्द वहाँको श्री मुखवाट निक्लिए। यसैबेला बाबा बयाजीको शरीरतिर ढल्नु भयो र आखिरी सास छोडिदिनुभयो। भागोजीले बाबाको सास रोकिएको देखेर नानासाहेब निर्माणकरलाई ठूलो स्वरमा बोलाएर यो कुरा भने। नाना साहेवले अलिकति पानी ल्याएर बाबाको श्रीमुखमा हाले। त्यो बाहिर फर्केर आयो। अनि उनले जोडसंग ठूलो स्वरमा भने "अरे देवा!" त्यबेला बाबाले विस्तार आँखा खोलेर सानोस्वरमा "ओह!" भन्नुभए जस्तो देखियो। तर अब वहाँले साँच्चिनै शरीर त्यागी दिनुभयो भन्ने कुरा स्पष्ट रूपमा थाहा भयो।

"बाबा समाधिस्थ हुनुभयो" यो छाती चिर्ने खराब खबर डंढेलो जस्तै भएर तुरून्तै चारैतिर फेलियो। शिरडीका सबै नरनारी र बालकहरू समेत मसजिदतिर दौड़े। चारैतिर हाहाकार मच्चियो। सबैको हशदयमा ब्रज गिर्‍यो। उनहीहरूको हृदय बिचलित हुन लाग्यो।

कोही जोर–जोर सँग चिच्याएर रून लागे। कोही सड़कहरूमा पल्टिन लागे र धैरै जसो त बेहोश भएरै त्यहीं पछारिए। हरएकका आँखाबाट झर–झर आँसु झरीरहेथे। प्रलयकालको वातावरणमा ताण्डव नृत्यको जस्तो दृश्य देखिन आउँछ त्यही गति शिरडीका नर–नारीहरूको रूबाइबाट खड़ा हुन गया। उनहीहरूले साक्षात सगुण परब्रह्मको निकटता गुमाएका यो महान् दुःखमा को आएर उनहीहरूलाई धैर्य दिने? यो दुःखको वर्णन वास्तवमा गर्न नै कसले सक्दछ र?।

अब केही भक्तहरूलाई श्री साईबाबाको वचन याद आउन लाग्यो। भविष्यमा आफू आठ वर्षको बालकको रूपमा फेरि प्रकट हुने कुरा महाराज (श्री साईबाबा) ले आफ्ना भक्तहुरूलाई भन्नुभएथ्यो भनी कसैले भन्यो। यी वचन एक सन्तका हुन्। यसेले कसैले पनि यिनमा शंका गर्नु हुँदैन। किनभने कृष्णावतारमा पनि चक्रपाणि (भगवान् विष्णु) ले यस्तै नै लीला गर्नु भएको थियो। श्रीकृष्ण माता देवकीको अगाडि आठवर्षको उमेरको एउटा बालकको रूपमा प्रकट हुनुभएको थियो। वहाँको दिव्य तेजोमय स्वरूप थियो र चारै हातमा शंख, चक्र, गदा, पदम् सुशोभित थिए। आफ्नो त्यो अवतारमा भगवान् कृष्णले पृथवीको भार हलुका गरिदिनु भएको थियो। साईबाबाको यो अवतार भने आफ्नो भक्तहरूको उत्थानको लागि भएथ्यो, त्यसैले फेरि शंका गर्ने ठाउँ नै कहाँ रहन्छ र? सन्तहरूको काम गर्ने तरीका पत्तोपाइ नसक्ने हुन्छ। साईबाबाको आफ्नो भक्तहरूको साथमा यो सम्पर्क केवल यौटा पिँढीको मात्र होइन, तर वहाँको वितेका 72 जन्मदेखिको हो। यस्तो लाग्दछ कि यसप्रकारको प्रेम सम्बन्ध विकसित गरेर महाराज (श्री साईबाबा) घुम्न जानु भएको छ र वहाँ फेरि छिट्टै फर्कन हुनेछ भन्ने भक्तहरूलाई दृढ़ विश्वास छ।

अब बाबा को शरीरको अन्तिम क्रिया कस्तो प्रकारले गर्ने भन्ने कुरामा समस्या उत्पन्न भयो। केही मुसलमाहरू वहाँको शरीरलाई कब्रिस्तानमा दफन्याएर त्यसामाथि एउटा मकबरा बनाई दिनुपर्छ भन्नलागे। खुशालचन्दको र अमीर शक्करको पनि यही नै विचार थियो। तर गाउँका ग्राम्य अधिकारी शरीरलाई बाडा (भवन) बाहेक अन्यत्र कहीं पनि राखिने छैन भनी दृढ़ र निश्चयात्मक स्वरमा भने। यसरी मानिसहरूमा मतभेद उत्पन्न भयो र यो

वाद–विवाद 36 घण्टासम्म चलि नै रह्यो। बुधवारको दिन बिहारी पखमा बाबाले लक्ष्मण मामा जोशीलाई सपना दिनुभयो। उनीलाई आपनो हातले तार्न्द भन्नुभयो, "चाँडो उठ, बापू साहेब मलाई मरिसकेको छु भन्ने सम्झन्छन् यसैले उनी त आउने नै छैनन्। तिमीले पूजा र काँकड़ (बिहानीको)–आरती गर।"

गाउँका ज्योतिषी लक्ष्मण मामा शामाका मामा हुनुको साथै एक कर्मठ ब्राह्मण थिए। उनी नित्य बिहान बाबाको पूजा गर्थे र त्यसपछि मात्र गाउँका देवी, देवताहरूको। उनको बाबामा दृढ़ निष्ठा (पूर्ण आस्था) थियो। यसैले यो सपना पछि उनी पूजाका सबै सामान लिएर त्यहाँ आए। उनले जसै बाबाको मुख छोपेको कपड़ा हटाए अनि त त्यो प्राणशून्य अलौकिक महान् चम्कदो छविको दर्शन गरेर उनी "निश्चल" बने। उनीलाई मानो शीतल किरण हुने चन्द्रमाले आपनो पासोमा बाँधेर जड़वत् बनाई दिए जस्तो भयो। तर सपनाको सम्झनाले आपनो कर्तव्य गर्ने प्रेरणा दिइहाल्यो। त्यसैले मौलवीहरूको विरोधको केही पनि चिन्ता नगरिकन उनले विधिपूर्वक पूजा र काँकड़ (बिहान को) आरती गरे। अनि मध्याह्नमा बापू साहेब जोग पनि अरू भक्तहरूको साथमा आए र सधैंको झैं मध्याह्नको आरती गरे।

बाबाको अन्तिम श्रीवचनको आदरपूर्वक स्वीकार गरी मानिसहरूले वहाँको शरीरलाई बूटीवाड़ा (बूटी भवन) मानै राख्ने निश्चय गरेर त्यहाँको बीच भागमा खन्न आरम्भ गरे। मंगलवारको सन्ध्या समयमा राहाताबाट सब–इन्सपेक्टर र अरू भिन्न–भिन्न ठाउँहरूबाट अनेकौं मानिसहरू त्यहाँ आएर जम्मा भए। सबैले त्यो प्रस्तावलाई स्वीकार गरे। भोलिपल्ट बिहान बम्बईघाट अमीर भाई र कोपर गाउँबाट मामलेदार (तहसीलदार) पनि त्यहाँ आइपुगे। उनीहरूले अँझै पनि सबै मानिस एकमत भएको देखेनन् त्यसैले उनहीहरूले मतदान गराए र धेरैजसो मानिसको मत वाडाको को पक्षमा भएको पाए। तर पनि उनीहरू यस विषयमा कलेक्अरको स्वीकृति लिनु अति आवश्यक सम्झनथे। यस कामका लागि अनि त काका साहेब स्वयं अहमदनगर जान तयार भए। तर बाबाको प्रेरणाले विरोधीहरूले पनि वाड़ाको प्रस्ताव सहर्ष स्वीकार गरेर सबै मिलेर आपनो मतपनि बाड़ाकै पक्षमा दिए। यसैले बुधवारको साँण्मा बाबाको पवित्र शरीर बड़ो धूमधाम को समारोहको

साथ बाड़ामा ल्याइयो र विधिपूर्वक "मुरलीधर" को मूर्ति स्थापना गरिने भनिएको ठाउँमा नै राखी समाधि बनाइयो। वास्तविक कुरा यो हो कि बाबा "मुरलीधर" बन्नु भयो र वाड़ा "समाधिमन्दिर" तथा अनेकौं भक्तहरू आउने जाने गर्ने भक्तहरूको पवित्रा देवस्थान बन्नगयो। हिल्यै पनि सधैं भर नै भक्तहरू त्यहाँ आएर सुखशान्ति प्राप्त गर्दछन्। अहिल्यै पनि सधैं भर नै भक्तहरू त्यहाँ आएर सुखशान्ति प्राप्त गर्दछन्। बाबासाहेब भाटे र बाबाका अन्यभक्त श्री उपासनीले विधिवत् अन्तिम किया गरे।

प्रोफेसर नारकेले देखेका यो कुरा विशेष ध्यान दिन योग्य छ कि बाबाको शरीर 36 घण्टा पछिसम्म पनि कडा भएन। वहाँको शरीरका प्रत्येक अङग लचिलै अनिरहे। त्यसैले गर्दा वहाँको शरीरबाट कफनी नच्यातिकनै सजिलैसँग निकल्न सकियो।

ईटको फुटाइ

बाबाको निर्वाणको केही काल पहिले नै एउटा अपशकुन देखियो जो यो घट्नाको पूर्व सूचनाको रूपमा थियो। मसजिदमा एउटा पूरानो ईट थियो। त्यसमा बाबा आफ्नो हात टेक्ने गर्नुहुन्थ्यो। रातको समयमा बाबा त्यसै माथि आफ्नो शिर राखेर सुत्ने गर्नुहुन्थ्यो। यो कार्यकम अनेक वर्षसम्म चलि नै रह्यो। एकदिन बाबा नहुनुभाएको बखतमा एउटा सानो केटाले मसजिदमा बढार्न लाग्दा त्यो ईट आफ्नो हातमा उठायो। दुर्भाग्यवश त्यो उसको हातबाट खस्यो र त्यसको दुई टुका भयो। जब बाबालाई यो कुराको सूचना मिल्यो त्यस बखत वहाँलाई त्यो कुराले बडो दुःख लाग्यो। वहाँले "यो ईट फुटेको होइन मेरो भाग्य नै फुटेर छिन्नभिन्न हुन गएको हो। यो त मेरो जीवन सँगिनी जस्तो थियो। यसलाई आफ्नो साथमा राखेर म आत्म-चिन्तन गर्ने गर्थें। यो मलाई आफ्नो प्राण जस्तै प्यारो थियो। आज यसले मेरो साथ छोडिदियो" इत्यादि।

केही मानिसहरूले यहाँनेर बाबालाई ईट जस्तो एउटा तुच्छ वस्तुको लागि यत्रो शोक किन गर्नु पर्‍यो भनेर शंका गर्न सक्दछन्। यसको उत्तर हेमाडपंत यसरी दिन्छन् "सन्त जगत्को उद्धार गर्न तथा दीन र आधार नभएका व्यक्तिहरूका कल्याणको लागि नै मानिसको अवतार लिएर आएका हुन्छन्। जब उनीहरूले मनुष्यशरीर धारण गरी जनसंपर्कमा

आउँछन् अनि उनीहरूले साधारण मानिसले गर्ने जस्तै आचरण गर्ने गर्दछन्। अर्थात बाहिरी रूपले उनीहरू पनि अरू मानिसहरूले जस्तै हाँस्छन्, खेल्छन् पनि। तर भित्रिरूपमा भने उनीहरू। आफ्नो अवतार कार्य र त्यसको ध्येयको लागि सदैव सचेत नै रहन्छन्।"

72 घण्टाको समाधि

यो समाधिस्थ हुने घट्नु भन्दा 32 वर्ष पहिले बाबाले आफ्नो जीवन-रेखा पार गर्ने एउटा प्रयास गर्ने भएथ्यो। सन् 1886 मा मंसीर पूर्णिमाको दिनमा बाबालाई दमबाट ज्यादै नै पीडा भयो र यो रोगबाट छुटकारा पाउनको लागि वहाँले आफ्नो प्राण ब्रह्माण्डमा चढाएर समाधि लगाउने विचार गर्नुभयो। यसैले वहाँले भक्त म्हालसापतिलाई भन्नुभयो, "तिमीले मेरो शरीरको तीनदिनसम्म रक्षा गर्नु। यदि म फर्केर आएँ भने ठीकै छ, आइन भने ऊ त्यो ठाउँमा (एउटा ठाउँलाई देखाएर) मेरो समाधि बनाई दिनू र दईटा ध्वजा चिन्ह स्वरूप फहराइदिनू।"

यस्तो भनेर बाबा रातमा लगभग दश बजे पृथ्वीमा लेट्नु भयो। वहाँको श्वास-प्रश्वास बन्द हुन गयो र वहाँको शरीरमा प्राणनै छैन भने जस्तो देखिन लाग्यो। गाउँले समेत सबै मानिसहरू त्यहाँ जम्मा भएर वहाँको शरीरको परीक्षण गरे पछि शरीरलाई वहाँले बताउनु भएको ठाउँमा समाधिस्थ गरिदिने निश्चय गर्नलागे। तर भक्त म्हालसापतिले उनीहरूलाई यसो गर्नबाट रोके र वहाँको शरीरलाई आफ्नो काखमा राखी उनले तीनदिनसम्म त्यसको रक्षा गरि नै रहे। तीन दिन बितेपछि रातको लगभग तीनबजे प्राण फर्केको चिन्ह देखिन लाग्यो। श्वाससीच्छ्वास फेरि चालू भयो र वहाँको अंग प्रत्यंग चल्न लागे। वहाँले आँखा खोल्नु भयो र कोल्टो फर्कंदै फेरि चेतनामा आउनुभयो।

यो प्रसङंग तिर पनि नजर लगाएर म यो एक कुराको निर्णय गर्न पाठकहरूलाई नै छोडिदिन्छु। त्यो के भने के बाबा अरू मनिसहरू जस्तै साढे तीन हात लामो एउटा शरीरधारी मनुष्य हुनुहुन्थ्यो, त्यो शरीर जसलाई वहाँले केही वर्षसम्म धारण गरेर पछि छोडिदिनुभयो, या वहाँ स्वय आत्मज्योति स्वरूप हुनुहुन्थ्यो। पच्चमहाभूतहरू अर्थात् पृथ्वी, जल, तेज, वायु र आकाशबाट शरीर बन्ने हुनाले त्यसको नाश अन्ततः सुनिश्चित नै छ। तर जो सद्वस्तु (आत्मा) अन्तःकरणमा छ त्यही मात्र वास्तवमा सत्य हो। त्यसको

न रूप छ, न अन्त छ र न नाशनै पनि। यही शुद्ध चैतन्यघन या ब्रह्म–इन्द्रियहरू र मन उपर शासन गर्ने र नियन्त्रण गर्ने जो तत्व हो त्यही नै "साई" हो। जो संसारका सम्पूर्ण प्राणीहरूमा विद्यमान छ र जो सर्वव्यापी छ। आफ्नो अवतार कार्य पूरा गर्नको लागि वहाँले शरीर धारण गर्नु भएथ्यो। त्यो कार्य पूरा भएपछि वहाँले त्यो शरीरलाई छाडिदिएर फेरि आफ्नो शाश्वत् (सदैव रहने) अनन्त स्वरूप गर्नुभयो। श्री दत्तात्रयका पूर्ण अवतार गाणगापुर को श्री नृसिंह सरस्वतीकै समान श्री साई पनि सदैव जीवन्त (रहिरहेको) हुनुन्छ। वहाँको निर्वाण निर्वाण त एउटा औपचारिक कुरा हो। वहाँ जड़ र चेतन सबै पदाथहरूमा व्याप्त हुनुहुन्छ। त्यस्यै सबै प्राणीहरूको अन्तःकरणको संचालक र नियन्त्रणकर्ता हुनुहुन्छ। यसको अहिले पनि अनुभव गर्न सकिन्छ र अनन्यभावले वहाँको शरणागत भइसकेका र पूरै भित्री हृदयबाट नै वहाँका उपासक भएका अनेकौको अनुभवका आई पनि सकेको छ।

बाबाको स्वरूप अब देख्न पाईदैन तापनि यदि शिरडीमा हामी गयौं भने वहाँको बाँचोकै जस्तै चित्रलाई मसजिद (द्वारकामाई) लाई शोभायमान गरिराखेको अहिले पनि देख्न सक्छौं। यो चित्र (तस्वीर) बाबाको एक प्रसिद्ध भक्त–कलाकार श्री शामराव जयकारले बनाएका थिए। एउटा कल्पना गर्न सक्ने भक्त दर्शकलाई यो चित्रले अहिले पनि बाबाको दर्शनकै बराबरीले सन्तोष र सुख पुन्याउँदछ। बाबा अब शरीरमा रहनु भएको छैन तर वहाँ सम्पूर्ण प्राणीमा व्याप्त हुनुहुन्छ र शरीरधारी हुँदाखेरी गर्नु भए जस्तै भक्तहरूको कल्याण पहिलेकै झैं गर्दैरहनु भएको छ गर्दैरहनुहुन्छ पनि। बाबाले मानिसको शरीर धारण गर्नु भएको भए पनि त्यो एउटा आवरण (ढकनी) मात्र हो। वहाँ अरू सन्तहरू जस्तै अमर नै हुनुहुन्छ। अर्को शब्दमा भन्ने हो भने वहाँ त समय समयमा पृथ्वीतलमा अवतार रूपमा आउने स्वयं भगवान् श्री हरि नै हो।

## बापू साहेब जोगको सन्यास

जोगको सन्यासको चर्चा गरेर हेमाडपंत यो अध्याय समाप्त गर्दछन्। श्री सखा रामहरि उर्फ बापू साहेब जोग पूनाका प्रसिद्ध बारकरी विष्णु बुबा जोगका काका थिए। उनी लोक कर्म विभाग (P.W.D.) मा पर्यवेक्षक (Supervisor) थिए। सेवा-निवृत्ति पछि उनी आपनी पत्नी सहित शिरडीमा आएर बस्न लागे। उनका कोही सन्तान थिएनन् पति र पत्नी दुबैको नै श्री साई चरणमा अटल श्रद्धा थियो। उनहीहरू दुबैजना आपनो दिन वहाँको पूजा र सेवा गर्न मा नै बिताउने गर्दथे। मेघाको मृत्यु पछि बापू साहेब जोगले बाबाको समाधिसम्म मसजिद र चावडीमा आरती गरे। उनीलाई साठेवाडामा श्री ज्ञानेश्वरी र श्री एकनाथी भागवतको पाठ र त्यसको भावार्थ श्रोताहरूलाई संझाउने काम पनि दिइएको थियो।

यसप्रकार अनेक वर्षसम्म सेवा गरेपछि उनले एकपटक बाबासँग प्रार्थना गरे ''हे मेरा जीवनका एकमात्र आधार! हजूरका पूजनीय चरणको दर्शन गरेर सम्पूर्ण प्राणीहरूलाई परमशान्तिको अनुभव हुन्छ। म यिनै हजूरका पूजनीय चरणको अनेक वर्षदेखि निरन्तर सेवा गरिराखेको छु। तर के कारणले हो कुन्नि हजूरका चरणको यति नजिक हुँदाहुँदै पनि म यिनीहरूको शीतलताबाट ठगिएको छु। यदि मेरो चंचल मन शान्त र स्थिर बनेर हजूरका श्री चरणमा मग्न हुँदेन भने मेरो यो जीवनमा अर्को कुन चाहीं सुख छ त ? के यतिका वर्षको मेरो सन्तसमागम (सन्तहरूसँगको संपर्क) व्यर्थ नै भएर जानेछ त ? हजूरको म उपर कृपादृष्टि हुने त्यो शुभ घड़ी मेरो जीवनमा कहिले आउला त?'' भक्तको प्रार्थना सुनेर बाबालाई दया आओ। वहाँले जबाफ दिनुभयो, ''थोरै दिनमा ने अब तिम्रा अशुभ कर्म सकिने छन् र पाप र पुण्य जलेर चाँडै नै भस्म हुन जानेछन्। म तिमीलाई त्यही दिनमा नै भाग्यशाली सम्झनेछु जुन दिन तिमी इन्द्रियबाट भोगिने विषय वस्तुहरूलाई तुच्छ सम्झेर सम्पूर्ण पदार्थहरूबाट विरक्त भई पूर्ण अनन्य भावले ईश्वर भक्ति गरी सन्यास धारण गर्नेछौ। केही समय पछि नै वाचावचन सिद्ध भए। उनकी अब स्वतन्त्र भए र उनले आपनो मृत्युभन्दा पहिले सन्यास धारण गरी आपनो जीवनको लक्ष्य प्राप्त गरे।''

बाबाका अमृततुल्य वचन

दयानिधि (दयाका खानी) कृपाल श्री समर्थले मसजिद (द्वारकामाई) मा धेरै पटक तल लेखिएका अमृत तुल्य वचन भन्नुभएथ्यो।

"जो मलाई ज्यादै नै प्रेम गर्दछ, जसले सदैव मेरो दर्शन पाउँछ उसको लागि म बिना संसार नै शून्य हुन्छ। ऊ केवल मेरो नै लीलागान गर्दछ। ऊ सदैव मेरो नै ध्यान गर्दछ र सदैव मेरो नै नाम जप्दछ। जो सम्पूर्ण रूपले मेरो शरणमा आउँछ र सधैंभर मेरो ने सम्झना गर्दछ, म माथि यसरी उसने लगाएको यो ऋण म उसलाई मुक्ति (आत्म प्राप्ति आत्मज्ञान) प्रदान गरेर चुकाइदिनेछु। जो मेरो नै चिन्तन गर्दछ र मेरो प्रेम ने जसको भोक-तीर्खा हो र जो पहिले मलाई नचढाइकन केही खाँदैन, म

त्यसको अधीनमा छु। जो यसप्रकार मेरो शरमा आउँछ, त्यो जसरी नदीहरू समुद्रसँग मिलेर तदाकार हुन जान्छन् त्यसरी नै मसंग मिलेर एकाकार हुन जान्छ। यसैले अभिमान र अहंकारलाई पूर्णरूपले त्यागेर तिमीले तिम्रो आपनो हृदयमा बस्ने म प्रति पूर्णरूपले समर्पित हुन जानुपर्छ।"

यो "म" कुन हो?

श्री साईबाबाले अनेकौं पटक यो "म" को हुँ भनी सम्झाउनु भएको यो "म" लाई खोज्न टाढ़ा जानुपर्ने आवश्यकता छैन। तिम्रो नाम र आकारबाट पर "म" तिम्रो अन्तःकरण र सम्पूर्ण प्राणीहरूको चैतन्यधन (चेतना राशि) स्वरूपमा रहेकोछु र यही "म" को स्वरूप हो। यस्तो सम्झेर तिमी आँफूमा तथा सम्पूर्ण प्राणीहरूमा मेरो नै दर्शन गर। यदि तिमीले यसको सदैव अभ्यास गन्यौ भने तिमीलाई मेरो सर्वव्यापकता (सबैमा व्याप्तभएको पन) को अनुभव चाँडै नै हुन जानेछ र मसँग अभिन्नता प्राप्त हुन जानेछ।

पसैले हमाडपंत पाठकहरूलाई नमस्कार गरेर उनीहरूले सम्पूर्ण देवताहरू, सन्तहरू र भक्तहरूलाई आदर गर्नुपर्दछ भनी उनीहरूसँग प्रेम र आदरपूर्वक विनम्र प्रार्थना गर्दछन्।

बाबा सदैव ''जसले अर्कालाई पीडा पुऱ्याउँछ त्यसले मेरो हृदयलाई दुःख दिन्छ तथा मलाई कष्ट पुऱ्याउँदछ। यसको विपरीत जो स्वयं कष्ट सहन्छ, त्यो मलाई बढी प्यारो हुन्छ'' भन्ने गर्नुहन्थ्यो। बाबा सम्पूर्ण प्राणीहरूमा रहनुहुन्छ। उनीहरूलाई हर प्रकारले रक्षा गर्नुहुन्छ। सम्पूर्ण जीवहरूलाई प्रेम गर यही वहाँको आन्तरिक (भित्री) इच्छा हो। यसप्रकारको विशुद्ध अमृतमय स्रोत (प्रवाह) वहाँको श्री मुखबाट सदैव झरिनै रहन्थ्यो। यसैले जो प्रेमपूर्वक बाबाका लीलागान गर्नेछन् या तिनलाई भक्तिपूर्वक सुन्नेछन्, तिनीहरूलाई ''साई'' सँग अवश्य नै अभिन्नता प्राप्त हुनेछ अर्थात् साईसँगै एकाकार हन जानेछ।

श्री सद्‌गुरू साईनाथमा अर्पण होस्

मंगल होओस्॥



# अध्याय-45
## सन्देह निवारणः-

काका साहेब दीक्षितको सन्देह र आनन्द रावको सपना,
बाबाको विश्रामको लागि काठको फलेक।।

**प्रस्तावनाः-**

गएका तीन अध्यायमा बाबाको निर्वाणको वर्णन गरिएको छ। अब बाबाको साकार स्वरूप लोप भैसकेको छ। यसमा शंका छैन। तर वहाँको निराकार स्वरूप त सधैं नै रहिरहनेछ। अहिलेसम्म बाबाका जीवनकालमा घटेका घटनाहरू र लीलाहरूको मात्र उल्लेख गरिएको छ। वहाँ समाधिस्थ भएपछि पनि अनेक लीलाहरू भैसकेका छन् र अझैं पनि देखिन आइरहेका छन् यसबाट यो कुरा सिद्ध हुन्छ कि बाबा अहिले पनि विद्यमान (रहिरहनु भएको) हनुहुन्छ र पहिलेकै झै आपना भक्तहुरूलाई सहायता पुर्‍याइरहनु भएको छ।

बाबाको जीवनकालमा जो व्यक्तिहरूलाई वहाँको निकटता या सत्संग प्राप्त भयो, उनहीहरूको भाग्यको साह्ना वास्तविक रूपमा कसले गर्न सक्दछ र ? । त्यति हुँदा पनि इन्द्रियका र संसारको सुखबाट वैराग्य प्राप्त हुन सकेत भने त यसलाई दुर्भाग्य सिवाय के भन्न सकिन्छ र ?। जो कुरा उसै समयमा आचरणमा ल्याउनु पर्थ्यो र अहिले पनि ल्याउनु पर्छ, त्यो हो अनन्यभावले गर्नुपर्ने बाबाको भक्ति। सम्पूर्ण चेतनाहरू, इन्द्रियका काम कारवाहीहरू र मनलाई पनि एकोहोरो बनाएर बाबाको पूजा सेवातिर लगाउनु पर्छ। देखावटी पूजाबाट के लाभ हुल्छ र ?। यदि पूजा या ध्यान आदि गर्ने नै प्रबल इच्छा छ भने त्यो शुद्ध मन र अन्तः स्करणबाट हुनुपर्दछ।

जस्तो प्रकारले पतिव्रता स्त्रीको विशुद्ध प्रेम आपनो पति उपर हुन्छ, हो, त्यही प्रेमको उपमा कहिले-कहले मानिसहरू शिष्य र गुरूको प्रेमलाई पनि दिने गर्दछन्। तर पनि शिष्य र

गुरूको प्रेमको अगाडि पतिव्रताको प्रेम फिका हुन जान्छ र त्यसको कुनै बराबरी गर्न नै सकिन्न। बाबु, आमा, भाई या अरू त्यस्तै सबै नातेदारहरू जीवनको ध्येय अर्थात् आत्मसाक्षात्कार प्राप्त गर्नमा कुनै सहायता पुन्याउन सक्दैनन्। यसको लागि हामी आफैंले आफ्नो बाटो खोजेर आत्मानुभूतिको बाटोमा अग्रसर हुनुपर्दछ। सत्य र असत्य कुरामा विवेक गरी, यो लोकमा पाइने र अर्को लोकमा पाइने सुखहरूलाई समेत त्याग गरी इन्द्रियहरूलाई वशमा राखेर केवल मोक्ष को धारणा राख्दै अग्रसर हुनु पर्दछ। अर्कामाथि निर्भर रहनुको सट्टा हामीले आत्मविश्वास बढ़ाउनु उचित हुन्छ। हामीले यस प्रकार विवेक बुद्धिले काम गर्ने अभ्यास गर्न लाग्यौं भने हामीलाई यो संसार नाश हुने र झुटो लाग्दछ। यस्तो धारणाबाट सांसारिक वस्तुहरूमा हाम्रो आसक्ति क्रमशः झन् झन् घट्दै जान्छ र अन्तमा हामीलाई वैराग्य हुन जान्छ। अनि अकाड़ि गएर यो रहस्य प्रकट हुन्छ कि ब्रह्म हाम्रो गुरूभन्दा बाहेक अर्को कोही छैन, वास्तवमा वहाँ नैं सद् वस्तु परमात्मा हो। साथै यो देखिएको जगत् उहाँकै नै प्रतिबिम्बि हो भन्ने यो रहस्यको उद्घाटन हुन्छ। अनि यस्तो किसमले हामीले सबै प्राणीहरूमा वहाँकै रूपको दर्शन गरे वहाँकै पूजा गर्न आरम्भ गरिदिन्छौं। यही समत्वभाव यो देखिएको जगत्बाट विरक्ति प्राप्त हुनेछ र आत्मानुभूतिको प्राप्ति सजिलेसँग हुन जालेछ। छोटकरीमा कुरा यो हो कि सदैव गुरूको कीर्तन र वहाँको ध्यान गर्नाले नै हामीलाई सबै प्राणीहरूमा भगवान्को दर्शन गर्ने योग्यता प्रदान गर्दछ र यसैबाट परमआनन्दको प्राप्ति हुन्छ। तल लेखिएको कथा या तथ्यको प्रमाण हो।

काका साहेबको सन्देह तथा आनन्द रावको सपनाः-

बाबाले काका साहेब दीक्षितलाई श्री एकनाथ महाराजका दुई ग्रन्थ (1) श्रीमद्भागवत र (2) भावार्थ रामायणको नित्य पाठ गर्न आज्ञा दिनु भएको कुरा त सबैलाई थाहा भएकै कुरा हो। काका साहेबले यी ग्रन्थहरूको नियमपूर्वक पाठ बाबाको समयदेखि ने गरेर आएका हुन् र बाबा समाधिस्थ भएपछि पनि अभसम्म उनीले नै त्यसरी नै अध्ययन गरिराखेका छन्। एक समय चौपाटी (बम्बई) मा काका साहेब बिहान एकनार्थी भागवतको पाठ गिरिरहेका थिए। माधव राव देश पाण्डे (शामा र काका महाजनी पनि तयसबेला त्यही उपस्थिति थिए र यी दुवैले ध्यानपूर्वक पाठ सुनिरहेका थिए। त्यतिबेला एघारौं

स्कन्धको दोश्री अध्यायको वाचन चलिरहेको थियो, जसमा भागवत धर्मको महिमा राजा जनकलाई संझाउने ऋषभवंशका सिद्ध नवनाथ अर्थात कवि, हरि, अन्तरिक्ष, प्रबुद्ध, पिप्पलायन, आविर्होत्र द्रुमिल, चमस र करभाजनको वर्णन छ। राजा जनकले यी नवनाथहरूसँग ज्यादै महत्वपूर्ण प्रश्न सीधे र यी सबैले  उनका शंकाहरूको बडो संतोषजनक ढंगले समाधान गरेथे। अर्थात् कबिले भागवत धर्म, हरिले भक्तिको विशेषता, अन्तरिक्षले माया के हो भन्ने, प्रबुद्धले मायाबाट मुक्त हुने विधि, पिप्पलायनले परब्रह्मको स्वरूप आविर्होत्रले कर्मको स्वरूप, द्रुमलले परमात्माका अवतार र तिनीहरूको काम, चमसले नास्तिकको मृत्युपछिको गति र करभाजनले कलिकालमा भक्तिका पद्धतिहरूको विधिपूर्वक वर्णन गरे। यो सबको अर्थ यही थियो कि कलियुगमा मोक्ष प्राप्त गने एक मात्र साधन हरिकीर्तन या गुरूचरणको चिन्तन नै हो।

पाठ समाप्त भएपछि काका साहेबले ज्यादै निराशापूर्ण स्वरूपमा माधवराव र अहरूहरूसँग भन्न लागे- "नवनाथहरूको भक्तिको के कुरा गर्नू। तयसलाई आचरणमा ल्याउन कति गाह्रो छ। नाथहरू त सिद्ध थिए। तर हामीहरू जस्ता मूर्ख हरूमा यस किसिमको भक्तिको प्राप्ति उत्पन्न हुन के कहिल्यै सम्भव हुन सक्छ र ? अनेकौं जन्म धारण गरे पनि त्यस्तो भक्तिको प्राप्ति हुन सक्तैन। अनि हामीहरूलाई मोक्ष कसरी प्राप्त सक्ला र? हाम्रो लागि त केही आशा नै दैन भने जस्तो लाग्छ।

माधव रावलाई यो निराशवादी धारणा राम्रो लागेन। त्यसैले उनले भन्न लागे "हाम्रो अहोभाग्य हो, जसको फलस्वरूपः नै हामीलाई साई जस्तो अमूल्य हीरा हात लाग्न गयो। त्यसो भएपछि फेरि यस किसिमको निराशाको राग अलाप्तु त बड़ो नराम्रो कुरा हो। यदि तपाईलाई बाबा उपर अटल विश्वास छ भने यस्तो किसिमले चिन्तित हुनु पर्ने आवश्यकता नै के छ र? मानौं कि नवनाथहरूको भक्ति तुलनामा बढ़ी दृढ़ र प्रबल हुँदो हो। तर के हामीहरू पनि प्रेम र स्नेहपूर्वक भक्ति गरिरहका छैनों र? बाबले श्रीहरि या गुरूको नाम जप गर्नाले मोक्षको प्राप्ति हुन्छ भनेर अधिकारपूर्ण वचनमा भन्नु भएको छैन ? अनि त फेरि डर र चिन्ताको ठाउँ नै कहाँ रहन जान्छ र ?

तर पनि माधव रावका कुराले काका साहेबको शंका समाधान भएन। उनी अझै दिनभर छटपटीपूर्ण र चिन्तित नै बतिरहे। कुन उपायले नवनाथहरूको बराबरी को भक्तिको प्राप्ति सम्भव हुन सक्ला भन्ने यो विचारले उनको मस्तिष्कमा (मगजमा) बारम्बार चक्कर काटून लागि नै रह्यो।

आनन्द राव पाखडे नाम गरेका एक महाशय माधव रावलाई खोज्दै खोज्दै त्यहाँ आइपुगे। त्यस समयमा भागवतको पाठ भइरहेको थियो। श्री पाखडे पनि माधव रावको नजिक नै गएर बसे र उनीसँग विस्तारै-बिस्तारै केही कुरा पनि गर्न लागे। उनी आफ्नो सपना माधव रावलाई सनाइरहेका थिए। यिनीहरूको कानेखुसीको कारण पाठमा विघ्न हुन लाग्यो। यसैले काका साहेबले पाठ स्थगित गरेर माधव रावसँग सोधे, "के हो, के कुरा भैराखेको छ? माधव रावले भने– "तिमले हिजो जो शंका प्रकट गरिरहेका थियौ, यो चर्चा नै तयसको समाधान हो। हिजो बाबाले श्री पाखडेलाई जो सपना दिनुभयो त्यौ यिनैसंग सुन। यसमा विशेष भक्तिको कुनै आवश्यकता छैन। केवल गुरूलाई ढोग्नु या उनको पूजा गर्नु नै पर्याप्त छ भनी बताएको छ।" सबैलाई सपना सुन्ने ज्यादै उत्सुकता थियो। सबभन्दा बढ़ी त काका साहेबलाई नै थियो। सबैले भनेकाले श्री पाखडेले आपनो सपना भन्न लागे जो यस प्रकारको छः– मैले आफूलाई एउटा धैरै गहिरो समुद्रमा खड़ा भएको छु भन्ने देखें। पानी मेरो कम्मरसम छ। अचानक नै जब मैले माथि हेरें अनि त साईबाबाको श्री दर्शन मिल्यो। वहाँ एउटा रत्न जडिएको सिंहासनमा विराजमान हुनुहुन्थ्यो र वहाँ को श्री चरण जलभित्र थिए। यो सुन्दर दृश्य र बाबाको मनोहर स्वरूप देखेर मेरो चित्त अत्यन्त प्रसन्न भयो। यो सपनालाई कसले सपना भन्न सक्ला र लौ? मैले साहेब रावलाई पनि बाबाको नाजिकै खड़ा भएको देखें। उनले मलाई भावुकतापूर्ण स्वरमा भने, "आनन्द राव! बाबाको श्री चरणमा पर।" मैने जवाफ दिएँ "म पनि त यही नै गर्न खोज्दछु नि। तर वहाँका श्री चरण त जलको भित्र छ। त्यसैले मैले अब आफ्नो शिर कसरी वहाँको चरणमा राखूँ भनन । म त निस्सहाय छु।" यी शब्द सुनेर शामाले बाबासँग भने, "अरे देवा! कृपा गरेर जलभित्रबाट आपना चरण बाहिर निकाल्नोस्न"। यो कुरा सुनेर बाबाले चरण बाहिर निकाल्नु भयो र तिनमा म तुरून्तै टाँसिए। बाबाले मलाई यो कुरा भन्दै आर्शीवाद

दिनुभयो- "अब तिमी आनन्दपूर्वक जाऊ। घबड़ाउने या चिन्ता गर्ने केही आवश्यकता छैन। अब तिम्रो कल्याण हुनेछ। यसको साथैमा वहाँले मलाई एउटा जरीको किनारा भएको धोती मेरो शामालाई दिनू र त्यसले तिमीलाई धैरै लाभ हुनेछ" पनि भन्नुभयो।

बाबाको आज्ञा पूरा गर्नको लागि नै श्री पाखडेले धोती ल्याई काका साहेबसँग "कृपा गरेर यो धोती माधव रावलाई दिनोस्" भनेर प्रार्थना गरे। तर माधव रावले त्यो लिन मानेनन् उनले भने- "जबसम्म बाबाबाट मलाई कुनै आदेश या अनुमति प्राप्त हुँदैन, त्यहाँसम्म म यो स्वीकार गर्न असमर्थ छु।"

केही तर्क वितर्क पछि काकाले दैवी आदेश सूचक पर्चाहरू निकालेर यो कुराको निर्णय गर्ने विचार गरे। काका साहेबको एउटा नियम थियो। त्यो के भने जब कुनै कुरामा उनीलाई शंका भयो भने उनले कागजको दुई टुकामा "स्वीका-अस्वीकार" लेखेर तिनेमध्ये एउटा पर्चा निकाल्थे र जे जस्तो उत्तर प्राप्त हुन्थ्यो त्यही अनुसार नै काम गर्ने गर्थे। यसको पनि टुङंगो लगाउनलाई उनले माथि भनिएको विधि अनुसार नै दुईटा पर्चामा लेखेर बाबाको तस्वीरको अगाडि राखी एउटा अबोध बालकलाई ती मध्येबाट एउटा पर्चा उठाएर लिन भने। बालकबाट उठाएर लिएको पर्चा खोलेर हेर्दा स्वीकार सूचक पर्चा नै निक्लेको देखियो र अनि माधव रावले खोलेर हेर्दा स्वीकार सूचक पर्चा नै निक्लेको देखियो र अनि माधव रावले धोती स्वीकार गर्ने पऱ्यो। यस्तो किसिमले आनन्द राव र माधव राव सन्तुष्ट भएर काका साहेबको पनि सन्देह हटेर गयो।

यसबाट हामीलाई यो शिक्षा मिल्छड कि हामीले अरू सन्तहरूका वचनको उचित आदर गर्नु पर्दछ। तर त्यसको साथसाथै हामीले आफ्नो गुरूमा पूर्ण विश्वास राखेर वहाँका आदेशहरूको अक्षरशः पालना गर्नु पर्ने कुरा चाहिं अति आवश्यक छ। किनभने अरू मानिसहरूमा भन्दा हाम्रो कल्याणको उनैलाई नैं बढ़ी चिन्ता हुन्छ।

बाबाका तल लेखिएका वचनहरूलाई आपनो हश्दयमा लेखेर राखः-

यो विश्वमा असंख्य सन्त छन्। तर आफ्ना पिता (गुरू) नै सच्चा पिता (सच्चा गुरू) हुन्। अरूले चाहे कस्तै नै मीठो वचन किन नभनून् तापनि आफ्नो गुरूको उपदेश कहिल्यै भुल्नु हुन्न। छोटकरीमा सार कुरा या हो कि शुद्ध हृदयले आफ्ना गुरूलाई प्रेम गरेर उनको शरमा जाऊ र उनीलाई श्रद्धापूर्वक साष्टांग ढोग। अनि सूर्यको अगाडि अस्तित्व नरहने अँध्यारोको जस्तै अगाडि भवसागरको अस्तित्व नै रहँदैन।

बाबाको सुत्ने ओछ्यान-काठको फलेकः-

बाबा आपनो जीवन को पूर्वार्द्धमा (पैलोआधामा) काठको फलेकमा सुत्ने गर्नु हुन्थ्यो। त्यो फलेक चार हात लामो र एक बित्ता चौड़ा थियो। त्यसका चारै कुनामा चारै ओटा माटाका बत्ती बलिरहका दियो  राखिये गरिन्थ्यो। पछि बाबाले त्यसलाई टुका-टुका गरिदिनु भएथ्यो, जसको वर्णन गएको दशौं भैसकेको छ। एक समयमा बाबाले त्यो फलेकको महिमाको वर्णन काका साहेबलाई सुनाइरहनु भएथ्यो। त्यो सुनेर काका साहेबले बाबासँग भने, "यदि अहिले पनि हजूरलाई त्यसमा विशेष स्नेह छ भने  म मसजिदमा अर्को फलेक लट्काइदिन्छु। त्यसैमा हजूर सुखपूर्वक सुत्नेहोस्। त्यसमा बाबाले भन्न लाग्नुभयो-"अब म्हालसापतिलाई तल छाडेर म माथि सुत्न चाहन्न। त्यो कुरा सुनेर काका साहेबले भने "यदि हजूरले आज्ञा गर्नु हुन्छ भने म अर्को एउटा फलेक म्हालसापतिको निमित पनि टाँगिदिन्छ।"

बाबाले भन्नुभयो- "उनी यसमा कसरी सुत्न सक्दछन्? के यो कुनै सजिलो काम हो र?। जो धैरैथरी गुणले सम्पन्न छ त्यो व्यक्ति मात्र यसको योग्य हुन्छ। म सुत्न लाग्दा धैरै जसो म्हालसापितलाई आफ्नो नजिक बसाएर उनीलाई भन्छु, "मेरो छातीमा हात राखेर मेरो भगवान्‌को जप बन्द नहोओस् भनी हैदैरहू। यदि मलाई अलिकति मात्र पनि निदाउन लागेको देख्यौ भने तुरन्त जगाइदेउ।" तर उनबाट त यो पनि हुन सक्दैन। उनी त आफै ने झपकी लिन लाग्छन् र निद्रामग्न भएर आफ्नो शिर हल्लाउन लागदछन्। अनि जब मलाई भगतको हात ढूंगा जस्तै गहुँगो हुन लाग्दछ त्यातिबेला म जोरसँग "ए भगत"" भनेर बोलाउन थाल्दछु। अनि मात्र पो उनीले घबराएर आँखा खोल्दछन्। जो जमीनमा नै

पनि राम्रोसँग बस्न सक्तैन तथा जसको आसन नै सिद्ध भएको छैन, जो निद्राको दास छ् त्यो कसरी फलेकमा सुत्न सक्ला? 1 अनेकौं मौकामा वहाँ भक्तहरूलाई स्नेहवश यसो भन्ने गर्नु हुन्थ्यो "आफ्नो आफूसँगै, उसको ऊ सँगै।"

सद्‌गुरू साईनाथमा अर्पण होओस्।
मंगलल होओस्।

..............................................................................

*1. यानिशा सर्वभूताना तस्यां जागर्ति सयंमी।*
*यस्यां जाग्रर्ति भूतानि सा निशा पश्यतो मुनेः।। गीता 2-69 जो सम्पूर्ण प्राणीको रात हो त्यो संयमी पुरूषको दिन हो, जुन सम्पूर्ण प्राणीको दिन हो, त्यो तत्वदर्शी मुनिको रात हो।*



## अध्याय 46

### बबाको गया यात्रा–दुई बोकाको पूर्वजन्मको कथाः–

यो अध्यायमा शामाको काशी, प्रयाग र गयाको यात्रा र बाबा कस्तो प्रकारले वहाँ यिनीहरूभन्दा पहिले नै (तस्वीरको रूपमा) पुग्नुभयो तथा दुई बोकाको बितेका जन्मको इतिहास आदिको वर्णन गरिएको छ।

प्रस्तावनाः–

हे साई! हजूरका श्रीचरण धन्य हुन् र तिनको स्मरण (संझना कति सुख दिने छ? हजूरको संसारको डर नाश गर्ने स्वरूपको दर्शन पनि धन्य हो, जसको फलको रूपमा कर्म बन्धन छिन्नभिन्न हुन जान्छन्। अब हामीलाई हजूरको सगुण स्वरूपको दर्शन हुन सक्तैन तापनि यदि भक्तगणले हजूरका श्रीचरणमा श्रद्धा राखे भने हजूरले उनीहरूलाई प्रत्यक्ष अनुभव दिइरहने गर्नु हुन्छ। हजूर एउटा अज्ञात आकर्षण शक्तिद्वारा नजिक रहेको हुनुहोस्। या टाढा रहेको हुनुहोस् भक्तहरूलाई आफ्नो नजिकै तानेर उनीहरूलाई एउटी दयालु आमाले जस्तै गरी छातीमा लगाउनु हुन्छ। हे साई! ळजूरको वासस्थान कहाँ छ, त्यो भक्त जानदैनन्। तर पनि हजूरले यस्तो कुशलतासँग उनलाई प्रेरणा गर्नु हुन्छ त्यसको परिणाम रूपमा हजूरको अभय हात उनीहरूको शिरमा छ भन्ने कुराको उनीहरूलाई आभास हुन जान्छ। अनि हजूरको कृपा–दृष्टिको परिणामले नै उनीहरूलाई अज्ञात सहायता प्राप्त भई नै रहन्छ। अहंकारको वशमा परेर उच्चकोटिका विद्वान् र चतुर पुरूष पनि यो भवसागरको बददलमा फस्न जान्छन्। तर पनि हे साई! हजूर केवल आफ्नो शक्तिले नै असहाय र असल हृदय भएका भक्तहरूलाई यो दलदलबाट निकालेर उनीहरूको रक्षा गर्ने गर्नुहुन्छ। पर्दाको पछाडि छिपेर हजूरले नै त सबै न्याय गरिरहनु भएको छ। तर पनि हजूर आफ्नो ती कुरामा कुनै सम्बन्ध नै छैन भने जस्तो अभिनय गर्नुहुन्छ। कसैले पनि हजूरको सम्पूर्ण जीवनगाथा (चरित्र) जान्न सकेका छैनन्। यसैले हामीहरू अनन्यभावले हजूरका श्री

चरणका शरणमा आऔं र आफ्ना पाहरूबाट मुक्त हुनाको लागि एक मात्र हजूरको नै नामस्मरण गर्दै रहूँ, यही नै कल्याणकारी कुरा हो। हजूर आफ्ना निष्काम (फलको इच्छा नगरी काम गर्ने) भक्तहरूका सम्पूर्ण इच्छाहरू पूर्ण गरेर उनीहरूलाई परमानन्दको प्राप्ति गराइदिने गर्नु हुन्छ। केवल हजूरको मीठी नामको उच्चारण नै भक्तहरूको लागि अत्यन्त सजिलो बाटो हो। यो साधनबाट उनहीहरूमा राजसिक र तामसिक गुणहरूको ह्रास भएर सात्विक र धार्मिक गुणहरूको विकास हुनेछ। यसको सँगसँगै उनहीहरूमा क्रमशः विवेक, वैराग्य र ज्ञानको पनि प्राप्ति हुन जानेछ। अनि उनीहरूलाई आत्मस्थित भएर गुरूसँग पनि अभिन्नता प्राप्त हुनेछ। यसैको अर्को अर्थ हो गुरूप्रति अनन्यभावले शरणागत हुनु। यस कुराको निश्चित प्रमाण केवल यही हो कि त्यसपछि हाम्रो मन स्थिर र शान्त हुन जान्छ। यो शरणागति, भक्ति र ज्ञानको महत्ता अद्वितीय छ किनभने यिनको सँगै नै शान्ति, वैराग्य, कीर्ति, मोक्ष इत्यादिको पनि प्राप्ति सजिलैसँग हुन जान्छ।

यदि बाबाले आफ्ना भक्तहरू उपर अनुग्रह गर्नुभयो भने त्यो भक्त जहाँसुकै नए पनि वहाँ कुने न कुनै रूपमा पहिले नै त्यहाँ पुगिसक्नु हुन्छ। यो कुरा तल लेखिको कथाबाट स्पष्ट हुन्छ।

गया यात्राः-

बाबासँग परिचय भएको केही समयपछि नै काका साहेब दीक्षितले आफ्ना जेठा छोरा बापूको नागपुरमा ब्रतबन्ध संस्कार गर्ने निश्चय गरे र लगभग त्यसै समयमा नानासाहेब चाँदोरकरले पनि आफ्नो जेठा छोराको ग्वालियरमा विवाह गर्ने कार्यक्रम बनाए। दीक्षित र चाँदोरकर दुबैजना नै शिरडी आएर प्रेमपूर्वक उनहरूले बाबालाई निमन्त्राण दिए। त्यसमा वहाँले आफ्नो प्रतिनिधि शामालाई लैजान भन्नुभया। तर उनीहरूले जब स्वयं पाल्नु हुन वहाँसँ आग्रह गरे अनि त्यसबेला वहाँले जवाफ दिनुभयो- "बनारस र प्रयागबाट निस्केपछि म शामाभन्दा पनि पहिले पुग्ने छु"। पाठकगण यी शब्दलाई अलिकति ध्यानमा राख्नोस्। किनभने यी शब्द बाबाको सर्वज्ञता जनाउने छन्।

बाबाको आज्ञा पाएर शामाले उत्सवहरूमा सम्मिलित हुनको लागि पहिले नागपुर, ग्वालियर र त्यसपछि काशी, प्रयाग र गया जाने निश्चय गरे। अप्पाकोते पनि शामासँगै जान तैयार भए। पहिले त उनीहरू दुबै
व्रतबन्ध संस्कारमा सम्मिलित हुन नागपुर पुगे। काका साहेब दीक्षितले शामालाई खर्चको निमित दुई सय रूपियाँ दिए। त्यहाँबाट उनीहरू विवाहमा सम्मिलित हुन ग्वालियर गए। त्यहाँ नानासाहेब चाँदोरकले एक सय रूपैयाँ र उनका सँधी श्री जठारले पनि एक लक्ष्मीनारायणको भव्य मन्दिरमा उनलाई राम्रो स्वागत गरे। शामा र कोते अयोध्यामा एक्काइस दिन तथा काशी (बनारस) मा दुई महिला बसेर अनि गयाको लागि हिंडे। गयामा प्लेग फेलिएको समाचार रेलगाड़िमा सुनेर यिनीहरूलाई केही चिन्ता हुन लाग्यो, तर पनि रातमा उनहीहरू गया स्टेशनमा ओर्लिएर एउटा धर्मशालामा गएर बसे। बिहानीपख यात्रीहरूलाई बस्ने र खानेको व्यवस्था गर्ने गयाको पूजारी (पंडा) आयो र "सबै यात्री" गइसके यसैले तपाईहरू पनि अब छिटो गर्नोस्" भन्न लाग्यो। शामाले यसै नै ऊसँग सोधिहाले, "के गयामा प्लेग फैलिएको छ?" पूजारीले जवाफ दिया "छैन"। तपाई केही चिन्ता नगरिकन म कहाँ पाल्नुहोस् र वास्तविक वस्तुस्थिति आफैं नै हेर्नोस् न।"

त्यसपछि उनीहरू पूजारीको साथमा चरमा पुगे। उसको घर के भन्नु एउटा विशाल (ठूलो) महल नै थियो, जसमा प्रशस्त यात्रीहरू विश्राम राखिए। घरको अगाडि भागको ठीक बीच भागमा टाँगिएको बाबाको एउटा ठूलो तस्वीर देखेर उनी अति प्रसन्न भए। उनको हरदय भरिएर आयो। उनीलाई बाबाको "म काशी र प्रयागबाट निस्केपछि शामाभन्दा अगाडि नै पुग्नेछु" भनी भनिएका शब्दहरूको संभझना आयों। अनि त शामा का आँखाबाट आँसुका धारा बग्न लागे र उनको शरीरमा रोमांच भएर आयो। घाँटी रोकियो र रूँदारूँदे उनलाई घुँक्क-घुँक्क हुन लाग्यो।

शामाको यस्तो अवस्था देखेर पूजारीले यो व्यक्ति प्लेगको खबरले डरले थर्कमान भएर रोइराखेको छ भन्ने सोच्यो। तर शामाले उसको कप्नाको विपरीत (उल्टो) नै "बाबाको यो तस्वीर तपाईले कहाँबाट पाउनु भयो" भनेर प्रश्न गरे। उसले जबाफ दियो "मेरा दुई तीन

सय दलाल मनमाड र पुणताम्बे क्षेत्रमा काम गर्छन् र त्यो क्षेत्रबाट गया आउने यात्रीहरूको सुविधाको विशेष ध्यान राख्दछन्। त्यहाँ शिरडी साई महाराजको कीर्ति मैले सुन्न पुग। लगभग बाह्र वर्ष भयो, मैले आफै नै शिरडी गएर बाबाको श्री दर्शनको लाभ उठाएथें। उहीं शामाको घरमा टाँगिएको वहाँको तस्वीरले म आकर्षित भएथें। श्रमि त बाबाको आज्ञासे जो तस्वीर मलाई शामाले उपहार दिऐ थे, त्यही तस्वीर हो यो''।

शामालाई पहिलेको संझना ताजा भयो। साधे जब गयाको पूजारीलाई आज म कहाँ अतिथि बनेर चरने यी उनै शामा हुनफ जसले मलाई तस्वीर दिएर अनुगृहीत गरेका थिए भन्ने कुराको जानकारी भयो अनि त उसलाई आनन्दको सीमा नै भएन। दबैजना बड़ी प्रेमपूर्वक मिलेर हर्षित भए। त्यसपछि पूजारीले शामालाई बादशाही ढंगले भव्य स्वागत गऱ्यो। ऊ एक धनाढ्य 'व्यक्ति धियो। आफृ घुमायो र हर प्रकारले उनको सुख सुविधाना ध्यान दियो।

यो कथाले बाबाको, वचन सत्य निक्लेको कुरालाई सिद्ध गऱ्यो। वहाँको आफनो भक्तहरू उपर कत्ति स्नेह थियो भन्ने कुरा त छोड़ौं। वहाँ त सबैं प्राणीयाधि समानरूपले प्रेम गर्नु हुन्ध्यो र सबैलाई आपनै स्वरूप संझनु हन्ध्यो यो कुरा तस दिइएको कथाबाट पनि जानकारी हुन जानेछ।

दुई बोकाः-

एक घटक बाबा लेंडी बागबाट फर्किरहनु भएको बखतमा वहाँले बोकाको एक बथान आउन लागेको दुख्नु भयो। तिनमध्ये दुईटा बोकाले वहाँलाई आफूतिर आकर्षित गरे। बाबाले गएर तिनको शरीर आपनो हातले थप्थपाउनु भयो र तिनलाई 32 रूपियाँमा किन्तु भयो। बाबाको यो विचित्र व्यवहार देखेर भक्तहरूलाई आश्चर्य लाग्यो। बाबा यो खरिदी व्यापारमा ठगिनु भयो भन्ने उनीहरूले सोचे। किनभनै एउटा बोकाको मोल त्यस समयमा तीन वाचार रूपियोंचन्दा बढ़ी थिएन। त्यसैले ही दुई बोका बढ़ीमन्दा बढ़ी आठ रूपियाँमा पाइन सकिन्थे।

उनीहरूले बाबालाई घोचपेच गर्न लागे, तर बाबा शान्त भएर बसिरहनु भयो। जब शामा र तात्याले बोका किन्नाको कारण सोधे अनि वहाँले जवाक दिनभयो “मेरो न कुनै घर छ, न पत्नी नै छ जसको लागि मैले पैसा जम्मा गरेर छ।”

त्यसपछि वहाँले चार शेर दाल बजारबाट मगाएर तिनलाई खुबाउनु भयो। तिनीहरूलाई ख्वाई–पियाई सकेपछि वहाँले फेरि तिनकैं धनीलाई ती बोका फर्काइदिनु भयो। त्यसपछि नै ती बोकाको पूर्व जन्मको कथा यस्तो प्रकारले सुनाउनु भयोः–

शामा र तात्या। तिमीहरू यो खरिदी व्यापारमा म ठगिएँ भन्ने सोचदछौ। तर यसो होइन। यिनको कथा सुन। पूर्व जन्ममा यी दुवै मानिस थिए र सौभाग्यले मेरा नजिक सपर्कमा थिए । म नेर नै बस्दथे। यी दुवै सहोदर भाइ थिए र पहिले यिनीहरूको परस्परमा ज्यादै प्रेम थियो। तर पछि एउटा अर्काको कट्टर शत्रु बन्न गए। जेठो दाजु अच्छी थियो। तर सानो भाई भाने ज्यादै परिश्रमी थियो। उसले प्रशस्त धन कमाएको थियो। त्यसले गर्दा दाजुले भाइको डाह गर्ने गर्थ्यो। यसै कारण उसले भाइको हत्या गरेर उसको धन हडप्न खोज्यो। आफ्नो आत्मीय सम्बन्ध भुलेर अब उनीहरू एउटा अर्कोसंग नराम्रो संग झगडा गर्न लागे। दाजुले अनेक कोसिस गऱ्यो तर भाइको हत्यामा असफल रह्यो। अनि त तिनीहरू एउटा अर्काको प्राण लिने नै शत्रु बन्न गए। एक दिन दाजुले भाइको शिरमा लठ्ठीले प्रहार गऱ्यो त्यसको बदलामा भाइले दाजुको शिरमा बच्चरो चलायो। परिणामस्वरूप वहीं दुबैको मृत्यु हुन गयो। अनि त आ–आफ्नो कर्मको अनुसार यी दुबै बोकाको पोनिमा पुगे। जसै तिनीहरू मेरो नजिकैबाट गए अनि मलाई तिनीहरूको पहिलेको इतिहासको संझना भएर आयो र मलाई दया लाग्यो। यसैले मैले तिनीहरूलाई केही ख्वाउने पियाउने र सुख दिने विचार गरे। यही कारणले होकि मैले यिनको लागि पैसा खर्च गरें जो तिमीहरूलाई महंगा जस्तो लाग्यो। तिमीहरूलाई यो लेनदेन ठीक लागेन। यसैले मैले ती बोका व्यापारीलाई नै फर्काक दिएको हूँ। सँच्चिनै बोका जस्तै सामान्य प्राणीहरूको पनि बाबालाई ज्यादै प्रेम थियो।

श्री सद्‌गुरू साईनाथमा अर्पण होस्।  मंगल होओस्।

## अध्याय 47



पुनर्जन्म :-
वीरभद्रप्पा र चेनसाप्पा
(सर्प र भ्यागुता) को कथा

गएको अध्यायमा बाबाले भन्नु भएको दुई बोकाको पूर्व जन्मको कथा थियो। यो अध्यायमा केही अरू पनि पूर्व जन्मको संझनाको वर्णन गरिएको छ। प्रस्तुत कथा वीरभद्रप्पा र चेनबसाप्पाको सम्बन्धमा छ।

प्रस्तावना:-
हे! त्रिगुणातीत (सत्व, रज, तम तीनै गुणभन्दा परका) ज्ञानावतार (ज्ञानकै अवतार) श्री साई हजूरको मूर्ति कस्तो भव्य (रोबदार) र सुन्दर छ। हे अन्तर्यामिन् (हृदय भित्रको कुरा जान्ने) हजूरको श्री मुखको आभा (कान्ति) धन्य छ। त्यसलाई एकैछिन मात्रै हेर्नाले पनि पूर्व जन्मका सम्पूर्ण दुःखहरूको नाश भएर सुखको ढोका खुल्न जान्छ। तर हे मेरा प्यारा श्री साई ! हजूरले सदैव अरूको असल मात्र गर्ने स्वभावबाट नै केही कृपा दृष्टि गरिदिनु भयो भन त्यतिबेला यो ढोका खुल्ने केही आशा हुन सक्दछ। हजूरको नजर मात्रले नै हाम्रो कर्म बन्धन छिन्न-भिन्न हुन जान्छन् र हामीलाई आनन्दको प्राप्ति हुन जान्छ। गंगामा नुहाउनाले सम्पूर्ण पाप नष्ट हुन जान्छ।

तर गंगामाई पनि वहाँहरू कहिले आउनु हुन्छ र मलाई आफ्नो चरणको धूलोले पवित्र गरिदिनु हुन्छ भनी संतहरूको आगमनको बाटो सदैव उत्सुकतापर्वूक हेर्ने गर्दछिन्। श्री साई त सन्त चूडामणि (संतहरू मध्येका पनि सर्वश्रेष्ठ) हुनुहुन्छ। अब वहाँबाट नै हश्दय नै पवित्र पारिदिने यो कथा सुन्नुहोस्।

सर्प र भ्यागुता :-

श्री साईबाबाले भन्नु भयो एक दिन बिहानीपख आठ बजे जलपान पछि म घुम्न निक्ले। जाँदा-जाँदै म एउटा सानो नदीको किनारामा पुगें। म निकै नै थाकिसकेको थिएँ। यसकारण त्यहाँ बसेर केही विश्राम गर्न लागें। केही बेरपछि नै मैले हात गोडा धोएर नुहाएँ। अनि मात्र मेरो थकाबट हट्यो र मलाई प्रसन्नताको अनुभव हुन लाग्यो। त्यो ठाउँबाट एउटा मान्छे हिंड्ने सानो बाटो र बयलगाड जाने बाटो थियो, जसको दुवैतिर बाक्लो रूपमा रूख थिए। मलय पवन (मलय पर्वतबाट आएको हावा) मन्द-मन्द बहिरहेको थियो। म कक्कड भर्न लाग्दा-लाग्दै मेरो कानमा एउटा भ्यागुतोको नराम्रोसँग कराएको आवाज पर्‍यो। म चकमक सल्काउँदै थिएँ। त्यत्तिकैमा एउटा यात्री त्यहाँ आयो र मेरो नजिकै बसी मलाई ढोगेर आफ्नो घरमा गएर भोजन तथा विश्राम गर्ने आग्रह गर्न लाग्यो। उसले कक्कड सल्कायो र खानको लागि मतिर बढायो। भ्यागुतो कराएको आवाज सुनेर ऊ त्यसको रहस्य जान्नको लागि उत्सुक भयो। मैले उसलाई बताएँ "आफ्ना पूर्व जन्मका कर्महरूको फल भोगिरहेको एउटा भ्यागुतो कष्टमा परेको छ। पूर्वजन्मका कर्महरूको फल यो जन्ममा भोग्नु पर्दछ। यसैले अब उसले चिच्याउनु व्यर्थ छ।" एक कश लिएर उसले चिलिम मतिर बढायो। अलिकति हेरौं त, आखिर कुरो केहो भनेर ऊ त्यतातिर जान लाग्यो। फेरि मैले उसलाई बताएँ "एउटा बडेमानको साँपले एउटा भ्यागुतोलाई मुखमा दबाएको छ, त्यसैले त्यो चिच्याइरहेको छ। पूर्व जन्ममा दुबै बडा दुष्ट थिए र अब यो शरीरमा आफ्ना कर्मका फल भोगिरहेछन्।" आगन्तुकले घटना स्थलमा गएर साँच्चिनै एउटा बडेमानको सर्पले एउटा बडेमान भ्यागुतोलाई आफ्नो मुखमा दबाइराखेको देख्यो।

फर्केर यसले मलाई लगभग घडी दुई घडीमा साँपले भ्यागुतोलाई निल्नेछ भनी बतायो। मैले भनें- "अहँ, यो कहिल्यै हुन सक्तैन। म उसको संरक्षक पिता हुँ र यसबेला म यहाँ उपस्थित छु। अनि सर्पको भ्यागुतोलाई निल्ने के तागत। के म यहाँ त्यसै बसेको छु र ? हेरन, म अहिले नै उसलाई कसरी रक्षा गर्छु। दोश्रो पटक कक्कड खाएपछि हामीहरू त्यो ठाउँमा गयौं। आगन्तुक (पछि आएको मान्छे) डराउन लाग्यो र कहीं सर्पले मलाई आक्रमण

नगरिदिओस् भनेर मलाई अघि जानबाट रोक्यो। म उसको कुरालाई अनास्था गरेर अगाडि बढें र दुवैलाई भन्न लागें–"अरे वीरभद्रप्पा ! के तेरो शत्रुलाई प्रशस्त फल मिलेको छैन र? उसलाई भ्यागुताको र तँलाई सर्पको योनि प्राप्त भएकै त छ नि ? अरे। अब त आफ्ना वैमनस्य छोड। यो ज्यादै नै लाजलाग्दो कुरा हो। अब त यो ईर्ष्या (डाहा) लाई छोडेर शान्तिसँग बस। यी शब्दलाई सुनेर सर्पले भ्यागुतालाई छोडिदियो र तुरून्तै नदीमा लोप भयो (हरायो)। भ्यागुतो पनि दौडेर भाग्यो र झाडीमा गएर लुक्यो।

त्यो यात्रीलाई बडो अचम्म लाग्यो। बाबाका शब्द सुनेर साँपले भ्यागुतालाई किन छोडिदियो र वीरभद्रप्पा र चेनबसाप्पा को थिए तथा उनीहरूको वैमनस्यको कारण के थियो? भन्ने कुरा यसले बुझन सकेन। यस्तो किसिमको विचार उसको मनमा उठि नै रह्यो। म ऊ सँगै त्यही रूखको तल फर्केर आएँ र कक्कड खाएपछि उसलाई यसको रहस्य सुनाउन लागें:-

मेरो निवासस्थान (बस्ने ठाउँ) बाट लगभग चार पाँच मिल टाढा पवित्र ठाउँ थियो। त्यहाँ एउटा महादेवको मन्दिर थियो। मन्दिर अत्यन्त जीर्ण–शीर्ण स्थितिमा (पुरानो भएर ढल्ले स्थितिमा) थियो। त्यसैले त्यहाँका बासिन्दाले त्यसको जीर्णोद्वार गर्नको लागि केही चन्दा जम्मा गरे। प्रशस्त धन जम्मा भयो र त्यहाँ नित्य पूजाको व्यवस्था गरी मन्दिर बनाउने योजनाहरू तैयार गरियो। एउटा धनाढ्य व्यक्तिलाई कोषाध्यक्ष बनाएर उसैलाई सम्पूर्ण काम हेर्ने देख्ने जिम्मेवारी सौंपिदिइयो। उसको काम खर्च आदिको यथोचित विवरण राखेर इमान्दारीसँग सबै काम गर्नु थियो। तर त्यो सेठ त एउटा महा कंजूस थियो। उसले मरम्मतमा ज्यादै नै थोरै मात्रामा खर्च गऱ्यो। यसैकारण मन्दिरको जीर्णोद्वार पनि त्यसैको अनुपातमा भयो। उसले सबै रकम खर्च गरिदियो। त्यसैको केही भाग आफैंले हडप गऱ्यो र आफ्नो गाँठबाट एक दाम पनि खर्च गरेन। त्यसको बोली बडो रसिलो थियो। यसैले उसले मानिसहरूलाई कुनै किसिमले संझायो बुझायो र काम पहिलेको झैं नै अधूरै रहन गयो।

मानिसहरू फेरि जम्मा भएर उसकहाँ गएर भन्न लागे-सेठ साहेब ! काम चाँडै नै पूरा गर्नोस्। तपाईले प्रयास नगारिकन यो काम पूरा हुने संभव कदापि छैन यसकारण तपाईले फेरि योजना बनाउनु होस्। हामी अरू पनि चन्दा उठाएर तपाईलाई दिन्छौं। यति भनी मानिसहरूहले फेरि चन्दा जम्मा गरेर सेठलाई दिए। उसले रूपियाँ त लियो तर, पहिलेको झैं नै केही काम नगरेर नै बसिरह्यो।

केही दिनपछि उसकी पत्नीलाई भगवान् शंकरले सपना दिनु भयो। सपनामा वहाँले भन्नु भयो- "उठ ! मन्दिरमा गजूर चढाऊ। जे जति तिमीले यो काममा खर्च गरौली, म त्यसको सय गुना बढी तिमीलाई दिउँला। उनले यो सपना पतिलाई सुनाइदिइन्। यो काम त धेरै रूपियाँ खर्च गराउने खाले छ भनी सेठ डरले थर्कमान भएर सोच्न लाग्यो। त्यसैले उसले यो कुरालाई आखिर त्यो त सपना नै हो। यसमा पनि कहीं कसैले विश्वास गर्न सक्दछ र? यदि यसै भएको भए महादेव मेरो अगाडि नै प्रकट भएर यो कुरा मलाई भन्नु हुन्न थियो र ? के म तिमीभन्दा ज्यादै टाढा थिएँ र? यो सपना मंगल गर्ने खाले होइन, यो त पतिपत्नीको सम्बन्ध बिगार्ने खाले हो। यसैले तिमी बिलकुल शान्त भएर बस। दिनेहरूको इच्छा विरूद्ध जम्मा गरिएको यस्तो धनको भगवानलाई कहाँ दरकार हुन्छ र ? वहाँ त सदैव प्रेमको भोको हुनुहुन्छ। त्यसैले प्रेम र भक्तिपूर्वक दिइएको एउटा नगण्य ताँवाको सिक्का पनि सहर्ष स्वीकार गरी लिनुहुन्छ इत्यादि कुरा गरेर खास कुरा टारिदियो।

तर महादेवले फेरि पनि सेठानीलाई सपनामा भन्नु भयो- "तिमी आफ्नो पतिका व्यर्थका कुरामा र ऊसँग जम्मा भएर रहेको धनतिर ध्यान नदेऊ र त्यस्तै ऊसँग मन्दिर बनाउनाको लागि पनि आग्रह नै नगर। म त  तिम्रो प्रेम र भक्तिको नै भोको छु। जे जति तिमीलाई खर्च गर्ने इच्छा छ त्यो आफूसँग भएको बाटै गर।

यस पछि उनले आफ्नो पतिसँग छलफल गरेर आफ्ना बाबुबाट पाएका गहनाहरू बेच्ने निश्चय गरिन्। अनि त कंजूस सेठ अशान्त हुन लाग्यो। यसपटक उसले भगवान्लाई पनि धोका दिने विचार गर्‍यो। उसले कौडीकै मोलमा केवल एक हजार रूपियाँमा नै आफ्नी पत्नीका सम्पूर्ण गहना आफैंले किन्यो र एउटा बाँझो जमीनको भाग मन्दिरको

निमित्त लगाइदियो। त्यसलाई पत्नीले पनि चूपचाप स्वीकार गरेर लिइन्। सेठ्ले दिएको जमीन पनि उसको आफ्नै थिएन। यो त "दुवकी नाम गरेकी एउटी गरीब स्वास्नी मानिसले उसकहाँ एक सय रूपियाँमा बन्धक राखिएको जमीन थियो। धेरै समयसम्म दुवकीले ऋण चुकाएर त्यो फिर्ता लिन सकेकी थिइन, यसैले त्यो धूर्त कंजूसले आफ्नी पत्नी, दुबकी र भगवान्लाई पनि धोका दिया। जमीन ढुंग्यान भएको कारणले त्यसमा राम्रो मौसममा पनि केही फसल हुँदैनथ्यो। जेहोस् यस प्रकार यो लेनदेन समाप्त भयो। जमीन त्यो मन्दिरको पूजारीलाई दिइयो। ऊ त्यो पाएर ज्यादै खुशी भयो।

केही समयपछि एउटा विचित्र घटना घट्यो। एक दिन ज्यादै जोरसँग आँधी-बेहेरी आयो र अतिवृष्टि भयो। त्यो कंजूसको घरमा बिजुली गिन्यो अर्थात् वज्रपात भयो र त्यसको फलस्वरूपः पति पत्नी दुबैको मृत्यु भयो। दुवकीले पनि अन्तिम सास छोडी अर्थात् मरी। अर्को जन्ममा त्यो कंजूस मथुराको एउटा ब्राह्मणको कुलमा जन्मन पुग्यो र उसको नाम वीरभद्रप्पा राखियो। उसकी धर्म पत्नी पहिलेकै शिव मन्दिरकी पूजारीको घरमा छोरी भएर जन्मी। उसको नाम "गौरी" राखियो। "दुवकी" पुरूष बनेर मन्दिरको गुरव अर्थात् सेवक वंशमा पैदा भई। उसको नाम चेनबसाप्पा राखियो। पूजारी मेरा मित्र थिए र धेरैजसो मकहाँ आउने-जाने गर्थे। उनकी छोरी गौरी पनि मेरी भक्त थिई।

गौरी दिनदिनै युवती हुँदै गइरहिथी। त्यसले गर्दा उसको पिता पनि उसको हात पहेंलो गराउने अर्थात् विवाह गर्ने चिन्तामा डुबि रहन्थ्यो। मैले उसलाई चिन्ता गर्नुपर्ने आवश्यकता छैन वर स्वयं तिम्रो घरमा कन्याको खोजमा आउनेछ भनें। केही दिनपछि नै उसकै जातको वीरभद्रप्पा नामको युवक भिक्षा माग्दै-माग्दै उसको घरमा पुग्यो। मेरो रायले गौरीको विवाह उसको साथमा सम्पन्न भयो। पहिले त ऊ मेरो भक्त थियो। तर अब भने कृतघ्न बन्न गयो। यो नयाँ जन्ममा पनि उसको धनको तृष्णा हटने। यस समयमा उसले विवाहित जीवन बिताइरहेकोल मसँग केही उद्योग-धन्धाको सुझाव दिन भन्यो।
त्यसैबेला एउटा विचित्र घट्ना घट्यो। अचानक नै हरएक चीजको भाउ महंगो हुँदै गयो। गौरीको भाग्यले जमीनको माग ज्यादा हुन लाग्यो र सम्पूर्ण जमीन एक लाख मूल्यमा

अर्थात् गहनाको मोलभन्दा एक सय गुना बढी मूल्यमा बिक्न गयो। पचास हजार रूपियाँ नगर पहिले नै र दुई हजार रूपियाँ प्रतिवर्ष किश्तामा चुक्ता गरिदिने गरी निर्णय भयो। सबैलाई यो लेनदेन स्वीकार भएको थियो तर धनमा हिस्साको कारण उनीहरूको परस्परमा झगडा हुन लाग्यो। उनीहरू सल्लाह लिन मकहाँ आए। मैले भने जमीन त भगवान् को हो जो पूजारीलाई सौंपिएको थियो। त्यसैले यसको स्वामिनी अर्थात् धनी गौरी नै हो। त्यसैले उसको इच्छा खर्च गर्नु हुँदैन। उसको पतिको यसमा कुनै अधिकार छैन।

मेरो निर्णय सुनेर वीरभद्रप्पा मसँग रिसाएर "तिमी गौरीलाई फुस्ल्याएर उसको धन हडप्न चाहन्छौ" भनी भन्न लाग्यो। यी शब्द सुनेपछि भगवान्को नाम लिएर चूप लागें। वीरभद्रले आफ्नी पत्नीलाई पिट्यो पनि। गौरीले मध्याह्नको समयमा आएर मसँग भनी– "हजूरले मेरो पतिले भनेको कुराले नराम्रो नमान्नु होला। म त हजूरकी छोरी हुँ। ममाथि कृपा दृष्टि नै राख्नुहोस्"। ऊ यस्तो किसिमले मेरो शरणमा आएकाले मैले उसलाई "म सात समुद्रपार गरेर पनि तिम्रो रक्षा गर्नेछु" भन्ने वचन दिएँ।

अनि त्यसै रातमा गौरीलाई एउटा दिव्य सपना भयो। महादेवले आएर गौरीलाई भननुभयो–"यो सबै सम्पत्ति तिम्रो नै हो। यसबाट कसैलाई केही नदेऊ। चेनबसाप्पाको सल्लाहबाट केही रकम मन्दिरको लागि खर्च गर"।

यदि अरू कुनै काममा खर्च गर्ने तिमीलाई इच्छा लाग्यो भने मसजिदमा गएर बाबा (स्वयं म) सँग सल्लाह गर"। गौरीले आफ्नो दिव्य सपना मलाई सुनाइन् र मैले यस विषयमा उनीलाई उचित सल्लाह पनि दिएँ। मैले उनीलाई भनें "मूल धन चाहीं तिमी आफैंले लेऊ र ब्याजको आधा रकम चेनबसाप्पालाई देऊ। वीरभद्रको यसमा कुनै सम्बन्ध छैन"।

म यो कुरा गरिरहेकै बखतमा वीरभद्र र चेनबसाप्पा दुबै वहाँ झगाडिंदै आए। मैले दुबैलाई शान्त गराउने प्रयत्न गरें र साथै गौरीलाई मादेवले दिनु भएको सपना पनि सुनाएँ।

वीरभद्रप्पा रिसले चूर भयो र चेनबसाप्पालाई टुत्रा-टुत्रा पारेर मार्ने धम्की दिन लाग्यो। चेनबसाप्पा ज्यादै डरपोक थियो। मेरो खुट्टा समातेर रक्षाको लागि प्रार्थना गर्न लाग्यो। अनि मैले शत्रुबाट उसलाई छुटकारा गराइदिएँ।

केही समयपछि दुबैजनाको मृत्यु भयो। वीरभद्रप्पा सर्प बन्यो र चेनबसाप्पा भ्यागुतो। चेनबसाप्पाकी पुकार सुनेर तथा आफ्नो पैलो वचनको संझना गरी म यहाँ आएँ र यस्तो किसिमले उसलाई रक्षा गरी मैले आफ्नो वचन पूरा गरें। संकटको समयमा भगवान् दौडेर आफ्नो भक्तकहाँ जानुहुन्छ। वहाँले (भगवान्ले) मलाई यहाँ पठाएर चेनबसाप्पाको रक्षा गराउनु भयो। यो सबै ईश्वरको लीला नै हो।

यो कथाको यही शिक्षा हो कि भोग पूरा नभइन्जेलसम्म जसले जस्तो रोपको छ, त्यस्तै काटिरहन्छ। पछिल्लो जन्मको ऋण र त्यस्तै अरू मानिसहरूसँग गारिएको लेन-देनको व्यवहार जबसम्म पूरा हुँदैन त्यहाँसम्म छुट्कारा नै संभव हुँदैनं धनको तृष्णाले मानिसलाई पतन गरिदिन्छ र अन्तमा यसैबाट नै उसको विनाश हुन जान्छ।

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस्।

मङ्गल होओस्

## अध्याय 48



### भक्तहरूको संकट निवारणः-

### (1) शेवडे र (2) सपटणेकरका कथाहरू।

अध्याय प्रारम्भ गर्नुभन्दा पहिले कसैले हेमाड पन्तसँग साईबाबा गुरूमात्र हुनुहुन्थ्यो कि सद्‌गुरू? भन्ने प्रश्न गर्‍यो। यसको उत्तरमा हेमाड पन्त सद्‌गुरूका लक्षमणहरूको तल लेखिएका रूपमा वर्णन गर्दछन्।

सद्‌गुरूका लक्षणहरूः-
जो वेद र वेदान्त तथा अरू छ ओटै शास्त्रका शिक्षा प्रदान गरेर ब्रह्म विषयक मीठो व्याख्यान दिनमा पारंगत छ, त्यस्तै आफ्नो श्वासोच्छ्‌वास क्रियाहरू उपर नियन्त्रण गरेर सजिलैसँग मुद्रा (ध्यान मुद्रा) लगाई आफ्ना शिष्यहरूलाई मन्त्रको उपदेश दिई निश्चित अवधिमा यथोचित संख्याको जप गर्ने आदेश दिन्छ र केवल आफ्नो बोलीको चातुरीले उनीहरूलाई (शिष्यहरूलाई) जीवनको अन्तिम ध्येयलाई बताइ त दिन्छ, तर जसलाई स्वयं आत्मसाक्षात्कार भएको छैन, त्यो सद्‌गुरू होइन।

जो आफ्ना आचरणहरूद्वारा यो लोकको र परलोकका सुखहरूबट विरक्तिको भावनाको सश्जना गरेर हामीलाई आत्मानुभूतिको रसास्वादन गराइदिन्छ तथा जो आफ्ना शिष्यहरूलाई क्रियात्मक र प्रत्यक्ष ज्ञान (आत्मानुभूति) गराइदिन्छ, त्यसैलाई "सद्‌गुरू" भन्दछन्। जो स्वयं नै आत्मसाक्षात्कारबाट ठगिएका छन् तिनीहरूले आफ्ना पछि लाग्नेहरूलाई' कसरी अनुभूति गराउन सक्दछन् र। सद्‌गुरू सपनामा पनि आफ्ना शिष्यबाट कुनै लाभ (फाइदा), सेवा-सुश्रूषाको लालसा गर्दैनन्, किन्तु स्वयं उसको सेवा गर्न नै उद्यत रहन्छन् उनीहरूलाई

कहिल्यै पनि म कुनै महान् व्यक्ति हुँ र मेरा शिष्यहरू मभन्दा तुच्छ हुन् भन्ने परेको हुँदैन। बस उनीहरूलाई आफू जस्तै या ब्रह्मस्वरूप सम्झिने गर्छन्। सद्गुरूको मुख्य विशेषता यही हो कि उनीहरूका हृदयमा सदैव परम शान्ति रहिरहेको हुन्छ। उनीहरू कहिल्यै अस्थित या अशान्त हुँदैनन् र उनीहरूलाई आफ्नो ज्ञानको लेशमात्र पनि गर्व (घमण्ड) हुँदैन। उनीहरूको लागि राजा-रंक (गरीब), स्वर्ग-अपवर्ग (मोक्ष) सबै एकै समान हुन्छन्।

हेमाड पन्त भन्दछन् कि मलाई बितेका जन्मका शुभ संस्कारहरूका परिणामस्वरूप श्री साईबाबा जस्तो सद्गुरूका चरणको प्राप्ति तथा वहाँको कृपापात्र बन्ने सौभाग्य प्राप्त भयो। वहाँ आफ्नो योवनकालमा (जवानी समयमा) चिलिमभन्दा बाहेक केही संग्रह गर्ने गर्नुहुन्नथ्यो। न वहाँका बालबच्चा थिए, न मित्र नै। न घरबार थियो न वहाँलाई कुनै प्रकारको आश्रय (आधार) नै प्राप्त थियो। उठार वर्षको अवस्थादेखि नै वहाँको मनोनिग्रह (मनलाई वश गर्ने काम) बडा विलक्षण (जान्नै नसक्ने किसिमको) थियो। वहाँ डरै नमानिकन निर्जन (मान्छे नभएको) ठाउँहरूमा घुम्नु हुन्थ्यो र अनि सधैं नै आत्मलीन (आफ्नै आत्मामालीन) रहनुहुन्थ्यो। वहाँ सदैव भक्तहरूको निःस्वार्थ भक्ति देखेर नै उनीहरूको इच्छानुसार आचरण गर्ने गर्नुहुन्थ्यो। वहाँको "म सधैंभर भक्तहरूकै पराधीन भएर रहन्छु" भन्ने भनाए थियो। जुनबेला वहाँ मनुष्य शरीरमा हुनुहुन्थ्यो र त्यसबेला भक्तहरूल जो अनुभव गरे, आज वहाँ समाधिस्थ हुनु भएपछि पनि वहाँको शरणागत भएकाहरूलाई त्यस्तै नै अनुभव भइरहेकै छन्। भक्तहरूले त केवल यत्ति नै गरे पुग्दछ कि यदि उनीहरूले आफ्नो हृदयलाई भक्ति र विश्वासको दियो बनाएर त्यसमा प्रेमको ज्योति वाले भने ज्ञानत्योति (आत्मसाक्षात्कार) स्वयं प्रकाशित भएर उठ्ने छ। प्रेमको अभावमा सुख्खा ज्ञान व्यर्थ छ। यस्तो ज्ञान कसैको लागि पनि लाभप्रद (फाइदा दिने) हुन सक्तैन। प्रेम भावमा कहिल्यै सन्तोष हुँदैन। यसैले हाम्रो प्रेम असीम र अटुट हुनु पर्छ। प्रेमको कीर्तिको गुणगान कसले गर्न सक्दछ, जसको तुलनामा सम्पूर्ण वस्तुहरू तुच्छ लाग्दछर्न्। प्रेमरहित पठन-पाठन सबै निष्फल हुन्छ। प्रेमाङ्कुर (प्रेमको टुसुरा)को उदय हुनासाथै भक्ति, वैराग्य, शान्ति र कल्याणरूपी सम्पत्ति संजिलैसँग नै प्राप्त हुन जान्छन्। जबसम्म कुनै वस्तुको लागि प्रेम उत्पन्न हुँदैन, त्यसबेलासम्म त्यसलाई प्राप्त गर्ने भावना नै

उत्पन्न हुँदैन। यसैले जहाँ व्याकुलता र प्रेम छ, त्यहाँ भगवान् स्वयं प्रकट भैदिनु हुन्छ। भावमा नै प्रेम अन्तर्निहित (भित्रबसेको) हुन्छ र त्यही नै मोक्षको कारणीभूत (कारणस्वरूप) हुन्छ। यदि कुनै व्यक्तिले कलुषित (नराम्रो) भावले नै पनि कुनै सच्चा सन्तको चरण पक्डियो भने ऊ अवश्य तर्न जाने छ। यो कुरा निश्चित छ। यस्तै नै कथा तल देखाइएको छ।

श्री शेवडेः-

अक्कलकोट (सोलापुर जिल्ला) का श्री सपटणेकर वकालतको अध्ययन गरिरहेका थिए। एकदिन उनको आफ्ना सहपाठी श्री शेवडेसँग भेट भयो। अरू अरू पनि विद्यार्थी त्यहाँ जम्मा भएर सबैले आ-आफ्नो अध्ययन सम्बन्धी योग्यताको आफू-आफूमा परीक्षण गरे। प्रश्नोत्तरबाट सबभन्दा कम अध्ययन श्री शेवडेको छ र उनी परीक्षामा बस्न अयोग्य छन् भन्ने कुराको जानकारी भयो। जब सबै मित्रहरूले मिलेर उनको गिल्ली गरे अनि उनले भने- "मेरो अध्ययन अपूरो नै भए पनि म परीक्षामा अवश्य उत्तीर्ण हुन जानेछु। मेरा साईबाबा नै सबैलाई सफलता दिने हुनुहुन्छ। श्री सपटणेकरलाई यो सुनेर आश्चर्य लाग्यो र उनले श्री शेवडेसँग सोधे, "यी साईबाबा को हुन् जसको गुणगान गरिरहेका छौ"। शेवडेले उत्तर दिए-"वहाँ एउटा फकीर हो। वहाँ शिरडी (अह्मद नगर) को एउटा मसजिदमा बस्ने गर्नुहुन्छ। वहाँ महान् सत्पुरूष हुनुहुन्छ। यस्ता अरू सन्त पनि हुन सक्तछन् तर वहाँ उनीहरूभन्दा उपल्लो खाले हुनुहुन्छ। जबसम्म पूर्वजन्मको शुभ संस्कार संचित (जम्मा भएको) हुँदैन, त्यहाँसम्म वहाँसँग भेट हुन दुर्लभ (मुश्किल) हुन्छ। मेरो त वहाँमाथि पूर्ण श्रद्धा छ। वहाँको श्री मुखबाट निक्लेको वचन कहिल्यै झुटो हुँदैन। वहाँले नै मलाई म अर्को वर्षको परीक्षा अवश्य उत्तीर्ण हुनेछु भनेर विश्वास दिलाउनु भएको छ। मेरो पनि वहाँको कृपाले परीक्षामा अवश्य नै सफलता पाउने छु भन्ने अटल विश्वास छ। श्री सपटणेकरलाई आफ्ना मित्रको यस्तो विश्वास उपर हाँसो लाग्यो र त्यसको साथै श्री साईबाबाको पनि उनले गिल्ली गरे। भविष्यमा जब शेवडे पूरै परीक्षामा उत्तीर्ण हुन गए, अनि भने सपटणेकरलाई यो जाने बडो आश्चर्य भयो।

श्री सपटणेकरः-

श्री सपटणेकर परीक्षामा उत्तीर्ण भएपछि अक्कलकोटमा नै रहन लागे र वहीं उनले आफ्नो वकालत आरम्भ गरे। दशवर्ष पछि 1913 मा उनको एउटै मात्र छोराको घाँटीको बिरामीबाट मश्त्यु हुन गयो। त्यसबाट उनको हश्दय विचलित भएर उठ्यो। मानसिक शान्ति प्राप्त गर्नको लागि उनले पंढरपुर, गाणगापुर र अरू अरू तीर्थ स्थानहरूको पनि यात्रा गरे। तर उनको अशान्ति पहिलेकै जस्तौ नै बनिरह्यो। उनले वेदान्तको पनि श्रवण गरे, तर त्यो पनि व्यर्थ नै हुन गयो। अचानक उनलाई शेवडेका कुराहरू र श्री साईबाबाप्रति उनको (शेवडेका) विश्वासको संझना भएर आये। यसैले मैले पनि शिरडी गएर बाबाको दर्शन गर्नु उचित छ भन्ने विचार उनले (सपटणेकारले) गरे।

उनी आफ्ना कान्छा भाइ पंडित रावको साथमा शिरडी आए। बाबाको दर्शन गरेर उनीलाई बडो प्रसन्नता भयो। जब उनले नजिकै गएर ढोगी शुद्ध भावनाले श्रीफल चढाए अनि बाबा रिसाउन लाग्नु भयो र भन्नु भयो-"यहाँबाट निक्लिएर गइहाल"। सपटणेकरको शिर झुक्यो र उनी केही हटेर पछाडि बस्न गए। उनी अब कस्तो किसिमले वहाँको (बाबाको) अगाडि उपस्थित हुनु पर्ने हो भन्ने यो कुरा जान्न चाहन्थे। कसैले उनीलाई बाला शिम्पीको नामको सुझाउ दियो। सपटेणेकर उनीकहाँ (बाला शिम्पीकहाँ) गए र उनीसँग सहायता गर्ने प्रार्थना गर्न लागे। अनि उनीहरू दुबैजना बाबाको एउटा तस्वीर किनेर मसजिदमा आए। बाला शिम्पीले आफ्नो हातमा तस्वीर लिएर बाबाको हातमा दिएर सोधे, "यो तस्वीर कसको हो?"। बाबाले सपटणेकरतिर संकेत गरेर भन्नुभयो "यो त मेरो यार (साथी) को हो"। यो भनेर वहाँ हाँस्न लाग्नु भयो र त्यसको साथै सबै भक्त मंडली पनि हाँस्न लागे। बाला शिम्पीको ईशारामा जब सपटणेकर वहाँलाई (बाबालाई) ढोग्न गए, अनि त वहाँ फेरि "बाहिर निस्किहाल" भनी कराउन लाग्नु भयो।

सपटणेकरको विचारमा उनले अब के गर्ने होला भन्ने कुरा नै आएन। त्यसैले उनी दुबै हात जोडेर प्रार्थना गर्दै बाबाको अगाडि बसे। तर बाबाले भने उनीलाई तुरून्तै बाहिर निक्लने

आज्ञा दिनुभयो। यसबाट उनीहरू दुबैजना ज्यादै निराश भए। वहाँको आज्ञा कसले टार्न सक्दथ्यो र? आखिर सपटणेकर खिन्न हृदय लिई शिरडीबाट फर्केर गए। उनले मनमनै प्रार्थना गरे "हे साई! म हजूरसँग दयाको भिक्षा माग्दछु। कमसेकम मलाई भविष्यमा कुनै न कुनै बेला हजूरको श्री दर्शनको अनुमति मिल्न जाने छ भन्ने यत्ति मात्र आश्वासन दिनोस्"।

श्रीमती सपटणेकरः-

एक वर्ष बित्यो तर पनि उनको (श्री सपटणेकरको) मनमा शान्ति आएन। उनी गाणगापुर गए, जहाँ उनको मनमा अरू धेरै अशान्ति बढ्न गयो। यसैले उनी विश्रामको लागि माढे गाउँमा पुगेर वहाँबाट काशी जाने निश्चय गरे। प्रस्थान गर्ने दुईदिन पहिले उनकी पत्नीलाई एउटा सपना भयो। सपनामा उनी गाम्रो लिएर लक्कड शाहको कुवामा पानी भर्न गइरहेकी रहिछन्। त्यहाँ नीमको रूखको मुनि एउटा फकीर बसेका रहेछन्। उनको शिरमा एउटा कपडा बाँधिएको छ। फकीर उनीकहाँ आएर भन्न लागे- "मेरी प्यारी बच्ची! तिमी किन व्यर्थ कष्ट उठाइरहेकी छौ। म तिम्रो गाम्रो निर्मल पानीले भरिदिन्छु अनि त फकीरको डरले उनी खालि गाम्रो लिएर नै फर्केर आइन्। फकीर पनि उनको पछि-पछि लागेर लागेर आए। यत्तिकैमा घबराहटमा उनको निद्रा भड्ग भयो र उनले आँखा खोलिन्।

यो सपना उनले आफ्ना पतिलाई सुनाइन्। उनले यसलाई एउटा शुभ शकुन मानेर उनीहरू दुबै शिरडीको लागि रमाना भए। उनीहरू मसजिदमा पुग्दा बाबा वहाँ हुनु हुन्नथ्यो। वहाँ लेण्डीबाग जानु भएको थियो। वहाँ फर्कने प्रतीक्षामा उनीहरू वहीं बसिरहे। जब बाबा फर्कनु भयो अनि त वहाँलाई देखेर श्री सपटणेकरकी पत्नीलाई बडो आश्चर्य लाग्यो। किनभने सपनामा जुन फकीरको दर्शन उनले गरेकी थिइन्। तिनको आकृति बाबासँग हु-बहु मिल्दो-जुल्दो थियो। उनले अति आदरसाथ बाबालाई ढोगिन् र त्यहीं बसी-बसी वहाँलाई निहार्न लागिन्। उनको विनम्र स्वभाव देखेर बाबा अत्यन्त प्रसन्न हुनुभयो। आफ्नो पद्धति अनुसार वहाँ एउटा तेश्रो व्यक्तिलाई आफ्नो अनौठा ढंगले एउटा

कहानी सुनाउन लाग्नु भयो, "मेरा हात, पेट, शरीर तथा कम्मरमा धैरै दिनदेखि दर्द हुने गर्थ्यो। मैले अनेक उपचार गरें, तर मलाई केही फाइदा भएन। मलाई तिनबाट केही फाइदा नभएकाले म औषधिहरूबाट वाक्कै भएँ। तर अब मेरो सम्पूर्ण पीडा एकदम नै गएको देखेर मलाई अचम्म भइ रहेछ"। कसैको नाम लिइएको थिएनता पनि यो चर्चा स्वयं श्रीमती सपटणेकरको नै थियो। उनको पीडा बाबाले अहिले भन्नु भएझैं पूरै र उनी अत्यन्त प्रसन्न भइन्।

सन्तान दानः-

यसपछि श्री सपटणेकर दर्शनको लागि अगाडि बढे, तर उनीलाई पहिलेकै वचनबाट नै स्वागत भयो- "बाहिर निक्लिहाल्" भनेर। यसपटक उनी बहुतै धैर्य र नम्रता धारणा गरेर आएथे। आफ्ना पछिल्ला कर्महरूको कारणले नै बाबा मसँग अप्रसन्न हुनु भएको हो भन्ने कुरा उनले भने। त्यसैले अब आफ्नो चरित्र सुधार्ने निश्चय उनले गरे र बाबासँग एकान्तमा भेट गरेर आफ्ना पछाडिका कर्महरूका लागि क्षमा माग्ने निश्चय गरे। उनले त्यसै नै गरे पनि। अनि अब जसै उनले आफ्नो शिर वहाँका श्रीचरणमा राखे, त्यसबेला बाबाले उनीलाई आशीर्वाद दिनुभयो।

अब सपटणेकर वहाँको चरण मिचेर बसेका मात्र थिए कि त्यसैबेला एउटी गोठाली आई र बाबाको कम्मर मिच्न लागी। अति त्यसपछि बाबाले सधैंको जस्तै। गरी एउटा बनियाँको कहानी सुनाउन लाग्नु भयो। जब वहाँले बनियाँको जीवनका अनेकौं परिवर्तन तथा उसको एउटै मात्र छोराको मऋत्युको विवरण सुनाउनु भयो अनि सपटेणकरलाई बाबाले सुनाइरहनु भएको कथा मेरो आफ्नै त हो नि भन्ने लागेर आश्चर्य लाग्यो। उनलाई मेरो जीवनको प्रत्येक कुराको पत्ता बाबालाई कसरी लाग्यो भन्ने संझेर ज्यादै अचम्म लाग्यो।

अब उनलाई बाबा अन्तर्यामी हुनुहुँदो रहेछ, सबैको हृदयको पूरा पूरा रहस्य जान्नु हुने रहेछ भन्ने कुराको स्पष्ट जानकारी भयो। यो विचार उनको मनमा आएकै अवस्थामा गोठालीसँग

वार्तालाप चालू राख्दै बाबाले सपटणेकरतिर संकेत गर्दै भन्न लाग्नु भयो- "यी भलाद्मी मैले यिनको छोरालाई मारिदिएँ भनेर म माथि दोषारोपण गर्दछन् के म मानिसहरूको बच्चाहरूको प्राण हरण गर्छु ?। फेरि यी महाशय मसजिदमा आएर अब किन रूने कराउने गर्दछन्?। अब म एक काम गर्नेछु। म त्यही बालकलाई फेरि पनि यिनको पत्नीको गर्भमा ल्याइदिने छु"।

यति भनेर बाबाले आफ्नो वरद हात सपटणेरकरको शिरमा राखेर उनलाई सान्त्वना दिँदै भन्नुभयो "यी चरण अधिक पुरातन तथा पवित्र हुन्। जब चिन्ताबाट मुक्त भएर म माथि पूरा विश्वास गरौला त्यसबेला नै तिमीलाई आफ्नो ध्येयको प्राप्ति हुन जानेछ। सपटणेकरको हृदय गद्गद् भयो। अनि आँसुका धाराले वहाँको चरण धोएर उनी आफ्नो बस्ने ठाउँमा फर्केर आए र त्यसपछि पूजाको तैयारी गरी नैवेद्य आदि लिएर उनी पत्नी सहित समजिदमा आए।

उनी यस्तै किसिमले सधैं नैवेद्य चढाएर बाबाबाट प्रसाद ग्रहण गर्दैरहे। मसजिदमा अपार भीड हुँदा पनि उनी वहाँ गएर वहाँलाई बारम्बार ढोग्ने गर्दथे। एउटाको अर्कोसँग शिर ठोकिएको देखेर बाबाले उनलाई भन्नुभयो- "प्रेम तथा श्रद्धाद्वारा गरिएको एकै निमस्कारले नै (ढोगले नै) मलाई पर्याप्त (प्रशस्त) हुन्छ"। त्यसै रातमा उनलाई चावडीको उत्सव देख्ने पनि सौभाग्य प्राप्त भयो र उनलाई बाबाले पाण्डुरंगको रूपमा दर्शन दिनुभयो।

जब उनी भोलिपल्ट वहाँबाट प्रस्थान गर्न लागे, त्यतिबेला उनीलाई यस्तो विचार आयो "पहिले बाबालाई एक रूपियाँ दक्षिणा दिनेछु। यदि वहाँले माग्नु भयो भने अस्वीकार नगरिकन एक रूपियाँ अरू उपहार चढाउने छु। तैपनि यात्राको लागि बाँकी रकमले प्रशस्त हुनेछ।" जब उनी मसजिदमा गए र बाबालाई एक रूपियाँ दक्षिणा दिए, अनि त बाबाले पनि उनको इच्छा जानेर अरू एक रूपैयाँ दक्षिणा उनीसँग माग्नुभयो। जब सपटणेकरले वहाँलाई सहर्ष दिए अनि त बाबाले पनि उनीलाई आशीर्वाद दिएर भन्नुभयो, "यो श्रीफल लिएर जाऊ र यसलाई आफ्नी पत्नीको काखमा राखेर निश्चिन्त भइ घर

जाऊ"। उनले त्यसै गरे र एक पर्षपछि नै उनीलाई एउटा छोरा प्राप्त भयो। आठ महिनाको बच्चा लिएर ती दंपती फेरि शिरडी आए र बाबाका चरणमा बालकलाई राखेर फेरि यस्तो प्रकारले प्रार्थना गर्न लागे- "हे साईनाथ! हजूरको ऋण हामीले कसरी चुकाई सकौंला? हजूरका चरणमा हाम्रो बारम्बार प्रणाम छ। हामी गरीब उपर हजूरले सदैव कृपा गर्दै रहनु होला। किनभने हाम्रो मनमा सुत्दा-उठ्दा हर समय नजाने के के संकल्प-विकल्प उठ्ने गर्दछन् हजूरको भजनमा हाम्रो मन मग्न होओस्, यही आशीर्वाद दिनुहोस्"।

त्यो छोराको नाम "मुरलीधर" राखियो। पछि उनका दुई छोरा (भास्कर र दिनकर) अरू जन्मे। यस प्रकार सपटणेकर दम्पतिलाई बाबाको वचन कहिल्यै पनि असत्य र अपूर्ण निक्लेनण भन्ने अनुभव भयो।

श्रीसद्गुरू साईनाथमा अर्पण होस्।
मङ्गल होओस्।

## अध्याय 49



### परीक्षाः-

### (1) हरिकानोबा (2) सोमदेव स्वामी र (3) नानासाहेब चाँदोरकरका कथाहरू

**प्रस्तावनाः-**

जब वेद र पुराण नै ब्रह्म या सद्‌गुरूको वर्णन गर्न आफ्नो असमर्थता प्रकट गर्दछन् भने म एक अल्पज्ञ (थोरै जान्ने) प्राणी आफ्नो सद्‌गुरू श्री साईबाबाको वर्णन कसरी गर्न सक्दछु र ? मेरो आफ्नो विचारमा त यस विषयमा मौन धारण गर्नु अति उत्तम कुरा हो भन्ने यही नै मत छ। साँच्चि नै सोध्ने हो भने चूप रहनु नै सद्‌गुरूको निर्मल पताकारूपी प्रशस्तिको उत्तम तरीकाले वर्णन गर्नु हो। तर उनमा (सद्‌गुरूमा) जो उत्तम गुणहरू छन्, तिनले हामीहरूलाई चूप लाग्न कहाँ दिन्छन् र ? यदि स्वादिष्ट भोजन बनेको छ र त्यो मित्र तथा सम्बन्धी आदिसँगै बसेर खाइएन भने त्यो नीरस जस्तो लाग्छ। तर जब त्यही भोजन सबै एकैसाथ बसेर खाइन्छ त्यसबेला त्यसमा एउटा विशेष प्रकारको मीठो स्वाद आइदिन्छ। त्यस्तै नै स्थिति साईलीलामृतको सम्बन्धमा पनि छ। एकान्तमा रसास्वादन कहिल्यै पनि हुन सक्तैन। यदि मित्र र आफ्नो परिवारभित्रका मानिसहरू सबै मिलेर यसको रस लिइयो भने बढी आनन्द आउँछ। श्री साईबाबाले आफैं नै भित्री प्रेरणा गरेर आफ्नो इच्छानुसार नै यी कथाहरूलाई मबाट वर्णन गराइरहनु भएको छ। यसैले मेरो त अनन्यभावले वहाँको शरणागत भएर वहाँको ध्यान गर्नु यत्ति नै मात्र कर्तव्य हो। तपसाधन, तीर्थयात्रा, व्रत तथा यज्ञ र दानभन्दा हरि भक्ति श्रेष्ठ हो र सद्‌गुरूको ध्यान यी सबैमा परम श्रेष्ठ हो। यसैले सदैव मुखबाट साईनामको स्मरण गरी वहाँका उपदेशहरूलाई निरन्तर संझेर तथा वहाँको स्वरूपको चिन्तन गरी हृदयमा वहाँप्रति सत्य र प्रेमका भावले सम्पूर्ण चेष्टाहरू वहाँकै निमित्त गर्नुपर्दछ। भव-बन्धन (संसारको बन्धन) बाट मुक्त हुनाको लागि यो भन्दा उत्तम साध अरू कुनै छैन। यदि हामीले उपर्युक्त कर्म गर्दै गयौं भने साईले विवशे

भएर हाम्रो सहायता गरी हामीलाई मुक्ति प्रदान गर्नै पर्नेछ। अब यो अध्यायको कथा सुनौं।

हरि कानोवाः–

बम्बईका हरि कानोवा नामका एउटा महानुभावले आफ्ना कैयौं मित्रहरू तथा सम्बन्धीहरूबाट बाबाको अनेकौ लीलाहरू सुनेका थिए। तर उनी शंका गर्ने प्रकृतिका व्यक्ति हुनाले उनीलाई विश्वास नै हुँदैनथ्यो। अविश्वासले उनको हृदयको तहमा आफ्नो आसन जमाएको थियो। उनी आफूले नै बाबाको परीक्षा नर्गे निश्चय गरी आफ्ना केही मित्रहरू सहित बम्बईबाट शिरडी आए। उनले शिरमा एउटा जरीको पगरी र पाउमा नयाँ सैंडिल लगाइ राखेका थिए। उनले बाबालाई टाढैबाट देख्नासाथ वहाँकहाँ गई ढोग्न त खोजे। तर उनका नयाँ सैंडिल यस काममा बाधक (बाधा पार्ने) अब के गर्ने होला भन्ने कुरा उनको दिमागमा आएन। अनि उनले आफ्ना सैंडिल मंडपको एक सुरक्षित कुनामा राखेर मसजिदमा गई बाबाको दर्शन गरे। उनको ध्यान सैंडिलमाथि नै लागि रह्यो। उनले बडो नम्रतासाथ बाबालाई ढोगेर वहाँबाट प्रसाद र विभूति प्राप्त गरी फर्के। तर जब उनले कुनामा नजर दिए त्यतिबेला उनले सैंडिल त अंतर्धान (बिलाइसकेको) भइसकेको देखे। प्रशस्त छानबीन पनि व्यर्थ भयो र अन्तमा निराश भएन उनी आफ्नो ठाउँमा फर्केर आए।

स्नान, पूजा र नैवेद्य आदि अर्पण गरी उनी भोजन गर्न त बसे, तर यी सब गर्दाको पूरै समयसम्म उनी सैंडिलको चिन्तामा नै डुबिरहे। खाएर हात मुख धोई जसै उनी बाहिर आए उनले एउटा मराठा बालकलाई आफूतिर आउन लागेको देखे। त्यसको हातमा रहेको एउटा दण्डाको कुनामा एउटा नयाँ सैंडिलको जोड झुण्डिरहेको थियो। त्यो बालकले हात धुनको लागि बाहिर आउने मानिसहरूसँग भन्यो, “बाबाले यो दण्डा हातमा दिएर बाटामा घुमी घुमी हरिका बेटा जरीका फेटा भनेर चिच्याउन भन्नु भयो। अनि जो कसैले यो सैंडिल मेरो हो भन्यो भने उसलाई पहिले के उसको नाम “हरि” र उसको पिताको चाहीं “क’

(अर्थात् कानोबा) हो भने सोध्नु भन्नुभयो। साथै उसले जरीदार साफा (पगरी) बाँधेको छ छैन त्यो हेर्नू र रहेछ भने यो त्यसैलाई दिनू भन्नु भएको छ।

बालकका कुरा सुनेर हरि कानोबालाई अत्यन्त आनन्द र आश्चर्य भयो। उनले अगाडि बढेर बालकसँग भने "यो मेरो सैंडिल हो। मेरो नै नाम हरि हों र मन नै "क" (कानोवा) को छोरा हुँ। यो मेरा जरीको साफा पनि हेर"। बालक संतुष्ट भयो। सैंडिल उनैलाई दियो। उनले सोचे–"मेरो जरीदार पगरी त सबैले देखिरहेका थिए। हुन सक्तछ, बाबाको नजर पनि पऱ्यो होला। तर यो मेरो शिरडी यात्राको पहिलो नै मौका हा। अनि बाबालाई मेरो नाम हरि र मेरो पिताको चाहीँ कानोवा हो भन्ने कुरा कसरी थाहा भयो ?

उनी त खालि बाबाले परीक्षाको लागि मात्र त्यहाँ आएका थिए। उनीलाई यस घटनाबाट बाबाको महानता थाहा भयो। त्यसैले उनको इच्छापूर्ण हुन गयो र उनी खुशी हुँदै घर फर्किए।

सोमदेव स्वामीः–

अब बाबाको परीक्षा गर्न आएका अर्का शंकालु व्यक्तिको कथा सुन्नुहोस्। काका साहेब दीक्षितका भाइ श्री भाइ श्री नागपुरमा बस्र्दथे। जब उनी 1906 मा हिमालयतिर गए त्यसबेला गंगोत्री घाँटीको तल हरिद्वारको नगीच उत्तर काशीमा उनको एउटा सोमदेव नामका स्वामीसँग परिचय हुनगयो। दुबैले एक अर्काको ठेगाना लेखेर राखे।

पाँच वर्षपछि सोमदेव स्वामी नागपुरमा आए र भाइजी कहाँ बसे। त्यहाँ श्री साईबाबाको कीर्ति सुनेर उनीलाई बडो प्रसन्नता भयो र साथै शिरडी गई बाबाको दर्शन गर्ने ठूलो उत्सुकता पनि भयो। मनमाड र कोपर गाउँ पुगेपछि उनी एउटा ताँगामा बसेर शिरडीको लागि हिंडे। शिरडीको नगीचै पुगेपछि उनले टाढैबाट नै मसजिदमा दुईटा ध्वजा लहराएका देखे।

सामान्य रूपमा हेर्दा भिन्न भिन्न सन्तहरूको व्यवहार, रहन –सहन र बाहिरी सामग्रीहरू धैरेजसो भिन्नै प्रकारकोहुने गर्छन्। तर खालि यी वस्तुहरूबाट नै सन्तहरूको योग्यता निर्णय गर्न खोज्नु ठूलो भूल हो। सोमदेव स्वाम केही भिन्न प्रकश्तिका थिए। उनले जसै ध्वजहारू लहराएको देखे अनि त बाबा सन्त भए यी ध्वजाना यस्तो चाहना किन राख्दछन्? के यसबाट उनको सन्तपन प्रकट हुन्छ? यी सन्त आफ्नो कीर्तिका इच्छुक (इच्छा गर्ने) जस्तो देखिन्छन् भन्ने सोच्न लागे।

यसैले उनले शिरडी जाने विचार छोडेर आफ्ना साथी यात्रीहरूसँग "म त फर्किन चाहन्छु" भने। उनका कुरा सुनेर उनीहरूले भने "त्यसो भए व्यर्थै यति टाढा किन आउनु भयो त? अहिले केवल ध्वजाहरूलाई देखेर तपाईलाई यस्तो छटपटी हुन लागेको छ भने शिरडीमा रथ, पालकी, घोडा र अरू सामग्रीहरू देख्नु हुँदा तपाईको कस्तो अवस्था होला त?

स्वामीलाई यी कुरा सुन्दा अब झन् अरू बढी घबराहट हुन लाग्यो र उनले भने "मैले थैरै साधु-सन्तहरूको दर्शन गरेको छु। तर यस किसिमले ऐश्वर्यको वस्तुहरूको संग्रह गर्ने सन्त त कोही विरलै हुन्छन्। यस्ता साधु को त दर्शन नगर्नु नै असल हुन्छ"। यस्तो भनेर उनी फर्कन लागे। अरू तीर्थयात्रीहरूले उनको कुराको विरोध गर्दै उनीलाई अगाडि नै जाने सल्लाह दिए र तपाई यस्तो संकुचित मनोभावना छोड्नोस्। मसजिदमा जो साधु छन् उनी यी ध्वजाहरूको, अरू सामग्रीहरूको या आफ्नो कीर्तिको बारे सपनामा पनि सोच विचार गर्दैदनन्। यी सबै त उनका भक्तगणले आफ्नो प्रेम र भक्तिको कारणले नै उनीलाई उपहारस्वरूप दिने गर्दछन् भनी संझाए

अनिमात्र उनी शिरडी गएर बाबाको दर्शन गर्न तैयार भए मसजिदको मंडपमा पुगेपछि त उनी पग्लिएर पानी पानी भए। उनका आँखाबाट आँसुका धारा बग्न लागे र घाँटी भरियो। अब उनको सबै दश्षित विचार हावा हुन गए र उनलाई "मन जहाँ अति प्रसन्न र आकर्षित हुन जान्छ, त्यही ठाउँलाई नै आफ्नो विश्रामधाम संझनू" भन्ने आफ्ना गुरूका शब्दहरूको संझना भएर आयो। उनी बाबाको चरणरजमा लुटपुटिन चाहन्थे। तर जसै उनी वहाँको

नजिक गए अनि बाबा एकदम रिसाएर जोर जारेसँग चिच्याएर भन्न लाग्नुभयो "मेरो सामान मैसँग रहन देऊ, तिमी आफ्नो घर फर्किहाल। सावधान! यदि फेरि कहिल्यै मसजिदको सिंढी चढ्यौ भने? मसजिदमा ध्वजा फर्फराएर राख्ने यस्तो सन्तको दर्शन किन गर्नुपर्‍यो? एकछिन पनि यहाँ नआउ"।

अब उनीलाई "बाबाले आफ्नो मनको कुरा जानि सक्नुभयो र वहाँ कस्तो सर्वज्ञ हुनुहुँदो रहेछ" भन्ने अनुभव भयो। उनलाई आफ्नो योग्यताप्रति हाँसो उठ्न लाग्यो। साथै उनीलाई बाबा कस्तो निर्विकार र पवित्र हुनु हुँदोरहेछ भन्ने पत्ता लाग्यो। वहाँ कसैलाई छातीमा लगाउनु हुन्छ्, कसैलाई हातले छुनुहुन्छ, तथा कसैलाई सान्त्वना दिएर प्रेमको नजरले निहार्नु हुन्छ र कसैलाई विभूतिको प्रसाद दिएर पनि अर्थात् सबै प्रकारले भक्तहरूलाई सुख र सन्तोष पुल्याइरहनु भएको छ। अनि मसँग भने यस्तो रूखो व्यवहार किन भएको होला भन्ने सोचे। धैरै विचार गरेपछि उनी यसको कारण आफ्नों आन्तरिक विचार नै भएकाले यसबाट आफ्नो आचरण सुधार गर्नु पर्ने शिक्षा ग्रहण गर्नुपर्छ, बाबाको क्रोध त आफ्नो निम्ति वरदान स्वरूप नै हो भन्ने निष्कर्शमा पुगे। अब यो कुरा भनिरहनु व्यर्थ छ कि उनी बाबाको शरणमा आए र वहाँको एउटा परमभक्त बन्न गए।

नाना साहेब चाँदोरकर :-

अन्तमा नानासाहेब चाँदारकरको कथा लेखेर हेमाड पन्तले यो अध्याय समाप्त गरेका छन्। एक समय नानासाहेब र म्हालसापति अरू मानिसहरूको साथमा मसजिदमा बसेका बखतमा बीजापुरबाट एउटा भद्र मुसलमान परिवार श्री साईबाबाको दर्शनको लागि आए। कुलवन्तीहरूको लाज रक्षा गर्ने भावना देखेर नाना साहेब त्यहाँबाट निल्कन चाहल्थे, तर बाबाले उनीलाई रोकेर राख्नु भयो। महिलाहरू अगाडि बढे र उनीहरूलाई बाबाको दर्शन गरे तिनै मध्येकी एउटी महिलाले आफ्नो घुंघट हटाए बाबाको चरणमा ढोगिन् र फेरि घुंघट हालिन्। नानासाहेब तिनको सौन्दर्यबाट आकर्षित भएर एकपटक त्यो सौन्दर्यको छटा हेर्न लालायित भए। नानाको मनको वेदना जानेर तिनीहरू गएपछि बाबाले उनीलाई भन्न लाग्नु भयो "नाना! किन व्यर्थमा मोहित भइरहेका होऊ ? इन्द्रियहरूलाई आफ्नो काम

गर्न देऊ। हामीहरूले उनीहरूको काममा वाधा दिने वन्न हुन्न। भगवान्‌ले यो सुन्दर सश्ष्टिको रचना गर्नु भएको छ। यसैले वहाँको सौन्दर्यको सराहना गर्नु हाम्रो कर्तव्य हो। यो मन त क्रमैसँग स्थिर हुन जान्छ। अनि जब अगाडिको ढोका नै खुला छ भने हामीले पछाडिको ढोकाबाट किन पस्नु पर्‍यो? चित्त शुद्ध हुनासाथ फेरि कुनै कष्टको अनुभव हुँदैन। यदि हाम्रो मनमा कुविचार छैन भने हामीले कसैसँग डरले थर्कायमान हुनुपर्ने आवश्यकतै छैन। आँखाहरूलाई आफ्नो काम गर्न देऊ। यसको लागि तिमीले लज्जित र विचलित हुनु पर्दैन"।

त्यसबेला शामा पनि त्यहीँ थिए। आखिर बाबाको भनाइको मतलब के हो भन्ने कुरा उनको समझना आएन। यसैले फर्कदा यस विषयमा उनले नानासँग सोधे। ती परमसुन्दरीको सौन्दर्य देखेर जस्तो किसिमले उनी मोहित भए तथा यो वेदना मानेर बाबाले यो विषयमा जो उपदेश उनलाई दिनुभयो। त्यो सबै वृत्तान्त नानाले शामालाई भनेर उनीलाई यस्तो प्रकारले संझाए- "हाम्रो मन स्वभावले नै चंचल छ। तर होमीले त्यसलाई लम्पट हुन दिनु हुन्न। इन्द्रियहरू चंचलै हुन गए भने पनि हामीले आफ्नो मन उपर पूरा रोक लगाएर त्यसलाई अशान्त हुन दिनु हुन्न। इन्द्रियहरू त आफ्ना विषयवस्तुका लागि सदैव चेष्टा गर्दै नै रहन्छन् तर हामीले तिनको वशमा परेर तिनीहरूको इच्छा लागेका वस्तुहरूको नजिकै जानु हुन्न। प्रयत्न गर्दै रहनाले यो चंचलतालाई क्रमशः नियन्त्रित गर्न सकिन्छ। ती उपर पूरै रोक लगाउन सम्भव नभए पनि हामीहरू तिनीहरूको वशमा पर्नुहुन्त। मौका र परिस्थिति अनुसार हामीहरूले तिनीहरूको उचित गतिको अबरोध (गतिमा रोकाबाट) वास्तविक रूपले नै गर्नुपर्छ। सौन्दर्य त आँखाले हेर्ने विषय हो। यसैले हामीले डर नमानिकन सुन्दर वस्तुहरूलाई हेर्नुपर्छ। यदि हामीमा कुनै प्रकारको कुविचार आएन भने यसमा लाज र डर मान्नुपर्ने आवश्यकता नै के छ र? यदि मनलाई इच्छारहित बनाएर ईश्वरको सौन्दर्यलाई निहार्‍यौ भने इन्द्रियहरू सजिलै र स्वाभाविक रूपले आफ्नो वशमा आउने छन् र विषयको आनन्द लिंदाको समयमा पनि तिमीमा ईश्वरको संझना रहिरहनेछ। यदि मनलाई बाहिरी इन्द्रियहरूको पछि दौडन, तिनमा लिप्त भएर रहन दियौ भने त तिमीलाई जन्म र मृत्युको पाशाबाट कहिल्यै पनि छुटकारा हुने छैनं विषयका वस्तुहरूह इन्द्रियहरूलाई सधैं पथ-भ्रष्ट

(बाटोबाट चुक्ने) गराउने हुन्छन्। यसैले हामीले विवेकलाई सारथी बनाएर मनको लगाम आफ्नो हातमा लिई इन्द्रियरूपी घोडाहरूलाई विषयवस्तुतिर जानबाट रोक्नु पर्दछ। यस्तो विवेकरूपी सारथिले हामीलाई विष्णुपदको प्राप्ति गराइदिनेछ। त्यही नै यथार्थमा परम सत्यधाम हो र जहाँ गएको प्राणी फेरि कहिल्यै यहाँ फर्किँदैन।

श्रीसद् गुरू साईनाथमा अर्पण होस्।
मङगल होओस्।

# अध्याय 50



(1) काकासाहेब दीक्षित,
(2) श्रीटेंबेस्वामी र
(3) बालाराम धुरन्धरका कथाहरू।

मूल चरित्रको अध्याय 39 र 50 लाई मैले एकै ठाउँमा मिलाएर लेखेको छु। किनभने यी दुबै अध्यायहरूको विषय प्रायः एकै जस्तो नै छ। अब सच्चरित्रको अध्याय 51 यहाँ पचासैं अध्यायको रूपमा लेखिँदै छ। यस अध्यायमा

(1) काकासाहेब दीक्षित
(2) श्रीटेंबेस्वामी र
(3) बालाराम धुरन्धरका कथाहरू छन्।

जो भक्तहरूका जीवनका आधार र सद्‌गुरू हुनुहुन्छ त्यो साई महाराजको जय होस्। वहाँ गीता धर्मको उपदेश दिएर हामीहरूलाई शक्ति प्रदान गरिरहनु भएको छ। हे साई। कृपा दृष्टिले हेरेर हामीहरूलाई आशीष दिनुहोस्। जसरी मलयाचलमा हुने चन्दनवृक्षले सम्पूर्ण तापहरूलाई हरण गरेर लिन्छ अथवा जस्तो किसिमले बादलले जल वर्षा गरेर मानिसहरूलाई शीतलता र आनन्द पुऱ्याउँदछ वा जतरी बसन्तमा फुलेका फूलहरू ईश्वरको पूजाको काममा आउँदछन्, त्यस्तै प्रकारले श्री साईबाबाका कथाहरूले पाठकहरू तथा श्रोताहरूलाई धैर्य र सान्वना दिन्छन्। कथा भन्ने र सुन्ने दुर्वथरी धन्य हुन्। किनभने ती कथा भन्नाले मुख र त्यस्तै सुन्नाले कान पवित्र हुन जान्छन्।
यो त सर्वमान्य कुरो छ कि चाहे हामीहरूले सयौं प्रकारका साधना किन नगरौं, जबसम्म सद्‌गुरूको करुपा हुँदैन, त्यहाँसम्म आफ्नो आध्यात्मिक ध्येयको प्राप्ति हुन सक्तैन। यस विषयमा यो तल लेखिएको कथा सुन्नोस्।

काकासाहेब दीक्षित (1864-1926)

श्री हरि सीताराम उपनाम काकासाहेब दीक्षित सन् 1864 मा वडनगरको नागर ब्राह्मण कुलमा खण्डवामा जन्मेका थिए। उनको प्राथमिक शिक्षा खण्डवा र हिंगणाघाटमा भयो। माध्यमिक शिक्षा नागपुरमा उच्च श्रेणीमा प्राप्त गरेपिछ उनले पहिले विल्सन तथा पछि एल् फिष्टन कालेजमा अध्ययन गरे। सन् 1883 मा उनले ग्रेजूएट्को डिग्री लियर कानूनी (L.L.B.) र कानूनी सल्लाहकार (Solicitor) का परीक्षाहरू पास गरेर अनि उनी सरकारी सलिसिटर फर्म मेसर्स लिटिल एण्ड कंपनीमा काम गर्न लागे। यसपछि उनले आफैंले एउटा सलिसिटर फर्म चालू गरिदिए।

सन् 1909 भन्दा पहिले त बाबाको कीर्ति उनको कानसम्म पुगेको थिएन। तर यस पछि उनी चाँडै नै बाबाका परमभक्त बने। उनी लोनाबालामा बसेको बखतमा अचानकसँग उनको भेट आफ्ना पुराना मित्र नानासाहेब चाँदोरकरसंग भयो। दुवैजना यताउताका चर्चामा समय बिताउँदथे। काकासाहेबले उनी लण्डनमा हुँदा रेलगाडीमा चढ्न लागेको बेलामा कसरी उनको पाउ चिप्लियो र कसरी त्यसमा चोट लाग्यो भन्ने कुराका पूरा विवरण नानासाहेबलाई बताए। मैले सयौं उपचार गरें, तर कुनै फाइदा भएन भनेर काका साहेबले अगाडि भने। यो कुरा सुनेपछि नानासाहेबले यदि तिमी यो लंगडोपन र कष्टबाट मुक्त हुन चाहन्छौ भने मेरा सद्‌गुरू श्री साईबाबाको शरणमा जाऊ भनेर उनीलाई भने। उनले बाबाको पूरा ठेगाना बताएर वहाँको भनाइलाई उनले (नानासाहेबले) दोहोऱ्याए। त्यो यो थियो 'जसरी डरोले खुट्टा बाँधिएको एउटा चरा आफूकहाँ तानेर ल्याइन्छ, त्यसरी नै म आफ्नो भक्तलाई समुद्रपारवाट पनि तानेर ल्याउँछु'। उनले (नानासाहेबले) 'यदि तिमि बाबाका आपना मानिस रहेनछौ भने तिमीलाई वहाँप्रति आकर्षण पनि हुने छैन र वहाँको दर्शन पनि प्राप्त हुनेछैन भन्ने कुरा पनि स्पष्ट पारिदिए। काकासाहेबलाई यी कुरा सुनेर बडो प्रसन्नता भयो र उनले भने 'म शिरडी गएर बाबासँग शरीरको लंगडोपनको सट्टा आपनो चंचलमनलाई अपाङ्ग बनाएर परमानन्द प्राप्ति गराइ दिनोस् भन्दछु'।

केहीदिन पछि नै बम्बई विधान सभा (Legisolative Assembly) को चुनावमा मत प्राप्त गर्ने सम्बन्धमा काकासाहेब अहमदनगर गएर सरदार काकासाहेब

मिरीकरकहाँ बसे। कोपर गाउँका तहसीलदार तथा काकासाहेब मिरीकरका सुपुत्र श्री बालासाहेब मिरीकर पनि घोडाको प्रदर्शन हेर्नलाई अहमदनगर आएका थिए। चुनावको काम समाप्त भएपछि काकासाहेब दीक्षित शिरडी जान चाहन्थे। यहाँ घरमा काका साहेबसँग साथमा शिरडी पठाउन कुन चाहीं व्यक्ति उपयुक्त होला भनेर बाबु छोरा विचार गरिराखेका थिए भने अर्कातिर बाबा बेग्लै तरीकाले उनीलाई (काकासाहेब दीक्षितलाई) आफूकहाँ बोलाउने प्रबन्ध गरिरहनु भएथ्यो। शामाकहाँ उनकी सासूको हालत बडो सोचनीय छ र त्यसैले उनीलाई हेर्न उनी (शामा) तुरून्तै अहमदानगर आऊन् भन्ने एउटा तार आयो। बाबाघाट अनुमति प्राप्त गरी शामाले वहाँ गई आफ्नी सासूलाई हेरे। अब उनको स्थिमिता प्रशस्त सुधार भैसकेको थियो।

प्रदर्शनीमा जान लागेको बेला नानासाहेब पानसे तथा अप्पा साहेब दश्ष्टि अचानक शामाथि पर्‍यो। उनीहरूले शामालाई मिरीकरको घरमा गएर काकासाहेब दीक्षितलाई भेटी उनीलाई आफ्नो साथमा शिरडी लैजान भने। उनीहरूले शामा आएको सूचना काकासाहेब दीक्षित र मिरीकरलाई पनि दिए। साँझको समयमा शामा मिरीकरको घरमा आए। मिरीकरले शामालाई काकासाहेब दीक्षितसँग परिचय गराइदिए र काकासाहेब दीक्षित शामाको साथमा रातको दश बजेको गाडीबाट कोपर गाउँको लागि रमाना हुने कुरा निश्चित पनि भयो। यो निश्चयपछि नै एक विचित्र घटना घट्यो। बालासाहेब मिरीकरले बाबाको एउटा तस्वीरबाट पर्दा हटाएर काकासाहेब दीक्षितलाई वहाँको दर्शन गराए। जसको दर्शनको लागि म शिरडी जाँदैछु वहाँ ने यो तस्वीरको रूपमा मेरो स्वागतको निमित्त यहाँ विराजमान हुनहुन्छ भन्ने कुरा देखेर उनीलाई (काकासाहेब दीक्षितलाई) बडो आश्चर्य भयो। त्यसैले अत्यन्त नै पानी पानी भई उनले बाबाको वन्दना (ढोग) गरे। यो तस्वीर मेघाको थियो र ऐना राख्नको लागि मिरीकर कहाँ आएथ्यो। अर्को ऐना राखेर त्यसलाई काकासाहेब दीक्षित र शामाको हातमा शिरडी फिर्ता पठाउने प्रबन्ध गरियो।

दश बजेभन्दा पहिले नै स्टेशनमा पुगेर उनीहरूले दोश्रा श्रेणीको टिकट लिए। गाडी स्टेशनमा आइपुग्दा दोश्रा श्रीणीको डिब्बा खचाखच भरिएको थियो। त्यसमा बस्नलाई तिल जति मात्र पनि ठाउँ थिएन। भाग्यवश गार्डसाहेब काका साहब दीक्षितका जान पहिचानका मानिस निक्ले र उनीले यी दुवैलाई पहिला श्रेणीको डिब्बामा बसालिदिए। यस्तो किसिमले

सुविस्तापूर्वक यात्रा गर्दै उनहीहरू कोपर गाउँ स्टेशनमा उत्रे। स्टेशनमा नै शिरडी जान लागेका नानासाहेब चाँदोरकरलाई देखेर उनीलाई (काकासाहेब दीक्षितलाई) खुशीको पारावारै भएन। शिरडीमा पुगेर उनले (काकासाहेब दीक्षितले) मसजिदमा गएर बाबाको दर्शन गरे। त्यसैबेला बाबाले भन्न लाग्नुभयो 'म धेरै बेरदेखि तिम्रो नै प्रतीक्षा गरिराखेको थिएँ। शामालाई मैले नै तिमीलाई लिनको लागि पठाइदिएको थिएँ।

यसपछि काकासाहेब दीक्षितले अनेकौं वर्ष बाबाको संगतमा बिताए। उनले शिरडीमा एउटा वाडा (भवन) बनाए जो उनको धेरै जसो स्थायी घर नै हुन गयो। उनीलाई बाबाबाट जो अनुभव प्राप्त भयो त्यो सबै स्थानाभावको कारण (ठाउँ नहुनाको कारणले) यहाँ दिइएको छैन। पाठकहरूसंग वहाँहरूले श्री साईलीला पत्रिकाको विशेषाङ्क (काकासाहेब दीक्षित) भाग 12 को अंक 6-9 सम्म हेर्नोस् प्रार्थना छ। उनको एक दुई अनुभव लेखेर म यो कथा समाप्त गर्नेछु। बाबाले उनीलाई अन्त समय आएपछि उनीलाई विमानमा लगिनेछ भन्ने आश्वासन दिनु भएको थियो। यो कुरा सत्य निक्ल्यो तारिख 5 जुलाई सन् 1926 मा उनी हेमाड पन्तको साथमा रेलद्वारा यात्रा गरिरहेका थिए। दुवैमा साईबाबाको विषयमा कुरा भइरहथ्यो। उनी श्री साईबाबाको ध्यानमा तल्लीन हुन गए। त्यसैबेला उनको गर्दन हेमाड पन्तको काँधमा गयो। त्यसैबेला उनको गर्दन हेमाड पन्तको काँधमा गयो र लाग्यो। उनले कुनै कष्ट र घबराहट बिना नै अन्तिम सास छोडिदिए।

श्री टेम्वे स्वामीः

अब म दोश्रो कथामा आउँछु। यसबाट सन्तहरू परस्पर एउटाले अर्कालाई कस्तो प्रकारले भाई-भाईको जस्तो प्रेम गर्ने गर्दछन् भन्ने कुरा स्पष्ट हुन्छ। एकपटक श्री टेम्वे स्वामीको नामले प्रसिद्व भएका श्री वासुदेवानन्द सरस्वतीले गोदावरीको तीरमा राजमहेन्द्रीमा आएर आफ्नो डेरा बनाए। उनी भवान् दत्तात्रयका कर्मकाण्डी, ज्ञानी तथा योगी भक्त थिए। नांदेड (निजाम स्टेट) का एक जना वकील आफ्ना मित्रहरू सहित उनीसँग भेट गर्न आए र वार्तालाप गर्दा गर्दैमा श्री साईबाबाको चर्चा पनि निक्लन पुग्यो। बाबाको नाम सुतेर स्वामीजीले हात जोडेर प्रणाम गरेर पुडंलीक राव (वकील) लाई श्री फल दिई उनीलाई भने-'तिमी गएर मेरा भ्राता (भाई) श्री साईलाई प्रणाम गरी 'मलाई नबिर्सिए तथा सदैव

म उपर कशपादशष्टि राखे' भन्नू। उनले 'सामान्य रूपमा एक स्वामीले अर्कालाई प्रणाम गर्दैन, तर यहाँ रूपले यस्तो गरिएको पनि भने। श्री पुंडलीक रावले श्रीफल लिएर भने 'म यो बाबालाई दिनेछु तथा हजूरको सन्देश पनि भनिदिनेछु'। स्वामीले बाबालाई जो 'भाई' शब्दले सम्बोधन गरेथे त्यो अत्यन्त नै उचित थियो। उता स्वामीजी आपनो कर्मकाण्डी पद्धति (विधि) अनुसार दिनरात अग्निहोत्र प्रज्वलित राख्थे (बाली राख्थे) र यता बाबाको धूनी पनि दिनरात मसजिदमा बलि रहन्थ्यो।

एक महिना पछि नै पुंडलीक राव अरू मित्रहरूसहित श्रीफल लिएर शिरडीको लागि रमाना भए। मनमाड पुग्दा प्यास लागेकोले एउटा नालीमा पानी खान गए। खालि पेटमा पानी खान हुन्न, यो सोचेर उनले केही चिउरा खानको लागि निकाले। यो खाँदा केही बढी पीरो लाग्यो। त्यसको पीरोपन कम गर्नको लागि कसैले नरिवल फोरेर त्यसमा नरिवलको पानी मिलाइदियो र यसरी उनीहरूले चिउरा स्वादिष्ट बनाएर खाए। अभाग्यवश जो नरिबल उनीहरूको हातबाट फुट्यो त्यो स्वामिजीले आपनो तर्फबाट श्री बाबामा चढाउन पुंडलीक रावलाई दिएको चाहीं नै पर्‍यौ। शिरडीको नजिक पुगेपछि उनीलाई नरिवलको संझना भएर आयो। उनीलाई श्री साईबाबामा चढाउन दिएको नरिबल नै फोरिएछ भन्ने थाहा पाएर बडो दुख लाग्यो। डराउँदै-डराउँदै र काँप्दै पनि उनी शिरडी पुगर वहाँ गई उनले बाबाको दर्शन गरे।

बाबा कहाँ त नरिवलको सम्बन्धमा स्वामीबाट बेतारको तार प्राप्त भै सकेको थियो। यसैले वहाँले पहिले नै पुंडलीक रावलाई 'मेरो भाइले पठाएको चीज ल्याउ' भन्ने कुरा गर्नु भयो। उनीले बाबाका चरण पक्डेर आफ्नो अपराध स्वीकार गर्दै आफ्नो भूलको लागि वहाँसँग क्षमा मागे। उनी (पुंडलीक राव) त्यसको सट्टा अर्को नरिवल दिन तैयार थिए। तर बाबाले त्यो नरिबलको मोल यो नरिबलको भन्दा कैयों गुना बढी थियो र त्यसको पूर्ति यो साधारण नरिबलबाट हुनसक्तैन भन्दै त्यो लिन अस्वीकार गरिदिनु भयो। साथै वहाँले भन्नुभयो 'अब तिमी केही चिन्ता नगर। मेरे इच्छाले त्यो नरिवल तिमीलाई दिइयो तथा बाटामा फोरिदिइयो।

तिमी आफैंमा कर्तापनको भावना किन ल्याउँछौ 1 कुनै पनि असल बा खराब कर्म गर्दा आफूलाई कर्ता नसंझेर अभिमान तथा बहंकर भन्दा पर रहेर नै काम गर। अनिमात्र तिम्रो छिटो गतिले प्रगति हुनेछ"। बहाँको यो आध्यात्मिक उपदेश कस्तो सुन्दर थियो।

श्रीबालाराम धुरंधर (1878–1925):-

सान्ताकुज बम्बइका श्री बालाराम धुरंधर प्रभुजातिका एक सज्जन थिए। उनी बम्बईको उच्च न्यायलयमा एडबोकेट थिए त्यस्तै कुनै समयमा शासकीय विधि विद्यालय (Govt. Law School) बम्बइका (Principal) पनि थिए। उनका सम्पूर्ण परिवार सात्विक तथा धार्मिक थिए। श्री बालारामले आफ्नो जातिको योग्य सेवा गरेर यस सम्बन्धमा एउटा पुस्तक पनि प्रकाशित गराए।

यसपछि उनको ध्यान आध्यात्मिक र धार्मिक विषयहरूमा गयो। उनले ध्यानपूर्वक गीमा, त्यसको टीका ज्ञानेश्वरी तथा अरू दार्शनिक ग्रन्थहरूको अध्ययन गरे। उनी पंढरपुरका श्री भगवान् बिठोबाका परमभक्त थिए। सन् 1912 मा उनीलाई श्री साईबाबाको दर्शनको लाभ भयो। 6 महिना पूर्व उनका भाइ बाबुलजी र बामन रावले शिरडी आएर बाबाको दर्शन गरेथे र उनीहरूले घर फर्केर आफ्नो मीठो अनुभव श्री बालाराम र परिवारका अरू सदस्यहरूलाई सुनाए। अनि सबै जनाले शिरडी गएर बाबाको दर्शन गर्ने निश्चय गरे। यहाँ शिरडीमा उनी पुग्ने पहिले नै बाबाले स्पष्ट शब्दमा भनिदिनु भयो "आज मेरा दरबारीगण आउँदैछन्।" अरू मानिसहरूद्वारा बाबाको उपयुक्त वचन सुनेर धुरंधर परिवारलाई ठूलो आश्चर्य भयो।

.........................................................

*1. प्रकृते कियमाणनि गणैः कर्माणि सर्वशः।*
*अहंकारबिमूढात्मा कर्ताहमिति मन्यते।। गीता 3-27*
*प्रकृतिका गुणद्वारा भएका सम्पूर्ण कर्महरूलाई अहंकारले मूढ बुद्धि भएको मान्छे म गर्नेवाला हुँ भन्ने ठान्दड।*
*तस्मादसक्तः सतत कार्य कर्म समाचर। असक्तों हयाचरन्कर्म परमाप्नोति पुरूष।। 3-19*
*त्यसकारण आसाक्ति रहित् भएर कर्तव्य कर्म गर। किनभने आसक्तिरहित भएको कर्तव्यनिष्ट पुरूषले कर्म गर्दा गर्दै परम गतिलाई पाउँछ।।*

उनीहरूले आफ्नो यात्राको सम्बन्धमा कसैलाई पनि पहिले देखिनै सूचना दिएका थिएरन्। सबैले आएर वहाँलाई ढोगे र अनि बसी वार्तालाप गरे। बाबाले अरूहरूलाई भन्नुभयो यी मेरा दरबारीगण हुन्, जसको सम्बन्धमा मैले तिमीहरूसँग पहिले नै भनेथें। अनि पछि धुरंधर भाइहरूसँग भन्नुभयो "मेरो र तिमीहरूको परिचय साठी जन्म पुरानो हो।" सबै नम्र र सभ्य थिए। यसैले सबैले हात जोडेर बसी-बसी बाबातिर निहारीरहे। उनीहरूमा सबै प्रकारका सात्विक भाव अश्रुपात (आँसु झर्नु), रोमान्च (रौ ठाडा हुनु) तथा कण्ठावरोध (घाटी रोकिनु) आदि जागृत हुन लागे र सबैलाई प्रसन्नता भयो। यसपछि उनीहरू सबै आफ्नो निवास (बस्ने ठाउँ) मा खान गए। खाएर केहीबेर विश्राम गरी फेरि मसजिदमा आएर बाबाको पाउ मिच्न लागे। यसबेला बाबा कक्कड खाइरहनु भएको थियो। वहाँले बालारामलाई चिलिम दिएर एक सर्को लगाउन आग्रह गर्नु भयो। अहिलेसम्म उनले धुम्रपान गरेका थिएनन् तापनि चिलिम हातमा लिएर बडो कठिनाइसँग उनले एक सर्को लगाएर आदारपूर्वक बाबालाई फर्काइदिए। लागि त यो अमूल्य घडी (समय) थियो। उनी 6 वर्षदेखि दमको रोगले पीडित थिए। तर कक्कड खानासाथ रोग मुक्त हुन गए। उनीलाई फेरि कहिल्यै पनि यो कष्ट भएन। 6 वर्षपछि उनीलाई एक दिन फेरि दमको रोगको हमला भयो। त्यो त्यही महापुण्यशाली (धेरै नै पुण्य भएको) दिन थयो, जुन दिन बाबाले महासमाधि लिनुभयो। उनी गुरूवारको दिन (बिहीबारको दिन) शिरडी आएका थिए। भाग्यवश त्यही रातको समयमा उनले चावडीको उत्सव देख्ने मौका पाए। आरतीको समयमा बालारामलाई चावडीमा बाबाको मुखमण्डल भगवान् पांडुरंग जस्तै देखियो। भोलिपल्ट काकड आरतीको समयमा उनलाई बाबाको मुखमण्डलको कान्ति आफ्ना परम इष्ट पांडुरंगको जस्तै नै फेरि देखिन गयो। श्री बालाराम धुरंधरले मराठीमा महाराष्टका महान् (ज्यादै ठूला) सन्त तुकारामको जीवनचरित्र लेखेका दन्। तर खेदको कुरा यो छ कि पुस्त्क प्रकाशित हुने बेलासम्म उनी बाच्न सकेनन्। उनका बन्धहरूले यो पुस्तकलाई सन् 1928 मा प्रकाशित गराए। यो पुस्तकको प्रारम्भमा पृष्ट 6 मा उनको जीवनसँग सम्बन्धित एउटा परिक्षेपकमा उनको शिरडी यात्रा को पूरा वर्णन छ।

श्रीसद् गुरू साईनाथमा अर्पण होस्।

मंगल होओस्।

## अध्याय 51



### उपसंहार

अध्याय 51 पूरा भैसकेको छ र अन्तिम अध्याय। (मूल ग्रन्थ को 52 नौं अध्याय) लेखिदै छ। यसमा हेमाड पन्तले अन्तिम समालोचना गरेका छन् र अरू मराठी धार्मिक काव्य ग्रन्थहरूमा जस्तौ किसिमले विषयको सूची अन्यमा लेखिइन्छ त्यस्तै किसमले सूची लेख्ने वचन दिएकाछन् अभाग्यवश हेमाड पन्तका कागजपत्रहरू छानबीन गर्दा पनि त्यो सूची पाउन सकिएन। अनि बाबाका एक योग्य तथा धार्मिक भक्त ठाणाका अवकाश अवकाश प्राप्त तहसीलदार श्री बी व्ही देवले त्यो रचेर राखिदिए। पुस्तकको प्रारम्भमा नै विषय सूची दिने तथा प्रत्येक अध्यायम विषयको संकेत शीर्षक स्वरूप लेख्ने नै आजकलको प्रयास छ। यसैले यहाँ अनुक्रमणिका दिएको छैन। यसैले यो अध्यायलाई उपसंहार संझनु नै उपयुक्त हुनेछ। अभाग्यवश हेमाड पंत शाफूले लेखिएको यो अध्यायको प्रतिमा संशोधर गरेर त्यंसलाई छपाउन योग्य बनाइन्जेलसम्म वाँचिरहन सकेनन्।

### श्री सद्‌गुरूकौ महानता :-

हे साई ! म हजूरका चरण मा वन्दना गरेर (ढोगेर) हजूरसँग शरणको याचना (माग) गर्दछृ। किनभने हजूर नै यो सम्पूर्ण विश्वको एकमात्र आधार हुनुहुन्छ। यदि यस्तै नै क्षारणा लिएर हामीले वहाँको भजन पूजा गर्‍यौं भने हाम्रो सम्पूर्ण इच्छ्ञ पूरा हुनेछ र हामीलाई आपनो परम लक्ष्यको प्राप्ति हुन जानेच्छ। यो कुरा निश्चित छ। आज निन्दित विचारहरूको किनारामा मायामोहका आँधीबिहारीबाट थैर्यरूपी रूखको जराहरू उखेलिएको छ। अंकाररूपी वायुको प्रबलताबाट हृदयरूपी समुद्रमा तूफान उठ्न गएको छ जसमा क्रोध

र घृणारूपी मोही पौड्न्छन् र अहंभान तथा सन्देहरूपी नानाथरी संकल्प विकल्पको सधैंभर उठ्ने भुमरीमा निन्दा, घृणा र इर्ष्यारूपी अनगिन्ति माछाहरू विहार गरिराखेका छन्। यो समुद्र यस्तै डरलाग्दो भएपनि हाम्रो सद्गुरू साईमहाराज त्यसमा अगस्त्य ऋषि स्वरूप हुनुहुन्छ। यसैले भक्तहरूले अलिकति मात्र पनि डरले थर्कायमान हुनुपर्ने आवश्यकता छैन। हाम्रो सद्गुरू त जहाज हुनुहुन्छ र त्यसैले बहाँले हामीलाई कुशलतापूर्वक यो डरलाग्दो भव समुद्र (संसार सागर) बाट पारी उतारिदिनु हुन्छ।

प्रार्थनाः-
श्री सच्चिदानन्द साई महाराजलाई साष्टाङ्ग नमस्कार गरेर वहाँका चरण पक्डी म सवै भक्तहरूको कल्याणको लागि वहाँसँग प्रार्थना गर्दछु '' हे साई! हाम्रै मनको चच्चलता र वासनाहरूलाई हटाई दिनहोस्। हे प्रभु। हजूरका चरण बाहेक हामीमा कुनै अरू वस्तुको लालसा नरहोस्। हजूरको यो चरित्र घर-घर पुगोस् र यसको नित्य (सधै) पठन पाठनहोस्। साथै जो भक्तले यसको प्रेमपूर्वक अध्यायन गर्ला, उसको सम्पूर्ण संकट हटोस्।''

फलश्रुति (अध्ययनको पुरस्कार):-
अब यो पुस्तकको अध्ययनबाट प्राप्त हुन जाने फलको सम्बन्धमा केही शब्द लेखने शब्द लेख्ने छु। यो ग्रन्थको पठन-पाठनबाट मनले चिताएको फलको प्राप्ति हुनेछ। पवित्र गोदावरी नदीमा स्नान गरी, शिरडीको समाधिमन्दिरमा श्री साईबाबाको दर्शन गरेपछि यो ग्रन्थको पठन-पाठन या श्रवण गर्नुभयो भने तपाईको तीन गुना बढ़ी आपत्ति पनि हटेर जानेछ।

समय समयमा श्री साईबाबाको कथा वार्ता गर्दै रहनाले तपाइलाई आध्यात्मिक जगत्प्रति अनजान रूपबाट नै अभिरूचि (चहाना) हुन जानेछ र यदि तपाईले यस प्रकारले नियम तथा प्रेमपूर्वक अभ्यास गदै रहनुमयो भने त तपाईको सम्पूर्ण पाप अवश्य नै नाश हुन जानेछ यदि साँच्चैं नै तपाई आउनु जानुबाट मुक्ति चाहनुहुन्छ भनै त तपाईले साई कथाहरको नित्य (सधैं) पठन-पाठन, स्मरणको साथैं वहाँका चरणमा प्रगाढ़ (गहिरो) प्रेम

राख्नु पर्छ[1] साई कथा रूपी समुद्रको मन्थन गरेर त्यसबाट प्राप्त रत्नहरू अरूलाह वितरण गर्नोस् (बाँड्नोस्) त्यसबाट तपाईसाई नित्य (सधै) नयाँ-नयाँ आनन्दको अनुभव हुनेछ र श्रोतागण (सुन्ने मानिसहरू) अधः पतन (तल गिर्नु) बाट बच्न जानेछन्। यदि भक्तगण अनन्य भावले [1](एकत्वभावले) वहाँको शरणमा आउनुभयो भने वहाँहरूको ममत्व नाश भएर समुद्रमा नदी मिले जस्तै गरी बाबासँग अभिन्नता प्राप्त हुन जानेछ। यदि तपाई तीन अवस्था (अर्थात् जागृति, सपना र निद्रा) मध्ये कुनै एउटामा पनि साई चिन्तनमा लीन हुन जानुभयो भने तपाईलाई संसारको चक्रबाट छुटकारा हुन जानेछ। स्नान गरेर प्रेम र श्रद्धा युक्त भई जो यो ग्रन्थलाई एक सातामा पाठ समाप्त गर्लान्, उनीहरूका सारा कष्ट हट्न जानेछन्याजसलेयसको नित्य पाठ या श्रवण गर्नेछन् उनीहरूलाई सबैथरी डरबाट तरून्त छुटकारा मिल्ने छ।

यसको अध्ययनबाट हरकए व्यक्तिलाई आपनो श्रद्धा  र भक्ति अनुसार फल मिल्नेछ। तर यी दुबैको अभावमा कुनै पनि फल प्राप्ति हुने संभव हुँदैन। यदि तपाईले यो ग्रन्थलाई आदरपूर्वक पाठ गर्नुभयो भने श्रीसाई प्रसन्न भएर तपाईलाई अज्ञान र दरिद्रताको पाशोबाट मुक्तगरी ज्ञान धन र समृद्धि प्रदान गर्नहुने छ। यदि एकाग्रचित्त भएर नित्य एक अध्याय मात्र नै पढ्नु भयो भने तपाईलाई आगाध सुखको प्राप्ति हुनेछ। यो ग्रन्थलाई आफ्नो घरमा गुरू पूर्णिमा, गोकुल अष्टमी (श्रीकृष्ण जन्माष्टमी), रामनवमी, विजया दशमी र दीपावली (लक्ष्मीपूजा) का दिनमा अवश्य नै पढ्नु पर्दछ।

..............................................................................

1. *महात्मानस्तु मां पार्थ। देवी प्रकृतिमाश्रिताः*
*भजन्त्यनन्यमनसो ज्ञात्वा भूतादिमव्ययम्  ।। गीता 9-13।।*
*किन्तु हे अर्जुन! दैवी प्रकृतिको आश्रय गरेका महात्माहरू*
*मलाई जगत्को मूल तत्व अविनाशी जानेर अनन्य चितले भज्दछन्।।*
*सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रताः।*
*नमस्यन्तश्च मां भक्त्या नित्युक्ता उपासते।। गीत 9-14*
*दृढव्रत भएका योगी हरू नित्य योग युक्त भएर सधैं मेरो कीर्तन,*
*नमस्कार गर्दै भक्तिपूर्वक मेरो उपासना गर्दछन्।।*

यदि ध्यानपूर्वक तपाईले केवल यही ग्रन्थको अध्ययन गरिरहनु भयो भने तपाईलाई सुख सन्तोष प्राप्त हुनेछ र सदैव श्रीसाईका चरणारबिन्द (चरणकमल) को स्मरण, भइरहनेछ। यसप्रकार तपाई भव-सागरबाट सजिलैसंग पार हुनुहुनैछ। यसको अध्ययनबाट रोगीहरूलाई स्वास्थय, गरीबहरूलाई धन र दुःखित र पीड़ितहरूलाई। सम्पन्नता मिल्ने छ। साथै मनका सम्पूर्ण विकार हटेर मानसिक (मनको) शान्ति प्राप्त हुनेछ। मेरा प्रिय भक्त र श्रोतागण ! तपाईहरूलाई प्रणाम गर्दै तपाईहरूसँग मेरो एउटा विशेष निवेदन छ कि जसको कथा तपाईहरूले यतिका दिन र महिनादेखि सुन्नुभएको छ, वहाँको कलिमलहारी (कलिकालको मैलो फाल्ने) सुन्दर चरणलाई कहिल्यै नबिर्सिदिनु होला। जुन उत्साह, श्रद्वा र लगनसाथ तपाईले यी कथाहरूको पाठ या श्रवण गर्नु हुनेछ श्री साईबाबाले त्यस्तै नै सेवा गर्ने बुद्वि हामीलाई दिनुहुनेछ। लेखक र पाठक यो कार्यमा परस्परमा सहयोग गरी सुखी होऊन। सम्पन्नता मिल्ने छ। साथै मनका सम्पूर्ण विकार हटेर मानसिक (मनको) शान्ति प्राप्त हुनेछ। मेरा प्रिय भक्त र श्रोतागण! तपाईहरूलाई प्रणाम गर्दे तपाईहरूसँग मेरो एउटा विशेषनिवेदन छ कि जसको कथा तपाईहरूले यतिका दिन र महिनादेखि सुन्नुभएको छ, वहाँ कलिमलहारी (कलिकालको मैले फाल्ने) सुन्दर चरणलाई कहिल्यै नबिर्सिदिनु होला। जुन उत्साह, श्रद्वा र लगनसाथ तपाईले यी कथाहरूको पाठ या श्रवण गर्नु हुनेछ श्री साईबाबाले त्यस्तै नै सेवा गर्ने बुद्वि हामीलाई दिनुहुनेछ। लेखक र पाठक यो कार्यमा परस्परमा सहयोग गरी सुखी होऊन्।

प्रसादन याचना (अनुग्रहको माग) :- अन्तमा यो पुस्तकलाई समाप्त गर्दै सर्वशक्तिमान् परमात्मासँग तल लेखिएका कृपा या अनुग्रहको नम्र माग गर्दछु- 'हे ईश्वर ! पाठकहरू र भक्तहरूलाई श्रीसाई चरणमा पूर्ण र अनन्य (एकत्व) भक्ति दिनुहोस्। श्री साईको मनोहर स्वरूप नै वहाँहरूको आँखमा सधैं बसिरहोस् र वहाँरूको सम्पूर्ण प्राणीमा देवाधि दिव (देवताहरूका पनि महादेवता) साई भगवान् को नै दर्शन होस्। यस्तै होस्।

श्री सद्‌गुरू साईनाथमा अर्पणहोस्। मंगल होओस्।

सप्ताह पुराण सप्तम विश्राम।।

"ॐ म श्री साई यशः कार्य शिरडी वासिने नमः ।। समाप्त।।

# आरती

आरती साईबाबा। सौख्यदातार जीवां। चरणजतलीं। द्यावा दासा विसांवा, भक्तां विसावा। आरती 0।। जालुनिया अनंग। स्वस्वरूपीं राहे दंग मुमुक्षु जनां दावी। निज डोला श्रीरंग, डोला श्रीरंग। आरती 0।।1।। जया मनीं जैसा भाव। तया तैसा अनुभव। दाविसी दयाघना। ऐसी तुझी ही माव। आरती 0 ।। 2 ।। तुमचे नाम ध्यातां। हरे संसृति व्यथा। अगाध तव करणीं। मार्ग दाविसी अनाथा, दाविसी अनाथा।। आरती0।। 3 ।। कलियुगीं अवतार। सगुण ब्रह्म साचार। अवतीर्ण झालासी। स्वामीदत्त दिगंबर। दत्त दिगंबर।। आरती0 ।। 4 ।। आठ दिवसां गुरूवारीं। भक्त करीति वारी। प्रभुपद पहावया। भव भय निवारी। भय निवारी। आरती0।। 5।। माझा निज द्रव्य ठेवा। तव चरणरज सेंवा। मागणें हेचि आतां। तुम्हां देवाधिदेवा, देवाधिदेवा। आरती0।। 6।। इच्छित दीन चातक। निर्मल तोय निजसुख। पाजावें माधवा या। सांभाल आपुली भाक। आपुली भाक। आरती साई बाबा। सौख्य दात्तार जीवा। आरती0।। 7।।

# भावार्थ

हे जीव (प्राणी) हरूलाई सुख दिने साईबाबा म हजूरको आरती गर्छु वा हामी हजूरको आरती गर्छौ। आफ्ना दास र भक्तहरूलाई आफ्ना चरणका शीतल छायामा स्थान दिनोस्। प्रदीप्त (प्रज्ज्वल) भावले हजुर संधै आत्मलीन भएर रहनु हुन्छ र मोक्षको इच्छा गर्ने व्यक्तिहरूलाई ईश्वरको प्राप्ति गराइदिनु हुन्छ। जसको जस्तो भाव हुन्छु। त्यसलाई हजूर त्यस्तै अनुभव गराइदिनु हुन्छ। हे दयालु बाबा ! हजूरको यस्तै किसिमको विशिष्टता छ। हजूरका श्री चरणको ध्यान मात्र गर्नाले हजूरको भक्त यो संसारको डरबाट मुक्त हुन जान्छ। हजूर संधैंभर दीन (दयनीय अवस्थाको) र अनाथहरूको रक्ष गरिनै रहनु हुन्छ। हजूरको कार्यशैली (काम गर्ने तरिका) अपरंपार (असीम अर्थात् जानी नसक्ने) छ। हे दत्त! (अर्थात् दत्तात्रय स्वरूप) यो कलियुगमा हजूर सुगुण ब्रह्मको रूपमा अवतीर्ण (अवतार लिएर आउनु भएको) हुनु भएको छ। यसैकारण जो भक्त संधै गुरूवार (बिहिवार) हजूरकहाँ आउनेछन् तिनीहरूलाई संसारको डरबाट मुक्त गरेर भगवान्को दर्शन पाउन योग्य बनाईदिनोम्। हे देवाधिदेव ! (देवताहरूका पनि देवता) हजूरको चरण कमल नै मेरो

सम्पत्ति हो। जसरी मेघले स्वाति नक्षत्रमा परेको आफ्नो बूँद (थोपा) द्वारा चातक (चखेवा) पक्षीको तिर्खा मारिदिन्छ, त्यसरी नै माधव (यहाँनेर आफ्नो नाम राख्नु पर्छ) को पनि तिर्खा मारिदिएर आफ्ना बचनहरू पुन्याई दिनुहोस्।

"ॐ श्री साई यशः काय (कीर्तिरूपी शरीर हुनु हुने)
शिरडीवासिने (शिरडीमा बस्नु हुनेलाई) नमः (नमस्कार, ढोग) छ।'
"ॐ शांन्तिः शांन्तिः शांन्तिः"